USAID
FROM THE AMERICAN PEOPLE

NSET
Earthquake Safe Communities in Nepal

पुनर्निर्माणको लागि

## सामाजिक परिचालन तालिम कार्यक्रम

# तालिम पाठ्यक्रम पुस्तिका





भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल (NSET)
घर-६५, CR-१३, सैंबु आवास, भैंसेपाटी
ललितपुर महानगरपालिका-२५, नेपाल
पो.ब. नं. १३७७५, काठमाडौं, नेपाल
फोन नं.: (९७७-१) ५५९१०००, फ्याक्स नं.: (९७७-१) ५५९२६९२
इ-मेलः nset@nset.org.np, वेब साइटः www.nset.org.np

**मार्ग निर्देशन :**
डा. आमोदमणि दीक्षित
सूर्य नारायण श्रेष्ठ

**पुनरावलोकन :**
डा. रमेश गुरागाई
गणेश कुमार जिमी
डा. नारायण मरासिनी
हिमा श्रेष्ठ
निशा श्रेष्ठ
निभा उप्रेती
सुमन प्रधान

**सामग्री संयोजन तथा लेखन :**
विजय कृष्ण उपाध्याय
भूवनेश्वरी पराजुली
विष्णु हड्खले
ओमकला खनाल
रन्जन ढुंगेल
आयूश बाष्कोटा
खड्ग सेन ओली
प्रदिप जङ्ग थापा
रामकृष्ण शर्मा

**सामग्री उत्पादन समन्वय :**
बिष्णु हड्खले

**चित्र तथा ग्राफिक्स :**
चन्दन ध्वज राना मगर

**प्रथम संस्करण** : २०१९
**प्रकाशन श्रृङखला-** एनसेट-१२७-२०१९

**प्रथम संस्करण** : .......... प्रति

यो सामग्री अमेरिकी सहायता नियोग (USAID) को आर्थिक सहयोगमा भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल (एनसेट) द्वारा सञ्चालित आवास पुनर्निर्माणका लागि प्राविधिक सहायता कार्यक्रम (बलियो घर) कार्यक्रम अन्तर्गत तयार पारी प्रकाशन गरिएको हो ।

# सन्देश

नेपाल सरकार

**राष्ट्रिय पुनर्निर्माण प्राधिकरण**

सुशील ज्ञवाली
प्रमुख कार्यकारी अधिकृत

## सन्देश

पत्र संख्या:
च.नं.

मितिः २०७६।०३।२४

२०७२ साल वैशाख १२ गतेको भूकम्प र त्यसपछिका परकम्पहरुबाट क्षति भएका भौतिक संरचनाहरुको सुरक्षित पुनर्निर्माण गर्ने मुख्य कार्यभार सहित गठन भएको राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको नेतृत्वमा निजी आवास, विद्यालय, स्वास्थ्य संस्था, सम्पदा, सरकारी भवन, सुरक्षा निकाय भवन लगायतको पुनर्निर्माणमा उल्लेख्य प्रगति भइरहेको सबैमा विदितै छ।

सुरक्षित पुनर्निर्माणको अभियानमा विभिन्न विकास साझेदार संस्थाहरुको प्रत्यक्ष एवं अप्रत्यक्ष सहयोग रहेको छ। एकातर्फ भूकम्पबाट प्रभावित परिवारलाई सुरक्षित आवासभित्र ल्याउन सघाउनु पर्ने मुख्य जिम्मेवारी रहेको छ भने अर्कातर्फ दिगो रुपमा भूकम्पीय जोखिम न्यूनीकरणका लागि विभिन्न पक्षमा काम गर्नुपर्ने आवश्यकता पनि उत्तिकै महत्वपूर्ण छ। भूकम्पबाट आगामी दिनमा फेरि यस्तो विपत्ती भोग्न नपरोस् भनेर हामी सजग रहनु पर्दछ। साथै त्यसका लागि भूकम्प पश्चात्को सुरक्षीत पुनर्निर्माण सुनिश्चित् गर्ने तथा त्यसक्रममा हासिल भएका अनुभव र सिकाइलाई व्यवस्थित गरी समुदायस्तरका जोखिम न्यूनीकरणका क्रियाकलाप सञ्चालन गर्नुपर्ने राष्ट्रिय दायित्व पनि छ। यसकालागि सामाजिक सचेतना अभिवृद्धि गर्ने कार्य महत्वपूर्ण रुपमा रहन्छ। उक्त कुरालाई मध्यनजर गर्दै राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले भूकम्प प्रभावित क्षेत्रमा पुनर्निर्माण सामुदायिक समितिहरुको गठन सम्बन्धी निर्देशिका जारी समेत गरेको छ।

यसै सन्दर्भमा भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपालले राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको स्वीकृति र अमेरिकी सहायता नियोग (USAID) को आर्थिक सहयोगमा सञ्चालन गरेको "बलियो घर" कार्यक्रममार्फत निजी आवास पुनर्निर्माणका लागि सहयोग गरिरहेको छ। पुनर्निर्माण झट्ट हेर्दा प्राविधिक काम जस्तो देखिएता पनि यस प्रकृयामा सामाजिक-सांस्कृतिक पक्ष पनि सँगसँगै जोडिएर आएका हुन्छन्। पुनर्निर्माणका लागि तय भएका नीति, विधि र प्रक्रियाका बारेमा प्रत्येक भूकम्प प्रभावित समुदाय र परिवारलाई सु-सुचित गराउन आवश्यक हुन्छ। त्यस कार्यमा योगदान दिन सक्ने सामाजिक परिचालकहरुको क्षमता अभिवृद्धि गर्नु पनि उत्तिकै महत्वपूर्ण छ भन्ने तथ्य महसुस गरेर "बलियो घर" कार्यक्रमले उक्त समूहलाई लक्षित गरी तालिम लगाएतका क्षमता अभिवृद्धिका क्रियाकलाप सञ्चालन गर्‍यो, जुन विषयलाई राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले सुरुदेखि नै जोड दिँदै आएको थियो। सामाजिक परिचालनको माध्यमबाट स्थानीय समुदायलाई पुनर्निर्माणको महाअभियानमा सामेल हुन सघाउने उद्देश्यले भूकम्पीय पुनर्निर्माणमा आधारित "सामाजिक परिचालन तालिम पाठ्यक्रम पुस्तिका" तयार भएको पाउँदा खुशी लागेको छ। यो पुस्तिकाले भूकम्पीय पुनर्निर्माणमा आधारित सामाजिक परिचालन गर्नको लागि महत्वपूर्ण सहयोग पुर्‍याउने विश्वास लिएको छु।

अन्तमा, सामाजिक परिचालन तालिम पाठ्यक्रम पुस्तिका तयार गर्ने कार्यमा संलग्न भूकम्प प्रविधि राष्ट्रिय समाज- नेपाल तथा बलियो घर कार्यक्रमका विज्ञ तथा पुनर्निर्माणमा संलग्न कर्मचारी एवं सबै सहयोगीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

सुशील ज्ञवाली
प्रमुख कार्यकारी अधिकृत
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

प्रमुख कार्यकारी अधिकृत

टेलिफोन नं.: ९७७-१-४२११९०३, फ्याक्स नं.: ९७७-१-४२००६०१, सिंहदरबार, काठमाडौं, नेपाल
Email: ceo.@nra.gov.np, adviser.sushil@gmail.com

# सन्देश

नेपाल सरकार
**राष्ट्रिय पुनर्निर्माण प्राधिकरण**

सुशील ज्ञवाली
प्रमुख कार्यकारी अधिकृत

## सन्देश

पत्र संख्या:
च.नं.

मिति: २०७३।०३।२४

विभिन्न प्रकोप र ती प्रकोपहरुबाट सिर्जित विपद्‌का कारण नेपालमा वर्षेनी धेरै जनधनको क्षति हुने गरेको छ। नेपालमा भएको २०७२ वैशाख १२ र यस अगाडिका विभिन्न भूकम्पबाट धेरै भौतिक तथा मानवीय क्षति भएको थियो। इतिहासलाई हेर्दा अन्तर्राष्ट्रियस्तरमा सबैभन्दा पहिलो भूकम्प सन् ५२६ मा सिरियाको एटिन्कमा गएको दस्तावेजमा उल्लेख छ। नेपालमा वि.सं. १३१० मा पहिलो भूकम्प गएको लिखत छ भने यस पश्चात विभिन्न समयमा साना, मझौला र ठूला भूकम्पहरु पटक पटक गएको पाईन्छ।

२०७२ सालको भूकम्प पश्चातको पुनर्निर्माण कार्य नेपाली समुदायका लागि चुनौती र अवसर दुवै रहेको छ। नेपाल सरकार, राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको नेतृत्वमा भूकम्प पुनर्निर्माणको महाअभियान सञ्चालन भएको छ। भूकम्प प्रभावित समुदायमा "घरधनी स्वंयमले आफ्नो घर आफै निर्माण गर्ने" अवधारणा स्वरुप नेपाल सरकार र विभिन्न सरकारी एवं गैरसरकारी संघ / संस्थाहरुबाट आर्थिक तथा प्राविधिक सहायता प्रदान भइरहेको छ। भूकम्पपश्चातको पुनर्निर्माणमा प्राविधिक तथा सामाजिक परामर्श र पैरवीको आवश्यकता समानन्तर रुपमा देखिन्छ। विभिन्न सामाजिक, सांस्कृतिक तथा भौगोलिक परिवेश रहेको क्षेत्रका भूकम्प प्रभावित समुदायहरुमा प्राविधिक विषयका साथ साथै सामाजिक परिचालनको महत्वपूर्ण भूमिका रहने कुरा जगजाहेर छ।

यसरी भूकम्पीय पुनर्निर्माणमा प्रभावकारी सामाजिक परिचालनको आवश्यकतालाई महसुस गरी त्यस कार्यमा संलग्न पेशाकर्मीहरुको क्षमता अभिवृद्धि गर्ने ध्येयले भूकम्प प्रविधि राष्ट्रिय समाज- नेपाल (एनसेट) ले "भूकम्पीय पुनर्निर्माणका लागि सामाजिक परिचालन तालिम पाठ्यक्रम पुस्तिका" तयार गरेको छ। यस बमोजिम संस्थाले विभिन्न तह र विभिन्न क्षेत्रमा तालिम संचालन समेत गरेको छ। त्यसक्रममा प्राप्त अनुभव र सुझावहरु समेटेर परिष्कृत हुदै यो सामग्री आज यो स्वरुपमा तयार भएको छ। यस पाठ्यक्रममा समावेश गरिएका सन्दर्भ सामग्रीहरुबाट सामाजिक परिचालकको दक्षता र क्षमतालाई अभिवृद्धि गरी सरल ढंगबाट भूकम्प प्रतिरोधी भवन निर्माण कार्यमा सहजीकरण गर्न उपयोगी हुने विश्वास लिएको छु। आगामी दिनमा यसलाई अझै परिस्कृत गरी उपयोगी पाठ्यक्रमको रुपमा विकास हुनेमा म आशावादी छु।

यो पाठ्यक्रम निर्माणको क्रममा सामग्री संकलन, संयोजन तथा परिमार्जनमा योगदान गर्नुहुने सबैलाई हार्दिक बधाई तथा शुभकामना।

डा. विष्णुबहादुर भण्डारी
सदस्य
कार्यकारी समिति
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

टेलिफोन नं.: ९७७-१-४२११११०३, फ्याक्स नं.: ९७७-१-४२००६०१, सिंहदरबार, काठमाडौं, नेपाल
Email: ceo.@nra.gov.np, adviser.sushil@gmail.com

# प्राक्कथन

नेपाल विपद् जोखिमका दृष्टिकोणले अति संवेदनशील क्षेत्रमा अवस्थित अवस्थामा रहेको छ। हरेक वर्ष बाढी, पहिरो, आगलागी जस्ता प्रकोपहरुले नेपालमा ठूलो क्षति हुने गरेको छ । नेपालमा भूकम्पीय जोखिम पनि उच्च छ । भूकम्पबाट भएको क्षतिको इतिहासलाई केलाउँदा ठूला, मझौला वा सानो स्तरका धेरै भूकम्पबाट नेपालमा हजारौं मानिसको मृत्यु भएको आँकडा पाइन्छन् । वि.सं. १९९० सालको महाभूकम्प, २०४५ सालको पूर्वी नेपालको भूकम्प, २०६८ सालको भूकम्प र २०७२ सालको विनाशकारी गोरखा भूकम्पबाट मावन मृत्यूका साथै आवासीय घर, सरकारी भवनहरु, विद्यालय लगायतका भौतिक संरचनामा अत्यन्त ठूलो मात्रामा क्षति भएका छन् ।

वि.सं. २०७२ साल बैशाख १२ मा गएको विनासकारी भूकम्प र त्यसपछिका परकम्पहरुका कारण क्षतिग्रस्त भौतिक संरचनाहरु पुनर्निर्माण कार्यलाई योजनावद्ध र समन्वयात्मक ढंगले निर्धारित समय भित्रै सम्पन्न गर्ने काम मुख्य चुनौतीको रुपमा रहेको छ । गोरखा भूकम्पबाट झण्डै नौ हजार जना मानिसको ज्यान गएको छ । आठ लाख हाराहारीको संख्यामा घर तथा भवन संरचनाहरुमा क्षति भएको छ । यसका साथै पुरातात्विक एवं सांस्कृतिक धरोहरमा पनि क्षति भएको छ। भूकम्प पश्चात प्रभावित घर धनीको अपनत्व, स्वामित्व, नेतृत्व र समान सहभागिता रहने गरी नेपाल सरकारले पुनर्निर्माणको अभियान संचालन गरिरहेको छ ।

भूकम्प प्रभावित समुदायलाई भविष्यका संभावित भूकम्पबाट सुरक्षित गर्न भूकम्प प्रतिरोधी आवास तथा भवनको निर्माण कसरी निर्माण गर्न सकिन्छ भन्ने सवाल अहम विषय हो। सुरक्षित भूकम्पीय पुनर्निर्माणको लक्ष्य पूरा गर्नको लागि नेपाल सरकार, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण निरन्तर लागि रहेको छ । बिभिन्न सरकारी, गैरसरकारी एवं अन्तर्राष्ट्रिय गैरसरकारी संघ, संस्थाहरु हातेमालो गरिरहेका छन् ।

भूकम्प पश्चातको पुनर्निर्माणमा सघाउने उद्धेश्यले अमेरिकी सहायता नियोग (USAID) को सहयोगमा भूकम्प प्रविधि राष्टि«य समाज- नेपाल (एनसेट) द्वारा "बलियो घर कार्यक्रम" सञ्चालन भइरहेको छ । बलियो घर कार्यक्रम मार्फत सुरक्षित पुनर्निर्माणका लागि प्राविधिक सहायता पुराउने काम भइरहेको छ र त्यसका लागि जनचेतना फैलाउनुका साथै आवश्यक नीति निर्माण गर्ने र निर्माण कार्यमा संलग्न विभिन्न प्राविधिकहरुको दक्षता, क्षमता अभिवृद्धि गर्ने लगायतका क्रियाकलापहरु भइरहेका छन् । साथै यस कार्यक्रम अन्तर्गत सुरक्षित पुनर्निर्माण अभियानलाई प्रभावकारी बनाउन व्यापक रुपमा सामाजिक परिचालकहरु परिचालन गरिएको छ । यस कार्यमा प्रभावकारी ढंगले मद्वत पुर्याउन सामाजिक परिचलकहरुको क्षमता अभिवृद्धि गर्न तालिमहरु समेत सञ्चालन भएका छन् । यसै सन्दर्भमा यो "पुननिर्माणको लागि सामाजिक परिचालन तालिम कार्यक्रमको पाठ्यक्रम पुस्तिका" तयार गरिएको छ । यो सामग्री भूकम्पीय पुननिर्माणको महाअभियानमा सामाजिक परिचालन गर्न सहयोग गर्ने सम्पूर्ण सामाजिक अभियन्ता र समाजसेवीहरुका लागि सहयोगी हुनेछ ।

यो पाठ्यक्रम बिभिन्न सरकारी निकाय, गैरसरकारी एवं अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्थाबाट सञ्चालित सामाजिक परिचालन सम्बन्धी तालिमका पाठ्यक्रमहरुलाई सन्दर्भ सामग्रीको रुपमा अध्ययन गरी तयार गरिएको छ । पाठ्यक्रमको तयारी प्रकृयामा प्रत्यक्ष संलग्न रही सामग्री संयोजन, निर्माण र पुनरावलोकनमा योगदान दिनुहुने सम्पूर्ण व्यक्तित्वमा आभार प्रकट गर्दछु । यस पाठ्यक्रममा समावेश गरिएका विषयवस्तु प्रति यस क्षेत्रका विज्ञ व्यक्तिहरु एवं सम्वन्धित अन्य सम्पूर्ण महानुभावहरुबाट रचनात्मक टिप्पणी र सुझावको अपेक्षा गर्दछौं । आगामी संस्करणमा यसलाई अझै परिमार्जित गरी प्रस्तुत गर्ने प्रतिवद्धता पनि जाहेर गर्दछौं ।

सूर्य नारायण श्रेष्ठ
कार्यकारी निर्देशक
भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल (एनसेट)
भैंसेपाटी, ललितपुर

# पाठ्यक्रमको बारेमा

२०७२ बैशाख १२ र २९ गते गएका विनाशकारी भूकम्प र त्यसपछिका परकम्पहरुका कारण नेपालका विभिन्न जिल्लाहरुमा लाखौंको संख्यामा आवासहरु भत्किएका छन् । नेपाल सरकारको तथ्याङ्क अनुसार ६ लाख २ हजार ५७ घरहरु पूर्ण रुपमा ध्वस्त भए भने २ लाख ८५ हजार ९९ घरहरु आंशिकरुपमा क्षतिग्रस्त भएका छन् ।

ग्रामीण बस्तीका घरहरु बढी भत्किएको परिप्रेक्ष्यमा बलियो, सुधारिएको, भरपर्दो र नयां प्रविधि सहितको घर बनाएर हरेक समुदायलाई भविष्यमा भूकम्प लगायत अन्य प्रकोपबाट बच्न र जोगिन सक्ने क्षमताको विकास गराउनु अहिलेको आवश्यकता हो । भूकम्पका कारण क्षतिग्रस्त घर तथा संरचनाहरुको पुनर्निर्माण कार्यलाई व्यवस्थित, योजनावद्ध र समन्वयात्मक ढंगले निर्धारित समयभित्रै सम्पन्न गर्नु अहिलेको मुख्य कार्यभार हो । भूकम्प प्रभावित क्षेत्रका जनताको अपनत्व, स्वामित्व, नेतृत्व र सहभागिता मार्फत मात्र पुनर्निर्माणको महाअभियान सम्पन्न हुनसक्छ र कठिनाइका बाबजूद सुरक्षित समुदाय निर्माणको दिशामा मुलुक अघि बढ्न सक्छ ।

भूकम्प पश्चात पुनर्निर्माणको लागि विभिन्न पक्षबाट विभिन्न पहलहरु भएका छन् । भूकम्प प्रभावित जिल्लाहरुमा घरधनीहरुद्वारा आफैले भूकम्प प्रतिरोधी भवन निर्माण गरी पुनर्निर्माण गर्ने प्रयासमा लागेका छन् । तालिम प्राप्त डकर्मीहरु, इन्जिनियर र अन्य तालिम प्राप्त विज्ञका टोली परिचालन गरिएका छन् । स्थानीयस्तरमा पुनर्निर्माण प्रविधि केन्द्र र मोबाइल टोलीको परिचालन गरिएका छन् भने भविष्यमा हुन सक्ने भूकम्पलाई थेग्न सक्ने घर निर्माणको लागि जनचेतना र अभिमूखीकरण कार्यक्रमहरु पनि समान ढंगवाट संचालन भइरहेको छ । भूकम्प प्रविधि राष्ट्रिय समाज- नेपाल अन्तर्गत “बलियो घर” कार्यक्रम क्षेत्रमा प्राविधिक सहयोग उपलब्ध गराउने उद्वेश्यले ‘‘बलियो घर’’ कार्यक्रम संचालन भइरहेको छ । नीति, मापदण्ड तथा निर्देशिकाको निर्माण, क्षमता अभिवृद्धिका लागि विभिन्न तहमा डकर्मी तालिम कार्यक्रम संचालन गरिरहेको बलियो घर कार्यक्रमले सामुदायिक सचेतनाको लागि गाउँ गाउँमा अभिमुखीकरण कार्यक्रम पनि संचालन गरिरहेको छ । भूकम्पीय पुनर्निर्माण झट्ट हेर्दा प्राविधिक पाटोको रुपमा देखिएता पनि सामाजिक, सास्कृतिक पक्षको महत्व पनि समानान्तर रुपमा रहन्छ । समुदायमा पुगेर अभिमुखीकरण कार्यक्रम संचालन गर्ने सामाजिक परिचालकहरुको सामाजिक पक्षका साथै प्राविधिक पक्षमा समेत क्षमता अभिवृद्धि गरी सुरक्षित पुनर्निर्माण प्रक्रियामा परिचालन गर्न यो पाठ्यक्रम तयार पारिएको छ ।

सामुदायिक विकास र सामाजिक परिचालनका विभिन्न सामाजिक पक्षका आधारभूत सोचमा साझा बुझाई निर्माण गर्न, प्रभावकारी सामाजिक परिचालनको लागि सीपको विकास गरी समुदायमा परिचालन गर्न, भूकम्प सम्बन्धी आधारभूत प्राविधिक ज्ञान उपलब्ध गराई सुरक्षित निर्माणमा योगदान पुर्‍याउने उद्देश्यले यो पाठ्यक्रम तयार पारिएको हो । यस पाठ्यक्रम मूलतः तीन खण्डमा विभाजन गरिएको छ । पहिलो खण्डमा सामुदायिक/सामाजिक पक्षसंग सम्बन्धित विषयवस्तु समावेश गरिएको छ । यस्तै दोस्रो खण्डमा पुनर्निर्माणको पक्षलाई राखिएको छ । तेस्रो खण्डमा सुरक्षित पुनर्निर्माणको लागि अपनाउनुपर्ने प्राविधिक विषयसँग सम्बन्धित कुराहरुलाई राखिएको छ । ३ भागलाई विभिन्न सत्रमा छुट्याइएको छ । यस भित्र प्रति सत्रको लागि १ घण्टाको समय छुट्याएर पाठ्यक्रम तयार पारिएको छ ।

हामीलाई विश्वास छ, समुदायलाई सचेत तथा जागरुक बनाउन परिचालित हुने सामाजिक परिचालक तथा सामाजिक अभियन्ताहरुका लागि यो पाठ्यक्रम सहयोगी हुनेछ । साथै भूकम्प पश्चातको समयमा पुनर्निर्माणको यो समयमा भूकम्प प्रतिरोधी आवास निर्माणका लागि चाहिने प्राविधिक पक्ष र सरकारले घोषणा गरेको पुनर्निर्माणको प्रक्रिया बुझ्न खोज्ने जो सुकैलाई पनि यो पाठ्यक्रम सहयोगी हुनेछ ।

यो पाठ्यक्रम अमेरिकी सहायता नियोग (USAID) को आर्थिक सहयोगमा भूकम्प प्रविधि राष्ट्रिय समाज नेपालद्वारा संचालित ‘‘बलियो घर’’ कार्यक्रम अन्तर्गत सामाग्री संकलन, प्रशोधन तथा सम्पादन गरी प्रकाशन गरिएको हो ।

# पाठ्यक्रम परिचय

यो सामग्री ‘‘पुनर्निर्माणका लागि सामाजिक परिचालन तालिम पाठ्यक्रम’’ सामाजिकीकरणको कला र प्राविधिक पक्षको सीप र ज्ञानयुक्त क्षमता विकासको लागि तयार गरिएको सीपमा आधारित पाठ्क्रम हो । यस पाठ्यक्रमको संरचनालाई ३ खण्डमा विभाजन गरिएको छ । पहिलो खण्डमा “सामाजिक पक्ष” दोस्रो खण्डमा “पुनर्निर्माण” र तेस्रो खण्डमा “प्राविधिक पक्ष” लाई समावेश गरिएका छन् । जसबाट पुनर्निर्माणका लागि सामाजिक परिचालन गर्दा आवश्यक पर्ने सीप, कला, क्षमता प्राप्त भई प्राविधिक विषयवस्तुलाई सामाजिक रुपमा सरल ढंगवाट व्याख्या गर्न सक्नेछन् ।

## उद्धेश्य

यो तालिम सम्पन्न भइ सकेपछि प्रशिक्षार्थीहरुले निम्न उद्धेश्य पुरा गर्न सक्नेछन् :

- सामुदायिक विकास र सामाजिक परिचालनका विभिन्न सामाजिक पक्षका आधारभूत सोचमा साझा बुझाइ निर्माण गर्न
- प्रभावकारी सामाजिक परिचालनको लागि आधारभूत सीपको विकास गरी समुदायलाई परिचालन गर्न
- भूकम्प प्रतिरोधी भवन निर्माण सम्वन्धी आधारभूत प्राविधिक ज्ञान उपलव्ध गराइ सुरक्षित निर्माणमा योगदान पु¥याउन

## पाठ्यक्रमको विवरण

यस पाठ्क्रममा सामाजिक परिचालनको क्रममा आवश्यक पर्ने सतही तह देखि प्राविधिक पक्षको ज्ञाान समेत समावेश गरिएको छ । सामाजिक पक्ष अर्न्तगत समुदायिक विकासका अवधारणा, सामाजिक परिचालन र चक्र, दिगो विकास र गरिवि निवारण, समुदायसंगको सम्वन्ध विस्तार र उत्प्रेरणा जस्ता समुदाय परिचालनको लागि अत्यन्त आवश्यक पर्ने औजारहरु समावेश गरिएको छ भने तथ्याङ्क संकलनको लागि आवश्यक पर्ने विधिहरुमा आर.आर.ए र पि.आर.ए.का अवधारणा, विधि र अभ्यास समावेश गरिएको छ । समुदाय स्तरमा कार्य प्रभावकारी र सहभागीमुलक ढंगबाट काम गर्नको लागि आवश्यक पर्ने पक्ष लैङ्गिक समानता र समावेशीकरणका विषय र समुदाय स्तरको द्वन्द व्यवस्थापनका सीप समावेश गरीएका छन् ।

यसरी सुशासनको अवधारणा, समुदायलाई प्रभावकारी परिचालनको लागि आवश्यक पर्ने प्रभावकारी सन्चार, व्यक्तिगत पूर्वतयारीका विषयहरु समावेश गरी पाठ्यक्रमलाई विकास गरिएको छ । व्यक्तिगत क्षमता विकासको लागि घट्ना अध्ययन, प्रतिवेदन लेखन र दस्तावेज तयारीको आधारभूत पक्ष यस पाठ्यक्रमले समावेश गरेको छ ।

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको निर्देशिका र स्थलगत अध्ययनको आधारमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरण र भूकम्पीय पुनर्निर्माण अवधारणा र अनुदान सम्झौताको प्रकृयाको बारेमा सत्र समावेश गरिएको छ ।

सामाजिक पक्षका साथ साथै प्राविधिक पक्षको जानकारीको लागि अन्तिम चौथो र पाचौ दिन प्राविधिक जानकारी समावेश गरिएको छ । जसमा भूकम्पको कारण र असर, जोखिम न्यूनीकरणका उपायहरु र पूर्वतयारी साथै गैरसंरचनात्मक जोखिम अल्पीकरणका उपायहरुको बारेमा सत्र समावेश छ । समुदायलाई प्राविधिक जानकारी सहज ढंगवाट जानकारी गराउनुपर्ने भएकोले यस पाठ्क्रममा घडेरी छनौट भवन संरचना (आकार, प्रकार, अनुपात), भूकम्प प्रतिरोधी निर्माण विधि, गारोवाला घरहरु, पिलरवाला घरहरु, भूकम्प प्रतिरोधी काठ तथा मिश्रित घरहरु निर्माण गर्ने विधि, निर्माण गुणस्तर सामग्रीको सत्र समावेश छ । यसरी माथिको सम्पूर्ण विषयलाई समुदायमा प्रस्तुति सहज ढंगवाट गर्न सक्षम बनाउनको लागि विभिन्न समुह प्रस्तुतिका सत्र र स्थलगत अवलोकन लाई पनि समावेश गरिएको छ ।

## तालिम अवधि

- यस पाठ्यक्रममा आधारित तालिम कार्यक्रमको सम्पुर्ण समयावधि ५ दिनको (३७ घण्टा ३० मिनेट) हो । जसमा सामाजिक विषयमा २२ घण्टा ३० मिनेट र प्राविधिक विषयमा १५ घण्टा समय समेटिएको छ । खाना र लघु विश्रामको समय यसमा समावेश गरिएको छैन ।

## लक्षित समूह

- सरकारी तथा विभिन्न विकास साझेदार सँस्थामा सामाजिक परिचालक पदमा कार्यरत रही काम गरिरहेका योग्य व्यक्तिहरु ।

## प्रशिक्षार्थी संख्या

- अधिकतम ३२ जना

## प्रशिक्षणको भाषा

- नेपाली र अग्रेजी दुबै ।

## पाठ्यक्रमको जोड

यस पाठ्यक्रमले ज्ञान सिकाइमा जोड दिन्छ । तसर्थ यस पाठ्क्रमको जोड पाठ्यक्रममा समाबेश गरिएका सीपहरु प्रदान गर्न, सिकाउन र छलफलमा केन्द्रित रहन्छ ।

## प्रमाण-पत्रः

यो पाठ्यक्रमको सम्पूर्ण तालिम सफलतापूर्वक सम्पन्न गर्ने प्रशिक्षार्थीलाई गर्ने सम्वन्धित तालिम प्रदान गर्ने संस्थाले "सफलतापूर्वक सम्पन्न" (Successfully Completion) र तालिम अवधिभरमा ३० मिनेट भन्दा बढी छुट भएमा "सहभागिता" (Participation) को प्रमाणपत्र प्रदान गरिनेछ ।

## प्रशिक्षकको न्यूनतम योग्यताः

- मानविकी संकायवाट स्नाकोत्तर वा सो सरह पास गरेको (सामाजिक र पुनर्निर्माण पक्षको सत्र प्रशिक्षण)
- सिभिल इन्जिनियरिङ्ग विषयमा प्राविधिक स्नातक वा सो सरह (प्राविधिक सत्रको प्रशिक्षणका लागि)
- राम्रो सन्चार र प्रशिक्षण सिप भएको
- सम्बन्धित विषयमा अनुभवी

## प्रशिक्षकलाई सुझावः

**क) प्रशिक्षणको लागि सुझाव**

१. उद्वेश्य बारेमा प्रश्ट हुने

२. पाठ्यवस्तुको छनौट गर्ने

३. प्रशिक्षण विधिहरुबारे परिचित हुने

  - प्रशिक्षक केन्द्रित विधिहरु (जस्तैः व्याख्यान/ प्रदर्शनी, प्रश्नोत्तर, सोधपुछ आदि) बारे परिचित हुने
  - प्रशिक्षार्थी केन्द्रित विधिहरु जस्तैः समूह कार्य, स्थलगत अभ्यास, सर्भेक्षण आदि सञ्चालन गर्ने

- अन्तर्क्रियात्मक विधिहरु जस्तैः छलफल, व्यक्तिगत र समूह छलफल आदि
- नाटकीय विधिहरु जस्तैः लक्षित समूह छलफल, अभिनय आदि

४. प्रशिक्षण विधि छनौट गर्ने

५. प्रशिक्षण सामग्री छनौट गर्ने

- प्रशिक्षण सामग्री पहिचान र छनौट गर्ने
- छानेका प्रशिक्षण सामग्रीहरु उचित पाठ समय र स्थानमा प्रयोग गर्ने योजना बनाउने

६. पाठयोजना तयार गर्ने

- सैद्वान्तिक कक्षाको लागि पाठयोजना तयार गर्ने
- स्थलगत अध्ययन भ्रमणको लागि स्थान, समय र पाठयोजना तय गर्ने

७. प्रशिक्षण सञ्चालन गरिने स्थानहरुको संगठन व्यवस्थापन गर्ने

- कक्षा कोठाको संगठन र व्यवस्थापनको योजना तयार गर्ने
- योजना अनुसार कक्षा कोठाको समन्वय र व्यवस्थापन गर्ने
- स्थलगत अवलोकनको समन्वय र व्यवस्थापनको योजना गर्ने

८. प्रशिक्षण संचालन कार्य गर्ने

- पाठयोजना लिने
- पाठयोजना बमोजिम प्रशिक्षण गर्ने
- पाठयोजना बमोजिम प्रशिक्षण सामग्रीहरु उपयुक्त समय र स्थानमा प्रयोग गर्ने ।

९. परिक्षार्थी मूल्यांकन गर्ने

१०. प्रशिक्षण मूल्यांकन गर्ने

## अन्य सुझावहरुः

**१. तालिमका सिद्वान्तहरु प्रयोग गर्ने**

२. वयस्क सिकाइ सिद्वान्तहरु प्रयोग गर्ने

३. समूह कार्य प्रस्तुति र स्थलगत अध्ययनको लागि धेरै प्रत्साहन र सहजीकरण गर्ने

# विषय सूची

सन्देश :............................................................................................................ १
प्राक्कथन :.......................................................................................................... ३
पाठ्यक्रमको बारेमा ......................................................................................... ४
पाठ्यक्रम परिचय ............................................................................................. ५
सत्र १: तालिमको शुभारम्भ र परिचय ........................................................................ १
सत्र २: सामुदायिक विकासका अवधारणाहरु .................................................................. १६
सत्र ३: सामाजिक परिचालन र कार्य चक्र ...................................................................... ३१
सत्र ४: दिगो विकास र गरिवी निवारण ......................................................................... ५१
सत्र ५: उत्प्रेरणा र समुदायसंग सम्बन्ध बिस्तार ................................................................. ६८
सत्र ६: सामुदायिक विकास र आर.आर.ए. ⁄ पि.आर.ए. ................................................... ८५
सत्र ७: पि.आर.ए. का औजारहरु ................................................................................ ९८
सत्र ८: लैङ्गिक समानता र सामाजिक समावेशीकरण ....................................................... ११४
सत्र ९: समुदायस्तरमा द्वन्द्व व्यवस्थापन ......................................................................... १३३
सत्र १०: सुशासनको अवधारणा .................................................................................. १५१
सत्र ११: प्रभावकारी सञ्चार ......................................................................................... १७२
सत्र १२: सामाजिक परिचालनको लागि पूर्वतयारी ........................................................... १८८
सत्र १३: अभिलेखन – दस्तावेजीकरण, रिपोर्टिङ्ग, घटना अध्ययन वा कथा लेखन .......................... २०५
सत्र १४: पुनर्निर्माणको अवधारणा र संस्थागत व्यवस्था ..................................................... २२५
सत्र १५: आवास पुनर्निर्माण अनुदान संझौता प्रणाली ........................................................ २४८
सत्र १६: भूकम्पको कारण तथा असरहरु ......................................................................... २६८
सत्र १७: नेपालमा भूकम्पीय जोखिम तथा न्यूनीकरणका उपायहरु र पूर्वतयारी ............................. २८१
सत्र १९: घडेरीको छनौट तथा भवन संरचना ................................................................... ३०६
सत्र २०: गारोवाला भवन निर्माण प्रविधि ........................................................................ ३१५
सत्र २१: पिलरवाला भवन निर्माण प्रविधि ........................................................................ ३२६
सत्र २२: काठका घर निर्माण प्रविधि ............................................................................. ३३७
सत्र २३: निर्माण सामग्री तथा निर्माण गुणस्तर ................................................................. ३५४

## सामाजिक परिचालन तालिम कार्यक्रम

**पाठयोजना तथा प्रशिक्षण निर्देशिका**

# सत्र १: तालिमको शुभारम्भ र परिचय

**खण्डः** तालिम परिचय

**समयः** २ घण्टा

**सामग्रीः** मल्टिमिडिया, प्रोजेक्टर, कम्प्युटर, पर्दा (प्रोजेक्सन स्क्रिन), चित्रपट, इजेल, फ्लीपचार्ट, मास्किङ्ग टेप, मार्कर (कालो, नीलो, रातो) पाठयोजना, सहभागी कार्यपुस्तिका



**सत्र परिचयः** तालिमका विविध पक्षहरु हुन्छन् पाठ्यक्रमका विषयवस्तु स्वतः महत्वपूर्ण हुन्छन्। यसका अतिरिक्त व्यवस्थापन पक्ष, तालिम सम्बन्धी अन्य धेरै कुराहरु पनि महत्वपूर्ण हुन्छन्। सहभागीलाई तालिमको शुरुमा नै ती कुराहरुको जानकारी गराउँदा तालिम सञ्चालन सहज हुन्छ । यसले सहभागीको चिन्तन अन्य विषयमा अल्झिँदैन र तालिमको अवधिमा सहभागीहरुको ध्यान विषयवस्तुमा केन्द्रित हुन सहयोग गर्छ। तालिम प्रभावकारी र सफल बन्दछ। तालिमको मुख्य विषयवस्तुमा प्रवेश गर्नु अगाडि नै विषयवस्तु बाहेक तालिमको  अन्य कुराको समग्र परिचय दिने उद्देश्यले यो सत्र तयार गरिएको हो ।

मार्गदर्शनः यो तालिमको प्रथम सत्र भएकोले यसको प्रभावकारिताले तालिमको गुणस्तरको मापन गर्दछ । तालिमको मापदण्डको पहिचान दिन्छ । तसर्थ तालिमलाई प्रभावकारी बनाउन यो सत्र राम्ररी तयारी गर्नु पर्दछ र सशक्त रुपमा प्रस्त’तिकरण गर्नु पर्दछ।

विशेष सावधानीः यो सत्र समयको हिसाबले लामो छ र धेरै विषयवस्तुहरु समेटिएका छन् साथै धेरै प्रशिक्षकहरुको पनि संलग्नता रहेको छ। एउटा विषयवस्तुबाट अर्कोमा प्रवेश गर्दा प्रशिक्षक बीचको समन्वय र समयलाई विशेष ध्यान दिनु पर्दछ। विभिन्न क्रियाकलापहरुलाई सिलसिलावद्ध रुपमा सञ्चालन गर्न विशेष सावधानी अपनाउनु पर्दछ।

**सत्रको उद्देश्यः** यो सत्रको अन्तमा सहभागीहरु निम्न विषयमा सक्षम हुनेछन :

- प्रशिक्षक, सहभागीहरु र व्यवस्थापनमा संलग्न व्यक्तिहरुको परिचय
- सुरक्षा जानकारी, तालिमको आधारभुत नियम तथा अन्य जानकारी
- तालिम तथा पाठ्यक्रमको विभिन्न पक्षमा जानकारी
- पाठ्यक्रम सम्बन्धी उपलब्ध हुने स्रोत सामग्रीको जानकारी

| श्रव्य-दृक्ष्य सामग्री | पाठको रुपरेखा | टिप्पणी |
|---|---|---|
| चित्रपट १ |  | **३ मिनेट**<br>• अभिवादन गर्ने<br>• आफ्नो परिचय दिने<br>• सत्रको परिचय दिने - विषयगत शिर्षक, लाग्ने समय, सञ्चालन विधि, प्रयोग हुने सिकाइ र सामग्रीको विषयलाई संक्षिप्तमा समेट्ने<br>• यस सत्रमा विभिन्न विषयहरु समेटिने हुनाले सत्र सन्चालनमा धेरै प्रशिक्षकहरुको सहयोग रहने जानकारी दिने |
| चित्रपट २ | <br>यस सत्रको मुख्यतया चार उद्देश्यहरु रहेका छन् । | **२ मिनेट**<br>• यस सत्रको उद्देश्य प्रस्तुत गर्ने<br>अथवा<br>• सत्रको उद्देश्य सहभागीहरुबाट पढ्नको लागि अनुरोध गर्ने |
| चित्रपट ३ |  | **८ मिनेट**<br>• सहभागीलाई स्वागत गर्ने<br>• प्रशिक्षकहरुलाई परिचयको लागि अगाडि आउन आग्रह गर्ने<br>• सबै प्रशिक्षकहरुलाई आ-आफ्नो परिचय दिन आग्रह गर्ने<br>• सबै प्रशिक्षक उपस्थित हुन नसकेमा पछि आउने जानकारी दिने |

| | | |
|---|---|---|
| | कुनै पनि तालिम सञ्चालनमा विभिन्न व्यक्तिहरुको संलग्नता आवश्यकता हुन्छ । यस तालिममा पनि मुख्यतया तीन प्रकारको व्यक्तिहरुको संलग्नता रहेको छ ।<br>• स्रोत व्यक्ति तथा प्रशिक्षकहरु<br>• सहभागीहरु<br>• पृष्ठभूमीमा रहेर व्यवस्थापनका विभिन्न पक्षमा जिम्मेवारी बहन गर्ने व्यक्तिहरु<br>तालिममा संलग्न सबैको सुरुमै परिचय हुँदा सहभागीलाई तालिमको अवधिमा आवश्यकता अनुसार सम्बन्धित व्यक्तिसंग सम्पर्क गर्न सजिलो हुन्छ र तालिमलाई प्रभावकारी बनाउँदछ । | |
| चित्रपट ४ | <br>तालिम अवधिभर बसाइ, खानपिन र सहभागीहरुलाई वितरण गर्नुपर्ने पाठ्यसामग्री व्यवस्थापन लगायत अन्य प्रशासनिक कार्यको लागि पनि विभिन्न व्यक्तिहरु सम्लग्न रहेका हुन्छन् । प्रशिक्षक र सहभागीहरुका साथै पृष्ठभुमिमा बसेर जिम्मेवारी बहन गर्ने व्यक्तिहरुको पनि तालिममा परिचय दिनु पर्दछ । | **१५ मिनेट**<br>• पटमा देखाए अनुरुप सम्वन्धित कार्यमा जिम्मेवार व्यक्तिलाई पालैपालोसँग उठेर परिचय दिन अनुरोध गर्ने |
| चित्रपट ५ | <br>सहभागीहरुलाई तालिमको विषयवस्तुका अतिरिक्त अन्य व्यवस्थापन पक्ष जस्तैः खाना, बसाइ, यातायात सुविधा, | **३ मिनेट**<br>• कार्यक्रमको बजेटले तय गरे बमोजिमको व्यवस्थापन सम्बन्धी जानकारी गराउने |

| | | |
|---|---|---|
| | सम्बन्धी विभिन्न जानकारी शुरुमा नै स्पष्ट बताउनु पर्दछ। यसले सहभागीहरुमा अन्योलता सृजना हुन दिदैन। तालिमको दौरानमा सहभागीको ध्यान विषयवस्तुमा मात्र केन्द्रित हुन मद्यत गर्दछ र तालिम सहज बन्दछ।<br><br>तालिमको बजेटले कति कुरा समेट्छ कति कुरा समेट्दैन सो अनुरुपको जानकारी दिनु पर्दछ। साधारणतया तालिम अवधिभरको बिहान बेलुकाको खाना, बसाइको व्यवस्था तालिम भित्र नै पर्दछ। तर कुनै अतिरिक्त खाना, पेय पदार्थ वा अन्य कुनै व्यक्तिगत बिलहरु सहभागी स्वयंले नै गर्नु पर्दछ।<br><br>विविध जानकारी सम्वन्धी कुनै जिज्ञासा भए वा कुनै समस्या भए तालिमको सचिवालयको तय भएको स्थानमा सम्पर्क गर्नु पर्ने जानकारी दिनु पर्दछ। | |
| **चित्रपट ६** | <br>सहभागीहरुको परिचय विभिन्न विधिवाट गर्न सकिन्छ। जस्तै:<br>• आफ्नो परिचय आफै दिने<br>• दुई दुई जनाको जोडी बनाउने, केही समय दिने र एक जनाले अर्को साथीको परिचय दिने<br>• अन्य<br>कुन विधीबाट गराउने भन्ने कुरा पहिले तय गर्नु पर्दछ। | **२ मिनेट**<br>• पहिले नै तय गरेको विधिबाट सहभागीहरुको परिचयलाई अगाडि बढाउने<br>• सहभागीहरुलाई परिचय गर्दा कम्तिमा यस चित्र पटमा देखाएका बुँदाहरु समावेश गरिदिन अनुरोध गर्ने |
| **चित्रपट ७** |  | **४ मिनेट**<br>• सुरक्षा जानकारीको अलग्गै रहेको प्रस्तुतिमा तालिम सञ्चालन हुने कक्ष र स्थानान्तरण गर्ने स्थानका तस्वीरहरु अध्यवधिक गरेर राख्ने र प्रस्तुत गर्ने।<br>• अध्यावधिक गरेर राखेको आपतकालीन सेवाका स्थानीय |

विपद् कुनै पनि बेला पर्न सक्छ। प्राकृतिक विपद् जस्तैः बाढी, पहिरो, आगलागी अझ विशेष गरी भूकम्प जुनसुकै समयमा पनि आउन सक्छ। यो तालिमको अवधिमा पनि पर्न सक्छ। यसको अतिरिक्त विभिन्न सामाजिक घटनाबाट पनि असहज परिस्थिति उत्पन्न हुन सक्छ। केही सावधानी अपनाएमा यस्तो अवस्थाबाट हुन सक्ने जोखिमलाई न्यून गर्न सकिन्छ। यस तालिममा सुरक्षाको लागि दुईवटा जानकारी महत्वपूर्ण छन्।

**आपतकालीन स्थानान्तरणः** तालिमको दौरानमा विपद् पर्दा यो तालिम कक्ष छोडेर बाहिर जानु पर्ने हुन सक्छ। यसको लागि स्थानान्तरण योजना बनाइएको छ। सबैले त्यसको जानकारी राख्नु पर्दछ र सो अनुरुप पालना गर्नु पर्दछ।


**महत्वपूर्ण सम्पर्क नम्बरहरुः** तालिमको समयमा रहदा बस्दा, बाहिर निस्कँदा कुनै दुर्घटना वा अन्य कुनै आपत पर्न सक्छ वा अस्वस्थ पनि हुन सकिन्छ। यस्तो अवस्थामा अझ एक्लै भएको बेलामा आपतकालीन सेवाका स्थानीय सम्पर्क नम्बरहरु ज्यादै उपयोगी हुन्छन्। यिनीहरुको पनि जानकारी हुनु जरुरी छ।

सम्पर्क नम्बरहरु तालिम कक्षाको भित्तामा टाँस्ने

**चित्रपट ८**

मेटाकार्ड

अपेक्षा संकलन फाराम




**अपेक्षा संकलनः** कुनै पनि तालिममा सहभागीहरुले तालिमबाट केही न केही सिकिन्छ भन्ने अपेक्षा राखेका हुन्छन्। उनीहरुको अपेक्षा थाहा पाउन महत्वपूर्ण हुन्छ।

- पहिलो सहभागीहरु मध्ये केही सहभागीहरु तालिमको बारेमा बुझेर आएका हुन्छन भने केही सहभागीहरुले बुझेका हुदैनन्। यसबाट उनीहरु तालिम प्रति कति गम्भिर छन् भन्ने थाहा हुन्छ। यसका साथै सहभागीहरुको जिज्ञासा र रुची कुन विषयमा बढी रहेछ भन्ने कुरा पनि थाहा हुन्छ र सो अनुरुप तालिमको विषयवस्तु परिमार्जन गन सकिन्छ।
- दोस्रो तालिमले सहभागीहरुले राखेको अपेक्षा पुरा गर्दछ कि गर्दैन भन्ने कुरा स्पष्ट गर्न पनि जरुरी छ।

**३० मिनेट**

- तालिममा अपेक्षा संकलन गरिने जानकारी दिने
- अपेक्षाको लागि मेटाकार्ड वा कोड लेखेको अपेक्षा फारम वितरण गर्ने
- अपेक्षाको लागि समय निर्धारण गर्ने
- सबै सहभागीहरुले अपेक्षा लेखेर सकिए पस्चात फाराम फिर्ता लिने
- प्रशिक्षक मध्ये एक जनाले समीक्षाको लागि अपेक्षा अध्ययन गर्ने


..............................


- पूर्व परीक्षाको जानकारी गराउने
- सहभागीलाई कोड नम्वर लेखेको कागज दिने र नम्वरको पछाडि आफ्नो नाम लेख्न लगाउने

| | | |
|---|---|---|
| | **<u>पूर्वपरीक्षा:</u>** तालिमका सहभागीहरु विभिन्न पृष्ठभूमीबाट आएका हुन्छन् । उनीहरुको ज्ञानको तह फरक- फरक हुन्छ । सहभागीको बुझाइको स्तर थाहा पाउनु पर्दछ र सो अनुरुप तालिमका विषयस्तुलाई प्रस्तुत गर्नु पर्दछ । तसर्थ तालिम शुरु हुनु भन्दा पहिला पूर्वपरीक्षा लिइन्छ । पूर्वपरीक्षाको नतिजाको आधारमा तालिममा विषयवस्तुहरुलाई परिमार्जन गर्न सजिलो हुन्छ । यसले कुन विषयवस्तुलाई बढी जोड दिने, कुनलाई संक्षिप्त रुपमा प्रस्तुति गर्ने भन्ने कुरामा सहयोग गर्दछ ।<br><br>परीक्षाको नतिजा प्रकाशन गर्दा सहभागीको नाम गोप्य राखी कोडमा प्रकाशन गरिन्छ । यसो गर्दा कम अंक ल्याउनेको मनस्थिति हतास हुदैन ।<br><br>**<u>अपेक्षा विश्लेषण:</u>** सहभागीहरुले राखेको अपेक्षालाई अध्ययन गरी तालिमले समेट्न सक्ने विषयहरु र समेट्न नसक्ने विषयहरुको जानकारी गराउनु पर्दछ । यसले सहभागीको मनस्थिति निर्देशित गर्दछ । | • कोड नम्वर लेखिएको कागज फिर्ता लिने<br>• पूर्व परीक्षाको लागि समय जानकारी गराउने<br>• पूर्वपरीक्षाको प्रश्न पत्र वितरण गर्ने<br>• प्रश्नपत्रमा कोड लेखेको सुनिश्चत गर्ने<br>................................<br>• पूर्वपरीक्षा लगत्तै अपेक्षा विश्लेषण प्रस्तुत गर्ने<br>• तालिमले समेट्न नसक्ने अपेक्षाको स्पष्ट अवगत गराउने |
| **चित्रपट ९** | <br><br><br>**तालिम तालिका**: अधिकांश तालिमको तालिका सत्रको शुरुमा वितरण गर्ने प्रचलन हुन्छ । शुरुमा तालिका वितरण गर्दा सहभागीहरुले अपेक्षा लेख्दा त्यही तालिकाको विषयहरु हेरेर लेख्ने गरेको पाइन्छ । यसो गर्दा वास्तविक अपेक्षा नआउने हुन सक्छ । त्यसैले तालिम तालिका अपेक्षा संकलन पछि दिन प्रभावकारी हुन्छ ।<br><br>**<u>सत्रगत मुल्याङ्कन फाराम:</u>** प्रत्येक सत्रको मूयाङ्कन को लागि यो सत्रगत मूल्याङ्कन फाराम आवश्यक पर्दछ । यसमा विषयवस्तु र प्रस्तुतिको प्रभावकारिता दुबैको मूल्याङ्कन गर्नु गर्दछ । यो प्रत्येक सत्रको समाप्ति पछि मूल्याङ्कन गर्नु पर्दछ । यसो गर्दा सही मूल्याङ्कन आउँछ । फाराममा मूल्याङ्कन नम्वरहरु राखिएको छ । | **५ मिनेट**<br><br>• तालिममा सहभागीहरुलाई वितरण गरिने आवश्यक सामग्रीहरु तालिम समय तालिका, स्रोत सामग्री, सत्रगत मूल्याङ्कन फाराम, समग्र तालिम मूल्याङ्कन फाराम वितरण गर्ने र सबैले प्राप्त गरे नगरेको सुनिश्चित गर्ने<br>.............................<br>• सत्रगत र तालिम म”ल्याङ्कन फारामको विवरणमा उल्लेख गरिएको विषयहरु हेर्न लगाउने र जानकारी गराउने<br>• दुबै मूल्याङ्कन फाराममा धेरै प्रभावकारी सत्रलाई धेरै नम्वर र कम प्रभावकारी लागेको सत्रलाई कम नम्वर दिन अनुरोध गर्ने |

| | | |
|---|---|---|
| | **तालिम मूल्याङ्कन फाराम:** यो फाराम समग्र तालिम मूल्याङ्कनको फाराम हो । यसमा मूल्याङ्कनका आधारहरु जस्तै: समावेश गरिएका विषयबस्तु, श्रोत व्यक्तिहरुको प्रस्तुति, सहभागीहरु बीचको अन्तर्क्रिया तथा छलफल, सहभागीहरुको प्रस्तुति, कार्यक्रम व्यवस्थापन र समग्र तालिम कार्यक्रमको प्रभावकारीता समावेश गरिएका छन् । तालिम मूल्याङ्कन फाराम तालिमको अन्तिम दिनमा मात्र संकलन गरिन्छ ।<br><br>**स्रोत सामग्री:** वितरण गरेका स्रोतसामग्री भित्र के के राखिएको छ जस्तै सहभागी कार्य पुस्तिका, सिडी, सत्रगत प्रस्तुति आदि सवै स्पष्ट पार्नु पर्दछ । | |
| **चित्रपट १०** | <br><br>**आधारभूत नियम:** तालिमलाई सहज र प्रभावकारी रुपमा सञ्चालन गर्न केही आधारभूत नियमहरु बनाउन जरुरी हुन्छ । आधारभूत नियम तयार गर्दा २ तरिकावाट गर्न सकिन्छ ।<br>• सत्रको दौरानमा नै सहभागीहरुलाई सोधेर लेख्ने<br>• पहिले नै तयार गरेकोलाई सहमति गराउने<br><br>यस्ता नियमहरु प्राय: सबै तालिममा एकै प्रकारका आउने हुनाले पहिले नै तयार गरेर राख्न पनि सकिन्छ ।<br><br>**फाइल:** तालिममा सबै सत्रमा समयको सीमा हुन्छ । त्यस अवधिमा प्रस्तुत गर्नु पर्ने सबै कुरा सम्पन्न गर्नु पर्दछ । कहिलेकाही कुनै सत्रमा कुनै विषयमा सहभागीहरुको बढी जिज्ञासा हुन सक्छ । यस्तो अवस्थामा लामो छलफल गर्नुपर्ने वा अलि धेरै प्रष्ट पार्नु पर्ने हुन्छ । कहिलेकाहीं सत्रको विषयवस्तुले नसमेटेको तर महत्वपूर्ण कुरा पनि हुन सक्छ । ती कुराहरुको सम्बोधन सत्र भित्रै सम्भव हुदैन । त्यस विषयलाई फाइलमा टिपोट गरिराख्नु पर्दछ । सो विषयलाई तालिमको अवधिभरमा स्पष्ट गराउनु पर्दछ । यसलाई पार्किङ्ग लट (Parking Lot) पनि भनिन्छ । | **३ मिनेट**<br><br>• के के नियम भयो भने तालिम सहज हुन्छ भनेर सहभागीहरुलाई सोध्ने र फ्लीपचार्टमा मुख्य-मुख्य बुँदाहरु उतार गरी भित्तामा टाँस्ने<br><br>अथवा<br><br>• पहिले नै तयार गरी टासिएको नियम छ भने नियमहरु प्रस्तुत गर्दै सहभागीहरुको सहमति सुनिस्चित गर्ने<br>• एनसेटको नियमलाई जोड दिने र स्पष्ट पार्ने<br><br>.....................................<br><br>• फ्लिपचार्टमा फाइल लेखेर टाँस्ने<br><br>अथवा<br><br>• पहिले नै तयार गरी टाँसी राखिएको फाइललाई देखाउने |

| | | |
|---|---|---|
| चित्रपट ११ | <br><br>कुनै पनि तालिम सञ्चालन गर्ने अवस्थासम्म आइपुग्दा यसका पछाडि धेरै कार्यहरु भएको हुन्छ । यो तालिमको पनि पृष्ठभुमि छ । सहभागीहरुले पनि त्यो सन्दर्भको जानकारी पाउनु जरुरी हुन्छ । यसबाट तालिमलाई बुझ्न अझ बढी सजिलो हुन्छ ।<br>• २०७२ बैशाख १२ को गोरखा भुईंचालो पश्चात पुनर्निर्माणको लागि विभिन्न पहलहरु भए ।<br>• ती मध्ये एउटा प्रयास ५ बर्षीय (अक्टोवर २०१५-२०२०) कार्यक्रम Cooperative Agreement for Housing Reconstruction Technical Assistance Project (HRTAP) हो जसलाई नेपालीमा "बलियो घर कार्यक्रम" भनेर चिनिन्छ ।<br>• सुरक्षित आवास पुनर्निर्माणको लागि एनसेट र यू.एस.एड. नेपालको एउटा संयुक्त कार्यक्रम हो । | ३ मिनेट<br>• पटमा देखाए अनुसार प्रोजेक्टको नाम, समयावधि, आर्थिक सहयोग गर्ने संस्थाको नाम जोड्दै जाने<br>• "बलियो घर" कार्यक्रमको नामलाई जोड दिने र प्रोजेक्ट वा आयोजना भन्नाले "बलियो घर कार्यक्रम" भन्ने जनाउने कुरा बताउने |
| चित्रपट १२ | <br><br>यस बलियो घर/आयोजनाको लक्ष्य भूकम्प प्रभावित जिल्लाहरुमा घरधनीहरुलाई भूकम्प प्रतिरोधी भवन निर्माण गर्न प्राविधिक सहयोग उपलब्ध गराइ पुनर्निर्माणमा योगदान गर्नु हो । उक्त लक्ष्य प्राप्त गर्न ३ उद्देश्य रहेका छन् । | ३ मिनेट<br>• आयोजनाको लक्ष्य र उद्देश्य जानकारी गराउने |

| | | |
|---|---|---|
| | • तालिम प्राप्त मिस्त्री, इन्जिनियर र अन्य तालिम प्राप्त विज्ञको टोली (दक्ष जनशक्ति) परिचालन गर्ने<br>• पुनर्निर्माण प्रविधि केन्द्र र घुम्ती टोलीको स्थापना तथा सञ्चालन गर्ने<br>• भूकम्प सुरक्षित घर निर्माणका लागि चेतनामूलक कार्य र तालिम कार्यक्रम सञ्चालन गर्ने | |
| चित्रपट १३ | <br>यस बलियो घर कार्यक्रममा मुख्य तीन क्रियाकलाप रहेका छन् :<br>• भुकम्प सुरक्षित भवन निर्माणका लागि नीतिगत तहमा मापदण्ड तथा निर्देशिकाको र्निर्माण गर्ने<br>• भूकम्प सुरक्षित भवन निर्माणको लागि चेतना अभिवृद्वि गर्न विभिन्न तहमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने<br>• भूकम्प सुरक्षित भवन निर्माणमा आवद्ध जनशक्तिको क्षमता अभिवृद्वि गर्न तालिम कार्यक्रम सञ्चालन गर्ने<br>अहिलेको यो तालिम बलियो घर कार्यक्रमको यही तालिम क्रियाकलाप अन्तर्गत पर्दछ । | **३ मिनेट**<br>• आयोजनाको मुख्य क्रियाकलाप जानकारी गराउने<br>• यो तालिम बलियो घर कार्यक्रमको यही तालिम क्रियाकलाप अन्तर्गत रहेको कुरालाई जोड दिने |
| चित्रपट १४ |  | **३ मिनेट**<br>• Build Back Better लाई जोड दिई स्पष्ट पार्ने<br>• पुनर्निर्माणमा आवश्यक सामाजिक पक्षको ज्ञान र सीपको अभिवृद्वि गर्ने विषयमा जोड दिने |

<table>
<tr>
<td></td>
<td>गोरखा भूकम्प पश्चात् बन्ने घरहरु हालको चलन चल्तिमा बनेका घरहरु भन्दा बलियो बनुन् अर्थात् भूकम्प थेग्न सक्ने बनुन भन्ने पुनर्निर्माण अभिमानको प्रमुख लक्ष्य हो । यो लक्ष्य प्राप्त गर्न निर्माणसंग आवद्ध सबै जनशक्तिको दक्षता अभिवृद्धि गर्नु पर्दछ । सामाजिक परिचालक र सहजकर्ताले समुदायमा सामुदायिक विकासका विभिन्न कार्यहरु गर्दै आएता पनि भूकम्प पश्चात्को परिस्थिति फरक भएकोले नयाँ ज्ञान र सीपको आवश्यकता पर्दछ । समुदायलाई परिचालन गर्न सामाजिक तथा प्राविधिक पक्षमा समेत दक्षता अभिवृद्धि गर्नु यो तालिमको उद्देश्य रहेको छ ।</td>
<td></td>
</tr>
<tr>
<td>चित्रपट १५</td>
<td>



तालिमको पाठ्यक्रम विकास गर्दा यसको पछाडि केही आधार हुन्छन् । यस तालिमको पाठ्यक्रम विकास गर्दा मुख्यतया तीनवटा उद्देश्य राखिएको छ ।

- सामुदायिक विकास र सामाजिक परिचालनका आधारभूत सैद्वान्तिक ज्ञानमा साझा बुझाइ र एकरुपता कायम गर्नु
- सामाजिक परिचालन सम्बन्धी केही सीपको अभिवृद्धि गरी पुनर्निर्माणलाई प्रभावकारी बनाउनु
- सामाजिक परिचालनको ज्ञान तथा सीपका साथै भूकम्प सम्बन्धी केही आधारभूत प्राविधिक ज्ञान उपलब्ध गराइ सुरक्षित निर्माणमा योगदान पुर्‍याउनु
</td>
<td>
३ मिनेट


- पटमा देखाए अनुसार पाठ्यक्रमको उद्देश्य क्रमैसंग प्रस्तुत गर्ने
</td>
</tr>
<tr>
<td>चित्रपट १६</td>
<td>


</td>
<td>
३ मिनेट

- पटमा देखाए बमोजिम पाठ्यक्रमको मोड्यूलहरु रहेको जानकारी गराउने
</td>
</tr>
</table>

<table>
<tr>
<td></td>
<td>यस तालिमको पाठ्यक्रमलाई ५ वटा मोड्यूलमा विकास गरिएको छ । मोड्युल भित्र विभिन्न सत्रहरु छन् । सबै मोड्युलमा सत्रहरु फरक फरक छन् । प्रत्येक सत्र १ घण्टाको रहेको छ ।<br><br>यस तालिमको लक्ष्य र उद्देश्य प्राप्त गर्न योगदान पुग्न सकोस् भन्ने कुरालाई मध्यनजर राखेर तालिमको पाठ्यक्रम तयार गरिएको छ ।</td>
<td></td>
</tr>
<tr>
<td>चित्रपट १७</td>
<td>
</td>
<td>२ मिनेट<br><br>• पटमा देखाए अनुसार समय तालिका, सहभागीको प्रस्तुति र पाठ्यक्रम सामग्रीको बारेमा जानकारी गराउने<br>• समय तालिकाको विषयमा कुरा गर्दा सहभागीसँग भएको तालिका हेर्न अनुरोध गर्ने</td>
</tr>
<tr>
<td>चित्रपट १८</td>
<td>

सहभागीहरुले २ प्रकारको प्रस्तुति गर्नुपर्ने हुन्छ । एउटा समूहमा र अर्को एकल । समूहमा प्रस्तुति गर्दा पनि सबै जना सहभागीहरु सम्लग्न हुनु पर्दछ । सहभागीलाई ४ समूहमा विभाजन गरिन्छ । सहभागीहरुको कुल संख्याको आधारमा समूहको संख्या हुन्छ ।</td>
<td>३ मिनेट<br><br>• प्रस्त’तिकरणको लागि शिर्षक, समयावधी बिस्तारै उपयुक्त समयमा छलफल हुने जानकारी दिने</td>
</tr>
</table>

| | | |
|---|---|---|
| चित्रपट १९ |  | २ मिनेट<br>• समूह प्रस्तुतिको उद्देश्य स्पष्ट गर्ने |
| चित्रपट २० | <br>कुनै पनि कार्यक्रमको मूल्याङ्कन हुन जरुरी हुन्छ । यो तालिमको मूल्याङ्कन गर्न पनि केही प्रावधानहरु रहेका छन् । मुल्याङ्कन ले तालिम कार्यक्रमलाई तालिमको दौरानमा र पछिका अन्य तालिमलाई प्रभावकारी बनाउन मद्यत गर्छ ।<br>यस तालिममा तीन पक्षको  मूल्याङ्कन गरिन्छ, सहभागीहरु, प्रशिक्षकहरु र तालिम ।<br>• सहभागीहरुको मूल्याङ्कन पूर्व/समापन परीक्षा, प्रस्त'तिकरणबाट हुन्छ । पूर्व परीक्षा तालिम हुनु भन्दा अगाडि र समापन परीक्षा तालिमको अन्त्यमा हुन्छ । तालिमको दौरानमा प्रस्तुतिहरु हुन्छन् ।<br>• प्रशिक्षकको मूल्याङ्कन सत्रगत मूल्याङ्कनबाट हुन्छ ।<br>• तालिमको मूल्याङ्कन दैनिक समीक्षा र पाठ्यक्रम मूल्याङ्कनबाट गरिन्छ । दैनिक समीक्षा प्रत्येक दिन हुन्छ भने समग्र तालिम कार्यक्रमको सबै सत्रहरु समाप्त भए पछि गरिन्छ । | ३ मिनेट<br>• पटमा देखाए अनुसार मूल्याङ्कनलाई क्रमशः प्रकाश पार्ने |

**चित्रपट २१**

मार्कर, फ्लिपचार्ट, मेटाकार्ड,

प्रतिवेदन र मूल्याङ्कन टिपोट कपि,

प्रतिवेदन, मूल्याङ्कन, मनोरञ्जन, व्यवस्थापन लेखिएको चिट्ठा




बयस्क सिकाइ (Adult Learning) मा तालिम व्यवस्थापनमा सहभागीहरुको पनि संम्लग्नता महत्वपूर्ण मानिन्छ । तसर्थ तालिम सञ्चालनमा सहभागीलाई केही जिम्मेवारी दिनु पर्दछ । सहभागीलाई आवश्यकता हेरेर विभिन्न समूहमा विभाजन गर्न सकिन्छ ।

सहभागीहरुलाई पटमा देखाए अनुसार ४ समूहमा विभाजन गरिन्छ । समूहको नाम राख्दा समूह १, २, ३ र ४ वा अन्य कुनै नाम राख्न सकिन्छ । समूह विभाजन विभिन्न विधिबाट गर्न सकिन्छ । समूह विभाजन गरीसके पछि प्रत्येक समूहमा संयोजकको पनि छनौट गरिन्छ । समूह, संयोजक र सदस्यहरुको नाम लेख्न प्रत्येक समूहलाई मार्कर, फ्लिप चार्ट, मेटाकार्ड, दिनुपर्दछ । प्रतिवेदन र मूल्याङ्कनको जिम्मेवारी पाउनेलाई टिपोट कपि पनि दिनु पर्दछ ।

जिम्मेवारी बहन गर्दा केही कुरा सबै समूहले र केही सम्वन्धित समूहले ध्यान दिनु पर्ने हुन्छ । सो कुरा स्पष्ट गराउनु पर्दछ ।

- प्रत्येक समूहको जिम्मेवारी फरक फरक हुन्छ
- प्रतिवेदन र मूल्याङ्कन तयार गर्दा आफ्नो समूहको मात्र नभई सबैसँग सोधेर छलफल गरी सम्पुर्ण सहभागीको तर्फबाट हुने गरी प्रस्तुत गर्ने
- जिम्मेवारी सबैको पालोपालो हुने गरी हुन्छ । जस्तै: आज प्रतिवेदनको जिम्मेवारी पाउनेको भोली अर्को जिम्मेवारी हुन्छ
- सामान्यतया प्रतिवेदन र मूल्याङ्कन समूहको प्रस्तुतिमा समानता देखिन्छ तर यिनीहरुको विधि र महत्व फरक ढंगबाट आउनुपर्छ ।

**५ मिनेट**

- आवश्यक सामग्री पहिले व्यवस्थित गरी राख्ने
- तय गरेको विधिबाट समूह विभाजन गर्ने
- सामग्री वितरण गर्ने
- संयोजक र सबै सदस्यहरुको नाम फ्लिप चार्टमा लेख्न लगाउने
- समूहको नाम मेटा कार्डमा लेख्न लगाउने
- कार्यभार लिनको लागि संयोजकलाई अगाडि बोलाउने
- पहिले नै तयार पारिएको प्रतिवेदन, मूल्याङ्कन, मनोरञ्जन, व्यवस्थापन लेखिएको चिट्ठा एक एक वटा छान्न लगाउने
- समूहको नाम सहितको फ्लिप चार्ट कक्षा कोठामा टाँस्न लगाउने
- प्रतिवेदन र मूल्याङ्कन लेख्नको लागि प्रतिवेदन र मूल्याङ्कन लेखि राखेको कापी दुबै समूहलाई हस्तान्तरण गर्ने
- जिम्मेवारी बहन गर्दा ध्यान दिनु पर्ने कुरा स्पष्ट गर्ने ।

**चित्रपट २२**




**२ मिनेट**

- प्रतिवेदन समूहले प्रतिवेदन तयारी गर्दा ध्यान दिनुपर्ने कुराहरु पटमा देखाए अनुसार जानकारी गराउने

**चित्रपट २३**




**२ मिनेट**

- मूल्याङ्कन समूहले मूल्याङ्कन गर्दा ध्यान दिनुपर्ने कुराहरु पटमा देखाए अनुसार जानकारी गराउने

**चित्रपट २४**




**२ मिनेट**

- व्यवस्थापन समूहले व्यवस्थापन गर्दा ध्यान दिनुपर्ने कुराहरु पटमा देखाए अनुसार जानकारी गराउने

| | | |
|---|---|---|
| चित्रपट २५ |  | **२ मिनेट**<br>• मनोरञ्जन समूहले मनोरञ्जन गर्दा ध्यान दिनुपर्ने कुराहरु पटमा देखाए अनुसार जानकारी गराउने |
| चित्रपट २६ | <br>सत्रको शुरुमा राखिएका उद्देश्यहरु सत्रको प्रस्तुतिमा सबै पुरा भए नभएको कुराको पुनरावलोकन गर्नु पर्दछ। पुनरावलोकन विभिन्न तरिकावाट गर्न सकिन्छ । सहभागीहरुसंग नै सोधेर अर्न्तरक्रियात्मक रुपमा छलफल गरेर वा आफैले साराशंमा वताएर ।<br><br>सत्रको विषयवस्तुमाथि कुनै प्रश्न वा थप जिज्ञासा भए नभएको पनि जानकारी लिनु पर्दछ र भएमा जिज्ञासाहरुमा प्रकाश पार्नु पर्दछ। | **२ मिनेट**<br>• चित्रपटमा देखाए अनुसार एक एक गरेर उद्देश्य पुरा भए नभएको स्मरण गराउने र समीक्षा गर्ने<br>• सत्रको उद्देश्यहरुको पुनरावलोकन गर्दा बुझे नबुझेको सुनिश्चत गर्ने<br>• यो सत्रको विषयवस्तुमाथि कुनै प्रश्न वा थप जिज्ञासा छ वा छैन सोध्ने र |
| चित्रपट २७ |  | **२ मिनेट**<br>• अन्तर्क्रिया र धैर्यताको लागि धन्यवाद सहित सहभागीहरुसँग बिदा लिने<br>• आफ्नो सहयोगी प्रशिक्षकलाई पनि धन्यवाद दिने<br>• सत्रको मूल्याङ्कन गरी दिन स्मरण गराउने |

सत्र- ०२ सामाजिक परिचालन तालिम कार्यक्रम

**पाठयोजना तथा प्रशिक्षण निर्देशिका**

# सत्र २: सामुदायिक विकासका अवधारणाहरु

**खण्ड:** सामुदायिक परिचालन

**समय :** ६० मिनेट

**सामग्री:** मल्टिमिडिया प्रोजेक्टर, कम्प्युटर, पर्दा (प्रोजेक्सन स्क्रिन), चित्रपट, इजेल, फ्लीपचार्ट, मास्किङ्ग टेप, मार्कर (कालो, नीलो, रातो), पाठयोजना, सहभागी कार्यपुस्तिका

**सत्र परिचय:** सामुदायिक विकास प्रभावकारी विकासको लागि एक महत्वपूर्ण रणनीति मानिन्छ। आज चाहे त्यो सरकारी संस्था होस् वा गैरसरकारी संस्था होस् विकासका क्षेत्रमा काम गर्ने सबै सरोकारवालाहरुले यसलाई अंगीकार गरेको पाइन्छ। सामुदायिक विकासमा सामाजिक परिचालकहरुको अहम् भूमिका रहेको हुन्छ । यसरी विकासमा महत्वपूर्ण जिम्मेवारी निर्वाह गर्ने सबै सामाजिक परिचालकहरुमा सामुदायिक विकासको आधारभूत विषयवस्तुमा स्पष्टता होस् र समान बुझाइ होस् भनेर यो सत्र तयार गरिएको हो ।

**मार्गदर्शन:** सामुदायिक विकास एउटा बृहत् विषय हो । यस भित्रकै दुई वटा शब्दहरु समुदाय र विकास आफैंमा पनि छुट्टै छलफलका विषयहरु हुन् । यसलाई विभिन्न मानिसले विभिन्न प्रसंगमा फरक-फरक तरिकाले बुझेका हुन्छन् । तसर्थ अहिलेको पुनर्निर्माणको सन्दर्भमा समुदाय, विकास तथा सामुदायिक विकास भन्ने यो हो भनेर स्पष्ट रुपमा बताउनु पर्दछ।

**विशेष सावधानी:** समुदाय भन्नासाथ भौगोलिक क्षेत्रसंग मात्र सम्बन्धित हुन्छ भन्ने बुझाइ हुन सक्छ। भौगोलिक क्षेत्र नभएर पनि समुदाय हुन सक्छ। समुदाय र समाजलाई समान अर्थमा पनि लिने गरिन्छ। समुदाय र समाजमा पनि भिन्नता छ।

**सत्रको उद्देश्य:** यो सत्रको अन्त्यमा सहभागीहरु निम्न कुराहरुमा समान बुझाइका साथ छलफल गर्न सक्षम हुनेछन् ।

- सामुदायिक विकासको परिभाषा
- सामुदायिक विकासका अवधारणाको विकासक्रम
- सामुदायिक विकासको सिद्वान्तहरु
- सामुदायिक विकासको प्रक्रिया
- पुनर्निर्माण र सामुदायिक विकासको अन्तर्सम्वन्ध

| श्रव्य-दृष्य सामग्री | पाठको रुपरेखा | टिप्पणी |
|---|---|---|
| चित्रपट १ |  | **२ मिनेट**<br>• अभिवादन गर्ने<br>• आफ्नो परिचय दिने<br>• सत्रको परिचय दिने - विषयगत शिर्षक, लाग्ने समय, सञ्चालन विधि, प्रयोग हुने सिकाइ र सामग्रीको विषयलाई संक्षिप्तमा समेट्ने<br>• सहयोगी प्रशिक्षकहरुको परिचय दिने |
| चित्रपट २ | <br>यस सत्रको मुख्यतया पाँच उद्देश्यहरु रहेका छन् । | **२ मिनेट**<br>• यस सत्रको उद्देश्य प्रस्तुत गर्ने<br>अथवा<br>• सत्रको उद्देश्य सहभागीहरुबाट पढ्नको लागि अनुरोध गर्ने<br>• सहभागी कार्यपुस्तिका भए त्यसको बारेमा उल्लेख गर्ने |
| चित्रपट ३ | <br>सामुदायिक विकासको अवधारणा तीन शब्द मिलेर बनेको छ - समुदाय, विकास र अवधारणा । पहिले समुदाय, विकास र | **१ मिनेट** |

<table>
<tr>
<td></td>
<td>अवधारणाको अलग अलग अर्थ स्पष्ट भएमा सामुदायिक विकासको अवधारणा समग्रमा बुझ्न सजिलो हुन्छ ।</td>
<td></td>
</tr>
<tr>
<td>चित्रपट ४</td>
<td>



**समुदाय** भन्नाले मानिसहरुको समूह हो, एउटा सामाजिक इकाइ हो जसमा मानिसहरु कुनै साझा कुरामा जोडिएका हुन्छन् वा साझा पहिचान हुन्छ । त्यही साझा पहिचानले गर्दा समुदायमा हामी भन्ने भावना हुन्छ । त्यो साझा चासो वा विषयवस्तु मुख्यतया भौगोलिक क्षेत्र, मुल्यमान्यता र साँस्कृतिक, राजनैतिक, आर्थिक तथा व्यवसायिक क्षेत्रसंगको पहिचानमा आधारित हुन्छ । उदाहरणः

भौगोलिक क्षेत्रः छिमेक, टोल, गाउँ, शहर, राष्ट्र, ग्रह । हामी बानेश्वरबासी, पाल्पाली, पुर्बेली, नेपाली, पृथ्वीका मानिस आदि ।

अन्य पहिचानः साँस्कृतिक भेषभुषा, भाषाका हिसाबले बाहुन, क्षेत्री, गुरुङ्ग, नेवार, समुदाय । त्यस्तै पेशागतमा इन्जिनियरिङ्ग समुदाय, आर्थिकस्तरमा गरिब, धनी, राजनैतिक आस्थामा काङग्रेस, एमाले समुदाय आदि ।

मुल्यमान्यताः जीवनको लागि सबभन्दा राम्रो भनेर महत्व दिइएको वस्तु वा कार्य । जस्तै बनारस वा देवघाटमा प्राण गएमा स्वर्ग गइन्छ । सेवा नै धर्म हो । सेवासंग आवद्व समुदाय - बाग्मती सफाइ समुदाय ।

समुदाय ठूलो वा सानो दुबै हुन सक्छ । समुदाय भन्नाले साधारणतया सानो Micro-level संग सम्बन्धित भन्ने जनाउँछ । तर ठूलो Macro-Level का समुदाय पनि हुन्छन् । जस्तै राष्ट्रिय समुदाय, अन्तर्राष्ट्रिय समुदाय आदि ।

**फेरी हाम्रो सन्दर्भमा समुदाय भनेको भौगोलिक क्षेत्र र Micro-level संग नै सम्बन्धित छ ।**

समुदाय भनेको मानिसहरुको समूह त हो तर समूहभित्र गहिरिएर हेर्ने हो भने विभिन्न वर्गका मानिसहरु हुन्छन् । जस्तै
</td>
<td>
५ मिनेट

- हामी समुदायमा नै वसेका छौं । समुदाय के हो भनेर सहभागीलाई सोध्ने र उनीहरुबाट आएको कुरालाई यहाँको परिभाषासंग बिस्तारै जोड्दै लैजाने ।
- उदाहरणहरु पनि सोध्ने ।
- समुदायको परिभाषालाई सरल भाषामा बताउने र उदाहरणहरु दिएर बुझाउने
- समुदाय कत्रो हुन्छ होला भनेर सहभागीलाई सोध्ने
- हाम्रो सन्दर्भ स्पष्ट पार्ने,
- समूह भित्र कस्ता-कस्ता मानिसहरु हुन्छन् भनेर सोध्ने
- समुदाय भन्नासाथ यी वर्गलाई सम्झिहाल्नु पर्दछ भनेर जोड दिने
</td>
</tr>
</table>

| | | |
|---|---|---|
| | जातजाति, उमेर, लिङ्ग, धर्म, सस्कृति, राजनैतिक आस्था भएका मानिसहरुको वर्ग जस्ता कुराहरु पर्दछन् । | |
| **चित्रपट ५** | <br>**विकासः** सरल भाषामा भन्ने हो भने विकास भनेको वृद्दि, फैलावट, सकारात्मक परिवर्तन हो । समयको अन्तरालमा क्रमशः बढ्दै वा सुध्रदै गएको जीवनस्तरको स्थिति तथा पहिलेको भन्दा विकसित अवस्था नै विकास हो ।<br><br>व्यक्तिगत वा पारिवारिक तहमा कुरा गर्दा जन्म, विवाह, घर बनाउनु, मोबाइल किन्नु, जागिर पाउनु, बच्चा हुर्कदै जानु, सबैले इज्जत गर्नु सबै विकास हो ।<br><br>विकास भनेको सामाजिक, आर्थिक, शारीरिक, साँस्कृतिक, भौतिक, वातावरणीय आदि सबै क्षेत्रमा हुने बढोत्तरी हो ।<br><br>**हाम्रो सन्दर्भमा विकास भनेको पुनर्निर्माण हो ।**<br><br>पुनर्निमार्णणले पनि सामाजिक, साँस्कृतिक, आर्थिक, भौतिक, वातावरणीय सबै क्षेत्रमा सकारात्मक परिवर्तन ल्याउनु पर्दछ । | **४ मिनेट**<br>• विकास भन्ने शब्द हामी सबैले धेरै पटक सुनेको बोलेको कुरा हो । हो कि हैन ? भनेर सोध्ने<br>• त्यसो भए विकास के हो त ? भनेर सहभागीलाई सोध्ने र विकासको सरल परिभाषा मात्र बताउने<br>• परिवारमा बच्चा जन्मनु विकास हो कि हैन ? सोध्ने<br>• त्यसैगरी अरु पनि सोध्ने<br>• हाम्रो सन्दर्भ स्पष्ट पार्ने |
| **चित्रपट ६** | <br>**सामुदायिक विकास** भनेको समुदायको विकास हो । यसो भन्दा समुदाय र विकासका अन्तर्निहित तत्वहरु स्वतः यसमा | **५ मिनेट**<br>• समुदाय पनि थाहा भयो र विकास पनि थाहा भयो भने अब सामुदायिक विकास भनेको के हो भनेर सहभागीहरुलाई सोध्ने<br>• सामुदायिक विकासका उदाहरणहरु के के हुन सक्छन् भनेर सोध<br>• उदाहरणहरु दिने र छलफल गर्ने |

| | | |
|---|---|---|
| | जोडिन्छन् । समुदाय भन्नासाथ यसमा रहेका सबै वर्गका मानिसहरुको विकास हो भन्ने जनाउँछ । त्यस्तै विकास भन्नासाथ समुदायको मानवीय, सामाजिक, सांस्कृतिक, आर्थिक, राजनैतिक, भौतिक र वातावरणीय सबै क्षेत्रमा ल्याउने सकारात्मक सुधार तथा वृद्वि भन्ने बुझिन्छ ।<br>• **मानवीय:** ज्ञान, सीप, सोंच, दक्षता<br>• **सामाजिक:** शिक्षा, स्वास्थ्य, सस्कृति<br>• **आर्थिक:** रोजगारीको अवसर, आर्थिक वृद्विदर<br>• **राजनैतिक:** नेतृत्व, निर्णय क्षमता, संगठित हुने<br>• **भौतिक:** संरचनाहरु, बाटो, बिजुली, खानेपानी<br>• **वातावरणीय:** प्राकृतिक सम्पदा, वनजङ्गल, नदी, पहाड<br>समुदायमा सडक, पुल बन्नु, खानेपानी व्यवस्था हुनु, उद्योगधन्दा खोल्नु, संगठनको स्थापना गर्नु, कृषि उत्पादन राम्रो हुनु, सबै मानिस निरोगी हुनु आदि सबै सामुदायिक विकास हो ।<br>समुदायमा भएका सबै मानिसहरुको सुध्रदै गएको जीवनस्तरको स्थिति वा अवस्थालाई सामुदायिक विकास भनिन्छ । | • जस्तै- समुदायमा घरहरु बन्नु, बाटो बन्नु, कृषि उत्पादन बढ्नु, वालवालिका स्कूल जानु, केटाकेटी तथा महिलाहरुको खुट्टामा चप्पल, जुत्ता हुनु आदि |
| **चित्रपट ७** | <br>सामुदायिक विकास मानव समुदायको लागि नौलो होइन । यो पहिले पनि थियो । विश्वमा मानव बसोबासको शुरुवात सँगै सामुदायिक विकासको पनि विकास भएको पाइन्छ । संगै एक ठाउँमा बस्नु, कृषिमा एक आपसमा सहयोग गर्नु, प्रतिरक्षाको लागि एकजुट हुनु देखि लिएर व्यापार गर्नु आदि यसका उदाहरणहरु हुन् । फेरी आज पनि हामी त्यही कुरा गरिरहेका छौं । तर पहिले र अहिलेकोमा केही फरक छ । अहिले यो एउटा अवधारणाको रुपमा विकास भएको छ । एउटा निश्चित विचारका साथ यसका सिद्वान्त, प्रक्रिया, तत्वहरु किटान गरेर सबैले अवलम्बन गर्ने गरी विकास | **२ मिनेट**<br>• सामुदायिक विकास कहिलेबाट शुरु भयो होला ? भनेर सोध्ने<br>• सामुदायिक विकास र सामुदायिक विकासको अवधारणामा के फरक छ भनेर सोध्ने |

| | | |
|---|---|---|
| | गरिएको सोंचलाई <u>**अवधारणा**</u> भनिन्छ । हुन त सामुदायिक विकासमा पनि उक्त सिद्वान्त, प्रक्रिया नभएको भने होइन । लिपीवद्ध भएर लिखौटको रुपमा नभएकोले पछिल्ला पुस्तालाई थाहा भएन, कति लोप भए, अनुसन्धान पनि हुन सकेन र सबैले मान्य हुने किसिमले व्यापकता पाउन सकेन ।<br><br>सामुदायिक विकासको अवधारणा पनि गतिशिल छ किनकि अवधारणाको पनि विकासक्रम निरन्तर चलिरहेको छ । सामुदायिक विकास विकासको लागि एउटा महत्वपूर्ण तरिका हो भन्ने सोंच वा अवधारणाको विकास भने विभिन्न अवस्थाबाट उत्पन्न भएको देखिन्छ । विश्व सन्दर्भका केही प्रसंगहरु तल दिइएका छन् ।<br><br>• सन् १९३० को दशकमा केन्या र अफ्रिकामा जमिन, आय र स्रोतसाधनको असमानुपातिक वितरण तथा जातीय विभेदको अन्त्यको लागि गरिबी निवारणको अवधारणा शुरु भयो । यसैलाई नै सामुदायिक विकास भनियो । त्यसैगरी समुदाय परिचालनबाट राजनैतिक शक्ति परिवर्तन गरी सामाजिक परिवर्तन भएको कुरा पनि पाइन्छ ।<br>• सन् १९५० को दशकमा भारतमा पनि सामुदायिक विकास ग्रामिण विकासको अंगको रुपमा आयो । भूमिसुधार, प्रौढ शिक्षा, सहकारी, बैकल्पिक प्रविधि सरोकारका विषय बने । यी मध्ये कतिपय कुरा अहिले पनि चलिरहेको छ ।<br>• सन् १९६०/७० को दशकमा विश्वका विकसित र विकाशोन्मुख सबै देशहरुमा सामुदायिक विकास भोकमरी, कुपोषणको अन्त्य र राहतबाट गरिबी निवारणमा केन्द्रित भयो ।<br><br>यसरी नै सन् १९८० का दशक पछि सामुदायिक विकासमा विभिन्न आयामहरु जस्तै दिगो विकास, सुशासन आदि थपिदै गए । | |

**चित्रपट ८**




नेपालमा पनि सामुदायिक विकासको अवधारणा परापूर्व काल देखि सुरु भएको पाइन्छ । विभिन्न पाटी, पौवा, धारा आदि सामुहिक रुपमा मिलेर नै विकास गर्ने चलन थियो । मानिसहरुले आफूलाई चाहिने कुराहरु सबै मिलेर समाजमा आफै बनाउथे जस्तैः लुगा, जुत्ता, बाजा आदि र आपसी साझेदारीमा विभिन्न क्रियाकलापहरु गर्ने गर्थे । साथै यहाँको गुठी, पर्म, मुठीदान, आदिको इतिहास धेरै नै लामो छ । उदाहरणः


- यो चित्रको शिलालेखको दोस्रो हरफमा ढुङ्गे धारा वि.सं १९६० मा बनेको देखिन्छ ।
- त्यस्तै गरी भूकम्प प्रतिरोधात्मक घर बनाउने प्रविधि नेपाली संस्कृति र सामुदायिक विकाससंग जोडिएको कुरा हो ।

तर विकासको लागि महत्वपूर्ण तरिका (Approach) को रुपमा सन् १९५०  को दशकमा अर्थात वि सं २००७ को प्रजातन्त्र पछि मात्र भएको हो । यसमा विश्वको प्रभाव खासगरी भारतको प्रभाव स्पष्ट रुपमा देखिन्छ । गाउँ विकास कार्यक्रम अन्तर्गत सन् १९५१ मा सरकारीस्तरबाट ग्राम विकास कार्यकर्तालाई परिवर्तनको संवाहकको रुपमा शुरु गरियो । त्यस पछि जेटिए (जुनियर टेक्निकल एसिस्टेन्ट) संवाहक भए । सामुदायिक विकासमा विश्वमा आएका प्रभावसंगै नेपालमा पनि यसका अवधारणामा नयाँ आयामहरु थपिदै गए ।

**४ मिनेट**

- नेपालमा सामुदायिक विकास कहिलेबाट सुरु भएको हो सहभागीलाई सोध्ने र छलफल गर्ने ।
- पाटी र ढुङ्गेधारा कहिले बनेको हो ? सोध्ने

**चित्रपट ९**




सामुदायिक विकासको सन्दर्भमा धेरैले धेरै प्रकारले परिभाषित गरका छन् । उदाहरणको लागि केही परिभाषा पटमा दिइएका छन् ।

**४ मिनेट**

- पटमा उल्लेख भए अनुसार सामुदायिक विकासका परिभाषाहरु प्रस्तुत गर्ने
- Highlight भएका शब्दहरुलाई दोहोर्‍याउने

**चित्रपट १०**




परिभाषा हेर्दा सामुदायिक विकासलाई कसैले वस्तु, प्रतिफल, गन्तव्य, मार्गदर्शन, अवस्था र कसैले प्रयास, प्रक्रियामा जोड दिएको देखिन्छ ।

प्रक्रियामा मात्र हेर्ने हो भने पनि संगठित हुने प्रक्रिया, सशक्तिकरण हुने प्रकिया, आवश्यकता परिपूर्ति हुने प्रक्रिया आदि विभिन्न कुरा भनिएको छ ।

वास्तवमा सामुदायिक विकास के हो भनेर स्पष्ट हुन जरुरी छ ।

- सामुदायिक विकासको अवधारणा विभिन्न अवस्थाबाट उत्पन्न भएकोले यसको परिभाषा गर्ने क्रममा त्यही अवस्था प्रतिविम्बित हुने किसिमले भएको देखिन्छ । यो बृहत विषय भएकोले आ–आफ्नो कार्यक्षेत्रमा मात्र केन्द्रित भएर परिभाषा गरेको पनि पाइन्छ । जस्तै कसैको कार्यक्रम सीप, क्षमता अभिवृद्धि गर्ने भए सशक्तिकरणमा जोड र सङ्गठित हुने कुरामा ।

**४ मिनेट**

- पटमा उल्लेख भए अनुसार सामुदायिक विकासका थप परिभाषाहरु प्रस्तुत गर्ने
- सामुदायिक विकास वस्तु, प्रतिफल, गन्तव्य वा प्रक्रिया के हो ? सोध्ने र छलफल गर्ने

- तर गहिरिएर हेर्ने हो भने सबै परिभाषाहरुको आसय एउटै छ । **किनकि प्रतिफलमा पुग्न प्रक्रिया नगरी हुदैन र प्रक्रिया गरे पछि प्रतिफल अवश्य प्राप्त हुन्छ ।** यसकारण सामुदायिक विकासलाई जसरी परिभाषित गरे पनि सामुदायिक विकास हुन प्रक्रिया, प्रयास पनि गर्नै पर्छ, गन्तव्यमा पनि पुग्नै पर्‍यो, प्रतिफल पाउनै पर्‍यो, विकसित अवस्था पनि हुन पर्‍यो ।

वृद्धि हुन वा सकारात्मक परिवर्तन गर्न गरिने सबै क्रियाकलाप विकास हो । सबै क्रियाकलाप भन्नाले लक्ष्यमा पुग्नलाई गरिने सबै प्रक्रिया, गतिविधि, पुगेको अवस्था । जस्तै घर बन्नु वा मोबाइल किन्नु । घर वा मोबाइल वस्तु भयो, मोबाइल किन्ने वा घर बनाउने निश्चित उद्देश्य थियो भने त्यो गन्तव्य पनि भयो । त्यो प्राप्त गर्नका लागि विभिन्न कार्यहरु गरियो भने त्यो प्रक्रिया भयो र मोबाइल प्राप्त गरिसकेको अवस्था प्रतिफल भयो । त्यसैले विकास भनेको वस्तु, प्रतिफल, गन्तव्य तथा प्रक्रिया सबै हो । त्यस्तै समुदायको विकासका लागि गरिने सबै क्रियाकलाप सामुदायिक विकास हो ।

विकास जस्तै सामुदायिक विकास पनि वस्तु, गन्तव्य वा प्रक्रिया, प्रतिफल सबै हो ।

**चित्रपट ११**




सामुदायिक विकासलाई जसरी परिभाषित गरे पनि यसले अन्तत वस्तु, प्रतिफल, गन्तव्य, प्रक्रियाको समग्रता नै बुझाउँदछ । जुनसुकै प्रकारको वा तहको सामुदायिक विकासको कार्यक्रम गर्दा नभई नहुने केही **अन्तर्निहित तत्वहरु** छन् जसले सामुदायिक विकासलाई प्रभावकारी बनाउन निर्देशित गर्दछन् जसलाई **सामुदायिक विकासको सिद्धान्तको** रुपमा लिइन्छ । सामुदायिक विकासका सिद्धान्तहरु निम्नानुसार छन् ।

- **सहभागिता (Participation):** सहभागिता सक्रिय रुपमा हुनु पर्दछ । सक्रिय भन्नाले योजना तर्जुमा देखि कार्यान्वयन, निर्णय प्रक्रियामा पनि सहभागी भन्ने बुझिन्छ

**५ मिनेट**


- सामुदायिक विकासको लागि के के आवश्यक पर्छ भनी सहभागीहरुलाई सोध्ने
- पटमा देखाए अनुसार सामुदायिक विकासको सिद्वान्तहरुको बारेमा जानकारी गराउने
- Hightlight गरेको कुरालाई जोड दिने
- अन्य उदाहरणहरु दिने

| | | |
|---|---|---|
| | । यसका साथै समुदायका सदस्य र संस्थाहरुको ज्ञान, सीप, क्षमताबाट सामुदायिक विकासमा पुर्‍याउन सक्ने योगदानको कदर गर्दै सम्मिलित गराउनु पनि हो । सक्रिय सहभागिताको लागि उत्प्रेरण जगाउने, विद्यमान र सम्भावित द्वन्द्वलाई व्यवस्थापन गर्ने कुरामा जोड दिनु पर्दछ ।<br><br>• **सशक्तिकरण (Empowerment):** समुदायका सबै थरी मानिसहरु, समूह, संस्थाहरु ज्ञान र सीपको एउटै तहमा हुदैनन् । सामुदायिक विकासमा सक्रिय रुपमा सहभागी हुन आवश्यक ज्ञान, सीप प्रदान गरी क्षमता अभिवृद्धि गर्नु पर्दछ । सशक्त बनाउनु पर्दछ । कस्लाई सशक्तिकरण गर्ने भन्ने कुरा पि.आर.ए. आदिबाट थाहा पाउन सकिन्छ ।<br><br>• **अपनत्व (Ownership):** सामुदायिक विकासलाई समुदायले आफ्नो भन्ने सम्झेमा यसले निरन्तरता पाउँछ, दिगो तथा प्रभावकारी हुन्छ । त्यसैले निर्णय प्रक्रियामा सहभागी, आर्थिक साझेदारी र अन्य कुनै न कुनै रुपमा सहभागी भएमा अपनत्व बढ्छ ।<br><br>• **समाबेशी (Inclusive):** समुदाय भनेको त्यहाँ भएका सबै सदस्यहरुको हो । सबैलाई समेटेमा मात्र पूर्ण विकास हुन्छ । सामुदायिक विकासमा पनि जाती, धर्म, लिङ्ग आदि कुनै कुरामा भेदभाव नगरी सबैलाई समावेश गराउनु पर्दछ ।<br><br>• **पहुँच र समानता (Access and Equity):** सामुदायिक विकासबाट हुने प्रतिफल, श्रोत र साधनको समान वितरण तथा समान पहुँच हुनु पर्दछ । साथै प्रक्रिया तथा क्रियाकलापमा पनि पहुँच र समानता बढाउन सबैले जानकारी पाउनु पर्दछ । प्रभावकारी सञ्चार तथा सुशासन कायम गरेर पहुँच र समानता बढाउन सकिन्छ ।<br><br>• **सामुहिक कार्य (Collective Action):** सामुदायिक विकास एक्लैले गरेर प्रभावकारी हुदैन । समुदायका सदस्यहरु, स्थानीय तह, सरकारी तथा गैरसरकारी निकायहरु बीच सहकार्य र समन्वय हुनु पर्दछ । सबैको योगदान महत्वपूर्ण हुन्छ भन्ने कुरालाई आत्मसात् गरी सुनिश्चित गर्नु पर्दछ ।<br><br>• **जीवन पर्यन्त सिकाइ (Life Long Learning):** सिक्ने तथा जान्ने भन्ने कुरा सामुदायिक विकासका गतिविधिमा सहभागी भएर मात्र गर्न सकिन्छ । यो सिकाइ अनौपचारिक र व्यवहारिक तरिकाबाट हासिल हुन्छ । विकास निरन्तर चलिरहन्छ र सिकाइ पनि जीवनपर्यन्त भइरहन्छ ।<br><br>• **पैरवी (Advocacy):** सामुदायिक विकासको अवधारणा चष्नजत दबकभ बउउचयबअज मा आधारित छ । यसमा | |

हक र अधिकारका कुराहरु पर्दछन् । जस्तै सहभागिताको हक, सूचनाको हक, समाबेसीकरण, कुरा सुनाउने, प्रतिकार गर्न पाउने, अन्तरक्रियाको अधिकार आदि । अधिकारसंगै कर्तव्य वोधको कुरा पनि आउँछ । यिनीहरु सबैलाई आत्मसात् गर्दै पैरवी गर्नु पर्दछ ।

सामुदायिक विकासका सिद्वान्तहरु एक आपसमा अन्तर्सम्बन्धित छन् । जस्तै शसक्त भएमा सहभागिता हुन्छ । सक्रिय सहभागिताबाट अपनत्व बढ्छ, पहुँच र समानता कायम हुन्छ र अन्ततोगत्वा सामुहिक कार्यलाई सहयोग पुग्दछ ।

**चित्रपट १२**




कुनै पनि समुदायमा सामुदायिक विकासको अवधारणबाट विकास गर्दा यसका अन्तर्निहित सिद्वान्तहरुलाई ध्यानमा राखेर निश्चित प्रक्रिया पुरा गर्नु पर्दछ । सम्पूर्ण प्रक्रियालाई मोटामोटी निम्न ७ तहमा वर्गीकरण गर्न सकिन्छ । साधारणतया प्रक्रिया सिलसिलावद्ध रुपमा हुन्छ । तर सामुदायिक विकास Organic Process भएकोले यही क्रम नै हुनुपर्छ भन्ने होइन । अवस्था हेरी कुनै प्रक्रिया छोड्न पनि सकिन्छ भने कतिपय प्रक्रिया समानान्तर रुपमा संगसंगै गर्नुपर्ने हुन्छ । समुदायको आवश्यकता अनुसार समायोजन तथा परिमार्जन गर्न सकिने भन्ने कुरालाई Organic Process भनिन्छ ।

**समुदायको पहिचान र छनौटः** सामुदायिक विकासको सफलता र प्रभाावकारिता समुदायमा नै निर्भर गर्छ । समुदायको लागि कार्य गर्ने इकाइ भनेको समुदाय आफै नै हो । तसर्थ सामाजिक विकास सम्बन्धी कुनै पनि कार्य चाहे त्यो सानो होस् वा ठूलो अथवा सेवा उपलब्ध गराउने वा संरचना निर्माण गर्ने प्रकारको होस् अथवा बहु पक्ष समेटेको जलविद्युत आयोजना होस् वा एक पक्ष मात्र भएको खानेपानी उपलब्ध गराउने आयोजना अथवा समुदायकै नेतृत्व वर्ग, सरकारी वा गैरसरकारी संघसंस्था जस्ले गरे पनि सबै कुराको

**१० मिनेट**

- पटमा देखाए अनुसार प्रक्रियालाई क्रमश प्रकाश पार्ने
- Underline गरेको कुरालाई जोड दिने

लागि समुदायको पहिचान र छनौट सबभन्दा महत्वपूर्ण हुन्छ । यसको लागि समुदायको र विभिन्न पक्षको राम्रो जानकारी हुनु पर्दछ ।

समुदायका मानिसहरुको सोंच, मूल्यमान्यता, आवश्यकता, त्यहाँ भइरहेका गतिविधि, सामाजिक, आर्थिक पक्ष, भौगोलिक वस्तुस्थिति आदिको अध्ययन जरुरी हुन्छ । मोटामोटी प्रकारको अध्ययन र जानकारीको आधारमा समुदाय र सामुदायिक विकासमा सरोकार राख्ने पक्ष बीच एउटा साझा विषयमा समझदारीमा पुग्न सकिने खालको समुदाय पहिचान गरी छनौट गर्नु पर्दछ ।

**<u>साझा लक्ष्य र उद्देश्य निर्धारण</u>:** सामुदायिक विकासको मोटामोटी रुपमा पहिला नै निर्धारित लक्ष्य र उद्देश्य छ भने समुदायका मानिसहरुलाई भेला गरेर लक्ष्य र उद्देश्यको बारेमा जानकारी दिएर समझदारी कायम गरी समुदायका मानिसहरुको सहभागिता र संलग्नताको लागि अनुरोध गर्नु पर्दछ । समुदायको आवश्यकता र चाहना अनुरुप लक्ष्य परिमार्जन गर्नुपर्ने भएमा साझा लक्ष्य निर्धारण गरेर उद्देश्य किटान गर्नुपर्ने पनि हुन सक्छ ।

**<u>तथ्याङ्क, सूचना सङ्कलन र विश्लेषण</u>:** समुदायका विभिन्न पक्षहरु जस्तै उपलब्ध श्रोतसाधन, आवश्यकता र सरोकारका विषय आदिमा विस्तृत जानकारी सङ्कलन गर्नु पर्दछ । समुदाय पहिचान गर्दा अहिले सङ्कलन गर्ने जानकारीमा अलिकति फरक छ । पहिले समग्रमा मोटामोटी रुपमा गरिन्छ भने अहिले उद्देश्य विशेष भएर विस्तृत रुपमा गर्नु पर्दछ । यसका लागि विभिन्न विधिहरु छन् । जानकारी प्राप्त गर्न संख्यात्मक साथै गुणात्मक विधिहरु अपनाउनु पर्दछ । कति गहिराइसम्म जाने भन्ने कुरा उपलब्ध समय र बजेटले पनि निर्धारण गर्दछ । सङ्कलन गरेको तथ्याङ्क र सूचनालाई अर्थपूर्ण बनाउन विश्लेषण पनि गर्नु पर्दछ । यसैको आधारमा क्षमता अभिवृद्धि तथा कार्ययोजना निर्माण गरिन्छ ।

**<u>क्षमता अभिवृद्धि</u>:** उद्देश्य र कार्ययोजना अनुरुप कार्य सम्पन्न गर्न समुदायमा मानवीय श्रोत तथा संघसंस्थाहरुको ज्ञान तथा सीप आँकलन गरेर आवश्यकता भएमा समुदायको सदस्यहरुको क्षमता अभिवृद्धिका साथसाथै समुदायमा भएका विभिन्न संस्थाको पनि क्षमता अभिवृद्धि गर्नु पर्दछ । विभिन्न क्रियाकलापहरु जस्तै तालिमबाट ज्ञान र सिपको अभिवृद्धि गर्न सकिन्छ । सूचना पस्चात क्षमता अभिवृद्धिका पाटाहरु केलाउनुपर्छ । समुदायलाई के चाहिएको भन्ने भन्ने कुरा जानकारी लिनेकाम हो । क्षमता अभिवृद्धि need assessment, डकर्मी कति छन् भन्ने सरकारले पहिचान

| | | |
|---|---|---|
| | गरेको हो । डकर्मी चाहिने रहेछ भन्ने क्षमता अभिवृद्वि हो । क्षमता अभिवृद्विको पहिचान सँग सम्वन्धित छ ।<br><br>**कार्ययोजना निर्माण र कार्यान्वयन** : निर्धारित साझा उद्देश्य प्राप्तिको लागि स्थानीय श्रोतसाधनको अधिकतम उपयोग हुने र व्यवहारिक किसिमको कार्ययोजना निर्माण गर्नु पर्दछ । आवश्यकता भएमा निर्देशक समिति, कार्यान्वयन समिति र उपसमितिको गठन पनि गर्नु पर्दछ । सबैको जिम्मेवारी र भूमिका निर्धारण, समय किटान र बजेट तर्जुमा गर्नु पर्दछ । सामुदायिक विकासको लागि स्थानीय स्रोत मात्र प्रयाप्त नहुन सक्छ, यस्तो भएमा स्थानीय श्रोतको साथसाथै बाह्य स्रोतको पनि परिचालन गर्न साझेदारीका विकल्पहरु पनि खोज्नु पर्दछ। उद्देश्य र कार्ययोजना अनुरुप क्रियाकलाप कार्यान्वयन गर्दै जानु पर्दछ।<br><br>**अनुगमन, मूल्याङ्कन र परिमार्जन** : सामुदायिक विकासका विभिन्न क्रियाकलापहरु निर्धारित उद्देश्य, समय, बजेट, कार्यविधि आदि अनुसार भए नभएको निरन्तर अनुगमन र मूल्याङ्वन गर्नु पर्दछ । यसको आधारमा। सही कार्य र तरिकालाई निरन्तरता दिदै सुधार गर्नुपर्ने आवश्यकता महशुस भएमा परिमार्जन गर्दै जानु पर्दछ र कार्य सम्पन्न गर्नु पर्दछ । क्रियाकलापहरुको प्रभावकारिताको पनि मूल्याङ्कन गर्नु पर्दछ र उपयुक्त नभएमा परिवर्तन गरी नयाँ किसिमले फेरी शुरु गर्नु पर्दछ।<br><br>**कार्य सम्पादन र पृष्ठपोषण** : समुदायमा कुनै पनि कार्य सम्पन्न भए पछि औपचारिक कार्यक्रमको आयोजना गरेर समापन गर्नु राम्रो मानिन्छ। कार्यक्रम सम्पन्न गर्न योगदान गर्ने सबैलाई धन्यवाद दिनु पदर्छ। सबै भन्नाले जनसमुदाय, साझेदार संघसस्था, स्थानीय निकाय, सञ्चारकर्मीका साथै प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सहयोग गर्ने सबैलाई जनाउँदछ । यसका सफल पक्ष र चुनौति दुबै पक्षलाई उल्लेख गर्नु पर्दछ । सबै सहभागीहरुलाई आ-आफ्नो पनि भनाई राख्ने अवसर दिनु पर्दछ । यसको मुख्य सिकाइ कार्यक्रमलाई प्रभावकारी वनाउन सहयोगी हुने प्रतिवद्वता व्यक्त गर्नु पर्दछ। भविष्यमा फेरी यस्तै सहकार्य गर्ने आशा व्यक्त गर्दै बिदा हुनु पर्दछ । | |

**चित्रपट १३**




सामुदायिक विकासका दुई वटा महत्वपूर्ण पाटाहरु भनेको एउटा समुदाय र अर्को विकास हुन् । समुदायलाई विकास तर्फ अग्रसर गराउनु परेको छ । समुदाय आफै चल्दैन । त्यसलाई चलायमान गराउनु पर्‍यो, गतिशिल बनाउनु पर्‍यो, परिचालन गर्नु पर्‍यो । तर कसरी परिचालन गर्‍यो भने समुदायको समग्र विकास हुन्छ अर्थात् अवधारणा अनुरुपको हुन्छ भन्ने कुरा महत्वपूर्ण हुन्छ । अवधारणा भन्नासाथ सामाजिक विकासका सिद्वान्त र निश्चित प्रक्रिया सबैलाई समेट्ने भन्ने बुझाउँछ। हाम्रो सन्दर्भमा अहिले विकास भनेको पुनर्निर्माणको लागि सामाजिक परिचालन गर्नु नै हो । समुदायलाई पुनर्निर्माण तर्फ डोर्‍याउँदा, उन्मुख गराउँदा, गतिशिल बनाउँदा दिगो विकास, उत्प्रेरणा, समाबेशीकरण, द्वन्द्व व्यवस्थापन, सुशासन, प्रभावकारी सञ्चार आदि केही सामाजिक सीपका सैद्वान्तिक ज्ञानका कुराको महत्वपूर्ण भूमिका हुन्छ । हामीले तिनीहरुको बारेमा थाहा पाउँदा पुनर्निर्माणमा अपेक्षित लाभ हासिल गर्न सक्छौं । सामाजिक परिचालकले नै समुदायलाई परिचालन गर्ने भएकोले यो तालिम सामाजिक परिचालनको सम्बन्धमा सैद्वान्तिक ज्ञानका यिनै विषयवस्तुहरुमा केन्द्रित रहेको छ।

- उत्प्रेरणा: समुदायलाई विकासमा, पुनर्निर्माणमा सक्रिय रुपमा सहभागी गराउन कसरी उत्प्रेरणा जगाउने
- दिगो विकास: सामुदायिक विकासका लागि गरिने कार्यहरुलाई दिगो बनाउन के के गर्नु पर्छ
- समावेशीकरण: सामुदायिक विकासमा सबैको समान सक्रिय सहभागिता कसरी सुनिश्चत गर्ने
- प्रभावकारी सञ्चार: सामुदायिक विकासको लागि आवश्यक सञ्चारमा समुदायका सबै सदस्यहरुको कसरी पहुँच पुर्‍याउने, प्रभावकारी बनाउने

**४ मिनेट**

- सामुदायिक विकासका दुई वटा महत्वपूर्ण पाटाहरु के के हुन् ? भनेर सोध्ने

| | | |
|---|---|---|
| | • द्वन्द्व व्यवस्थापनः समुदायस्तरमा हुन सक्ने द्वन्द्व कम गर्ने उपायहरु के के होलान्<br><br>हाम्रो लागि पुनर्निर्माण भनेको भूकम्प थेग्ने घर बनाउने हो । भूकम्प पछिको पुनर्निर्माणको समयमा अब बन्ने प्रत्येक घर भूकम्प प्रतिरोधात्मक हुनु पर्दछ । “घर भनेकै भूकम्प थेग्ने” भन्ने सोंच विकसित भएमा मात्र घर बलियो बन्छ, समुदाय बलियो हुन्छ, समुदायिक विकास हुन्छ अनि पुनर्निर्माणको राष्ट्रिय अभियानमा हामीले केही सहयोग पुऱ्याउन सक्छौं । | |
| चित्रपट १४ | <br><br>सत्रको शुरुमा राखिएका सत्रको उद्देश्यहरु सत्रको प्रस्ततीमा सबै पुरा भए नभएको कुराको पुनरावलोकन गर्नु पर्दछ । पुनरावलोकन विभिन्न तरिकावाट गर्न सकिन्छ । सहभागीहरुसंग नै सोधेर अन्तर्क्रियात्मक रुपमा छलफल गरेर वा आफैले साराशंमा बताएर ।<br><br>सत्रको विषयवस्तुमाथि कुनै प्रश्न वा थप जिज्ञासा भए नभएको पनि जानकारी लिनु पर्दछ र भएमा जिज्ञासाहरुमा प्रकाश पार्नु पर्दछ । | ५ मिनेट<br><br>• सत्रको उद्देश्यहरुको पुनरावलोकन गर्दा सहभागीहरुसंग नै सोधेर अन्तरक्रियात्मक रुपमा छलफल गर्ने र बुझे नबुझेको सुनिश्चत गर्ने<br>• यो सत्रको विषयवस्तुमाथि कुनै प्रश्न वा थप जिज्ञासा छ वा छैन सोध्ने । |
| चित्रपट १५ | <br> | १ मिनेट<br><br>• अन्तर्क्रिया र धैर्यताको लागि धन्यवाद सहित सहभागीहरुसँग बिदा लिने<br>• आफ्नो सहयोगी प्रशिक्षकलाई पनि धन्यवाद दिने<br>• सत्रको मूल्याङ्कन गरी दिन स्मरण गराउने |

# सामाजिक परिचालन तालिम कार्यक्रम

**तालिम पाठ्यक्रम पुस्तिका**

## सत्र ३: सामाजिक परिचालन र कार्य चक्र

**खण्ड:** सामुदायिक परिचालन

**समय:** ६० मिनेट

**सामग्री:** मल्टिमिडिया, प्रोजेक्टर, कम्प्युटर, पर्दा (प्रोजेक्सन स्क्रिन), चित्रपट, इजेल, फ्लीपचार्ट, मास्किङ्ग टेप, मार्कर (कालो, नीलो, रातो) पाठयोजना, सहभागी कार्यपुस्तिका


**सत्र परिचय:** सामुदायिक विकासलाई विकासको एउटा प्रभावकारी रणनीतिको रुपमा लिइन्छ। त्यसैले विकसित तथा विकासशील सबै देशहरुले सामुदायिक विकासलाई अंगीकार गरेको पाइन्छ। पुनर्निर्माणमा पनि सामुदायिक विकास उत्तिकै सान्दर्भिक हुन्छ । सामुदाायिक विकासको लागि सामाजिक परिचालन अपरिहार्य छ । यही सामाजिक परिचालनमा सामाजिक परिचालकहरुले महत्वपूर्ण दायित्व निर्वाह गर्नु पर्ने हुन्छ। सामाजिक परिचालनको सफलता मुख्यतया सामाजिक परिचालकमा नै निर्भर गर्दछ। पुनर्निर्माणको राष्ट्रिय अभियानमा आवद्ध सामाजिक परिचालकहरुलाई सामाजिक परिचालन र सामाजिक परिचालकका विभिन्न आधारभूत पक्षमा पुनर्ताजगी गराई समान बुझाइका साथ सुरक्षित पुनर्निर्माणमा अग्रसर हुन सकियोस् भन्ने उद्देश्यले यो सत्र राखिएको हो ।

**मार्ग दर्शन:** सामाजिक परिचालकले सामाजिक परिचालनमा गर्नु पर्ने कार्यहरु धेरै छन्। अहिलेको आवश्यकता भनेको पुनर्निर्माणमा समाज वा समुदायलाई अग्रसर गराउनु नै हो । पुनर्निर्माणमा गरिनु पर्ने कार्यलाई विशेष जोड दिनु पर्दछ र त्यसमा नै बढी अन्तरक्रिया पनि गर्नु पर्दछ ।

**विशेष सावधानी:** समुदाय र समाजमा समानता छ साथै भिन्नता पनि छ। समाजशास्त्रीहरुमा भिन्नताका सम्बन्धमा किटान गरेर यही नै हो वा यत्ति नै हो भनेर पूर्ण रुपले सहमती भएको पाइदैन। यस तालिम वा पुनर्निर्माणको कुरा गर्दा पनि समाज वा समुदाय जे भने पनि त्यसले तात्विक असर गर्दैन। आखिर समुदाय र समाज दुबैको केन्द्रबिन्दु मानिसहरु नै हुन्। तसर्थ भिन्नताको कुरा गर्दा यस विषयलाई धेरै छलफलमा नल्याउन विशेष सावधानी अपनाउनु पर्दछ ।

**सत्रको उदेश्य:** यस सत्रको अन्तमा सहभागीहरु निम्न बुदाहरुको विषयमा समान बुझाईका साथ छलफल गर्न सक्नेछन् :

- सामाजिक परिचालनको अर्थ र परिभाषा
- सामाजिक परिचालकका हुनुपर्ने विशेषता
- सामाजिक परिचालन कार्य चक्र
- पुनर्निर्माणमा सामाजिक परिचालक

| श्रव्य-दृष्य सामग्री | पाठको रुपरेखा | टिप्पणी |
|---|---|---|
| चित्रपट १ |  | **२ मिनेट**<br>• अभिवादन तथा आफ्नो परिचय<br>• सत्रको परिचय- विषयगत शिर्षक, लाग्ने समय, सञ्चालन विधि, प्रयोग हुने सिकाइ, सामग्रीको विषयमा संक्षिप्त जानकारी<br>• आफ्नो सहयोगी प्रशिक्षकको जानकारी दिने |
| चित्रपट २ | <br>यस सामाजिक परिचालन र कार्य चक सत्रको मुख्यतया चार वटा उद्धेश्यहरु रहेका छन् । यी उद्धेश्यले सामाजिक परिचालनको अर्थ, सामाजिक परिचालकमा हुनुपर्ने विशेषताहरु, सामाजिक परिचालन कार्य चक तथा पुनर्निमाणमा सामाजिक परिचालकको दायित्व जस्ता विषयलाई समेको छ । | **२ मिनेट**<br>• यस सत्रको उद्देश्य प्रस्तुत गर्ने<br>• अथवा<br>• सत्रको उद्देश्य सहभागीहरुबाट पढ्नको लागि अनुरोध गर्ने<br>• सहभागी कार्यपुस्तिका भए त्यसको बारेमा उल्लेख गर्ने |
| चित्रपट ३ |  | **३ मिनेट**<br>• पहिला सहभागीहरु सँग समाज शव्दको बुझाई सोध्ने र छलफल गर्ने<br>• समाज र समुदायमा के फरक छ ? भनेर सहभागीहरुलाई सोध्ने |

सामाजिक परिचालनमा दुई फरक फरक शब्दहरु सामाजिक र परिचालन रहेका छन् । पहिले सामाजिक र परिचालनको अलग अलग अर्थ स्पष्ट भएमा सामाजिक परिचालन समग्रमा बुझ्न सजिलो हुन्छ ।

**सामाजिक:** सामाजिक शब्द समाजवाट विकास भएको हो । समाज भनेको मानिसहरुको समूह हो । तसर्थ सामाजिक शब्द जहिले पनि मानिसको विशेषतासंग जोडिएर आउँछ । समाज वा मानिससँग सम्वन्धित कुरालाई सामाजिक भनिन्छ । सामाजिकले केवल मानिसहरुको सम्वन्धलाई मात्र नभई मानिस र अन्य प्राणी बीचको सम्वन्धलाई पनि समेट्छ ।

सामाजिक भन्नाले मानिस मानिस तथा मानिस र अन्य प्राणी विचको अर्न्तक्रियात्मक र सामुहिक सह-अस्तित्वको सम्वन्धलाई जनाउँछ । यो अर्न्तक्रियात्मक र सह-अस्तित्वको सम्वन्ध थाहा पाएर स्वेच्छाले वा थाहा नपाईकन स्वत रुपमा पनि हुन सक्छ । उदाहरणको लागि रंगशालामा कुनै खेल हेर्ने क्रममा दर्शकहरुसंगको सह अस्तित्व अथवा बसमा यात्रा गर्दा यात्रीरुसंगको सह अस्तित्व लाई पनि लिन सकिन्छ ।

**परिचालन:** परिचालनको शाब्दिक अर्थ चलायमान गराउने वा गतिशिलता प्रदान गर्ने भन्ने बुझिन्छ ।

सामाजिक परिचालन भनेको व्यक्ति परिवर्तन मात्र होईन । यो social dynamism पनि हो ।

**चित्रपट ४**





अघिल्लो सत्र २ मा समुदायको विषयमा विष्तृत रुपमा छलफल भएको छ । यो सत्रमा समाजको विषयमा चर्चा भइरहेको छ । समुदाय मानिसहरुको समूह हो र समाज पनि मानिसहरुकै समूह नै हो । **मानिसहरुको समूहको हिसाबमा समाज र समुदायमा समानता** देखिन्छ । तर यिनीहरुमा केही भिन्नता पनि छ । समुदाय र समाजमा समानता र भिन्नताका बारेमा स्पष्ट हुनु जरुरी छ ।

**३ मिनेट**

- पहिला सहभागीहरु सँग समाज र समुदायमा के फरक छ सोध्ने
- पटमा उल्लेख भएको समाज र समुदायको भिन्नतालाई प्रस्तुत गर्ने ।

| | | |
|---|---|---|
| | विभिन्न समाजशास्त्रीहरुले समुदाय र समाजका भिन्नताका बारेमा पनि उल्लेख गरेका छन् । तर किटानका साथ यही नै हो र यत्ति नै हो भनेर भनेको भने पाइदैन । लक्ष्मण रेखा जस्तो यत्ति भएमा समुदाय हुन्छ भन्ने निश्चित रुपमा मापन गर्न सकिदैन । तुलनात्मक रुपमा समुदाय र समाजमा के बढी वा के कम हुन्छन् भनेर मोटामोटी रुपमा मात्र भन्न सकिन्छ । त्यसैले कतिपय सन्दर्भमा यी दुबै शब्दलाई समान रुपमा प्रयोग गरेको पनि पाइन्छ । चित्रपटमा केही भिन्नता प्रस्तुत गरिएको छ ।<br><br>वास्तवमा समुदाय र समाजको भिन्नतामा धेरै चिन्तन मनन गर्नु पर्ने आवश्यकता छैन । कति बढी भयो भने समुदाय हुन्छ वा समाज हुन्छ छुट्याउन गाह्रो हुन्छ । उदाहरणको लागि समुदायमा व्यक्तिहरु बीचको सम्बन्ध प्रत्यक्ष र नियमित हुन्छ । समाजमा पनि कुनै व्यक्तिसँग यो अवस्था हुन सक्छ ।<br><br>हाम्रो सन्दर्भमा सामाजिक परिचालन भनेको पनि सामुदायिक परिचालन नै हो । सामाजिक परिचालन र सामुदायिक परिचालनको प्रक्रिया पनि एउटै हो । हाम्रो कार्य क्षेत्र समुदाय हो । त्यसैले हाम्रा गतिविधि समुदायमा केन्द्रित हुनु पर्दछ ।<br><br>मुर्त र अमुर्त सम्वन्धमा इन्जिनियर समाज नेपाल छ भने त्यो नेपालमा दर्ता भईकन पनि विदेश वा नेपालको जुनैकुनै जिल्लामा रहन सक्छ । यसमा भौगोलिक क्षेत्रको दायरा हुदैन तसर्थ त्यो इन्जिनियर समाज हो तर काठमाण्डौलाई हेर्दा निस्चित क्षेत्र छ । हामी काठ्माण्डौबासी भन्ने भावना छ र यसलाई काठ्माण्डौको समुदाय भनिन्छ । | |
| **चित्रपट ५** | <br><br><br>सामाजिक परिचानको सामान्य अर्थ समाजमा सकारात्मक परिवर्तन ल्याउन समाजलाई गतिशिल वा चलायमान बनाउन अग्रसर गराउने काम वा प्रकिया भन्ने हुन्छ ।<br><br>संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयको सामाजिक परिचालन कार्यविधी २०७१ मा सामाजिक परिचालनलाई | **३ मिनेट**<br><br>• संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयको सामाजिक परिचालन कार्यविधि २०७१ बारे थाहा छ छैन सोध्ने र देखाउने<br>• सहभागीलाई लगाएर वा आफैले पटमा लेखिएको परिभाषा पढ्ने |

<table>
<tr>
<td></td>
<td>निम्नानुसार परिभाषित गरिएको छ । "सामाजिक परिचालन भन्नाले आम नागरिकहरुलाई समूहमा संगठित गरी आर्थिक, सामाजिक तथा साँस्कृतिक सशक्तिकरणका माध्यमवाट उनीहरुको व्यक्तिगत, पारिवारिक तथा सामाजिक जीवनमा सकारात्मक परिवर्तन ल्याउने प्रक्रियालाई जनाउँछ । सामाजिक परिचालनले समूहका सदस्यहरु बीच आपसी सहयोग, सद्भाव, विश्वास, समन्वय र सहकार्य वृद्दि गरी सामाजिक पूँजी निर्माण गर्न सहयोग पुऱ्याउछ ।"<br><br>सामाजिक परिचालनको परिभाषा अनुसार यसमा मुख्य तीन पक्षहरु <u>कसलाई,</u> <u>कहाँ</u> र <u>कसरी</u> रहेको कुरा स्पष्ट हुन्छ । कसलाई भन्नाले आम नागरिक अर्थात् समुदाय/समाज, कहाँ भन्नाले सकारात्मक परिवर्तन अथात् गन्तव्य र कसरी भन्नाले सबैलाई संगठित गरेर, सशक्तिकरण गरेर एक आपसमा सहयोग, सद्भाव, सहकार्य गरेर भन्ने बुझिन्छ ।</td>
<td></td>
</tr>
<tr>
<td>चित्रपट ६</td>
<td>

<br>सामाजिक परिचालन ज्यादै महत्वपूर्ण कार्य हो । यो माथि उल्लेख भएका तीन पक्षहरु <u>कसलाई,</u> <u>कहाँ</u> र <u>कसरी</u> को बीचको सामन्जस्य हो र अलि जटिल पनि छ ।<br><br>समुदाय भन्नाले समुदायमा रहेका सबै मानिसहरु हुन् । तर सबै मात्र भनेर हुदैन । समुदायको पनि गहिराइमा जानु पर्दछ । त्यहाँ विविध मानिसहरु जस्तै शारीरिक रुपमा विभिन्न उमेरका, अपाङ्गता भएका, महिला वा पुरुष हुन्छन् । त्यस्तै गरेर दुर्गम सुगम भौगोलिक क्षेत्रमा बसोबास गर्ने मानिसहरु, आर्थिक हिसाबमा पनि धनी, गरिब आदि हुन्छन् । समुदाय भन्नासाथ यी सबै समेटिएको समुदाय संझनु पर्दछ ।<br><br>यी सबैलाई संगठित गर्ने र सशक्तिकरण गर्नुपर्ने अर्को महत्वपूर्ण पाटो छ । संगठित गर्दा एक आपसमा सहयोग, सद्भावमा अभिबृद्वि भई सहकार्य हुनु पर्दछ । त्यस्तै गरेर सशक्तिकरण गर्दा पनि आर्थिक, साँस्कृतिक, सामाजिक आयाममा ध्यान दिनु पर्ने हुन्छ ।</td>
<td>५ मिनेट<br><br>• यो प्रकृयामा एउटा नभई नहुने महत्वपूर्ण छुटेको पक्ष के हो भनेर सहभागीहरुलाई सोध्ने</td>
</tr>
</table>

| | | |
|---|---|---|
| | सकारात्मक परिवर्तन पनि केवल एक पक्षमा या क्षेत्रमा मात्र भएर हुदैन । व्यक्तिगत, पारिवारिक तहका साथै भौतिक, सामाजिक, वातावरणीय सबै क्षेत्रमा सकारात्मक परिवर्तन हुनु पर्दछ ।<br><br>यसमा कसलाई भन्ने कुरामा आम नागरिक अर्थात् समुदाय/समाज भन्ने थाहा भयो, कहाँ भन्ने कुरामा पनि सकारात्मक परिवर्तन अथात् गन्तव्य भन्ने थाहा भयो र कसरी भन्नेमा पनि सबैलाई संगठित गरेर, सशक्तिकरण गरेर भन्ने पनि थाहा भयो । तर सामाजिक परिचालनको यो प्रकृयामा एउटा नभई नहुने महत्वपूर्ण पक्ष छुटेको छ । यो नभएमा सामाजिक पचािलन हुदै हुदैन ।<br><br>आम नागरिकलाई गन्तव्यसम्म पुर्‍याउने जिम्मेवारी सामाजिक परिचालकको हो । सामाजिक परिचालक भनेको वास्तवमा चालक जस्तै हो । दुईवटा पाटो आम नागरिक र सकारात्मक परिवर्तनलाई जोड्ने पुल हो । सामाजिक परिचालकको सामान्य अर्थ समाज वा समुदायलाई गतिशील बनाउने व्यक्ति भन्ने हुन्छ । | |
| **चित्रपट ७** | <br><br>सामुदायिक विकास विकासको एउटा प्रभावकारी रणनीति हो र सामुदायिक विकासमा सामाजिक परिचालन अपरिहार्य छ भनेर भनिन्छ। सामाजिक परिचालन भन्ने कुरा त्यति सजिलो छैन। यसमा धेरै चुनौतिहरु रहेका छन्। तर पनि समुदायलाई नै गतिशील बनाएर समुदायको विकासमा अग्रसर गराउनु पर्दछ भनेर जोड दिइन्छ। किन यसरी सामाजिक परिचालनको आवश्यकतालाई महत्व दिइएको होला त्यसको मर्म बुझ्नु जरुरी छ ।<br><br>• **समुदायको सही सूचना संकलन गर्न :** कुनै पनि विकासका गतिविधि गर्दा सबभन्दा पहिले कस्को लागि भन्ने प्रश्न आउछ । समुदायको विकासका लागि कार्य गर्दा अवश्य पनि समुदायका मानिसहरुको लागि नै हो । समुदायको जनसंख्या, विविध आवश्यकता, समस्या आदि पक्षको | **५ मिनेट**<br><br>• सत्रलाई अर्न्तक्रियात्मक बनाउनु बनाउने<br>• पहिला सहभागीहरुसँग सोध्ने<br>• छलफल पस्चात पालो पालो बुदामा छलफल गराउने |

| | | |
|---|---|---|
| | सबभन्दा बढी जानकार भनेको समुदायका मानिसहरु नै हुन् । तसर्थ सही सूचना समुदायका मानिसहरुलाई हुने हुनाले समुदायलाई परिचालन गर्न आवश्यक हुन्छ ।<br>• **आवश्यकताको प्राथमिकीकरण गर्न :** समुदायको आवश्यकताहरु धेरै हुन्छन् । तर कुनै योजना वा कार्यक्रमको उद्देश्य, कार्यक्षेत्र सिमित हुन्छ । योजनाको आर्थिक पक्षले पनि कार्यक्षेत्र निर्धारण गर्दछ । तसर्थ एउटा कार्यक्रमले समुदायका सबै आवश्यकतालाई पुरा गर्न सक्दैन । यस्तो अवस्थामा आवश्यकताहरुको प्राथमिकीकरण गर्नु पर्दछ । कुन आवश्यकता सिघ्र गर्नु पर्ने र कुन अलि पछि गरे पनि हुने भन्ने कुरा पनि समुदायलाई थाहा हुन हुनाले आवश्यकताको प्राथमिकीकरण गर्न सामाजिक परिचालनको आवश्यकता पर्दछ ।<br>• **सबैको सक्रिय सहभागिता गराउन :** समुदायमा विभिन्न प्रकारका मानिसहरु हुन्छन् । शारीरिक रुपमा विभिन्न उमेरका, लिङ्गको हिसाबमा महिला, पुरुष वा तेस्रो लिङ्गी, साँस्कृतिक रुपमा पनि विभिन्न जात, पेसा भएका आदि । त्यस्तै भौगोलिक रुपमा गाउँमा तथा सहरमा बस्ने, राजनीतिक आस्थाको आधारमा कांग्रेस, एमाले आदि, आर्थिक रुपमा पनि धनी तथा गरिब आदि । सबै वर्गका मानिसहरुको आफ्नै आवश्यकता तथा समस्या हुन्छन् । तर कोही स्वभाविक रुपमा सक्रिय हुन्छन् र आवश्यकता तथा समस्या सजिलोसंग अभिव्यक्त गर्दछन् भने कसैलाई बढी प्रोत्साहन गर्नु पर्ने हुन्छ । सबैको सक्रिय सहभागिता नभएमा वास्तवमा सहभागिता नै मानिदैन । सबैको सहभागिता आवश्यक पर्ने हुनाले सबैको सक्रिय सहभागिता सुनिश्चित गराउन पनि सामाजिक परिचालन गर्नु पर्दछ ।<br>• **विकासको दिगो व्यवस्थापन गर्न :** प्रायः योजना वा कार्यक्रमको निश्चित समयावधि हुन्छ । योजना वा कार्यक्रममा कार्यरत समुदाय बाहिरबाट आएका मानिसका लागि जसरी भए पनि सो समयमा कार्यक्रम पुरा गर्ने मात्र उद्देश्य हुन्छ र त्यही विषयमा धेरै ध्यान केन्द्रित हुन्छ जुन स्वभाविक पनि हो । तर त्यसमा समुदायका सिकाइ तथा सीपहरु पछिसम्म काम लाग्ने हुन्छन् । तिनीहरुलाई संस्थागत गरिएन योजना समापन भएपछि त्यो त्यसै हराएर जान्छन् र विकासले गति लिन सक्दैन । समुदायमा सञ्चालन भएको कुनै पनि कार्यक्रम वा योजना समापन भए पनि निरन्तरता हुनु पर्दछ । समुदायका मानिसलाई संगठित गरेर स्थानीय संस्थागत संरचनामा आवद्व गरी विकासको दिगो व्यवस्थापन गर्न समुदाय परिचालन गर्नु पर्दछ । | |

- **आर्थिक पारदर्शिता कायम गर्न :** कुनै पनि कार्यक्रमको आर्थिक पक्ष एउटा महत्वपूर्ण पाटो हो । योजना हेरी धेरै रकमको चलखेल हुन सक्दछ । यस्तो अवस्थामा जानेर वा नजानिकन पैसाको सदुपयोग नहुन सक्दछ । समुदायको परिचालनबाट अनुगमन प्रभावकारी बन्दछ । किनकी समुदायलाई त्यहाँ लाग्ने वास्तविक खर्चको बारेमा चासो पनि हुन्छ र वास्तविकता पनि थाहा हुन्छ । दवाब समूहको रुपमा कार्य गर्न सक्छन् । आर्थिक पारदर्शिता कायम राख्न पनि सामाजिक परिचालन चाहिन्छ । जस्तै हालको दिनमा विभिन्न गतिविधिहरु सञ्चालन पस्चात सार्वजानीक सरोकारको लागि होडीङ्गबोर्ट लगाएतका सार्वजनिक सूचनाको टास गरिन्छ । पव्लिक अडिटको अवधारणा अगाडी बढेको छ । यो आर्थिक पार्दशिता नमुना हो ।
- **सुमुदायको क्षमता अभिवृद्धि गर्न :** समुदायका सम्पूर्ण सदस्यको क्षमता समान नहुने भएको हुनाले कामको प्रकृति हेरी क्षमता विकास गर्नुपर्छ । सामाजिक परिचालनको क्रममा समुदायमा रहेका सबैको क्षमता थाहा हुन्छ र पुर्‍याउन सक्ने योगदानको पनि आंकलन गर्न सकिन्छ । आवश्यकता अनुसार क्षमता अभिवृद्धि गर्न र सम्भाव्य योगदानको उचित सदुपयोग गर्न सहयोग गर्दछ । यसले अन्ततोगत्वा समुदायलाई आत्मनिर्भर बनाउँछ र दिगो विकासलाई टेवा दिन्छ ।
- **कार्यक्रममा अपनत्व अभिवृद्धि गर्न :** समुदायमा सञ्चालन हुने प्राय कार्यक्रममा दाताको आर्थिक सहयोग हुन्छ । कार्यक्रम सञ्चालन हुन्छ र सम्पन्न गरिन्छ । अन्तमा समुदायलाई नै स्वामित्व हस्तान्तरण गरिन्छ । धेरै कार्यक्रमहरु दाताको सहयोग रहने समय सम्म प्रभावकारी रुपमा सन्चालन रहेको पाईन्छ त्यसपछि त्यसको कुनै अस्तित्व देखिदैन । समुदायमा गरिने कुनै पनि योजना वा कार्यक्रमलाई समुदायले हाम्रो भन्ने भावले अपनाउनु पर्दछ । अनि मात्र संरक्षण गरिन्छ र दिगो हुन्छ । हाम्रो भन्ने भावनाको लागि सामाजिक पुँजीको र्निर्माण जरुरी हुन्छ । समुदायका सबैमा व्यक्तिगत र संस्थागत सद्भाव, मेलमिलाप, सहयोग र सहकार्यलाई नै सामाजिक पुँजी भनिन्छ । यो सामाजिक परिचालनबाट मात्र संभव छ ।

**चित्रपट ८**




सामाजिक परिचालन सामुदायिक विकासको लागि ज्यादै महत्वपूर्ण पक्ष हो । सामाजिक परिचालनमा सामाजिक परिचालकको अहम भूमिका हुन्छ । अर्को पक्ष भनेको सामाजिक परिचालन गर्न त्यति सहज छैन। यसमा जटिलता पनि छन्। तसर्थ सामाजिक परिचालकको भूमिका निर्वाह गर्ने व्यक्तिमा धैरै गुणहरु हुनु पर्दछ। सामाजिक परिचालकमा हुनु पर्ने गुणहरुलाई चित्रपटमा देखाए अनुसार तीन पक्षमा वर्गीकरण गर्न सकिन्छ।

**२ मिनेट**

- सामाजिक परिचालकलाई अर्न्तसम्वन्ध देखाउदै सामाजिक परिचालकको विशेषता सोध्ने
- सहभागीहरुले भनेको विशेषताहरुलाई ३ भागमा विभाजन गरि देखाउने

**चित्रपट ९**




सामाजिक परिचालकले समुदायलाई नेतृत्व गर्न सक्नु पर्दछ । नेतृत्वको लागि विभिन्न गुणहरुको आवश्यकता हुन्छ। नेतृत्व पक्षमा आधारभुत रुपमा निम्न विशेषता रहनु पर्दछ।

- **धैर्य र तार्किक :** समुदायमा काम गर्दा समुदायका मान्छेले भनेको कुरा जस्तै आवश्यकता वा चाहना, समस्या आदि धैर्य भएर सुन्न सक्ने हुनुपर्छ। पुरा कुरा सुनिसकेर मात्र आफ्नो जवाफ दिनुपर्छ। अर्को महत्वपूर्ण कुरा समुदाय परिचालकले तर्कपूर्ण कुरा गर्नु पर्छ। तथ्यमा आधारित रहेर कुरा गर्दा विश्वास बढेर आउछ।

**५ मिनेट**

- नेतृत्व पक्षका विशेषताहरु देखाउने र छलफल गर्ने

| | | |
|---|---|---|
| | • **विश्लेषणात्मक क्षमता** : सामाजिक कार्यमा लागिरहने व्यक्तिले कुन कुरा ठिक हो र होईन भनि विश्लेशण गर्न सक्ने क्षमता हुनुपर्छ । समुदायका सदस्यबाट आएको सुझाव, सल्लाह, विचारलाई म”ल्याङ्कन गर्न सक्नु पर्छ । गहनताका साथ सोचेर र बुझेर मात्र काम गर्न आवश्यक छ ।<br>• **पैरवी कला** : समुदायका मानिसहरुको सोच, व्यबहार र काममा सकारात्मक परिवर्तन ल्याउन गरिने क्रियाकलापलाई पैरवी भनिन्छ । समुदायका मानिसहरुमा फरक र भिन्न सोच हुन सक्छ । काममा जटिलता सिर्जना भएको अवस्थामा विभिन्न पक्षसँग तर्कपूर्ण ढंगबाट पैरवी वा वकालत गर्न सक्ने क्षमता भएको व्यक्ति हुन जरुरी छ ।<br>• **नेतृत्व र समन्वयमा सक्षम** : आधारभुत रुपमा समुदायिक परिचालक नेतृत्व र समन्वयमा पोख्त हुनुपर्दछ । समुदायको आवश्यकतालाई समाधान गर्दै उक्त समुदायमा आफ्नो स्थान वा नेतृत्व गर्न सक्ने हुनपर्छ । आवश्यक सरोकारवालाहरुसँग समन्वय गरी काम अगाडी बढाउन सक्ने हुनुपर्छ । यसरी सबै पक्षबाट उठान गरेको विषयलाई टिपोट गर्दै निर्णय आफ्नो पक्षमा ल्याउनु पर्दछ ।<br>• **योजना, कार्यान्वयन र व्यवस्थापन क्षमता** : समुदायमा योजना प्रभावकारी रुपमा कार्यान्व्यन गर्न सक्नुपर्दछ । कार्यान्वयनको क्रममा देखा परेका जटिलतालाई व्यवस्थापन गर्न सक्ने कला सामाजिक परिचालक हुनु पर्दछ । सामुदायिक सदस्यको अर्थपूर्ण सहभागीतामा योजना कार्यान्वयन गर्नुपर्दछ ।<br>• **काममा प्रतिवद्ध (Commitment)** : समुदायमा काम गर्दा प्रतिवद्वता ज्यादै महत्वपूर्ण पक्षको रुपमा रहेको हुन्छ । समुदायमा लिएको कामको जिम्मेवारीलाई पूर्ण रुपमा पुरा गर्नुपर्छ । जे काम जुन समय भित्रमा गर्छु भनेर बोलिएको छ, त्यो समयमा पुरा गर्न सक्नुपर्छ । यसबाट व्यक्तिको बफादारीता देखिन्छ । तसर्थ प्रतिवद्वता सामाजिक परिचालनको महत्वपूण कलाको रुपमा रहन्छ ।<br>• **समस्या समाधान गर्ने क्षमता (Problem Solving Skills)**: समुदायमा भइपरि आउने समस्याहरुको मूलकारण पत्ता लगाई समाधान गर्न सक्ने क्षमता पनि हुनपर्छ । समाधान गर्दा तार्किक बुदाहरु उठान गर्नुपर्छ । निस्पक्ष र न्यायपूर्ण तरिकाले समस्या समाधान गर्नु पर्दछ ।<br>• **निर्णय गर्न सक्ने क्षमता (Skills on decision Making )**: कार्य गर्ने सिलसिलामा धेरै निर्णय गर्नु | |

पर्दछ । समुदायका केहि जटिल विषयहरु सिर्जना हुन सक्छन् । निर्णय गर्दा धेरै अलमल नगरी छिटो र उचित तरिका अबलम्बन गर्नु पर्दछ । समस्याको समाधान गर्दा कुनै पक्षलाई जितेको र अर्को पक्षलाई हारेको अनुभव गर्न दिनु हुदैन । तसर्थ दुबै पक्षलाई “win win approach” को अवधारणा अपनाउनु पर्दछ । तसर्थ विना पक्षपात निर्णय गर्ने क्षमताको आवश्यकता पर्दछ ।

**चित्रपट १०**

**८ मिनेट**

- शिष्टाचार र व्यक्तिगत दक्षता पक्ष भित्रको विशेषतालाई छलफल गर्दै पालैपालो अर्न्तक्रिया गर्ने




**शिष्टाचार पक्ष**

- **समुदायलाई सम्मान गर्ने :** समुदाय भित्रका आर्थिक रुपमा सम्पन्न, विपन्न, साक्षर, निरक्षर, ज्येष्ठ नागरीक, अशक्त, सामाजिक, आर्थिक, राजनेतिक रुपमा पहुँच भएका र नभएका धेरै तहका मानिसहरु हुन्छन । ती सबै व्यक्तिमा भिन्न किसिमको क्षमता रहेको हुन्छ । सबैले आफ्नो ठाउ अनुसार सहयोग गर्न सक्छन भन्ने ज्ञान हुनु पर्छ । सामाजिक काममा सबैलाई उचित स्थान दिएर विचारलाई सम्मान गर्नुपर्छ ।
- **स्वीकार गर्न सक्ने क्षमता :** समुदायको सदस्यबाट आएको सुझाबलाई सकारात्मक रुपमा लिने र सुझाबलाई सहि वा गलत हो छान्न सक्ने क्षमता आवश्यक छ । काम गर्दा सहजकर्ता स्वंयमवाट भएको कुनै कमजोरी छ भने पनि स्यूकार गर्न सक्नुपर्दछ । सहजकर्ता भित्र हुनुपर्ने यो महत्वपूर्ण विशेषता हो ।
- **भिन्न विचारहरुको सम्मान :** समुदायको विभिन्न व्यक्तिको सोचाई, विचार र आनीबानी भिन्न हुन्छ भन्ने बुझ्न आवश्यक छ । समुदायका सम्पूर्ण सदस्यले योजना गरे बमोजिम सहयोग गर्दैनन् । तर आफ्नो लक्ष्यमा निरन्तर लाग्नु पर्छ तर भिन्न सोच राख्ने सदस्यको पनि विचारलाई सम्मान गर्नुपर्छ । विचारलाई आफ्नो पक्षमा ल्याउन सक्नुपर्छ ।

- **सकारात्मक सोच र विश्वास** : सामुदायिक काम र विकासका गतिविधी धेरै समय अगाडी विकास भएको अवधारणा हो । समुदायबाट हुने काम प्रभावकारी र दिगो हुन्छ भनेर सकारात्मक सोच राख्नुपर्दछ । हाल सम्म समुदायको अग्रसरतामा गरिएका अधिकांश गतिविधि सफल भएका छन् । सामाजिक परिचालक सामुदायिक पहलमा भएका काम सफल हुन्छ भन्ने सकारात्मक सोच र विश्वास भएको व्यक्ति हुन आवश्यक छ ।


**व्यक्तिगत दक्षता**

- **सिर्जनशिल (Creative)** : सामुदायिक परिचालकहरु सिर्जनसिल हुनुपर्छ। नयाँ विचार तथा सोच निकाल्न सक्ने क्षमता भएको व्यक्तिले समुदायमा प्रभावकारी उपलब्धि निकाल्न सक्छ। अन्य सहभागीले भन्दा फरक सोच बनाएर सिर्जनसिल ढंगबाट काम गर्दा समुदायको विश्वास बढ्छ र प्रभाबकारी पनि हुन्छ ।
- **सुन्ने कला (listen skill)** : सामाजिक परिचालकले को जिम्मेवारी पाउने व्यक्तिले सुन्ने क्षमताको विकास गर्न आवश्यक छ । पिडित व्यक्तिको समस्या सुन्दा धेरै हद हल्का महसुस गर्दछन् । बालक देखि बृद्व सम्म र पिछाडीए व्यक्तिहरु देखि सामाजिक रुपमा समृद्व व्यक्ति सम्मको आवाजलाई सुन्ने क्षमताको विकास गर्नुपर्दछ। तसर्थ सुन्ने कला अत्यन्त महत्वपूर्ण कला हो । सहजकर्तामा यो क्षमता आवश्यक छ ।
- **प्रस्तुति कला (Presentation skill)** : प्रस्त’तिले व्यक्तिको भिन्न पहिचान देखाउदछ। प्रस्त’तिले कलाको दोहोरो अर्थ हुन्छ । (क) सामाजिक परिचालको व्यक्तित्व (ख) कार्यक्रममा प्रस्तुती कला । सामाजिक क्षेत्रमा काम गर्ने परिचालकसँग आत्मविस्वास (confident) का साथ प्रस्तुती हुन सक्ने कला आवश्यक पर्छ । काम गर्दा पूर्ण रुपमा सक्षम भएको देखाउनु पर्दछ जसले समुदायको सदस्यलाई विश्वास बढ्छ ।

  अर्को तर्फ कार्यक्रमलाई प्रभावकारी र आकर्षक बनाउनको लागि अन्य व्यक्तिको तुलनामा भिन्न प्रस्तुती कला आवश्यक पर्दछ । कार्यक्रमलाई प्रभावकारी र आकर्षक बनाउनको लागि अन्य व्यक्तिको तुलनामा भिन्न प्रस्तुति कला आवश्यक पर्दछ । सहभागीलाई आफ्नो बसमा तान्नको लागि प्रस्तुती कला महत्वपूर्ण पक्षको रुपमा रहन्छ ।
- **स्पष्ट बक्ता** : सामुदायिक हितको लागि सबैसँग स्पष्ट कुरा गर्नुपर्छ। एउटा विषयमा फरक व्यक्तिसँग फरक राय

| | | |
|---|---|---|
| | राख्न हुदैन । यसले विवाद र समस्या सिर्जना गर्छ । सधैं तथ्यमा आधारित भएर स्पष्ट कुरा गर्नुपर्छ ।<br>• **ईमान्दार :** समुदायलाई परिचालन गर्दा ईमान्दार छवि अनिवार्य छ । ईमान्दार व्यक्तिले गरेको नेतृत्वलाई सबैले सम्मान गर्छन । सामाजिक विसंगति र कुरीतीमा आवद्व भएको व्यक्तिले गरेको गतिविधिहरुलाई समुदायलाई स्यूकार गर्दैन । तसर्थ ईमान्दारीता अनिवार्यता विशेषता हो ।<br>• **शारिरीक हाउभाउ (Gesture) :** शारिरीक हाउभाउले कुराकानी र अर्न्तक्रियामा धेरै प्रभाव पार्दछ । समुदायमा प्रस्तुत गरिने विभिन्न विषयमा छलफल गर्दा शारिरीक हाउभाउ मिलाएर गर्नु पर्दछ । अप्राकृतिक ( गललबतगचबा) देखिने कुनै पनि काम अर्न्तक्रिया मा देखिएमा राम्रो देखिदैन । साथै समुदायको व्यक्तिले प्रस्तुत गरेको विभिन्न विषय र प्रस्तावहरुमा सुन्दा पनि प्राकृतिक र साधारण हाउभाउ देखाउनु पर्दछ ।<br>• **आर्थिक पारदर्शिता :** प्रत्येक गतिविधी आर्थिक पक्षसँग जोडिन्छ । सामाजिक विकासमा पनि आर्थिक पाटो र लेखा प्रणाली अन्त्यन्त महत्वपूर्ण पाटोको रुपमा आउछ । समुदायमा काम गर्न परिचालक स्वंयले लेखा प्रणाली र आर्थिक पाटो बुझ्नु पर्छ । समुदायको व्यक्तिहरुलाई पनि बुझाउन सक्ने हुनुपर्छ ।<br>• **जिम्मेवारी वहने:** सामाजिक काममा पूर्ण जिम्मेवारीको आवश्यक पर्छ । काम गर्दा विचमा छोड्ने वा जिम्मेवारीबाट निस्कनु हुदैन । प्रत्यक्ष असर व्यक्ति र समुदायमा पर्छ । व्यक्तिगत रुपमा जिम्मेवार वहन गर्न नसकेको देखिन्छ । अर्को तर्फ आयोजना अलपत्र हुदा समुदाय मर्कामा पर्दछन् । यसर्थ जिम्मेवारी वहन गर्नु सामाजिक परिचालकको विशेषता हो । | |
| **चित्रपट ११** |  | **५ मिनेट**<br>• सामाजिक परिचालनको लागि सहयोगी पक्षहरु कुन कुन हुन ? पहिला सहभागीहरु सँग सोध्ने र बुदामा छलफल गर्ने |

| | | |
|---|---|---|
| | सामाजिक परिचालनमा सामाजिक परिचालकको प्रमुख दायित्व हुन्छ । तर ती दायित्वहरु पुरा गर्न सामाजिक परिचालकहरुलाई पनि केही सहयोगी हातहरु चाहिन्छ । एक्लैले सबै जिम्मेवारी निभाउन कठिन हुन्छ । समुदायलाई परिचालन गरी सामुदायिक विकासमा योगदान गर्न दूई तह - व्यक्तिगत तह तथा संस्थागत तहमा सहयोग लिनु पर्दछ । दुबै तहमा रहेका सम्भावित केही नामहरु उदाहरणको लागि दिइएको छ । समय र स्थान अनुसार यिनहिरुमा थपघट गर्न सकिन्छ । यिनीहरु नै सबै हुन् र सबै ठाउँमा यही नै हुनु पर्दछ भन्ने केही छैन ।<br><br>**व्यक्तिगत तह** : स्थानीय भद्र भलादमी तथा समाजसेवीको सहयोग र सहकार्यमा कार्यक्रम प्रभावकारी रुपमा सन्चालन गर्न सकिन्छ ।  भलादमी, समाजसेवीलाई समाजमा सम्मानले हेरिन्छ । परम्परा देखि स्थानी भद्र भलादमीको सरसल्लाह मान्ने पद्वती समुदायमा छ । त्यसै गरी समुदायमा रहेका विद्यालयका शिक्षकहरुलाई अर्को  महत्वपूर्ण सहयोगी पक्षको रुपमा लिन सकिन्छ । शिक्षक वर्ग समुदायको ज्ञानको स्रोत हुन् र विद्यार्थीहरु लगायत समुदायमा पनि उनीहरुको प्रभाव हुन्छ । समुदाले उनीहरुको कुरा सुन्दछ । समुदायमा रहेका महिला स्वास्थ सम्बन्धी समस्याहरुको समाधानका लागि समुदायमा धेरै स्वास्थ स्वंयसेवक परिचालन भईरहेका छन् । उनीहरु सकिय छन् र उनीहरुसंग समुदायमा महिलाहरुलाई कुरा बुझाउने सनदर्भमा लामो अनुभव छ । स्वास्थ स्वंयसेवक महत्वपूर्ण स्रोत हुन् जसको सहयोगबाट सामाजिक परिचालकहरुले पनि समुदायलाई राम्रो तरिकाले परिचालन गर्न सक्छन् ।<br><br>**संस्थागत तह** : समुदायको विकासको लागि स्थानीय तहमा धेरै संघ संस्थाहरुले विभिन्न कार्यक्रम तथा योजनाहरु सञ्चालन गरिरहेका हुन्छन् । राज्यका तर्फबाट आम नागरिकलाई सेवाहरु उपलबध गराउन स्थायी रुपमा सरकारी निकायहरुको स्थापना गरिएको हुन्छ । सामाजिक परिचालनका गतिविधीलाई संस्थागत रुपमा स्थापना गराउन सरकारी निकायहरुसंगको समन्वय र सहयोग अत्यन्त जरुरी हुन्छ । त्यसैगरी स्थानीय तहमा कार्यरत गै.स.स.का कार्यक्रमहरु वा ठूला आयोजनासंगको समन्वय र सहकार्यबाट एउटै क्षेत्रमा एउटै प्रकृतिका कार्यक्रम दोहोरिने संभावना कम भई थोरै समय र लगानीमा धेरै गतिविधि सञ्चालन गरी प्रतिफल लिन सकिन्छ । संस्थागत तहमा विभिन्न स्थानीय राजनितिक पार्टीहरुको सहयोग पनि महत्वपूर्ण मानिन्छ । राजनितिक पार्टीहरुसंगको समन्वयले कार्यक्रम कार्यान्वयनको दौरानमा हुन सक्ने अवरोधहरुलाई घटाउँछ । | |

<table>
<tr>
<td></td>
<td>निजी संघसस्थाहरु, युवा क्लव तथा आमा समूह, आदिले सहभागिता तथा स्वमित्व अभिबृद्धि गरी कार्यक्रमलाई दिगो बनाउँदछ ।</td>
<td></td>
</tr>
<tr>
<td>चित्रपट १२</td>
<td>


<br><br>
समुदायलाई विकास तर्फ चलायमान गराउने भन्ने विषय एउटा नियमित प्रकृया हो किनकि विकासका गतिविधीहरु समुदायमा भईनै रहन्छन् ।समुदायलाई गतिशीलता प्रदान गर्ने गहन जिम्मेवारी सामाजिक परिचालकको नै हो । समुदायमा कुनै कार्यक्रम वा योजना कार्यान्वयन गर्नु पर्दा समुदायको विकासका लागि त्यस कार्यक्रमले निर्धारण गरेको लक्ष्यप्रति उन्मुख गराई लक्ष्य हासिल गर्न सिलसिलेवार रुपमा निश्चित प्रकृयाहरु पुरा गर्नु पर्दछ । एउटा कार्यकम समाप्त भए पछि पुन अर्को कार्यकम शुरु शुन्छ । यसरी यो कुमालेको चक्र झैं निरन्तर चलि नै रहन्छ ।
<br><br>
चक्र भन्नाले एउटा श्रृंखलाबद्व रुयमा गरिने समग्र प्रकिया वा कार्यलाई जनाउँदछ जुन तर्कसंगत र प्रगतिशिल हुन्छ । यो प्रकिया दोहोरिदै गएपछि यसले चक्रको रुप लिन्छ । यसलाई नै सामाजिक परिचालनको कार्य चक्र भनिन्छ ।
<br><br>
कुनै पनि कार्यकम समापन गर्दा प्रक्रियागत रुपमा सबै चरणहरु नै पुरा गर्नु पर्दछ तर कार्य विभाजनका हिसाबमा यति नै चरण पुरा गर्नु पर्दछ भन्ने कुरामा विविधता देखिन्छ । दुई वा तीन प्रक्रियालाई मिलाएर एउटा चरण बनाएको पनि देखिन्छ । यस कार्य चक्रलाई चित्रपटमा देखाए अनुसार ८ चरणमा विभाजन गर्न सकिन्छ ।
<br><br>
यो सामाजिक परिचालनको कार्य चक्र र सामुदायिक विकासको प्रक्रिया उस्तै उस्तै देखिन्छ । वास्तवमा उही नै पनि हो । तर सामुदायिक विकासको चरण र प्रकृयामा योजना वा कार्यक्रमको दृष्टिकोणबाट चरणहरुमा जोड दिइएको छ भने सामाजिक परिचालनको दृष्टिकोणमा केन्द्रित रहेको छ ।</td>
<td>८ मिनेट
<br><br>
• सामाजिक परिचालन चक्रको बारेमा जानकारी गराउने<br>
• समुदायमा अहिले भई रहेको विभिन्न विकास गतिविधिमा हामीले कसरी काम गरिरहेका छौ ? सोध्ने<br>
• पहिला के गर्छौं र क्रमशः के कस्ता प्रक्रिया अगाडी बढ्छ ? सहभागीलाई साध्ने<br>
• चक्रको शव्दाबलीसँग अन्तं सम्वन्ध गराउने ।</td>
</tr>
</table>

| | | |
|---|---|---|
| | • परिचालनको तयारी गर्नेः सामाजिक परिचालनको प्रारम्भमा सामाजिक परिचालक आफू स्वंयम कामको लागि तयार हुनुपर्छ । कामको लागि व्यक्तिगत र संस्थागत तहमा आफू र आफ्नो संस्था तयारी हुनुपर्छ ।<br>• समुदायलाई संगठित गर्नेः समुदायलाई कार्यक्रम र आयोजनाको बारेमा जानकारी गराउनुपर्छ । कार्यक्रमले समुदायलाई पुऱ्याउने फाईदा जानकारी गराउनुपर्छ । कार्यक्रमले सहयोग गर्ने समयावधी तथा कार्यक्षेत्रको जानकारी गराउनु पर्दछ । कामको लागि आवश्यक जनशक्तिको समूह निर्माण गरी समुदायलाई संगठित गर्नुपर्दछ ।<br>• साफा लक्ष्य पहिचान गर्नेः कार्यक्रमको उद्धेश्य तथा विषयहरुबारे समुदायलाई जानकारी गराउनु पर्दछ । कार्यक्रम समुदायमा लागू गर्न ठिक छ वा छैन पहिचान गर्नुपर्छ । समुदायको विचार र भावनालाई अध्ययन गर्नुपर्दछ । सहभागीमुलक ढंगवाट समुदायको विचारलाई संकलन गर्नुपर्दछ । जसवाट कार्यक्रमलाई सफलताप”र्वक समापन गर्न सकिन्छ वा सकिदैन रुपरेखा कोर्न सकिन्छ ।<br>• प्राथमिकता निर्धारण गर्नेः विकासको कार्यक्रम संचालन गर्दा समुदायको वास्तविक समस्या पहिचान गर्नु पर्छ । समुदायको समस्याहरु र प्राथमिकता निर्धारण गर्नुपर्छ । उदाहरणका लागि दोलखाको लादुक गा.वि.स.मा भूकम्प प्रतिरोधी भवन निर्माण २०७३ साल भित्र गर्ने योजना छ । तर लादुक गा.वि.स.मा पानीको धेरै समस्या छ । घर निर्माणको लागि पानीको उपलव्ध छैन । पिउने पानीको लागि मात्र २ घण्टा पैदलवाट वोकेर ल्याउनुपर्छ । यस्तो अवस्थामा वैकल्पिक उपचारको विधि आवश्यक पर्छ । प्राथमिकता घर निर्माणको नभई पहिला पानीको व्यवस्थापन हुन सक्छ । यसरी समुदायको प्राथमिकता निर्धारण अर्को अवस्था हो ।<br>• कार्य योजना बनाउनेः कार्य चक्रमा योजना निर्माण पाचौ अवस्था हो । प्राथमिकता पस्चात समुदायको प्रतिनिधीहरु सँग वसेर योजना निर्माण गर्नुपर्दछ । योजना निर्माण गर्दा उद्धेश्य स्पष्ट हुनु पर्दछ । समयवधी, लागत, सम्लग्न पक्ष, कार्यक्षेत्र, प्रतिफल र कार्य तालिका यस योजनामा तय गरिएको हुनुपर्दछ । समुदायको संम्लग्नतामा योजना निर्माण गर्दा प्रभावकारी रुपमा काम गर्न सकिन्छ ।<br>• सगै मिलेर काम गर्नेः समुदायका सदस्यको उपस्थितीमा तयार गरिएको योजना बमोजिम सगै मिलेर काम गर्ने गर्नुपर्दछ । समुदायको अनुरोध बमोजिम संस्थाले प्राविधिक सहयोग उपलव्ध गराउनु पर्दछ । सामुदायले सहयोग | |

<table>
<tr>
<td></td>
<td>मागेको समय तालिकामा संस्थाले सहयोग गर्नुपर्दछ । संस्थाले आफ्नो अनुकुल समय बनाई समुदायलाई धेरै दवाब दिनु हुदैन । तसर्थ कार्यक्रम र कर्मचारीको अनुकुलतामा भन्दा समुदायको अनुकुलता र समयमा काम गर्नुपर्छ ।<br><br>• सगसगै मिलेर मुल्यांकन गर्ने: समुदायमा काम गर्दा सामुदायिक सदस्यसँग सहभागीतामूलक ढंगबाट काम गरीन्छ । निस्चित समयावधी पस्चात आवधिक रुपमा कामको अनुगमन तथा मुल्याङ्कन गर्नुपर्दछ। उक्त कामको राम्रो पक्ष र सुधार गर्नुपर्ने पक्षको थाहा पाउनको लागि सगसगै मिलेर मुल्याङ्कन गर्ने गर्नुपर्छ ।<br><br>• अवधारणा परिमार्जन गर्ने: अन्त्यमा कार्यक्रमको प्रतिफल (output) योजना बनाए बमोजिम हुनुपर्दछ। कार्यक्रमको गतिविधिहरु व्यवहारीक देखिएन भने सुधार र परिमार्जन गर्नुपर्छ । आवश्यकता बमोजिम नया अवधारणाले (apporch) ले कम गर्नुपर्ने हुन सक्छ ।<br><br>यसरी सामाजिक परिचालन चक्रले समुदायमा गरीने विकास गतिविधिको चक्रमा हेर्न सकिन्छ । जुन चक्र विकासका कार्यक्रम सन्चालनमा ज्यादै महत्वपूर्ण छ । यसलाई सामाचालन चक्र भनिन्छ ।</td>
<td></td>
</tr>
<tr>
<td>चित्रपट १३</td>
<td>
<br><br>वि.सं. २०७२ बैशाखको बिनासकारी भूकम्पमा ठूलो जनधनको क्षति भयो। विशेष गरी ग्रामीण क्षेत्रमा धेरै घरहरु भत्किए । तत्पश्चात् सुरक्षित पुनर्निर्माणको राष्ट्रिय अभियानको भूकम्प प्रतिरोधी घर निर्माण एक प्रमुख लक्ष्य रह्यो । समुदायलाई नियमित रुपमा विकास तर्फ अग्रसर गराउने कार्यले पनि नयाँ मोड लियो। समुदायलाई सुरक्षित पुनर्निर्माण तर्फ अग्रसर गराउनु आजको आवश्यकता हो । यसमा महत्वपूर्ण जिम्मेवारी निर्बाह गर्नु पर्ने दायित्व पनि सामाजिक परिचालकमा नै आएको छ ।</td>
<td>६ मिनेट<br><br>• पहिला सहभागीहरुको विचार बुझ्ने र छलफल गर्ने</td>
</tr>
</table>

| | | |
|---|---|---|
| | पुनर्निर्माणमा पनि सामाजिक परिचालकले गर्नु पर्ने जिम्मेवारीहरु धेरै नै पर्दछन् । ती जिम्मेवारीहरुलाई मोटामोटी ५ प्रकारमा बर्गीकरण गर्न सकिन्छ ।<br><br>• **सचेतना तथा अभिमुखिकरण** : कुनै पनि कार्यलाई मुर्त रुप दिन सबभन्दा पहिले लक्षित समूहले कार्यक्रमको विभिन्न तत्वहरुको बारेमा थाहा पाउनु पर्दछ । पुनर्निर्माणमा पनि भूकम्प प्रतिरोधी घर निर्माण गर्न समुदायले पहिले यसका अवधारणा, निर्माण सामग्री, निर्माण विधि, अनुदान सहायताको प्रावधान आदिको बारेमा थाहा पाउनु पर्दछ । यी सम्पूर्ण पक्षमा जानकारी दिई चेतना अभिवृद्वि, सुरक्षित निर्माणप्रति अभिप्रेरित गराउनु सामाजिक परिचालकको पहिलो दायित्व हो । आवश्यकताको बोध गराउनु, गलत बुझाइलाई स्पष्ट पार्नु, उपलब्ध सहायताका प्रकृया तथा सहयोगी संघसंस्थाको बारेमा जानकारी दिनु सचेतना र अभिमुखीकरण कार्य भित्र पर्दछन् ।<br><br>• **सहभागिता र प्रोत्साहन** : थाहा पाएर मात्र कुनै कुराले मुर्त रुप लिदैन । विभिन्न चरणमा समुदायको सक्रिय सहभागिता पनि उत्तिकै जरुरी छ । सक्रिय सहभागिताको लागि समुदायमा उत्प्रेरणा जगाउने उपायहरु पनि अवलम्बन गर्नु पर्दछ । सही समयमा सही सुचनाको प्रवाह, सम्बन्ध बिस्तार आदि कुराले सहभागिता बढाउन मद्धत गर्दछ । सहभागितामा अर्को महत्वपूर्ण<br><br>पक्ष भनेको समुदायका सम्पुर्ण सदस्यलाई सहभागीतालाई सुनिश्चित गर्नु पनि हो ।<br><br>सामाजिक तथा आर्थिक रुपमा पिछडिएको समूहलाई प्रोत्साहन गर्ने अवसर र वातावरणको सृजना गर्न विशेष ध्यान दिनु पर्दछ ।<br><br>• **प्राविधिक विज्ञताको सहजिकरण :** भवन निर्माण त्यसमा पनि भूकम्प प्रतिरोधी भवन निर्माण सामाजिक मात्र नभई प्राविधिक विषय पनि हो । त्यसमा विशेष ज्ञान र सीप चाहिन्छ । सामाजिक परिचालकले समुदायलाई यस विषयमा सहजीकरण गर्नु पर्दछ । दक्ष प्राविधिक जनशक्तिको उपलब्धता, दक्ष जनशक्ति उत्पादनको लागि तालिमको व्यवस्थाहरु, प्राविधिक सरसल्लाहको लागि सहयोग लिन सकिने संघसंस्थाको जानकारी, प्राविधिक पक्षका बैज्ञानिक आधारहरुको जानकारीले प्राविधिक विज्ञतामा सहजीकरण हुन जान्छ । प्राविधिक पक्षका जाकारी र परामर्श सहज र सरल भाषामा स्थानीय भाषामा समुदायलाई बुझाउनु पर्दछ ।<br><br>• **समन्वय र पैरवी** : पुनर्निर्माणमा सामाजिक परिचालकको अर्को महत्वपूर्ण दायित्व भनेको समन्वयकर्ताको हो । | |

| | | |
|---|---|---|
| | वास्तवमा सामाजिक परिचालक समुदायमा खोला वा नदीको पुल जस्तै होसमुदायमा कार्यरत विभिन्न सरकारी, गैरसरकारी संघसंस्थाका उद्देश्य र गतिविधिको बारेमा पनि थाहा हुने हुनाले समुदायको आर्थिक, सामाजिक र प्रशासनिक पहुँच स्थापना गराउने काममा सामाजिक परिचालकको महत्वपूर्ण भूमिका रहन्छ । त्यसैगरी सामाजिक परिचालक समुदायमा रहेका अप्ठ्यारा पक्षको पनि जानकार हुने हुनाले समुदायका कुरालाई जिम्मेवार निकाय समक्ष पुर्‍याई नीति नियमको निर्णय प्रक्रिया र कार्यान्वयन प्रक्रियामा प्रभाव र परिवर्तन पार्न सक्छन् । पुनर्निर्माणको संरचनामा रहेको स्रोतकेन्द्रको वा क्षेत्रीय कार्यालयको अवधारणाले काम गरेन भनेर तिनीहरुलाई निस्कृय बनाइनु, गुनासो व्यवस्थापन प्रणालीको प्रावधान बनाइनु, सम्भौता प्रकृयालाई सहज बनाउनु, पहिलेको सम्भौता स्थलको परिकल्पनाबाट वडास्तरमा कार्य गरिनु आदि यसका उदाहरणहरु हुन् ।<br>• **स्थलगत अवलोकन र परामर्श :** माथि भनेका सबै कुराहरु यथावत् रुपमा सोचे जस्तै भएर स्थलगत रुपमा कार्य शुरु भए पछि पनि धेरै अस्पष्टता हुन सक्छन् । सबै कुरा थाहा पाउनु प्रक्रियाहरु पुग्नु, राम्रो नीति नियम बन्नु र वास्तवमा नै काम गर्नुमा फरक हुन्छ । पहिला सबै बुझेको जस्तो लाग्न सक्छ तर काम गर्दै जाँदा कतिपय कुरामा दुविधा हुन जान्छ । तसर्थ निर्माण कार्य भईरहदा पनि नियमित रुपमा अवलोकन गर्नु पर्दछ । यो कार्य पनि सामाजिक परिचालकको दायित्व नै हो । अवलोकन गरि नियमित रुपमा आवश्यकता अनुसार घर धनीलाई सल्लाह सुझाव र परामर्श दिनुपर्छ। प्राविधिक जानकारीको लागि प्राविधिक सँग समन्वय गराउनुपर्दछ। यसले ठीक तरिकाले निर्माण भए नभएको कुरामा स्पष्टता ल्याउँछ। सुधार र परिमार्जन गर्नुपर्ने कुरालाई औंल्याउँछ र भूकम्प प्रतिरोधी भवन निर्माणलाई सुनिश्चित गर्दछ । यसरी हेर्दा सामाजिक परिचालकको पुनर्निर्माणको काममा महत्वपूर्ण भूमिका र अर्न्तसम्वन्ध रहन्छ । | |

| | | |
|---|---|---|
| चित्रपट १४ | <br>सत्रको शुरुमा राखिएका सत्रको उद्देश्यहरु सत्रको प्रस्ततीमा सबै पुरा भए नभएको कुराको पुनरावलोकन गर्नु पर्दछ । पुनरावलोकन विभिन्न तरिकावाट गर्न सकिन्छ । सहभागीहरुसंग नै सोधेर अर्न्तरक्रियात्मक रुपमा छलफल गरेर वा आफैले साराशंमा बताएर । | २ मिनेट<br>• सत्रको उद्देश्यहरुको पुनरावलोकन गर्दा सहभागीहरुसँग नै सोधेर अन्तर्क्रियात्मक रुपमा छलफल गर्ने र बुझे/नबुझेको सुनिश्चत गर्ने |
| चित्रपट १५ | <br>सत्रको विषयवस्तुमाथि कुनै प्रश्न वा थप जिज्ञासा भए नभएको पनि जानकारी लिनु पर्दछ र भएमा जिज्ञासाहरुमा प्रकाश पार्नु पर्दछ । | १ मिनेट<br>• यो सत्रको विषयवस्तुमाथि कुनै प्रश्न वा थप जिज्ञासा छ वा छैन सोध्ने ।<br>• अन्तर्क्रिया र धैर्यताको लागि धन्यवाद सहित सहभागीहरुसँग बिदा लिने<br>• आफ्नो सहयोगी प्रशिक्षकलाई पनि धन्यवाद दिने<br>• सत्रको मूल्याङ्कन गरी दिन स्मरण गराउने |

# सामाजिक परिचालन तालिम कार्यक्रम

**प्रशिक्षण निर्देशिका**

## सत्र ४: दिगो विकास र गरिवी निवारण

**खण्ड:** सामाजिक परिचालन

**समय:** ६० मिनेट

**सामग्री:** मल्टिमिडिया प्रोजेक्टर, कम्प्युटर, पर्दा (प्रोजेक्सन स्क्रिन), चित्रपट, इजेल, फ्लीपचार्ट, मास्किङ्ग टेप, मार्कर (कालो, नीलो, रातो), पाठयोजना, सहभागी कार्यपुस्तिका

**सत्र परिचय:** विगतमा भएका विकासका प्रयास र चिन्तनबाट कुनै पनि विकास सम्बन्धी गतिविधि र प्रक्रिया दीर्घकालिन हुन पर्दो रहेछ भन्ने बोधबाट दिगो विकासको अवधारणा ल्याइएको हो। त्यसैले आज विश्व दिगो विकासलाई साझा दृष्टिकोण र विकासको रणनीति बनाएर अगाडि बढिरहेको छ। दिगो बनाउन विकासका आर्थिक, सामाजिक र वातावरणीय तीन आयामलाई सन्तुलन गर्नु पर्दछ। पुनर्निर्माण पनि विकास नै हो, यो पनि दिगो हुनु पर्दछ। पुनर्निर्माणलाई दिगो बनाउन सामाजिक परिचालक र सहजकर्ताको ठूलो भूमिका हुन्छ। सहभागीहरुलाई दिगो विकासको अवधारणा सम्बन्धी केही सैद्वान्तिक ज्ञान प्रदान गर्न र पुनर्निर्माण र दिगो विकासको अन्तर्सम्बन्धमा प्रकासपारी पुनर्निर्माणलाई दिगो बनाउन यो सत्र तयार पारिएको हो।


मार्ग दर्सन: पुनर्निर्माण पनि विकास भएकोले यसलाई दिगो बनाउन दिगो विकासको अवधारणामा आधारित भएर सैद्वान्तिक ज्ञान भन्दा पुनर्निर्माणलाई दिगो बनाउने उदाहरण सहितका उपायहरुमा बढी ध्यान केन्द्रित हुनु पर्दछ।

विशेष सावधानी: दिगो विकास ज्यादै ठूलो विषय हो। दिगो विकास लक्ष्य र सहस्राब्दी लक्ष्यहरुको चर्चा हुदा त्यसैमा धेरै समय लाग्न सक्छ। तिनीहरुको व्याख्या नगरी केवल उल्लेख मात्र गर्नमा विशेष सावधानी अपनाउनु पर्दछ।

**सत्रको उद्देश्य:** यो सत्रको अन्त्यमा सहभागीहरु निम्न कुराहरुमा समान बुझाइका साथ छलफल गर्न सक्षम हुनेछन्।

- दिगो विकासको परिभाषा र औचित्य
- दिगो विकासको अवधारणा
- दिगो विकासको लक्ष्यहरु
- पुनर्निर्माण र दिगो विकासको अन्तरसम्बन्ध

| श्रव्य दृश्य सामग्री | पाठ विवरण (चित्रपट) | टिप्पणी |
|---|---|---|
| चित्रपट १ |  | **२ मिनेट**<br>• अभिवादन गर्ने<br>• आफ्नो परिचय दिने<br>• सत्रको परिचय दिने- विषयगत शिर्षक, लाग्ने समय, सञ्चालन विधि, प्रयोग हुने सिकाइ र सामग्रीको विषयलाई संक्षिप्तमा समेट्ने<br>• सहयोगी प्रशिक्षकहरुको परिचय दिने |
| चित्रपट २ |  | **२ मिनेट**<br>• यस सत्रको उद्देश्य प्रस्तुत गर्ने<br>अथवा<br>• सत्रको उद्देश्य सहभागीहरुबाट पढ्नको लागि अनुरोध गर्ने<br>• सहभागी कार्यपुस्तिका भए त्यसको बारेमा उल्लेख गर्ने |
| चित्रपट ३ | <br>दिगो र विकासलाई जोडेर दिगो विकास वनेको छ। विकासका विभिन्न पक्षमा सामुदायिक विकासको सत्रमा गहन छलफल भईसककेको छ । तर पनि छोटकरीमा विकासलाई दोहोर्‍याउनु पर्दछ। | **२ मिनेट**<br>• सामुदायिक विकासको सत्रमा विकासको बारेमा धेरै नै चर्चा भईसकेकोले पटमा देखाए अनुसार विकास के हो भनेर पुनर्ताजगी **मात्र** गर्ने |

| | | |
|---|---|---|
| | • विकास पहिलेको भन्दा उत्तम र समृद्ध अवस्थामा पुग्ने वा पुगेको अवस्था हो ।<br>• सकारात्मक र गुणात्मक परिवर्तनको अवस्थालाई नै सरल अर्थमा विकास भन्न सकिन्छ ।<br>• विकास एउटा योजनाबद्व रुपमा गरिने वृहत्तर (Comprehensive) बृद्वि हो ।<br>• विकास समाजकल्याणको एउटा अवधारणा, प्रयास, प्रक्रिया, गन्तव्य सबै हो ।<br>विकासमा दिगो भन्ने विशेषण जोडिएको छ। दिगोको शाब्दिक अर्थ स्थायी, लामो समयसम्म हुने, दूरगामी, दीर्घकालिन, अविछिन्न भन्ने हुन्छ ।<br>दिगो र विकासको अर्थलाई जोड्ने हो भने दिगो विकास भनेको स्थायी विकास, लामो समयसम्म हुने विकास, दूरगामी विकास, दीर्घकालिन विकास, अविछिन्न विकास हुन्छ । | • दिगो भनेको के हो भनेर सहभागीलाई सोध्ने<br>• दिगो विकासको परिभाषालाई सरल भाषामा बताउने |
| चित्रपट ४ | <br>विकास आफैमा राम्रो कुरा हो । दिगो विकास भनेर दिगो नै किन आवश्यक भयो त भनेर बुझ्न विकासमा भएका चिन्तन र प्रयास बुझ्न जरुरी हुन्छ । विकासका अवधारणा विभिन्न अवस्थाबाट सृजित भएका हुन् ।<br>पहिलो (१९१४-१९१८) र दोश्रो विश्वयुद्व (१९३९-४५) बाट तहस नहस भएको विश्वको अर्थतन्त्र, भौतिक संरचना, कृषि प्रणालीबाट माथि उठ्न आर्थिक क्रान्तिको जरुरत थियो । परिणाम स्वरुप औद्योगिक विकास र प्रविधि विकासले गति लियो । विकसित देशहरु आर्थिक रुपले समुन्नत हुदै गए र पुँजी जम्मा हुदै गयो ।<br>सोही समयमा कैयौ विकासोन्मुख देशहरु स्वतन्त्र हुदै गए र अन्तर्राष्ट्रिय जगतसंग सम्बन्ध विस्तार हुदै गयो । विकसित देशमा भएको आर्थिक विकासको प्रभाव नेपाल लगायत अन्य विकासोन्मुख देशहरुमा पनि पर्न थाल्यो । सन् १९५० को दशकमा विकसित देशबाट विकारोन्मुख देशमा अनुदान | ५ मिनेट<br>• विकास दिगो नै किन आवश्यक भयो त भनेर सहभागीलाई सोध्ने |

| | | |
|---|---|---|
| | सहयोग आउन थाल्यो । सन् १९६० को दशकमा प्रविधि पनि हस्तान्तरण हुन थाल्यो र सन् १९७० को दशकमा कृषिमा हरित क्रान्ति भयो । विकासको यस प्रयासमा धेरै आर्थिक उन्नति भयो । तर यसले विभिन्न वातावरणीय र सामाजिक समस्याहरुको सृजना हुन गयो । विकाशोन्मुख देशहरुमा जनसंख्याको वृद्विको कारणले वनजङ्गलको विनाश, अम्लिय वर्षा, जलवायु परिवर्तन, जैविक विविधताको ह्रास, रासायनिक फोहोरमैलाको निष्कासन तथा वातावरणीय प्रदुषणबाट विश्व समुदाय आक्रान्त हुन गयो । धनी र गरिबीको खाडल बढ्दै गयो । प्रदुषणबाट जनस्वास्थ्यमा ब्यापक असर पर्न थाल्यो । पूर्वाधार र आर्थिक विकास कार्य अल्पायु हुदै गए ।<br><br>वातावरणीय र आर्थिक समस्याहरु सामाजिक र राजनैतिक अवस्थासंग जोडिएका हुदा रहेछन् । यी सबैलाई नसमेटिएसम्म विकास कार्यक्रमबाट आशातित लाभ हुन सक्दैन भन्ने कुराको वोध भयो ।<br><br>यी समस्याहरुबाट पार पाउन विकासमा नयाँ आयामहरु थपिन थाल्यो । सन् १९८० को दशकमा सामाजिक विकासको अवधारणाको प्रादुर्भाव भयो । विकासमा सामुदायिक विकास, महिला सशक्तिकरण, सामाजिक समावेशीकरण, जस्ता कुराहरु समेटिन थालियो । वातावरण र विकास बीच समन्वय कायम गर्न दिगो विकासको अवधारणाको विकास, वातावरणीय समस्याहरु निराकरण गर्न विभिन्न समयमा विविध प्रयासहरु पनि भए ।<br><br>यसरी नै विकास भन्ने कुरा एक्लै गरेर सम्भव हुने रहेनछ भनेर सन् १९९० मा सहकार्यमा पनि जोड दिन थालियो । दिगो विकास केवल वातावरण संरक्षणसंग मात्र जोडिएको छैन । यसमा विभिन्न आयाम, विविध चिन्तन समेटिएका छन् । आज विकासको पर्यायबाची भनेको दिगो विकास नै हो । त्यसैले आज सारा विश्वको ध्यान नै दिगो विकासमा केन्द्रित रहेको छ ।<br><br>सन् २००० मा अन्तर्राष्ट्रिय स्तरमा नै आगामी शताब्दीको विकासको रणनीतिको रुपमा सहश्राब्दी विकास लक्ष्य (Millennium Development Goal-MDG) कार्यान्वयनमा ल्याइयो जसमा दिगो विकासको विविध आयाम रहेका थिए । सन् २०१५ मा पनि आगामी ३० वर्ष सम्ममा कुनै पनि विकासका कार्यक्रमले दिगो विकासलाई लक्षित गर्नु पर्ने कुरामा सबै देशले प्रतिवद्वता जनाई सकेका छन् । | |

**चित्रपट ५**




'दिगो विकास' शब्दको प्रयोग र दिगो विकासको अवधारणा सर्वप्रथम UN द्वारा गठित वातावरण तथा विकास सम्बन्धी विश्व आयोग, ब्रुन्टल्याण्ड आयोग (Brundtland Commission) जसको अध्यक्ष नर्वेकी प्रधानमन्त्री Dr. Gro Harlem Brundtland थिइन् सन् १९८७ मा आफ्नो प्रतिवेदन "Our Common Future" (हाम्रो साझा भविष्य) द्वारा अगाडि ल्याइएको हो । यसमा विकासका दुई पाटाहरुलाई प्रकाश पारिएको छ । एउटा आवश्यकताको अवधारणा र दोस्रो सिमाको सोचाई अर्थात पृथ्वीको भार बहन क्षमताको सोचाई ।

प्राकृतिक स्रोत, साधन, जनसंख्या र वातावरण, जनसंख्या र विकास गतिविधिहरु बीचको उचित एवं सन्तुलित तालमेललाई नै दिगो विकास भनिन्छ ।

भावी सन्ततीको पर्यावरणीय आवश्यकता, पृथ्वीको बहन क्षमता र प्राकृतिक स्रोतको दीर्घकालीन उपयोगको सुनिश्चिततालाई ध्यानमा राखेर बर्तमानको आवश्यकता परिपूर्ति गरिने विकास नै दिगो हुन्छ । दिगो विकासका मुख्यतया दुई सिद्वान्तहरु छन् ।

- आधारभूत आवश्यकताको परिपूर्ति
- पृथ्वीको विद्यमान प्राकृतिक स्रोतको उचित प्रयोग

तसर्थ दिगो विकास भनेको वास्तवमा योजनाबद्ध रुपमा गरिने वृहत्तर (Comprehensive) दीर्घकालिन सर्बपक्षीय विकास हो जसले समाजको कल्याणको अभिबृद्धि गर्ने सिलसिलामा बर्तमानको मात्र नभइ अनन्त सम्मको बाटो पहिचान गर्दछ ।

दिगो विकासले वातावरणमा जोड दिएको देखिएता पनि यसले समग्रतालाई समेट्दछ। सामाजिक र आर्थिक पक्ष पनि यसका महत्वपूर्ण पाटाहरु हुन् । यो कुरा दिगो विकासको अवधारणाबाट अझ स्पष्ट हुन्छ ।

**२ मिनेट**

**चित्रपट ६**




दिगो विकासका तीन आयामहरु छन् सामाजिक, आर्थिक र वातावरणीय । यिनीहरुलाई दिगो विकासको आधार स्तम्भ पनि भनिन्छ । दिगो विकास भनेको यी <u>तीन आयाम बीचको सन्तुलन</u> नै हो । सन्तुलनको लागि यी <u>तीन पक्ष स्वयं पनि दिगो</u> हुनु पर्दछ ।

१. **सामाजिक आयामः** समाजसंग सम्बन्धित कुरा सबै सामाजिक हुन् र समाज भनेको मानिसहरुको समूह हो । मानिसका आधारभूत आवश्यकता गास, बास, कपास, शिक्षा, स्वास्थ्य, सुरक्षा सबै सामाजिक आयाम हुन् ।

- आवश्यकताको आपूर्ति प्राकृतिक स्रोत र साधन अर्थात् वातावरण पृथ्वीबाट हुन्छ । जस्तै जमिन, पानी, हावा, वनजङ्गल, खानी, नदी, पहाड आदि ।
- प्रकृतिमा दिने काम पनि हुन्छ । भौतिक संरचनाको निर्माण, फोहोर आदि ।
- प्रकृतिबाट लिंदा प्रकृतिले पुनः उत्पादन गर्न सक्ने सीमा भित्रबाट लिनु पर्दछ र दिंदा प्रकृतिले धान्न सक्ने मात्र दिनु पर्दछ । लिने र दिने बीचको सन्तुलन भएमा विकास दिगो हुन्छ ।
- सामाजिक विकास हुन फेरी समाजमा भय र हिंसामुक्त भई शान्ति र सुरक्षाको अनुभूति पनि हुनु पर्दछ । समाज भय र हिंसामुक्त हुन न्यायपूर्ण व्यवस्था तथा साधन र स्रोतमा समतामूलक पहुँच र वितरण हुनु पर्दछ ।
- सहभागिता, सहकार्य र साझेदारी पनि उत्तिकै जरुरी छ ।

२. <u>**आर्थिक आयामः**</u> आर्थिक आयाम समृद्धिसंग सम्बन्धित छ । आर्थिक समृद्धि भनेको गरिबी निवारण र भोकमरीको अन्त्य हो । आर्थिक सम्बृद्धि फेरी के बाट हुन्छ ? आर्थिक सम्बृद्धि रोजगारीका अवसर, सीप विकास, जोखिम व्यवस्थापन, उत्पादकत्वमा वृद्धि आदि । स्थानीय स्रोत र

**६ मिनेट**

| | | |
|---|---|---|
| | साधनको प्रयोग आर्थिक सम्बृद्धिको दिगोपन पूनः सामाजिक आयामसंग जोडिएको छ ।<br><br>आर्थिक लाभको वितरण, न्यायपूर्ण र समतामूलक हुनु पर्दछ । समाजका सबै वर्गको समान पहुँच र नियन्त्रण तथा लाभको समान वितरण हुनु पर्दछ ।<br><br>३. **वातावरणीय आयामः** वातावरणीय आयाम भनेको प्रकृति प्रदत्त स्रोत र साधन हो । यसमा, हावा, पानी, जमिन, नदीनाला, हिमाल, पहाड, वनजङ्गल, वनस्पति, जनावर, चराचुरुङ्गी तथा जैविक विविधता र जैविक प्रणाली पनि पर्दछन् ।<br><br>वातावरणीय आयामको दीगोपन भन्नाले वातावरणको संरक्षण हुनु हो । वातावरण संरक्षण फेरी उही सामाजिक र आर्थिक आयामसंगै जोडिएको छ। प्राकृतिक स्रोत र साधनको उचित प्रयोग र व्यवस्थापन तथा प्रकृति माथि गरिने प्रदुषण मानिसको हातमा नै छ। यी तीन अन्तरसम्बन्धित आयामलाई बिचार गरेमा विकास दीगो हुन्छ । | |
| **चित्रपट ७** | <br><br><br>विकास र वातावरण संरक्षणमा यति धेरै चासो र सरोकार राखिनुको पछाडि अवश्य पनि धेरै कारणहरु छन् । चित्रमा देखाएको एउटा उदाहरणबाट पनि वातावरण संरक्षणको महत्वलाई स्पष्ट गर्दछ । त्यसैले विकास र वातावरणलाई सन्तुलित रुपमा लैजानु पर्ने आजको आवश्यकता हो । | ४ मिनेट |

चित्रपट ८




**दिगो विकास लक्ष्य** (Sustainable Development Goal - SDG) दिगो विकास लक्ष्य (एसडीजी) संयुक्त राष्ट्र संघले सन् २०१६ देखि सन् २०३० सम्मको लागि जारी गरेको **विकासको रणनीति** हो । यी लक्ष्यहरू मूलतः सन् २०३० सम्ममा मानिस र पृथ्वीलाई दिगो विकासको मार्गमा ल्याउन तयार गरिएका **साझा दृष्टिकोण** हुन् । यी लक्ष्यले नयाँ विकास एजेन्डाको आधारशीला तय गर्नेछन् र विश्वबाट गरिबी अन्त्य, जीवन रूपान्तरण र यस ग्रहको सुरक्षाका लागि लिइने समग्र कदमका लागि मार्ग तय गर्नेछन् ।

यस अघि यस्तै प्रकृतिको सहस्राब्दी लक्ष्य सन् २००० देखि २०१५ सम्म कार्यान्वयनमा ल्याइएको थियो । दिगो विकास लक्ष्यहरू सहस्राब्दी विकास लक्ष्य (एमडीजी) हरूको उपलब्धिको आधारमा विकास गरिएको हो । सबैका लागि मानवअधिकार प्राप्त गर्ने र सबै महिला तथा बालिकाका लागि लैङ्गिक समानता तथा सशक्तीकरण हासिल गर्नु तिनको उद्देश्य रहेको छ । यी लक्ष्यहरू एकीकृत तथा अविभाज्य छन् र तिनले दिगो विकासका **आर्थिक, सामाजिक र वातावरणीय** तीन आयामलाई सन्तुलित गर्दछन् । दिगो विकासका मुख्य **१७ लक्ष्यहरु** रहेका छन् ।

१. गरिबी ५%मा झार्ने

२. भोकमरी अन्त्य गर्ने

३. सबैमा स्वास्थ्य जीवनको सुनिश्चितता

४. सबैका लागि समावेशी र गुणस्तरीय शिक्षा

५. लैङ्गिक समानता हासिल गर्ने

६. खानेपानी र सरसफाइको सबैमा पहुँच

७. आधुनिक उर्जामा सर्बसाधारणको पहुँच

८. समावेशी, दिगो र फराकिलो आर्थिक वृद्दि


९. बलियो पूर्वाधार, दिगो औद्योगिकीकरण

१०. मुलुकभित्र र अन्य देशसंगको असमानता हटाउने

२ मिनेट

| | | |
|---|---|---|
| | ११. मानवबस्तीलाई समावेशी, सुरक्षित र दिगो बनाउने<br>१२. दिगो उपभोग र उत्पादनको ढाँचा सुनिश्चित<br>१३. जलवायु परिवर्तन र यसका प्रभावबारे लड्न कार्ययोजना तय गर्ने<br>१४. सामुद्रिक स्रोतसाधनको संरक्षण गरी दिगो प्रयोगमा जोड<br>१५. दिगो पर्यावरणीय प्रणलीको प्रयोग<br>१६. दिगो विकासका लागि शान्तिपूर्ण र समावेशी समाजको निर्माण तथा न्यायमा सबैको पहुँच<br>१७. दिगो विकास कार्यान्वयन प्रणाली मजबुत बनाउने<br>**सहस्राब्दी विकास लक्ष्य** (Millennium Development Goal-MDG)<br>सहस्राब्दी विकास लक्ष्य संयुक्त राष्ट्र संघीय सम्मेलनको घोषणा पत्रद्वारा सन् २००० को सेप्टेम्बरमा सन् २०१५ सम्मको लागि जारी गरिएको थियो । यस विकास लक्ष्यमा ८ वटा उद्देश्य, १८ वटा लक्ष्य र ४८ वटा सूचकहरु समावेश गरिएको थियो । यस सहस्राब्दी विकास घोषणा पत्रमा १४७ देशका सरकार प्रमुख सहित १८९ देशका प्रतिनिधिले हस्ताक्षर गरेका थिए । यस घोषणा पत्र मार्फत विकास, शान्ति, सुरक्षा, लैंगिक समानता, विभिन्न स्वरुपको गरिबी निवारण र दिगो मानव विकासका पक्षमा गहिरो प्रतिवद्वता व्यक्त गरिएको छ ।<br>**लक्ष्यहरु**<br>१. चरम गरिबी र भोक उन्मूलन<br>२. प्राथमिक शिक्षा सार्वभौमिक लक्ष्य प्राप्ति<br>३. लैंगिक समानतालाई बढावा र महिला सशक्तिकरण<br>४. बाल मृत्युदर घटाउने<br>५. मातृ स्वास्थ्यमा उन्नति<br>६. एचआइभी/एड्स (HIV/AIDS), औलो ज्वरो र अन्य बिमारीहरुमा रोकथाम<br>७. पर्यावरण स्थिरता सुनिश्चित र<br>८. विकासको लागि वैश्विक साझेदारीको विकास | |

**चित्रपट ९**




यी १७ विकास लक्ष्यहरूले सहस्राब्दी विकास लक्ष्य (एमडीजी)हरूको उपलब्धीमा टेकेर त्यसबाट हासिल हुन नसकेका कुराहरूलाई पूरा गर्न खोजेका छन् । सहस्राब्दी विकासका ८ वटा लक्ष्यहरु थिए भने दिगो विकासका १७ वटा लक्ष्यहरु छन् ।

दुबै लक्ष्यहरु दिगो विकासको अवधारणाका तीन आर्थिक, सामाजिक र वातावरणीय आयाममा आधारित भएता पनि दिगो विकासले सहस्राब्दी विकास लक्ष्यमा उल्लेख भएका कुरा भन्दा धेरै कुरा समेटेको छ ।

चित्रमा माथि दिगो विकास लक्ष्यहरु देखाइएका छन् र तल सहस्राब्दी लक्ष्यहरु ।

- दुबै लक्ष्यहरुले मर्यादित जीवन, मानिस, पृथ्वी र सहकार्य तथा साझेदारीलाई दिगो विकासको आधार बनाएका छन् ।
- दिगो विकासका लक्ष्यहरुले वातावरणमा संरक्षण थप जोड दिएको देखिन्छ ।
- दिगो विकास लक्ष्यले समृद्धिमा विशेष जोड दिई त्यसका विविध पक्षलाई समेत समेटेको छ ।
- सामाजिक न्याय जस्ता कुरालाई दिगो विकासको अलग्गै लक्ष्यको रुपमा लिएको छ ।

**४ मिनेट**

**चित्रपट १०**




दिगो विकासका १७ वटा लक्ष्यहरु छन् । ती लक्ष्य प्राप्त गर्न ५ वटा क्षेत्रमा कार्य गर्नु पर्दछ । वास्तवमा १७ लक्ष्य भनेको उक्त ५ क्षेत्रको लागि कार्य योजना हुन् । विकासका कार्य गर्दा यिनै ५ कुरालाई ध्यान दिनु पर्दछ । यी ५ विषयलाई अंग्रेजीमा दिगो विकासका ५Ps भनिन्छ ।

- **People (मानिस):**

  गरिबी र भोकमरीका सबै स्वरुपको अन्त्य गरी सबै मानिसको स्वच्छ वातावरणमा सम्मानजनक रुपमा बाँच्ने अधिकार सुनिश्चित गर्ने

- **Planet Earth (पृथ्वी):**

  विद्यमान प्राकृतिक स्रोतको उचित प्रयोग र व्यवस्थापनद्वारा वर्तमान लगायत भावी पुस्ताको आवश्यकता परिपुर्ती गर्न पृथ्वीको वातावरणलाई संरक्षण गर्ने

- **Prosperity (समृद्धि):**

  आर्थिक, सामाजिक र प्रविधिको विकास तथा प्रकृति बीचको तालमेलमा सन्तुलन कायम गरी मानिसको समृद्ध जीवनको अनुभूति लिन सक्ने कुरा सुनिश्चित गर्ने

- **Peace (शान्ति):**

  शान्ति बिना दिगो विकास हुन सक्दैन र दिगो विकास नभै शान्ति पनि हुदैन । तसर्थ न्यायपूर्ण, समावेशी, हिंसा र भयमुक्त समाजको सृजना गरी शान्ति कायम गर्ने

- **Partnership (साझेदारी):**

  दिगो विकासमा सहकार्य र साझेदारीको लागि सबै सरोकारवाला संघसंस्था, विशेष गरेर गरिब र संकटासन्न अवस्थामा रहेका मानिसहरुको सहभागिताको लागि परिचालन गर्ने ।


दिगो विकासका लक्ष्यहरु 5Ps मा केन्द्रित छन् । फेरी 5Ps तीनै तीन आयाममा आधारित छन् । पृथ्वी भनेको

**५ मिनेट**

| | | |
|---|---|---|
| | वातावरणीय पक्ष हो भने सम्बृद्धि आर्थिक र मानिस, शान्ति तथा सहकार्य सबै सामाजिक पक्ष हुन् ।<br><br>सन् १९८७ को 'हाम्रो साझा भविष्य' बाट आज सन् २०१५ सम्म आइपुग्दा दिगो विकास स्वयंमा पनि धेरै परिमार्जन भएको छ । आर्थिक विकास र वातावरण संरक्षणबाट शुरु भएको दिगो विकासमा धेरै पक्षहरु समावेश हुदै गएका छन् । दिगो विकासले गरिबी निवारण देखि समता, लैङ्गिक समानता, सुरक्षित पुर्वाधार, समावेशीकरण, स्रोत र साधन प्रणालीको संरक्षण र दिगो प्रयोग, शान्ति, सुरक्षा र सहभागिता आदि सबैलाई समेटेको छ । त्यसैले दिगो विकासलाई समग्र विकास, सर्वपक्षीय विकास भनिएको हो । विकास भन्नासाथ दिगो विकास सम्झनु पर्दछ । | |
| **चित्रपट ११** | <br>पुनर्निर्माण पनि विकास नै हो । तसर्थ यसलाई पनि दिगो बनाउनु पर्दछ । पुनर्निर्माणका धेरै पक्षहरु छन् । अहिलेको हाम्रो सन्दर्भमा पुनर्निर्माण भनेको सुरक्षित भवन निर्माण हो । भवन निर्माण दिगो बनाउने भनेको भूकम्प प्रतिरोधी भवन निर्माण गर्नु हो ।<br><br>भूकम्प प्रतिरोधी भवन निर्माण गरेर आगामी संम्भावित भूकम्पबाट हुन सक्ने क्षतिलाई न्यून गर्नु नै दिगो विकास हो । | **४ मिनेट**<br><br>पुनर्निर्माण र दिगो विकासको के सम्वन्ध छ भनेर सोध्ने<br><br>पुनर्निर्माण विकास हो कि होइन भनेर सहभागीलाई सोध्ने |
| **चित्रपट १२** |  | **१० मिनेट**<br><br>भवन निर्माणलाई कसरी दिगो बनाउन सकिन्छ भनेर सहभागीलाई सोध्ने र छलफल गर्ने<br><br>दिगो विकासका अवधारणाका तीन आयामहरुलाई स्मरण गराउने |

| | | |
|---|---|---|
| | **पुनर्निर्माणमा दिगो विकास**<br><br>भवन निर्माणलाई सुरक्षित बनाई कसरी दिगो बनाउन सकिन्छ भन्ने अहम प्रश्न हो । पुनर्निर्माणलाई दिगो बनाउन दिगो विकासका अवधारणाका तीन आयाम आर्थिक, वातावरणीय र सामाजिक बीच सन्तुलन गर्नु पर्दछ र दिगो विकास लक्ष्यसँग सामन्जस्य हुनु पर्दछ ।<br><br>**आर्थिक आयामः** पुनर्निर्माणको सुरक्षित भवन निर्माणमा आर्थिक आयाम भनेको अनुदानको सही उपयोग, स्थानीय निर्माण सामग्रीको अधिकतम प्रयोग, रोजगारीको अवसर, सीप विकास, स्थानीय सीपको उपयोग आदि हुन् ।<br><br>• <u>अनुदानको सही उपयोगः</u> अनुदानमा प्राप्त रकम भवन निर्माणमा नै लगानी गर्ने<br>• <u>स्थानीय निर्माण सामग्रीको अधिकतम प्रयोगः</u> भूकम्पमा भत्किएका भग्नावशेषबाट प्रशस्त मात्रामा भवन निर्माण सामग्री उपलब्ध हुन सक्छ । स्थानीयस्तरमा उपलब्ध ढुङ्गा, माटो, बाँस, काठको प्रयोग गर्न सकिन्छ । स्थानीय सामग्री उपलब्ध हुदाहुदै सिमेन्टको प्रयोग गर्दा आर्थिक भार बढ्छ ।<br>• <u>रोजगारीको अवसरः</u> भूकम्प पश्चात लाखौं घरहरु निर्माण गर्नु पर्ने अवस्था छ । संरचना निर्माणमा रोजगारीको अवसरको सृजना हुन्छ र आर्थिक वृद्धि हुन्छ ।<br>• <u>सीप विकासः</u> सुरक्षित भवन निर्माण सम्बन्धी तालिमले सीप विकास भई रोजगारीको अवसर खुल्दछ ।<br>• <u>स्थानीय सीपको उपयोगः</u> स्थानीय तहमा कार्यरत निर्माणकर्मीको प्रयोगले ज्याला कम हुन गई आर्थिक रुपमा पनि सहयोग हुन्छ ।<br><br>पुनर्निर्माणलाई दिगो बनाउन समुदायमा यिनै सूचनाको जानकारीमा समान पहुँच र समान अवसर हुनु पर्दछ । स्थानीय रुपमा नै सीपको विकास र प्रयोग हुनु पर्दछ । उक्त सूचना र जानकारी समुदायका सबै वर्गमा पुर्‍याउने प्रमुख दायित्व सामाजिक परिचालक र सहजकर्ताको हुन्छ ।<br><br>**वातावरणीय आयामः** पुनर्निर्माणमा वातावरणीय आयाम भन्नाले भवन निर्माण गर्न वातावरणबाट प्राप्त हुने निर्माण सामग्री सम्बन्धित कुराहरुलाई जनाउँदछ ।<br><br>• <u>भवन निर्माणमा उपलब्ध जमिनः</u> भवन निर्माणको लागि जमिन प्रमुख तत्व हो । जमिन पनि पृथ्वी कै स्रोत हो ।<br>• <u>स्थानीय निर्माण सामग्रीको प्रयोगः</u> भवन निर्माणको लागि आवश्यक आधारभूत निर्माण सामग्रीहरु जस्तै ढुङ्गा, | |

| | | |
|---|---|---|
| | बालुवा, माटो, बाँस, काठ वातावरणसँग सम्बन्धित छ र प्रकृतिबाट नै परिपुर्ति हुन्छ ।<br><br>पुनर्निर्माणमा भवन निर्माणलाई बलियो र दिगो बनाउन घर तथा बस्तीहरु हुने स्थान अन्य प्राकृतिक विपद् जस्तै बाढी, पहिरोको जोखिम कम हुने सुरक्षित स्थान हुनु पर्दछ । त्यसै गरी स्थानीयस्तरमा उपलब्ध निर्माण सामग्रीको पहिचान र उचित प्रयोग पनि दिगो वातावरणको लागि उत्तिकै आवश्यक पर्दछ । समुदायलाई यस्ता सम्भाब्यताको जानकारी दिन सामाजिक परिचालकको भूमिका अहम हुन्छ ।<br><br>**सामाजिक आयामः** पुनर्निर्माण वा भवन निर्माणको सामाजिक आयाम भन्नाले सहभागिता, सहकार्य, साझेदारी, दक्ष जनशक्ति, शान्ति सुरक्षा जस्ता कुराहरु पर्दछन् ।<br><br>• सहभागिता, सहकार्य र साझेदारीः लाखौंको संख्यामा निर्माण गर्नु पर्ने भवनहरु एक्लै गरेर सम्भव छैन । सरोकारवाला सबैको सहभागिता, सहकार्य र साझेदारी अनिवार्य छ ।<br>• दक्ष जनशक्तिः भूकम्प प्रतिरोधी भवन निर्माण प्रविधिसँग गाँसिएको छ । त्यसको लागि सीपमूलक तालिमबाट दक्ष जनशक्तिको विकास गरी भवन निर्माण हुनु पर्दछ ।<br>• समावेशीकरणः भवन निर्माणको सबै चरणमा समाजका सबै वर्गलाई समावेश गर्नु पर्दछ । अझ विशेष गरी गरिब र संकटासन्न अवस्थामा रहेका वर्गको समावेशीकरणलाई विशेष ध्यान दिनु पर्दछ र प्रोत्साहन गर्नु पर्दछ ।<br><br>सुरक्षित भवन निर्माणको सामाजिक आयामलाई दिगो बनाउन सरकारी निकाय देखि विभिन्न संघसंस्था,समुदायका मानिसहरु बीच सहकार्य र समन्वय हुन जरुरी छ । स्थानीय तहमा कार्य गरिरहेका निर्माणकर्मीहरुलाई भुकम्प प्रतिरोधी भवन निर्माणको तालिम प्रदान गरेर निर्माण प्रकृयालाई निरन्तरता दिएमा हाल लगायत भविष्यमा निर्माण हुने भवनहरु पनि सुरक्षित हुन गई विकास दिगो हुन्छ ।<br>यसमा पनि सूचना र जानकारीको पहुँचमा, समन्वयमा र समावेशीकरणमा सामाजिक परिचालकको जिम्मेवारी महत्वपूर्ण मानिन्छ । | |

| | | |
|---|---|---|
| चित्रपट १३ | <br><br>गरिबी घटाउने लक्ष्यको सन्दर्भमा केही प्रगति भए पनि धनी र गरिब बीचको खाडल भने अझै कम हुन सकेको छैन ।<br><br>चित्रमा आर्थिक अवस्थाको आधारमा वर्गीय विभाजन देखाइएको छ । हाम्रो समाजमा कुल जनसंख्यामा धनी वर्ग ज्यादै कम छन् । त्यसपछि मध्यम वर्ग र ठूलो जनसंख्या विपन्न वर्गमा पर्दछ । तर प्राकृतिक स्रोत र साधनमा पहुँच र नियन्त्रण भने धनी वर्गको बढी र बिपन्न वर्गको न्यून छ । यो अहिलेको अवस्था हो । यस्ले गर्दा धनी र बिपन्न वर्ग बीचको आर्थिक दुरी झन् बढ्दै गईरहेको छ ।<br><br>दिगो विकासको लागि प्राकृतिक स्रोत र साधनमा सबै वर्गको समान पहुँच र नियन्त्रण हुनु पर्दछ । यहाँ आर्थिक वर्गलाई उदाहरणको रुपमा लिइएको छ । समाजमा विद्यमान आर्थिक वर्ग मात्र होइन अन्य सबै वर्गको पहुँच र नियन्त्रण हुनु पर्दछ । यो पहुँच र नियन्त्रण केवल प्राकृतिक स्रोत र साधनमा मात्र नभएर अन्य लाभ र अवसरका कुरामा पनि हुनु पर्दछ ।<br><br>पुनर्निर्माणको दिगो विकासको लागि सुरक्षित निर्माणको सबै प्रक्रियामा सबै वर्गको समान पहुँच हुनु जरुरी छ ।<br><br>यो चार्ट स्नाकोत्तरको जनसंख्या र स्वास्थ्ये तथा जनसंख्या विषयमा स्नाकोत्तर तहमा अध्यापन गराईन्छ र त्यही बाट साभार गरिएको चित्र हो । | ४ मिनेट |
| चित्रपट १४ | <br> | ४ मिनेट<br><br>कुन प्रकारको पुनर्निर्माण दिगो हुन्छ ? सहभागीहरुलाई सोध्ने र छलफल गर्ने |

| | | |
|---|---|---|
| | चित्रमा वाँयाँ देखाइएको तस्वीरमा भूकम्प प्रभावितलाई सरकार वा अन्य कुनै संघसंस्थाले निर्माण गरेर भवन हस्तान्तरण गरेको अवस्थालाई दर्शाएको छ । त्यसैगरी अर्को तस्वीरमा भुकम्प प्रभावित मानिसहरु आफैं भूकम्प प्रतिरोधी भवन निर्माणमा संलग्न भएको अवस्था चित्रण गरिएको छ ।<br><br>पहिलो तस्वीरले परनिर्भरतालाई संकेत गर्छ । परनिर्भरता दिगो हुदैन । दोश्रोले धेरै पक्ष समेटेको छ । भूकम्प प्रतिरोधी भवन निर्माणमा संलग्न हुन पहिले स्वयंलाई यस सम्बन्धमा जानकारी हुनु पर्दछ । ज्ञानले सीपको आवश्यकताको बोध गराउँछ । साथै निर्णय प्रक्रियामा सहभागी बनाउँछ । भवन निर्माणमा संलग्नताले ज्ञान र सीपलाई अन्य स्थानमा र भविष्यमा समेत प्रयोग गर्न सकिने हुन्छ । यसको अलावा भावी पुस्तामा समेत यसको हस्तान्तरण हुन्छ ।<br><br>जसरी माग्नेलाई माछा दिनुको सट्टा माछा मार्ने सीप सिकाएमा आत्म निर्भरता हुन्छ र आर्थिक वृद्विमा टेवा पुग्दछ । त्यसरी नै भूकम्प प्रभावित मानिसहरुलाई निर्माण सम्पन्न भवनहरु दिनु भन्दा भवन निर्माणको हरेक प्रक्रियामा संलग्न गराएमा भुकम्प प्रतिरोधी भवन निर्माण भई पुनर्निर्माण दिगो हुनमा टेवा दिन्छ । | |
| **चित्रपट १५** | <br><br>सत्रको शुरुमा राखिएका सत्रको उद्देश्यहरु सत्रको प्रस्तुतिमा सबै पुरा भए नभएको कुराको पुनरावलोकन गर्नु पर्दछ । पुनरावलोकन विभिन्न तरिकावाट गर्न सकिन्छ । सहभागीहरुसंग नै सोधेर अर्न्तरक्रियात्मक रुपमा छलफल गरेर वा आफैले साराशंमा बताएर ।<br><br>सत्रको विषयवस्तुमाथि कुनै प्रश्न वा थप जिज्ञासा भए नभएको पनि जानकारी लिनु पर्दछ र भएमा जिज्ञासाहरुमा प्रकाश पार्नु पर्दछ ।<br><br>(थप सन्दर्भ सामग्रीको लागि ग्रामिण विकासमा Sustainable Development को १०० पूर्णाकको पढाई हुन्छ पुस्तक अध्ययन गर्ने) | **२ मिनेट**<br><br>• सत्रको उद्देश्यहरुको पुनरावलोकन गर्दा सहभागीहरुसंग नै सोधेर अर्न्तरक्रियात्मक रुपमा छलफल गर्ने र बुझे नबुझेको सुनिश्चत गर्ने<br>• यो सत्रको विषयवस्तुमाथि कुनै प्रश्न वा थप जिज्ञासा छ वा छैन सोध्ने । |

| | | |
|---|---|---|
| **चित्रपट १६** |   | **२ मिनेट**<br>• अन्तर्क्रिया र धैर्यताको लागि धन्यवाद सहित सहभागीहरुसँग बिदा लिने<br>• आफ्नो सहयोगी प्रशिक्षकलाई पनि धन्यवाद दिने<br>• सत्रको मूल्याङ्कन गरी दिन स्मरण गराउने |

## सामाजिक परिचालन तालिम कार्यक्रम

**पाठयोजना तथा प्रशिक्षण निर्देशिका**

# सत्र ५: उत्प्रेरणा र समुदायसंग सम्बन्ध बिस्तार

**खण्ड:** सामुदायिक परिचालन

**समय:** ६० मिनेट

**सामग्री:** मल्टिमिडिया प्रोजेक्टर, कम्प्युटर, पर्दा (प्रोजेक्सन स्क्रिन), चित्रपट, इजेल, फ्लीपचार्ट, मास्किङ्ग टेप, मार्कर (कालो, नीलो, रातो), पाठयोजना, सहभागी कार्यपुस्तिका


**सत्र परिचय:** नेपाल भूकम्पीय विपद्का हिसाबले उच्च जोखिममा पर्दछ। वि.सं. २०७२ साल वैशाखको भूकम्पमा ठूलो धनजनको क्षति खेप्नु पर्‍यो । आवास लगायत विभिन्न भौतिक संरचनाहरु भत्किए। सुरक्षित आवास निर्माण आजको अपरिहार्य आवश्यकता हो। पुनर्निर्माणको राष्ट्रिय अभियानमा समुदायलाई भूकम्प थेग्ने घर बनाउन अग्रसर गराउनु परेको छ जसको लागि समुदायलाई उत्प्रेरित गर्नु पर्दछ। यस कार्यको लागि सामाजिक परिचालक र सहजकर्ताहरुको अहम भूमिका हुन्छ। साथसाथै समुदायमा उत्प्रेरणा जगाउन सबभन्दा पहिले सम्बन्ध स्थापना र बिस्तार गर्नु पर्दछ। उत्प्रेरणाका सैद्वान्तिक ज्ञान र पुनर्निर्माणमा तीनको सार्न्दभिकता लगायत उत्प्रेरणाका श्रोतहरु तथा प्रभावकारी सम्बन्ध विस्तारका बारेमा आवश्यक जानकारी दिने परिप्रेक्ष्यमा यो सत्र तयार गरिएको हो ।

<u>मार्गदर्शन</u>: उत्प्रेरणाका सैद्वान्तिक कुराहरु संगठनको लक्ष्य प्राप्तिको लागि त्यसमा कार्यरत जनशक्तिलाई कसरी उत्प्रेरित गर्न सकिन्छ भन्ने विषयमा धेरै केन्द्रित रहेको पाइन्छ। उत्प्रेरणाको सैद्वान्तिक कुरालाई पुनर्निर्माणमा जोडेर सो अनुरुप उदाहरणहरु दिनु पर्दछ।

<u>विशेष सावधानी</u>: कार्यालय, संघसंस्थामा कार्यरत जनशक्तिको उत्प्रेरणाको विषयमा सहभागीलाई बढी चासो हुनसक्छ । छलफल पुनर्निर्माणमा समुदायलाई कसरी सुरक्षित आवास निर्माणमा उत्प्रेरित गर्ने विषयवस्तुहरु भन्दा अन्तै मोडिन सक्छ। उत्प्रेरणाका उदाहरणहरु मार्फत बारम्बार पुनर्निर्माणमा नै फर्काएर ल्याउन विशेष सावधानी अपनाउनु पर्दछ।

**सत्रको उद्देश्य:** यो सत्र पछि सहभागीहरु निम्न बुँदाहरुको विषयमा समान बुझाइका साथ छलफल गर्न र समुदायमा कार्य गर्न सक्षम हुनेछन् ।

- उत्प्रेरणाको परिभाषा र कम्तिमा ३ वटा सिद्धान्तहरु
- समुदायलाई पुनर्निर्माणमा उत्प्रेरित गर्ने उत्प्रेरणाका स्रोतहरु
- सम्वन्ध विस्तारको परिभाषा
- समुदायसंग प्रभावकारी सम्बन्ध स्थापना र विस्तार गर्ने केही उपायहरु

| श्रव्य दृश्य सामग्री | पाठ विवरण (रुपरेखा) | नोट (टिप्पणी) |
|---|---|---|
| चित्रपट १ |  | २ मिनेट<br>• अभिवादन गर्ने<br>• आफ्नो परिचय दिने<br>• सत्रको परिचय- विषयगत शिर्षक, लाग्ने समय, सञ्चालन विधि, प्रयोग हुने सिकाइ, सामग्रीको विष्यमा संक्षिप्त जानकारी दिने<br>• कार्यपुस्तिकाको बारेमा उल्लेख गर्ने<br>• सहयोगी प्रशिक्षकहरुको परिचय दिने |
| चित्रपट २ | <br>यस सत्रमा चार वटा उद्देश्यहरु रहेका छन् । माथिका दुई वटा उत्प्रेरणासंग सम्वन्धित छन् भने तलका दुई वटा समुदायसंग सम्बन्ध विस्तार गर्ने कुरासंग सम्वन्ध राख्दछन् । | २ मिनेट<br>• यस सत्रको उद्देश्य प्रस्तुत गर्ने<br>अथवा<br>• सत्रको उद्देश्य सहभागीहरुबाट पढ्नको लागि अनुरोध गर्ने |

<table>
<tr>
<td>चित्रपट ३</td>
<td>



उत्प्रेरणा व्यक्ति विशेषको आन्तरिक एवं मनोवैज्ञानिक पक्षसँग सम्बद्व एक भावनात्मक अवस्था हो ।

उत्प्रेरणालाई अंग्रेजीमा Motivation भनिन्छ । Motivation भन्ने शब्द ल्याटिन शब्द हो । जसको अर्थ चल्नु (to move) हुन्छ । त्यसैले यो शब्द अलि अमुर्त छ, भावनात्मक छ र बुझ्न पनि गाह्रो छ । उत्प्रेरणालाई न त हेर्न सकिन्छ न त नाप्न नै सकिन्छ । यसलाई केवल अनुभव गर्न सकिन्छ ।

उत्प्रेरणा भनेको कुनै काम गर्न, व्यवहार गर्न वा दृष्टिकोण बनाउन आफू भित्रैबाट वा स्वयम आफ्नै मन भित्रै देखि उब्जिने ऊर्जा, शक्ति, विचार, सोच, उत्साह आदि हो । यसलाई एउटा इक्वेसन (Equation) मा पनि राख्ने गरिन्छ ।

**उत्प्रेरणा = क्षमता □ चाहना □ प्रतिवद्धता**

**Motivation = Ability □ Desire □ Commitment**
</td>
<td>
४ मिनेट

• उत्प्रेरणा भनेको के हो ? भनेर सहभागीहरुलाई सोध्ने र उनीहरुवाट आएको कुरालाई चित्रपटमा भएको अर्थसंग जोड्दै जाने

• उत्प्रेरणाको सामान्य अर्थ सरल भाषामा बताउने
</td>
</tr>
<tr>
<td>चित्रपट ४</td>
<td>



उत्प्रेरणामा भावनात्मक पक्ष धेरै भएकोले यसको स्पष्ट परिभाषा गर्न सजिलो छैन । कुनै एक व्यक्ति एक किसिमले
</td>
<td>
४ मिनेट

• चित्रपटमा उल्लेख भएका उत्प्रेरणाका परिभाषाहरु प्रस्तुत गर्ने
</td>
</tr>
</table>

| | | |
|---|---|---|
| | उत्प्रेरित हुन्छ भने अर्को व्यक्ति अर्कै किसिमले उत्प्ररित हुन सक्छ । त्यसैले उत्प्रेरणा के हो भन्ने सम्बन्धमा धेरै परिभाषाहरु गरिएका छन् ता पनि एक रुपता र सर्वमान्य भएको एउटै परिभाषा पाइदैन । उत्प्रेरणा सम्बन्धमा गरिएका केही परिभाषाहरु भने तल दिईएका छन् ।<br>• **म्यानेजमेन्ट इन्साक्लोपेडिया**ले निर्धारित लक्ष्य प्राप्तिका लागि हुने तत्परता नै उत्प्ररणा हो । यसले स्वच्छताको तयारी र बिन्दुपथको दृढता प्रतिको भाव जाहेर गर्दछ ।<br>• **जे.सि. लिलिस**ले कुनै काम गर्नको लागि उत्पन्न आन्तरिक इच्छा वा तत्परतालाई उत्प्रेरणा भनेका छन् ।<br>• **बनार्ड बेरेलसन र स्टिनर**ले उत्प्रेरणा त्यो भित्री अवस्था हो जसलाई इच्छा, चाहना तथा लगावको संज्ञा दिन सकिन्छ । यो व्यक्ति विशेषको त्यो आत्मबल हो जसले उसलाई निर्दिष्ट कार्य प्रति उन्मुख गराउदछ भनेका छन् ।<br>संक्षेपमा, व्यक्तिले आत्मा देखि कै तत्परता र इच्छा शक्तिका साथ निर्धारित काम सम्पन्न गर्ने दृढता नै उत्प्ररणा हो भनेर लिने गरेको पाइन्छ । | |
| **चित्रपट ५** | <br><br>कुनै पनि संगठनमा काम गर्ने जनशक्तिलाई संगठनको लक्ष्य प्राप्त गर्न उसको काममा मन लगाउने, उसको दक्षता, क्षमता र सम्भावनालाई सक्रिय एवं मुर्त बनाउने उपायको खोजीको पृष्ठभुमिमा उत्प्रेरणा आएको हो । त्यसैले उत्प्रेरणालाई व्यवस्थापनको एउटा महत्वपूर्ण पक्षको रुपमा लिइन्छ<br>मानिसको स्वभाव र आवश्यकताको आधारमा विभिन्न सिदान्तहरु प्रतिपादन भएका हुन् ।<br>**अब्राहम मास्लोको आवश्यकता सोपान** (Hierarchy of Needs): | **५ मिनेट**<br>• उत्प्रेरणाका सिदान्तहरुको बारेमा केहि थाहा छ कि भनेर जिज्ञासा राख्ने |

| | | |
|---|---|---|
| | कर्मचारीको आवश्यकता पूर्ति भएको खण्डमा काम प्रति उत्प्रेरित हुन्छ भनेका छन् । उनले कर्मचारीका आवश्यकतालाई शारीरिक आवश्यकता, सुरक्षा सम्बन्धी आवश्यकता, सामाजिक आवश्यकता, अहमता सम्बन्धी आवश्यकता र आत्मसंतुष्टिको आवश्यकताको चाहना हुने कुरामा जोड दिएका छन् ।<br><br>**फ्रेडरिक हर्जवर्गको दुई तहको सिद्वान्त** (Two Factors Theory):<br><br>मानवीय आवश्यकतालाई दुई तहको रुपमा लिएका छन् । पहिलो तहको आवश्यकतालाई आधारभूत आवश्यकता (Maintenance Factors) भनेका छन् । जसअनुसार न्यूनतम रुपमा खान, बस्न, सुरक्षा, मित्रता, कार्य वातावरण एवं सामाजिक घुलमिल जस्ता आवश्यकतालाई लिन सकिन्छ । दोश्रो तहको आवश्यकतालाई उत्प्रेरक तह (Motivators) को रुपमा लिइएको छ । यस अनतर्गत शक्ति, प्रतिष्ठा, सम्मान सम्बन्धी चाहनाको परिपुर्तिबाट आत्मगौरव र आत्मसंतुष्टी प्राप्त हुन्छ र व्यक्ति काम प्रति उत्प्रेरक हुन्छ ।<br><br>**डगलस म्याक ग्रेगरको एक्स र वाई सिद्वान्त:**<br><br>कर्मचारीको स्वभाव एवं आचरणलाई दुई भागमा विभाजन गरेका छन् । सिद्वान्त एक्स ले खासगरी कर्मचारीहरु स्वभावैले आलसी, ठग र उत्तरदायित्व पन्छाउने स्वभावका हुने हुनाले उनीहरुलाई डर, त्रास र नियन्त्रणको माध्यमबाट काममा उत्प्रेरित गराउने धारणा राख्दछ । सिद्वान्त वाइ ले काम गर्ने वातावरण उपयुक्त भएको खण्डमा कर्मचारीले कामलाई उत्साहका साथ लिएर जिम्मेवारीपूर्वक सम्पन्न गर्ने भएकोले कर्मचारीलाई काम प्रति उत्प्रेरित राख्न सहभागिता लगायतका मानवीय सम्बन्धका विविध पक्षमा सुधार गरी उपयुक्त वातावरण तयार गर्नुपर्ने कुरामा जोड दिएको छ ।<br><br>**भिक्टर भुमको अपेक्षाको सिद्वान्त** (Expectancy Theory):<br><br>यसले काम र यसको उपलब्धी बीचको सकारात्मक परिणामलाई पुरस्कृत गरेमा कामप्रति कर्मचारी उत्प्रेरक हुने कुरामा जोड दिएका छन् ।<br><br>**जे. स्टासी आडम्सको समतामूलक सिद्वान्त** (Equity Theory):<br><br>एकै प्रकृति र समान किसिमको काम गर्ने कर्मचारीको लागि समान सुविधा र प्रतिष्ठा दिएमा कामप्रति उत्प्रेरित हुन्छन् भन्ने समतामूलक सिद्वान्त प्रतिपादन गरेका छन् ।<br><br>व्यक्ति व्यक्ति बीचको भिन्न धारणा र चाहना, संगठन र कामको प्रकृति आदिको कारण हरेक कर्मचारीमा बेग्लै चाहना | |

हुने हुँदा यस्तो सबै स्थितिमा सामन्जस्यता ल्याई कर्मचारीलाइ्र उत्प्रेरित गर्न समय सापेक्ष सिद्वान्त (Contingency Theory) हुनु पर्दछ भन्ने धारणा पनि रहेको पाइन्छ ।

यी बाहेक अरु पनि धेरै सिद्वान्त रहेका छन् ।

संगठनको जनशक्तिलाई उत्प्रेरित गर्ने पृष्ठभुमिमा उत्प्रेरक सिद्वान्तहरु प्रतिपादित भएकोले उदाहरणहरु कर्मचारीमा केन्द्रित भएता पनि स्वभाव र आवश्यकता मानिसको आधारभूत तत्वहरु हुनाले यसको सान्र्दभिकता समुदायलाई उत्प्रेरित गर्ने सवालमा पनि त्यतिकै रुपमा लागु हुन्छन् । समुदायका मानिसको पनि स्वभाव र आवश्यकता हुन्छ ।

**चित्रपट ६**




भूकम्पीय पुनर्निर्माणको लागि कस्लाई उत्प्रेरित गर्ने भन्ने कुरा ज्यादै बृहत छ । वास्तवमा पुनर्निमाणको राष्ट्रिय अभियानमा सरोकार राख्ने सबै मानिसहरु उत्प्रेरित हुनु पर्दछ । सबै भन्नाले यसमा संलग्न केन्द्र देखि स्थानीय तहसम्मका सरकारी निकायका कर्मचारीहरु, गैरसरकारी संघसंस्थामा कार्यरत कर्मचारीहरु, निर्माणकर्मी तथा प्राविधिकहरु, भुकम्प प्रभावित समुदायका मानिसहरु लगायत सामाजिक परिचालक र सहजकर्ता पनि जनाउदछ । अझ गहिरिएर हेर्ने हो भने प्रत्येक समूह भित्रमा पनि महिला, पुरुष कर्मचारी, विभिन्न उमेर र जातका कर्मचारी, नीति बनाउने कर्मचारी देखि कार्यान्वयन गर्ने तथा अन्य सहायक कर्मचारी आदि । तर सबै कर्मचारीहरुलाई उत्प्रेरित गर्ने सम्बन्धमा आ-आफ्नो संस्थाले नै चिन्तन र उपायहरु गरिरहेका हुन्छन् । सरकारी तहमा उत्प्रेरणाका लागि अलग्गै प्रावधानहरु छन् । प्राय सबैलाई थाहा भएका कर्मचारीलाई उत्प्रेरित गर्ने तलका केहि उदाहरणहरुलाई लिन सकिन्छ ।

**३ मिनेट**

- भूकम्पीय पुनर्निर्माणमा को को उतप्रेरित हुनु पर्ला ? वा कस्लाई उत्प्रेरित गर्नु पर्ला ? भनेर सोध्ने

<table>
<tr>
<td></td>
<td>
<u>रोजगारीको सम्भावना:</u> हाल कार्यरत कार्यलयमा काम गरेको अनुभवले अरु रोजगारीको अवसर र प्रवल सम्भावनाले उत्प्रेरणा जागरुप गर्न मद्दत गर्छ ।

- <u>आवद्व संघ-संस्थाको मूल्यमान्यता लक्ष कार्यशैली:</u> आफु अहिले कार्यरत संघ संस्थाको मूल्यमान्यता, लक्ष, कार्यशैली मन परेर ।
- उपलब्धिको अपेक्षा, पुरस्कार, प्रशंसा, ख्याति, मान, सम्मान: आफुले गरेको राम्रो कामको उचित मूल्याङ्कन भएर ।
- <u>व्यक्तिगत व्यावसायिक विकास:</u> आफुले गरेको कामको अनुभवबाट व्यक्तिगत र व्यवसायिक दुवै रुपमा विकास हुनाले ।
- <u>परिश्रमिक सेवा सुविधा:</u> आफूले गरिरहेको कार्यलयमा राम्रो पारिश्रमिक र सेवा सुविधा भएर ।

सबै उदाहरणहरु मानिसका स्वभाव र आवश्यकतासंगै सम्बनिधत छन् ।

हाम्रो सन्दर्भ भनेको हाम्रो कार्यक्षेत्रमा अवस्थित समुदायका मानिसहरुलाई कसरी सुरक्षित निर्माण गर्न उत्प्रेरणा जगाउने भन्ने कुरामा केन्द्रित रहन्छ । यसमा भूकम्प प्रभावित समुदायका घरधनीहरुका साथै नियमित रुपमा नया बन्ने घरका घरधरधनीहरु दुवै पर्दछन् । यी मध्ये विषेश गरेर समुदायका प्रभावशाली अगुवाहरु, वालवालिका, महिला, शिक्षकवर्गलाई उत्प्रेरित गर्नु पर्दछ ।
</td>
<td>

- हाम्रो सन्दर्भ स्पष्ट गर्ने
</td>
</tr>
<tr>
<td>चित्रपट ७</td>
<td>



मानिस विभिन्न कुराबाट उत्प्रेरित हुन्छ । समग्रमा भन्नु पर्दा मानिसको <u>स्वभाव</u> र <u>आवश्यकता</u> नै उत्प्रणाको श्रोतहरु हुन् । उत्प्रेरणाका सिद्वान्तहरु पनि यसैका आधारमा प्रतिपादित भएका हुन् । पुनर्निर्माण्मा समुदायलाई उत्प्रेरित गर्ने सवालमा
</td>
<td>४ मिनेट</td>
</tr>
</table>

| | | |
|---|---|---|
| | पनि समुदायका मानिसको यहि स्वभाव र आवश्यकतामा नै ध्यान दिनु पर्दछ ।<br><br>**सुरक्षाको अनुभुतिः** सुरक्षा मानिसको आधारभूत आवश्यकता मध्येको एउटा महत्वपूर्ण आवश्यकता हो । सुरक्षा अन्तर्गत शारीरिक हानी नोक्शानीबाट बच्ने, स्वास्थ्यको सुरक्षा, प्राकृतिक विपद्बाट सुरक्षा आदि पर्दछन् । पुनर्निर्माणमा पनि सुरक्षाको कुरालाई जोड्न सकिन्छ ।<br><br>भूकम्प प्रतिरोधी घरको निर्माणबाट धनजनको क्षति वा भुकम्पीय जोखिमलाई धेरै कम गर्न सकिन्छ । यो सुरक्षाको अनुभुति उत्प्रेरक हुन्छ । यही कुरालाई लिएर घच्घच्याउनु पर्दछ । भूकम्प प्रतिरोधी घर र भुकम्प प्रतिरोधी नभएको घरबाट भएको धनजनको क्षतिको तुलनात्मक उदाहरण पनि दिन सकिन्छ । यसले उत्प्रेरणा जगाउन थप सहयोग गर्छ ।<br><br>**आत्मसन्तुष्टीः** आत्मसम्मान, उपलब्धीपूर्ण जीवन, शक्ति, मान, इज्जत, सामाजिक प्रतिष्ठाका चाहना, मनको रहर, अनुभवको पाठ सिकाइले आत्मसन्तुष्टी दिन्छन् । यो मानिसको स्वभाव हो । त्यसैले यीसंग सम्वन्धीत कुराहरु उत्प्रेरणाको श्रोत मानिन्छन् । उदाहरणः<br><br>• कुनै कुरा मानिसलाई भित्रैमनबाट गर्न मन लागेको छ भने जोसुकैले हुदैन भने पनि एक न एक दिन गरेरै छाड्छ ।<br>• सिलालेखमा नाम लेख्न पाइने कार्यमा मानिस लागि पर्दछ ।<br>• अनुभवको आधारको पाठ सिकाइमा तुरुन्त अग्रसर हुन्छ ।<br>• गाउँमा भर्खर जस्तापाता आएको बेला जस्ता पाताको छाना हुनु प्रतिष्ठा मानिन्थ्यो । अहिले पनि पिलर सिस्टमको, सिमेन्टको घर हुनु इज्जतसंग जोडिन्छ ।<br><br>भूकम्प प्रतिरोधी घर बनाएमा त्यसरी नै इज्जतसंग गाँसिने र समुदायमा उदाहरण बन्न सकिने कुरामा जोड दिनुपर्दछ ।<br><br>**सामाजिक आवश्यकताः** मानिस समाजकै अगं हो र समाजवाट प्रेम, लगाव अपनत्व, मैत्री, पाउन चाहन्छ तथा सम”हसंग सधैं आवद्ध हुन खोज्दछ । यो मानिसको सामाजिक आवश्यकता हो । मानिसको समाजमा अरुले गरेको कुरा देखासिकी गर्ने प्रवृति हुन्छ । अरुले गरेको कुरा मैले पनि गरें है भनेर प्रदर्शन गरेर आवद्धता जनाउदछ । जस्तै छोराछोरीको बिहे भव्य रुपमा गर्नेलाई पनि एउटा उदाहरणको रुपमा लिन सकिन्छ ।<br><br>त्यसरी नै समुदायका अन्य सदस्यहरुले भूकम्प प्रतिरोधी घर निर्माण गरिसकेका उदाहरणहरुबाट समुदायका अन्य मानिसलाई उत्प्रेरणा जगाउन सकिन्छ । | |

| | | |
|---|---|---|
| | **वातावरणीय परिवेश**: मानवीय व्यबहारका विभिन्न पक्ष जस्तै बोली, भाषा, शिष्टता आदि सम्बन्ध विस्तारका कुराले पनि उत्प्रेरणा जगाउनलाई प्रभाव पार्दछ । उदाहरण:<br><br>• गाउँमा खेतीको बेला कुनै कार्यक्रम संचालन गर्नु पर्ने आवश्यकता पऱ्यो र मानिसहरु जुटाउन नसकिने भयो भने खेतमा काम गरिरहेकै अवस्थमा एक छिन समय मिलाएर आफना भनाई राख्न सकिन्छ । यसले पनि उतप्रेरित गराउन सक्छ । | |
| चित्रपट ८ | <br><br>**समतामूलक**: उत्प्रेरित गराउन चाहने व्यक्तिले समुदायका सबै सदस्यहरुमा समान व्यवहार गरेमा उत्प्रेरणा जगाउन सकिन्छ । राजनैतिक रुपमा असंलग्न हुनु, समान रुपमा ज्ञान, सीप, उपलब्ध गराउनु समतामूलक सिदान्तसंग सम्वन्धित कुराहरु हुन् ।<br><br>**स्वःचरितार्थ (Need for self-actualization)**: आफ्नो क्षमताको र सम्भावनाको अधिकतम उपयोग गर्न खोज्ने मानिसको स्वभावलाई स्वःचरितार्थ भनिन्छ । जे जति हुन सक्छ त्यही हुने इच्छा । जस्तै राजनीतिज्ञ मन्त्री हुन खोज्नु, कर्मचारी सचिव हुन खोज्नु आदि ।<br><br>समुदायका प्रतिभाशाली अगुवाहरुको पहिचान गरेर उनीहरुलाई भूकम्प प्रतिरोधात्मक प्रविधिबाट घर बनाउन अगुवाई लिन उत्प्रेरित गर्न सकिन्छ । यसको प्रभाव पछि स्वत समुदायका अन्य सदस्यहरुमा पर्न जान्छ ।<br><br>**मौद्रिक सुविधा**: आर्थिक सहयोगले पनि मानिसलाई उत्प्रेरणा जगाउँदछ । अहिले उपलब्ध अनुदान, ऋण सहयोग पनि उत्प्रेरणाको स्रोत बन्न सकछ ।<br><br>• घर त सबैले सधै आफै बनाइरहेका हुन्छन् । घर बनाउने बेलामा कसैले पनि सरकारसंग आर्थिक सहयोग मागेको पाइदैन । अहिलेको अवस्थामा त केही अनुदान, ऋण | ४ मिनेट |

| | | |
|---|---|---|
| | सहयोग प्राप्त भईरहेको कुरा स्मरण गराएर पनि उत्प्रेरणा जगाउन सकिन्छ ।<br>• पुरानो भत्किएको निर्माण सामग्रीको पुन प्रयोगबाट थप आर्थिक भार कम हुन सक्छ भन्ने कुराबाट पनि मानिस उत्प्रेरित हुन सक्छ ।<br><br>**गैर मौद्रिक:** कहिले काही ऐन, कानुन, नीति, नियम, विनियम जस्ता गैर मौद्रिक कुरा पनि प्रेरणाको स्रोत हुन सक्छ । जस्तै सरकारले लागू गरेको नियम कानून, घर मापदण्ड अनुसार घर बनाएन भने वा यसको पालना भएन भने अनुदान, ऋण उपलब्ध हुन सक्दैन ।<br><br>यसरी समुदायमा रहेका विभिन्न मानिसलाई विधिन्न तरिकाले भूकम्प प्रतिरोधी घर बनाउन उत्प्रेरित गर्नु पर्दछ । | |
| **चित्रपट ९** | <br><br><br>उत्प्रेरणा भावनात्मक अवस्था हो र यो परिवर्तनशील छ । उत्प्रेरणाका विभिन्न चरण हुन्छन् र यसलाई निरन्तर रुपमा जगाईराख्न अवस्था अनुसार विविध प्रकारका उत्प्रेरित कार्यहरु गर्दै जानु पर्दछ ।<br><br>**अनभिज्ञता:** समुदायमा धेरै जसो मानिसहरु आफ्नो वस्तुस्थिती र समुदायमा भई रहेका कतिपय गतिविधि देखी अनभिज्ञ हुन्छन् । केही पनि थाहा नभएको यो अवस्थामा उत्प्रेरणा शुन्य हुन्छ । यो अनभिज्ञताको अवस्था हो ।<br><br>यस्तो अवस्थामा रहेका व्यक्तिहरुलाई पुनर्निर्माणका विविध विषयमा जानकारी दिनु पर्दछ ।। जस्तै: २०७२ बैशाख १२को भूकम्पले धेरै ढुङ्गा माटोको घर भत्केर धनजनको क्षति भयो र मान्छेहरुमा ढुङ्गा माटोको घर सुरक्षित हुदोरहेनछ भन्ने कुराले भ्रम पैदा भयो । तर केही प्रविधि मिलाएर बनाए ढुङ्गा माटोको घरपनि भूकम्प प्रतिरोधी बनाउन सकिन्छ भनेर जानकारी दिनुपर्छ । यति मात्र नभइ अनुदानबारे पनि जानकारी दिनुपर्छ । | **६ मिनेट** |

**कौतुहलताः** कौतुहलता हुनु वास्तवमा उत्प्रेरणाको पहिलो नरण हो । त्यसैले यो चरण एकदमै महत्वपूर्ण मानिन्छ । कौतुहलता जगाउन कुनै पनि प्रकारवाट सूचनाको प्राप्ती हुनु पर्दछ । सूचनाको पहुँचमा विभिन्न सञ्चार माध्यम, स्थानिय निकाय, सामाजिक परिचालक र सहजकर्ताको महत्वपूर्ण भूमिका हुन्छ । त्यसैले सामाजिक परिचालक तथा सहजकर्ताको जिम्मेवारी यस अवस्थामा धेरै हुन्छ ।

यस्तो अवस्थामा सही र उपयुक्त सूचना प्राप्त गरी उक्त सूचनाको प्रभावकारी रुपमा प्रवाह गर्नु पर्दछ । केहि सूचनाले कोतुहलता जगाउछ ।

**गतिशीलताः** कौतुहलताले गतिशिलता ल्याउँछ । गतिशिलतामा बढि भन्दा बढि सूचना तथा जानकारी प्राप्त गर्ने चाहना हुन्छ । सूचना तथा जानकारी प्रवाहमा गतिशिलता आउछ ।

- के गर्ने ।
- किन गर्ने ।
- कसरी गर्ने ।
- यो गरे वा नगरे के हुन्छ ?
- श्रोत साधन र समय कति लाग्छ ?

यस्तो अवस्थामा सही र तत्थ सूचना प्रवाह गर्ने, विद्यमान चलन चल्ती र वैकल्पिक सोचको समीक्षा गर्ने, पारदर्शिता सुनिश्चित गर्ने कार्यहरु गर्नु पर्दछ ।

यी सबैकुरामा उत्प्रेरणा निर्भर हुन्छ । छोटो समयमा धेरै जानकारी दिनु पर्दछ ।

**स्थीरताः** सबै आवश्यक कुराको जानकरी भए पछि स्थीरताको अवस्था हुन्छ । स्थीरता भन्नाले सूचना तथा जानकारीको प्रवाहमा स्थीरता हो । तर यसमा चिनतन मनन् धेरै हुन्छ र समय धेरै लाग्छ । यो बेलामा बीच बीचमा संझाई रहनु पर्दछ तर अन्तरमनको समिक्षाको लागि समय पनि दिनु पर्दछ । आवश्यक परेमा मार्ग निर्देश पनि गर्नु पर्दछ ।

**जागरुकताः** यो इच्छा शक्तिको जागरुकताको अवस्था हो । यसमा कार्य गर्न शुरुवात गर्ने विचार आउँछ, त्यसको विकास हुन्छ र निर्णयमा पुगिन्छ । उत्प्रेरकले यो मनस्थिती बुझेर वैचारिक निर्णय लिन सहयोग गर्नु पर्दछ ।

**व्यवहारिकताः** व्यवहारिकताको अवस्था भनेको कार्यान्वयनको अवस्था हो, व्यवहारिकतामा सकरात्मक परिवर्तन ल्याउने कुरा हो । सबैभन्दा महत्वपूर्ण अवस्था यहि हो । यो चरण नभएमा अन्य चरणहरु भएको पनि कुनै अर्थ रहदैन । यस्तो

<table>
<tr><td></td><td>अवस्थामा व्यवहारिक कठिनाई परेमा समाधानका उपायहरुबाट सहयोग गरी उत्प्रेरणालाई निस्कषमा पुराउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>चित्रपट १०</td><td>


मानिस यस समाजमा एकबाट अर्कोसंग सम्बन्ध नै सम्बन्धको जालोमा गाँसिएको छ ।

परम्पराको हिसाबबाट जस्तै बैबाहिक सुत्रमा बाँधिए पछि बैबाहिक सम्बन्ध स्थापना हुन्छ । बिवाह पश्चात् यस सँगै गाँसिएर अन्य धेरै नाता सम्बन्धहरु स्थापित हुन्छन् । परम्पराका अन्य उदाहरणमा मित लगाउनु, धमपुत्र वा पुत्री बनाउनु आदि पनि पर्दछन् । हुनत यसको कानुनी आधार पनि हुन्छ ।

त्यस्तै गरी बाबु आमा र छोराछोरीमा रगतको नाताको सम्बन्ध सबैलाई थाहा भएकै कुरा हो । यस बाहेक पनि साथीभाई र अन्य धेरै सम्बन्धहरु हुन्छन् ।

हाम्रो अहिलेको सन्दर्भ भनेको समुदायसंगको सम्बन्ध हो । मानिस मानिस बीचको भावनात्मक बन्धन, सकारात्मक अनुभुति, निकटता, आत्मीयताको अनुभुतिलाइ <u>सम्बन्ध</u> भनिन्छ ।

बिस्तार भन्नाले फैलावट, गहिराई जनाउँछ ।</td><td>६ मिनेट

• मानिस मानिस बीच के के कस्ता कस्ता सम्वन्ध छन् ? भनेर सहभागीहरुलाई सोध्ने र सबै प्रकारका सम्वन्धको छोटो चर्चा गर्ने

• हाम्रो सन्दर्भको सम्वन्ध स्पष्ट गर्ने

• सम्बन्ध भनेको के हो ?

• बिस्तार भनेको के हो?</td></tr>
</table>

| | | |
|---|---|---|
| चित्रपट ११ | <br><br>**सम्बन्ध बिस्तार** भनेको निकटतालाई झन् निकट बनाउनु, फैलाउनु, अझ बलियो वा मजवुत बनाउनु हो ।<br>सम्बन्ध बिस्तार भनेको एक-अर्कासंग विचारको आदान-प्रदान, नजिकता, भावना र वैचारिक हिसाबमा आपसी अर्न्तक्रिया गरी नजिक हुर्ने प्रकिया हो ।<br>**सम्बन्ध बिस्तार किन ?**<br>सम्बन्ध बिस्तारबाट एक आपस बीच एक प्रकारको विश्वास उत्पन्न हुन्छ र मनको कुराकानी गर्ने सहज वातावरणको सृजना हुन्छ। सम्बन्ध विस्तारबाट पुनर्निर्माणको अभियानमा सुरक्षित भवन निर्माण गर्न समुदायलाई उत्प्रेरणा जगाउन बाटो खुल्दछ। सम्बन्ध बिस्तार उत्प्ररणाको पहिलो खुड्किलो हो ।<br>**सम्बन्ध बिस्तार कसरी ?**<br>सम्बन्ध बिस्तार एउटा कला हो जुन सिक्न सकिन्छ। सम्बन्ध बिस्तारको लागि धेरै विधि, तरिकाहरु छन् । त्यसैले यसका केही तरिकाहरु जानी राखेमा सम्बन्ध स्थापना र बिस्तार गर्न सजिलो हुन्छ । | ३ मिनेट<br>• सम्बन्धको अर्थ र बिस्तार को अर्थ थाहा भएपछि अब सम्बन्ध बिस्तार भनेको के हो ? भनेर सोध्ने |
| चित्रपट १२ | <br> | ३ मिनेट |

| | | |
|---|---|---|
| | मानिस मानिस बीच धेरै प्रकारको सम्बन्ध हुदो रहेछ भन्ने कुरा पहिले नै चर्चा भई सकेको छ। मानिस मानिस बीचको सारा सम्बन्धलाई दुईवटा तहमा विभाजन गर्न सकिन्छ।<br><br>कतिपय सम्बन्ध जस्तै परिवार, साथीभाई, नातागोता व्यक्तिगत रुपमा स्वत: स्थापित हुन्छ भने भने कतिपय सम्बन्ध कार्य क्षेत्रको हिसाबले स्थापित गर्दै जानु पर्दछ। तसर्थ मानिसका सम्बन्ध व्यक्तिगत तहमा र संस्थागत गरी दुई तहमा विस्तार हुन्छ।<br><br>सबै संग सम्बन्ध विस्तार हुनु राम्रो कुरा हो र हुनुपर्दछ। तर कार्य क्षेत्रको हिसाबले अहिले हाम्रो सर्न्दभ समुदायसंगको सम्बन्ध सथापना र विस्तारसंग छ।<br><br>**व्यक्तिगत तहको सम्बन्ध:**<br>• परिवार<br>• साथी सँगी<br>• नातागोता<br><br>**संस्थागत तहको सम्बन्ध:**<br>• समुदाय<br>• समूह, क्लब र संगठन<br>• सरकारी र गैर सरकारी संस्था<br>• राजनैतिक, धार्मिक संघसंस्था | |
| **चित्रपट १३** | <br>चित्रमा मानिसहरु कुनै बैठकमा कुनै विषयमा कुराकानी गर्न भेला भएका छन्।<br><br>छलफलको क्रममा याद गर्ने हो भने धेरैले शुरु देखि नै प्रयोग गर्ने शब्दहरु भनेको "म, मलाई, मेरो वा तपाईको, तपाईहरु" हुन्। कोही कोहीले हामी, हाम्रो भनेको पनि सुनिन्छ। | **४ मिनेट**<br><br>• सहभागीहरुसंग यो चित्रमा के गरिराखेको जस्तो देखिन्छ ? भनेर सोध्ने<br><br>• तपाईहरुको विचारमा यी मध्य कसले भनेको कुरा सबैले ध्यान दिएर सुन्लान् त ? |

| | | |
|---|---|---|
| | सम्वन्ध स्थापनाका लागि "म, मलाई, मेरो" अथवा "तपाईको, तपाईहरुलाई" भनेर अगाडि बढ्नु भन्दा "हामी, हाम्रो" भनेर आपसी सम्वन्ध देखाउदा राम्रो हुन्छ । त्यसैले सम्वन्ध निर्माणको सहि नीति भनेको "हामी भन्ने भावना" हो । | |
| चित्रपट १४ | <br>सम्बन्ध स्थापना वा विस्तारको लागि तीन कुराको आवश्यकता हुन्छ ।<br>• कुरा गर्न कुनै साझा विषयवस्तु वा उद्धेश्य वा लक्ष्य हुनै पर्‍यो ।<br>• अर्को महत्वपूर्ण कुरा समय हो । विषयवस्तुका साथसाथै **समय** प्रदान गर्नु अत्यावश्यक हुन्छ । आफूले कति समय दिइयो भन्ने कुराले सम्बन्ध विस्तारमा फरक पर्दछ ।<br>• प्रभावकारी सम्बन्ध विस्तार मानिसले मानिससंग गर्ने **व्यवहारका विविध पक्ष**संग पनि सम्बन्धित छ । यसमा वोली, भाषा सस्कति, आदर, सम्मान, शिष्टता आस्था, तटस्थता, सहयोग आदि पर्दछन् । सम्बन्ध विस्तारको लागि स-सानो कुराहरु महत्वपूर्ण छन् र यीनै ससाना कुरामा मा ध्यान दिनु आवश्यक हुन्छ ।<br>तपाईंहरुले कहिले कोही मान्छे यस्तो भट्नु भएको छ ? जसको न नाम थाहा छ, न चिनजान भएको छ तर पनि देख्दै रिस उठ्छ । कहिले नबोलु जस्तो । तर पछि गएर त्यो मान्छेसँग कुरा हुदै, चिनजान हुदै जाँदा यो जस्तो राम्रो मान्छे त भेटेकै थिइन जस्तो हुन्छ । यो सम्बन्ध बिस्तारको उदाहरण हो । जति धेरै सकारात्मक समय, आत्मियताको समय अर्को मान्छेसँग साट्न थाल्नुहुन्छ त्यति नै धेरै अर्को मान्छेले साट्ने सम्भावना हुन्छ । अर्को मान्छेले त्यति नै तपाईको कुरा मान्छ जति तपाईले पनि उसको कुरा मान्नु हुन्छ । त्यसपछि तपाईको सम्बन्ध साचिकै बिस्तार हुन्छ । | ६ मिनेट<br><br>• सम्बन्ध विस्तारको लागि नभै नहुने कुरा के होला ? भनी सहभागीलाई सोध्ने र **समय** भन्ने शब्द नआएसम्म अन्तर्क्रियात्मक तरिकाले छलफल गरिरहने । |

| | | |
|---|---|---|
| | • अभिवादन, आदर, सम्मान, शिष्टता :<br>अभिवादन, सञ्चो-बिसञ्चोको बारेमा सोधाइ सभ्यताको प्रतिक मानिन्छ । ज्येष्ठ नागरिकलाई आदर गर्नु, साना बालबालिकालाई माया गर्नु पनि शिष्टता नै हो । सधैं यसमा यो कुरामा कायम रहनु पर्दछ ।<br>• परिवेश, संस्कृति अनुसार  भाषा, शैलीको प्रयोगः<br>समुदायमा विभिन्न वर्ग, जाति, समूहका मान्छेहरु हुन्छन् । परिवेश अनुसारको भाषा शैलीको प्रयोगले सम्बन्ध विस्तारलाई प्रभावकारी बनाउँदछ । जस्तै आमा समूहको लागि कार्यक्रम सञ्चालन गर्दा सबै कुरा अग्रेजीमा भन्यो भने त्यो काम नलाग्न सक्छ ।<br>• व्यक्तिगत विचार, राजनैतिक, धार्मिक आस्था मतभेदको सम्मानः<br>सबै व्यक्तिको आ-आफ्नो विचार हुन्छ, धार्मिक र राजनैतिक आस्था हुन्छ । समुदायमा कुनै कार्यक्रम वा सूचना लिएर जादा हामीले भनेको सबै कुरा त्यहाँका मान्छेले मान्छन् भन्ने हुदैन र त्यो जरुरी पनि छैन । त्यसैले समुदायका मानिसहरुको व्यक्तिगत विचार, राजनैतिक, धार्मिक आस्था मतभेदको सधैं सम्मान गर्नुपर्छ । धार्मिक र राजनैतिक रुपमा तटस्थ पनि रहनु पर्दछ ।<br>• अरुले गरेको मन नपर्ने व्यवहार कसैलाई नगर्नेः<br>आफूलाई अरुले जुन व्यवहार गरेको मन पर्दैन त्यो व्यवहार आफूले पनि अरुलाई नगर्ने ।<br>• संभाव्य सहयोगका हातहरु बढाउनेः आफूले काम गर्ने गाउँठाउँमा कसैलाई टाउको दुखेको रहेछ भने आफूसँग भएको औषधी एक चक्की दिदा, आफ्नो खाली समयमा त्यहाँका वच्चाहरुलाई पढाइ दिदा, समुदायका मानिसहरुले गरिरहेको काममा सहयोग गरिदिदा पनि सम्बन्ध बिस्तार गर्न निकै मद्दत गर्छ ।<br>• म छु र संसार छ, संसार छ र म त्यसमै छु :<br>मेरा लागि सबभन्दा महत्वपूर्ण व्यक्ति मै हुँ, तैपनि मेरो अगाडिको व्यक्ति पनि कम महत्वका छैनन् । म जति महत्वपूर्ण छु र मेरो अगाडिको र वरिपरिका व्यक्तिहरु पनि त्यतिकै महत्वपूर्ण छ ।<br>व्यवहार सम्बन्धी कुरा यस्तै हुनु पर्छ भनेर भन्न कठिन हुन्छ । कतिपय कुरा समय परिस्थिति अनुरुप सिक्दै पनि जानु पर्दछ । सकारात्मक सोंचका साथ समुदायमा सम्बन्ध स्थापना र विस्तार गरेमा आफ्नो लक्ष्यमा पुग्न सजिलो हुन्छ । | |

<table>
<tr>
<td>चित्रपट १५</td>
<td>

सत्रको उद्देश्य पुरा भए नभएको समीक्षा गर्नु पर्दछ । सत्रको विषयवस्तु सम्बन्धी सहभागीहरुको केही जिज्ञासा वा प्रश्न छ वा छैन ।
आएका जिज्ञासाहरुको समाधान गर्नु पर्दछ । </td>
<td>२ मिनेट
<ul><li>सत्रको उद्देश्य पढेर सुनाउने वा सहभागीहरुलाई पढ्न लगाउन पनि सकिन्छ ।</li></ul></td>
</tr>
<tr>
<td>चित्रपट १६</td>
<td>
</td>
<td>२ मिनेट
<ul><li>सत्रमा भएको अन्तर्क्रिया र धैर्यताको सहभागीहरुलाई धेरै धन्यवाद दिने</li>
<li>आफ्नो सहयोगी प्रशिक्षकलाई पनि धन्यवाद दिने</li>
<li>सत्रको मूल्याङ्कन गरी दिन स्मरण गराउने ।</li></ul></td>
</tr>
</table>

# सामाजिक परिचालन तालिम कार्यक्रम

**पाठयोजना तथा प्रशिक्षण निर्देशिका**

## सत्र ६: सामुदायिक विकास र आर.आर.ए./पि.आर.ए.

**खण्डः** सामुदायिक विकास

**समयः** ६० मिनेट

**सामग्रीः** मल्टिमिडिया, प्रोजेक्टर, कम्प्युटर, पर्दा (प्रोजेक्सन स्क्रिन), चित्रपट, इजेल, फ्लीपचार्ट, मास्किङ्ग टेप, मार्कर (कालो, नीलो, रातो) पाठयोजना, सहभागी कार्यपुस्तिका



**सत्रको परिचयः** सामाजिक विकासको कार्यक्रम सन्चालन गर्नको लागि समुदायको वास्तविक तथ्याङ्क संकलन गर्नुपर्छ । तथ्याङ्क विभिन्न विधिहरुवाट संकलन गर्ने गरिन्छ । ति विधिहरु २ वटा अवधारणाको माताहतमा रहेर गरिन्छ । आर.आर.ए. र पि.आर.ए. तथ्याङ्क संकलनको प्रमूख अवधारणा विधिहरु हुन । यी अवधारणाहरुबाट प्रभावकारी रुपमा तथ्याङ्क संकलन गर्न सकिन्छ ।

**मार्ग दर्शनः** विकासका कार्यक्रम सन्चालन गर्नको लागि समुदायको यथार्त वस्तु स्थितीको प्राप्त गर्नुपर्दछ । समुदायको यथार्त तथ्याङ्क संकलन गर्ने प्रमूख २ अवधारणाहरु आर.आर.ए र पि.आर.ए  हुन् । पि.आर.ए. विधिबाट तथ्याङ्क संकलन गर्दा गहन, यथार्तपरक र समस्या समाधान गर्न सकिने तथ्याङ्क संकलन गर्न सकिन्छ ।

**विशेष सावधानीः** तथ्याङ्क संकलनका विभिन्न विधिहरु छन् । ति विधिहरु पि.आर.ए. भित्रका विधिहरु छन् । यस सत्रमा आर.आर.ए. र पि.आर.ए.को आधारभूत विषयमा छलफल गर्नुपर्दछ ।

**सत्रको उदेश्यः** यस सत्रको अन्तमा सहभागीहरु निम्न बुदाहरुको विषयमा बुझाईका साथ छलफल गर्न सक्नेछन् :

- आर.आर.ए. र पि.आर.ए. को विकास अबधारणा
- फाइदा/बेफाइदा


| पाठ्य सामग्री | पट व्याख्या | टिप्पणी |
|---|---|---|
| चित्रपट १ | <br>आफ्नो र सत्रको परिचय दिनुहोस । | २ मिनेट<br>• अभिवादन तथा आफ्नो परिचय<br>• सत्रको परिचय- विषयगत शिर्षक, लाग्ने समय, सञ्चालन विधि, प्रयोग हुने सिकाइ, सामग्रीको विषयमा संक्षिप्त जानकारी<br>• आफ्नो सहयोगी प्रशिक्षकको जानकारी दिने |
| चित्रपट २ | <br>सत्रका २ उदेश्यहरु रहेका छन् । | २ मिनेट<br>• सत्रको अन्तमा उदेश्यहरु समिक्षा गर्ने<br>अथवा<br>• सत्रको उद्वेश्य सहभागीहरुको बाट पढनको लागि अनुरोध गर्ने |
| चित्रपट ३ | <br>विकास सम्बन्धी प्रयास अगाडि आउने क्रममा सन् १९७० दशकको अन्त्य र १९८० दशकको सुरुवातमा तथ्याङ्क संकलनको यो अवधारणा आएको हो । छोटो समयमा समुदाय भित्रको समग्र पक्षको सूचना र जानकारी प्राप्त गर्न | ६ मिनेट<br>• पहिले सहभागीहरुसँग आर.आर.ए. र पि.आर.ए.को बारेमा भएको जानकारी छलफल गर्ने |

| | | |
|---|---|---|
| | सकिन्छ। यसरी तथ्याङ्क संकलन गर्ने विधिलाई नै आर. आर. ए. (Rapid Rural Appraisal) भनिन्छ। <br><br> आर. आर. ए. (Rapid Rural Appraisal) को नेपाली पुरा अर्थ द्रुत ग्रामीण लेखाजोखा विधि हो। सामाजिक विकासमा आर.आर.ए.को निकट सम्वन्ध रहेको हुन्छ । सामाजिक विकास गर्न स्थानीय समुदायको क्षमता शसक्तिकरण गर्नुपर्दछ। शसक्तिकरणका लागि पहिला समुदायको क्षमता र अवस्थाको जानकारी लिनु पर्दछ । समुदायको जानकारी संकलन गर्न विभिन्न विधिमा सूचना संकलन गर्नपर्दछ । आवश्यकताको प्रकृति बमोजिम केही सूचना द्रुत गतिमा आवश्यक पर्न सक्छ। यसैगरी केही सूचना विस्तारमा संकलन गर्न सकिन्छ । यसरी द्रुत गतिमा तथ्याङ्क संकलन गर्ने प्रकृयालाई द्रुत ग्रामिण लेखाजोखा भनिन्छ। <br><br> विकासको लागि काम गर्ने विभिन्न सरकारी तथा गैसस संघसस्थाहरु रहेका छन् । यसैगरी विश्वविद्यालय र यसका माताहतका क्याम्पसहरु रहेका छन्। समय, स्रोत र साधनलाई हेरेर यस अवधारणाबाट धेरै संघसंस्थाले तथ्याङ्क संकलन भएको पाईन्छ। <br><br> सिमित व्यक्तिबाट छोटो समयमा धेरै तथ्याङ्क संकलन गर्न सकिन्छ। यो अवधारणामा प्राथमिक र द्वितिय दुबै पद्वतिबाट तथ्याङ्क संकलन हुन्छ। उदाहरणको लागि काठमाडौमा कुनै कार्यालयलाई तनहुँ जिल्ला को एक समुदायको तथ्याङ्क आवश्यक भयो । तथ्याङ्क संकलन यथासक्य छिटो संकलन गर्नुपर्ने छ । यस्तो अवस्थामा काठ्माण्डौबाट एक जना अनुसन्धानकर्तालाई तनहुँको समुदायमा पठाईन्छ । अनुसन्धानकर्ताबाट स्थानीय अगुवाहरु अथवा बुद्विजीवी वर्गसंग छलफल गरि तथ्याङ्क संकलन गरीन्छ। साथै स्थानीय लिखित दस्तावेजबाट समेत तथ्याङ्क संकलन गरिन्छ भने यसरी संकलन गर्ने अवधारणा RRA हो। <br><br> यसमा समुदायका सदस्यको भन्दा पनि बाहृय अनुसन्धानकर्ताको भूमिकालाई प्राथमिकता दिइन्छ । अनुसन्धानकर्ताको आवश्यकता बमोजिम सूचना संकलन गरिने भएकोले समुदायको सदस्यलाई दोस्रो प्राथमिकतामा राखिन्छ। <br><br> यसरी प्राप्त तथ्याङ्कलाई परिक्षणको लागि विभिन्न विधि अपनाउन सकिन्छ। द्वितिय तथ्याङ्कको स्रोत हो भने तथ्याङ्कको स्रोतको समिक्षा (review source) र मुख्य तथ्याङ्क संकलन (collection of key data) विधिबाट हेर्न सकिन्छ। यसरी प्राथमिक तथ्याकलाई परिक्षण गर्न छड्के हिडाई (Transect Walk), व्यक्तिसँग र घरधुरी अर्न्तवार्ता (Individual & Household Interview), सामुदायीक बैठक | |

| | | |
|---|---|---|
| | (Community Meeting), लक्षित समूह छलफल (Focus Group Discussion), स्रोत नक्साङ्कन (Resource Mapping) आदि गर्न सकिन्छ । यी विधिहरु पि.आर.ए.का विधीहरु हुन् । | |
| **चित्रपट ४** | <br>आर.आर.ए. अवधारणावाट तथ्याङ्क संकलन गर्दा फाईदा र बेफाईदा दुबै पक्ष रहन्छन् । फाईदालाई निम्न अनुसार हेर्न सकिन्छ :<br><br>• **प्रमुख व्यक्तिसंगको समन्वय** (Networking with key Person) :<br><br>आर.आर.ए. अवधारणामा प्रमूख व्यक्तिसंग समन्वय गरि तथ्याङ्क संकलन गरिन्छ । धेरै व्यक्ति र संघ संस्थाको प्रमूख सँगमात्र समन्वय भएकोले तथ्यमा आधारित नतिजा आउछ । जसबाट तथ्याङ्कलाई धेरै शंका आवश्यक पदैन ।<br><br>• **द्वितिय तथ्याक्त प्रयोग** (Secondary Data) :<br><br>यस अवधारणामा द्वितिय तथ्याङ्कबाट आफ्नो् आवश्यकता पुरा गर्न सकिन्छ । विभिन्न संघ संस्थावाट प्रकाशन गरेको आधिकारीक हुन्छन् । यस प्रकारको द्वितिय तथ्याङ्कले कामलाई द्रुत गतिमा अगाडी बढाउन सकिन्छ ।<br><br>• **छोटो समय** (Short Duration) :<br><br>प्रमूख व्यक्ति र संघसंस्थासगको समन्वय र द्वितिय तथ्याङ्क संकलन गर्दा तुलनात्मक रुपमा धेरै छोटो समयमा काम गर्न सकिन्छ । थोरै स्रोतको परिचालन गरी छोटो समयमा आवश्यक तथ्याङ्क प्राप्त हुन्छ । यसरी कम समयमा धेरै तथ्याङ्क संकलन गर्न यो अवधारणा सहयोगी छ । | **६ मिनेट**<br><br>• सहभागीहरुलाई फाईदा र बेफाईदामा छलफल गराउने |

| | | |
|---|---|---|
| | • **कम खर्चिलो** (Low Expenditure) :<br><br>यो अवधारणाबाट तथ्याङ्क संकलन गर्दा कम खर्चिलो हुन्छ । समय, स्रोत, साधन र गतिशिलताका न्यूनतम प्रयोगबाट थोरै खर्चमा धेरै काम गर्न सकिने हुन्छ ।<br><br>**बेफाईदा :**<br><br>• **पक्षपात हुनसक्ने** (Biasness) :<br><br>आर.आर.ए. अवधारणावाट तथ्याङ्क संकलन गर्दा अनुसन्धानकर्ताले समुदायका प्रमुख व्यक्तिलाई भेटेर तथ्याङ्क संकलन गर्दछन् । यसरी तथ्याङ्क संकलन गर्दा अनुसन्धानकर्ताले सतही रुपमा सूचना संकलन गर्दछन् । सूचनादाताले पनि आफ्नो फाईदा हुने ढंगवाट सूचना दिन सक्छ । यसरी पक्षपातपूर्ण हुन सक्ने देखिन्छ ।<br><br>• **कम अध्यावधिक** (Less Update) :<br><br>यस अवधारणामा द्वितिय सूचनाहरुको प्रयोग भएको हुन्छ । संघ संस्थाहरुले तथ्याङ्क प्रकाशन गर्दा धेरै अगाडी प्रकाशन गरेको तथ्याङ्क हुन सक्छ । यसरी समय अनुकुल अध्यावधिक नभएको तथ्याङ्कले कार्यक्रमलाई प्रभावित बनाउन सक्छ तसर्थ यस अवधारणालाई बेफाइदाको सूचीमा राखिएको छ ।<br><br>• **अपूर्ण तथ्याक्त** (Insufficient Data) :<br><br>छोटो समयमा संकलन गरिएको तथ्याङ्कलाई हेर्दा गहनता पूर्वक अध्ययन नगरिएको हुन सक्छ । सरोकारवाला सगको अर्न्तक्रिया अत्यन्त कम हुन्छ । तथ्याङ्कलाई प्रमाणित गरेर हेरिएको हुदैन ।यसरी तथ्याङ्क अपूर्ण हुन्छ ।<br><br>• **कम विस्वासनीयता** (Having Less Trust) :<br><br>यसरी तथ्याङ्क संकलन गर्दा व्यक्तिगत विचारको हावी हुन सक्ने सम्भावना रहन्छ । समयानुकुल अध्यावधिक भएको तथ्याङ्कहरु नहुन सक्छ। थोरै साधन, स्रोत र समयमा गरिएको हुन्छ। जसले सबै सरोकारवालाहरुलाई समेटेको हुदैन। यसैले तथ्यमा गहनता नहुने सम्भावना बढि छ । साथै अपूर्ण तथ्याङ्कहरु हुन्छन् । तसर्थ यस अवधारणाकाबाट तथ्याङ्क संकलन गर्दा तथ्याङ्कमा विस्वासनीयताको अभाव देखिन्छ। | |

**चित्रपट ५**




'पि.आर.ए.' (participatory Rural Appraisal) को नेपाली रूपान्तरण सहभागीमूलक ग्रामीण लेखाजोखा हो। यो विधिले ग्रामीण वा सहरी समुदायमा बसोबास गर्ने स्थानीय नागरिकलाई आफ्नो अवस्थाबारे सहभागीमूलक रूपमा गहिरोसँग विश्लेषण गर्न सहयोग गर्छ । यसले परिवेश विश्लेषण, समस्या वा सवालको पहिचान, समाधानका लागि आवश्यक कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्न गर्न समुदायलाई सक्षम बनाउँछ।


सन् १९५० पछि अभ्यास गरिएका विकासका विभिन्न रणनीति, अवधारणा, प्रक्रिया र तिनको परिणामको विश्लेषणका क्रममा सहभागीमूलक ग्रामीण लेखाजोखा (Participatory Rural Appraisal) विधिको विकास भएको हो, जसलाई PRA भनिन्छ। यस विधिका प्रमुख व्याख्याकार रोबर्ट चेम्बर (Robert Chamber) हुन् । PRA स्थानीय नागरिकलाई सक्षम बनाउन ज्ञान हस्तान्तरण

गर्ने महत्वपूर्ण विधिमध्ये एक हो । PRA मा कुनै पनि प्रयोजनका लागि सूचना संकलन सम्बन्धित समुदायसँगको सामूहिक छलफल र संवादबाट गरिन्छ । यसमा विकास योजनाका प्रत्येक चरणमा जनसहभागिता अनिवार्य र पहिलो सर्त मानिएको हुन्छ। PRA बाट गरिने अनुसन्धान प्रक्रियामा सहभागीमूलक तरिकाबाट सूचना संकलन र विश्लेषण गरिने हुँदा यसबाट अनुभव आदान-प्रदान हुनुका साथै समुदायलाई सशक्त बनाउन पनि मद्दत पुग्छ।

यस अवधारणाको विकास सन् १९८० दशकको अन्त्य र ९० दशकको सुरुवातमा विकास भएको अवधारणा हो। आर.आर.ए. विधि धरै रहेका छन्। यस प्रकारको विधिहरु नेपाली समाजमा कुनै न कुनै नामबाट पहिल्यै देखि प्रचलनमा रहको भएता पनि नेपालमा पि.आर.ए. विधिवाट यसको प्रयोग सन् १९९० बाट सुरु भएको हो । यो विधिको प्रयोग सबै भन्दा पहिले गैरसरकारी संस्थाहरुले गरेका हुन।

**८ मिनेट**

- पहिला सहभागीसँगको जानकारी लिने

<table>
<tr><td></td><td>पि.आर.ए. विधि समुदायकै सदस्यहरुबाट सिक्ने विधि हो । PRA विधीवाट तथ्याङ्क संकलन गर्दा अनुसन्धानकर्ता उक्त समुदायमा गएर समुदायको सदस्यको रुपमा बस्छन् । समुदायको सदस्यले सो समुदायमा गरेका काम गतिविधिमा समान ढंगवाट सहभागी हुन्छन् । स्थानीय गतिविधिलाई गहनताको साथ अध्ययन गरिरहेको हुन्छ । जुन विषय समुदायको सदस्यालाई थाहा पाउदैन् । त्यस ठाउको वास्तविक बस्तुस्थिती, रहनसहन, भाषा, कला, विभिन्न प्रक्रया, समस्या तथा जटिलताहरुको अध्ययन गरिन्छ । समस्या समाधानको लागि आवश्यक पहलको वारेका अध्ययन भईरहेको हुन्छ । त्यसरी समुदायमा वसेर गरिएको तथ्याङ्क संकलन धेरै प्रभावकारी मानिन्छ । यस्तो अध्ययनले समुदायको ऐनाको रुपमा काम गर्दछ ।</td><td></td></tr>
<tr><td>चित्रपट ६</td><td>


सहभागीतामूलक ग्रामीण लेखाजोखाका फाईदाहरु निम्न अनुसार छन् :

• **समुदायको वास्तविकता समस्या पहिचान** :


लामो समय सम्म समुदायमा बसेर समुदायकै सदस्यको रुपमा अध्ययन गरिएकोले समुदायको वास्ताविक समस्या पहिचान गर्न सकिन्छ । सामाजिक, आर्थिक, राजनेतिक, जातीय, धर्म, संस्कृति, कला सस्कार, विचार आदिको बारेमा यथार्त तथ्याङ्क प्राप्त हुन्छ । समुदायको सवल पक्ष, समस्या र सुधार गर्नुपर्ने पक्षको बारेमा तथ्याङ्क प्राप्त हुन्छ । यो विधिलाई समुदायको ऐनाको रुपमा मान्न सकिन्छ ।

• **सहभागीमुलक अध्ययन** :

यस अवधारणाका विधिहरु प्रयोग गर्दा समुदायका सम्पूर्ण वर्गको सहभागीमुलक प्रतिनिधित्व हुन्छ । आर्थिक रुपले विपन्न, पिछाडीएका सम”ह, दलित जातिय वर्ग, सिमान्तकृत तथा अपाङ्ग, महिला घरमुली लगाएतका सम”हको उपस्थितीमा तथ्याङ्क संकलन र कार्यक्रको कार्यान्वय</td><td>८ मिनेट

• सहभागीहरुलाई फाईदा सोध्ने</td></tr>
</table>

| | | |
|---|---|---|
| | गरिन्छ । सकारात्मक विभेदका साथ उक्त वर्गलाई शसक्तिकरण गरिन्छ । तसर्थ यस अवधारणा सहभागीमुलक अध्ययन गरिन्छ ।<br><br>• **गहनता पूर्वक अध्ययन** :<br><br>लामो समय सम्म समुदायमा घुलमिल हुने भएकाले समुदाय भित्रको अवस्थाहरुको गहनता पूर्वक अध्ययन हुन्छ । समुदायको सदस्यसग धेरै समय सम्मको बसोवास, काम गर्ने, कला सस्कृति मनाउने, जिविको पार्जनमा समाहित भएको हुन्छ । यसरी समुदायले अध्ययनकर्तालाई पनि आफ्नो सदस्यको रुपमा व्यवहार गर्दछ । यसरी लामो समय सम्मको बसाईले समुदायको गहनता पूर्वक अध्ययन गर्न सकिन्छ ।<br><br>• **बढि प्रभावकारी विधी** :<br><br>तथ्याङ्क संकलन आर.आर.ए. र पि.आर.ए.अवधारणाका विधिहरुबाट तथ्याङ्क संकलन गर्न सकिन्छ । आर.आर.ए. को तुलनामा पि.आर.ए. बढि विस्वासनीय अवधारणा मानिन्छ । तथ्याङ्कहरुमा विस्वासनीयता, गहनता तथा सहभागीमुलक प्रतिनिधीत्व भएकाले बढि प्रभावकारी मानिन्छ ।<br><br>• **समस्या वा सवालको पहिचान** :<br><br>लामो समय सम्मको अध्ययनले समुदायको बास्तविक समस्या वा सवालको पहिचान हुन्छ । समुदायको प्राथमिक आवश्यकता जानकारी हुन्छ । आवश्यकता समाधानको लागि गर्नुपर्ने काम र विकल्पहरुको खोजी गर्न सकिन्छ । समाधानका लागि आवश्यक कार्यक्रम तर्जुमा गर्न र कार्यान्वय गर्न सहयोगी हुन्छ । तसर्थ समस्या वा सवालको पहिचान हुन्छ ।<br><br>• **समुदायको शसक्तिकरण** :<br><br>समुदायको आवश्यकता प्राथमिकीकरण गरिन्छ । आवश्यकता बमोजिम सशक्तिकरण र क्षमता विकासको कार्यक्रम निर्धारणमा हुन्छ । फरक फरक लक्षित सम''हहरुको लागि भिन्न भिन्न कार्यक्रमबाट लाभाम्वित गराउनु पर्छ । यसरी समुदायलाई क्षमता विकास, आय आर्जन, जिविको पार्जन सम्वन्धी भिन्न भिन्न कार्यक्रमवाट शसक्तिकरण गर्न सकिन्छ । जसबाट समुदायको सशक्तिकरणमा सहयोग गर्दछ ।<br><br>• **आत्मीयता तथा घनिष्टता बढाउने** :<br><br>समुदायको सदस्यको रुपमा लामो समय सम्म रहेर काम गर्दा स्थानीय व्यक्ति तथा सम''हसँग आत्मीता तथा घनिष्टता बढ्दछ । स्थानीय समुदायले आवश्यक सहयोग गर्दछन् । आफनो परिवारको सदस्यको रुपमा सम्वन्ध स्थापना | |


| | | |
|---|---|---|
| | गर्दछन् । अनुसन्धानकर्ताले पनि सोही बमोजिम व्यवहार गर्नुपर्दछ। यसरी धेरै लामो समय सम्म पनि सहयोग लेनदेन हुन्छ र आत्मियता तथा घनिष्टता बढ्दछ ।<br><br>• **स्थानीय ज्ञान, सिप र निश्चित प्रविधि प्रयोग**<br><br>यस विधि अर्न्तगत सुचना तथा तथ्याङ्क संकलन गर्दा समुदायको सदस्यसँग सर्वेक्षकले सिक्ने प्रकृया हुन्छ । सर्वेक्षकले समुदायलाई सिकाउने होईन । यसरी सामाजिक अनुसन्धान र तथ्याङ्क संकलन गर्दा स्थानीय ज्ञान, सिप र निश्चित प्रविधिको प्रयोग भएको हुन्छ । सर्भेक्षणका क्रममा स्थानीय भाषा, संस्कृति, कला आदिलाई महत्व दिईन्छ । बैठक, अर्न्तक्रिया, विभिन्न छलफलबाट तथ्याङ्क अप्रत्यक्ष रुपमा निकाल्न सकिन्छ। स्थानीय स्तरमा हुने स्रोत साधनलाई बढी महत्वका साथ तथ्याङ्क संकलन गरिन्छ । | |
| **चित्रपट ७** | <br>• **लामो समय लाग्ने** :<br><br>पि.आर.ए.विधिबाट तथ्याङ्क संकलन गर्दा धेरै लामो समय लाग्छ। लामो समय सम्मको स्रोत, साधन र आर्थिक पक्षको खर्चले अनुसन्धान प्रभावित हुन सक्छ । तसर्थ यसलाई बेफाईदाको रुपमा राख्न सकिन्छ ।<br><br>• **बढि खर्चिलो** :<br><br>लामो समय सम्मको अध्ययन र अनुसन्धानले अधिक मात्रामा खर्च वृद्धि हुन्छ। समय र आर्थिक पक्षबाट हेर्दा धेरै खर्चिलो रहन्छ।<br><br>• **पक्षपात हुन सक्ने** :<br><br>समुदायमा बसेर लामो समय सम्म काम गर्दा सहजकर्ता स्वयंम समुदायको सदस्यहरु सँग मिल्न सक्ने सम्भावना हुन्छ। यसरी समुदायको सदस्यले अनुसन्धाकर्तालाई आफ्नो पक्षमा रहेर तथ्याङ्क प्रकाशित गर्न लगाउन सक्छन्। त्यतिमात्र | **४ मिनेट**<br><br>• PRA का बेफाइदाहरु के के हुनसक्छन् भनि सहभागीहरुसंग छलफल गर्ने |

नभई अनुसन्धान कर्ता पनि समुदायसँग फाईदा लिएर गलत तथ्याङ्क उपलब्ध गराउन सक्छ । यसर्थ पक्षपात हुन सक्छ ।

**चित्रपट ८**

**४ मिनेट**

- आधारभूत सिद्वान्त के के हुन सक्छन सहभागीहरु सँग सोध्ने




पि.आर.ए का सिद्वान्तहरुलाई निम्न अनुसार हेर्न सकिन्छ :

- **सिकाइ प्रकृयामा फेरवदल :**

धेरै पहिला सहजकर्ताले समुदायलाई सिकाउने र समुदायका व्यक्तिहरुले सिक्नुपर्छ भन्ने अवधारणा थियो । हाल आएर यो प्रक्रियामा परिवर्तन भएको छ । यस अवधारणा अर्न्तगत अनुसन्धानकर्ता वा सहजकर्ताले समुदायलाई सिकाउने नभई समुदायबाट सिक्ने प्रक्रिया हो । यो विधिले जनसमुदायलाई सिकाउने प्रक्रिया भन्दा समुदायबाट सिक्ने सिद्वान्तमा विश्वास गर्छ ।

- **विविधताको खोजी :**

अध्ययन गर्दा एउटा विषयमा मात्र सिमित नरहेर विविधताको खोजी अर्को प्रमूख विशेषता हो । बहुसास्कृतिक समुदाय भएको हुँदा समुदायमा विद्यमान सबै वर्ग र जातीको आदर गर्दै सूचनाको विश्लेषणमा सहयोग गर्दछ । समुदायको हक-हितको लागि विभिन्न वैकल्पिक उपायहरुको खोज गरिन्छ ।

**चित्रपट ९**

**६ मिनेट**


- आर.आर.ए र पि.आर.ए. अवधारणा को विचको भिन्नता छलफल गर्ने




भिन्नता

| | आर. आर. ए | पि. आर. ए |
|---|---|---|
| प्रमख विकास अवधि | १९७० को पछिल्लो र ८० को पहिलो दशक | १९८० को पछिल्लो र ९० को पहिलो दशक |
| प्रमूख अन्वेषण | विश्वविद्यालयहरु | गैससहरु |
| प्रमूख प्रयोगकर्ता | विश्वविद्यालयहरु | गैससहरु र समुदायमा कार्यरत सरकारी संगठन |
| प्रवल ढाचा | प्रकाशनकारी, सूचना खिच्ने | सहयोगी, आदान प्रदानमूलक |
| दीर्घकालिन प्रतिफल | योजना/परियोजनाहरु प्रकाशन | दिगो स्थानीय कार्य र सस्थाहरु |

स्रोत: Discussion paper 311, Robert Chambers

<table>
<tr>
<td></td>
<td>आर.आर.ए र पि.आर.ए को भिन्नता धेरै भिन्नताहरु पाउन सकिन्छ। त्यस मध्येमा केही भिन्नताहरुलाई माथि तालिकामा अध्ययन गर्न सकिन्छ । प्रमूख विकास अवधिलाई हेर्दा आर.आर.ए. १९७० को पछिल्लो र ८० को पहिलो दशकमा भएको हो। पि.आर.ए. १९८० को पछिल्लो र ९० को पहिलो दशकमा भएको हो । करिव १० वर्षको फरक पाउन सकिन्छ। प्रमूख खोज तथा अन्वेषण र प्रयोगकतालाई हेर्दा आर.आर.ए. विधि विश्व विद्यालयहरुमा धेरै प्रयोग गरेको पाईन्छ। विशेष गरी थेसिस तयारी तथा अन्य प्रयोजनको लागि आर.आर.ए. विधि प्रभावकारी रुपमा रहेको छ। गै.स.स. र समुदायमा कार्यरत सरकारी संगठनहरुले पि.आर.ए. विधिबाट तथ्याङ्क खोजी तथा संकलन गरेको पाईन्छ। यसलाई बढि विस्वासनीय तथ्याङ्कको प्राप्त गर्ने अवधारणाको रुपमा पाईन्छ। आर.आर.ए.मा प्रकाशित सूचनाहरु र द्रुत सुचना प्राप्त गर्ने माध्यमको रुपमा प्रयोग गरिन्छ । पि.आर.ए. समुदाय सँग काम गर्दै सहयोगी धारणाबाट तथ्याङ्क संकलन गरिन्छ। समुदाय र सहजकर्ता विच दोहोरो कामको आदान प्रदानमुलक ढंगवाट प्राप्त गर्न सकिन्छ । दिर्घकालिन प्रतिफलको सन्दर्भमा द्रुत गतिको योजना तथा परियोजना प्रकाशनको लागि आर.आर.ए.को प्रयोग भएको पाईन्छ। दिगो स्थानीय काम गर्न र संस्थाहरुको प्रतिफल लामो समय सम्म स्थायीत्व राख्नको लागि पि.आर.ए. धेरै प्रभावकारी रुपमा देखिन्छ।</td>
<td></td>
</tr>
<tr>
<td>चित्रपट १०</td>
<td>

पुनर्निर्माणको काममा पि.आर.ए.को प्रयोग आवश्यक छ। पि.आर.ए.को प्रत्यक्ष रुपमा प्रयोग पनि भई रहेको छ। ग्रामिण समुदाय अहिले सम्म भूकम्पको कारणमा अनविज्ञ छन् । भूकम्प प्रतिरोधी भवन निर्माणा अनविज्ञ छन् । डकर्मीले भूकम्प प्रतिरोधी भवन निर्माण तालिम प्राप्त गरेका छैनन्। घरधनिहरु सरकारी अनुदानको विषयमा स्पष्ट हुन सकेका छैनन् । विभिन्न गै.स.स.हरुबाट दिएको सेवा प्राप्त गर्न सकेका छैनन् । सरकारी प्राविधिकले दिएको भवन निर्माण</td>
<td>८ मिनेट<br>• पहिला सहभागीहरु सँग सोध्ने</td>
</tr>
</table>


| | | |
|---|---|---|
| | गर्ने ज्ञान सहजता पूर्वक समुदायलाई बुझाउन पर्दछ। तसर्थ, यी लगायत धेरै विषयहरुमा समुदायलाई सहजीकरण गर्न आवश्यक छ।<br><br>पुनर्निर्माण प्रकृयामा प्राविधिक जनशक्ति सगै सामाजिक परिचालनको भूमिका महत्वपूर्ण रहन्छ । तथ्याङ्क संकलनको लागि पि.आर.ए. अवधारणामा सहजकर्ता समुदायमा लामो समय वस्नुपर्दछ। त्यसैगरी हाल पुनर्निर्माणको कामका लागि सामाजिक परिचालकहरु गा.वि.स. स्तरमा रहनु भएको छ। यसरी लामो समय सम्म सम"हको सदस्यको रुपमा रहदा वास्तविक र गहनता पूर्वक तथ्याङ्क संकलन गर्न सकिन्छ। सामुदायीक छलफल, अर्न्तक्रिया, विभिन्न बैठकहरु, सास्कृतिक कार्यक्रमहरुबाट समुदायभित्र रहको तथ्याङ्कहरु संकलन गर्न सकिन्छ । हाल सामाजिक परिचालकहरु समुदायमा बस्नु कलात्मक ढंगवाट पि.आर.ए.अवधारणा अवलम्वन गर्नु हो।<br><br>यसैगरी समुदायको तथ्याङ्क संकलन गर्ने क्रममा विभिन्न तल उल्लेखीत काम सगसगै गरिएको छ। जसबाट समुदायको वास्तविक जानकारी पाउन सकिन्छ। समुदायमा बस्दा निम्न अनुसारको काम प्रभावकारी रुपमा भएको छ :<br><br>• **घट्ना अध्ययन** (Case study) **तयारी** :<br><br>कुनै पनि व्यक्ति, सम"ह, समुदाय, स्थानको बारेमा तुलनात्मक रुपमा भिन्न वा महत्वपूर्ण घट्ना (सकारात्मक वा नकारात्मक) को अध्ययन भएको छ। साधारण भन्न फरक गतिमा भएको घट्नाको लिखित घट्ना अध्ययन तयारी गरिएको छ।<br><br>• **समुदायमा सहकार्यमा** :<br><br>लामो समयसम्म समुदायसंगको सहकार्य र हातेमालो गरेका छन् । यसरी धेरै समय सम्म समुदायमा बसोवास गर्दा सम्वन्ध स्थापना गाढा भएको छ। यसरी विभिन्न समुदायको रहन सहनमा मिलेर बस्दा वास्तविक र यर्थाथता तथ्याङ्क पहिचान तथा संकलन भएको छ।<br><br>• **समुदायलाई सकारात्मक परिवर्तनको गति** :<br><br>सहजकर्ता स्वयम समुदायमा संचालन भइरहेको क्रियाकलाप र कार्यक्रमहरुमा प्रत्यक्ष उपस्थित भईरहेका हुन्छन् । उक्त उपस्थितीमा सकारात्मक परिवर्तन सम्वन्धी सचेतना भएको छ । सहजकर्ताको राम्रो व्यवहारवाट समुदायलाई सिकाइ भएको छ । तसर्थ समुदायलाई सकारात्मक परिवर्तनको गतिमा जान सहयोगी छ। | |

<table>
<tr>
<td></td>
<td>

• **पुनर्निर्माणमा सहयोग :**

सामाजिक परिचालक र प्राविधिक कर्मचारीको सहयोगवाट समुदायमा निरन्तर परामर्श तथा अभिमुखिकरण कार्यक्रम भएको छ । समुदायलाई भूकम्पीय कारण असर र न्यूनीकरणका उपचार विधिहरुमा सचेत गराईएको छ । समुदाय पुनर्निर्माणको काम अग्रसर भएका छन् । स्थानीय सामग्रीवबाट भूकम्प प्रतिराधी भवन निर्माण गर्न सकिनमा विस्वस्त छन् । तसर्थ पुनर्निर्माणमा पि.आर.ए. विधि प्रभावकारी देखिन्छ ।

</td>
<td></td>
</tr>
<tr>
<td>चित्रपट ११</td>
<td>




सत्रको उद्देश्य पुरा भए नभएको समीक्षा गर्नु पर्दछ । सत्रको विषयवस्तु सम्बन्धी सहभागीहरुको केही जिज्ञासा वा प्रश्न छ वा छैन । सहभागीबाट आएका जिज्ञासाहरुको समाधान गर्नु पर्दछ ।

</td>
<td>

४ मिनेट

• सत्रको उद्देश्य पढेर सुनाउने वा सहभागीहरुलाई पढ्न लगाउने

</td>
</tr>
<tr>
<td>चित्रपट १२</td>
<td>




</td>
<td>

२ मिनेट

• सत्रमा भएको अन्तर्क्रिया र धैर्यताको सहभागीहरुलाई धेरै धन्यवाद दिने

• आफ्नो सहयोगी प्रशिक्षकलाई पनि धन्यवाद दिने

• सत्रको मूल्याङ्कन गरी दिन स्मरण गराउने

</td>
</tr>
</table>

## सामाजिक परिचालन तालिम कार्यक्रम

**पाठ योजना तथा प्रशिक्षण निर्देशिका**

# सत्र ७: पि.आर.ए. का औजारहरु

**खण्ड:** सामुदायिक विकास

**समय:** ६० मिनेट

**सामग्री:** मल्टिमिडिया, प्रोजेक्टर, कम्प्युटर, पर्दा (प्रोजेक्सन स्क्रिन), चित्रपट, इजेल, फ्लीपचार्ट, मास्किङ्ग टेप, मार्कर (कालो, नीलो, रातो) पाठयोजना, सहभागी कार्यपुस्तिका




**सत्रको परिचय:** सहभागीमुलक ग्रामिण लेखाजोखा अवधारणाको औजारहरुबाट समुदायको भौतिक तथा सामाजिक पक्षको यथार्त जानकारी प्राप्त गर्न सकिन्छ । औजारको सन्चालन तथा निर्माण सामाजिक सहजकर्ताको सहजीकरणमा समुदायको सदस्यहरुले गर्नेछन् । समुदाय भित्र पिछाडीएका वर्ग र प्रतिनीधीको उपस्थितीमा गरिने यस्ता अभ्यासले समुदायको बास्तविक तथ्याङ्क संकलनमा सकारात्मक भूमिका राख्दछ । तसर्थ यस्ता औजारहरुको अभ्यास आवश्यक छ ।

**मार्ग दर्शन:** गहनतापुर्वक संकलन गरिएको समुदायको तथ्याङ्कले आयोजना भित्रका कार्यक्रमलाई समुदाय मैत्री बनाउछ । आयोजनाको उद्धेश्य बमोजिम तथ्याङ्क संकलन औजारहरु प्रयोग गर्नुपर्छ । यसले आयोजनालाई दिगो बनाउन सहयोगी हुन्छ ।


**विशेष सावधानी:** सहभागीमुलक ग्रामिण लेखाजोखा औजारहरुबाट समुदायको धेरै तथ्याङ्कको संकलन गर्न सकिन्छ । सत्र सन्चालनमा समय सिमा निर्धारण भएकोले औजारहरुको निर्माण र सन्चालनमा पुनर्निर्माणको लागि आवश्यक पर्ने तथ्याङ्कलाई प्राथमिकता दिर्नुपर्छ ।

**सत्रको उदेश्य:** यस सत्रको अन्तमा सहभागीहरु निम्न बुदाहरुको विषयमा बुझाईका साथ छलफल गर्न सक्नेछन् :

- पि.आर.ए. औजारहरुको शैद्वान्तिक फाइदा
- पि.आर.ए. औजारहरुको सन्चालन/निर्माण प्रकृया

| पाठ्य सामग्री | पट व्याख्या | टिप्पणी |
|---|---|---|
| चित्रपट १ | <br><br>आफ्नो र सत्रको परिचय दिनुहोस । | २ मिनेट<br>• अभिवादन तथा आफ्नो परिचय<br>• सत्रको परिचय- विषयगत शिर्षक, लाग्ने समय, सञ्चालन विधि, प्रयोग हुने सिकाइ, सामग्रीको विषयमा संक्षिप्त जानकारी<br>• आफ्नो सहयोगी प्रशिक्षकको जानकारी दिने |
| चित्रपट २ | <br><br>सत्रका २ उदेश्यहरु रहेका छन् । | २ मिनेट<br>• सत्रको अन्तमा उदेश्यहरु समिक्षा गर्ने<br>अथवा<br>• सत्रको उद्वेश्य सहभागीहरुको बाट पढनको लागि अनुरोध गर्ने |
| चित्रपट ३ | <br><br>पि.आर.ए. अवधारणाका ३० भन्दा धेरै औजारहरु छन् । ति औजारहरु मध्ये पुनर्निर्माणको लागि आवश्यक पर्ने पि.आर.ए.का ४ वटा औजारहरु यस सत्रमा छलफल हुनेछ । | २ मिनेट<br>• औजारहरुको नाम आफैले पढेर सुनाउने अथवा सहभागीहरुलाई पढ्को लागि अनुरोध गर्ने |

**चित्रपट ४**




समुदायको बस्ती व्यवस्था तथा मानव निर्मित संरचना चित्रण हुनेगरी तयार गरिएको नक्सालाई सामाजिक नक्सा भनिन्छ। समुदायमा आधारित र सहभागीमूलक प्रक्रियाबाट बनाइने यो नक्साबाट गाउँका विभिन्न पक्षबारे जानकारी पाइन्छ । गाउँको वनोट, संरचना, जनसंख्या, जातीय तथा भाषिक अवस्था, स्वास्थ्य जानकारी, शैक्षिक अवस्था लगायत विषयबारे वास्तविक चित्रण थाहा पाउन सकिन्छ । बिसौं शताब्दीको पूर्वार्द्धमा मानवशास्त्रीहरूले सामाजिक नक्साको प्रचलन सुरु गरेको पाइन्छ । यसबाट समुदायमा उपलब्ध श्रोत-संरचना र समुदायको सामाजिक, आर्थिक, भौतिक, सांस्कृतिक अवस्थाको जानकारी लिन सजिलो हुन्छ ।

स्थानीय सवाल, समस्या र सम्भावना लगायतका परिवेश बुझ्न र परिवर्तनका लागि योजना बनाउन यो प्रकृयाले मद्दत पुऱ्याउँछ। सवाल अनुसार सशक्तीकरण गर्ने प्रक्रियामा समेत यसको उपयोग गरेको पाइन्छ । यो विधि पुनर्निर्माणको सन्दर्भमा बढि उपयोगी छ । पुनर्निर्माणको सन्दर्भमा सामाजिक परिचालन गर्दा सामुदायिक क्षति र पुनर्निर्माणको सम्वन्धी प्रशस्त जानकारी लिन सकिन्छ ।


[This option is used to help identify households using pre-determined indicators that are based on socio-economic factors. It works to determine a relative ranking of socio-economic status of the household rather than an absolute ranking. It can help determine which households are benefiting from an assessment and whether or not they belong to the target group.

Regarding on issues of reconstruction, social mapping is useful to easily findout various zone of damages. Such as; earthquake highly damaged territory, most casualties' area, migrated communities, reconstruction area and many more.]

**४ मिनेट**

- सहभागीहरु सँग सोध्ने
- सहजीकरण गर्ने

**चित्रपट ५**




- **सहजकर्ताद्वारा सहजीकरण** :

सामाजिक नक्साङ्कनमा सहजकर्ताको भूमिका समुदायको सदस्यहरुलाई सहजीकरजीकरण मात्र गर्ने हो । सहजकर्ताले सामाजिक नक्सा बनाउनु पहिले नक्सा बनाउनुको उद्धेश्य र प्रकृयावारे समुदायलाई प्रस्ट पार्नुपर्छ । र्निर्माणका लागि आवश्यक सामग्री तयारी गरि विधिहरु जानकारी गराउनु पर्दछ । नक्साङ्कन सुरुवात देखि अन्तिम अवस्था सम्म सहजीकरण गर्ने सहजकर्ताको जिम्मेवारी रहन्छ ।

- **समुदायिक सदस्यहरु पिछाडिएका वर्ग, विपन्न र उपेक्षित वर्गको सहभागीता** :

सामाजिक नक्साङ्कन तयारी गर्दा सामुदायका सदस्यहरुबाट तयारी गर्नुपर्छ। तयारीमा पिछाडिएका वर्ग, विपन्न र उपेक्षित वर्गको सहभागीतालाई अग्रपंक्तिमा राखेर बनाउनुपर्छ । यसबाट सहभागीतामुलक नक्सा बन्दछ र अपनत्वको बढ्छ । सम्पूर्ण समुदायको प्रतिनिधित्वलाई सुनिश्चित गर्नुपर्छ । यसरी नक्साङ्कन गर्दा नक्साको महत्व बढ्दछ । नक्सा निर्माण गर्नुभन्दा पहिले आवश्यकता भएमा समुदायको सदस्यहरुले धरातलीय हिँडाईबाट तथ्याङ्क संकलन गरि कुन, कुन वस्तु कहाँ, कस्तो अवस्थामा छ, त्यस्तो छुटेको वस्तुलाई नक्सामा राख्नु पर्दछ । नक्सा यथा सक्य वालमैत्री, लैङ्गिक समानता, ज्येष्ठ नागरीक मैत्री एवं थप समुदायको प्रतिनिधीत्व गर्ने हुनुपर्छ ।

- **स्थानीय स्रोत साधनको प्रयोग** :

सामाजिक नक्सा निर्माण गर्दा स्थानीय स्रोत र साधनको प्रयोग गर्नुपर्छ । प्रत्येक वस्तुको संकेतका लागि स्थानीय स्तरमा उपलव्ध श्रोत र साधनलाई प्रयोग गर्नुपर्छ ।

**३ मिनेट**

- पहिला सहभागीसँगको जानकारी लिने

<table>
<tr>
<td></td>
<td>

• **रंगको प्रयोगः**

सामाजिक नक्साङ्कन तयारी गर्दा विभिन्न रंगको प्रयोग गर्नुपर्दछ। कालो रंगले बाटो तथा घरहरु निर्माण गर्ने, हरियोले बन, जंगल तयारी गर्नुपर्दछ।

</td>
<td></td>
</tr>
<tr>
<td>

**चित्रपट ६**

</td>
<td>




माथि बुदामा उल्लेखित स्थानहरुलाई सामाजिक नक्साङ्कनमा समावेश गर्नुपर्दछ।

</td>
<td>

**३ मिनेट**


• पुनर्निर्माणमा सामाजिक नक्साङ्कन गर्दा कस्ता कस्तो स्थानहरुलाई देखाउनु पर्छ सोध्ने

• पालैपालो आफैले भन्ने वा सहभागीलाई पढ्न लगाउने

</td>
</tr>
<tr>
<td>

**चित्रपट ७**

</td>
<td>




माथि बुदामा उल्लेखित स्थानहरुलाई सामाजिक नक्साङ्कनमा समावेश गर्नुपर्दछ।


</td>
<td>

**३ मिनेट**

• पालैपालो आफैले भन्ने वा सहभागीलाई पढ्न लगाउने

</td>
</tr>
</table>

**चित्रपट ८**





पहिले समुदायको वाहिरी नक्सा कोर्नु पर्दछ । पूर्व, पस्चिम, उत्तर र दक्षिण दिशा देखाउनु पर्दछ। सामाजिक स्रोत नक्साले समुदाय भित्र रहेका सामाजिक संरचनालाई देखाउदै लैजानु पर्दछ । विभिन्न संकेत साथै रङहरु प्रयोग गरेर सामाजिक श्रोत नक्साङ्कन गर्नुपर्दछ । क्रमशः विभिन्न समुदायका संरचनाहरु

- घर, टोल, बस्ती र जनसंख्या
- सरकारी र गै.स.स. कार्यलयहरुः (विद्यालय, स्वास्थ चौकी, प्रहरी चौकी)
- मन्दिर, पाटीपौवा,
- धारा, कुवा ईनार, विद्युत
- बाटो, चौतारी आदि ।
- **समुदायभित्र रहेका घर तथा अवस्था सम्वन्धी जानकारीः**
  - राहत प्राप्त भएका वा नभएका भवनहरु
  - मानविय क्षति भएका घर भवन तथा स्थान
  - समुदाय स्तरमा अगुवाको घर तथा टोल
  - डकर्मी तालिम प्राप्त व्यक्तिका घर
  - जग्गा भएका साथै सुकुम्वासी बस्तिहरु
- **जनशक्ति सम्वन्धी जानकारीः**
  - डकर्मी तालिम प्राप्त व्यक्ति र वडा
  - विपदमा सहयोग गर्न सक्ने जमात भएको टोल (यूवा जनशक्ति)
  - बैठकमा सहभागीता लिने घर
  - साक्षर र निरक्षर समुदाय
  - एकल महिला भएका घर, अपाङ्गता भएका घरधुरी आदि ।

(नोटः संख्यालाई कापीमा लेख्दै नोट गर्नुपर्दछ ।)

**४ मिनेट**

- सहभागीलाई गहनतापुर्वक हेर्न लगाउने

| | | |
|---|---|---|
| चित्रपट ९ | <br>कुनै समुदायमा छोरा र छोरीहरु अध्ययनको सिलसिला फरक फरक ठाउमा राखिन्छ । छोरा शहर वा विदेशमा पठाईएको हुन्छ तर छोरी स्थानीय गाउँ वा सदरमुकाम सम्म हुन सक्छ । कहाँ कहाँ गईरहेका छन अध्ययन गर्न सकिन्छ । छोरीहरु अलिक टाढा गईरहेका छैनन् भने किन गईरहेका छैनन् भनि छलफल गर्न सकिन्छ । महिलाहरु रोजगारीको लागि जाने स्थान र पुरुषहरु रोजी रोटीका लागि पुगीरहेको स्थान सम्वन्धमा गरिने अध्ययन यसको अध्ययन क्षेत्र हो ।<br>अर्कोतर्फ, पुनर्निर्माणको सन्दर्भमा हेर्दा, निर्माण कर्मि सम”हहरु कहाँ देखि कहाँ सम्म जान्छन् । कुनै समुदायमा काम गर्नको लागि कहाँ देखिको मानिसहरु आउछन् । निर्माण सामग्री खरिद कहाँबाट गर्नुपर्छ । कुन महिनामा धेरै निर्माण सामग्री आयात गरिन्छ । यस्ता विषयमा जानकारी लिनको लागि गतिशीलता नक्साको प्रभावकारीता धेरै छ । तसर्थ गतिशिलता नक्सा प्रभावकारी औजार को रुपमा रहेको छ । | ४ मिनेट<br>• सहभागीहरुको बुझाई सोध्ने<br>• पटमा लेखिएको परिभाषा पढेर सुनाउने वा सहभागीहरुलाई पढ्न लगाउने<br>• थप व्याख्या गर्ने |
| चित्रपट १० | <br>**• व्यक्ति वा समुदायको बाहिरी संघ संस्था विचको सम्वन्ध:**<br>समुदाय भित्र रहेको व्यक्ति र समुदायको पहुँच जिल्ला भित्रका विभिन्न संघ संस्था, व्यापारीक निकाय, बैंक तथा विक्तिय सस्था, सरकारी निकाय, अन्तर्राष्ट्रिय व्यक्तित्व र संगठन सँग | ४ मिनेट<br>• गतिशिलता नक्साको प्रयोग कसरी हुन्छ सहभागीहरु सँग सोध्ने<br>• पालो पालो जानकारी गराउने |

| | | |
|---|---|---|
| | कुन तहसम्म सम्वन्ध छ हेर्नको लागि गतिशिलता नक्साले सहयोग गर्दछ। समुदायको एक जना व्यक्ति अन्य कार्यालय सँग सम्वन्ध राखी कुन ठाउ सम्म सेवा दिन वा लिन सक्छ यसले देखाउछ । जस्तै : तनहुँ जिल्लाको पुरुष व्यक्ति काठ्माण्डौ आएर अध्ययन गर्ने हैसियत राख्दछ र अर्को कास्की जिल्लाको पुरुष यूरोप पढ्नको लागि जान सक्छ । क्रमशः उक्त जिल्लाका महिलाहरु जिल्लाको सदरमुकाम सम्म मात्र वसेर अध्ययन गर्दछन् भने यसलाई दोहोरो रुपमा अध्ययन गर्न सकिन्छ। एकातर्फ सो जिल्लाका पुरुषहरुको अध्ययन र सम्पर्क सिमा देखिएको छ। अर्कोतर्फ महिलाहरु किन जिल्ला सदरमुकाम भन्दा बाहिर जान सक्दैन ? किन चाहदैनन् ? भन्ने विषयमा अध्ययन गर्न यो औजार प्रभावकारी छ। तसर्थ यसवाट व्यक्ति वा समुदायको बाहिरी संघ सस्था विचको सम्वन्ध अध्ययन गर्न सहयोगी छ।<br><br>• **स्थानीय दक्ष जनशंक्ति** :<br><br>यस औजारबाट दक्ष जनशंक्तिको लागि समुदायमा भित्र रहेका र वाहिरवाट आएर काम गरको व्यक्तिहरुको मापन गर्न सकिन्छ । डाक्टर, ईन्जिनियर, सैनिक, प्रहरी, विभिन्न विद्यामा तालिम प्राप्त व्यक्तिहरु समुदाय भित्र कति जना छन्। कुन कार्यालयमा कहाँबाट कतिजना आएर काम गरका छन् । त्यस समुदायमा कति जना वाहिरी कार्यलयमा काम गर्न गएका छन् भन्ने जानकारी पाउन सकिन्छ ।<br><br>• **निर्माण सामग्री खरिद विक्रि** :<br><br>गतिशिलता नक्सावाट स्थानीय स्थानीय समुदायले दैनिक घरायसी सामग्रीहरु खरिद विक्रि गर्ने स्थान जानकारी लिन सकिन्छ। पुनर्निर्माणको सन्दर्भमा घर, भवन निर्माणको लागि आवश्यक निर्माण सामग्री आयात तथा खरिद विक्रि कुन ठाउमा हुन्छ भन्ने थाहा हुन्छ। स्थानीय स्तरमा खरिद गर्दा र जिल्ला र जिल्ला वाहिरबाट खरिद तथा विक्रि गर्दा आर्थिक रुपमा कति भिन्नता पर्छ। यसको जानकारी लिन सकिन्छ।<br><br>• **डकर्मी र निर्माणकर्मी समूहको आवागमन** :<br><br>पुनर्निर्माणलाई हेर्दा कुनै समुदाय भित्रको डकर्मी तथा अन्य निर्माणकर्मी सम"ह कति छन् । त्यस समुदायको घर तथा भवन पुनर्निर्माणको लागि ति डकर्मीहरुवाट पर्याप्त छन् वा छैन् । निर्माण कर्मी सम"हहरु अभाव छन भने कहाबाट आउछन् यदि पर्याप्त छन् भने अन्य कुनै स्थानमा काम गर्न जान्छन वा जादैनन् । ग्रामिण निर्माण प्रणालीबाट गारोवाला घर निर्माण गर्न जानेका छन् कि शहरी प्रविधिमा आर.सि.सी. प्रविधिमा पनि सक्षम छन् , छैनन् । यस्ता विषयमा सूचना प्राप्त गर्न यस औजार अर्थपूर्ण छ । | |

**चित्रपट ११**




पटले गतिशिलता नक्साको चित्र देखाउछ । मानौ, व्यास नगरपालिका एउटा तनहुँको समुदाय हो । त्यस नगरपालिका भित्र रहेका मानिसहरु शिक्षा, बैवाहिक सम्वन्ध, रोजगारी, किनमेल, तिर्थयात्रा, उपचार र निर्माण सामग्री खरिद जस्ता विधाको लागि कुन कुन ठाउ सम्म पुग्दछन भन्ने देखाउछ । त्यसैगरी व्यास नगरपालिका भित्र यी विधाको लागि कुन कुन ठाउवाट आउछन भन्ने पनि देखाउछ ।

पटमा हेदौ उक्त समुदाय शिक्षाको लागि स्थानीय विद्यालय तथा क्यामस, पोखरा, काठ्माण्डौ र अन्तराष्ट्रिय स्तरमा पनि जाने देखिन्छ । त्यसैगरी, बैवाहिक सम्वन्धको लागि स्थानीय ठाउँ देखि बैदेशिक नागरीक सम्मका व्यक्ति सँग गरेको देखिन्छ । स्थानीय पन्चेवाजा देखि ब्याण्ड बाजा समेत बजाउने देखिन्छ । रोजगारीको लागि स्थानीय बजार देखि देशका मुख्य शहर र विदेश सम्म जान्छन । घरायसी किनमेलको लागि स्थानीय बजारमा नै गर्दछन् । तिर्थ यात्राको लागि स्थानीय देवी देवताको मन्दीर देखि काठ्माण्डौ र भारत सम्म जान्छन । हिन्दु, बौद्व, मुस्लीम, क्रिश्चियन लगायत सम्पूर्ण धर्मका मानिसको बसोबास छ । उपचारको लागि स्थानीय स्तर देखि बैदेशीक क्षेत्र सम्म पुग्दछन् । निर्माण सामग्री खरिदको लागि स्थानीय वजार र चितवन तथा काठ्माण्डौ सम्म सामग्री आयात गर्न आउछन् । व्यास नगरपालिका बाट व्यास नगरपालिका क्षेत्र र वाहिरी गा.वि.स. हुदै सिमाना जोडीएको पाल्पा र नवलपरासीको गा.वि.स. सम्म जान्छन् । यहाँ व्यापार गर्नको लागि नेपालको विभिन्न जिल्लाका व्यापारी एवं भारतीय मुलका नागरीक पनि छन् भन्ने देखाउछ ।

यसरी समुदायको पहुँच कस्तो र कहाँ सम्म छ भन्ने विषयमा हेर्नको लागि यो पटबाट स्पस्ट हुन्छ ।

**४ मिनेट**

- सहभागीहरुलाई गहनतापूर्वक हेर्न र सुन्न लगाउने

(**नोटः** पटका तस्वीरहरु तालिम गरिने जिल्ला बमोजिम परिवर्तन गर्न सकिनेछ )

**चित्रपट १२**




समाज र समुदायमा प्रभावशाली व्यक्ति, समूह तथा संघसंस्था हुन्छन् । यिनीहरूको आ-आफ्नो प्रभाव, उपयोगिता, महत्व र शक्तिसम्बन्ध रहेको हुन्छ । कसैको प्रभाव, उपयोगिता, महत्व र शक्ति सम्बन्ध ठूलो हुन्छ भने कसैको सानो रहन्छ । एक-आपसमा सम्बन्ध राम्रो पनि हुन सक्छ र नराम्रो पनि । कसैले समुदायको आवश्यकता र चाहना अनुसार सेवा पुऱ्याइरहेका हुन्छन् भने कसैले पुऱ्याइरहेका हुँदैनन् ।


समुदायमा रहेका यस्ता मुख्य व्यक्ति तथा संस्था/निकायको प्रभाव, उपयोगिता र शक्ति सम्बन्धबारे रोटी चित्रबाट एक-अर्काको तुलना हुन्छ । जति धेरै प्रभावकारी हुन्छ त्यति नै ठूलो चित्र कोरिन्छ । सहभागीबीचको प्रभावको स्थिति र एक-आपसको सम्बन्धलाई दृश्यात्मक बनाउने विधिलाई रोटी चित्र विधि भनिन्छ ।

प्रत्येक सहभागीले आफ्नो भोगाइ, देखाइ र सुनाइबाट समुदायमा रहेका व्यक्तित्व र संस्थाको प्रभाव, उपयोगिताबारे जानकारी प्राप्त गरी आफ्नो विचार समेत राख्न सक्छन् । यसबाट सहभागीको मौनताको संस्कृति हट्दै जान्छ । समुदायमा रहेका प्रमुख संस्था/निकाय तथा व्यक्तित्वहरू बीच रहेका आपसी सम्बन्धलाई प्रस्टसँग देख्न, बुझ्न र विश्लेषण गर्न सजिलो हुन्छ । सरोकारवालबीच एक आपसमा आदानप्रदान हुन सक्ने सहयोगको पनि यो विधिबाट विश्लेषण हुन सक्छ । यो विधिको प्रयोगले उत्पीडित पक्षलाई आफैंले निर्णय लिने अथवा निर्णय प्रक्रियामा समेत सामेल हुने वातावरण तयार गराउँछ ।

**४ मिनेट**

- सहभागीहरुको बुझाई सोध्ने
- पटमा लेखिएको परिभाषा पढेर सुनाउने वा सहभागीहरुलाई पढ्न लगाउने
- थप व्याख्या गर्ने

**चित्रपट १३**




रोटी चित्र वा भेन डायग्राम प्रयोग विधि अर्न्तगतसमुदायमा के कति संघ सस्था छन् पहिचान गर्नुपर्दछ। यूवा क्लव, आमा समूह, सामाजिक संघ संस्था, सरकारी निकाय लगाएतका संस्थाहरुको पहिचान गरी लिखित तथ्याङ्क राख्नु पर्दछ।

यस्ता संघ सस्थाहरु विचमा समुदायको सम्वन्ध, सहकार्य र समन्वयको अवस्था पत्ता लगाउनु पर्दछ । समुदायलाई विगतमा गरेको सहयोगको आधारमा भविश्यमा कस्तो सहयोग गर्न सक्छन सहयोगको तह मापन गर्नुपर्छ।


मापन गरिएको संस्थाहरु भित्र के कस्तो भौतिक, सामाजिक, आर्थिक श्रोत छन् विश्लेषण गर्नुपर्दछ। यस्ता श्रोतहरुबाट आफ्नो सस्थाको कामलाई गर्न सक्ने सहयोग पहिचान गरी सूची तयारी गर्नुपर्छ।

उल्लेखीत सूचीको आधारमा बढी पहुँच भएको संस्थालाई ठूलो र कम पहुँच भएकालाई सानो रोटी चित्र बनाएर प्रस्त'ती गर्नुपर्दछ । यसरी हेर्दा आफ्नो संस्थालाई धेरै सहयोग गर्ने संस्था समुदायको नक्साबाट टाढा वा नजिक जहाँ पनि हुन सक्छ तर त्यसको आकारको आधारमा धेरै वा थोरै सहयोग गर्न सक्ने कुरा स्पष्ट सँग देख्न सकिन्छ।

यसरी छोटो समयमा धेरै संघ सस्था र ति सस्थाहरुको पहुँच र शक्ति सम्वन्ध प्राप्त गर्न रोटी चित्र औजारको प्रयोग प्रभावकारी छ।

**३ मिनेट**

चित्रपट १४




यो रोटी चित्रको एउटा नमुना हो । चित्रमा आफ्नो समुदायलाई सहयोग गर्न सक्ने विभिन्न संघ सस्थाको नाम टिपोट भएको छ । विभिन्न सस्थाहरु विचमा भएको श्रोत विश्लेषण को आधारमा समुदायलाई सहयोग गर्न सक्ने क्षमताको मापन भएको छ ।

संस्थागत विश्लेषण तयारी गर्न पहिला समुदायको रेखा कोर्नुपर्छ। चित्रमा निलो घेरा कुनै समुदायको घेरा हो। त्यस समुदाय भित्र आफु बसेको टोल चयन गर्नुपर्छ। समुदाय भित्र देखिएको हरियो घेरामा आफू बसेको टोल देखाइएको छ।

समुदाय भित्र भएको विभिन्न संस्थाहरुलाई चित्रमा देखाईएको छ । जस्तै : सामुदायीक क्लव, प्रहरी चौकी, हेल्थपोष्ट, जि.वि.स, भूकम्प प्रविधि राष्ट्रिय समाज नेपाल, गा.वि.स/नगरपालिका आदि । सस्थाहरु विभिन्न आकारमा देखाईएको छ। धेरै सहयोग गर्न सक्ने सक्ने सस्थालाई ठूलो चित्र र कम सहयोग गर्न सक्ने सस्थालाई सानो चित्रमा देखाईएको छ।


चित्रमा देखाए बमोजिम नगरपालिका/गा.वि.स, जिल्ला विकास समिति समुदायबाट टाढा छन तर धेरै सहयोग गर्न सक्ने देखिन्छ। तसर्थ ठूलो चित्र कोरीएको छ। यसैगरी भूकम्प प्रविधि राष्ट्रिय समाज नेपाल (एनसेट) अझ धेरै टाढा छ। एनसेटको चित्र जि.वि.स. को भन्दा सानो चित्र देखिन्छ तर हेल्थपोष्ट, प्रहरी चौकी भन्दा ठूलो छ । यसर्थ तुलनात्मक रुपमा धेरै सहयोग गर्न सक्ने सस्थाको रुपमा देखिन्छ। प्रहरी चौकी, हेल्थपोष्ट टोल/समुदायबाट नजिक छ तर यी सस्थाले गर्ने सहयोग तुलनात्मक रुपमा कम देखिन्छ।

संस्थागत विश्लेषण (रोटी चित्र) नक्सा निर्माण गर्दा तुरुन्त हामीले सहयोग पाउने सस्थाहरु जानकारी हुन्छ। समुदायलाई आपतकालिन समयमा सम्पर्क र सहयोग प्राप्त गर्न यो विधि प्रभावकारी छ।

४ मिनेट

- सहभागीहरुलाई गहनतापूर्वक हेर्न र सुन्न लगाउने

**चित्रपट १५**




सानो समूहमा विभिन्न विषयमाथि छलफल गर्न यो विधिको प्रयोग गरिन्छ । यी समूह सम्पन्नता स्तरीकरण, पेशा तथा रोजगारी, लैङ्गिक, उमेर समूह, विशेष किसिमको विशिष्ट पक्षको सामाजिक अवस्थाका आधारमा बनाइन्छन् । सहभागीलाई लैङ्गिक, उमेर, पेशा र शिक्षाका आधारमा स-साना समूह बनाई छलफल पर्छ । यस्ता छलफलमा सबैहभागीलाई समान रूपले आफ्ना विचार र भनाइ राख्न प्रोत्साहन गरिन्छ। कुनै निश्चित विषयमा केन्द्रित भई विशेष किसिमका समूहसँग गरिने छलफल नै लक्षित समूह छलफल हो । यो अत्यन्तै प्रभावकारी सहभागीमूलक विधि हो ।

विभिन्न सहभागीमूलक विधि अपनाउँदा सबै सूचना वा जानकारी आउँछ भन्ने हुँदैन । विभिन्न विधि अपनाई सूचना प्राप्त हुन नसकेको अवस्थामा यो विधि अपनाई सूचना लिनुपर्ने हुन्छ । यो विधिबाट अन्य विधि अपनाउँदा आउन नसकेको सूचनाको सूची बनाई लिनुपर्ने हुन्छ । प्राप्त सूचनाको जाँचका लागि पनि यो विधि अपनाइन्छ। सहजकर्ता टोलीलाई कुनै सूचना अपुरो लागेमा वा थप छलफल गर्नुपर्ने आवश्यकता ठानेमा लक्षित समूह छलफल विधि अपनाई सूचना लिन सकिन्छ।


कुनै-कुनै समाजमा कतिपय समूह सबैका अगाडि बोल्न चाहदैनन् वा सांस्कृतिक रूपमा अप्ठयारो महसुस गर्छन् । त्यस्तो अवस्थामा पनि यो विधि धेरै उपयोगी हुन्छ।

आजको समयमा आधुनिक प्रविधिको प्रयोग गरेर पनि लक्षित सम’’ह छलफल हुन्छ। सूचना प्रविधिको माध्यमबाट यसमा पहुँच भएका व्यक्तिहरूका बीचमा पनि छलफल गराउन सकिन्छ। जस्तै: स्काइपमा ग्रुप छलफल आदिको माध्यमबाट पनि फरक-फरक ठाउम रहेका एउटै किसिमका व्यक्तिहरूबीच लक्षित समूह छलफल गर्न सकिन्छ।


[Focus group discussion is small numbers of people (usually between 6 and 12, but typically 8 brought

**४ मिनेट**

- सहभागीहरुको बुझाई सोध्ने
- पटमा लेखिएको परिभाषा पढेर सुनाउने वा सहभागीहरुलाई पढ्न लगाउने
- थप व्याख्या गर्ने

| | | |
|---|---|---|
| | together with a moderator to focus on a specific product or topic. Focus groups aim at a discussion instead of on individual responses to formal question and produce qualitative data (preference and beliefs) that may or may not be representative of the general population.] | |
| चित्रपट १६ | <br><br><br>• **६ देखि १२ जना सम्मको समूहमा छलफल :**<br><br>लक्षित समूह छलफल विधि सन्चालन गर्दा कम्तिमा ६ जना र बढीमा १२ जना सम्म सहभागीहरु राख्नु पर्दछ । यी सहभागीहरु एउटै वर्ग र भावनाका हुन्छन् । सहभागीहरु सबैको विचार सुन्नु पर्दछ । सहभागीहरु विच विचारलाई मन्थन गर्दै लैजानु पर्छ । थोरै सहभागीहरु भएकोले सबैको विचार तथा मतलाई केलाएर सुन्न सकिन्छ । धेरैजना भएमा विचारहरु बाझिने हुन सक्छ र निष्कर्षमा पुग्न गारो हुन्छ । सबैको विचार तथा अनुभव सुन्न धेरै समय लाग्छ । तसर्थ एउटै वर्गका सदस्यहरु भएकोले आफूलाई आवश्यक तथ्याङ्क संकलन गर्न सकिन्छ ।<br><br>• **एक पटकमा एक विषयमा छलफल :**<br><br>यो विधिमा काम गर्दा भरसक एक सवाल भन्दा धेरै सवाल वा विषय लिन हुँदैन । सहभागीलाई पहिले नै आज यो विषयमा यति विषय र समय सिमाभित्र छलफल हुनेछ भनी प्रस्टसँग बताइदिनुपर्छ । एउटै छलफलमा धेरै विषयमा छलफल गर्दा निष्कर्ष प्रभावकारी हुदैन । सहभागीहरुले पनि धेरै निर्णयहरु एकै बसाईमा गर्दा निष्कर्ष धेरै महत्वका साथ लिदैनन् । एउटा मात्र विषयमा छलफल गरि निर्णयमा पुग्दा सहभागीहरुले निर्णयलाई अपनत्व महसुस गर्दछन् र गम्भिरताका साथ लिन्छन् ।<br><br>• **सहभागीमुलक अर्न्तक्रिया र विचार विमर्श :**<br><br>सानो समूहमा छलफल गर्दा अर्न्तक्रिया गर्न सहज हुन्छ । सम्पूर्ण सदस्यले विचार र विमती राख्न खुला गरिन्छ । एउटै | **४ मिनेट**<br><br>• सत्रमा भएको अन्तर्क्रिया र धैर्यताको सहभागीहरुलाई धेरै धन्यवाद दिने<br>• आफ्नो सहयोगी प्रशिक्षकलाई पनि धन्यवाद दिने<br>• सत्रको मूल्याङ्कन गरी दिन स्मरण गराउने । |

<table>
<tr><td></td><td>वर्गको प्रतिनिधित्व भएको हुनाले समस्या र समाधान खुला ढंगवाट आउछ । ठूलो बैठकहरुमा भिन्न भिन्न तह र वर्गका समूहहरुको सहभागीता हुने हुदा असजिलो मानेर उठान नभएको विषय पनि लक्षित सम’’ह छलफलमा आउछ ।<br><br>• सम्भावित प्रश्न पत्रको पहिले तयारी :<br><br>लक्षित समूह छलफल गर्न जानुपूर्व सहजकर्ताले सो छलफलमा सोधिने सम्भावित प्रश्नहरूको सूची पहिले नै तयार गर्नुपर्दछ । सहजकर्ताले प्रशिक्षार्थी विच भईरहेको छलफलमा तटस्थ रहनुपर्दछ । तर, छलफलमा प्रस्तुत भईरहेको विषयलाई पूर्ण रुपमा आफ्नो तथ्याङ्क संकलन र उद्धेश्य पुरा गराउने पक्षमा लैजान सक्ने सुनिस्चितता ( guarantee) गर्नु पर्दछ ।<br><br>• अनुभवी सहजकर्तावाट सहजीकरण :<br><br>लक्षित समूह छलफल गर्दा अनुभवी सहजकर्ताबाट सहजीकरण गराउनु पर्दछ। सहजकर्ताको अपरीपक्ताबाट सही तथ्याङ्क संकलन हुनबाट चुक्न सक्छ । समय र स्रोत र साधनको सहि प्रयोग नहुन सक्छ । अनुभवी सहजकर्ताले आफ्नो उद्धेश्य बमोजिम छलफललाई नया दिशा दिन सक्छ ।</td><td></td></tr>
<tr><td>चित्रपट १७</td><td>
<br>यस चित्रमा सुत्केरी महिलाहरुको समूह एउटा लक्षित समूह हो । चित्रमा एक जना सहजकर्ताले सुत्केरी महिलाहरु सँग भूकम्पले सुत्केरी महिलामा पारेको असरको बारेमा छलफल गर्दैछन । महिलाहरु पनि आफ्नो समस्याको बारेमा खुला रुपमा राखेका छन् । एउटै लक्षित वर्ग भएको हुदा सजिलो सँग महिलाहरुलाई आफ्नो सवाल र समाधानको माध्यम छलफल भएको छ । सहजकर्ताले पनि आफ्नो उद्धेश्य बमोजिम छलफललाई केन्द्रित गर्दैछन् ।</td><td>२ मिनेट<br><br>• सहभागीलाई अवलोकन गर्न लगाउने</td></tr>
</table>

| | | |
|---|---|---|
| चित्रपट १८ |  | **२ मिनेट**<br>• पहिले राखिएको उद्धेश्य पुरा भए, नभएको विषय सहभागीहरु सँग सुनिस्चित गर्ने |
| चित्रपट १९ |  | **२ मिनेट**<br>• सत्रमा भएको अन्तर्क्रिया र धैर्यताको सहभागीहरुलाई धेरै धन्यवाद दिने<br>• आफ्नो सहयोगी प्रशिक्षकलाई पनि धन्यवाद दिने<br>• सत्रको मूल्याङ्कन गरी दिन स्मरण गराउने । |

## सामाजिक परिचालन तालिम कार्यक्रम

**पाठयोजना तथा प्रशिक्षण निर्देशिका**

# सत्र ८: लैङ्गिक समानता र सामाजिक समावेशीकरण

**खण्ड:** सामुदायिक परिचालन

**समय:** ६० मिनेट

**सामग्री:** मल्टिमिडिया प्रोजेक्टर, कम्प्युटर, पर्दा (प्रोजेक्सन स्क्रिन), चित्रपट, इजेल, फ्लीपचार्ट, मास्किङ्ग टेप, मार्कर (कालो, नीलो, रातो), पाठयोजना, सहभागी कार्यपुस्तिका

**सत्र परिचय:** विकास तवसम्म पूर्ण र दिगो हुदैन जवसम्म लक्षित समूह वा वर्गका सबैको विकास हुदैन । किन कि समाज वा समुदायमा रहेका महिला लगायत विभिन्न वर्गले जनसंख्याको ठूलो हिस्सा ओगटेको हुन्छ । पूर्ण विकास त्यति बेला मात्र सम्भव हुन्छ जतिबेला विकासका गतिविधिमा समाज वा समुदायमा रहेका सबै मानिसहरुको सक्रिय सहभागिता हुन्छ । समाजका सबैलाई समेट्ने अवधारणाका रुपमा आएको लैङ्गिक समानता र सामाजिक समावेशीकरण (लैसमास) आज विकासको रणनीतिको रुपमा लिइएको छ । तसर्थ पुनर्निर्माणमा पनि लैङ्गिक समानता र सामाजिक समावेशीकरणको ठूलो महत्व छ । लैसमास तुलनात्मक रुपमा नयाँ विषय भएको हुनाले पुनर्निर्माणको राष्ट्रिय अभियानमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सामाजिक परिचालक तथा सहजकर्ताहरुमा लैसमासका आधारभूत पक्षमा साझा बुझाइ कायम गर्ने उद्देश्यले यो सत्र तयार गरिएको हो ।

**मार्गदर्शन:** लैसमासको महत्वपूर्ण कडी भनेको समतामूलक समानता हो । सर्वप्रथम समता र समानतालाई स्पष्टसँग बुझाउन विशेष ध्यान दिनु पर्दछ। समतामूलक समानताको लागि दुईवटा पक्ष महत्वपूर्ण छन् । व्यवहारिक आवश्यकताको परिपुर्ति र रणनैतिक आवश्यकताको परिपुर्ति दुबै उत्तिकै आवश्यक हुन्छ । यी तीन विषयवस्तुमा प्रस्तुतिकरणमा बढी केन्द्रित हुनु पर्दछ ।

**विशेष सावधानी:** लैसमासको लागि अन्तराष्ट्रिय र राष्ट्रिय तहमा धेरै नै प्रयास भएका छन् । कानुनी तहमा, संस्थागत तहमा, पठनपाठन आदिमा विविध प्रावधानहरु रहेका छन् । यसको उल्लेखित बुँदामा मात्र चर्चा गर्दा पनि धेरै समय लाग्छ । मुख्य बुँदाहरुमा मात्र केन्द्रित रहेर केवल ऐतिहासिक सन्दर्भ मात्र जोड्दा पनि तालिमको आवश्यकता पुग्ने भएकोले यसमा विशेष सावधानी अपनाउनु पर्दछ ।


**सत्रको उद्देश्य:** यो सत्रको अन्त्यमा सहभागीहरुले निम्न कुराहरुमा जानकारी प्राप्त गर्ने छन् ।

- समाजिक लिङ्ग वा जेण्डर
- समतामूलक लैङ्गिक समानता
- सामाजिक समावेशीकरण
- लैङ्गिक समानता र सामाजिक समावेशीकरण

| श्रव्य-दृष्य सामग्री | पाठको रुपरेखा | टिप्पणी |
|---|---|---|
| चित्रपट १ |  | २ मिनेट<br>• अभिवादन गर्ने<br>• आफ्नो परिचय दिने<br>• सत्रको परिचय दिने - विषयगत शिर्षक, लाग्ने समय, सञ्चालन विधि, प्रयोग हुने सिकाइ र सामग्रीको विषयलाई संक्षिप्तमा समेट्ने<br>• सहयोगी प्रशिक्षकहरुको परिचय दिने |
| चित्रपट २ | <br>यस सत्रको मुख्यतया चार उद्देश्यहरु रहेका छन् । | २ मिनेट<br>• चित्रपटमा देखाए अनुसार यस सत्रको उद्देश्य प्रस्तुत गर्ने<br>अथवा<br>• सत्रको उद्देश्य सहभागीहरुबाट पढ्नको लागि अनुरोध गर्ने<br>• सहभागी कार्यपुस्तिका भए त्यसको बारेमा उल्लेख गर्ने |
| चित्रपट ३ | <br>लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई छोटकरीमा लैससास पनि भनिन्छ । लैससासको अवधारणा बुझ्नु भन्दा पहिले यसमा भएका चारवटा शब्दकहरु लैङ्गिक, समानता, सामाजिक र समावेशीकरणको पृथक पृथक अर्थ थाहा भएमा | २ मिनेट |

| | | |
|---|---|---|
| | समग्रमा यो वुझ्न बढी सजिलो हुन्छ ।। लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई अंग्रेजीमा Gender Equality and Social Inclusion (GESI) भन्दछन् जसमा GESI शब्द बढी प्रचलित छ । | |
| चित्रपट ४ | <br>यो चित्रपटमा केही शब्दहरु दिइएका छन् । कुनै शब्दहरु मानिसको विशेषता वा गुणसँग सम्बन्धित छन् भने कुनै पेशासँग सम्बन्ध राख्दछन् । जस्तै दयालु, शक्तिशाली मानिसका गुणसँग सम्बन्ध राख्ने शब्दहरु हुन् भने डाक्टर वा इन्जिनियर पेशासँग । यी शब्दहरुले हाम्रो समाजमा महिला वा पुरुषको स्वभाव तथा भूमिकालाई दर्शाउँछ । यी शब्दहरुलाई एक एक गरेर देखाएर सहभागीहरुको सोंच बुझ्ने उद्देश्यले यिनीहरुलाई राखिएको हो ।<br><br>यो प्रक्रियामा यी शब्दहरु सुन्नासाथ सबभन्दा पहिले महिला वा पुरुष मध्ये को भन्ने बिचार आउँछ त्यो नै भन्नु पर्दछ भनेर सहभागीलाई जानकारी गराउनु पर्दछ । यसमा धेरै समय लगाउन दिनु हुदैन । धेरै नसोचिकन मनबाट पहिले आएको विचार सबैले एकै पटक भन्नु पर्दछ भनेर सहभागीलाई अनुरोध गर्नु पर्दछ। सहभागीबाट कुनैमा पुरुष, कुनैमा महिला र कुनैमा दुवै भन्ने जवाफ आउन सक्छ। यो स्वभाविक हो । सामान्यत: दयालु, नर्समा महिला र ड्राइभर, इन्जिनियर, शक्तिशालीमा पुरुष भन्ने आउँछ । त्यसैगरी शिक्षक, डाक्टरमा दुवै भन्ने पाइन्छ। तर भिन्न आएमा पनि फरक पर्दैन ।<br><br>सहभागी तथा प्रशिक्षक सबै आजको समाजका अंग हुन् उनीहरुको जवाफमा हाम्रो आजको समाजमा महिला वा पुरुषको स्वभाव कस्तो हुनु पर्दछ वा कस्तो पेशा हुनु पर्दछ भन्ने धारणालाई प्रतिबिम्वित गर्दछ । समाजको महिला वा पुरुष प्रतिको यहि धारणालाई नै जेण्डर वा सामाजिक लिङ्ग भन्दछन् । | २ मिनेट<br><br>• चित्रपटमा भएका शब्दहरुलाई एकएक गरी देखाएर ती शब्दले महिला वा पुरुष के जनाउँछ भनेर सहभागीलाई सोध्ने ।<br>• जवाफ आए पछि किन भनेर पनि सोध्ने र एक छिन छलफल गर्ने ।<br>• महिलाको सन्दर्भमा आएका शब्दहरु चाहे त्यो स्वभावसंग सम्बन्धित होस् वा पेशासँग एक पटक दोहोर्याउने ।<br>• त्यसैगरी पुरुषको सन्दर्भका शब्दहरु पनि दोहोर्याउने ।<br>• महिला वा पुरुषका सन्दर्भमा आएका जवाफलाई जेण्डरको परिभाषासंग जोड्दै जाने । |

**चित्रपट ५**




सामाजिक लिङ्ग/जेण्डर (Gender) भनेको समाजले महिला वा पुरुषको भूमिका, जिम्मेवारी, व्यवहारहरु, गुणका सम्वन्धमा दिएको सोंच वा दृष्टिकोण वा धारणा हो । यो समाजद्वारा निर्मित महिला वा पुरुषको सामाजिक परिभाषा हो ।


उदाहरणको लागि पुरुषले परिवारको पालनपोषण गर्ने आर्थिक जिम्मेवारी लिनु पर्दछ वा पुरुषले अरुको अगाडि रुनु हुदैन, शक्तिशाली, निडर हुनु पर्दछ, घर भित्रको काम गर्नु हुदैन आदि र त्यसैगरी महिलाले बालबच्चाको हेरचाह, बुढाबुढीको सेवा गर्नु पर्दछ, बढी परिश्रमको काम गर्न सक्दैनन्, नम्र हुनु पर्दछ, ठूलो स्वरले बोल्नु हुदैन आदि जस्ता धेरै धारणाहरु छन् । फलस्वरुप महिलाले ठूलो स्वरमा बोलेमा पोथी बास्यो, पुरुषले रोएमा महिला जस्तो रोएको भन्ने उदाहरण हाम्रो समाजमा जतातते भेटिन्छ । पुरुष शक्तिशाली हुन्छ केही परेमा जे पनि गर्न सक्छ भन्ने धारणाले १४ वर्षको दिदीलाई साँझमा बाहिर जानु पर्दा ७ वर्षको भाईलाई साथी पठाउने चलन छ । त्यस्तै अर्को उदाहरण घरमा खाना पकाउन हुदैन भन्ने पुरुष आज प्राय: सबै ५ तारे होटलमा Chef छन् । यसरी पुरुष वा महिलाले कसरी बोल्नु पर्दछ, हिड्नु पर्दछ, लुगा कस्तो लगाउनु पर्दछ आदिका सम्बन्धमा हाम्रो समाजमा विविध सोंच, विचार, धारणाहरु भएको पाइन्छ । सामाजिक लिङ्ग/जेण्डरका केही विशेषताहरु रहेका छन् ।

<u>विशेषता</u>

- यो सोच/दृष्टिकोण/धारणा महिला र पुरुषको लागि फरक फरक छ ।
- यो समाज समाज अनुसार फरक फरक हुन्छ किनकि प्रत्येक समाजको आ–आफनो मान्यता, धर्म, रीति, अवस्था अनुसार निर्धारित हुन्छ ।

**३ मिनेट**

- पहिले सहभागीलाई केही उदाहरणहरु छन् कि सोध्ने र छलफल गर्ने ।

| | | |
|---|---|---|
| | • यो एउटै समाजमा पनि समय अनुसार परिवर्तनशिल रहेको छ ।<br>• यो प्राकृतिक लिङ्ग भन्दा फरक हुन्छ । | |
| **चित्रपट ६** | <br><br>महिला र पुरुषले जन्म हुँदा नै लिएर आएको फरक-फरक जैविक विविधता (जनेन्द्रिय संरचना र वंशाणुगत गुणहरुको समिश्रणबाट उत्पन्न प्राकृतिक स्वरुप) लाई प्राकृतिक लिङ्ग/सेक्स (Sex) भनिन्छ । यो प्रकृतिले स्वभाविक रुपमा दिएको कुरा हो । अंग्रेजीमा सामाजिक लिङ्ग र प्राकृतिक लिङ्गको लागि दुईवटा अलग अलग शब्द Gender र Sex छन् तर नेपालीमा एउटै शब्द केवल लिङ्ग भन्ने मात्र छ । त्यसैले लिङ्गमा प्राकृतिक र सामाजिक जस्ता विशेषता जोड्नु पर्दछ । कतै कतै सजिलोको लागि प्राकृतिक लिङ्गलाई प्रालिङ्ग र सामाजिक लिङ्गलाई सालिङ्ग लेख्ने गरेको पनि पाइन्छ । | **१ मिनेट**<br><br>• प्राकृतिक लिङ्ग/सेक्स (Sex) भनेको के हो ? सहभागीहरुसँग सोध्ने |
| **चित्रपट ७** | <br><br>प्राकृतिक लिङ्ग र सामाजिक लिङ्ग बीच स्पष्ट भिन्नता पाइन्छ ।<br>**प्राकृतिक लिङ्गः** | **२ मिनेट**<br><br>• उदाहरणहरु सोध्ने । |

| | | |
|---|---|---|
| | • यो जैविक र शारीरिक हुन्छ । जस्तै पुरुषको दाह्री जुँगा आउने, शुक्रकिट उत्पादन गर्ने र महिलाले डिम्ब उत्पादन, गर्भधारण र बच्चा जन्माउने, स्तनपान गराउने ।<br>• यो प्राकृतिक प्रदत्त हुन्छ ।  जन्म हुँदा नै प्रकृतिबाट लिएर आएको हुन्छ ।<br>• सबै ठाउँ, समय, राष्ट्र जात जाति, धर्ममा एक समान हुन्छ। प्राकृतिक लिङ्ग विश्वव्यापी रुपमा एउटै हुन्छ। जस्तै अमेरिकामा पनि महिला वा पुरुष र नेपालमा पनि उही महिला वा पुरुष । त्यस्तै गरी पहिले पनि महिला वा पुरुष र आज पनि महिला वा पुरुष ।<br>• यो परिवर्तन गर्न सकिदैन । हुनत आजको आधुनिक र वैज्ञानिक युगमा लिङ्ग परिवर्तन गरेका केही उदाहरणहरु नभएका होइनन् तर पनि मुलतः त्यो अपरिवर्तनशील हो ।<br>**सामाजिक लिङ्गः**<br>• महिला र पुरुषको लागि सामाजिक र साँस्कृतिक समाजद्वारा निर्माण गरिएको हो ।<br>• ठाँउ, समय, संस्कृति अनुसार फरक फरक हुन्छ । जस्तै मुस्लिम समुदायका महिलाले बुर्का लगाउनु, सिख समुदायका पुरुषले पगडी बाँध्नु आदि ।<br>• परिवर्तन गर्न सकिन्छ र समाजले दिएको हुनाले पुनः बनाउन, परिमार्जन गर्न सक्छ । यो परिवर्तन भइरहेको पनि छ ।<br>पहिले देखि हामी राष्ट्रको नेतृत्व गर्ने व्यक्ति भन्ने बितिकै पुरुष भन्ने बुझिन्थ्यो भने आजको दिनमा आएर राष्ट्रपति पदमा महिला छन् । जेण्डर समाजले दिएको हुनाले अहिले यो परिवर्तन हुन सकेको हो । र अहिले यस्तो थुप्रै उदाहरणहरु हामीले पाउन सक्छौ । | |
| **चित्रपट ८** | <br>महिला वा पुरुषको भूमिका, गुण, व्यवहार सम्बन्धी समाजको सोंच वा धारणालाई नै लैङ्गिक अवधारणा भनिन्छ भनेर माथि | **२ मिनेट**<br>• यस्तो लैङ्गिक अवधारणाको विकास कसरी हुन्छ होला ? भनेर सोध्ने |

| | | |
|---|---|---|
| | धेरै पटक चर्चा भईसकेको छ । तर यस्तो धारणाको विकास कसरी हुन्छ भन्ने कुरा  महत्वपूर्ण छ ।<br><br>माथिको चित्रमा मानिसमा लैङ्गिक अवधारणा सम्बन्धी विचार, सोच कसरी बन्दछ वा समाजमा लैङ्गिक अवधारणको विकास कसरी हुन्छ भन्ने कुरा देखाईएको छ ।<br><br>लैङ्गिक अवधारणाको विकास सामाजिकीकरण (Socialization) प्रक्रियाबाट हुन्छ । सामाजिकीकरण भनेको सिक्ने तरिका वा सिकाइको प्रकिया हो । समुदाय वा समाजको मूल्य, मान्यता अनुसार महिला वा पुरुषका भूमिका, गुण, सम्बन्धमा धारणा बनाई सो अनुरुप आफ्नो सोच र व्यबहार अभिव्यक्त गर्ने प्रकियालाई सामाजिकीकरण (Socialization) भन्दछन् ।<br><br>सिकाइको प्रक्रिया सर्वप्रथम घरबाट सुरु हुन्छ, आमा बाबुले सानै उमेर देखि छोरीले यस्तो गर्नुपर्छ र छोराले यस्तो गर्नुपर्छ भनेको कुराले धारणा बन्छ । जब मानिस हुर्कदै जान्छ त्यसपछि छिमेकी, नातागोता, साथीहरु, विद्यालय, संगठन, टि.भी., रेडियो, पत्र पत्रिका तथा धर्म सँस्कृतिबाट थप धारणा बन्दछ । त्यस्तै गरी बाहिरी राष्ट्रिय तथा अन्तराष्ट्रिय जगतसंगको सम्पर्कको आधारमा सिकेको कुराले पनि धारणा बन्दछ  । यसरी यो सिकाइ जीवन पर्यन्त चलिरहन्छ । हुर्किने कममा समाजको विभिन्न तहबाट सिकेको कुरा एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुदै जान्छ । तीनै धारणा मानिसका प्रवृति, व्यवहार धारणा बन्दछ र अभिव्यक्त हुने गर्छ । जस्तै छोराको जन्म दिनमा गाडी, बन्दुक उपहार दिइन्छ भने छोरीकोमा पुतली, भाँडाकुँडा, खेल्ने कुरा दिइन्छ । त्यस्तै गरी लुगा नै किन्दा पनि केटालाई नीलो, खैरो रंगको किनिन्छ जब कि केटीलाई किन्नु पर्दा रातो, गुलावी रंगको छानिन्छ ।<br><br>यस सिकाइको कममा कतिपय कुराले निरन्तरता पाउंदछन् भने कतिपय कुराहरुमा धारणा परिवर्तन पनि हुन्छ । | |
| चित्रपट ९ |  | १ मिनेट<br><br>• पुरुषलाई कसरी तुलना गरेको छ प्रश्न गर्ने । |

| | | |
|---|---|---|
| | पुरुष वा महिला सम्बन्धी धारणा कसरी अभिव्यक्त हुन्छ भन्ने कुरा केही विज्ञापनको उदाहरणबाट पनि स्पष्ट हुन्छ । पुरुष शक्तिशाली हुन्छ भन्ने सोंचले गर्दा सिमेन्ट, डण्डी वा रड, मोटरसाइकलको बलियोपन देखाउँदा पुरुषलाई चित्रण गरिन्छ । तर महिलालाई प्रायजसो सौन्दर्यतामा जोडेर प्रस्तुत गरिएको पाइन्छ ।<br><br>हाम्रो समाजमा अहिले पनि नर्स भन्नासाथ महिलाको चित्र पहिले आउँछ किनकि नेपालमा सबै जसो नर्सहरु महिला नै हुन्छ भन्ने धारणा छ । तर यस चित्रमा नर्स भनेर पुरुषलाई प्रस्तुत गरिएको छ । यो जेण्डर परिवर्तनशील छ भन्ने उदाहरण हो ।<br><br>सामाजिकीरण प्रकिया एउटै हुन्छ तर सिक्ने कुरा फरक फरक हुन्छ । त्यसैले के सिकाउने भन्ने कुरा ज्यादै महत्वपूर्ण छ । | |
| चित्रपट १० | <br><br>परम्परागत रुपमा चलि आएको लैङ्गिक अवधारणाले समाजमा विभिन्न किसिमको असर पार्‍यो । यसले सकारात्मक भन्दा नकारात्मक प्रभावलाई बढावा दियो । जस्तै आवश्यकता र चाहना हुदाहुदै पनि एकल परिवारमा महिला बिरामी पर्दा पुरुषले लुगा धुन नहुने, कुचो लगाउन नहुने भन्ने चलन केही उदाहरण हुन् ।<br><br>• **महिला र पूरुष भएकै आधारमा मात्र काम र तहको बर्गीकरणको निरन्तरता, जस्तै उदाहरणको लागि**<br>- महिला- घर गृहस्थी, बालबच्चा जन्माउने तथा हुर्काउने, विरामी तथा बुढाबुढीको हेरचाहको जिम्मेवारी ।<br>- पुरुष- आय आर्जन, बेचविखन, व्यापार, उत्पादनशील क्रियाकलाप, कार्यलयको कामका जिम्मेवारी ।<br><br>महिलाको घर भित्रको काम र कमाई नहुने काममा बढी संलग्नता तथा पुरुषको घर बाहिरको क्रियाकलाप र कमाई | ३ मिनेट<br><br>• सहभागीहरुलाई समूह अनुसार दुई समूह छान्ने र पढ्न लगाउने |

| | | |
|---|---|---|
| | हुने काममा र निर्णय लिने कुरामा पनि बढी संलग्नता हुन गयो ।<br><br>• **महिला र पुरुष बीच असमान शक्ति सम्वन्ध विस्तारः**<br><br>वास्तवमा शक्ति भनेको शारीरिक रुपमा बलियो, आर्थिक रुपमा सम्पन्न र मानसिक रुपमा सक्षम भयो भने शक्तिशाली हुन्छ । आर्थिक र मानसिक शक्ति, स्रोत, साधन र निर्णय प्रक्रियामा पहुँच र नियन्त्रणबाट उत्पन्न हुन्छ ।<br><br>- महिला - स्रोत साधन र अवसरको बाँडफाँड, निर्णय प्रकृयामा पहुँच र नियन्त्रण विस्तारै कम ।<br>- पुरुष - स्रोत साधन र अवसरको वाँडफाँड, निर्णय प्रकियामा पहुँच र नियन्त्रण बढी, स्थानीय, सरकारी तथा राजनीतिक कियाकलापहरु तथा आयोजना, सभा, सम्मेलनमा नेतृत्व ।<br><br>• **गलत, पक्षपातपूर्ण सामाजिक मूल्य मान्यताको पनि प्रसय**<br><br>समाजद्वारा निर्मित लैङ्गिक अवधारणा समय र परिस्थितिमा आधारित हुने हुनाले सबै धारणा समयको अन्तरालमा सान्दर्भिक नहुन पनि सक्छन् समय र परिस्थिति परिवर्तन भइसक्यो तर लैङ्गिक अवधारणा उही हुदा गलत र पक्षपातपूर्ण सामाजिक मुल्य मानयताले पनि प्रस्रय वा प्रोत्साहन पाइरह्यो ।<br><br>• **विभेदपूर्ण समाजको श्रृजना**<br><br>लैङ्गिक विभेदका कारण समाजमा विभेदपूर्ण र असहज सामाजिक सम्वन्ध सिर्जना हुन्छ ।<br><br>• **दिगो मानव विकासमा नकारात्मक प्रभाव**<br><br>मानविय विकासका विभिन्न पक्षमा अवरोध सिर्जना हुन्छ तसर्थ नकारात्मक प्रभाव पर्दछ । | • शक्ति भनेको के हो वा के भयो भने मानिस शक्तिशाली हुन्छ ? |
| **चित्रपट ११** |  | **३ मिनेट**<br><br>• समानता भनेको के हो ? सहभागीलाई सोध्ने ।<br>• समानता र समतामा के फरक छ ? |

| | | |
|---|---|---|
| | परम्परागत लैङ्गिक अवधारणाबाट समग्र समाजमा बढी नकारात्मक प्रभाव परेको विश्वव्यापी रुपमा नै महशुस हुन थाल्यो र समानताका कुराहरु उठ्न थाल्यो ।<br><br>लैङ्गिक समानता भनेको महिला र पुरुष विच समान हैसियतको व्यवहार गर्नु हो । समान हैसियत सामाजिक, साँस्कृतिक, आर्थिक, राजनैतिक सबै क्षेत्रमा साधनस्रोतको बाँडफाँड र प्रयोगमा समान पहुँच र नियन्त्रण, समान अवसर प्रदान गर्नुबाट आउछँ । उदाहरणः समान ज्याला, समान मताधिकार, समान रुपमा विकास नियोगहरु, समितिहरु, आयोगहरु, निकायहरुमा प्रतिनिधित्व आदि । तर समानता भनेको केवल बराबर वा समान अवसर मात्र होइन । कानुनी तथा नीतिगत रुपमा बराबर हुन त परिहाल्यो तर यसको साथै विद्यमान फरक आवश्यकता, जीवन अवस्था र हैसियतलाई आत्मसात गर्नु र मान्यता दिइ आवश्यकता अनुसार सशक्तिकरण गर्नु पनि हो । समानता न्यायोचित हुनुपर्छ अर्थात समातामूलक समानता हुनुपर्छ ।<br><br>समानता भनेको बराबर त हो । तर बराबर भन्ने कुरा त्यतिबेला मात्र उचित वा सार्थक हुन्छ जव महिला तथा पुरुषको अवस्था एउटै हुन्छ, आवश्यकता एउटै हुन्छ । जस्तैः १ कक्षाको विद्यार्थी र ७ कक्षाको विद्यार्थीलाई समान अवसर दिने भन्दैमा, कुनै एउटा प्रतिस्पर्धामा राख्दैमा समानता हुदैन । एक कक्षाको लागि १ कक्षाकै विद्यार्थीसँग प्रतिस्पर्धा गराउनु पर्दछ । बराबरको अवस्थामा मात्र समानताले काम गर्दछ । अहिले महिला र पुरुषको अवस्था पनि एकै छैन । त्यसैले समानताले मात्र काम गर्दैन समतामूलक समानता चाहिन्छ । पहिले एउटै अवस्थामा ल्याउनु पर्‍यो र यही ल्याउने प्रयासका गतिविधिलाई समता भनिन्छ । समतालाई सकारात्मक विभेद (Positive Dismination) पनि भन्दछन् । समता समानताको पहिलो खुड्किलो हो । समानताको कुरा गर्दा जहिले पनि समतामूलक समानता हो भनेर सम्भनु पर्दछ । | |

| | | |
|---|---|---|
| चित्रपट १२ | <br><br>यो चित्रमा कुकुर, मुसा र सारस छन्। सबैलाई तिर्खा लागेको छ र एउटा थालमा सबैलाई पानी दिइएको छ। पानी सिउन कसैलाई रोक छैन ।<br>समानता हुदैमा सबैलाई काम लाग्ने नहुने रहेछ। सारसको शारीरिक अवस्था अर्कै छ र अरुको अर्कै छ।<br>दोस्रो चित्रमा मात्र वास्तविक समानता भयो । आवश्यकतालाई पहिचान गरी मान्यता दिइयो र सो अनुसार प्रदान गरियो। | १ मिनेट<br>• सहभागीहरुलाई सोध्ने, यो समानता हो कि होइन ?<br>• हो भने किन हो र होइन भने किन होइन ?<br>• अब यो चाँहि समानता हो कि? |
| चित्रपट १३ | <br><br>आवश्यकता व्यक्ति, समूह र समाज अनुरसार फरक हुन्छ त्यसैले आवश्यकता अनुसारको समान अवसर प्रदान गर्नु नै समानता हो जसलाई समतामूलक समानता भनिन्छ। | २ मिनेट<br>• लैङ्गिक समानता कस्तो हुनुपर्छ भन्ने बारे छलफल गर्ने<br>• चित्रमा देखाइए अनुसार क्रमैसँग समानता र समता के हो भनेर सोध्दै जाने। |

<table>
<tr>
<td>चित्रपट १४</td>
<td>

<br>असमान लैङ्गिक अवधारणा विश्वव्यापी रुपमा नै थियो त्यसको अनुभुति भएर औपचारिक रुपमा कुरा उठ्न थालेको भने सन् १९४६ मा मात्र हो । त्यसपछि विभिन्न प्रयास र प्रावधान भएको पाइन्छ। यसमा सबभन्दा महत्वपूर्ण कुरा दोस्रो प्रयास हुन २९ वर्ष लाग्यो र ८० को दशकमा आएर मात्र केही गति लिएको देखिन्छ। त्यसपछि विकासक्रम जारी छ। १९९५ पनि महत्वपूर्ण मानिन्छ किनकि यसमा वेईजिङ्गमा महिलाका १२ सरोकारका विषयको घोषणा भयो । महिला र शिक्षा, महिला र स्वास्थ्य, महिला र वातावरण आदि ।</td>
<td>२ मिनेट<br><br>• अर्न्तराष्ट्रियस्तरमा लैङ्गिक समानताको लागि भएका विभिन्न प्रयास र प्रावधानहकाः<br>• मुख्य बुंदा मात्र उल्लेख गर्ने<br>• यसमा धेरै समय नलगाउने<br>• चित्रपटमा भएका कुराहरुलाई छोटकरीमा प्रस्तुत गर्ने ।</td>
</tr>
<tr>
<td>चित्रपट १५</td>
<td>

<br>लैङ्गिक अवधारणामा अर्न्तराष्ट्रियस्तरमा भएको प्रयास र प्रावधानको प्रभाव नेपाल लगायत अन्य मुलुकहरुमा पनि पर्न थालेको देखिन्छ । नेपालमा सन् १९५६ मा महिलाको लागि भनेर महिला प्रशिक्षण प्रतिष्ठानको स्थापना भयो । त्यसपछि नीतिगत तहमा, संस्थागत संरचनामा, प्रशिक्षण, ऐन, कानुन सबैमा यसको बिस्तार भयो ।<br><br>**राष्ट्रिय स्तरमा :**<br><br>• अर्न्तराष्ट्रिय सम्मेलनमा सहभागिता, प्रतिवद्वता, पालना</td>
<td>३ मिनेट<br><br>• राष्ट्रिय स्तरमा भएको प्रयास र प्रावधानलाई पनि छोटकरीमा मात्र उल्लेख गर्ने</td>
</tr>
</table>

| | | |
|---|---|---|
| | • नीतिगत तहमा पञ्च तथा तीन वर्षिय योजना समावेश र निरन्तरता – पहिलोमा १९५६ "महिला प्रशिक्षण प्रतिष्ठान" को स्थापना, छैटौंवाट विस्तारै विभिन्न क्षेत्रमा विकासका कार्यक्रम, क्षमता र उत्पादकत्वमा अभिवृद्धि - नवौंवाट मूलप्रवाहिकरण<br>• केन्द्रिय तहमा संस्थागत संरचनाको विस्तार- विभिन्न मन्त्रालयमा इकाई, शाखा, महाशाखाको स्थापना, राष्ट्रिय योजना आयोगमा, शाखा, अलग समिति, महिला मन्त्रालय, महिला आयोगको स्थापना<br>• प्रशिक्षणको लैङ्गिकीकरण - नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, क्षेत्रगत तथा प्रशासनिक प्रशिक्षण, पाठ्यक्रम<br>• कानुनी प्रावधान, ऐन वियम, रणनैतिक निर्देशिका - नेपालको संविधानको २०७२ को भाग ३ धारा ३८ ले महिला अधिकारलाई उल्लेख गरेको | |
| चित्रपट १६ | <br><br>लैङ्गिक समानता र विकासका लागि आजका दिन सम्म भएका सम्पूर्ण प्रयासमा २ वटा अवधारणा पाइन्छ। एउटा विकासमा महिला (Women in DevelopmentWID) र अर्को लैङ्गिक र विकास (Gender and Development GAD) ।<br><br>WID विकासक्रमको पहिलेको अवधारणा हो भने GAD पछिको हो । WID मा महिलाहरुलाई समस्या परेको रहेछ, दुख भएको रहेछ भनेर उनीहरुलाई केही गर्नु पर्दछ भन्ने सोंचको महिला केन्द्रित अवधारणा हो । यसले महिलालाई केन्द्र बिन्दुमा वा समस्याको रुपमा राख्दछ।<br><br>महिलाको विकास र शसक्तिकरणको लागि सिलाई, बुनाई जस्ता परम्परागत रुपमा निभाउदै आएको जिम्मेवारी र भूमिकालाई सशक्त बनाउने प्रयास भयो । यसरी विद्यमान योजना र संरचनामा एकिकृत गर्ने कार्य भयो। यति प्रयासहरु | ५ मिनेट |

हुदाहुदै पनि अपेक्षित विकास नभए पछि GAD को अवधारणा आयो ।

GAD मानव केन्द्रित विकासको अवधारणा हो । यो महिला र पुरुष वीचको सम्बन्धमा केन्द्रित हुन्छ । यसले पिछडिएका वर्गको सशक्तिकरण, असमान संरचनामा परिवर्तन ल्याउन मद्दत गर्दछ ।

अहिले विकासका कार्यक्रमहरु GAD मा बढि केन्द्रित भए पनि दुबै अवधारणाबाट कार्य भइ रहेको छ ।

**चित्रपट १७**




लैङ्गिक समानता र विकासको लागि भएका दुईवटा अवधारणाबाट मुख्यतया: दुई प्रकारको आवश्यकता परिपुर्ति गर्नु पर्ने रहेछ भन्ने कुरालाई पनि स्थापित गर्‍यो ।


**व्यवहारिक आवश्यकताको परिपूर्ति**


- दैनिक आवश्यकता जस्तै गाँस, बास, स्वास्थ्य, खानेपानी आदि जस्ता आधारभूत आवश्यकताहरुको परिपूर्तिसंग सम्बन्धित हुन्छ ।
- महिलाहरुले सजिलैसंग पत्तालगाउन र बताउन सक्ने हुन्छ ।
- छोटो समयावधि भित्रै समाधान गर्न सकिने हुन्छ ।
- व्यवहारिक आवश्यकता सजिलैसँग पुरा गर्न सकिन्छ ।


उदाहरणको लागि खाना पकाउने कुरा । हाम्रो समाजमा अहिले पनि यो महिलाको जिम्मेवारीमा पर्दछ । पहिले खाना पकाउन दाउराको प्रयोग गर्नु पर्थ्यो । यसबाट धेरै समय लाग्ने र धुवाँले स्वास्थ्यमा नकारात्मक असर हुन्थ्यो । अहिले आएर ग्याँस, बिजुलीमा खाना पकाउने सुबिधा भयो । यसबाट व्यवहारिक आवश्यकताको परिपुर्ति भएर भौतिक रुपमा धेरै सहज त भयो तर खाना पकाउने भूमिका उही नै रही रह्यो । पहिले पनि खाना पकाउने भूमिका र अहिले पनि त्यही भूमिका रहि रह्यो ।

| | | |
|---|---|---|
| | व्यवहारिक आवश्यकताको परिपूर्ति भएर महिलालाई भौतिक रुपमा सजिलो बनाउँछ। तर त्यतिले मात्र पुग्दैन।<br><br>**रणनैतिक आवश्यकताको परिपूर्ति :**<br><br>• समाजमा महिलाहरुको स्तरमा सुधार ल्याउन सघाउ पुऱ्याउने कुरासंग सम्वन्धित हुन्छ र विद्यमान लैङ्गिक विभेदको अन्तर घटाउन सघाउँदछ ।<br>• पछाडी परेको कारण अनभिज्ञ हुँदा पहिचान गर्न गाह्रो हुन्छ ।<br>• परिपूर्ति गर्न चुनौतिपूर्ण हुन्छ ।<br>• व्यवहार, सोचाई तथा शक्ति संरचनामा परिवर्तन ल्याउन जरुरी छ ।<br>• दीर्घकालिन नीति र कार्यक्रमको आवश्यकता पर्छ ।<br>• यो काम एक दिन मात्र गरेर नहुने हुदा दिगो रुपमा यसलाई लानुपर्छ ।<br><br>उदाहरणको लागि प्रत्येक नि.मा.वि. मा कम्तीमा १ जना महिला शिक्षक हुनु पर्छ भन्ने नीतिले हजारौं महिलालाई रोजगारीको अवसर प्रदान गर्‍यो । त्यस्तै गरी जमिनको किनबेचमा भारी कर छुट हुने अर्को कानुनी प्रावधानले धेरै महिलाको स्वामित्वमा पहुँच बढायो ।<br><br>यसरी लैङ्गिक समानताको कुरा गर्दा जहिले पनि व्यवहारिक र रणनैतिक दुबै आवश्यकताको परिपुर्ति हुन अग्रसर हुने खालको हुनु पर्दछ । | |
| चित्रपट १८ |  <br><br>'सामाजिक' शब्द समाज वा समुदायसँग सम्बन्धित छ । समाज र समुदायको विषयमा पहिलेका सत्रहरुमा पनि धेरै चर्चा भईसकेको छ । संक्षिप्तमा समुदाय वा समाज जे भने पनि मूलतः मानिसहरुको समूह नै हो । समूहमा विविध वर्गका मानिसहरु हुन्छन् । विविध वर्ग भन्नाले विभिन्न उमेर, लिङ्ग, जाति, धर्म, आस्थाका सबै मानिसहरु भन्ने जनाउँछ । | **२ मिनेट**<br><br>• यस चित्रमा के के देखिन्छ भनेर सोध्ने |

| | | |
|---|---|---|
| | समाबेशीकरण भनेको समाजका ती सबै मानिसहरुलाई समेट्नु हो । सबै भन्नाले प्रत्येक व्यक्ति भन्ने बुझ्नु पर्दछ ।<br><br>सामाजिक समावेशीकरण भन्नाले समाजका महिला लगायत सबै वर्गलाई विकासका कार्यक्रमका योजना निर्माण देखि कार्यान्वयनसम्मका सबै प्रकियामा जस्ले उनिहरुको जीवनस्तरमा प्रभाव पार्दछ त्यसमा समावेश गर्ने प्रकिया हो । | |
| **चित्रपट १९** | <br><br><br>पहिले चित्रमा देखाए जस्तै समाबेशी भनेको सबैलाई समेट्नु त हो । तर त्यति मात्र होइन । जसरी समानता भनेको समतामूलक समानता भन्ने बुझ्नु पर्दछ । त्यसरी नै समाबेशीकरण भन्नाले समावेश गर्न विद्यमान बाधा, अवरोध हटाउनु पनि हो भन्ने कुरा बुझ्नु पर्दछ । बाधा, अवरोध नीति, कानुन, नियम, संगठनात्मक संरचनामा, भौतिक संरचनामा हुन सक्छ । एउटै कार्यक्रमले सबै गर्नु पर्छ भन्ने होइन । कार्यक्रमको प्रकृति हेरी समावेश गर्न जे ले असजिलो पारेको छ त्यसलाई हटाउनु हो ।<br><br>दोस्रो चित्र समावेशीकरणको एउटा उदाहरण हो । यसमा शारीरिक अपाङ्गता भएको व्यक्तिलाई पहाडको टुप्पोमा हुने कार्यक्रममा पुर्‍याई सहभागी गराउन एउटा सहयोगीको व्यवस्था गरिएको छ । | **५ मिनेट** |

| | | |
|---|---|---|
| चित्रपट २० | <br><br>सामाजिक समावेशीकरण एउटा प्रकृया हो । सबैलाई अवसर दिएर, समेटिएर मात्र भएन, उनीहरुको वाधा व्यवधानहरु सबै हटाएर समाबेशी गर्नुपर्छ । त्यसपछि बल्ल समतामूलक समावेशी हुन्छ । | ३ मिनेट |
| चित्रपट २१ | <br><br>हाम्रो समाजमा विकासका क्रियाकलापमा समावेश हुन नसकेका विभिन्न समूहहरु छन् । सामाजिका असमावेशीकरणमा परेका प्रमुख समूहहरु चित्रमा उललेख गरिएको छ जस्तै :<br>• महिला, वाल वच्चा, गरिब, दलित, जनजाति, द्वन्द पिडीत ।<br>• मधेसी, समलिङ्गि, अशक्त, अपांग, वृद्व ।<br>• विशेष अवस्थामा भएका व्यक्ति तथा समूहहरु, बिपद् प्रभावितहरु, HIV/Aids संक्रमितहरु, आदि ।<br>हामीले हाम्रो काम गर्दा यो समूहहरुलाई कसरी समेट्ने भन्ने कुरा चाहिँ हाम्रो लागि र विकास कै लागि चुनौती हो ।<br>सामाजिका असमावेशीकरणका प्रमुख ५ कारणहरु रहेका छन् । | ३ मिनेट |

| | | |
|---|---|---|
| | • लैङ्गिक कारण : महिला र पुरुष बिच हुने विभेद, समलिङ्गी हुनुका कारणबाट बन्चितीकरण<br>• भौगोलिक कारण : सुगम र दुर्गम क्षेत्र बिचको विभेद, हिमाल, तराई, पहाड बिचको विभेद, नगर र गाउँ बिचको विभेद<br>• आर्थिक कारण : धनी र गरीब बिचको असमानता<br>• शारीरिक कारण : शारीरिक, मानसिक तथा भिन्न क्षमता भएका कारणले गरिने विभेद (जस्तै - अशक्त, अपांग, वृद्व, HIV/Aids संक्रमितहरु आदि)<br>• साँस्कृतिक कारण : धर्म, जाती, जनजातीको कारणले गरिने विभेद । | |
| **चित्रपट २२** | <br><br>लैङ्गिक समानता र सामाजिक समावेशीकरण भनेको महिला तथा पुरुष लगायत समाजका विभिन्न वर्ग, जातजातिले समान हैसियतको अनभूति गर्ने, सबै स्रोत र साधनमा तथा अवसरहरुमा समान पहुँच भएको एउटा सामाजिक अवस्था हो । समाज यस्तो हुनुपर्छ भनेर परिकल्पना गरिएको एउटा सोच अथवा अवधारणा नै लै.स.सा.स हो । सामाजिक परिवर्तन को साथै मानसिक सोचमा परिवर्तन हुन पनि अत्यावश्यक हुन्छ । | **३ मिनेट** |

| | | |
|---|---|---|
| चित्रपट २३ | <br><br>सत्रको शुरुमा राखिएका सत्रको उद्देश्यहरु सत्रको प्रस्त’तिमा सबै पुरा भए नभएको कुराको पुनरावलोकन गर्नु पर्दछ । पुनरावलोकन विभिन्न तरिकावाट गर्न सकिन्छ । सहभागीहरुसंग नै सोधेर अर्न्तरक्रियात्मक रुपमा छलफल गरेर वा आफैले साराशंमा बताएर । | २ मिनेट<br><br>• सत्रको उद्देश्यहरुको पुनरावलोकन गर्दा सहभागीहरुसंग नै सोधेर अर्न्तरक्रियात्मक रुपमा छलफल गर्ने र बुझे नबुझेको सुनिश्चत गर्ने |
| चित्रपट २४ | <br><br>सत्रको विषयवस्तुमाथि कुनै प्रश्न वा थप जिज्ञासा भए नभएको पनि जानकारी लिनु पर्दछ र भएमा जिज्ञासाहरुमा प्रकाश पार्नु पर्दछ । | २ मिनेट<br><br>• यो सत्रको विषयवस्तुमाथि कुनै प्रश्न वा थप जिज्ञासा छ वा छैन सोध्ने ।<br>• अन्तर्क्रिया र धैर्यताको लागि धन्यवाद सहित सहभागीहरुसँग बिदा लिने<br>• आफ्नो सहयोगी प्रशिक्षकलाई पनि धन्यवाद दिने<br>• सत्रको मूल्याङ्कन गरी दिन स्मरण गराउने |

# सामाजिक परिचालन तालिम कार्यक्रम

**पाठयोजना तथा प्रशिक्षण निर्देशिका**

## सत्र ९: समुदायस्तरमा द्वन्द्व व्यवस्थापन

**खण्डः** सामुदायिक परिचालन

**समयः** ६० मिनेट

**सामग्रीः** मल्टिमिडिया प्रोजेक्टर, कम्प्युटर, पर्दा (प्रोजेक्सन स्क्रिन), चित्रपट, इजेल, फ्लीपचार्ट, मास्किङ्ग टेप, मार्कर (कालो, नीलो, रातो), पाठयोजना, सहभागी कार्यपुस्तिका


**सत्र परिचयः** द्वन्द्व समाजमा निरन्तर भइरहने कुरा हो । द्वन्द्व पहिले पनि भएको थियो अहिले पनि भइरहेको छ र भविष्यमा पनि हुनेछ । द्वन्द्वले ल्याएका घातक परिणामका धेरै उदाहरणहरु छन् । तर द्वन्द्वबाट घातक परिणाम हुन नदिन द्वन्द्व व्यवस्थापन गर्नु पर्दछ पुनर्निर्माणको दौरानमा पनि द्वन्द्व हुन्छ नै । पुनर्निर्माणको लक्ष्य प्रभावकारी रुपमा समयमा नै हासिल गर्न यसमा आउन सक्ने द्वन्द्वलाई पनि व्यवस्थापन गर्नु पर्दछ । द्वन्द्व व्यवस्थापनका केही सिद्वान्त र विधिहरु छन् । सबै क्षेत्र र तहमा यसको व्यवस्थापन हुनु पर्दछ । तसर्थ यसमा सबै जिम्मेवार हुनु आवश्यक छ । सामाजिक परिचालक र समुदायका सहजकर्ता वा अगुवाहरुको भूमिका झन् महत्वपूर्ण छ । द्वन्द्व व्यवस्थापनका विविध सैद्वान्तिक पक्षहरुको जानकारीबाट पुनृर्निर्माणमा देखा परेका तथा पर्न सक्ने द्वन्द्वलाई समाधान गर्न सहयोग हुन सकोस् भन्ने उद्देश्यले यो सत्र तयार गरिएको हो ।

**मार्गदर्शनः** पुनर्निर्माणमा पनि समुदाय स्तरमा देखा परेका वास्तविक द्वन्द्व के के रहेछन् भनेर थाहा पाउन जरुरी छ । त्यसैले सहभागीहरुलाई आफ्नो समुदाय वा कार्यक्षेत्रमा द्वन्द्वसम्बन्धी आफ्ना अनुभव र विचारहरु प्रस्तुत गर्न उत्प्रेरित गर्नु पर्दछ । साथै द्वन्द्व व्यवस्थापनको अन्य पक्ष भन्दा चरण र उपायहरुमा बढी जोड दिनु पर्दछ ।

**विशेष सावधानीः** कार्यक्षेत्रका अनुभवहरु धेरै हुने भएकोले सबैको सबै अनुभव प्रस्तुत गर्दा धेरै समय लाग्न सक्छ । तसर्थ समयसीमा ध्यानमा राखी एकै प्रकृतिको द्वन्द्व नदोहोरियोस् भन्ने कुरामा विशेष सावधानी अपनाउनु पर्दछ ।

**सत्रको उद्देश्यः** यो सत्रको अन्त्यमा सहभागीहरु समान बुझाइकासाथ निम्न कुरा बताउन सक्षम हुनेछन् ।

- द्वन्द्व व्यवस्थापनको अर्थ बताउन
- द्वन्द्वका आधारभूत सिद्वान्त बताउन
- द्वन्द्वका विभिन्न कारणहरु पहिचान गर्न
- द्वन्द्व व्यवस्थापनका ५ सूत्र व्याख्या गर्न
- पुनर्निर्माण र द्वन्द्व व्यवस्थापनको सम्बन्ध बताउन

| श्रव्य-दृश्य सामग्री | पाठको रुपरेखा | टिप्पणी |
|---|---|---|
| चित्रपट १ | <br> | २ मिनेट<br>• अभिवादन गर्ने<br>• आफ्नो परिचय दिने<br>• सत्रको परिचय- विषयगत शिर्षक, लाग्ने समय, सञ्चालन विधि, प्रयोग हुने सिकाइ, सामग्रीको विष्यमा संक्षिप्त जानकारी दिने<br>• कार्यपुस्तिकाको बारेमा उल्लेख गर्ने<br>• सहयोगी प्रशिक्षकहरुको परिचय दिने |
| चित्रपट २ | <br><br>यस द्वन्द्व व्यवस्थापन सत्रको मुख्यतया पाँच वटा उद्वेश्यहरु रहेका छन् । यी उद्वेश्यले द्वन्द्व व्यवस्थापनको अर्थ, द्वन्द्वका सिद्वान्त, द्वन्द्वका कारणहरु, द्वन्द्व व्यवस्थापनका सुत्र र पुनर्निर्माणको दौरानमा द्वन्द्व व्यवस्थापन जस्ता विषयलाई समेटेको छ । | २ मिनेट<br>• यस सत्रको उद्देश्य प्रस्तुत गर्ने<br>अथवा<br>• सत्रको उद्देश्य सहभागीहरुबाट पढ्नको लागि अनुरोध गर्ने<br>• सहभागी कार्यपुस्तिका भए त्यसको बारेमा उल्लेख गर्ने |

**चित्रपट ३**




द्वन्द्व भन्नासाथ समाजमा सुनिने, देखिने, बुझिने वा सबभन्दा पहिले मानिसको सम्झनामा आउने द्वन्द्वमा ठूला ठूला युद्व, संघर्ष, लडाईंहरु हुन् । चाहे त्यो रामायण तथा महाभारत जस्ता पौराणिक कथाहरुमा पाइने राम र रावण बीचको युद्व होस् वा पाण्डव र कौरबको युद्व वा इतिहासमा पाइने दुई देशहरु भारत र पाकिस्तान, अमेरिका र इरान बीचको लडाईं नै किन नहोस् । साथै भारत मै केही वर्ष अगाडि मात्र भएको दुई समुदाय बीचको धार्मिक दङ्गाहरु पनि हाम्रो मानसपटलमा आउछन् । अनि नेपालको सन्दर्भमा भन्नु पर्दा माओवादी द्वन्द्व सम्झिई रहने द्वन्द्वको अर्को उदाहरण हो ।

द्वन्द्व भन्ने बित्तिकै ठूलो झगडाको झल्को आउछ । ठूलै द्वन्द्व संझिइन्छ । किन यसरी ठूला ठूला द्वन्द्व नै झट्ट सम्झिइन्छ त ? भन्ने कुरा बुझ्नु जरुरी छ । द्वन्द्वले ल्याएका दुष्परिणामका कारणले यस्तो भएको हो । झगडा, युद्वले ल्याएको असर वा द्वन्द्वको अन्तिम चरणमा हुने नकारात्मक असर, तहसनहसको स्थिति, विकास शुन्य भएको अवस्था शान्ति-अमनचैन रोकिएको अवस्था, सुखी-खुशी रहितको अवस्थाले द्वन्द्वलाई बिर्सिन नसकिएको हो ।

माथिका सबै द्वन्द्वका उदाहरणहरु नै हुन् । यसमा कुनै शंका छैन । त्यसो भए द्वन्द्व भनेको केवल यो मात्र हो त ? द्वन्द्व वास्तवमा के हो त भनेर त्यसको अर्थ र परिभाषा बुझ्न जरुरी छ ।

**द्वन्द्वको अर्थ**

द्वन्द्व भनेको दुई वा दुई भन्दा वढि व्यक्ति वा समूहको बीचमा एकैसाथ वा एकै समयमा परस्पर विरोधी वा फरक दुई वा वढि तत्वको उपस्थितीवाट उत्पन्न असहज अवस्था हो । यस अर्थमा मतभेद, मनमुटाव, वैमनश्यता, विवाद, झगडा, कलह, कुस्ताकुस्ती, संघर्ष, आन्दोलन, युद्व, आदि सबै द्वन्द्वका स्वरुपहरु हुन् ।

**४ मिनेट**

- द्वन्द्व भन्नासाथ सबभन्दा पहिले मानिसको सम्झनामा आउन के हो भनेर सहभागीहरुलाई सोध्ने र केही उदाहरणहरु बताउन अनुरोध गर्ने ।

| | | |
|---|---|---|
| | • द्वन्द्वको यस अर्थबाट यो स्पष्ट हुन्छ कि समाजमा द्वन्द्व अनिवार्य छ किनकि विश्वमा ७ अर्ब मानिसहरु छन् र हरेक व्यक्ति एक अर्कासँग फरक छ । कुनै विषयप्रतिको बुझाई मानिस अनुसार फरक फरक हुन्छ । मान्छे मान्छेबीचका सोँचहरु, विचारहरु, मत - अभिमतहरु अलग छन् । यो नै सृष्टिको विशिष्ट चरित्र हो । द्वन्द्वको कारण पनि यसैभित्र अन्तर्निहित छ ।<br>• द्वन्द्वको अर्थबाट यो पनि स्पष्ट हुन्छ कि द्वन्द्व भन्नाले केवल घातक परिणाम ल्याउने ठूला ठूला झगडा, युद्व मात्र नभई सामान्य मतभेद र विवादलाई पनि जनाउदो रहेछ ।<br>• त्यसैले हरेक तहमा द्वन्द्व छ । समाजमा द्वन्द्व व्यक्ति व्यक्तिबीच, छिमेकी छिमेकीबीच, समुदाय समुदायबीच, समूह समूहबीच, मुलुक मुलुकबीच र क्षेत्र क्षेत्रबीच जोसुकैबीच पनि हुन सक्छ । दुई पक्षबीच हुने सानो सानो मतभेद, द्वेष वा वैमनश्यता देखि लिएर अंशबण्डाको कारण दाजुभाई हुने झगडा, जग्गाको सिमानाको विषयलाई लिएर छिमेकी छिमेकीबीच हुने कलह, नहर वा कुलोको विषयलाई लिएर गाउँले गाउँलेबीच विवाद, सामान्य निहुँमा समूह समूहबीच हुने दंगा, सामाजिक, आर्थिक वा वर्गीय मुद्दा, राजनैतिक विचारधारा, साँस्कृतिक मान्यता लगायतका कारण राज्य र निश्चित समुदायबीचमा हुने आन्दोलन, फरक फरक स्वार्थका कारण मुलुक मुलकबीचको द्वन्द्व, विश्वमा प्रभाव जमाउने उद्देश्यले हुने विश्वयुद्व सम्म सबै द्वन्द्वका उदाहरणहरु हुन् । यसरी द्वन्द्व सामान्य प्रकृति देखि गम्भीर प्रकृति सम्मको हुन सक्छ ।<br>• द्वन्द्व सबै नकारात्मक नै हुन्छन् भन्ने होइन । विभिन्न प्रतिस्पर्धा जस्तै खेलहरु, शैक्षिक परीक्षाहरु आदि पनि द्वन्द्वका उदाहरण हुन् र यिनमा पनि द्वन्द्व अन्तर्निहित हुन्छ । यसले सकारात्मक परिणाम पनि ल्याउँछ । द्वन्द्वले नै समाज रुपान्तरणको बाटो खोल्छ । बिचारमा, सीर्जनामा विविधता ल्याउँछ । चेतनाको विकास गर्छ झन् राम्रो उत्कृष्ट गर्न प्रेरणा दिन्छ । तसर्थ यसले सकारात्मक र नकारात्मक तथा अवसर र जोखिम दुबै पक्ष बोकेको हुन्छ । | |

**चित्रपट ४**




द्वन्द्वको परिभाषा र स्वरुपहरुबाट यसको केही आधारभूत स्वभाव, प्रकृतिलाई सिद्धान्तको रुपमा स्पष्टसंग चित्रण गर्न सकिन्छ ।

- द्वन्द्वमा दुई वा सो भन्दा बढी पक्ष हुन्छन् ।
- दुई वा सो भन्दा बढी परस्पर विरोधी वा फरक विषय हुन्छन् ।
- द्वन्द्व समाजको अभिन्न अंग हो र यो अनिवार्य छ ।
- द्वन्द्व सकारात्मक र नकारात्मक दुबै हुन्छ ।
- द्वन्द्व सामान्य देखि गम्भीर प्रकृतिको हुन्छ ।
- द्वन्द्वले घातक परिणाम ल्याउन सक्छ ।
- द्वन्द्व व्यवस्थापन सही ढंगले हुन सके
  - गतिशीलता ल्याउछ, स्वस्थ प्रतिस्पर्धालाई बल पुग्छ ।
  - फरक मत वा विचारले वैधानिकता पाउछन् ।
  - प्रेरणाको स्रोत बन्न सक्छ ।
- द्वन्द्वलाई व्यवस्थापन गर्न जरुरी छ ।

द्वन्द्वका नकारात्मक असर मात्रै हुँदैनन् । यसका सकारात्क परिणाम पनि निस्कन सक्दछन् । द्वन्द्व अनिवार्य छ तर यसलाई सही ढंगले व्यवस्थापन गर्न सक्नुपर्दछ । अन्यथा गम्भीर नकारात्मक परिणाम आउन सक्छन् । द्वन्द्व सबै हिसाबले नराम्रो नै हो भन्ने पनि होइन । द्वन्द्वबाट सकारात्मक परिणाम पनि निस्कन सक्छ । एकआपसमा हुने द्वन्द्वलाई स्वस्थ ढंगले अगाडी बढाउन सके त्यसले प्रतिष्पर्धालाई बल पुग्छ । द्वन्द्वले फरक मत र विचारलाई ठाउँ पाउन सघाउँछ । फरक मतको सम्मान हुन सक्छ  र द्वन्द्वको परिणाम कतिपय सन्दर्भमा प्रेरक र प्रगति उन्मुख पनि हुन सक्छ ।

**४ मिनेट**

- सहभागीहरुसँग छलफल गर्ने

चित्रपट ५




**व्यवस्थापन**

व्यवस्थापन व्यवस्था शब्दबाट आएको हो जसको अर्थ जस्तो हुनुपर्ने हो ठीक त्यस्तै राम्रो अवस्था; राम्रो हालत भन्ने हुन्छ । तसर्थ व्यवस्थापन भन्नाले कुनै कामकुरा राम्ररी सम्पन्न गर्न मिलाइने बन्दोबस्त, इन्तजाम, चाँजोपाँजो, काम भन्ने बुझिन्छ । व्यवस्थापन भनेको कुनै कामकुरा केवल राम्ररी सम्पन्न गर्न मिलाइने वा यथास्थानमा राख्ने मात्र होईन यथाक्रममा गर्ने काम पनि हो ।

यो कुनै कामकुराको वा समस्याको टुंगो लगाउने काम पनि हो । निश्चित काम सम्पन्न गर्नको लागि गरिने सम्पूर्ण क्रियाकलाप तथा सिलसिलेवार गतिविधिलाई समग्रमा व्यवस्थापन भन्न सकिन्छ ।

**द्वन्द्व व्यवस्थापन**

आपसी मतभेद, विवाद, संघर्ष वा वैमनश्यतालाई व्यवस्थापन गर्ने प्रकृयालाई द्वन्द्व व्यवस्थापन भनिन्छ । द्वन्द्वको सही पहिचान, गम्भीरतापूर्वक यसको नियन्त्रण तथा द्वन्द्वका नकारात्मक पक्षलाई सीमावद्व गरी सकारात्मक पक्षलाई निश्पक्ष र प्रभावकारी ढंगले उजागर गर्ने प्रक्रिया द्वन्द्व व्यवस्थापन हो । अथवा द्वन्द्व व्यवस्थापन भन्नाले समुदायभित्र रहेको मनमुटाव, अन्तरसंघर्ष तथा वैमनश्यताको वास्तविक यथार्थता पत्ता लगाई व्यक्ति वा संस्थाको तहमा हिनताबोध नहुने गरी समस्याको सही ढंगबाट गरिने समाधान भनेर बुझिन्छ । द्वन्द्व व्यवस्थापन भनेको द्वन्द्वमा सहभागी दुबै पक्षलाई सन्तुष्ट पार्ने गरी र फेरि सोही कारणले विवाद नहुने गरी प्रबन्ध मिलाउने काम हो ।

२ मिनेट

- सहभागीहरुसँग छलफल गर्ने
- द्वन्द्व व्यवस्थापनको परिभाषा भन्ने ।

चित्रपट ६

४ मिनेट




द्वन्द्वका विभिन्न कारणहरु हुन्छन् । ती सबै कारणहरुलाई मुख्यतया चार समूहमा वर्गिकरण गर्न सकिन्छ ।

- **विचार वा बुझाई बाझिएर**

  द्वन्द्व हुनुको एउटा प्रमुख कारण विचार वा बुझाई बाझिनु हो । सही समयमा सूचना वा जानकारी नहुनु वा प्राप्त भएको जानकारी वा सूचना अपूर्ण हुनु, सूचनाको पहुँचमा कठिनाई (Difficulty in Access), गलत बुझाइ (Misunderstanding), विषयवस्तु प्रतिको अस्पष्टता (Confusion on content), प्रक्रिया गत जटिलता (Complexities), सूचनाको अभाव (Lack of information) हुनु आदि विविध कारणबाट विचार वा बुझाई बाझिन्छन् ।

- **चिन्तन वा सोच बाझिएर**

  कुनै पनि कुरालाई हेर्ने सोंच, दृष्टिकोण हरेक व्यक्ति व्यक्ति बीच वा समुदाय समुदाय बीच, वर्ग वर्गबीच, मुलुक मुलुकबीच फरक फरक हुन्छ । फरक फरक सोंच, दृष्टिकोणको विकास समाजमा रहेको मुल्य मान्यता र संस्कृतिबाट भएको हुन्छ। व्यक्ति व्यक्ति बीच वा समुदाय समुदाय बीच, वर्ग वर्गबीच, मुलुक मुलुकबीच भएका पुरानो द्वन्दले पनि चिन्तन वा सौँचमा भिन्नता ल्याउछ र द्वन्द हुन्छ। यसरी विभिन्न समाजमा रहेका भिन्न भिन्न सिद्वान्तहरू (Conflicting Principles), विचार, विश्वास र मूल्यमान्यता (Personal attitude, belief and norms and value), पुरानो द्वन्द (Historical Conflicts) , विश्वासको संकट (Lack of Trust) आदि कारणले चिन्तन वा सौँच बाझिएर द्वन्द हुन्छ ।


- **लक्ष्य वा उद्देश्य बाझिएर**


  व्यक्ति वा समुदाय समुदाय, विविध सामाजिक वर्गको आवश्यकता र चाहना पनि भिन्न भिन्न हुन्छ र जसरी भए

- सहभागीहरुलाई सोध्ने र छलफल गर्ने ।

| | | |
|---|---|---|
| | पनि त्यो प्राप्त गर्न खोज्दछ। यसरी लक्ष्य वा उद्देश्य फरक फरक भएपछि द्वन्द्वको सम्भावना बढ्छ । साथै त्यसमा पक्षपात (Prejudice) हुने संभावना भयो भने द्वन्दलाई झन् बढावा मिल्छ ।<br><br>• **व्यवहार बाझिएर**<br><br>एक व्यक्तिले अर्को व्यक्तिलाई गरिने बोली चालीको वा शारीरिक हाउभाउको व्यवहारको एउटा सामान्य मर्यादा हुन्छ र सबैले सबैबाट त्यही अपेक्षा गर्दछन् । दुर्वचन, दुर्व्यवहार, अमानवीय व्यबहार (Misbehave) ले द्वन्द्वलाई निम्त्याउछ । हताश मनस्थिती तथा दिक्दारीपन (Frustration or irritability) जस्ता कुराले दुर्वचन, दुर्व्यवहारलाई बढावा दिन्छ । | |
| **चित्रपट ७** | <br><br><br>द्वन्द्व हुनुको एउटा प्रमुख कारण विचार वा बुझाई बाझिनु हो । यो चित्रमा आ-आफनो दृष्टिकोणबाट हेर्दा दुबै ठिक छन् । म ठिक छु भन्दैमा अर्को व्यक्ति गलत छ भन्न मिल्दैन र अर्को व्यक्ति ठिक छ भन्दैमा म पूरा गलत छु भन्ने पनि होईन । तसर्थ जसरी कुनै समस्यामा केहि विवाद निस्कन्छ भने त्यसलाई समाधानको लागि दोहोरो रुपमा अवलोकन गर्नुपर्दछ । अथवा वास्तविकता के हो पहिला पत्ता लगाउनु पर्दछ । सम्भावित समस्याको समाधानको लागि पहिले नै सतर्क रहनुपर्दछ । यस्तो समस्या समाधानको लागि यो चित्रमा देखाएको अंकलाई पहिले नै अक्षर र अंक दुवैमा लेख्न पाएको भए विवाद हुने कुनै सम्भावना नै रहदैन थियो । अथवा यसलाई पहिले नै भित्तामा टासेर राख्ने र दुवैजनालाई एकै ठाउबाट अवलोकन गर्न लगाएको भए यसमा विवाद निस्कदैन थियो । त्यसैले कुनै पनि काम गर्दा निस्कन सक्ने समस्यामा गहनतापूर्वक अध्ययन गर्न जरुरी छ ।<br><br>द्वन्द्व हुनुको एउटा प्रमुख कारण विचार वा बुझाई बाझिनु हो । यो चित्रमा आ-आफनो दृष्टिकोणबाट हेर्दा दुबै ठिक छन् । द्वन्द्व हुनुको एउटा प्रमुख कारण विचार वा बुझाई | **२ मिनेट** |

| | | |
|---|---|---|
| | बाझिनु हो । यो चित्रमा आ-आफ्नो दृष्टिकोणबाट हेर्दा दुबै ठिक छन् । यो करीब करीब दृष्टि बिहिनहरुले हात्ति छामेर हात्ति भनेको केवल नाङ्लो वा खम्बा वा सर्प जस्तो रहेछ भनेर भनेको उदाहरणसंग मिल्छ । कसैले पनि बेठिक भनेको छैन तर समग्रता हेरिएन । यो चित्रमा पनि यहि भएको छ । | |
| **चित्रपट ८** | <br>प्रस्तुत भिडियोमा सहभागी व्यक्तिहरुले आफ्नो सोँच लाद्ने प्रयास गरेका छन् । आफ्नो कुरामा अडिग रहेर अरुको कुरा अस्वीकार गर्दा यहाँ द्वन्द्व भएको देखिन्छ । द्वन्द्वको मुख्य कारण फरक सोँच लाद्ने प्रयत्न वा एक ढंगको तर्क र विश्लेषणमा दृढ रहनु वा हठ गर्नु पनि हो रहेछ भन्ने देखिन्छ । | **४ मिनेट**<br>• भिडियो देखाउने र द्वन्द्वको विषयमा छलफल गर्ने । |
| **चित्रपट ९** | <br>द्वन्द्वका विषम परिणामका धेरै उदाहरणहरु माथि नै भनिसकिएको छ । तर द्वन्द्व शुरु भए पछि समुदाय वा समाजको कुन कुन पक्षमा असर गरेर घातक परिणाममा पुर्‍याउदो रहेछ भनेर बुझ्न सजिलो हुन्छ ।<br>• द्वन्द्वको कारणले गर्दा धेरै मानवीय तथा भौतिक स्रोत साधनको क्षति वा दुरुपयोग हुन्छ ।<br>• द्वन्द्वको कारणले हामी आफ्नो काम राम्ररी गर्न सक्दैनौं । | **४ मिनेट**<br>• द्वन्द्वका असरबारे सहभागीहरुसँग छलफल |

| | | |
|---|---|---|
| | • हामीले केही काम सकारात्मक सोँच लिएर गऱ्यौं भने त्यो काम सफल हुन्छ तर नकारात्मक सोँच लिएर गर्दा बन्दैन । द्वन्दले गर्दा निकै नकारात्मकताको विकास गरेको हुन्छ ।<br>• द्वन्द्वका कारण सकारात्मक उर्जामा ह्रास आउँछ । मानौँ कुनै संस्थामा व्यवस्थापन समितिमा रहेका व्यक्तिहरुबीच निरन्तर विवाद वा संघर्ष भइरह्यो भने कर्मचारीहरुमा काम गर्ने जाँगर मर्दै जान्छ ।<br>• निरन्तरको विवादका कारण गुटबन्दी बढ्दै जान्छ । जस्तो कुनै दुई जना व्यवस्थापकबीच द्वन्द्व बढ्दै जाँदा मातहतका कर्मचारीहरुले एउटा पक्ष लिन्छन् र कालान्तरमा ती दुई व्यवस्थापकको पक्ष र विपक्षमा एउटा समूह तयार भएको हुन्छ ।<br>• द्वन्द्वका कारण स्रोत साधन बाँडिन्छ र सही सदुपयोग नभएपछि निराशा ल्याउँछ । | |
| चित्रपट १० | <br><br>द्वन्द्व समाजको एउटा अंग हो । मानव जीवनमा चाहे त्यो कार्य क्षेत्र होस् वा पारिवारिक परिवेशमा होस् वा अन्य सामाजिक क्षेत्रमा द्वन्द्व देख्ने तथा भोग्ने क्रम भई नै रहन्छ । तसर्थ द्वन्द्वको समयमा के गर्ने वा के गर्दा उचित हुन्छ भन्ने कुरा ज्यादै महत्वपूर्ण छ ।<br>द्वन्द्व भइसकेपछि सामान्यतया ३ वटा बाटो हुन्छ भाग्ने, लडाई गर्ने वा एकता गर्ने । द्वन्द्वको समयमा अवस्था अनुसार उचित बाटो अवलम्बन गर्नु पर्दछ । सधैं एउटै तरिका मात्र ठीक हुन्छ भन्ने पनि छैन ।<br>• **<u>भाग्ने</u> :** द्वन्द्वमा सहभागी पक्षमध्ये एक जना पलायन भयो भने द्वन्द्व न्यूनीकरण हुन्छ । यो द्वन्द्व समाधान गर्ने राम्रो बाटो होईन ।  तर आपतकालीन अवस्था देखिएमा जस्तै एउटा पक्ष ज्यादै उत्तेजित भएर आवेशमा आई जे पनि गर्न सक्ने स्थितीमा र आफूले केही पनि गर्न नसक्ने समयमा सुरक्षाको दृष्टिकोणबाट भाग्न पनि उचित हुन | २ मिनेट<br><br>• सहभागीसँग छलफल गर्ने । |

| | | |
|---|---|---|
| | सक्छ । यसबाट तत्कालिन अवस्थामा द्वन्द्व समाधान हुन्छ र भविक्ष्यमा पनि त्यसै टरेर जान सक्छ । तर कहिलेकाहीं द्वन्द्वको बीउ बाँकी नै रहने हुनाले पूनः द्वन्द्व हुने सम्भावना पनि रहिरहन सक्छ ।<br>• **<u>लड्ने</u>** : यो पनि द्वन्द्व समाधान गर्ने राम्रो बाटो होईन । तत्काल लड्ने बाहेक अरु बिकल्प नभएको बेला अन्तिम समाधानको उपायको रुपमा लड्न पर्ने पनि हुन सक्छ । भाग्न पनि नसक्ने अवस्थामा कि त मर्नु पर्‍यो कि त मार्नु पर्‍यो भने यो तरिका पनि अपनाउन पर्ने अवस्था आउछ । यस्तो अवस्थामा द्वन्द्वमा सहभागी पक्षहरु डटेर सामना गर्ने वा ज्यानको बाजी राखेर एकआपसमा लड्ने हुदा ठूलो क्षति हुने सम्भावना हुन्छ ।<br>• **<u>एकता गर्ने</u>** : मिलेर द्वन्द्वको समाधान खोज्नु एकताको बाटो हो । यसमा कुनै कारणबाट सिर्जित विवादलाई कारणको अन्तर्यमा पुगेर छलफल, सहमतिबाट समाधान खोजिन्छ । द्वन्द्व समाधान गर्ने यो उत्तम बाटो हो । | |
| **चित्रपट ११** | <br><br>द्वन्द्व व्यवस्थापनका मुलतः ५ सूत्र छन् । यी ५ वटा सुत्रहरु अवस्था हेरी अवलम्बन गर्न सकिन्छ । कहिले एउटै मात्र सुत्रले पनि काम गर्न सक्छ वा उपयुक्त हुन सक्छ । कुनै द्वन्द्व व्यवस्थापनको लागि एक भन्दा बढी सुत्रहरुको प्रयोग गर्न पनि सकिन्छ ।<br>• **बेवास्ता :** द्वन्द्व भएको खण्डमा कुनै बेला बेवास्ता गरेर व्यवस्थापन गर्न सकिन्छ । एक पक्षका व्यवहारका कारणबाट उत्पन्न द्वन्द्वमा अर्को पक्षले बेवास्ता गरिदिएमा पनि द्वन्द्व व्यवस्थापन हुन्छ । यसबाट उद्देश्य प्राप्तिमा पनि कुनै असर पर्दैन ।<br>• **सम्झौता :** कैयन् द्वन्द्वहरु सम्झौता गरेर टुंगिन्छन् । सम्झौता गर्ने भनेको द्वन्द्वरत हरेक पक्षले केही पाउने र केही छोड्ने प्रक्रिया हो । यसमा सहमतिमा दुबै पक्षले केही पाउन केही छोड्नु पर्ने वा गुमाउनु पर्ने हुन्छ । | **५ मिनेट** |

| | | |
|---|---|---|
| | • **प्रतिस्पर्धा :** द्वन्द्वरत पक्षबीच प्रतिस्पर्धा मार्फत पनि द्वन्द्व व्यवस्थापन गर्न सकिन्छ । यो प्रतिस्पर्धा भनेको लडाईं होइन वल्कि स्वस्थ प्रतिस्पर्धा हो । प्रतिस्पर्धा गर्न दुबै राजी भएको अवस्था हो । उदाहरणको लागि कुनै विषयमा आधारित विवादलाई पक्ष र विपक्षमा मत हाल्न लगाएर बहुमत प्राप्त पक्षको विचारलाई स्वीकार गर्ने गरी समाधान गर्न सकिन्छ । तर यसमा अल्पमतमा पर्नेले बहुमतमा पर्नेका कुराहरु स्वीकार्नु पर्दछ र अल्पमतको खासै कदर हुदैन । बहुमतलाई स्वीकार गरेता पनि हारेको अनुभुति बीउको रुपमा रहि नै रहन्छ तथा बहुमत हुने पक्षलाई पनि जितेको अनुभुति हुने हुन्छ । यसरी एक पक्षले जितेको र अर्कोले हारेको भाव रहि नै रहन्छ ।<br>• **समाविष्ट:** द्वन्द्व व्यवस्थापनको अर्को सूत्र भनेको फरक विचार वा मतलाई समेटेर वा एउटा पक्ष अर्को पक्षसँग पूर्णतः समाहित भएर जाने विधि हो । यसमा कुनै प्रतिस्पर्धा हुदैन । एउटा पक्षले उठान गरेको विषयलाई अर्को पक्षले पनि समावेश गरेर जाऊ न त भनी एउटै विषय बनाएर सहमतिमा पुग्ने गरिन्छ । तर कहिले काँही यसमा एउटा पक्षले उठान गरेको विषयलाई अर्को पक्षले स्वीकार गरेर केही समय हेरी हालौं न त भन्ने मनसायबाट अभिप्रेरित भई सहमतिमा पुग्ने हुन्छ । पछिल्लो चरणमा कार्यान्वयनको दौरानमा चित्त बुझेन भने फेरी द्वन्द्व हुने सम्भावना पनि हुन्छ ।<br>• **सहकार्य** : द्वन्द्वमा संलग्न पक्षले एक अर्कोसँग सहकार्य गरेर व्यवस्थापन गर्न सकिन्छ । यसमा दुबै पक्ष बराबर रुपमा प्रयत्नरत हुन्छन् र सहभागी हुन्छन यसमा दुई पक्षको नै जित हुन्छ । द्वन्द्व व्यवस्थापनको लागि सबभन्दा उत्तम सूत्र सहकार्य हो । | |
| **चित्रपट १२** |  | **४ मिनेट** |

| | | |
|---|---|---|
| | द्वन्द्व व्यवस्थापन गर्दा सहमतिमा एकैचोटी पुग्न सकिदैन । यसका निश्चित चरणहरु हुन्छन् । ती चरणहरु यथाक्रममा पार गर्दै गएमा समस्या समाधान गर्न सहज र छिटो हुन्छ ।<br><br>• व्यवस्थापन गर्दा सुरुमा वास्तविक समस्याको पहिचान गर्नुपर्दछ । कहिले काही समस्याहरु धेरै भएको जस्तो पनि लाग्न सक्छ र वास्तविक समस्यामा भन्दा अन्य समस्यामा अल्मलिने संभावना हुन्छ । सुरुको पाईला नै गलत भयो भने गन्तव्य अर्थात समाधानमा पुग्न सकिदैन ।<br><br>वास्तविक समस्याको पहिचान गर्न दुई वटा कुरामा ध्यान दिनु पर्दछ ।<br><br>पहिलो, विवाद उत्पन्न हुनुका कारणहरु सकारात्मक तथा नकारात्मक दुबै हुन सक्छन् । विषय प्रवेश गर्ने क्रममा संधै सकारात्मक कुरालाई प्राथमिकतामा राखी विषय सुरु गर्नु पर्दछ । दोस्रो, व्यक्ति केन्द्रित चाहना सम्बोधन भन्दा समस्या केन्द्रित कुरा जस्तै प्रकृया, प्रणाली वा सामूहिक हितको विषयलाई ध्यान दिनुपर्छ ।<br><br>• त्यसपछि पहिचान गरिएका समस्याहरुको समाधानका उपायहरु के के हुन सक्छन् भनेर विचार विमर्ष गरी विकल्पहरुको खोजी गरिन्छ । समस्याहरुको समाधानका उपायहरु धेरै हुन्छन् र जति सक्यो उति धेरै उपायहरु निकाल्न सक्यो भने राम्रो हुन्छ ।<br><br>• विकल्पहरुको तुलनात्मक अध्ययनबाट उत्तम विकल्पको छनोट गर्नु पर्दछ । छानिएको विकल्प नै सवभन्दा राम्रो हो भनेर पुष्टि गर्न पनि संगै त्यसभन्दा अन्य नराम्रा विकल्पको आवश्यकता पर्दछ । उत्तम विकल्प भनेको द्वन्द्वरत पक्ष सबैले जितेको महशुस गर्न सक्ने अवस्था हो ।<br><br>• कुनै विकल्पमा पनि चित्त बुझेन र द्वन्द्वरत पक्षहरुबीच सहमति हुने सम्भावना कम देखियो भने तेस्रो पक्षको सहायता लिएर समाधान गर्नुपर्दछ । तेस्रो पक्ष पूर्वाग्रह रहित हुने हुनाले तेस्रो आँखाबाट हेर्दा समाधानको सिर्जनशील उपाय आउन सक्छ ।<br><br>• तेस्रो पक्षको संलग्नतामा पनि द्वन्द्वरत पक्षहरुको सहकार्य हुन जरुरी छ । सहकार्यले कुनै पनि द्वन्द्वरत पक्षलाई विचार र निर्णय मान्न बाध्य पारेको जस्तो नभई समाधानका निर्णयमा स्वामित्व भएको अनुभूती दिलाउछ र समाधान दीर्घकालीन् हुन जान्छ ।।<br><br>यी सबै विषयको सिद्वान्त सबैलाई थाहा भए पनि व्यवहारमा उतार्न भने चुनौतीपूर्ण हुन सक्दछ ।<br><br>चित्रपटमा दुई वटा विपरित दिशामा उन्मुख जनावरलाई एउटा डोरीले बाधिएको छ र तिनीहरुको अगाडी खानेकुरा | |

<table>
<tr>
<td></td>
<td>
राखिएको छ। दुबैले एकै चोटी खाना खाने कोशिश गर्दा डोरी छोटो भएकोले खाना खान सकेनन् र अझ तन्किदा पनि सकेनन् । यो अवस्थामा भएको समस्या के हो त? यो समस्याको विविध कारणहरु जस्तै डोरी बलियो भएको, दुबैको बल नपुगेको, दुबैको बराबर बल भएको, डोरी छोटो भएको, खानेकुरा राखिएको स्थान टाढा भएको, दुबै विपरित दिशामा फर्किएको आदि हुन सक्छन् ।
अब वास्तविक समस्याको पहिचान गर्न हरेक कारणको विश्लेषण गरेर विकल्प खोज्न विमर्ष गर्नु पर्दछ । उपरोक्त परिस्थितीमा खानेकुरा नजिक लग्ने संभावना भएन, दुबैलाई भोक लागेकोले एकै पटकमा खानु पर्ने अवस्था छ, तत्काल बल बढ्ने भन्ने संभावना पनि भएन, डोरीको अवस्था पनि उही भयो । व्यक्तिवादी चिन्तनबाट अभिप्रेरित भएर एक्लै खान खोज्दा खान नै नसकिने भयो । यसबाट मुख्य समस्या डोरी हो भन्ने कुराको पहिचान भयो ।
सुरुमा यी जनावरहरुबीच व्यक्तिवादी चिन्तन केन्द्रित भयो र ती दुई जनावरले आफ्नो समस्या डोरी हो भनेर सुरुमा नबुझ्दा द्वन्द्व भयो । समस्याको पहिचान भईसकेपछि उनीहरु आफै मिलेर विकल्प खोजे र समस्या समाधान भयो ।
</td>
<td></td>
</tr>
<tr>
<td>चित्रपट १३</td>
<td>


द्वन्द्व व्यवस्थापनको लागि सबभन्दा उत्तम सूत्र सहकार्य हो भन्ने कुरा माथि उल्लेख भइसकेको छ । सहमतिपथ विवाद समाधान गर्ने सहकार्यको सैद्वान्तिक बाटो हो । यसले विवाद समाधान गर्न कसरी सहमति निर्माण भई सहकार्य हुन्छ भन्ने प्रकृयागत कुरा बताउँछ । यो बाटोमा हिड्दा क्रमवद्व रुपमा केही निश्चित चरणहरु पुरा गर्दै गएमा सहमतिमा पुगेर सहकार्य गर्न सहज र छिटो हुन्छ ।
शुरुमा सहमतिका विषयहरुलाई पहिचान गर्नु पर्दछ । त्यसपछि दुबै पक्षले उठान गरेका विषयवस्तुहरुमा कस्को के के रुचि छ भनेर खोजी गर्नु पर्दछ । रुचि भएको विषयमा कार्य गर्दा त्यो काम राम्रोसंग सम्पन्न गर्न सकिन्छ । ती
</td>
<td>
३ मिनेट
<ul><li>द्वन्द्व व्यवस्थापनको लागि सबभन्दा उत्तम सूत्र के हो भनेर सहभागीलाई एक पटक संझन लगाउने</li></ul>
</td>
</tr>
</table>

| | | |
|---|---|---|
| | समाधानका कार्यहरु गर्न के के बाटोहरु हुन सक्छन् भनेर सबै विकल्पहरुको खोजी गर्नु पर्दछ। जस्तै तेस्रो पक्षको मद्दत लिएर समाधान गर्ने कि आफैँ मिलेर गर्ने भन्ने विकल्प हुन सक्छ। विकल्पहरुको विश्लेषण गरेर सबैभन्दा राम्रो विकल्प लिएर सहमतिमा जाने काम हुन्छ । तुलनात्मक रुपमा गरिएको विश्लेषणले छानिएको विकल्प नै उत्तम हो वा सबभन्दा राम्रो हो भन्ने कुरालाई बल दिन्छ। | |
| चित्रपट १४ | <br><br>यो सहमतिको सैद्रान्तिक बाटो भएकोले केवल यसका यी चरणहरु छन् भन्दैमा मात्र सहमतिमा पुगिदैन । यसलाई मूर्तरुप दिन मुख्य तीन बाहृय तत्वहरुको आवश्यकता पर्दछ। वास्तवमा सहमतिपथका लागि यी वाह्य आवश्यकता भनेको शर्तहरु हुन् । द्वन्द व्यवस्थापन भनेको भावनाको व्यवस्थापन हो र भावनाको व्यवस्थापन गर्दा सबैको विचारको सम्मान गर्नुपर्छ किनकि विचारबाट नै भावना अभिव्यक्त हुन्छ॥ भावना र बिचारको सम्मान भएको वा नभएको कुरा वा प्रभावकारी सञ्चारबाट मात्र थाहा हुन्छ। तसर्थ यसमा दुईटैको एक अर्कोसँग प्रभावकारी सञ्चार हुन जरुरी छ।<br><br>व्यक्ति व्यक्ति भएको हुनाले हामी समूहमा छौं। यहाँ म छु, तपाईहरु हुनुहुन्छ, त्यसैले हामी छौं। त्यसैले हामी सबै मिलेर जान जरुरी छ। समूह वा समुदायमा बस्दा म भन्दा पनि हामी भन्ने भाव प्रधान हुनुपर्छ । म भन्ने वा व्यक्तिबादी चिन्तनलाई जोड दियौं भने समस्या झन् जटिल भएर जान्छ तर हामी भन्ने भावनालाई जोड दियौं भने समाधान निस्कन सक्छ। सामूहिक हितको विषयलाई ध्यान दिइयो भने द्वन्द्वको दीगो समाधान हुन्छ। नत्र अल्पकालीन रुपमा समाधान भएको समस्या फेरि बल्झने खतरा हुन्छ। | **२ मिनेट**<br><br>• छलफल गर्ने |

| | | |
|---|---|---|
| चित्रपट १५ | <br>यो कार्टुन भिडियोमा दुई जनालई पुल तरेर खोला पारी जानु परेको छ । पहिलो पाटोमा दुई जना नै आफ्नो आफ्नो कुरामा मात्र जिद्धि गरेर मिल्न नसक्दा एक जना पनि सफल हुन सक्दैनन् । तर पछाडिको पाटोमा अन्य दुई २ जनाले सहमति गर्दा २ जना पुल पार गर्न सफल हुन्छन् । त्यसैले द्वन्द्वलाई सहमतिबाटै समाधान गर्न सकिन्छ । | ३ मिनेट<br><br>• भिडियो देखाउने र छलफल गर्ने । |
| चित्रपट १६ | <br>गोरखा भूकम्पपछि सुरु भएको पुनर्निर्माणको महाअभियानका दौरानमा पनि विभिन्न खाले विवादहरु अवश्य पनि छन् । यस्ता विवाद वा द्वन्द्वहरुबाट हुन सक्ने धातक परिणाम आउन नदिई पुनर्निर्माणको कार्यलाई प्रभावकारी रुपमा गतिशील बनाउन द्वन्द्व व्यवस्थापन गर्नु पर्दछ । उसको लागि सबै क्षेत्र उत्तिकै जिम्मेवार भएर लाग्नुपर्छ ।<br><br>सहभागीहरुको अनुभव तत्य परक हुने हुनाले यसमा बुंदागत रुपमा क्रमैसंग पुनर्निर्माणमा कस्ता कस्ता विवादहरु देखिएका थिए वा देखिएका छन्, विवाद/द्वन्द्व हुनुका कारणहरु के के हुन् र विवाद/द्वन्द्व व्यवस्थापनका लागि अपनाइएका उपायहरु के के छन् भनेर छलफलमा ल्याउनु बढि उपयुक्त हुन्छ । साथै द्वन्द्व व्यवस्थापनका सैद्धान्तिक ज्ञान र उनीहरुको व्यवहारिक ज्ञानलाई तुलना पनि गर्दै जानुपर्दछ । | ४ मिनेट |

| | | |
|---|---|---|
| | • **पुनर्निर्माणमा देखा परेका विवाद/द्वन्द्व**<br>पुनर्निर्माणमा देखा परेका विवाद/द्वन्द्वहरुमा कहिले भूकम्प प्रभावितहरुको आन्दोलन, कहिले सरकारभित्रै विवाद, कहिले सत्तापक्ष र विपक्षीबीचको विवाद, कहिले एउटै पार्टीभित्र भूकम्प प्रभावितहरुको विषयमा विवाद, कहिले अनुदान वितरणको विवाद, कहिले अनुदान रकम बढाउने विषयमा विवाद त कहिले दातृ निकाय र सरकारबीच विवाद आदि रहेका छन् ॥ गाउँगाउँमा पुगेका सरकारी इन्जिनियर तथा भूकम्प प्रभावितहरुबीच मात्रै होइन, भूकम्पीय पुनर्निर्माणको अभियानमा सामेल भएका धेरै संघसंस्था र भूकम्प प्रभावितबीच पनि विवाद देखा पर्ने गरेको छ । केही विवाद प्रकृयासँग सम्बन्धित छन्, केहि विवाद प्रविधिसँग सम्बन्धित छन्, केहि विवाद नीति नियमसँग सम्बन्धित छन् ।<br>• **विवाद/द्वन्द्व हुनुका कारणहरु**<br>पुनर्निर्माणसँग सम्बन्धित कुराहरुलाई हेर्दा, भूकम्प प्रभावितहरुको चाहना र आवश्यकता प्रतिकुल हुने गरी हुने निर्णय हुनु, सरकारी सूचना सही समयमा नपुग्नु र पुगेपनि सही सूचना सम्प्रेषण नहुनु, नीति नियमहरु अस्पष्ट हुनु, परिस्थितिजन्य दबाब बढ्नु, राजनैतिक तथा सामाजिक संस्थाहरुको स्वार्थका कारण गन्जागोल अवस्था सिर्जना गर्नु, भूकम्प प्रभावितहरुका आकांक्षा बढ्नु, राज्यसँग स्रोतसाधनको कमी हुनु वा भएका स्रोत साधन वितरणमा विभेद हुनु द्वन्द्वका कारण हुन् । केहि विवाद आग्रह र पूर्वाग्रहमा आधारित पनि छन् ।<br>• **विवाद/द्वन्द्व व्यवस्थापनका लागि गरिएका उपायहरु**<br>अनुदान सहायता, अनुदान सम्झौता प्रकृयाबारे सुचना प्रवाह, प्राविधिक सहयोग, सम्पर्क व्यक्ति र स्थान सहितको संगठनात्मक संरचना बारे पनि जानकारी, अभिमुखीकरण कार्यक्रम र अन्य तालिमहरु, गुनासो व्यवस्थापनको प्रावधान आदि पुनर्निर्माणमा विवाद/द्वन्द्व व्यवस्थापनका लागि गरिएका उपायहरुका उदाहरण हुन् । | |

| | | |
|---|---|---|
| चित्रपट १७ | <br>सत्रको शुरुमा राखिएका उद्देश्यहरु सबै पुरा भए/नभएको कुराको पुनरावलोकन गर्नुपर्दछ । पुनरावलोकन विभिन्न तरिकावाट गर्न सकिन्छ । सहभागीहरुसँग नै सोधेर अन्तर्क्रियात्मक रुपमा छलफल गरेर वा आफैँले साराशंमा बताएर । | २ मिनेट<br>• सत्रको उद्देश्यहरुको पुनरावलोकन गर्दा सहभागीहरुसँग नै सोधेर अन्तरक्रियात्मक रुपमा छलफल गर्ने र बुझे नबुझेको सुनिश्चित गर्ने |
| चित्रपट १८ | <br>सत्रको विषयवस्तुमाथि कुनै प्रश्न वा थप जिज्ञासा भए नभएको पनि जानकारी लिनु पर्दछ र भएमा जिज्ञासाहरुमा प्रकाश पार्नु पर्दछ । | २ मिनेट<br>• यो सत्रको विषयवस्तुमाथि कुनै प्रश्न वा थप जिज्ञासा छ वा छैन सोध्ने ।<br>• अन्तर्क्रिया र धैर्यताको लागि धन्यवाद सहित सहभागीहरुसँग बिदा लिने<br>• आफ्नो सहयोगी प्रशिक्षकलाई पनि धन्यवाद दिने<br>• सत्रको मूल्याङ्कन गरी दिन स्मरण गराउने |

# सामाजिक परिचालन तालिम कार्यक्रम

**पाठयोजना तथा प्रशिक्षण निर्देशिका**

## सत्र १०: सुशासनको अवधारणा

**खण्डः** सामुदायिक परिचालन

**समयः** ६० मिनेट

**सामग्रीः** मल्टिमिडिया प्रोजेक्टर, कम्प्युटर, पर्दा (प्रोजेक्सन स्क्रिन), चित्रपट, इजेल, फ्लीपचार्ट, मास्किङ्ग टेप, मार्कर (कालो, नीलो, रातो), पाठयोजना, सहभागी कार्यपुस्तिका


**सत्र परिचयः** शासनसंग सबै मानिस कुनै न कुनै रुपमा आवद्ध छन् । किनकि शासन राज्य व्यवस्थासंग गासिएको छ र हामी राज्यका हिस्सा हौं । साथै शासन सरकार वा शासकसंग झन् बढि जोडिएको छ । राज्य व्यवस्थामा शासन गर्ने जिम्मेवारी सरकारलाई मानिन्छ र त्यो केन्द्रिय तह देखि स्थानिय तहसम्म हुन्छ । तर शासन शब्दलाई त्यति सकारात्मक रुपमा लिइदैन । शासन भन्नासाथ हहैकमवादी, विचारहरु लाद्ने वा मान्नैपर्ने बाध्यात्मक अवस्थालाई सम्झिइन्छ । त्यसैले शासन शब्दलाई सुशासन शब्दले विस्थापित गर्न थालियो र आज विश्वभरी नै सुशासन ब्यापक रुपमा प्रचलनमा आएको छ । पुनर्निर्माणमा पनि सुशासन कायम हुनु पर्दछ भनिन्छ र सामाजिक परिचालक तथा सहजकर्ताहरुको कार्यक्षेत्र स्थानिय तह हो । यही परिप्रेक्ष्यमा वास्तवमा शासन तथा सुशासन भनेको के हो? यिनीहरुमा के फरक छ? सुशासन कायम गर्नु कस्को दायित्व हो? पुनर्निर्माणमा सुशासनको आवश्यकता छ कि छैन तथा यसमा सामाजिक परिचालक तथा सहजकर्ताहरुको कस्तो भूमिका हुनु पर्दछ भन्ने विविध पक्षमा जानकारी दिने उद्देश्यले यो सत्र तयार गरिएको हो ।

**<u>मार्गदर्शनः</u>** सुशासनमा सबभन्दा महत्वपूर्ण कुरा भनेको यसका आधारभूत तत्वहरु हुन् । ती तत्वहरुलाई सुनिश्चित गर्नासाथ सुशासन कायम हुन्छ । पुनर्निर्माणमा पनि त्यही हो । तसर्थ सत्रको प्रस्त’तिमा उदाहरणहरुलाई पुनर्निर्माणमा जोड्नु पर्दछ । साथै सुशासन कायम गर्न सरकारको मात्र हैन अरुको पनि उत्तिकै जिम्मेवारी छ भन्ने कुरामा पनि विशेष जोड दिनु पर्दछ ।

**विशेष सावधानीः** नेपालमा सुशासनमा भएका प्रयास र विशेस गरी औजारहरुमा सहभागीहरु परिचित हुनाले छलफल र अनुभव बताउने क्रममा धेरै समय लाग्न सक्छ । नेपालमा सुशासनमा केही पनि भएको छैन भन्ने मानसिकता हटाउन यो पक्ष समावेश गरिएकोले यसलाई छोटोमा प्रस्तुत गर्न विशेष सावधानी अपनाउनु पर्दछ ।

**सत्रको उद्देश्यः** यो सत्रको अन्त्यमा सहभागीहरु समान बुझाईकासाथ निम्न कुरा बताउन सक्षम हुनेछन् ।

- सुशासनको परिभाषा र यसको अवधारणा
- सुशाासन कायम गर्न आवश्यक आधारभूत तत्वहरु
- सुशासनका सरोकारवाहरुको सुची तयार पार्न
- पुनर्निर्माण र सुशासनको आपसी सम्बन्ध

| श्रव्य दृश्य सामग्री | पाठ विवरण (रुपरेखा) | टिप्पणी |
|---|---|---|
| चित्रपट १ |  | **२ मिनेट**<br>• अभिवादन गर्ने<br>• आफ्नो परिचय दिने<br>• सत्रको परिचय- विषयगत शिर्षक, लाग्ने समय, सञ्चालन विधि, प्रयोग हुने सिकाइ, सामग्रीको विष्यमा संक्षिप्त जानकारी दिने<br>• कार्यपुस्तिकाको बारेमा उल्लेख गर्ने<br>• सहयोगी प्रशिक्षकहरुको परिचय दिने |
| चित्रपट २ | <br>यस सुशासन सत्रको मुख्यतया चार वटा उद्देश्यहरु रहेका छन् । यी उद्देश्यले सुशासनको अथ तथा अवधारणा, सुशासन कायम गर्न आवश्यक आधारभूत तत्वहरु, सुशासनका सरोकारवालाहरु र पुर्निमाणमा सुशासनको आवश्यकता जस्ता विषयलाई समेटेको छ । | **२ मिनेट**<br>• यस सत्रको उद्देश्य प्रस्तुत गर्ने<br>अथवा<br>• सत्रको उद्देश्य सहभागीहरुबाट पढ्नको लागि अनुरोध गर्ने |

**चित्रपट ३**




शासन र सुशासन भन्ने शब्दहरु दैनिक जिवनमा पनि सुनिरहने वा सुनिरहेका शब्दहरु नै हुन् । यो भिडियोमा शासन र सुशासन बारेमा अंग्रेजीमा केही कुराहरु भनिएका छन् । यो भिडियोले सहभागीहरुका बीचमा छलफल चलाउन सहयोग गर्दछ ।

अंग्रेजीमा भनिएका ती कुराहरु कुराहरुलाई तलको तालिकामा राखिएको छ ।


Description of the GG Video

| Slide No | Caption/Footnote in each slide | |
|---|---|---|
| 1 | What is Governance? | शासन भनेको के हो ? |
| 2 | Is it Corruption? | के यो भ्रष्टाचार हो ? |
| 3 | Is it Injustice? | के यो अन्याय हो ? |
| å | Is it Inequality? | के यो असमानता हो ? |
| 5 | Poor and Rich | धनी र गरिब |
| 6 | Is it Women Suffering? | के यो महिलालाई पिडा दिनु हो ? |
| 7 | Or is it Justice? | अथवा यो न्याय हो ? |
| 8 | Or is it Peace? | अथवा यो शान्ति छाउनु हो ? |
| 9 | Is it Women Empowerment? | के यो महिला सशक्तिकरण ? |
| 10 | Or is it Equality? | अथवा यो समानता हो ? |
| 11 | Or is it Development? | कि यो विकास गर्नु हो ? |
| 12 | Good Or Bad you Decide? | राम्रो वा नराम्रो, तपाई निधो गर्नुस ? |
| 13 | Good Governance Leads to Flourishing Society and Nation | सुशासनले समाज र राष्ट्रलाई सम्पन्न बनाउन मद्दत गर्दछ । |
| यस भिडियोमा पहिलो भागमा कुशाषनको नमूनाहरु देखाएको छ भने आधाबाट पछाडीका् भागमा सुशासनलाई देखाएको छ । | | |

**४ मिनेट**

- भिडियोमा शासन र सुशासन बारेमा अंग्रेजीमा भनिएका कुरालाई भिडियो चल्दै गर्दा नेपालीमा पनि बताउदै जाने
- भिडियोबाट के बुझ्नु भयो भनेर सहभागीहरुलाई सोध्ने शासन र सुशासन बारेमा

**चित्रपट ४**




शासनमा सु उपसर्ग जोडेपछि सुशासन हुन्छ । त्यसैले सुशासनको अर्थ सजिलोसंग बुझ्न पहिले शासनको अर्थ थाहा पाउनु पर्छ ।

शासन भन्नासाथ सब भन्दा पहिले राज्य व्यवस्था संचालन गर्ने शासक वा सरकारको संझना आउछ । अनि शासन गर्ने शासकले गरेका हैकमवाद, निरकुशता, तानाशाही प्रबृतिको याद हुन्छ । तर वास्तवमा के शासनको अर्थ यही हो त?

शासन भनेको आज्ञा, आदेश, हुकुम, अनुशासन वा मर्यादा पालन गराउने काम हो ।

शासनलाई अंग्रेजीमा Governance भनिन्छ । यो शब्द ल्याटिन भाषाको 'Gobernare' शब्दबाट आएको हो । जसको अर्थ दिशा निर्देश गर्नु, नियन्त्रण गर्नु, चलाउनु (to direct, to control, to steer) हुन्छ । कुनै बाहनलाई त्यसमा भएको steering ले नियन्त्रण गर्दै हाँकेर पहिले नै निर्दिष्ट भएको ठाउँमा पुर्‍याए जस्तै शासन भन्नाले मानिस वा जनता, संस्था, समुदाय, राज्यलाई सञ्चालन गर्ने काम भन्ने बुझिन्छ ।


राज्य व्यवस्था सचालन गर्ने शासनको एउटा महत्वपूर्ण उदाहरण हो । यस सन्दर्भमा शासनलाई राज्य व्यवस्थासंग बढी जोडिएको हो । त्यसैले सरकार र शासनलाई पर्यायबाचीको रुपमा पनि लिने गरेको पाइन्छ । धेरै शब्दकोशमा पनि शासनलाई सरकारले गर्ने देशको प्रबन्ध मिलाउने काम, राज्य सञ्चालन गर्ने पद्वति भनेर परिभाषा पनि गरेको पाईन्छ । तर शासन (Governance) भनेको राज्य व्यवस्थासंग मात्र सम्बन्धित भने होइन । सस्थामा वा परियोजनामा पनि शासन हुन्छ ।

निर्देश गर्ने वा नियन्त्रण गर्ने वा चलाउने काम के को लागि गर्ने भन्ने प्रश्न आउछ । अवश्य पनि कुनै गन्तव्यमा पुग्नको लागि न हो । यसमा संस्था वा राज्यको गन्तब्य भनेको के हो

**५ मिनेट**

- शासन भनेको के हो ? ( सहभागीलाई सोध्ने र चार्ट पेपरको प्रयोग गरी लेख्ने
- सहभागीहरुबाट आएका शब्दहरुलाई परिभाषामा भएका शब्दहरुसंग जोड्दै जाने ।


| | | |
|---|---|---|
| | र के के गऱ्यो भने सञ्चालन भएको मानिन्छ भन्ने कुरा बुझ्नु पनि जरुरी छ । बाहन हाक्ने उदाहरणमा बाहन हाक्दा पुग्ने ठाउँ निश्चित भएपछि बाहनको प्राविधिक पक्षलाई नियन्त्रण गरेर बाटोमा आउने बाधा, अवरोध जस्तै घुम्ती बाटो, मोड, पहिरो जानसक्ने संभावना रहेको स्थान, मानिस तथा जनावर आदि सबैलाई बिचार गरेर यात्रीलाई सुरक्षित तवरले गन्तव्यसम्म पुर्‍याइन्छ । यसमा अलिकति पनि तल बितल पर्‍यो भने दुर्घटना हुन्छ ।<br><br>• संस्थाको गन्तव्य Vission tyf Mission हुन्छ ।<br>• कुनै परियोजनाको गन्तव्य लक्ष्य र उद्देश्य हुन्छ ।<br>• राज्यको गन्तव्य देश र जनताको सर्बाङ्गीण विकास हुन्छ ।<br><br>संस्थाको Vission तथा Mission प्राप्त गर्न वा परियोजनाको लक्ष्य र उद्देश्य हाँसिल गर्न वा राज्य सञ्चालन वा देश र जनताको सर्बाङ्गीण विकास गर्न के के गर्नु पर्दछ त ?<br><br>सञ्चालन गर्दा मुख्य तीन वटा कुरा निर्णय प्रकृया, निर्णय र निर्णयको कार्यान्वयन हुन्छ । तसर्थ शासन गर्ने भनेको निर्णय गर्ने प्रकृया र निर्णयहरुको कार्यान्वयन हो । राज्य सञ्चालन भनेको पनि यही हो । संस्था सञ्चालन भनेको पनि यही नै हो ।<br><br>शासन भनेको निर्णय गर्ने प्रक्रिया र निर्णय कार्यान्वयन गर्ने (वा नगर्ने) विधिलाई भनिन्छ । Governance is the process of decision-making and the process by which Decisions are implemented (or not implemented). | • सञ्चालन भनेको के हो वा के के गर्‍यो भने सञ्चालन भएको मानिन्छ भनेर सहभागीलाई सोध्ने ।<br>• सञ्चालनको अर्थ निर्णय गर्ने प्रकृया र निर्णयहरुको कार्यान्वयन भन्ने शब्द नआएसम्म सहभागीलाई प्रोत्साहन गरिरहने वा उक्साई रहने । |
| चित्रपट ५ | USAID NSET<br>**कुशासन र सुशासन**<br><br><br><br>राज्य व्यवस्थाको शासनको सन्दर्भमा कुरा गर्दा देशको गन्तव्य भनेको सर्वाङ्गीण विकास हो भनेर मानिन्छ । सर्वाङ्गीण विकास भनेको राज्य र जनताको कल्याण हुने विकास हो । तसर्थ राज्य व्यवस्थामा शासन भनेको लोककल्याण तर्फ उन्मुख हुने शासन हो । शासन स्वयंमा लोककल्याणकारी | ५ मिनेट |

| | | |
|---|---|---|
| | तत्व अन्तर्निहित हुन्छ। शासन गर्दा राज्य व्यवस्थाका विविध पक्षलाई लोकको कल्याण हुने कार्यमा लगाउनु पर्दछ । शासनको वास्तविक अर्थ पनि यही नै हो ।<br><br>शासन आफैमा राम्रो हुदाहुदै पनि सु जोडेर सुशासन किन बनाउनु पर्‍यो वा भन्नु पर्ने स्थिति आयो भन्ने कुरा थाहा पाउनु पर्दछ।<br><br>शासनलाई राज्य व्यवस्थाको सन्दर्भमा बढी प्रयोग गरिन्छ। शासन शब्द राज्य व्यवस्था जत्तिकै पुरानो हो । तर राज्य व्यवस्था सञ्चालन गर्दा राज्यको शासनले निर्दिष्ट दिशा लिन सकेन अर्थात् शासन लोककल्याणकारी भएन । गन्तव्यमा नपुग्नु भनको निर्णय प्रक्रिया वा निर्णयहरु र त्यसको कार्यान्वयनका पक्षहरु पनि त्रुटिपूर्ण हुनु हो । बाहन दुर्घटना भएजस्तै राज्यको शासन गर्दा पनि दुर्घटना हुन गयो। शासन कुशासन बन्न गएकोले शासनमा सु थपेर सुशासन भन्नु पर्ने स्थितिको सिर्जना भएको हो ।<br><br>यो चित्रपटमा यहाँ कुशासन र सुशासनलाई देखाउन खोजिएको छ।<br><br>कुशासनमा नातावाद, क्रिपावाद, भष्ट्राचार, कार्य नै सम्पन्न गर्न नसकिने लामो र जटिल प्रशासनका साथै भेदभाव र पक्षपातमा आधारित शासन पद्वति हुन्छ।<br><br>सुशासनले विधिको शासन, कानूनको पालना, स्वतन्त्र न्याय प्रणाली र सबैलाई बराबर न्याय पारदर्शी, समान सहभागीता, जवाफदेहीता र दिगो विकास भएको शासनलाई जनाउँछ। | |
| **चित्रपट ६** | <br><br>भ्रष्टाचार, अनुत्तरदायी सरकार र मानव अधिकारको सम्मानको कमी जस्ता विशेषता भएको खराब शासन प्रणालीले गर्दा विकास र प्रगति ठप्प भई भयावय स्थितिको सृजना भएकोले सन् १९९० को दशक देखि नै दिगो विकास र गरिबी न्यूनीकरणका लीग अनिवार्य आवश्यकताका रुपमा सुशासनको अवधारणालाई अगाडि सारेको पाइन्छ । यो | **५ मिनेट** |

| | | |
|---|---|---|
| | अवधारणा वैदेशिक सहायता प्रदान गर्ने संस्थाहरु द्वारा विकासशील देशहरुको शासन व्यवस्थामा सुधार ल्याइ विकास निमार्ण गतिशीलता प्रदान गर्ने प्रयोजनको लागि विकास गरिएको हो ।<br><br>सन् १९९५ को "सामाजिक विकास सम्वन्धी विश्व सम्मेलन" ले, "समाजका सबै क्षेत्रमा प्रजातान्त्रिक, पारदर्शी, उत्तरदायीपूर्ण शासन प्रणाली सामाजिक र मानव केन्द्रित दिगो विकासका अभिन्न आधारशिलाहरु हुन्" भनेर उद्घोष गरेपिछ सुशासन तर्फ सारा विश्व कै ध्यानाकर्षण भएको हो ।<br><br>वास्तवमा सुशासनको अवधारणा राज्यको अवधारणा जत्तिकै पुरानो भएता पनि पारिभाषिक शब्दका रुपमा यसलाई सन् १९९० को दशकको शुरुदेखि पश्चिमी देश तथा दातृ संस्थाहरुद्वारा तेस्रो विश्वका देशहरुको शासन व्यवस्थामा सुधार ल्याउने प्रयोजनका लागि सहायता सर्त (Aid Conditionality) को रुपमा अघि सारिएको हो<br><br>सुशासनलाई सहायता सर्तको रुपमा अघि सारिएता पनि पछि आएर विकासोन्मुख राष्ट्रहरुको सर्वाङ्गीण विकास गर्ने सम्बन्धमा पनि सुशासन मार्फत गर्न सकिन्छ भन्ने निष्कर्ष निकालिएको हो । | |
| **चित्रपट ७** | <br><br>केही दातृ राष्ट्र र संस्थाहरुले वैदेशिक सहायता सर्तको रुपमा सुशासन सम्बन्धमा अघि सारेका विषयहरु निम्नानुसार रहेका छन् ।<br><br>**विश्व बैंक** (World Bank)<br><br>क) भविष्यदर्शी, खुला एवं शिक्षाप्रद नीति निर्माण<br>ख) व्यवसायिक कर्मचारी तन्त्रको विकास<br>ग) पारदर्शी र जनउत्तरदायी सरकार<br>घ) सशक्त र सहभागितामा आधारित नागरिक समाज | **५ मिनेट** |

| | | |
|---|---|---|
| | ङ) कानुनको शासन मुख्य हुनु<br>**बेलायतको तत्कालीन समुद्रपार विकास संस्था** (ODA)<br>क) प्रजातान्त्रिक चुनाव र जनसहभागिताको माध्यमबाट वैधानिकता प्राप्त शासन व्यवस्था<br>ख) जनताप्रति उत्तरदायी सरकार<br>ग) प्रतिस्पर्धी सरकार<br>घ) कानुनको शासन र मानव अधिकारको प्रत्याभूति<br>**संयुक्त राष्ट्र संघीय कार्यक्रम** (UNDP)<br>क) राजनीतिक वैधानिकता र उत्तरदायित्व<br>ख) निष्पक्ष र भरपर्दो न्याय प्रणाली<br>ग) प्रशासनिक उत्तरदायित्व (आर्थिक कारोवारमा)<br>घ) अभिव्यक्ति तथा सुचनाको हकको प्रत्याभूति<br>ङ) चुस्त र प्रभावकारी ढंगबाट सार्वजनिक क्षेत्रको व्यवस्थापन<br>च) नागरिक समाजसंगको सहकार्य<br>**आथिृक सहयोग तथा विकास संस्था** (OECD)<br>क) जनस्तरका संस्था, सरोकारवाला व्यक्ति, संस्थाको संलग्नता तथा विकेन्द्रित कार्यक्रमको आधारमा सहभागितामूलक विकास<br>ख) जनमत, वैधानिकता, उत्तरदायित्व तथा बहुलवादमा आधारित प्रजातान्त्रिकीकरण<br>ग) कानुनको शासन, प्रभावकारी सार्वजनिक व्यवस्थापन, भ्रष्टाचार नियन्त्रण तथा कम सैनिक खर्चको व्यवस्था सहितको शासन<br>घ) नागरिक र राजनीतिक अधिकार सहितको मानव अधिकारको प्रत्याभूति<br>दातृ राष्ट्र र संस्थाहरुले वैदेशिक सहायता सर्तको रुपमा राखेका विषयहरु भाषागत रुपमा फरक फरक देखिएता समग्रमा मुख्य तीन वटा पक्षमा जोड दिएका छन् ।<br>क) खुला प्रतिस्पर्धी एवं बजारमुखी अर्थ व्यवस्थाको प्रवद्गन<br>ख) प्रजातान्त्रिकीकरण तथा मानव अधिकारको स्थितिमा सुधार<br>ग) शासन व्यवस्थामा सुधार | |

**चित्रपट ८**




सुशासन सन् १९९० को दशक पछि आएको एक शासकीय अवधारणा हो ।

राज्यको सन्दर्भमा उत्तम किसिमको शासन, असल राज्यव्यवस्था, कल्याणकारी शासनव्यवस्था नै सुशासन हो । सामान्य अर्थमा, सुशासनलाई असल, उम्दा, उत्कृष्ट, प्रतिष्ठित र समृद्व शासकीय अभ्यास वा प्रणालीका रुपमा बुझिन्छ ।

सुशासन भनेको चाहे त्यो राज्य सञ्चालनमा होस् वा संस्था सञ्चालनमा होस् शासन गर्ने भनेको जिस्तै नर्णय गर्ने प्रकृया र निर्णयहरुको कार्यान्वयन हो र यसमा पनि मुख्य तीन वटा कुरा निर्णय प्रकृया, निर्णय र निर्णयको कार्यान्वयन नै हुन्छ ।

यसमा महत्वपूर्ण पक्ष भनेको सहि निर्णय गर्ने भन्दा निर्णयहरु गर्दा सम्भाव्य  सर्वोत्कृष्ट विधि वा प्रक्रिया अपनाउनु हुन्छ । सुशासनमा प्रकियामा जोड दिईन्छ । उदाहरणको लागि कुनै व्यक्तिको हातमा काँडा विझ्यो र निकाल्नु पर्‍यो भने काँडा निकाल्ने मुख्य काम भएता पनि काँडा निकाल्दा नदुखाई निकाल्नु पनि उत्तिकै महत्वपूर्ण हुन्छ । अर्को उदाहरण, तालिमको जानकारी दिने विषयमा कति दिन अगाडि सूचना दिईयो, कुन कुन स्थानमा सूचना टाँसियो आदि प्रकियागत कुरा सुशासन कायम गर्न महत्वपूर्ण हुन्छन् । तसर्थ

प्रकिया एकदम महत्वपूर्ण छ। उपलब्ध उत्तम प्रकियाको चयन गर्नु पर्दछ ।

सुशासन हरेक तहमा लागु हुन्छ । केन्द्रिय तह देखि स्थानिय तहको समुदाय स्तर सम्ममा सुशासन कायम गर्न जरुरी छ । तसर्थ हरेकले आफ्नो आफ्नो जिम्मेवारी निर्वाह गर्नु पर्दछ ।

**३ मिनेट**

- शासन र सुशासनमा  के फरक छ भनेर सहभागीलाई सोध्ने ।

**चित्रपट ९**

**३ मिनेट**




शासन कुशासन भएर कुशासनको विकल्पको रुपमा सुशासन आएको हो । सुशासन भनेको कुशासनमा भएका राजनीतिक र प्रशासनिक विकृति विनाको शासन हो । के भएमा राजनीतिक र प्रशासनिक विकृति हट्छ? वा सुशासन कायम हुन नभई नहुने अति आवश्यक आधारभूत गुण वा तत्वहरु के के हुन् त ?

सुशासनमा हुनु पर्ने गुण वा सुशासनका विशेषता वा सुशासनका आधारभूत तत्व वा सुशासनका सूचकहरु भनेर जे भने पनि निम्न ८ विषयहरुलाई लिइन्छ ।

- Participatory (सहभागिता)
- Rule of Law (कानूनको पालना)
- Effective & Efficient (प्रभावकारी र कुशलरचुस्त)
- Transparency (पारदर्शिता)
- Responsive (जवाफदेहिता)
- Equitable & Inclusive (समता र समावेशी)
- Conclusive Oriented (सहमतिमूखी)
- Accountability (उत्तरदायित्व)

**सहभागिताः** सहभागिता सुशासनको एउटा महत्वपूर्ण सूचक हो, आधारस्तम्भ हो, तत्व हो । सहभागिता भन्नाले सरोकारवालालाई निर्णय प्रक्रिया लगायत कार्यान्वयन र अनुगमनमा समेत अवसर प्रदान गर्नु भन्ने बुझिन्छ । कुनै कार्यक्रममा सहभागिता भनेको सेवाग्राही वा लक्षित समूहको त्यस कार्यक्रमका गतिविधिहरुमा संलग्नता हो । सही समयमा जानकारी वा सूचनामा पहुँच तथा आफ्नो भनाइ राख्न पाउने स्वतन्त्रता सहभागिता अन्तर्गत पर्दछन् । उक्त कुराले वृहत नागरिकको सहभागितालाई प्रोत्साहन गर्ने काम गर्दछ ।

**कानूनको पालनाः** कानूनको पालना भनेको सबैले कानूनको पालना गर्नुपर्ने भन्ने हो । कानून भन्दा माथि केही पनि नहुने,

| | | |
|---|---|---|
| | सरकार पनि नहुने कानून सबैलाई बराबर रुपमा लागु हुने कुरा नै कानुनको पालना हो । कानूनको पालना हुन स्वतन्त्र न्याय व्यवस्था, पक्षपातरहित कार्यान्वयन संयन्त्र र कानूनी संरचनाको आवश्यकता पदर्छ जसबाट सुशासन कायम हुन्छ ।<br><br>**प्रभावकारिता र कुशलताः** सुशासन कायम गर्न अर्को नभई नहुने आधारभूत तत्व भनेको प्रभावकारिता र कुशलता हो । प्रभावकारिता धेरैजसो नतिजा वा परिणामसग सम्बन्धित हुन्छ । यसले व्यक्तिका साथै संस्थाको प्रभावकारिता र कुशलतालाई पनि जनाउँछ । सरल, सहज र सुलभ ढंगले आधारभूत वस्तु तथा सेवाहरको प्रवाह गर्नु नै प्रभावकारिता र कुशलता हो । सरल र छोटो प्रकृया, कम खर्च, श्रोत र साधनको अधिकतम प्रयोग, प्रकृया भन्दा परिणाममूखी, कार्यसम्पादनमा स्वस्थ प्रतिस्पधा आदिले सुशासनलाई प्रभावकारी र कुशल बनाउँछ ।<br><br>**पारदर्शिताः** पारदर्शीको सामान्य अर्थ भनेको वारपार जस्ताको त्यस्तै देखिन सकिने हो । सुशासनमा पारदर्शिता भन्नाले सेवा प्रदान गर्ने र सेवा लिनेको बीचमा कुनै पनि कार्यक्रम वा गतिविधिका विविध पक्षहरु जस्तै आर्थिक प्रशासनिक तथा अन्य पक्षमा केही पनि नलुकेको अवस्थालाई जनाउछ । यसमा नागरिकको सूचनाको हकको सुनिश्चितता जस्ता कुराहरु पर्दछन् । सूचना तथा जानकारीको सहज पहुँच तथा प्रवाह का साथै सबै खाले जाँचबुचका लीगि खुल्ला रहने तथा तत्पर रहिरहने अवस्थाले पारदर्शिता बढाउछ ।<br><br>**जवाफदेहिताः** जवाफदेहिता सुशासनको अर्को महत्वपूर्ण तत्व हो । कुनै पनि कार्यका सिलसिलामा नागरिकहरुका आवश्कतालाई सुन्ने तथा सोधिएका जिज्ञासाहरुलाई संस्थागत तथा प्रकृयागत रुपमा समयमानै उचित तरिकाले र सम्बाोधन गर्नु वा जवाफ दिनुलाई जवाफदेहिता भन्दछन् । गुनासो व्यवस्थापनमा तत्परता, नागरिकमैत्री व्यवहार, जवाफ दिने समयको पावन्दि आदि भएमा जवाफदेही भएको मानिन्छ जस्ले सुशासन कायम गर्न मद्यत गर्दछ ।<br><br>**समतामूलक र समाबेशीः** कुनै कार्यक्रम सञ्चालन गर्दा महिला लगायत समाजका सबै वर्गलाई उत्तिकै रुपमा अवसर प्रदान गरी समावेश गरिनुलाई समानता र समावेशी भनिन्छ । जनसङ्ख्याको कुनैपनि, खासगरी कमजोर तथा सिमान्कृत क्षेत्रलाई बञ्चित नहोउन् वा कोही पनि नछुटून् भन्ने यसको मुख्य उद्देश्य हो । समावेश गर्दा कमजोर वर्ग वा संकटासन्न समूहहरु प्रति संवेदनशील भई उनीहरुको वाधा अवरोध हटाइ संलग्नतालाई सुनिश्चित गर्नु पर्दछ । समावेश गर्दा न्यायोचित समानता हुनु पर्दछ । | |

| | | |
|---|---|---|
| | **सहमतिमूखीः** सुशासनमा अर्को अतिआवश्यक तत्व सहमतिमूखी हो । व्यापक सहमतिमा आधारित भएर निर्णयमा पुग्न प्रयत्न गर्नु सहमतिमूखी हुनु हो । सरोकारवालाहरुको विभिन्न विचारहरुको सम्मान गर्ने, निर्णय प्रकृया र कार्यान्वयनमा तिनीहरुलाई सम्बोधन गर्‍यो भने सबैको सहमति हुन्छ, सुशासन समहतिमूखी बन्दछ । यसको लागि पक्षपातरहित र लचिलो संयन्त्रको स्थापना गर्नुपर्दछ ।<br><br>**उत्तरदायित्वः** कुनै पनि व्यक्ति वा संस्थाले आफूले गरेको कार्यको दुबै जस तथा अपजसको जिम्मेवारी लिनुलाई उत्तरदायित्व भनिन्छ । सार्वजनिक कार्यको जिम्मेवारी झन् लिनै पर्दछ भन्ने यसको मुख्य आशय हो । राजनैतिक, व्यवस्थापकीय, नैतिक आदि जस्ता विभिन्न प्रकारको उत्तरदायित्व हुन्छन् ।<br><br>उपरोक्त **<u>आधारभूत तत्वहरु एक आपसमा अन्तरसम्बन्धित</u>** छन् । उदाहरणको लागि निर्णय प्रकृया पारदर्शी भएन भने त्यसमा सहभागिता पनि हुन सक्दैन । सहभागिता नभए पछि सहमतिमूखी पनि हुदैन । त्यसैगरी सबै सरोकारवालाहरुको सक्रिय सहभागिता भएन भने उत्तरदायी पनि हुदैन ।<br><br>चित्रपटमा सुशासन कायम हुन नभई नहुने अति आवश्यक आधारभूत गुण वा तत्वहरुलाई उल्लेख गरिएको छ । ती तत्वहरुले शासन प्रणालीलाई जनमूखी, सार्वजनिक सेवालाई प्रभावकारी, कानुनी राज्य, आर्थिक तथा भौतिक समृद्धि, जवाफदेहीता, पारदर्शीता, नागरिक अधिकारको प्रत्याभूति, शान्ति सुव्यवस्था, सामाजिक प्रगति, सामाजिक एकीकरण गरेर सुशासन कायम गर्दछन् । यस्तो शासन प्रणाली कार्यपालिकासँग मात्र आवद्ध नभई राज्यका तीनवटै अंग ( कार्यपीलका, व्यवस्थापिका र न्यायपालिका) सँगसँगै विकाससँग पनि सम्वन्धित हुन्छ । | |
| **चित्रपट १०** | <br><br>चित्रपटमा देखाइएको चित्र धेरैको लागि चिर परिचित चित्र हो र यो न्याय प्रणालीका सम्वन्धमा प्रयोग हुन्छ । न्याय गर्दा | **४ मिनेट**<br><br>• यो चित्र सहभागी मध्ये कतिले पहिले देखेका छन् भनेर सहभागीलाई हात उठाउन लगाउने ।<br>• यो चित्र कहाँ प्राय देखिन्छ र यसको मुख्य सन्देश के हो भनेर सोध्ने । |

| | | |
|---|---|---|
| | केवल प्रमाणको आधारमा वस्तुपरक मात्र भएर न्यायिक निर्णय गर्नु पर्दछ र न्याय निष्पक्ष हुनु पर्दछ तथा निष्पक्ष हुन आँखा बन्द गर्नु पर्दछ भन्ने सन्देशलाई चित्र मार्फत दर्शाउन खोजिएको छ । आँखाबन्द गर्दा आरोपीको व्यक्तिगत कुराले न्यायकर्तालाई प्रभाव पार्दैन र न्याय निष्पक्ष गर्न सकिन्छ भन्ने यसको मान्यता हो । यस हिसाबमा न्याय अन्धो हुन्छ वा हुनु पर्दछ भनेर भनिन्छ ।<br><br>सैद्धान्तिक रुपमा उक्त कुरा ठीकै हो । तर प्रमाणको भरमा मात्र न्याय गर्दा पछि गएर अन्याय भएको रहेछ भनेर पत्ता लागका धेरै उदाहरणहरु छन् । जस्तै झूठो प्रमाण जुटाएर अर्कोलाई परिबन्धमा पारेर एउटाले गरेको अपराधको दण्ड सजाय अर्कोले भोगेका वा आर्थिक लालचले एउटाले गरेको अपराध अर्कोले स्वीकारेको वा आफ्नो कुनै प्रियजनले गरेको अपराधबाट उसलाई बचाउन त्यो दोष आफू उपर लिएको आदि । फेरी एउटै प्रकारको अपराधको दण्ड सजाय सबैलाई बराबर हिसावमा दिंदा पनि कहिलेकाही अनूचित हुन सक्छ । जस्तै नाबालकले गरेको कुनै अपराध र वयस्क मानिसले गरेको त्यहि अपराधको लागि दण्ड सजाय एउटै वा बराबर हुनु पर्दछ भन्दैमा एउटै प्रकारको दण्ड सजाय दिनु अनुचित हुन सक्छ । तसर्थ न्याय गर्दा पनि सम्पूर्ण यथार्थ थाहा पाउन प्रमाणका अतिरिक्त केही न केही देख्नै पर्दछ भनेर कपडाको पट्टिलाई थोरै भए पनि च्यातेर हेर्नु पर्दछ भनिन्छ । अहिले न्यायिक क्षेत्रमा यो मान्यता स्थापित भएको छ ।<br><br>सुशासनका विषयमा यसको सान्दर्भिकता के हो भनेर बुझ्न पनि जरुरी छ । सुशासन कायम गर्न अति आवश्यक भनेको यसका आधारभूत तत्वहरु हुन् भन्ने कुरा माथि नै उल्लेख भईसकेको छ । उक्त आधारभूत तत्वहरुलाई बिचार त गर्नै पर्‍यो तर यिनीहरुले न्याय मूर्तिको आँखामा पट्टि वाँधेको जस्तो सुशासन कायम गर्न वस्तुगत रुपमा मात्र मार्गदर्शन गर्दछन् । सम्पूर्ण यथार्थ बुझ्न सुशासनमा पनि कपडाको पट्टिलाई थोरै च्यातेर हेर्न जरुरी छ । जस्तै सुशासन हुन समानता र समावेशी एउटा महत्वपूर्ण तत्व हो । समानतामा सबैलाई बराबर अवसर दिने भन्दैमा कुनै तालिम चार तल्ला माथि संचालन गर्दा अपागता भएका मानिसहरुको लागि न्यायोचित नहुन सक्छ । तसर्थ समानता पनि समतामूलक चाहिन्छ । आँखाको पट्टि खोल्ने भनेको यही हो । सुशासन कायम गर्ने सबै आधारभूत तत्वहरुमा पनि सचेत र संबेदनशील हुनु पर्दछ जसको लागि आँखाको पट्टि खोल्नै पर्दछ । | • यो चित्र र सुशासनमा के सम्वन्ध छ भनेर सहभागीहरुलाई सोध्ने |

**चित्रपट ११**




सुशासनलाई प्रागिक वा दार्शनिक विषय मात्र नभई जनताले प्राप्त गर्न सक्ने वा अनुभूत गर्न सक्ने र शासकीय शक्तिको विवेक सम्मत प्रयोग हुने एउटा आदर्श शासकीय अवस्था भन्न सकिन्छ । यसको मुख्य उद्देश्य जनतालाई उपलब्ध गराउने सेवा प्रवाहमा गुणस्तरियता र प्रभावकारीता बढाउनु हो । नागरिकहरुको क्षमता तथा सवलताका मार्गहरु प्रशस्त गर्ने तर्फ शासकीय अधिकारको प्रयोग गर्नुपर्ने कुराहरुमा सुशासनले जोड दिन्छ ।

शासनमा विभिन्न तह भए जस्तै सुशासनमा पनि विभिन्न तह हुन्छ । केन्द्रिय तह देखि स्थानिय तहको समुदाय स्तर सम्ममा सुशासन कायम गर्न जरुरी छ । तसर्थ हरेकले आफ्नो आफ्नो तहमा जिम्मेवारी निर्वाह गरेमा मात्र समग्रमा सुशासन कायम गर्न सकिन्छ । तसर्थ सुशासनमा सरोकारवालाहरु धेरै हुन्छन् । सुशासन कायम गरी राष्ट्रको सर्वाङ्गीण विकास गर्ने कुरा केवल सरकारको अझ केन्द्रिय सरकारको मात्र दायित्व होईन । सरकार एउटा मुख्य सरोकारवाला भने अवश्य हो । तर यसमा गैरसरकारी, निजी क्षेत्र, संचार माध्यम, नीति तथा कानून निर्माता, निर्याय कर्ता, न्याय व्यवस्था तथा नागरिक समाज समेत सबै सरोकारवाला हुन् । वास्तवमा सुशासन यति महत्वपर्ण छ कि सरकारलाई मात्रै छोड्ने कुरा नै होईन भनेर भनिन्छ ।

Good governance is too important to be left to the Government alone …

**४ मिनेट**

**चित्रपट १२**

**४ मिनेट**




नेपालको सन्दर्भमा सर्वप्रथम नेपाल अधिराज्यको संविधान २०४७ ल मार्फत सुशासनको आधारशिला कायम गरिएको हो भन्न सकिन्छ । नेपाल अधिराज्यको संविधान २०४७ ले नेपालमा सुशासन कायम गर्ने आधारहरु सुनिश्चित गरेको छ । नियालेर उक्त संविधानको प्रस्तावना, मौलिक हकहरु, राज्यका निर्देशक सिद्वान्तहरु हेर्ने हो भने त्यहाँभित्र सुशासनका धेरै अन्तरवस्तु भेट्टाउन सकिन्छ । नेपालको प्रशासन यन्त्रलाई चुस्त, दुरुस्त, पारदर्शी बनाउने प्रयास स्वरुप २०४८ सालमा गठित उच्चस्तरीय "प्रशासन सुधार आयोग"ले दिएका विभिन्न सुझावहरुमध्ये सुशासनका पक्षलाई समेट्ने विकेन्द्रीकरण, प्रशासकीय संगठन, सरकारको कार्य क्षेत्रको निर्धारण, बजेट तथा लेखा व्यवस्थामा गर्नुपर्ने सुधार, भ्रष्टाचार नियन्त्रण तथा पारदर्शीता अभिवृद्वि जस्ता सुझावहरु पनि उक्त प्रतिवेदनमा समावेश भएको पाइछ ।

यसैगरी आठौं, नवौं र दशौं योजनाले पनि सुशासनको विशेषगरी जोड दिएको छ । प्रशासकीय सुधार कमिटीले प्रस्तुत गरेको सुझावलाई कार्यान्वयन पक्षमा जोड दिँदै आठौं योजनाले सुशासन प्रवर्द्वनमा टेवा पुर्‍याएको पाइन्छ । त्यसैगरी नवौं र दशौं योजनाले पनि सुशासनका सम्बन्धमा सार्वजनिक, प्रशासनलाई प्रतिस्पर्धी, मितव्ययी, पारदर्शी, सेवामुखी, परिणाममुखी, उत्तरदायी बनाउदै लैङ्गिक समता अभिवृद्वि गरी न्याय प्रशासन क्षेत्रमा समेत सुधार गरी जनतामा सुशासनको अभिवृद्वि गर्ने उद्देश्य राखेको छ ।

सामान्य प्रशासन मन्त्रालयबाट शासन बनाइएको २५ वर्षे गुरु योजनाले पनि सुशासनका लागि सरकारको वैधता र वैधानिकता दुवै अपरिहार्य हुने कुरा उल्लेख गरेको छ । त्यसैगरी सुशासनका लागि नै भनेर २०५९ सालमा सार्वजनिक सेवा सन्चालन(अनुगमन तथा निरीक्षण) अध्यादेश जारी गरियो । यसै समयमा नागरिक बडापत्र, सार्वजनिक

| | | |
|---|---|---|
| | सुनुवाइ र घुम्ती सेवालाई प्रभावकारी रुपमा लागु गर्ने प्रयासहरु पनि भएको पाइन्छ ।<br><br>आर्थिक वर्ष २०६४ र २०६५ देखि लागु भएको अन्तरिम योजनाले सुशासनलाई ५ वटा मूल क्षेत्रगत योजना मध्येको एक क्षेत्रको रुपमा समाबेश गरेको छ । उक्त योजनाले सुशासनलाई दिगो आर्थिक एवम् सामाजिक विकासमा टेवा पुयाउने र आर्थिक तथा सामाजिक सेवा प्रवाहमा पहुँच बढाउने साधनको रुपमा स्थापित गर्ने उद्देश्य राखेको छ । | |
| **चित्रपट १३** | <br>सुशासनका लागि धेरै किसिमका औजारहरु प्रयोग गर्न सकिन्छ । अहिले नेपालको सन्दर्भमा देखापरेका केही मुख्य औजारहरुलाई देहायबमोजिम प्रस्तुत गर्न सकिन्छ ।<br><br>१. **नागरिक बडापत्रः** नागरिकलाई छिटो छरितो सेवा प्रवाह गर्न, गुनासो सुनुवाईको व्यवस्था गर्न, सेवामा शिष्टाचार ल्याउन, पदाधिकारीमा पारदर्शीता र जवाफदेहिताको बोध गराउन, सेवाको गुणस्तर वृद्दि गर्नका निम्ति बेलायतमा जोन मेजरले सुरु गरेको यस अवधारणा हाल आएर नेपालको सन्दर्भमा पनि लोक प्रिय हुदै आएको छ । यसले गर्दा जनताले सुशासनको प्रत्याभूति प्रत्यक्ष रुपमा गरिरहेका छन् र साशन व्यवस्था र सेवा प्रवाहमा सकारात्मक परिवर्तनको अनुभूति गनृ पाएका छन् ।<br><br>सामान्यतया नागरिक बडापत्रमा यी विषयहरु समावेश गरिएका हुन्छन् ।<br><br>• सेवा सुविधाको नाम र विवरण<br>• सेवा सुविधाको गुणस्तर<br>• सेवा सुविधाको समयावधि<br>• सेवा सुविधाका लागि जिम्मेवार कर्मचारी<br>• सेवा सुविधाका प्रक्रिया<br>• सेवा सुविधाको मूल्य र दस्तुर | **४ मिनेट** |

| | | |
|---|---|---|
| | • सेवा सुविधामा कमीकमजोरी भएमा उजरी सुन्ने अधिकारी<br>• सेवा सुविधाको उपचार विधि आदि ।<br>**२. सार्वजनिक तथा सामाजिक परीक्षण**<br>सार्वजनिक परीक्षण भन्नाले विकास कार्यक्रममा भएको लगानीको लेखाजोखालाई बुझिन्छ । यसमा गरेका विकासका क्रियाकलापहरु के कस्तो रुपले सञ्चाालन वा सम्पन्न भए ? त्यसमा के कति र कसबाट लगानी भयो ? के मा कति खर्च भयो ? कामको गुणस्तर कस्तो छ ? खर्च प्रक्रिया वा विवरण ठीक छ वा काम पारदर्शीपूर्ण तरिकाबाट भए वा भएनन् जस्ता विषयमा लेखाजोखा गरी सुझाव दिने अधिकार सरोकारवालालाई हुन्छ । यसैको व्यवस्थित रुपलाई सार्वजनिक परीक्षण भनिन्छ ।<br>सामाीजक परीक्षण भन्नाले संस्थाका सामाजिक जिम्मेवारीको लेखाजोखालाई बुझिन्छ । यसमा सार्वजनिक निकायबाट भएका वित्तीय तथा गैरवित्तीय लगानीको विस्तृत विवरण सरोकारवालाहरु समक्ष प्रस्तुत गरिन्छ र सञ्चालित विकास कार्यक्रमहरुको लेखाजोखा गरी सुझाव दिने अधिकार सरोकारवालाहरुलाई हुन्छ । यसले सार्वजनिक निकायहरुको लगानी सामाजिक जिम्मेवारी पूरा गर्ने तर्फ केन्द्रित छ वा छैन भन्ने विषयमा जनधारणा बुझी सुधारको अवसर प्रदान गर्दछ ।<br>**३. नागरिक प्रतिवेदन कार्ड**<br>नागरिक प्रतिवेदन कार्ड पनि सुशासनमा आवश्यक सुधारका लाीग नागरिकहरुलाई सहभागी गराई सुशासन तर्फ अग्रसर गराउने एउटा सशक्त माध्यम हो । सर्वप्रथम सार्वजनिक सेवाको गुणस्तरबारे जानकारी प्राप्त गर्न १९९३ मा भारतको बैङलोरमा नागरिक समाजबाट यो कार्ड तयार गरी परीक्षणको रुपमा प्रयोगमा ल्याइएको थियो । यो औजारले लक्षित समूहको साशन व्यवस्थामा चासो बढाएको देखिन्छ । हाल आएर यो पद्वतिका सुरु युक्रेन, फिलिपिन्स, भियतनाम, डेनमार्क, घाना, स्वीडेन, बेलायत र अमेरिकामा पनि भएको पाइन्छ ।<br>**४. सार्वजनिक सुनुवाई**<br>सार्वजनिक रुपमा सरोकारवालाले कुनै पनि तोकिएको विषयमा जनताको विचार तथा प्रश्न सुनेर उनीहरुको जिज्ञासालाई सम्बोधन गर्नका निम्ति गठित व्यवस्थित भेला नै सार्वजनिक सुनुवाई हो । यसमा नागरिकहरु र सम्बन्धित | |

<table>
<tr><td></td><td>सरोकारवाला पक्षको सहभागिता हुन्छ र सहजीकरणका लागि तेस्रो पक्षले भूमिका निर्वाह गर्न सक्छ ।</td><td></td></tr>
<tr><td>चित्रपट १४</td><td>


<br>
सुशासन लोकतन्त्रमा आधारित शासन पद्वति र शासकीय अभ्यास हो । तसर्थ लोकतन्त्र वा प्रजातन्त्रको मुल्यमान्यता सुशासनमा पनि अन्तर्निहित हुन्छन् । मानव अधिकारको प्रत्याभुति, नागरिक समाजसंगको सहकार्य, समुदायको सक्रिय सहभागिता, हरेक नागरिकको स्वतन्त्रता, समानता, सार्वजनिक सेवामा नागरिकको सन्तुष्टि जस्ता विषयहरु प्रजातन्त्रका मुल्य मान्यता हुन् । यिनीहरुमार्फत देशको सवाङ्गीण विकास भएमा सुशासन हुन्छ। अहिले देशको विकास भनेको पुनर्निर्माण हो । पुनर्निर्माणमा पनि सुशासन उत्तिकै जरुरी पर्दछ ।
<br><br>
सुशासन कायम गर्नु राज्य वा केन्द्रिय सरकारको मात्र दायित्व होइन। हरेक तहमा सुशासन आवश्यक हुन्छ। स्थानीय तहमा र समुदाय स्तरमा पनि सुशासन कायम हुनु पर्दछ । तसर्थ माथि उल्लेख भए जस्तै सुशासन कायम राख्न सरकार लगायत विभिन्न निकायहरुको पनि उत्तिकै दायित्व छ। हाल स्थानीय तहमा र समुदाय स्तरमा पुनर्निर्माणसंग सम्बन्धित निकायहरु पटमा देखाए अनुसार निम्न रहेका छन् ।
<br><br>
• पुनर्निर्माण प्राधिकरण<br>
• जिल्ला विकास समिति<br>
• गाउँ विकास समिति वा नगरपालिका<br>
• सरकारी संस्थाहरु<br>
• गैर सरकारी संघ संस्थाहरु<br>
• नागरिक समाज<br>
• स्थानीय समुदाय
<br><br>
<u>सुशासनको माध्यम भनेको यिनै निकायहरु र अझ त्यसमा आवद्व मानव स्रोत हुन् । वास्तवमा उक्त निकायहरुलाई</u>
</td><td>४ मिनेट<br><br>• पुनर्निर्माणमा सुशासन जरुरी पर्दछ कि पर्दैन भनेर सोध्ने र पर्दछ भने किन भनेर केही समय छलफल गर्ने</td></tr>
</table>

| | | |
|---|---|---|
| | सक्रिय र जीवन्त बनाउने त्यसमा आवद्ध मानव स्रोत नै हो । जुनसुकै निकायमा तहमा कार्यरत व्यक्तिको पनि सुशासन कायम गर्ने अहम भूमिका हुन्छ । तसर्थ सामाजिक परिचालक लगायत हरेक व्यक्तिको आ-आफ्नो जिम्मेवारी हुन्छ ।<br><br>हरेकले कसरी सुशासन कायम गर्न सक्छन् त ?<br><br>आखिर सुशासन कायम गर्नको लागि आवश्यक भनेको ती आधारभूत तत्वहरु नै हुन् । हरेक व्यक्तिले आफ्नो कार्यमा हरेक तत्वलाई ध्यान दिएमा सुशासन हुन्छ । पुनर्निर्माणमा पनि सामाजिक परिचालक तथा अन्य समाजका सहजकर्ता वा अगुवाहरुले ती तत्वहरुलाई मनन गरेर काम गरेमा सुशासन कायम गर्न सकिन्छ । सुशासनका लागि सामाजिक परिचालकले गर्नुपर्ने दायित्व सम्वन्धी केही उदाहरणहरु तल दिइएका छन् ।<br><br>**सहभागिताः** भूकम्प प्रतिरोधी भवन निर्माणमा घरधनीहरुको सहभागिता बढाउन सही समयमा सही जानकारी दिन सकिन्छ । जस्तै अनुदान सम्झौताको बेलामा त्यस सम्वन्धी र घर निर्माणको समय प्राविधिक जानकारी । साथै डी.पी.सी.को वेलामा जगको कुरा भन्दा त्यसपछि गरिने निर्माण विधिको आवश्यकता बढि हुन्छ । प्राविधिक पक्षमा पनि उनिहरुका धेरै जिज्ञासा हुन सक्छन । आफ्नो भनाई स्वतन्त्रसँग राख्न पाउने वातावरणको सृजना गर्नाले सहभागिता बढ्छ ।<br><br>**कानूनको पालनाः** अनुदान सहायता संझौता र वितरणमा पुनर्निर्माणका विद्यमान ऐन नियमहरु एवम कानूनको अधिनमा रही तथ्य र सत्यको आधारमा कसैलाई पनि पक्षपात नगरी निष्पक्ष कार्यान्वयन भएमा कानूनको पालना हुन्छ ।<br><br>**प्रभावकारिता र कुशलताः** प्राविधिक पक्षका कुरालाई सरल तरिकाले बताउने, बोलीचालीको भाषा प्रयोग गर्ने जस्ता कार्यले भूकप्प प्रतिरोधी भवन निर्माण प्रति आकर्षण बढ्छ र कार्यक्रम प्रभावकारी बन्दछ । अरुले गरेका कामहरुलाई पनि त्यो भन्दा वढि राम्रो तरिकाले कसरी गर्न सकिन्छ भनेर चिन्तन र मनन गरेर सो अनुरुप कार्य सम्पादन गर्दा कुशलता बढ्छ ।<br><br>**पारदर्शिताः** आफूले गरेको वा गरिने कुनै पनि कामका सम्वन्धमा सरोकारवालालाई कुनै कुरा पनि नलुकाई जस्ताको तस्तै वताउनाले पारदर्शिता कायम हुन्छ । सरोकारवालाको कुनै कार्यक्रमको वजेटका बारेमा जिज्ञासा हुन हुन सक्छ वा कुनै कार्यक्रम समावेशी नै भएन भन्ने गुनासो हुन सक्छ । आफूले गरेको कामको राम्रो दस्तावजीकरण गरेर, तथ्याङ्कलाई | • सुशासनका आधारभूत तत्वहरु के के हुन ? त्यो भनेको के हो ? भनेर सहभागीहरुलाई सोध्ने<br>• सबभन्दा महत्वपूर्ण कुरा ती तत्वहरु कायम हुन के के गर्नु पर्दछ भनेर सहभागीहरुलाई नै बोल्न जोड गर्ने । |

| | | |
|---|---|---|
| | अध्यावधिक राखेर प्रमाणको रुपमा प्रस्तुत गर्नाले पारदर्शिता बढाउछ ।<br><br>**जवाफदेहिताः** उचित तरिकाले सरोकारवालाहरुको आवश्यकता र जिज्ञासालाई समाधान गर्नु नै जवाफदेहिता हो । अनुदान सम्झौतामा नपरेका घरधनीहरुले सोधेको कुरालाई राम्रोसँग सम्झौतामा नपर्नुका कारणहरु बताउने, लिखित रुपमा आएका पत्रहरुको उत्तर दिन समय वा दिनको सीमा राखेर सो अनुरुप उक्त समयभित्र लिखित जवाफ दिनु जस्ता कुराहरुलाई उचित तरिकाले सम्वोधन गरिएको मानिन्छ ।<br><br>**समतामूलक र समाबेशीः** सबै ठाँउका सबै थरी भूकम्प प्रभावितहरु लगायतका अन्य नयाँ निर्माण हुन लागेका घरहरुलाई समेटनु समतामूलक र समाबेशीः बनाउनु हो । अभिमुखीकरण कार्यक्रम गर्दा विहानको समयमा महिलाहरु पारिवारीक जिम्मेवारीका कारण सहभागीहुन नसक्ने अवस्थामा दिउँसोको समयमा कार्यक्रम सञ्चालन गर्नु, दुर्गम क्षेत्रमा रहेका भूकम्प प्रभावित घरधुरीहरुलाई त्यही स्थानमा गएर प्राविधिक सहयोग गर्नु, सामाजिक अवरोधका कारण कुनै दलित वस्तीबाट सहभागी हुन नसक्ने अवस्थामा उनीहरुको लागि मात्र अलग्गै कार्यक्रमको आयोजना गर्नु आदि कार्यहरु  समतामूलक र समावेशीकरणलाई प्रोत्साहन गर्छ ।<br><br>**सहमतिमूखीः** सके सम्म सबैको नभएपनि धेरैको सहमती रहेको कार्यलाई सहमतीमूखी कार्य भनिन्छ । एउटा सामान्य उदाहरणमा कुनै तालिम कार्यकम सञ्चालन गर्दा सबैको सहमतीमा खानाको तालिकामा परिवर्तन गर्नु पनि सहमतिमुखी हुनु हो ।<br><br>**उत्तरदायित्वः** काम गर्दै गर्दा कहिले काँही गल्तिले नराम्रो पनि हुन सक्छ । जस्तै टाईप गर्दा यसैको नाम गलत लेखिएको वा मिति सम्वनधी सूचना गलत टाँसिएको आदि अवस्थामा गल्ती स्वीकार गरेर त्यसको अपजस आफूले लिएमा उत्तरदायित्वको निर्वाह गरेको मानिन्छ ।<br><br>सुसासनमा सामाजिक परिचालन वा अन्य कुनै व्यक्तिको पनि दायित्वको कुरा गर्दा सुशासनका तत्वहरु के के हुन ? त्यो भनेको के हो ?  र सबभन्दा गौण कुरा ती तत्वहरु कायम हुन के के गर्ने भन्ने हो । | |

| | | |
|---|---|---|
| चित्रपट १५ | <br>सत्रको शुरुमा राखिएका उद्देश्यहरु सबै पुरा भए/नभएको कुराको पुनरावलोकन गर्नुपर्दछ । पुनरावलोकन विभिन्न तरिकावाट गर्न सकिन्छ । सहभागीहरुसँग नै सोधेर अन्तर्क्रियात्मक रुपमा छलफल गरेर वा आफैँले साराशंमा बताएर । | ३ मिनेट<br>• सत्रको उद्देश्यहरुको पुनरावलोकन गर्दा सहभागीहरुसँग नै सोधेर अन्तरक्रियात्मक रुपमा छलफल गर्ने र बुझे नबुझेको सुनिश्चित गर्ने |
| चित्रपट १६ | <br>सत्रको विषयवस्तुमाथि कुनै प्रश्न वा थप जिज्ञासा भए नभएको पनि जानकारी लिनु पर्दछ र भएमा जिज्ञासाहरुमा प्रकाश पार्नु पर्दछ। | २ मिनेट<br>• यो सत्रको विषयवस्तुमाथि कुनै प्रश्न वा थप जिज्ञासा छ वा छैन सोध्ने ।<br>• अन्तर्क्रिया र धैर्यताको लागि धन्यवाद सहित सहभागीहरुसँग बिदा लिने<br>• आफ्नो सहयोगी प्रशिक्षकलाई पनि धन्यवाद दिने<br>• सत्रको मूल्याङ्कन गरी दिन स्मरण गराउने |

# सामाजिक परिचालन तालिम कार्यक्रम

**पाठयोजना तथा प्रशिक्षण निर्देशिका**

## सत्र ११: प्रभावकारी सञ्चार

**खण्ड:** सामुदायिक परिचालन

**समय:** ६० मिनेट

**सामग्रीहरु:** मल्टिमिडिया प्रोजेक्टर, कम्प्युटर, पर्दा (प्रोजेक्सन स्क्रिन), चित्रपट, इजेल, फ्लीपचार्ट, मास्किङ्ग टेप, मार्कर (कालो, नीलो, रातो), पाठयोजना, सहभागी कार्यपुस्तिका


**सत्र परिचय:** सञ्चार दुई वा बढी व्यक्तिहरुबीच कुनै पनि कार्य गर्दा नभई नहुने कुरा हो । यसले व्यवस्थापनका विभिन्न पक्षलाई समन्वय गरी एक सूत्रमा आवद्ध गर्दछ र अन्ततोगत्वा लक्ष्य हासिल गर्न सहयोग गर्दछ । यसको महत्व व्यक्तिगत तथा संस्थागत तहमा दिन प्रति दिन बढी रहेको छ । सञ्चारलाई प्रभावकारी बनाउनु आजको आवश्यकता हो । पुनर्निर्माणमा सुरक्षित भवन निर्माणको उद्देश्य प्राप्त गर्न पनि यसको उत्तिकै भूमिका हुने हुनाले सञ्चारलाई प्रभावकारी बनाउन यो सत्र तयार गरिएको हो ।

**मार्गदर्शन:** सञ्चार केवल विचार वा भावनाको आदान प्रदान हुने काम मात्र होइन । यो विज्ञान पनि हो । भन्ने र बुझ्नेको प्रक्रियामा वैज्ञानिक आधार छ र अलि जटिल पनि छ । सञ्चारलाई विज्ञानको जटिलतातिर नमोडिकन सामान्य कुरामा मात्र केन्द्रित हुदा पनि अहिलेको तालिमको आवश्यकता परिपुर्ति हुन्छ ।  तसर्थ सञ्चारको सरलता र सहजतामा बढी केन्द्रित हुनु पर्दछ ।

**विशेष सावधानी:** सञ्चार किन बिग्रन्छ र सञ्चारलाई कसरी प्रभावकारी बनाउने भन्ने कुरा केवल भाषागत रुपमा मात्र फरक छ । जस्तैः सन्देश वा सूचना लामो र अपूर्ण भएमा सञ्चार बिग्रन्छ । सन्देश वा सूचनालाई छोटो, स्पष्ट, सरल र पूर्ण बनाएमा सञ्चार प्रभावकारी हुन्छ । तसर्थ यी दुई वटा विषयमा कुरा गर्दा भाषामा विशेष सावधानी अपनाउनु पर्दछ ।

**सत्रको उद्देश्य:** यो सत्रको अन्त्यमा सहभागीहरुले निम्न कुराहरु गर्न सक्षम हुनेछन् ।

- सञ्चारको अर्थ र प्रकार बताउन
- सञ्चारका मुख्य तत्वहरु बताउन
- सञ्चार बिग्रने कारण र प्रभावकारी बनाउने विधिहरु बताउन
- प्रभावकारी सञ्चारका खुड्किलाहरु बताउन

<table>
<tr><th>श्रव्य-दृष्य सामग्री</th><th>पाठको रुपरेखा</th><th>टिप्पणी</th></tr>
<tr><td>चित्रपट १</td><td>
</td><td>२ मिनेट<br>
• अभिवादन गर्ने<br>
• आफ्नो परिचय दिने<br>
• सत्रको परिचय दिने - विषयगत शिर्षक, लाग्ने समय, सञ्चालन विधि, प्रयोग हुने सिकाइ र सामग्रीको विषयलाई संक्षिप्तमा समेट्ने<br>
• सहयोगी प्रशिक्षकहरुको परिचय दिने</td></tr>
<tr><td>चित्रपट २</td><td>

यस सत्रको मुख्य पाँच उद्देश्यहरु रहेका छन् ।</td><td>२ मिनेट<br>
• यस सत्रको उद्देश्य प्रस्तुत गर्ने<br>
अथवा<br>
• सत्रको उद्देश्य सहभागीहरुबाट पढ्नको लागि अनुरोध गर्ने<br>
• सहभागी कार्यपुस्तिका भए त्यसको बारेमा उल्लेख गर्ने</td></tr>
<tr><td>चित्रपट ३</td><td>

सरल भाषामा सञ्चार भनेको आफ्नो मनको कुरा अरुको मनसम्म पुऱ्याउने काम हो । मनको कुरा भन्नाले विचार अथवा भावना हो । त्यही विचार अथवा भावना सन्देशको रुपमा हुन सक्छ, कुनै सूचना हुन पनि सक्छ, वा अन्य धेरै</td><td>५ मिनेट<br>
• हामीलाई सञ्चारको बारेमा धेरै नै अनुभव छ । दिनदिनै सञ्चारका विभिन्न साधनहरुको प्रयोग गरिरहेका छौं । टि.भी. हेर्नु रेडियो सुन्नु, मोबाइलमा कुरा गर्नु सबै सञ्चारका उदाहरणहरु हुन् । त्यसो भए सञ्चारको अर्थ के हो त ? भनेर सहभागीहरुलाई सोध्ने</td></tr>
</table>

| | | |
|---|---|---|
| | कुरा हुन सक्छ । आफ्नो विचार अथवा भावनालाई तत्थाङ्क, चित्र, भाषा, क्रियाकलापको माध्यमवाट अभिव्यक्त गर्ने तरिका नै सञ्चार हो ।<br><br>सञ्चार अभिव्यक्तिको प्रवाह हो । विचार अथवा भावना आदान-प्रदान गर्ने **प्रक्रिया** हो ।<br><br>सञ्चार एक व्यक्तिबाट अर्को व्यक्ति वा समूहबीच गरिन्छ ।<br><br>यसमा सबभन्दा महत्वपूर्ण कुरा आफ्नो कुरा **बुझ्ने गरी** अर्को समक्ष राख्नुलाई मानिन्छ । यसकारण सञ्चारमा मुख्य जोड बुझ्ने गरी सूचना दिनुलाई दिइन्छ । केवल सूचना दिदैंमा सञ्चार पुरा हुदैन । सूचना पाउनेले सही सूचना पाएमा मात्र सञ्चार पूर्ण हुन्छ ।<br><br>Louis A. Allen का अनुसार “एक व्यक्तिले आफ्नो मनको कुरा अर्को व्यक्तिलाई बुझाउँदा जे जति कार्य गर्दछ त्यो सबै कुराको योग सञ्चार हो । ” भनेर भनेका छन् ।<br><br>त्यसैगरी Newman and Sammer ले “सञ्चार दुई वा सो भन्दा बढी व्यक्तिहरुको तथ्य, बिचार, धारणा सूचना तथा संवेगको विनियम हो ।” भनेका छन् ।<br><br>यो अर्थै अर्थको पुल हो । सञ्चारले बोल्ने, सुन्ने र बुझ्ने व्यवस्थित र निरन्तर प्रक्रियासंग सम्बन्ध राख्दछ । यो यस्तो प्रकृया हो जुन गर्दा अर्थ धारण हुन्छ र एउटा जानकारीमा वा बुझाइमा पुगिन्छ । सञ्चार विचारको आदान प्रदान भएकोले यसको आधारभूत उद्देश्य भन्न खोजिएको कुरा बुझाउनु हो ।<br><br>संस्थागत हिसाबमा सञ्चारले संस्थाको व्यवस्थापन प्रक्रियालाई समन्वय गरी आवद्ध गर्ने कार्यमा सहयोग गर्दछ । तसर्थ संस्थाका विभिन्न उद्देश्यहरु जस्तै लक्ष्य निर्धारण र हासिल गर्ने, अरुलाई जानकारी दिने, योजना तयार गर्ने, नेतृत्व गर्ने, निर्देशन गर्ने, उत्प्रेरित गर्ने, नियन्त्रण गर्ने आदि सबैको लागि सञ्चारको आवश्यकता पर्दछ ।<br><br>सञ्चारको महत्व आजको युगमा झन् बढ्दै गइरहेको छ । यो सुव्यवस्थित नभै कुनै पनि कार्य सफल गरी सम्पन्न गर्न सम्भव हुदैन ।<br><br>एक सोधकार्य/अनुसन्धान अनुसार कुशल व्यवस्थापकले आफ्नो समयको ७५% सम्म समय सञ्चारको लागि दिएको पाइन्छ । | |

**चित्रपट ४**




यो एउटा कक्षा कोठाको चित्र हो र कुनै व्यक्तिले अगाडि आफ्ना कुराहरु प्रस्तुत गरिरहेको छ। कक्षाकोठामा कुरा सुन्न बसेका प्राय सबै मानिसहरु निदाइरहेका छन् र कोही दिक्क मानिरहेका देखिन्छन्। यो अवस्थमा कस्तो सञ्चार भयो होला स्वतः अनुमान लगाउन सकिन्छ।

**२ मिनेट**

- यो चित्रमा देखाइएको अवस्थामा भन्न खोजेको मनको कुरा कक्षाकोठामा बसिरहेका मानिसहरुसम्म पुग्यो कि पुगेन होला ? भनेर सोध्ने

**चित्रपट ५**




आजको आधुनिक र वैज्ञानिक युग सञ्चारको युग हो । सञ्चारको धेरै नै आवश्यकता छ। त्यसैले यसको महत्व पनि बढी छ।

आफूले जान्दैमा, कुरा गर्दैमा, बोल्दैमा सञ्चार नहुदो रहेछ। अरुको मनसम्म पुर्‍याउन पर्ने रहेछ। यसलाई केही तरिका पुऱ्याएर गर्नु पर्ने रहेछ र यहि तरिकालाई सञ्चारका सीप भनिन्छ। सञ्चारलाई प्रभावकारी र कौशलपूर्ण रुपमा सम्पन्न गर्न सञ्चारका सीपको आवश्यकता पर्दछ। प्रभावकारी र कौशलपूर्ण भन्नाले जे भन्न खोजेको हो अर्कोले ठीक त्यही बुझ्ने, छोटो समयमा भन्ने, सबै कुरा स्पष्ट रुपमा राख्ने र चाखलाग्दो तरिकाले बताउन सक्ने तथा सुनिराख्न मन लाग्ने जस्ता कुरालाई जनाउँछ।

**३ मिनेट**

- सञ्चारको लागि सीप चाहिन्छ कि चाहिदैन होला भनेर सहभागीको राय लिने

| | | |
|---|---|---|
| | फेरि सञ्चारका सीपहरु मानिसको रुपरंग वा स्वर जस्तो जन्म हुदा देखि नै लिएर आएको हुदैन । सीप भनेको एउटा कला हो । जुन सिक्न र सिकाउन सकिन्छ । | |
| **चित्रपट ६** | <br>सञ्चारलाई विभिन्न आधारमा बर्गीकरण गर्न सकिन्छ । माध्यमको आधारमा तीन प्रकारमा विभाजन गरिन्छ बोलेर, लेखेर र संकेत गरेर । कतिपय सञ्चार बोलेर मात्र गरिन्छ भने कतिपय लेखेर गरिन्छ । धेरै जसो स्कूल कलेजमा हुने पठनपाठन बोलेर हुन्छ । पत्र पत्रिकाबाट पाउने जानकारी लेखेर गरिने सञ्चारको उदाहरण हो । लेखेर र बोलेर बाहेक संकेत गरेर पनि मानिसले आफ्ना मनका कुरा अरु समक्ष पुर्‍याउन सक्छ । ट्राफिक लाइट सांकेतिक माध्यमबाट गरिने सञ्चार हो । सांकेतिक Non-verbal सञ्चारमा<br>• वाक्य विहिन भाषा<br>• संगीत, कला, शिल्प<br>• शारिरीक तथा अनुहारको हाउभाउ पनि पर्दछन् ।<br>मानिसको प्रत्यक्ष र सकिय संलग्नताको आधारमा एकोहोरो र दोहोरो सञ्चार गरी २ प्रकारमा विभाजन गर्न सकिन्छ । मनको कुरा एक तर्फी हिसावले भनेर गरिने सञ्चारलाई एकोहोरो सञ्चार भनिन्छ । जस्तैः रेडियो वा टि.भी बाट सुनिने र देखिने कुराहरु । भन्ने र सुन्ने व्यक्तिहरुबीच अन्तर्क्रिया र छलफल गरेर गरिने सञ्चारलाई दोहोरो सञ्चार भनिन्छ । | **३ मिनेट**<br>• प्रत्येक प्रकारका उदाहरणहरु के हुन सक्छन् भनेर पहिले सोध्ने र पछि मात्र आफुले बताउने |

**चित्रपट ७**




विभिन्न तत्वहरु मिलेर सञ्चार बनेको हून्छ । सञ्चार पूर्ण हुन नभै नहुने तत्वहरु ४ वटा छन् । चित्रमा देखाए जस्तै ती ४ तत्वहरु भनेको श्रोत, प्रापक, सन्देश र माध्यम हुन् ।

- श्रोत, प्रेषक : सन्देश पठाउने, दिने व्यक्ति वा संस्था ।
- प्रापक : पाउने, प्राप्त गर्ने व्यक्ति वा संस्था ।
- सन्देश : खवर, विचार वा अभिव्यक्ति ।
- माध्यम : लेखेर, बोलेर, संकेत गरेर जानकारी दिंदा प्रयोग गरिने वस्तुहरु जस्तै अक्षर, स्वर, उपकरण आदि ।

यिनै तत्वहरुलाई सञ्चारको प्रकियामा पुन विभाजन गरेर धेरै चरणहरुको रुपमा प्रस्तुत गरेको पनि पाइन्छ । सञ्चार विज्ञान पनि हो । सञ्चारको यो प्रकियामा वैज्ञानिक आधार छ र यो अलि जटिल पनि छ । यहाँ प्रकिया नभई सरल हिसाबमा सञ्चारका तत्वहरुलाई मात्र समेटिएको छ ।


सञ्चारका ४ वटै तत्वहरु महत्वपूर्ण छन् किनकी एउटा मात्र तत्व नभएमा पनि सञ्चार पुरा हुदैन । तर पनि राम्ररी ध्यान दिने हो भने प्रापक, सन्देश र माध्यम सम्बन्धी सम्पूर्ण निर्णय श्रोत वा प्रेषकमा नै निहित हुन्छ । प्रापकको बारेमा सबै कुरा जानकारी लिएर सो अनुरुपको सूचना वा सन्देश चयन गर्ने काम प्रेषकको नै हो । सूचनालाई कस्तो बनाउने भन्ने कुरा पनि प्रेषकको हातमा नै हुन्छ । त्यसैगरी कुन माध्यम प्रयोग गर्ने आदि कुराको निर्णय पनि प्रेषकले नै गर्दछ ।

त्यसैकारण यी **चार मध्ये सबभन्दा महत्वपूर्ण तत्व श्रोत/प्रेषक** नै हो ।

**५ मिनेट**

- सञ्चारको सबभन्दा महत्वपूर्ण तत्व के ो ? भनेर एकछिन छलफल गर्ने ।

चित्रपट ८





वास्तवमा सञ्चारका ४ तत्वहरु मध्ये कुनै एक वा बढी तत्वमा गडबड भएमा सञ्चार बिग्रन्छ ।

**श्रोता/प्राप्तकर्ता/दर्शक**

- श्रोता वा प्रापक वा दर्शकलाई नचिनेर: कसको लागि सञ्चार हो विद्यार्थी, विज्ञहरु वा वयस्क भन्ने कुरा महत्वपूर्ण हुन्छ। उनीहरुको स्वभाव कस्तो हुन सक्छ भन्ने कुराको पूर्व जानकारी नलिई आफ्नै तरिकाको व्यवहार गरेमा सञ्चार बिग्रन्छ । त्यसैले सञ्चार गर्नु अगाडि, प्रेषकले आफ्नो श्रोता कस्तो खालको छ भनेर सुरुमा चिन्नुपर्छ। अष्पष्ट मान्यता, पूर्वाग्रह, छिटै निष्कर्षमा पुग्ने बानी, आवश्यकता भन्दा बढी अडान लिने प्रवृति, वैयक्तिक स्वार्थ, उदासिनता, पदमर्यादा, संकिर्णता, सचेतता, डर, त्रास वा असुरक्षा आदि श्रोताको सबै कुरा थाहा पाउनु पर्दछ।
- विषयवस्तुबारे कतिको ज्ञान छ थाहा नपाएर: सूचना प्राप्त कर्तामा प्रस्तुत हुन गई रहेको विषयवस्तुमा कत्तिको ज्ञान छ भन्ने थाहा नपाएमा पनि सञ्चार बिग्रन्छ। जस्तै ४ कक्षामा गएर सात कक्षाको स्तरको जस्तो पढाइको कुरा गरेमा कसैले पनि बुझ्दैनन्। समुदायमा क्लिस्ट भाषाको प्रयोग, साहित्यिक तथा अंग्रेजी शब्दको प्रयोग, इन्जिनियरहरुसंगको कुराकानीमा सिमेन्ट, डण्डीको बारेमा साधारण कुरा गर्ने आदि अन्य उदाहरण हुन्।
- विषयवस्तुबारे के कति जिज्ञाासा हुन सक्छ विचार नगरेर: सहभागीको चासो र सरोकार भएको विषयमा कुराकानी नगरी अन्य कुरा गरेमा उनीहरुको ध्यान आकर्षित गर्न सकिदैन । जस्तै: अहिले गाउँघरमा जाँदा गाउँलेहरुले अनुदान, भुकम्प प्रतिरोधी घर बनाउने तरिका, दुई लाखले घर बन्छ कि बन्दैन भन्नेबारे धेरै जिज्ञासा राख्छन्। त्यही जिज्ञासा मेटाउन त्यो सम्बन्धी सबै जानकारी प्रस्तुतकर्तासंग हुनु पर्छ।

५ मिनेट

| | | |
|---|---|---|
| | • सन्देश सम्बन्धितले तत्कालै बुझे नबुझेको सुनिश्चत नगरेर: आफू मात्र एकोहोरो बोल्ने, सहभागीहरुलाई बोल्ने मौका नदिने, सहभागीले बुझेको छ कि छैन भनेर मतलव नगर्नाले पनि सञ्चार बिग्रन्छ । सहभागीहरुले बुझे नबुझेको सुनिश्चित गर्नको लागि सत्रको बीचमा सोध्ने, अर्न्तक्रिया गर्ने, पूनरावलोकन गर्ने गरिन्छ ।<br><br>**सन्देश/कुरा/खवर**<br><br>भाषाले सबै सञ्चारमा आधारको काम गर्दछ । भाषागत समस्या अशुद्ध, अस्पष्ट, जटिल, बहुअर्थी वा व्यङगात्मक शव्दहरु प्रयोग भएमा प्रेषकले पठाएकै अर्थमा प्रापकले बुझ्न सक्दैन र अर्थको अनर्थ लाग्न सक्छ। त्यसैगरी सन्देश लामो भएमा, अर्पूण भएमा,<br><br>सरल र बुझिने भाषामा सन्देश नभएमा, एकै पटकमा धेरै विषयमा जानकारी गराउन खोजेमा, तथ्यपरक नभई हचुवामा आधारित सन्देश भएमा पनि सञ्चार बिग्रन्छ । | |
| **चित्रपट ९** | <br><br><br>**माध्यम/सामाग्री/उपकरण**<br><br>• प्रापक अनुसार उपयुक्त माध्यम/सामाग्रीको चयन गर्न नसकेर: सञ्चारमा प्रयोग हुने सबै उपकरणको आफ्नै विशेषता हुन्छ । प्रापक अनुसार उपयुक्तता निर्धारण हुन्छ । प्रापक अनुसार उपयुक्त सामग्रीको चयन गर्न नसकेमा सञ्चार बिग्रन्छ। जस्तै लेख्न नसक्नेलाई ब्लाक बोर्ड वा ह्वाइटबोर्डमा लेखेर बताउँदा, ठूलो समूहमा बिना माइक कार्यक्रम सञ्चालन गर्दा आदि ।<br><br>• सही समयमा सही उपकरणको प्रयोग नगरेर : एउटा सन्देश वा सूचना दिदा पनि विभिन्न उपकरणहरुको प्रयोग गर्न सकिन्छ। यसरी धेरै उपकरणहरुको प्रयोग गर्दा सही समयमा सही उपकरणको प्रयोग गर्न नसक्दा सञ्चार बिग्रन्छ। | **५ मिनेट**<br><br>• सञ्चार किन बिग्रन्छ ? |

| | | |
|---|---|---|
| | • उपकरण चलाउन आवश्यक अभ्यास नपुगेर: सञ्चारमा विभिन्न उपकरणहरुको प्रयोग गर्न सकिन्छ । नयाँ नयाँ उपकरणहरु पनि आइरहेका छन् । चयन गरेको उपकरण चलाउन अभ्यास नपुगेर प्रस्तुति गर्दा अल्मलिन गई सञ्चार बिग्रन्छ । जस्तै: Pointer को प्रयोग गर्दा अभ्यास पुगेको छैन भने अन्यत्र थिचिन गई उउत अनावश्यक रुपमा धेरै तलमाथि हुने हुन्छ ।<br>• उपकरणको अवस्था थाहा नभएर: उपकरणहरु बिग्रेको अवस्थामा पनि हुन सक्छन् । जस्तो माइकको कुनै पार्टपुर्जा बिग्रेको रहेछ भने पनि सञ्चार बिग्रन सक्छ ।<br>• उपकरणको माध्यममा आउने अवरोध: सञ्चार बिग्रनुको एउटा कारण माध्यममा आउने अवरोधहरु पर्दछन् । जस्तो बोलेर गर्नु पर्ने सञ्चारमा प्रयोग हुने माइकको बीचमा रुख वा घर जस्ता कुनै भौतिक अवरोध भएमा सञ्चार बिग्रन्छ ।<br>**श्रोत/प्रेषक**<br>• विषयवस्तुको ज्ञानको कमी, गफ बढी दिनाले: प्रेषकले दिएको विषयवस्तुमा ज्ञान भन्दा गफ बढी भएको स्वत: थाहा हुँदा त्यस्तो अवस्थामा विश्वसनियता कम हुन गई कसैको पनि ध्यान जादैन र सञ्चार बिग्रन्छ ।<br>• सन्देश दिनेको व्यक्तिगत पक्ष बढी हावी हुनाले: व्यक्तिगत पक्ष भन्नाले लवाई, कपाल तथा दाह्री कटाइको स्टाइल, जुत्ता, हेराइ, हिडाइ, हाउभाउलाई जनाउँछ । उक्त कुरा बढी भएको खण्डमा सहभागीको सम्पूर्ण ध्यान विषयवस्तुमा भन्दा धेरै प्रशिक्षकमा केन्द्रित हुन्छ र सञ्चार बिग्रन्छ ।<br>• सहभागीहरुबाट आएको प्रश्न वा जवाफका प्रतिक्रिया व्यक्त गर्ने तरिका नमिलेर: सहभागीले भनेको गलत जवाफलाई कसरी प्रतिक्रिया गर्ने र सही जवाफमा कसरी प्रोत्साहन गर्ने भन्ने तरिका नमिलेमा पनि सञ्चार बिग्रन्छ ।<br>• सन्देश दिनेको व्यक्तिगत व्यवहार र प्रवृत्ति: प्रेषकले म जस्तो जान्ने कोही छैन भन्ने जस्तो प्रवृति देखाएमा, पुर्वाग्रही भएर भेदभावपूर्ण व्यवहार गरेमा, विषयवस्तुमा भन्दा अन्य कुरामा ध्यान केन्द्रित भएमा सञ्चार बिग्रन्छ । | |

**चित्रपट १०**




सञ्चारलाई प्रभावकारी बनाउन पनि सञ्चारका तीनै ४ तत्वलाई राम्रो बनाउनु पर्दछ। जस्तो सन्देश लामो र अपूर्ण भयो भने बिग्रन्छ। अब प्रभावकारी बनाउन सन्देश छोटो, स्पष्ट र पूर्ण भएमा सञ्चार प्रभावकारी भयो।

सञ्चारलाई प्रभावकारी बनाउने तरिका विकासमा होस् वा पुनर्निर्माणमा एउटै हुन्छ। तसर्थ पुनर्निर्माणलाई प्रभावकारी बनाउन पनि सञ्चारका तीनै ४ तत्वलाई ध्यान दिनु पर्दछ।

**श्रोता/प्राप्तकर्ता/दर्शक**

- श्रोता वा प्रापक वा दर्शकलाइ चिनौं: समुदायका मानिस, स्थानीय निकायका पदाधिकारी, अन्य सहयोगी संघ  संस्था, प्रस्त’तिकरण, छलफल, बैठक, तालिम आदि।
- श्रोता वा प्रापक वा दर्शकको ज्ञानको स्तर र संभावित जिज्ञासाको विचार गरौं: प्रापकको ज्ञानको स्तर पहिला नै अथवा जानकारी दिइरहदा पनि थाहा पाउन सकिन्छ। पहिला नै थाहा भएको कुरालाई उल्लेख मात्र गर्ने, चासोलाई राम्ररी संबोधन गर्ने।
- अर्थपूर्ण सहभागितालाई सुनिश्चित गर्नेः छलफल गर्न समय दिने, बुझे नबुझेको तत्कालै सोध्ने र नबुझेको भए पुनः बुझाइ दिने जस्ता कुराले पनि सञ्चार प्रभावकारी बन्दछ।

**५ मिनेट**

- सञ्चार कसरी बिग्रन्छ भन्ने कुरा थाहा भयो। अब, जहाँ जे बिग्रेको छ त्यहाँ त्यही कुरा सपार्न सक्यो भने सञ्चारलाई प्रभावकारी बनाउन सकिन्छ कि सकिदैन भनेर सोध्ने।

चित्रपट ११




**सन्देश/विषयवस्तुः**

- छोटो, स्पष्ट, सरल, चाखलाग्दो, समसामयिक, एक पटकमा एउटा मात्र सन्देश प्रदान गर्नुपर्छ ।
- सन्देश/विषयवस्तु प्रस्तुत गर्दा यस विषयवस्तुको ढाँचा बनाउनु पर्दछ । ढाँचामा कम्तीमा तीन तह वा भाग हुनु पर्दछ ।

  सुरुवातः आफनो परिचय, विषयवस्तुको शिर्षक, समयावधिको जानकारी दिनुपर्छ ।


  मुख्य विषयः त्यसपछि विषयवस्तुको मुख्य बुँदाहरुमा आउनु पर्छ ।

  अन्तः विषयवस्तुको शारांस उल्लेख गर्ने, जिज्ञासा भए प्रष्ट्याउने र धन्यवाद दिने कुरालाई टिपोटमा राख्नु पर्दछ ।

**माध्यमः**

- प्रापक अनुसार उपयुक्त माध्यम वा सामाग्रीको चयन गर्ने र सही समयमा सही उपकरणको प्रयोग गर्नाले सञ्चार प्रभावकारी बन्दछ ।
- उपकरण चलाउन आवश्यक अभ्यास प्रस्तुति भन्दा पहिले नै गर्नु पर्दछ । झन नयाँ प्रकारका उपकरणको सन्दर्भमा अभ्यस्त नभएसम्म चलाइरहनु पर्दछ ।
- उपकरणको अवस्था थाहा पाउने र उपकरणको माध्यममा आउने अवरोधको बारेमा पहिले चासो राखेर समयमा नै व्यवधानहरु हटाएमा सञ्चारलाई प्रभावकारी बनाउन सकिन्छ ।

४ मिनेट

<table>
<tr>
<td>चित्रपट १२</td>
<td>



**श्रोत/प्रेषक/प्रस्तुतकर्ताः**

वास्तवमा कुनै पनि कुरा प्रस्तुत गर्दा प्रस्तुत कर्ताको विषयवस्तु, तरिका वा उसको लवाइ, हिडाइ मध्ये प्रस्तुतकर्ताको विषयवस्तु सबभन्दा महत्वपूर्ण हुनु पर्दछ । त्यसपछि बोल्ने शैली र कस्तो देखिने भन्ने शारीरिक व्यक्तित्वको कुरा गौण हुनु पर्दछ । तर अनुसन्धानबाट भने सहभागीको ध्यान यसको ठीक विपरित भएको देखिएको छ । प्रस्तुतकर्ताले जति नै राम्रो कुरा भने पनि, एकदम राम्रोसंग बोले पनि, व्यक्ति स्वयं कस्तो देखिन्छ भन्ने कुराले सबैको ध्यान आकर्षित गर्दछ र विषयवस्तु कसैले पनि सुन्दैन । जस्तै प्रस्तुतकर्ताको जुत्ता धेरै नै चुच्चो वा हिल भएको वा हिड्दा आवाज आउने भएमा वा हातले कान कोट्याई रहने बानी भएमा सबै सहभागीहरुको ध्यान त्यसैमा केन्द्रित हुन जान्छ । यसरी हुनु पर्ने कुरा एउटा तर भई दिन्छ अर्को । प्रस्तुतकर्ताको व्यक्तित्वले प्रस्तुतिलाई धेरै नै प्रभाव पार्ने हुनाले विषयवस्तु, तरिकाको साथसाथै व्यक्तित्व सम्बन्धी कुरामा पनि ध्यान दिन जरुरी छ ।
</td>
<td>
३ मिनेट

- कुनै पनि कुरा प्रस्तुत गर्दा प्रस्तुत कर्ताको विषयवस्तु, तरिका वा उसको लवाइ, हिडाइ मध्ये कुन कुरा महत्वपूर्ण हुनु पर्दछ भनेर सोध्ने र एक छिन छलफल गर्ने

- चित्रपटमा भएको प्रतिशत प्रस्तुत गर्ने
</td>
</tr>
<tr>
<td>चित्रपट १३</td>
<td>



प्रस्तुतकर्ताको व्यक्तित्व अन्तर्गत पर्ने कुराहरु चित्रपटमा देखाइएका छन् । उदाहरणको लागि प्रस्तुतकर्ताको जुत्ता वा
</td>
<td>५ मिनेट</td>
</tr>
</table>

<table>
<tr><td></td><td>कपालको कटाइ विशेष खालको छ भने प्रस्तुतकर्ताले जे भने पनि कसैले सुन्दैनन् । त्यस्तै गरी यदि प्रस्तुतकर्ताको बोलाइमा "अनि", "हैन", "चाहि", वा "त्यसपछि" भन्ने जस्ता अर्थ नदिने शब्दहरु आवश्यकता भन्दा बढी भयो भने सबैको ध्यान त्यही अवाचनिक शब्दमा मात्र पर्न जान्छ । अझ कसैले गन्ती सम्म गर्न पुग्छन् । अर्को महत्वपूर्ण कुरा प्रस्तुतकर्ताको शैली हो । आफू जस्तो छ त्यस्तै बन्ने अरुको नक्कल नगर्ने । कोही पनि महात्मा गान्धीको नक्कल गरेर महात्मा गान्धी बन्न सक्दैन । अंग्रेजी जानेको वा विदेश गएर आएको हुदैमा नेपाली बोल्दा पनि अंग्रेजी शैलीमा बोल्न पर्दैन ।<br><br>**श्रोत/प्रेषक/प्रस्तुतकर्ता :**<br><br>• व्यक्तिगत पक्षः पोशाक, हाउभाउ ।<br>• सजिवताः स्वर, आवाज, शब्द, गति, अवाचनिक ।<br>• सहभागिताः सहभागीहरुको संलग्नता, दोहोरो कुराकानी ।<br>• स्फूर्तिः मानसिक र शारीरिक रुपमा उत्साह, जोश ।<br>• शैलीः सहज, स्वभाविक र उपयुक्त । अरुको नक्कल नगरीकन आफू जस्तो छ त्यस्तै प्रस्तुत हुनुपर्छ ।<br>• गतिविधीः हिडडुल, सबै तिर दृष्टि पुऱ्याउन<br>• उपकरणः सही समयमा सही उपकरण प्रयोग । तालिममा उपकरणको आवश्यकता छ भने मात्र देखाएर राख्नुपर्छ ।<br>• सन्दर्भ सामाग्रीः उपयुक्तता</td><td></td></tr>
<tr><td>**चित्रपट १४**</td><td>
<br>कुनै पनि प्रस्तुति गर्दा वा सन्देश वा सूचना दिदा यसको पृष्ठभूमिमा धेरै काम भएको हुन्छ । प्रस्तुति गर्ने अन्तिम काम हो । ती कार्यहरु सिलसिलावद्ध रुपमा हुनु पर्दछ । जसरी कुनै भरयाङ चढ्दा पहिलो खुड्किला नचढी अन्तिममा पुग्न सकिदैन त्यसरी नै सञ्चारका पनि चरणहरु हुन्छन् जसलाई खुड्किला भन्न सकिन्छ ।</td><td>**४ मिनेट**</td></tr>
</table>

कम्तीमा पनि सञ्चारका लागि तीन वटा खुड्किला हुनु पर्दछ। योजना निर्माण, तयारी र प्रस्तुति। यी तीन वटामा प्रत्येक खुड्किलालाई पून: थप चरणमा विभाजन गर्न सकिन्छ।

यी सबै चरणमा सञ्चारका ४ वटै तत्वलाई पनि ध्यानमा राख्नु पर्दछ। यहाँ पुर्वाभ्यासलाई पनि एउटा खुड्किलाको रुपमा लिइएको छ। हुन त पुर्वाभ्यास तयारी कार्य भित्र नै पर्दछ। तर यसको महत्व ज्यादै धेरै हुनाले यसलाई अलग्गै पनि राख्ने गरिन्छ। यसलाई अंग्रेजीमा सञ्चारका åPs पनि भनिन्छ।

- योजना: Plan
- तयारी: Prepare
- पूर्वाभ्यास: Practice
- प्रस्तुति: Present

सञ्चारका चार वटै पक्षलाई ध्यानमा राखेर योजना निर्माण, तयारी र प्रस्तुति कार्य गर्नुपर्छ।

**योजना निर्माण:**

- श्रोता, प्रापक, सहभागी, दर्शक - शीप सिकाउने वा नसिकाउने, शीपमा भए अभ्यास गराउने ?
- विषयवस्तु - के बताउने, ज्ञानवर्धक वा शीपमूलक ?
- माध्यम - श्रव्यदृश्य सामग्री - कस्तो खालको सामग्री र उपकरण चाहिएला ?
- व्यक्तिगत पक्ष।

**तयारी कार्य**

- पाठयोजना - के बताउने वा प्रस्तुत गर्ने त्यसको पूर्ण विषयवस्तुको तयारी हुनुपर्छ
- माध्यम - श्रव्यदृश्य सामग्री - कस्तो खालको सामग्री र उपकरण प्रयोग गर्ने त्यसको पूर्ण तयारी हुनुपर्छ

**पूर्वाभ्यास**

- विषयवस्तु र उपकरणको प्रयोगमा पूर्ण पूर्वाभ्यास हुनुपर्छ

**चित्रपट १५**




चित्रमा प्रस्तुतकर्ताको दुईवटा अवस्था देखाइएको छ। पहिलो कुनै पनि प्रस्तुति वा सञ्चार कार्य गर्नु भन्दा अगाडि वा जानकारी, सन्देश, सुचना दिनु भन्दा अगाडिको अवस्था र दोस्रो दिइसकेको अवस्था। पहिलो अवस्थामा कसरी गर्ने, के गर्ने आदि धेरै अन्योलको स्थिति हुन्छ र सबै कुराले थिचेको जस्तो अनुभुति हुन्छ। तर प्रस्तुति कार्य गरी सकेपछि अलग्गै स्फुर्ति आउँछ, आत्मविश्वास बढ्छ र पछि त्यस्तै कार्य गर्न प्रोत्साहन मिल्छ।

**२ मिनेट**

**चित्रपट १६**




सत्रको शुरुमा राखिएका सत्रको उद्देश्यहरु सत्रको प्रस्तुतिमा सबै पुरा भए नभएको कुराको पुनरावलोकन गर्नु पर्दछ। पुनरावलोकन विभिन्न तरिकावाट गर्न सकिन्छ। सहभागीहरुसंग नै सोधेर अर्न्तरक्रियात्मक रुपमा छलफल गरेर वा आफैले साराशंमा बताएर।

**२ मिनेट**

- सत्रको उद्देश्यहरुको पुनरावलोकन गर्दा सहभागीहरुसंग नै सोधेर अर्न्तरक्रियात्मक रुपमा छलफल गर्ने र बुझे नबुझेको सुनिश्चत गर्ने

| | | |
|---|---|---|
| **चित्रपट १७** | <br><br>सत्रको विषयवस्तुमाथि कुनै प्रश्न वा थप जिज्ञासा भए नभएको पनि जानकारी लिनु पर्दछ र भएमा जिज्ञासाहरुमा प्रकाश पार्नु पर्दछ । | **२ मिनेट**<br>• यो सत्रको विषयवस्तुमाथि कुनै प्रश्न वा थप जिज्ञासा छ वा छैन सोध्ने ।<br>• अन्तरक्रिया र धैर्यताको लागि धन्यवाद सहित सहभागीहरुसँग बिदा लिने<br>• आफ्नो सहयोगी प्रशिक्षकलाई पनि धन्यवाद दिने<br>• सत्रको मूल्याङ्कन गरी दिन स्मरण गराउने |

# सामाजिक परिचालन तालिम कार्यक्रम

**पाठयोजना तथा प्रशिक्षण निर्देशिका**

## सत्र १२: सामाजिक परिचालनको लागि पूर्वतयारी

**खण्ड:** सामुदायिक विकास

**समय :** ६० मिनेट

**सामग्री:** मल्टिमिडिया प्रोजेक्टर, कम्प्युटर, पर्दा (प्रोजेक्सन स्क्रिन), चित्रपट, इजेल, फ्लीपचार्ट, मास्किङ्ग टेप, मार्कर (कालो, नीलो, रातो), पाठयोजना, सहभागी कार्यपुस्तिका

**सत्र परिचय:** मानिसको जीवनका विभिन्न आयामहरु हुन्छन् । कार्यालयको कार्यक्षेत्रको सन्दर्भमा होस् वा आफ्नो रुचि वा व्यवहारिक कार्यको सिलसिलामा एउटा स्थानबाट अर्को स्थानमा आउने जाने काम भइ नै रहन्छ । यो एउटा नियमित प्रक्रिया नै हो । यो कार्य गर्दा यसलाई सहज र आनन्ददायी बनाउन जानी नजानी धेरै क्रियाकलापहरु गरिन्छ । अझ पहिलो पटक कुनै स्थानमा जाँदा त धेरै कुरामा बिचार पुर्‍याउनु पर्दछ । वि.सं. २०७२ बैशाखको गोरखा भूकम्प पश्चात् पुनर्निर्माणको दौरानमा विभिन्न क्षेत्रमा गएर कार्य गर्नु पर्ने अवस्था छ । चाहे त्यो प्राविधिकको रुपमा होस् वा सामाजिक परिचालक वा अन्य प्रकृतिको कार्यको सन्दर्भमा नै किन नहोस् । पुनर्निर्माणको समयको दौरानमा वा त्यस पछि पनि अन्य स्थानमा जानु पर्ने हुन्छ । विशेष गरी कार्य क्षेत्रको हिसाबमा कुनै नयाँ ठाउँमा जानु पर्दा आफ्नो त्यहाँको बसाइ वा अझ शुरुवातको समय सहज र फलदायी बनोस् भन्ने उद्देश्यले यो सत्र यस तालिममा राखिएको हो ।

मार्गदर्शन: पूर्वतयारी धेरै सुनेको शब्द हो विशेष गरी विपद्को सन्दर्भमा । विपद्को लागि मात्र होइन अन्य अवस्थामा पनि यसको महत्व छ भन्ने कुरामा जोड दिनु पर्दछ । यो भोलिका दिनको लागि काम लाग्छ । पूर्वतयारी भनेकै के हो र यसको आवश्यक किन पर्दछ भन्ने कुरा बुझाउन पूर्वतयारी गर्दा वा नगर्दाका अनुभवहरु सहभागीबाट धेरै उदाहरणहरु भन्न लगाउँदा बढी प्रभावकारी हुन्छ ।

विशेष सावधानी: सामाजिक परिचालक वा अन्य कोही विशेष गरी पुनर्निर्माणको सन्दर्भमा पहिले देखि कुनै स्थानमा कार्य गरिरहेको अवस्था अहिले यो विषय त्यति काम लाग्दैन वा यो विषय शुरुका दिनमा नै हुनु पर्थ्यो भन्ने सवाल उठ्न सक्छ । यसको सान्दर्भिकता पहिले त थियो नै तर अहिले पनि उत्तिकै छ । किनकि भोलि हामी अर्को स्थानमा जान सक्छौं भन्ने विषयमा विशेष सावधानी अपनाउनु पर्दछ । विपद्को पूर्वतयारीमा धेरैको ध्यान केन्द्रित हुन गई समय बढी लाग्न सक्छ । यो पूर्वतयारी भनेको नियमित अवस्थाको पूर्वतयारी हो भन्ने कुरामा पनि विशेष सावधानी अपनाउनु पर्दछ ।

**सत्रको उद्देश्य:** यो सत्र पछि सहभागीहरु निम्न बुँदाहरुको विषयमा समान बुझाइका साथ छलफल गर्न सक्षम हुनेछन् ।

- पूर्वतयारीको अर्थ बताउन
- पूर्वतयारीको आवश्यकताको बारेमा बताउन
- पूर्वतयारीको तहहरु बताउन
- पूर्वतयारीको चरणहरु बताउन

| श्रव्य दृश्य सामग्री | पाठ विवरण (रुपरेखा) | नोट (टिप्पणी) |
|---|---|---|
| चित्रपट १ |  | २ मिनेट<br>• अभिवादन गर्ने<br>• आफ्नो परिचय दिने<br>• सत्रको परिचय- विषयगत शिर्षक, लाग्ने समय, सञ्चालन विधि, प्रयोग हुने सिकाइ, सामग्रीको विष्यमा संक्षिप्त जानकारी दिने<br>• कार्यपुस्तिकाको बारेमा उल्लेख गर्ने<br>• सहयोगी प्रशिक्षकहरुको परिचय दिने |
| चित्रपट २ | <br>यस पूर्वतयारी सत्रको मुख्यतया चार वटा उद्देश्यहरु रहेका छन् । यी उद्देश्यले पूर्वतयारीको अर्थ, यसको आवश्यकता अर्थात किन यो गर्नु पर्छ, कुन कुन तहमा पूर्वतयारी गर्नु गर्छ र यसका लागि गरिनु पर्ने प्रकृयागत चरणहरु के के हुन् जस्ता विषयलाई समेटेको छ । | १ मिनेट<br>• यस सत्रको उद्देश्य प्रस्तुत गर्ने<br>अथवा<br>• सत्रको उद्देश्य सहभागीहरुबाट पढ्नको लागि अनुरोध गर्ने |

**चित्रपट ३**

फिलप चार्ट, मार्कर, ईजेल




पूर्वतयारी भनेको कुनै विशेष घटना वा परिस्थितिबाट आउन सक्ने वा पर्न सक्ने वा हुन सक्ने अवरोध, कठिनाईको सामना गर्न तथा जोखिम कम गर्न तयार रहेको अवस्था हो । त्यो विशेष घटना वा परिस्थिति भइसकेको छैन तर भएमा बाधाहरु तथा कठिनायहरु पर्न सक्छन्, जोखिम हुन सकछ भनेर त्यसबाट पार पाउन पहिले नै बन्दोबस्त वा उपायहरु तय गरिएको अवस्थालाई पूर्वतयारी भनिन्छ ।

पूर्वतयारी दुइ प्रकारको परिस्थितिको लागि गरिन्छ ।

- साधारण वा सामान्य परिस्थिति
- आपतकालनि परिस्थिति

प्राकृतिक विपद्बाट बच्न वा विपद् पछि प्रतिकार गर्न गरिने प्रतिकार्यलाई विपद्को पूर्वतयारी भनिन्छ भने अन्य सामान्य परिस्थितिको लागि गरिने कार्यहरुलाई पूर्वतयारी मात्र भनिन्छ ।

वास्तवमा मानिसले जानेर वा नजानेर विविध नियमित परिस्थितिको लागि पूर्वतयारी गरिने रहेको हुन्छ । यात्रा गर्नु पर्दाको परिस्थिति, कुनै निवेदन बुझाउनु पर्दाको परिस्थिति, बिरामी कुर्नु पर्दाको परिस्थिति, कुनै कुरा किन्नु पर्दाको परिस्थिति आदि परिस्थितिहरु विविध हुन सक्छन् । वर्षा याम आउनु पूर्व छाताहरु तथा पानीबाट नबिग्रने जुत्ता चप्पल किनेर राख्नु पूर्वतयारीको एउटा सामान्य परिस्थितिको उदाहरण हो ।

भूकम्प प्रतिरोधी घर बनाउनु, बाढीको लागि पूर्व सूचना प्रणालीको स्थापना गर्नु वा आपतकालनि आश्रय स्थलको निर्माण गर्नु वा खोज र उद्धार तथा प्राथमिक उपचारको लागि दक्ष जनशक्तिको विकास गर्नु आदि सबै विपद्को पूर्वतयारीमा पर्दछन् ।

**४ मिनेट**

- पूर्वतयारी वियद्को क्षेत्रमा का गर्ने धेरैले सुनको कुरा हो । पूर्वतयारी भनेको के हो ? भनेर पहिले सहभागीहरुलाई सोध्ने र छलफल गर्ने


अथवा

- फिलप चार्टमा लेखेर छलफल गर्ने
- सहभागीबाट आएका शब्दहरुलाई विस्तारै चित्रपटमा भएको अर्थसंग मिलान गर्दै जाने

| | | |
|---|---|---|
| | यसमा प्राकृतिक विपद्हरु तथा वर्षा ऋतु विशेष परिस्थिति वा घटना हो । वर्षको पानीबाट भिज्दा बिरामी हुनसक्ने र स्वास्थ्यमा असर पर्न सक्ने हुन सक्छ । पानीमा हिड्दा छालाको जुत्ता वा चप्पल बिग्रन सक्ने हुन्छ । यसलाई पहिले नै अनुमान गरेर छाता तथा चपपलको बन्दोबस्त गरेमा पानी परेको बेलामा हिड्नु पर्दा माथिको समस्याबाट पार पाउन सकिन्छ ।<br><br>विपद्को पूर्वतयारीको लागि भनेर धेरै क्रियाकलापहरु विभिन्न तहमा गरिरहेको सबैले देखेके र सुनेके कुरा हो । यो सत्र विपद्को पुर्वतयारी भन्दा पनि मानिसको जीवनका नियमित परिस्थितिमा केन्द्रित छ । नियमित वा साधारण परिस्थितिको लागि पनि पूर्वतयारी जरुरी छ । सामान्य परिस्थितिको पूर्वतयारी मध्येमा पनि पहिलो कार्य क्षेत्रमा काम गर्न जाँदा वा एउटा कार्य क्षेत्रबाट अन्य कार्य क्षेत्रमा जाँदा गरिने पूर्वतयारीलाई समेटिएको छ । सामाजिक परिचालकको रुपमा वा अन्य कुनै पनि रुपमा कार्य शुरु गर्नु भन्दा पहिले गर्नुपर्ने तयारीहरु यसमा पर्दछन् । | |
| **चित्रपट ४** | <br><br>मानिसको जीवनमा पूर्वतयारीको धेरै नै महत्व छ । यसले जीवनको यात्रामा रहेका ससाना पक्षहरुलाई सहज बनाउनुका साथै जीवनको सुरक्षासम्मका कुरालाई मदत गर्दछ । पूर्वतयारीको महत्वलाई निम्न बुँदाको रुपमा समेट्न सकिन्छ ।<br><br>• **जीवनको सुरक्षा गर्न** - पूर्वतयारी गरेको कारणबाट जीवनको सुरक्षा भएका तथा नभएका पनि धेरै उदाहरणहरु छन् । उच्च पहाडी भेगको यात्रामा जस्तै मानसरोबर वा तिलिचो तालमा जादाँ उचाइ लाग्दा बेवास्ता गरेर ज्यान गुमाएका समाचार पत्रपत्रिकामा वर्षेनी आइरहन्छन् । दमको रोगीले श्वासप्रश्वास सम्बन्धी औषधी साथमा नराख्दा ज्यान गएको अर्को उदाहरण हो । यसरी ज्यान नै गएका घटनाहरु प्रशस्त सुन्न र पढ्न पाइन्छ । | **४ मिनेट**<br><br>• पूर्वतयारी किन गर्नु पर्दछ होला ? भनेर सहभागीहरुलाई सोध्ने ।<br><br>अथवा<br><br>• पूर्वतयारी नगर्दा के हुन्छ ? भनेर सोध्ने<br>• पूर्वतयारी गर्दा राम्रो भएको कुनै सुखद घटना वा पूर्वतयारी नगर्दा भएको कुनै दुःखद घटनाको अनुभवको बारेमा केही सहभागीहरुलाई सुनाउन अनुरोध गर्ने |

| | | |
|---|---|---|
| | • **शारीरिक पिडा कम गर्न** - दुखाइ कम गर्ने औषधी साथमा नहुँदा घण्टौंसम्म टाउको दुखेर दुःख पाएको कुरा, जुत्ता असजिलो परेर खुट्टामा फोडा निस्केर हिड्न कठिन अवस्था पूर्वतयारी नगर्दा भएको शारीरिक पिडाको अनुभव धेरैको भएको हुन्छ ।<br>• **मानसिक तनाव हुन नदिन** - पूर्वतयारी नगर्दा शारीरिक पिडा मात्र होइन मानसिक तनाव पनि खेप्न पर्न सक्दछ । सञ्चारको बैकल्पिक व्यवस्था नभएर यात्रा गर्ने क्षेत्रमा भएको दुर्घटनाको खबर र आफू सुरक्षित भएको सूचना दिन नसक्दा परिवारले धेरै समयसम्म मानसिक तनाव भएको घटनाहरु धेरै सुनिने विषय हो ।<br>• **समय खेर नफाल्न** - समय धेरै मुल्यवान हुन्छ । यसलाई अनुत्पादक रुपमा खेर फाल्नु हुदैन । वर्षा याममा यात्राको दौरानमा बाटोको अवस्थाबारे राम्रोसंग जानकारी नराखी हिड्दा बाटोमा घण्टौं कुर्नु परेको अनुभव पनि धेरै हुन सक्छ । त्यो समयलाई सिर्जनशील कार्यका लगाउन सकिन्छ ।<br>• **आर्थिक हानी नोक्सानी हुन नदिन** - पूर्वतयारी नगर्दा कतिपय बेलामा आर्थिक हानि-नोक्शानि पनि हुन सक्दछ । यात्रामा संगै लगेको बहुमुल्य सामान असुरक्षित तरिकाले बाँधेमा फुट्न पनि सक्दछ । आर्थिक क्षति बेहोर्नु पर्ने पनि अवस्था आउन सक्छ ।<br>• **निश्चित कार्य सफल बनाउन** - जुनसुकै यात्रा वा गन्तब्यमा पुग्ने कुरामा चाहिँ व्यक्तिगत वा कार्यालयकै कार्यको सिलसिलामा हिड्दा वा कार्य गर्दा त्यसको निश्चित उद्देश्य हुन्छ। पूर्वतयारी नगर्दा कतिपय अवस्थामा उद्देश्य पुरा नभई उक्त कार्य नै असफल पनि हुन सक्छ ।<br>पूर्वतयारी गरेर राम्रो भएका पनि धेरै घटनाहरु हुन्छन् । | |
| **चित्रपट ५** |  | **४ मिनेट** |

| | | |
|---|---|---|
| | कुनै घटना वा परिस्थितिबाट हुन सक्ने असहज अवस्थाबाट पार पाउन विशेष गरी कार्यालयको सन्दर्भमा तयार रहन पूर्वतयारी मुख्यतया चार तहमा गर्नु पर्दछ ।<br><br>मानिस एक सामाजिक प्राणी हो । मानिस स्वयंसंग त स्वभाविक रुपमा सम्बन्धित त भई नै हाल्यो । यसको अलावा परिवार, आफू काम गर्ने संस्था र कार्यस्थलको समुदायसंग पनि आवद्ध हुन्छ । तसर्थ पूर्वतयारी व्यक्तिगत तह लगायत पारिवारिक, संस्थागत र सामुदायिक तहमा पनि गर्नु पर्दछ । | |
| **चित्रपट ६** | <br><br><br>जुनसुकै परिस्थितिको पूर्वतयारी गर्दा पनि व्यक्तिगत तहमा सबभन्दा महत्वपूर्ण भनेको **पहिचान खुल्ने महत्वपूर्ण कागजात** हो । यसमा नागरिकता, चालक अनुमतिपत्र, पासपोर्ट, कार्यालयको परिचय पत्र आदि पर्दछन् । अर्को महत्वपूर्ण कुरा भनेको **खर्चको जोहो** पनि हो । गन्तव्य पहिचान गरिसकेपछि यात्रापूर्व खर्चको जोहो आवश्यक छ । सामान्यतया यात्रामा निस्कँदा आफूलाई चाहिनेभन्दा केही बढी नै पैसा बोक्नु राम्रो हुन्छ । यात्राका क्रममा आउने कठिनाइबाट बच्न पनि पर्याप्त रकम बोक्नु आवश्यक हुन्छ । **केही नगद सधैं साथमा राखौं** । भ्रमणमा सबैभन्दा भरोसा नगदलाई गर्नु राम्रो हुन्छ । हुन त धेरैले क्रेडिट/डेबिट कार्ड राख्नु उपयोगी भन्छन् । यदि ग्रामीण क्षेत्रमा कार्य गर्न जाने हो भने तथा कुनै गाउँका होटेलमा खाना खाने हो भने भने कार्डले काम गर्दैन । त्यस्तै, अन्य किनमेलमा पनि कार्ड काम नलाग्न सक्छ ।<br><br>उपरोक्त कुराका साथै व्यक्तिगत तहमा पूर्वतयारी गर्दा विभिन्न पक्षहरु जस्तै बसाई, सञ्चार, रुची, स्वास्थ्य तथा शारीरिकमा पनि ध्यान पुर्‍याउनु पर्दछ ।<br><br>• **बसाई -** व्यक्तिगत वा संस्थागत नुजसुकै कारणबाट नयाँ स्थानमा जानु पर्दा बसाई सम्बन्धी जानकारी लिनु र सो अनुरुप तयार रहनु अति आवश्यक हुन्छ । बसाइमा छोटो समयको लागि भएमा होटलको उपलब्धता र प्रति रातको | ३ मिनेट |

| | | |
|---|---|---|
| | दर लगायत अन्य बिकल्पहरु त्रिपाल, स्लिपिङ्ग ब्याग अथवा लामो अवधिको लागि भाडा तिरेर बस्न मिल्ने घर र भाडा दर आदि विभिन्न परिस्थितिहरु हुन सक्छ। दुर्गम स्थलमा होटल नै भएता पनि तन्नाहरु सफा नहुन सक्दछ। बढी संबेदनशील हुने व्यक्तिले एउटा जगेडा तन्ना वा भित्रबाट पातलो ओढ्ने आदि कुन परिस्थितिको लागि तयार रहने भन्ने विषयको निर्क्योल गर्नु पर्दछ।<br>• **सञ्चार** - अर्को महत्वपूर्ण पक्ष भनेको सञ्चारको माध्यम हो। विभिन्न प्रकारका मोबाइल सबैसंग उपलब्ध छ। आजको युग सञ्चारको युग हो। आफ्नो अवस्थाको बारेमा परिवार र संस्थालाई नियमित रुपमा थाहा पाउने जरुरत र चाहना हुन्छ। कुन प्रकारको मोबाइलले बढी काम गर्दछ, बिजुलीको व्यवस्था छ कि छैन, कुन बेला बिजुली आउने वा जाने गर्दछ, आफ्नो कार्यको प्रकृति हेरेर ब्याट्री ब्याकअपको व्यवस्था गर्नु पर्दछ वा पर्दैन आदि कुराको पनि यकिन गरेर अवस्था अनुरुप तयार रहनु पर्दछ।<br>• **रुची** - मानिसलाई कामको साथै मनोरञ्जनको पनि आवश्यकता पर्दछ। मनोरञ्जनबाट कार्य गर्न झन् उत्प्रेरणा मिल्दछ। आफ्नो रुचि अनुसारको पढ्ने पुस्तकहरु वा गीतहरु सुन्ने उपकरण जस्तै IPOD वा अन्य बैकल्पिक मनोरञ्जनको पक्षमा पनि पूर्वतयारी गर्नुपर्दछ।<br>• **स्वास्थ्य तथा शारीरिक** - व्यक्तिगत तहमा गरिनु पर्ने पूर्वतयारीमा स्वास्थ्य र शारीरिक पनि ज्यादै महत्वपूर्ण मानिन्छ। यसमा खानपान, लुगा, सुरक्षाका साधन तथा अन्य आवश्यक सामग्रीहरु पर्दछन्। | |
| **चित्रपट ७** | <br>माथि उल्लेखित सामाग्रीहरु हामी कुनै नयाँ ठाउँमा जादा व्यक्तिगत रुपमा आवश्यक पर्ने शारिरीक तथा स्वास्थ्यसंग सम्बन्धित कुराहरु हुन्। सामाजिक परिचालनको लागि स्थलगत रुपमा नै गएर विभिन्न स्थानमा कार्य गर्नु पर्दछ। सामान्यतया मानिसलाई दैनिक रुपमा खाने खाना, खाजा, | **१ मिनेट** |

| | | |
|---|---|---|
| | बस्ने तरिका भन्दा फरक भयो भने समस्या पर्छ । शारीरिक र स्वास्थ्यकम विभिन्न पक्षमा तयारी गरी हिड्नु पर्दछ । कस्तो खालको पूर्वतयारी गर्ने भन्ने कुरा कति समयको लागि, कुन भौगोलिक स्थान, कस्तो मौसम आदि कुराले प्रभाव पार्दछ ।<br><br>• हावा पछि जीवन रक्षाको लागि अति आवश्यक कुरा पानी हो । सबै ठाउँमा पिउन पानी नपाइन सक्छ र कहीं सफा नहुन सक्छ । जहिले पनि पिउने पानी बोकेर हिड्ने बानी राम्रा् हो । छोटो अवधिको लागि एक बोतल पिउने पानी र लामो समयको लागि भएमा पानी शुद्विकरण गर्ने औषधी पनि लिएर हिड्दा असहज परिस्थिति परेमा सहज हुन जान्छ ।<br><br>वाटोमा यात्रा गर्दा सामान्यतया झाडा, पखाला, साना चोट पटक मात्र भयो भने पनि काममा धेरै प्रभाव पर्दछ । यस्ता उपचारको लागि प्राथमिक उपचारको आधारभूत औषधीहरु लिएर जानुपर्दछ । आफ्नो साथमा प्यारासिटामोल तथा केही पेनकिल बोक्न बिर्सनु हुँदैन । मौसम परिवर्तन हुँदा स्वास्थ्यमा असर पर्न सक्छ । साथमा घाँटी तथा खोकीको औषधि बोक्नु पनि फाइदाजनक नै हुन्छ ।<br><br>• काम गर्ने सिलसिलमा सबै ठाउँमा हामीले दैनिक रुपमा खाईरहेको जस्तो खानेकुरा नपाइन सक्छ । यसका साथै समयमा पनि खाना, खाजा उपलब्ध नहुन सक्छ । यसर्थ नपकाई खान मिल्ने र धेरै समय रहने खालको केही ा प्रयाप्त जगेडा खानेकुराको पनि संधै ब्यवस्था गर्नु पर्दछ । यसले यात्रामा शारिरीक उर्जाको लागि काम गर्छ ।<br><br>यसरी नै स्थान तथा मौसम अनुसार लगाउने लुगाहरुको व्यवस्थापनमा पनि ध्यान दिनुपर्दछ । जाडो ठाँउमा जान न्यानो कपडा, तराईमा जान पातलो कपडा, (मौसम अनुसार फरक पर्न सक्ने) आवश्यक पर्दछ । पोशाकमा जुत्ता पनि महत्वपूर्ण हुन्छ । खासगरी, ग्रमीण भेगमा जानु पर्ने तथा पैदलयात्रामा जाने व्यक्तिले गह्रौं र छालाको जुत्ता लगाउँदा असजिलो हुन्छ । यसवेला हलुका स्पोर्टस् र ट्रेकिङ जुत्ता लगाउनुपर्छ । तपाई लामो यात्रामा हुनुहुन्छ भने सोही प्रकृतिको सहज जुत्ता लगाउनु राम्रो हुन्छ ।<br><br>त्यसैगरी केही जगडा **भित्री लुगा तथा नुहाउदा पुछ्ने रुमाल** साथमा बोक्नु नै राम्रो हो । यदि केही दिनसम्म लगातार यसलाई धुने तथा सुकाउने समय मिलेन भने यसले समस्या सिर्जना गर्न सक्छ । त्यस्तै गरेर होटेलको रुमाल कस्तो हुन्छ थाहा हुदैन । त्यसकारण यात्राको लागि | |

| | | |
|---|---|---|
| | शिरको टोपी देखि सहज किसिमको बलियो जुत्ता सम्मको सामग्रीहरु चाहिने भएकोले सबैमा ध्यान दिनुपर्दछ ।<br>• अवस्था हेरिकन व्यक्तिगत सुरक्षाका सामग्रीहरु जस्तै धुलो छेक्ने मास्क, पञ्जा, चश्मा (गगल्स), हेलमेट, गमबुट, आदिको पनि व्यवस्था गरेमा जटिल अवस्थाबाट पार पाउन सकिन्छ ।<br>• यसैगरी स्थलगत रुपमा काम गर्दा बिहान, बेलुका, हिउद, वर्षा भएको समय, हिलो, चिप्लो बाटो आदि जुनकुनै अवस्था पनि हुन सक्छ । यस्तो अवस्था आकस्मिक रुपमा पनि पर्न सक्छ । त्यसैले टर्च लाईट, बहुकार्य गर्ने चक्कु ९ुगातिष्उभि पलषभ० देखि कपडामा लगाउने सेप्टी पिन, सियो धागो पनि अन्त्यन्त जरुरी हुन सक्छ । महिलाहरुले पनि आफ्नो लागि आवश्यक पनि स्यानीटरी प्याडहरु आवश्यकता अनुसार तयारीमा राख्नुपर्दछ । नेपालको जुनसुकै गन्तव्यको यात्रामा भए पनि रेनकोट या छाता बोक्नु बुद्धिमानी हुन्छ । छिनछिनमा परिवर्तन हुने मौसमले जुनसुकै वेला झुक्याउन सक्छ ।<br>*सब कुरा विचार गर्दा गर्दा सबै समान राख्ने झोलाकै बारेमा ध्यान नजान सक्छ । यात्रामा बोक्ने झोलाका कारण कहिलेकाही दुख पाउन सकिन्छ । यसबेला आफ्ना सबै सामग्री सजिलै अट्ने खालको सजिलो ब्याग बोक्नु पर्छ । ब्याग बलियो हुनुपर्छ । बाटोमा छिन्यो या बिग्रीयो भने बनाउने स्थान नपाइन सक्छ । त्यो बेला झण्झट आइपर्छ ।* | |
| **चित्रपट ८** | <br>कुनै पनि नयाँ स्थानमा जानुपर्दा पारिवारिक तहमा पनि पूर्वतयारी गर्नु पर्दछ किनकि मानिस परिवारसंग पनि आवद्ध छ । परिवार मानिसको जविनको महत्वपूर्ण पाटो मानिन्छ ।<br>कार्यको सिलसिलामा नयाँ ठाउँमा जानु पर्दा सबभन्दा पहिले आफू एक्लै जाने वा परिवार पनि संगै लिएर जाने भन्ने कुराको यकिन गर्नु पर्दछ । संगै जाने अवस्थामा परिवारका प्रत्येक सदस्यहरुको पनि आफ्नो व्यक्तिगत तहमा गरिने | **५ मिनेट** |

पूर्वतयारी गर्नु पर्दछ । परिवार सहित दुबै जना जाने अवस्थामा पनि आफ्नो सामाजिक तथा आर्थिक दायित्व भएका अन्य परिवारका सदस्यहरु पनि हुन सक्दछन् । तसर्थ एकल वा परिवारसंगैको सहयात्रामा पनि पारिवारिक तहमा पूर्वतयारीको आवश्यकता पर्दछ । पारिवारिक तहको पूर्वतयारीमा मुख्यतया सामाजिक, आर्थिक तथा सञ्चारको पक्षमा बिचार पुर्‍याउनु पर्दछ ।

- **सामाजिक** - आफु कार्य क्षेत्रमा भएको अवस्थामा दैनिक रुपमा घरका व्यवहारिक सरसल्लाह गर्नु पर्ने हुन सक्छ । बच्चाहरुको पठनपाठनमा, बिरामी पर्दा, घरमा पूजाआजा गर्नु पर्दा पनि कहिलेकाहीं सरसल्लाहको जरुरत पर्न जान्छ । भौतिक रुपमा आफू उपस्थित हुन नसक्ने यस्तो अवस्थामा आफ्नो हितैसीको पहिले नै पहिचान गरेर परिवारका सबैको जानकारीमा राख्दा आफ्नो सामाजिक दायित्व निर्बाह गर्न सजिलो हुन्छ ।
- **आर्थिक** - आफू परिवारसंग नहुदा पनि परिवारको जस्तैः श्रीमान, श्रीमती, आमा, बुवा, छोराछोरीको आर्थिक दायित्व आफ्नो काँधमा नै रहन्छ । नियमित तथा आकस्मिक बेलामा त्यस्को व्यवस्था कसरी गर्ने भन्ने कुरा पहिले नै सरसल्लाह गरेर तय गर्नु पर्दछ । यसरी पूर्वतयारी गर्दा मानसिक उत्पिडन कम हुन जान्छ । जस्तै परिवारको सदस्य कोही बिरामी भयो अलि बढी खर्च लाग्ने भयो भने त्यसको व्यवस्था बैंकबाट गर्ने कि जगेडा नगद नै राख्ने कि वा कसैसंग सापटी लिने भन्ने आदि । बैंकबाट निकाल्दा पनि छुट्टै खाता खोल्ने वा आफ्नो खाताको केही चेकबुकमा हस्ताक्षर गरेर छाड्ने हुन सक्छ । सापट लिंदा पनि दिने र लिने दुबै पक्षलाई यसको स्पष्ट जानकारी हुनु पर्दछ ।
- **सञ्चार** - आफ्नो घरव्यवहारका कुरा, सञ्चो बिसञ्चो, दुःखसुखमा कुराहरु थाहा पाउन सञ्चारको महत्व छ । त्यसमा पनि आजभोलि मोबाइल फोन नभई हाम्रो जीवन नै चल्दैन कि भन्ने अवस्था आइसक्यो । तर त्यही मोबाइल पनि आफू जाने ठाउँमा राम्रोसंग चल्छ कि चल्दैन, चार्ज गर्न बिजुलीको व्यवस्था र अवस्था कस्तो छ, ब्याट्री ब्याकअप आवश्यक छ कि छैन आदि पहिले नै थाहा पाउनु पर्दछ । परिवारको कुनै सदस्यको मोबाइल २ दिनसम्म नचल्दा त्यसबाट हुने मानसिक उत्पिडनको कल्पना सबैले गर्न सक्छन् । त्यस्तो अवस्थामा अन्य कर्मचारीको वा साथीको नंम्बर थाहा भएमा यो परिस्थिति पनि सहज हुन्छ भन्ने कुरा सबैले बुझ्केकै कुरा हो ।

| | | |
|---|---|---|
| | यसरी पारिवारिक पूर्वतयारी गर्दा कुनै ठूलै कुरा हुनु पर्दछ वा पैसा नै लाग्ने हुनु पर्दछ भन्ने केही छैन । वास्तबमा मानिसको सुख र आनन्द सानोसानो कुरामा पनि छ । | |
| चित्रपट ९ | <br>आफूले काम गर्ने कार्यालयको कुनै कार्यक्रम अन्तर्गत कार्य गर्न नयाँ स्थानमा जानु पर्दा संस्थागत तहमा विविध पक्षमा धेरै नै पूर्वतयारी गर्नु पर्दछ । विविध पक्षलाई मुख्यतया निम्न ५ बुँदामा राख्न सकिन्छ ।<br>• **संस्थाको मिसनभिजन:** कुनै पनि संस्थाको स्थापना दुरगामी रुपमा गर्दा संस्थाले एउटा दुरदृष्टि परिकलपना बोकेको हुन्छ र त्यो परिपुर्ति गर्न विभिन्न भिजन पनि निश्चित गरेको हुन्छ । तसर्थ संस्थाको पृष्ठभूमि, कार्यशैली, मूलसन्देश र प्रतिष्ठाको बारेमा जानकारी राख्नु पर्दछ । यसले नयाँ स्थानमा गरिनु पर्ने क्रियाकलापलाई त्यस तर्फ उन्मुख गराउँछ । आफ्नो कार्य र कार्यकाल सहज र उद्देश्यमूलक हुन जान्छ ।<br>• **योजना/कार्यक्रमको उद्देश्य:** संस्थागत पूर्वतयारीमा गरिनु पर्ने पूर्वतयारीमा योजना वा कार्यक्रमको उद्देश्य पहिले नै स्पष्ट हुनु जरुरी छ । यसभित्र कार्यक्रमको प्रस्तावित दस्तावेज (प्रपोजल) मा कुराहरु जस्तै विविध क्रियाकलापहरु, कार्यक्षेत्र, लक्षित समूह, बजेट प्रक्रिया सबै पर्दछन् । यसले कार्यक्रमलाई प्रभावकारी रुपमा सफल बनाउन मद्यत गर्दछ ।<br>• **विविध नीति नियमहरु:** कुनै पनि संस्थामा व्यवस्थापनलाई बैज्ञानिक तवरबाट सशक्त बनाउन विविध नीति नियमहरु बनाएको हुन्छ । नयाँ स्थानमा जानु अगावै सबैको जानकारी राख्नु पर्दछ र आवश्यक दस्तावेजहरु साथमा लिएर पनि जानु पर्दछ । पहिले नै आवश्यक अध्ययन गर्दा अस्पष्ट भएका विषयहरुमा स्पष्ट हुने अवसर पनि प्राप्त हुन्छ । यस्ता नीति नियमहरु आर्थिक, प्रशासनिक, सामाजिक विविध हुन सक्छन् । कार्यस्थलमा गर्न हुने वा | १ मिनेट<br><br>एउटा उदाहरणको लागि एनसेटमा प्रयोगमा भएको<br>यात्रा स्वीकृति पत्र (पूर्व खण्ड र समापन खण्ड) लाई लिन सकिन्छ ।<br>कुनै पनि कर्मचारीहरुले यात्रा गर्नु अगाडि विस्तृत यात्रा कार्यक्रम सहितको यात्रा स्वीकृति पत्र लिनु पर्दछ । यात्रा गर्न लागेको क्षेत्र, अवधि, प्रस्तावित कार्यक्रम, संलग्न कर्मचारीहरु, यातायातका साधन, अनुमानित बजेट र सम्पर्क व्यक्तिको स्पष्ट बिवरण खुलाएर फारम भर्नु पर्दछ ।<br>कार्यक्रम सम्पन्न पछि कार्यलयमा अभिलेख राख्नको लागि पून: यस पत्रको समापन खण्ड पनि भरेर पेश गर्नु पर्दछ । |

| | | |
|---|---|---|
| | नहुने आचार संहिता, खरिद नियमावली, उपलब्ध सेवासुविधा जस्तै बिदाहरु, औषधी उपचार खर्च, बिमाको व्यवस्था, कार्यक्रम सम्बन्धी लैङ्गिक तथा समाबेशी नीति, वातावरणीय नीति, आदि पर्दछन् । यसता नीति नियमहरुको जानकारी पहिले नै भएको अवस्थामा काम गर्दा अन्योल हुदैन । <br><br> अर्को महत्वपूर्ण पक्ष भनेको कार्यसंग सम्बन्धित **सरकारको नीति नियम पनि हो** । सबै संस्था देशको नीति नियमबाट बाँधिएका हुन्छन् र सबैले त्यसको पालना गर्नु पर्दछ । जस्तै अहिले पुनर्निर्माण सम्बन्धी धेरै नीति नियम, मार्ग निर्देशिका आइसकेको अवस्था छ । सबैमा नियमित रुपमा अध्यावधिक भईरहनु पर्दछ । यसको अलावा अन्य सबै नीति, ऐन, नियमको दस्तावेज पनि साथै लिएर गएका आवश्यक परेको बेलामा तुरुन्त हेर्न सकिनछ । <br><br> • **सहकार्य र समन्वयः** कुनै पनि तहमा चाहे त्यो राष्ट्रिय तहमा होस वा सामुदायिक तहमा कार्य गर्दा धेरै सरोकारवाला निकायहरु हुन्छन् । त्यसमा पनि विपद् व्यवस्थापन वा पुनर्निर्माणमा जस्तो विषयमा एक्लैले मात्र कार्य गरेर हुदैन । सबैको सहयोग र सद्भाव बिना यो सम्भव छैन । तसर्थ पुनर्निर्माणमा पनि सहकार्य र समन्वय अपरिहार्य छ । तसर्थ यससंग सम्बन्धित सरोकारवाला निकायहरु सरकारी वा गैरसरकारी वा सामुदायिकस्तरका निकायहरुको कार्यगत क्षेत्र तथा विषयगत क्षेत्रको बारेमा पहिले नै थाहा पाउनु पर्दछ । तिनीहरु बीचको अन्तरसम्बन्धका बारेमा पनि स्पष्ट हुनु पर्दछ । <br><br> सरोकारवाला निकायहरु सरकारी वा गैरसरकारी वा सामुदायिकस्तरका निकायहरुको प्राप्त गर्न सम्भव भएसम्म प्रमुख व्यक्तिको नाम, सम्पर्क नम्बर पहिले नै लिएर गएमा शुरुमा धेरै सजिलो हुन्छ । समयको पनि बचत हुन्छ । त्यसले आफूलाई मार्गदर्शन गर्न सक्छ । साथै अन्य साथमा महत्वपूर्ण फोन नम्बर राख्न बिर्सनुहुदैन । <br><br> • **सञ्चारको माध्यमः** आफ्नो कार्यालयसंग विशेष गररी कस्तो परिस्थितिमा कुन माध्यमको प्रयोग गर्ने भन्ने कुरा पहिले नै तय हुनु पर्दछ । इमेल, पत्राचार, टेलिफोन आदि सञ्चारका माध्यम विविध हुन सक्दछन् । फेरि औपचारिक तथा अनौपचारिक अवस्थामा पनि सञ्चार माध्यमको फरक प्रयोग हुन सक्दछ । <br><br> अर्को सञ्चार माध्यमको महत्वपूर्ण पक्ष भनेको अन्य सरोकारवाला निकायहरुसंगको समन्वय र सहकार्य गर्दाको अवस्थामा कस्तो उपयुक्त हुन्छ भन्ने पनि पहिले नै थाहा पाउनु पर्दछ । | |

| | | |
|---|---|---|
| | **संस्थागत तहको** सञ्चारमा **क्यामरा पनि महत्वपूर्ण मानिन्छ ।** सानो डिजिटल क्यामरा बोक्न बढी सुविधाजनक हुन्छ । हुन त अहिले मुभी बनाउने खालको क्यामरा पनि बोक्ने प्रचलन छ । यसले कार्यक्रमलाई जिवन्त बनाउछ । व्यक्तिगत यात्रालाई पनि यादगार बनाउँछ । | |
| चित्रपट १० | <br><br>**लक्षित समूहः** लक्षित समूह संस्थागत तहको पूर्वतयारीमा एउटा महत्वपूर्ण पाटो हो । संस्थाको कुनै पनि योजना वा कार्यक्रमलाई कार्यान्वयनको स्तरसम्म पुर्‍याउन प्रस्तावित दस्तावेजमा विविध पक्ष लगायत लक्षित समूहको पनि उल्लेख भएको हुन्छ । गन्तब्यमा जानु भन्दा अगाडि त्यस सम्बन्धी पनि जानकारी राख्नु पर्ने भन्ने कुरा अघिल्लो चित्रपटमा चर्चा भइसकेको छ । लक्षित समूहको कुरा गर्दा त्यसलाई सतही रुपमा मात्र नहेरी अलि गहिरिएर हेर्नु जरुरी छ । वास्तवमा लक्षित समूह भनेको केवल समग्रताको जनसंख्या मात्र होइन । त्यसभित्र बालबालिका, महिला, सिमान्तकृत समूह, अपाङ्गता सहितका व्यक्तिहरु, पेशागत तथा जातीयगत विभिन्न समूहहरु रहेका हुन्छन् । सबै समूहको पृथक-**पृ**थक रुपमा जानकारी राख्नु अति आवश्यक छ । योजना र कार्यक्रमका लाभग्राही यही समूह हो । कार्यक्रमको प्रतिफल यही समूहमा नपुगेसम्म यो प्रभावकारी मानिदैन । पहिलो पल्ट नयाँ समुदायमा जाँदाखेरी लक्षित समूहलाई विशेष ध्यान दिनु पर्दछ ।<br><br>माथि उल्लेखित सबै जना समुदाय परिचालनका लागि लक्षित समूहहरु हुन् र  लक्षित समूह अनुसार कार्यक्रम तयार गर्नु पर्छ । उदाहरणको लागि बालबालिकाहरु अथवा जेष्ठ नागरिकको केही कार्यक्रम छ भने भाषा छनोट सरल, अंग्रेजी नभएको शैलीलाई स्मरण गर्नु पदर्छ । | ३ मिनेट |

**चित्रपट ११**

**४ मिनेट**




कार्यक्रमको सिलसिलामा नयाँ क्षेत्रमा पहिलोपटक जानु पर्दा गरिनु पर्ने पूर्वतयारीमा सामुदायिक तहको जानकारी पनि एउटा महत्वपूर्ण तह मानिन्छ। संस्थागत तहको जानकारीको पूर्वतयारीमा पनि कार्यक्षेत्र र समुदायको मोटामोटी रुपमा जानकारी राख्नु पर्ने कुरा भनिसकिएको छ । समुदायको कतिपय जानकारी प्रत्यक्ष हुन्छन् र तिनको जानकारी प्रस्तावित दस्तावेजबाट पनि पाउन सकिन्छ तर कतिपय अवस्थामा समुदायसंग सम्बन्धित अन्य जानकारी पनि पहिले नै भएमा शुरुमा काम गर्दा धेरै सजिलो हुन्छ। यिनीहरुलाई मुख्य ४ बुँदामा राख्न सकिन्छ।

- **पहुँच तथा यातायातः** त्यो समुदायमा जानको लागि सबभन्दा पहिले कस्तो प्रकारको यातायातको साधनको उपलब्धता छ त्यो थाहा पाउनु पर्दछ। यातायातको साथै कस्तो प्रकारको सञ्चारको माध्यमको उपलब्धता छ त्यसको जानकारी लिइ सो अनुरुपको व्यवस्था गर्नु पर्दछ । बैकल्पिक साधनको बारेमा पनि पहिले नै सोंच बनाउनु पर्दछ। त्यो ठाउँमा पुग्न लाग्ने समय : गाडीमा जादा लाग्ने समय र बर्षाको बेला हो भने गाडी नजान सक्छ, हिडेर जादा लाग्ने समय सबै पहिले नै बुझेर जानुपर्छ। त्यो ठाउँमा पुग्नको लागि सवारी साधनको पहुच छ कि छैन ? यदि छैन भने हिडेर जानको लागि थप एकजोर जुत्ता राख्नुपर्छ किनभने हिड्दा हिढ्दै लगाएको जुत्ता बिर्गिन सक्छ। साथसाथै हिड्न सजिलो होस् भन्नको लागि लठ्ठी एउटा पनि बोकेर जान सकिन्छ।
- **भौगोलिक परिवेशः** भौगोलिक परिवेशको पूर्वतयारीमा त्यस क्षेत्रको मौसम, हावापानी, उकालो ओरालोको अवस्था, खानपानको लागि उत्पादन हुने खाद्य सामाग्री आदि पर्दछन्। यसको लागि मानसिक तथा शारीरिक दुबै रुपमा तयार रहनु पर्दछ। यसको प्रत्यक्ष प्रभाव नयाँ कार्य क्षेत्रमा रहने अवधिमा कसतो प्रकारको लुगाफाटोको आवश्यकता पर्दछ। व्यक्तिगत आवश्यकता र उपलब्ध खानपानसंगको

| | | |
|---|---|---|
| | तादात्म्यतासंग हुन्छ । त्यहाँको हावापानी कस्तो छ बुझ्न एकदम जरुरी छ । एक ठाउँमा गर्मी छ भने सबैमा गर्मी नै हुन्छ भन्ने हुदैन त्यसैले मौसम बुझेर लुगाहरु र अरु चाहिने सामाग्रीहरु थप्न र घटाउन सकिन्छ ।<br>• **सामाजिक परिवेश:** प्रस्तावित दस्तावेजमा उल्लेखित सूचना तथा जानकारी बाहेक केही जनसंख्या, शिक्षा, भाषा, जातजाति, सम्बन्धी पनि जानकारी भएमा शुरुमा धेरै अलमल हुदैन र सहकार्य गर्न सजिलो हुन्छ । कुनै समुदायमा जादा आफ्नो लक्षित सम”ह को को हुन सक्छ भनेर पहिले नै चिनेर, बुझेर जादा निकै सजिलो हुन्छ र त्यही अनुसारको कार्यक्रमको तयारी गर्न सकिन्छ ।<br>• समुदायको प्रमुख व्यक्तिको नाम, सम्पर्क नं भए हामीलाई समुदायमा केही कार्यक्रम गर्न परेमा धेरै मद्दत हुनसक्छ । त्यसैले त्यस्ता व्यक्तिको नाम, सम्पर्क नं पहिले नै लिएर सामाजिक परिवेशको बारे केही जानकारी लिन सकिन्छ र त्यही अनुसार हामीले आफूलाई आवश्यक पर्नसक्ने सबै सामानहरु तयारी गरेर लान सक्दछौ ।<br>• **स्थानीय संस्कृति:** प्रत्येक क्षेत्रका समुदायको आफ्नै रहनसहन, भेषभुषा, मुल्यमान्यता, धर्म आदि हुन्छ । यी विषय फेरी ज्यादै संबेदनशील हुन्छन् । यसको जानकारी पहिले नै भएमा सो अनुरुप व्यवहार गर्न सजिलो पर्दछ । तसर्थ स्थानीय समुदायको संस्कृतिको जानकारी पनि सामुदायिक तहमा गरिनु पर्ने एउटा महत्वपूर्ण पूर्वतयारी मानिन्छ ।<br>पूर्वतयारीलाई ४ वटा तहमा विभाजन गरे पनि यिनीहरु एक आपसमा अन्तरसम्बन्धित छन् । जस्तै भौगोलिक परिवेश सम्बन्धी जानकारीले व्यक्तिगत तह, पारिवारिक तह तथा संस्थागत सबै तहमा प्रभाव पार्दछ । | |
| **चित्रपट १२** | <br>पूर्वतयारी गर्दा पनि सिलसिलावद्ध रुपमा गर्नु पर्दछ । जसरी भर्याङ्ग चढ्दा पहिलो खुड्किलो नचढी अन्तिम खुड्किलो | **१२ मिनेट** |

| | | |
|---|---|---|
| | चढ्न सकिदैन । यसमा पनि क्रमवद्ध रुपमा निश्चित चरणहरु पार गर्नु पर्दछ ।<br><br>• **जानकारी प्राप्त गर्नेः** पूर्वतयारीमा सबभन्दा पहिले चारै तहका जानकारी संकलन गर्नु पर्दछ। विशेष गरी संस्थागत र सामुदायिक तहमा थाहा नभएका धेरै कुराहरु हुन्छन् । किनकि पारिवारिक तहमा त आफ्नो अवस्थाको बारेमा थाहा हुन्छ । कार्यालय, इन्टरनेट, तथा अन्य निकायबाट प्राप्त गर्ने ।<br><br>• **आवश्यकता पहिचान र यकिन गर्नेः** जानकारी र सूचना संकलन भएपछि तिनीहरुको मोटामोटी रुपमा अध्ययन गर्नु पर्दछ । व्यक्तिगत, संस्थागत, समुदायस्तरका आवश्यकता र जानकारी बीचको तादात्म्यता कायम गरी यकिन गर्नु पर्दछ ।<br><br>• **योजना बनाउनेः** जानकारी, आवश्यकता पहिचानको आधारमा योजना बनाउनु पर्दछ । दस्तावेजहरु ज्वलम ऋयउथ नै लैजाने कि क्यात ऋयउथ पनि लैजाने निर्क्योल गर्नु पर्दछ ।<br><br>• **आवश्यक सामाग्रीको जोहो गर्नेः** योजना अनुरुप कुनै सामाग्री खरिद गर्नु पर्ने हुन सक्छ चिठी पत्रको आवश्यकता पनि हुन सक्छ र सो अनुरुप तयार गर्नु पर्दछ । संस्थागत तहमा लैजानु पर्ने दस्तावेजको पनि संकलन गर्नु पर्दछ ।<br><br>• **प्राथमिकता निर्धारण गर्नेः** कहिलेकाहीं पूर्वतयारीको आवश्यकता धेरै हुन सक्छ वा लाग्न सक्छ । यस्तो अवस्थामा प्राथमिकीकरण गरेर आफूसंग के के लैजाने तथा के के पछि पठाउन व्यवस्था गर्ने भन्ने कुरा निर्क्योल गरेमा सजिलो हुन्छ ।<br><br>• **गन्तव्य वा कार्यक्षेत्र प्रस्थानः** माथि उल्लेखित कार्यहरु सम्पन्न गरेपछि मात्र नयाँ कार्यक्षेत्र वा गन्तब्यमा जानु पर्दछ | |
| चित्रपट १३ |  | ४ मिनेट<br><br>• सत्रको उद्देश्यहरुको पुनरावलोकन गर्दा सहभागीहरुसँग नै सोधेर अर्न्तरक्रियात्मक रुपमा छलफल गर्ने र बुझे नबुझेको सुनिश्चित गर्ने |

| | | |
|---|---|---|
| | सत्रको शुरुमा राखिएका उद्देश्यहरु सबै पुरा भए/नभएको कुराको पुनरावलोकन गर्नुपर्दछ । पुनरावलोकन विभिन्न तरिकावाट गर्न सकिन्छ । सहभागीहरुसँग नै सोधेर अन्तर्क्रियात्मक रुपमा छलफल गरेर वा आफैँले सारांशमा बताएर । | |
| **चित्रपट १४** |  <br>सत्रको विषयवस्तुमाथि कुनै प्रश्न वा थप जिज्ञासा भए नभएको पनि जानकारी लिनु पर्दछ र भएमा जिज्ञासाहरुमा प्रकाश पार्नु पर्दछ । | **३ मिनेट**<br>• यो सत्रको विषयवस्तुमाथि कुनै प्रश्न वा थप जिज्ञासा छ वा छैन सोध्ने ।<br>• अन्तर्क्रिया र धैर्यताको लागि धन्यवाद सहित सहभागीहरुसँग बिदा लिने<br>• आफ्नो सहयोगी प्रशिक्षकलाई पनि धन्यवाद दिने<br>• सत्रको मूल्याङ्कन गरी दिन स्मरण गराउने |

**सामाजिक परिचालन तालिम कार्यक्रम**

**पाठयोजना तथा प्रशिक्षण निर्देशिका**

# सत्र १३: अभिलेखन – दस्तावेजीकरण, रिपोर्टिङ्ग, घटना अध्ययन वा कथा लेखन

**खण्डः** सामुदायिक परिचालन

**समय :** ६० मिनेट

**सामग्रीहरुः** मल्टिमिडिया प्रोजेक्टर, कम्प्युटर, पर्दा (प्रोजेक्सन स्क्रिन), चित्रपट, इजेल, फ्लीपचार्ट, मास्किङ्ग टेप, मार्कर (कालो, नीलो, रातो), पाठयोजना, सहभागी कार्यपुस्तिका ।


**सत्र परिचयः** कुनै पनि गरिएको काम जबसम्म सरोकारवालाहरु तथा आम रुपमा जानकारीमा आउँदैन, तबसम्म त्यो काम पूर्ण भएको ठानिदैंन । ती गरिएका कामहरुको अनुभव राम्रा वा नराम्रा, सफलता वा असफलता, सुखद वा दुखद, स्याबासी वा गाली, प्रशंसा वा निरुत्साहन, सहयोग वा असहयोग, प्रगति वा यथास्थिति आदि हुन सक्छन् । वास्तबमा कामको प्रतिफलका जुसुकै विषयहरु सरोकारका विषयहरु हुन् । समाजमा आधारित, समाजको विकासको लागि वा समाजमा सकारात्मक परिवर्तन ल्याउनका लागि चलाउने जुनसुकै कार्यक्रम, अझ सुरक्षित भवन निर्माण जस्ता कार्यक्रम, विविध गतिविधि र त्यसले पारेको प्रभावबारे सरोकारवाला सबै ठाउँमा र जनमानसमा पुर्‍याउन सकिएन भने गरिएको काम पूर्ण हुँदैन । अहिले व्यापक रुपमा संचालित पुनर्निर्माणको राष्ट्रिय अभियानमा सबैको हातेमालोको आवश्यकता बोध गर्दै सुरक्षित भवन निर्माणको काममा सबै जना लागिरहेका छन् । यी पुनर्निर्माणका विविध गतिविधीलाई आम जानकारीमा कसरी लैजाने भन्ने कुरा धैरै नै महत्वपूर्ण छ । विषयको टिपोट गरेर त्यसको जानकारी दिने धैरै तरिका छन् । ती मध्ये केही आधारभूत तरिका दस्तावेजीकरण, रिपोर्टिङ, घटना अध्ययन वा कथा लेखन हुन् । आफ्नै विशेषता र ढाँचा भएका यी विषयहरु बारे पनि यथस्ट जानकारी हुनु जरुरी छ । रिपोर्ट तयार पार्ने वा घटनालाई अध्ययन गर्ने कला सबैमा नहुन सक्छ । त्यसकारण समाजको विकास, उत्थान र प्रगतिको लागि काम गर्नेहरुको लागि यिनै विषयबारे स्पष्ट पार्न यो सत्र तयार गरिएको हो ।


**मार्गदर्शनः** कुनै पनि घटनाको दस्तावेजीकरण, रिपोर्टिङ, घटना अध्ययन वा कथा लेखन धैरै कोणबाट गर्न सकिन्छ । आफूले सार्वजनिक गर्न खोजेको सन्देशमा आफू स्पष्ट हुनुपर्छ र सोही अनुसार प्रष्ट बुझिने गरी शब्दहरु केलाउनु पर्छ ।

**विशेष सावधानीः** दस्तावेजीकरण, रिपोर्टिङ, घटना अध्ययन वा कथा लेखन जस्ता विषय ज्यादै व्यापक हुनाले यी विषयको छलफल गर्दा समयको परिधिमा विशेष सावधान हुनुपर्छ ।

**सत्रको उद्देश्यः** यो सत्रको अन्त्यमा सहभागीहरु निम्न कुराहरु गर्न सक्षम हुनेछन् ।

- अभिलेखनको अर्थ बताउन र कार्यक्रम वा गतिविधिको अभिलेखन गर्ने तरिका बताउन
- दस्तावेजीकरणको अर्थ बताउन
- रिपोर्टिङ्गको अर्थ, प्रकार र विधि व्याख्या गर्न
- समुदायस्तरमा हुने क्रियाकलापसँग सम्बन्धित घटना अध्ययन गर्ने र कथा संकलन गर्ने तरिका बताउन

| श्रव्य-दृश्य सामग्री | पाठको रुपरेखा | टिप्पणी |
|---|---|---|
| चित्रपट १ |  | **२ मिनेट**<br>• अभिवादन गर्ने<br>• आफ्नो परिचय दिने<br>• सत्रको परिचय दिने - विषयगत शिर्षक, लाग्ने समय, सञ्चालन विधि, प्रयोग हुने सिकाइ र सामग्रीको विषयलाई संक्षिप्तमा समेट्ने<br>• सहयोगी प्रशिक्षकहरुको परिचय दिने |
| चित्रपट २ |  | **२ मिनेट**<br>• यस सत्रको उद्देश्य प्रस्तुत गर्ने<br>अथवा,<br>• सत्रको उद्देश्य सहभागीहरु मध्येबाट एक जनालाई पढ्नको लागि अनुरोध गर्ने<br>• सहभागी कार्यपुस्तिका भए त्यसको बारेमा उल्लेख गर्ने |
| चित्रपट ३ | <br>**के हो अभिलेखन ?**<br>कुनै पनि कार्यको बारेमा टिपोट वा लिखोट गर्ने कामलाई अभिलेखन भनेर बुझिन्छ । त्यो टिपोट अक्षर, चित्र, ग्राफ, आवाजको रुपमा अभिव्यक्त हुन सक्छ । चित्र भन्नाले रेखा चित्र, चलचित्र, भिडियो, तस्वीर आदि सबैलाई जनाउछ । | **२ मिनेट**<br>• अभिलेखन भनेको के हो ? भनेर सहभागीहरुलाई सोध्ने |


<table>
<tr>
<td></td>
<td>त्यस्तै गरेर ग्राफका पनि विभिन्न स्वरुप हुन सक्छन् जस्तै बार चार्ट, पाई चार्ट आदि । अक्षर शब्द र भाषामा हुन्छ । टिपोट कार्य विविध माध्यमहरु शिला, कागज, धातुपत्र, काठ, कपडा, कम्प्युटर आदिमा गरिन्छ । त्यसैले अभिलेखन शब्दहरुको संगालो मात्रै होइन । लेखोट बाहेक चित्रहरुको संगालो, नक्सा, ग्राफ पनि अभिलेखन हुन्छ ।<br><br>कुनै विषयलाई फेरि हेर्न, सुन्न वा पढ्न सक्ने गरी तयार पार्ने काम अभिलेखन हो<br><br>टिपेको वा लेखिएको वस्तु वा कुरालाई अभिलेख भनिन्छ । अभिलेख अन्तिम नतिजा हो भने अभिलेखन अभिलेख गर्ने प्रकिया हो ।</td>
<td></td>
</tr>
<tr>
<td>चित्रपट ४</td>
<td>
<br><br>अभिलेखन तयार पार्ने विविध तरिकाहरु वा ढाँचाहरु छन् । धेरै प्रयोगमा आउने केही प्रमुख तरिकाहरु वा ढाँचाहरुमा दस्तावेजीकरण, रिपोर्टिङ, घटना अध्ययन वा कथा लेखन पर्दछन् । यी सबैका आ आफ्नै विशेषता र सिमितता छन् । यी तरिकाहरुका बारेमा स्पष्ट जानकारी हुनु जरुरी छ ।</td>
<td>२ मिनेट</td>
</tr>
<tr>
<td>चित्रपट ५</td>
<td>
</td>
<td>२ मिनेट<br><br>• अभिलेखन किन गर्नु पर्छ ? भनेर भनेर सहभागीहरुलाई सोध्ने र क्रमैसंग के, कस्ले, कहिले, कसरी भनेर सोधेर छलफल गर्ने</td>
</tr>
</table>


| | | |
|---|---|---|
| | जुनसुकै तरकिाको अभिलेखन (दस्तावेजीकरण, रिपोर्टिङ, घटना अध्ययन वा कथा लेखन) गर्दा पनि पाँच आधारभूत चित्रपटमा देखाए अनुसारका प्रश्नहरुलाई ध्यान दिनु पर्दछ । | |
| **चित्रपट ६** | <br>**के अभिलेखन गर्ने ?**<br>जुनसुकै पनि गरिएका कार्य वा गतिविधिको विषयमा अभिलेख राख्न सकिन्छ । साथै गरिएको कार्यको पनि जुनसुकै पक्षमा अभिलेख राख्न सकिन्छ । व्यक्तिगत कामकारबाहीका कुरा, कार्यालयसँग सम्बन्धित गतिविधिका कुरा, संस्थासँग सम्बन्धित गतिविधि वा क्रियाकलापजन्य कुरा लगायत विषयवस्तुका हिसाबले महत्व बोक्ने जुनसुनै विषयको पनि अभिलेख राख्न सकिन्छ ।<br>ती गरिएका कामहरुको अनुभव राम्रा वा नराम्रा, सफलता वा असफलता, सुखद वा दुखद, स्याबासी वा गाली, प्रशंसा वा निरुत्साहन, सहयोग वा असहयोग, प्रगति वा यथास्थिति आदि हुन सक्छन् । उद्धेश्य अनुसार सामान्य विवरण, प्रक्रिया, नतिजा, प्रभाव आदि जे विषय पनि हुन सकछ । तल केहि उदाहरणहरु दिईएका छन् ।<br>• विस्तृत अभिलेख: आफ्नो कार्यक्रमको लक्षित समुदाय, उपभोक्ताहरुलाई लक्षित गरी कार्यक्रमको सबै विवरण उद्धेश्य , प्रकृया, क्रियाकलाप बारे विस्तृत रुपमा बुझाउन प्रयोगकर्ता लक्षित अभिलेख राख्ने गरिन्छ ।<br>• साराशं अभिलेख: कार्यालयका प्रबन्धक तथा नेतृत्व वर्गलाई कार्यको दौरानमा सबै प्रकारका कार्यक्रमको विस्तृत विवरण विस्तारमा पढ्ने समय हुदैन । छोटो सययमा छिटो निर्णय गर्न सजिलो होस् भन्ने हेतुले कार्यक्रमको मुख्य विश्लेषण सहितको बुदाँहरु समेटेर छोटो साराशं अभिलेख राख्ने काम गरिन्छ ।<br>• प्रकृया अभिलेख: विशेष गरेर कार्यालयका प्रबन्धक अथवा कार्यक्रम व्यवथापकको लागि पहिलो पटक गरिएको | **३ मिनेट**<br>• किन अभिलेखन आवश्यक छ भनेर सहभागीहरुलाई सोध्ने ।<br>• अभिलेखनका आवश्यकताबारे चिटपटमा देखाए अनुसार प्रकाश पार्ने । |

| | | |
|---|---|---|
| | कार्यक्रमको प्रकृया महत्वपूर्ण हुन्छ। यस्तो अवस्थामा अन्य कुरा भन्दा कार्यक्रमका क्रियाकलाप सम्वन्धित प्रकृयामा बढि केन्द्रित विवरणको अभिलेख गरिन्छ।<br><br>नीतिगत अभिलेख: उस्तै प्रकृतिका काम गर्दा सन्दर्भ सामग्री हुने र पछि कुनै विषयमा निर्णय गर्दा छरितो हुने तथा नीति निर्माणको उद्देश्यले निश्कर्ष सहितको नीतिगत अभिलेख राख्ने गरिन्छ।<br><br>**किन अभिलेखन गर्ने ?**<br><br>भनिन्छ, केही लेखिएन भने केही पनि गरिएको छैन । तसर्थ कुनै पनि गरिएको कार्य वा कुराको अभिलेखन गर्नु आफैँमा अति महत्वपूर्ण कार्य हो । अभिलेखन विभिन्न प्रयोजनको लागि आवश्यक छ।<br><br>राम्रो जानकारी दिन: कुनै पनि गरिएको काम सरोकारवाललाई जानकारी दिनु पर्छ। जानकारी दिँदा राम्रो तरिकाले दिनु पर्दछ । राम्रो तरिका भन्नाले पूर्ण, स्पष्ट र सिलसिलावद्ध भन्ने जनाउँछ । टिपोट गरिएन भने कुराहरु छुट्न सक्छन् र सिलसिलावद्ध रुपमा भन्न पनि कठिन हुन्छ तथा जानकारी प्रभावकारी हुदैन । त्यसैले दुरुस्त, पूर्ण र सिलसिलावद्ध रुपमा बताउन, बुझाउन वा जानकारी दिन वा आवश्यकता बमोजिमको सञ्चार गर्न अभिलेखन गर्नु पर्छ।<br><br>निरन्तरता दिन वा सुधार गर्न: कुनै काम प्रभावकारी तथा सफल रुपमा कार्यान्वयन भईरहेको हुन्छ भने, कुनै कार्यान्वयन हुन कठिनाई भईरहेको हुन्छ । यसरी प्रत्येक गरिएका कामहरु सफल तथा विफल हुनुका पछाडि धेरै कारणहरु हुन्छन् । प्रत्येक गरिएका कामहरुलाई टिपोट गरिएको छ भने यस्तो अवस्थामा उपलबध सफलता तथा विफलता विविध पक्षलाई पुनरावलोकन तथा विश्लेषण गरेर त्यसलाई निरन्तरता दिन सकिन्छ वा परिमार्जन गरी समयमा नै आवश्यक पक्षमा सुधार गर्न सकिन्छ। यसले अनुगमन र मूल्याकनको लागि ठूलो सहयोग अभिलेखन हुन्छ । कार्य पद्दतिमा सुधार गर्नको लागि पनि अभिलेखन आवश्यक छ।<br><br>पुनरावृत्ति गर्न: कुनै पनि सफल तथा प्रभावकारी कार्यहरुको अभिलेखन भएमा प्रभावकारीताका पक्षलाई पुनरावलोकन तथा विश्लेषण गरेर त्यसता उस्तै अवस्थाका र उस्तै प्रकृतीको कार्य अन्य ठाँउमा पनि तुरुन्त पुनरावृत्ति वा पुर्नप्रयोग गर्न सकिन्छ । यसले छोटो समयमा धेरै कार्य सफलतापूर्वक गर्न सहयोग गर्छ।<br><br>संस्थागत स्मृती राख्न: अभिलेख वास्तवमा संस्था (कार्यालय वा कार्यक्रम) को इतिहास पनि हो । कुनै पनि संस्था वा परियोजनाका विभिन्न कार्यक्रम गर्दा धेरै थरिका मानिसहरुको | |


| | | |
|---|---|---|
| | संलग्नता भएको हुन्छ। जो व्यक्ति कुनै काममा प्रत्यक्ष रुपमा संलग्न भएको हुन्छ उसलाई थाहा भएको जति कुरा अरुलाई त्यति थाहा हुदैन । फेरि संस्थामा वा परियोजनामा मानिसहरुको आउने, छोड्ने काम पनि भईरहेको हुन्छ । एउटाले गरेको काम अरुलाई आवश्यक परेमा थाहा पाउने अवस्था सृजना गर्न तथा लामो समयको अन्तरालमा पहिले भएका गतिविधिको बारेमा थाहा पाउन पनि अभिलेखन गर्नु पर्छ । यसरी व्यक्तिगत तहमा नभई संस्थागत तहमा गतिविधिको जानकारी राखी संस्थात स्मृती कायम गर्न अभिलेखन गर्नुपर्छ ।<br><br>पारिवारिक तहमा पनि बाबुले गरेका आर्थिक व्यवहारलाई पछि छोरा नातीलाई आफू नभएको अवस्थामा जानकारी पाउन भन्ने उद्देश्यले अभिलेखन गर्ने गरिन्छ। तमसुक एउटा उदाहरण हो ।<br><br><u>प्रमाण राख्न</u>: जुनसुकै पनि अभिलेख, कार्य गरको कुराको प्रमाण हो। मानिसले बोलेका कुराहरु लामो समय पछि विर्सन पनि सकिन्छ र स्वयमलाई पनि बोलेको नै हो की होइन भन्ने कुरामा दुविधा लाग्न सक्छ। फेरी कहिले काँही आफ्नो फाइदा वा अनुकूलनको लागि जानी जानी अरुले बोलेको भन्दा अर्कै कुरा भनि दिन पनि सक्छन्। तसर्थ गरेको कामलाई प्रमाणित गर्न अभिलेखन गर्नु पर्दछ । | |
| **चित्रपट ७** | <br><br><br>**अभिलेखन कसले तयार गर्ने र कसले प्रयोग गर्ने ?**<br><br>संस्था र कामको प्रकृति हेरी जोसुकैले पनि अभिलेख तयार पार्न सक्छ। समुदायमा काम गर्ने सामाजिक परिचालक वा सहजकर्ता सबैले अभिलेख राख्न सक्छन् । कुनै पनि परियोजना, कार्यक्रमका निर्देशक, प्रबन्धकदेखि गाउँगाउँमा खटिएका कर्मचारी सबैले अभिलेख तयार पार्न सक्छन् । उल्लेखित व्यक्तिहरुबाट तयार पारिएको अभिलेख व्यवस्थापन, अन्य कर्मचारी, सरोकारवाला निकाय, सेवाग्राही जो सुकैले | **३ मिनेट**<br><br>• अभिलेख कसले तयार गर्छ र कसले प्रयोग गर्छ भन्ने सम्वन्धमा पहिले सहभागीहरुलाई सोध्ने ।<br>• चित्रपटमा देखाए अनुसार अभिलेख तयार पार्ने र प्रयोग गर्नेहरु को हुन्छन् भन्ने बारेमा विस्तृतमाा छलफल गर्ने । |

| | | |
|---|---|---|
| | पनि प्रयोग गर्न सक्दछन् । समग्रमा भन्दा विषयवस्तुको गाम्भीर्यता, महत्व र उपयोगका हिसाबले तयार पारिएको अभिलेख आम रुपमा प्रयोगमा आउन पनि सक्छ। अर्थात जो सुकैले पनि प्रयोग गर्न सक्छ। | |
| चित्रपट ८ | <br><br>**अभिलेखन कहिले गर्ने ?**<br>**अभिलेखन कसरी गर्ने ?**<br>जुनसुकै तरकिाको अभिलेखन (दस्तावेजीकरण, रिपोर्टिङ, घटना अध्ययन वा कथा लेखन) तयार गर्दा अंग्रेजीको ५ W (What, Who/Whom, When, Where & Why) र १ H (How) प्रश्नको उत्तर आउने कुरामा सचेत हुनुपर्छ ।। जे भएको छ, सोही कुराको लेखोटमा तयार पार्नु आफैँमा सजिलो कार्य हो तर तयार पार्दा निश्चित कुराहरुमा भने ध्यान पुर्‍याउनु आवश्यक हुन्छ । जस्तै: के भएको हो ? कसको लागि वा के को लागि भएको हो ? किन भएको हो ? कसरी भएको हो ? कहाँ भएको हो ? को को संलग्न थिए ? कहिले भएको हो ? जस्ता प्रश्नको उत्तर आउने लेखोट तयार पार्नुपर्दछ । यसका अतिरिक्त निम्न कुरामा पनि ध्यान दिनुपर्दछ ।<br>• विषयवस्तुको ज्ञान: अभिलेख तयार पार्न विषयवस्तुको ज्ञान अनिवार्य छ। विषयवसतुबारे विस्तृतमा जानकारी लिएर, अध्ययन गरेर मात्र अभिलेख तयार पार्नु पर्दछ।<br>• सरल: अभिलेख राख्दा सरल भाषामा सबैले बुझ्न सक्ने गरी लेख्नुपर्दछ । वाक्य संरचना पनि सहजै बुझिने हुनु पर्छ। सार्वजनिक खपतको लागि राखिने अभिलेखमा सरल शब्दको छनौट गरी बोलीचालीको भाषा गर्दा उत्तम हुन्छ । तर कार्यालय प्रयोजनको लागि भने अलि जटिल प्रकृतिको राख्न सकिन्छ ।<br>• सिलसिलावद्ध: घटनाक्रमलाई सिलसिलाबद्ध राखियो भने अभिलेख बुझ्न सजिलो हुन्छ । महत्वको आधारमा | २ मिनेट<br>• अभिलेख तयार गर्नु कुनै जटिल काम होइन भनेर सहभागीहरुलाई सरल ढंगले बुझाउन प्रयत्न गर्ने । |

| | | |
|---|---|---|
| | विषयवस्तुलाई क्रमैसँग विस्तार गर्दै लगियो भने अभिलेख राम्रो हुन्छ ।<br>• <u>एकरुपता:</u> विषयवस्तुको लेखोट राख्दा वा अन्य कुनै विधिमार्फत रेकर्ड गर्दा सामन्जस्यता मिलेको हुनुपर्छ । विषय एकातिर र व्याख्या विश्लेषण एकातिर भयो भने त्यो अभिलेख पढ्न वा बुझ्नको लागि अनुकुल हुँदैन । एउटै विषयलाई फरक ढंगले व्याख्या गर्न त सकिन्छ तर संगति मिलेको हुनुपर्छ ।<br>• <u>स्वीकृत ढाँचा:</u> पहिलानै निश्चित गरिएको अभिलेखनको ढाँचामा अभिलेख तयार पार्नु पर्दछ । संस्था अनुसार ढाँचाहरु फरक फरक हुन सक्छन् । | |
| **चित्रपट ९** | <br>उत्कृष्ट अभिलेख प्रष्ट, सुगठित, प्रयोगमैत्री, सुस्पष्ट, सही र अद्यावधिक गरिएको हुन्छ । जस्तै : सरल भाषा भएको, सिलसिलावद्ध राखिएको, जो सुकैले पनि हेर्दा सहजै बुझ्न सक्ने र तथ्यपरक ।<br>• <u>प्रष्ट:</u> सरल भाषा, छोटो वाक्य संरचना, सफा केरमेट नगरी लेखिएको अक्षरमा अभिलेखन भयो भने प्रष्ट हुन्छ र भन्न खोजिएको कुरा स्पष्ट बुझिने हुन्छ ।<br>• <u>सुगठित:</u> अभिलेख तयार पार्दा विस्तृतमा असंगठित वेलिविस्तार भन्दा पनि सुगठित र व्यवस्थित ढंगले तयार पार्नुपर्छ । विषयवस्तुका हिसाबले सामग्री मजबुत पनि हुनुपर्छ । सामग्री तयार पार्नुको उद्धेश्य पनि प्रष्ट देखिनु पर्छ ।<br>• <u>प्रयोगमैत्री:</u> अभिलेख आफ्नो लागि मात्रै पनि राख्न सकिन्छ तर सामान्यतया अन्य व्यक्ति, संस्था वा कार्यालयको लागि राखिने हुनाले यो प्रयोगमैत्री हुनुपर्छ । अरुले सहजै बुझ्न र प्रयोग गर्न सक्नेगरी अभिलेख तयार पार्नुपर्छ । आफुले मात्रै बुझ्ने भाषा, संकेत, चित्र वा शब्दमा लेखिनु हुँदैन । | **३ मिनेट**<br>• उत्कृष्ट अभिलेख लेखनका लागि चित्रपटमा देखाइए अनुसार छलफल गर्ने । |

| | | |
|---|---|---|
| | • सुस्पष्ट: सतही रुपमा हेर्दा प्रष्ट र सुस्पष्ट भनेको एउटै देखिन्छ तर प्रष्ट भनेको सामान्य मानिसले पनि बुझ्ने र सुस्पष्टले दोहोरो अर्थ नदिने भन्ने हुन्छ ।<br>• सही: अभिलेख राख्दा राखिने सामग्री हचुवाको भरमा राख्नु हुँदैन । सही र सत्य तथ्यमा आधारित अभिलेखको विश्वसनीयता हुन्छ ।<br>• अद्यावधिक: एक समयमा राखिएको अभिलेख समय र सन्दर्भले पुरानो हुन सक्छ । त्यसैले अभिलेखलाई सन्दर्भअनुसार अद्यावधिक गर्दै लानु पर्छ । | |
| **चित्रपट १०** | <br>कुनै पनि गतिविधि वा कार्यलाई भाषामा उतार्ने काम र लेखिएको लिखोटलाई व्यवस्थित ढंगले राख्ने कामलाई दस्तावेजीकरण भनिन्छ । भाषा भन्नाले अक्षर/शब्द, अंक, ग्राफ, चित्र, फोटो आदि सबैलाई जनाउँछ । भाषामा उतारी सकेको वस्तुलाई दस्तावेज भन्दछन् । दस्तावेज अन्तिम वस्तु (Product) हो भने दस्तावेजीकरण दस्तावेज बनाउने वा तयार गर्ने प्रक्रिया (Process) हो । दस्तावेजीकरणमा एक वा सो भन्दा बढि दस्तावेजहरु पनि तयार गर्न सकिन्छ । कुनै पनि दस्तावेजमा अक्षर/शब्द, अंक, ग्राफ, चित्र, नक्शा, फोटो आदि मध्ये कुनै कुरा पनि हुन सक्छ । दस्तावेजहरु बढी औपचारिक हुन्छन् । प्रगती प्रतिवेदन दस्तावेजको एउटा उदाहरण हो ।<br>दस्तावेजीकरण र अभिलेखन उस्तै उस्तै जस्तो लाग्न सक्छ, तर यिनीहरु बीचमा केही भिन्नता छ । सबै दस्तावेजीकरण अभिलेखन हो । तर सबै अभिलेखन दस्तावेजीकरण होईन । दस्तावेजीकरण अभिलेखनको एउटा शैली हो । | **२ मिनेट**<br>• दस्तावेजीकरणको अर्थ बताउने<br>• अभिलेखन र दस्तावेजीकरण बीचको फरक बताउने |

**चित्रपट ११**




## रिपोर्टिङ्गको परिभाषा

रिपोर्टिङ्ग भनेको कुनै घटना, गतिविधि, परिस्थिति वा कुनै विषयको अवस्थाका बारेमा सरोकारवालालाई जानकारी गराउने प्रक्रिया हो ।

Reporting is all about communicating the status of any <u>event,</u> <u>activity,</u> <u>situation</u> or any **happening** to the concerned stakeholders.

वास्तवमा रिपोर्टिङ्ग अनुभव गरिएका, सुनेका, देखेका, अनुसन्धानबाट प्राप्त निश्कर्ष जस्ता विषयको मौखिक या लिखित जानकारी हो । यो औपचारिक या अनौपचारिक दुबै हुन सक्छ ।

विषयवस्तुका आधारमा रिपोर्टिङ्गलाई **चार प्रकारमा** विभाजन गर्न सकिन्छ ।

<u>अवस्थाको बारेमा:</u> भइरहेको अवस्थाको बारेमा गरिने रिपोर्टिङ्ग छोटो वा सामान्य अवस्थाको बारेमा जानकारी गराउने काम हो । यो फोनमार्फत पनि जानकारी गराउन सकिन्छ । जस्तै: कुनै कार्यक्रमको शिलशिलामा कतै जाँदै गर्दा पहिरो खसेर थुनिएको कुरा आफ्ना सिनियरहरुलाई फोन मार्फत जानकारी गराइयो भने त्यो पनि रिपोर्टिङ्ग हो ।

<u>गतिविधिको बारेमा:</u> गतिविधिको बारेमा गरिने रिपोर्टिङ्गले योजनाबद्व रुपमा गर्न लागिएको कुनै गतिविधिको बारेमा जानकारी गराउन सक्छ । जस्तै: कुनै स्थानमा ७ दिनसम्म डकर्मी तालिम सम्पन्न भयो भने आफ्नो कार्यालयमा लिखित वा मौखिक रुपमा तालिमको सतही विवरण सहित जानकारी गराउन सकिन्छ ।


<u>प्रकृयाको बारेमा रिपोर्टिङ्ग:</u> यसै गरी प्रकृयाको बारेमा पनि रिपोर्टिङ्ग गरिन्छ । कुनै काम सम्पन्न भएमा, सम्पन्न गर्दा अपनाईएका विधीहरुको बारेमा कसरी भयो भनेर रिपोर्टिङ्ग

२ मिनेट

- रिपोर्टिङ्ग भनेको के होला भनी सहभागीहरुलाई सोध्ने ? आएका उत्तरहरुमा सामान्य छलफल गर्ने ।
- रिपोर्टिङ्गको व्याख्या गर्ने ।
- रिपोर्टिङ्गका प्रकारको व्याख्या गर्ने ।

<table>
<tr>
<td></td>
<td>गरिन्छ वा सो योजना भन्दा भिन्न भएमा योजना भन्दा फरक पर्यो भनेर रिपोर्टिङ्ग गरिन्छ । यो अलि विस्तृत हुन्छ ।<br><br><u>परियोजना वा कार्यक्रमका बारेमा गरिने रिपोर्टिङ्ग</u>: यसमा परियोजनाको निश्चित अवधि अथवा समग्र परियोजनाका उपलब्धि, सबल पक्ष, दुर्बल पक्ष सबै विषय समेटिएको हुन्छ ।</td>
<td></td>
</tr>
<tr>
<td>चित्रपट १२</td>
<td><br>
पूर्व निर्धारित गतिविधि रिपोर्टिङ गर्ने ढाँचा<br>
Format for Planned Program/Activity<br>
<table>
<tr><th>Program/Activity:</th><th>कार्यक्रम वा गतिविधि:</th></tr>
<tr><td>Planned Date:</td><td>निर्धारित मिति:</td></tr>
<tr><td>Place / Venue</td><td>स्थान:</td></tr>
<tr><td>Target Participants</td><td>लक्षित सहभागी:</td></tr>
<tr><td>Geographical Coverage</td><td>समेटिने भौगोलिक क्षेत्र:</td></tr>
<tr><td>Resource Person(s)</td><td>स्रोत व्यक्ति:</td></tr>
<tr><td>Guests (if planned)</td><td>अतिथि:</td></tr>
<tr><td>Under the Program</td><td>कुन परियोजना अन्तर्गत:</td></tr>
<tr><td>Implemented by</td><td>लागु गर्ने निकाय:</td></tr>
<tr><td>Core Funding of</td><td>आर्थिक सहयोग:</td></tr>
<tr><td>Organizing Partners</td><td>साझेदार संस्था:</td></tr>
</table>
<br>
सामान्यतया कुनै कार्यक्रम वा गतिविधि सम्पन्न भइसकेपछि मात्रै रिपोर्टिङ्ग गर्ने चलन छ । तर योजनावद्ध रुपमा हुने कार्यक्रमको सन्दर्भमा भने पूर्व निर्धारित कार्यक्रम सुरु हुनु अघि, सचालन भई रहँदा र सकिएपछि ३ पटक गरेर रिपोर्टिङ्ग गर्न सकिन्छ ।<br><br>
वस्तवमा रिपोर्टिङ्ग गर्दा छोटो समयमा धेरै विषयहरु समावेश गर्नुपर्ने हुन्छ । कुनै पनि पूर्व निर्धारित वा योजनाबद्व रुपमा हुने वा भएको कार्यको रिपोर्टिङ्ग गर्नको लागि पहिले नै एउटा मुख्य विषयगत बुंदाहरु उल्लेख गरी ढाँचा तयार पार्नु पर्दछ । पूर्व निश्चित ढाँचाको प्रयोगबाट समयको वचत हुने, एकरुपता आउँने र मुख्य कुराहरु नछुट्ने भई रिपोर्टिङ्गलाई पूर्ण र प्रभावकारी बनाउँछ ।<br><br>
यसमा मुख्यतया निम्न विषय राख्न सकिन्छ : कार्यक्रमको नाम, मिति, स्थान, लक्षित सम”ह, समेट्ने क्षेत्र, स्रोत व्यक्तिहरुको नाम, अतिथि, कार्यक्रमको मातहत, कार्यक्रम सञ्चालन गर्ने संस्था, मुख्य दाता, सहयोगी संस्थाको नाम आदि ।<br><br>
चित्रपटमा देखाइएको ढाँचा एउटा उदाहरण हो । विभिन्न ढाँचा प्रयोग गर्न सकिन्छ । संस्थाले आफ्नो उद्देश्य अनुरुपको ढाँचा तयार पार्न सक्छ ।</td>
<td>२ मिनेट<br><br>
• चित्रपटमा देखाइएको उदाहरणको एउटा ढाँचाको आधारमा कार्ययोजनाको रिपोर्टिङ्ग गर्न सकिन्छ भनेर सहभागीहरुलाई बुझाउने ।</td>
</tr>
</table>

**चित्रपट १३**





रिपोर्टिङ्गको पूर्व निश्चित ढाँचामा समावेश गर्नुपर्ने अन्य बुँदामा योजना वा गतिविधी वा कार्यक्रमको उद्देश्य पनि उल्लेख गर्नु पर्दछ । यसका साथै योजनामा राखिएका विस्तृत क्रियाकलापलाई बुँदामा राखी प्रस्तुत गर्नु पर्दछ । थप अन्य केही विषय राख्नु पर्ने भएमा सो पनि समावेश गर्नु पर्दछ ।

भविष्यमा हुने कार्यकमको बारेमा कार्यकम हुनु भन्दा अगाडि नै रिपोर्टिङ्ग गर्दा यहि ढाँचामा तयार गरेर पठाउँन सकिन्छ ।

**२ मिनेट**

- चित्रपटमा देखाइएको ढाँचामा आधारित रही कार्यक्रमको उद्देश्यबारे लेखनी तयार पार्न सकिनेबारे सहभागीहरुलाई जानकारी गराउने ।


**चित्रपट १४**




पूर्व निर्धारित कार्यक्रम वा गतिविधि भइरहँदा वा सञ्चालनको दौरानमा पनि रिपोर्ट तयार पारेर पठाउन सकिन्छ । यो कार्यकमको बारेमा पहिले गरेको रिपोर्टिङ्गको निरन्तरता भएकोले यसमा अघिल्लो ढाँचामा थप्नुपर्ने विषय जस्तै: गतिविधिको सारांश, कार्यक्रममा सहभागी हुन आएका अतिथि तथा सहभागीहरुले व्यक्त गरेका महत्वपूर्ण भनाई, पहिलेको रिपोर्टिङ्गमा उल्लेख भएका भन्दा फरक भएका विषयलाई समावेश गर्ने गरिन्छ । कार्यक्रम चलिरहँदाको रिपोर्टिङ्ग गर्दा पहिने गरेको रिपोर्टिङ्ग पनि साथै लिएर गएमा परिवर्तन भएका बुँदामा सरसर्ती सच्याएर टिपोट तयार पार्न सजिलो हुने भएकोल पहिने गरेको रिपोर्टिङ्ग पनि संथै लिएर जानु पर्दछ । यसरी यसमा अघिल्लो ढाँचामा राखिएका विषयलाई

**३ मिनेट**

- चित्रपटमा राखिएको ढाँचाका बुँदा अनुसार व्याख्या गर्ने ।

| | | |
|---|---|---|
| | छोटकरीमा दोहोर्‍याउँदै अन्य कुरा पनि थपेर अलि विस्तृतमा रिर्पोट लेख्नुपर्ने हुन्छ । | |
| **चित्रपट १५** |  <br><br>चित्रपटमा देखाइएको ढाँचा कार्यक्रम वा गतिविधि सम्पन्न भएपछि गरिने रिपोर्टिङ्गको ढाँचा हो । यो रिपोर्टिङ्ग पनि कार्यक्रमको बारेमा पहिले गरेको रिपोर्टिङ्गको निरन्तरता भएकोले सम्पन्न भएको गतिविधिको यस रिपोर्टमा अघिल्ला दुबै थरीका ढाँचाहरुमा भएका कुराहरुलाई सिलसिलावद्ध ढंगले राखेर गतिविधिको रिपोर्ट तयार पार्ने गरिन्छ । यो तयार गर्दा के भएको हो ? कहाँ गरिएको हो ? किन गरिएको हो ? कसको लागि गरिएको हो ? कहिले गरिएको हो ? कसरी गरिएको हो जस्ता आधारभूत प्रश्नको उत्तर आउने गरी तयार पार्नुपर्छ ।<br><br>फोटो बिनाको रिपोर्ट बेसार बिनाको तरकारी जस्तै देखिन्छ । त्यसैले विषयसँग सम्बन्धित फोटो वा स्केचहरु राख्दा रिपोर्ट मजबुद देखिन्छ । अक्षरबाट व्यक्त हुन नसकेका कुराहरु तस्विरबाट व्यक्त हुने हुनाले तस्बिर छनौटमा पनि ध्यान पुर्‍याउनु पर्छ । तस्बिरहरुले आधिकारिकता पनि दिन्छन् भने पढ्ने मानिसलाई पनि विषयबस्तुसंग बाँधिराख्छ ।<br><br>योजनावद्ध रुपमा नभएका कुनै कार्यक्रम वा गतिविधि सम्पन्न भइसकेपछि मात्रै रिपोर्टिङ्ग गर्नु पर्ने अवस्थामा पनि यी तीन तहका ढाँचालाई समग्रतामा मिलाएर एउटै रिपोर्टिङ्ग गर्न सकिन्छ । | ३ मिनेट<br><br>• बेसार नहाल्दा देखिने तरकारी र फोटो विनाको रिपोर्ट उस्तै हो भन्ने कुरा बुझाउने । |

**चित्रपट १६**


USAID
NSET

**उदाहरण**

CTS / PROGRAMS | GOOD PRACTICES | HAZARDS IN NEPAL | PREPARE YOURSELF | CONTACT US |

**64 more trained masons added in Dolakha**

As part of capacity building, NSET-Baliyo Ghar - Team Dolakha has accomplished Seventh and Eighth Mason Training simultaneously dated on 15th June 2016. Seventh mason training has been completed in Babare VDC and Eighth at Katakuti VDC of Dolakha.

64 more masons are certified with 7 Days Mason Training for Earthquake Resistant Building in Rural. Now the total trained mason has reached 237 in Dolakha District. The Masons were trained to enhance the different techniques for earthquake resistant stone-mud and timber buildings in rural areas which will finally assist in earthquake resistant building construction in reconstruction work.

All the participants acknowledged the Baliyo Ghar team where one of the participants at Katakuti, Baliram Karki shared, "This training facilitated a lot to enhance our construction skills for the construction of earthquake resistant building, as we did a lot of exercises on the model and got opportunity to enhance existing skill." Mr Lal Bahadur Thami, a participant at Babare's Training shared, "Training helped a lot to enhance our technical skills in building earthquake resistant housings in rural areas."

The training course was jointly organized by Department of Building Construction and Urban Development (DUDBC), Division Office, Dolakha and NSET-BaliyoGhar in collaboration with Katakuti VDC and with funding support from USAID.

USAID funded #BaliyoGhar program is an initiative to support the Government of Nepal's model of owner-driven housing reconstruction following the Gorkha Earthquake. NSET is providing technical assistance to 13 VDCs and 1 Municipality in Dolakha district for safe reconstruction through #BaliyoGhar Program.

माथि देखाइएको पटमा रिपोर्टिङ्गका दुईवटा उदाहरणहरु नमूनाको रुपमा राखिएका छन् ।

पहिलो उदाहरण डकर्मी तालिम संचालन भईरहको अवस्थाको रिपोर्टिङ्ग हो । यसमा न्यूनतम रुपमा आधारभूत प्रश्नहरुको उत्तर आउने हिसाबले रिर्पोट तयार गरिएको छ ।

दोस्रो उदाहरण निरन्तर भइरहने क्रियाकलापमध्येको डकर्मी तालिमसँग सम्बन्धित एउटा क्रियाकलापको रिपोर्टिङ्ग हो । यो कार्य सम्पन्न भइसकेपछि तयार पारिएको रिपोर्टको नमुना हो । यसमा दोलखा जिल्लामा प्रतिफल स्वरुप ६४ जना नयाँ तालिम प्राप्त डकर्मी थपिएको कुरालाई महत्व दिएर रिपोर्ट तयार पारिएको छ । यसमा छ आधारभूत प्रश्न '६ क' अर्थात के, कहाँ, कहिले, किन, कसले, कसरी आदि प्रश्नको उत्तर समटिएको छ । साथै तालिमका सहभागीहरुले व्यक्त गरेका महत्वपूर्ण भनाई पनि उल्लेख गरिएको छ ।


रिर्पोटको स्तर वा त्यसमा उल्लेख भएका जानकारी, रिपोर्ट तयार पार्ने व्यक्ति वा निकाय अनुसार फरक फरक पनि हुन सक्छ । कार्यक्षेत्र अर्थात जिल्ला अथवा स्थानीय तहबाट गरिने रिपोर्टमा विषयको सतही ब्याख्या हुन सक्छ भने केन्द्रतहबाट गरिने

गरिने कार्यक्रम रिपोर्ट अलि बढी विस्तृत वा गहिराइमा पुगेर लेख्न सकिन्छ । विषयवस्तुको व्याख्या भने कर्मचारीहरुको ज्ञान र क्षमतामा भर पर्छ ।

**३ मिनेट**

- चित्रपटमा अण्डरलाईन गरेर देखाईएको छ वटा आधारभूत प्रश्नलाई एक उक गरेर बताउने
- रपोर्टका देखाएका नमुनाको केही प्रति फोटोकपी गरेर बाँड्न पनि सकिन्छ

**चित्रपट १७**




### घटना अध्ययन

घटना अध्ययन भनेको कुनै व्यक्ति, समूह वा अवस्थाका बारेमा समयको अन्तरालमा गरिने अध्ययन विश्लेषण हो । खासमा यो पनि रिपोर्टिङ्ग हो । तर यसमा अलि गहिराइसम्म पुगेर तथ्य खोतल्ने प्रयास गरिन्छ । घटना अध्ययनमा धेरै कुरालाई केन्द्रमा राखिदैँन बरु एउटा विषय र त्यसको परिणाममा केन्द्रित हुने गरिन्छ । घटना अध्ययनमा विषयको विश्लेषण, संश्लेषण गरिन्छ र यसले भविष्यमा एउटा सिकाइको उदाहरण पेश गर्न सक्छ ।

A case study is a about a person, group or situation that has been studied over time.

A case study is an in-depth, examination of a single instance, event or group.

A case study is a factual representation of what happened along with some analysis that provides insights and learning for the future

### कथा

कुनै पनि घटना वा विषयमा कथा लेख्न सकिन्छ । खासमा कथाले कुनै पनि गतिविधिको घटनाक्रम, गतिविधिले मानिसमा पारेको प्रभाव र त्यसको भावनात्मक पक्षमा जोड दिन्छ । कथामा विषयको भावनात्मक व्याख्या भएपनि तथ्यमा विश्लेषण हुँदैन ।

Story depicts what happened through people, place, and plot and brings emotional context into the portrayal of what happened.

घटना अध्ययन गर्दा वा कथा लेख्दा विस्तृतमा व्याख्या गर्नुपर्ने भएकाले आफूले प्राप्त गरेको ज्ञानले मात्रै कथा पूर्ण नहुन सक्छ । उस्तै प्रकृतिका घटनासँग सम्बन्धित दस्तावेजहरु अध्ययन गर्ने, सर्भेक्षण गरेर गहिराइमा पुग्ने र सम्बन्धित सरोकारवालाहरुको सहभागितामा छलफल चलाइएको

**३ मिनेट**


- घटना अध्ययन भनेको के हो भन्ने बारेमा व्याख्या गर्ने । घटना अध्ययन सतही घटनाक्रमको व्याख्या नभई गहिराइसम्म पुगेर तथ्य खोतल्ने र निश्कर्ष निकाल्ने काम हो भन्ने कुरा सहभागीहरुलाई बुझाउने ।
- घटना अध्ययन र कथा बीचको भिन्नता बुझाउने ।

| | | |
|---|---|---|
| | खण्डमा घटना अध्ययन प्रतिवेदन वा कथा बढी गुरुत्व बोकेको हुन्छ । | |
| चित्रपट १८ | <br><br>**सिद्धान्तहरु**<br><br>घटना अध्ययन र कथा लेख्दा केही मुलभूत कुरामा ध्यान भने दिनुपर्छ । जस्तै : कथा रुचीपूर्ण हुनुपर्छ, सोँचमा, व्यवहारमा केही परिवर्तन भएको, तथ्यपरक, शिक्षाप्रद हुनुपर्दछ । घटना अध्ययनले महत्वपूर्ण विषयको उठान गरेको हुनुपर्छ । जुन अरुको लागि सिकाइको पाटो बनोस् । एउटा घटना अध्ययन हेरेर भविष्यमा अन्य योजना बनाउन सकियोस् ।<br><br>घटना अध्ययन तयार पार्दा घटनाक्रमको सामान्य टिपोट भन्दा पनि मानव मस्तिष्क र मनमा एउटा तरंग पैदा गर्ने खालको बनाउनु पर्छ अर्थात पढ्दा रुचीपूर्ण र त्यसले गहन भाव बोकेको हुनुपर्छ ।<br><br>विषयवस्तुका आधारमा घटना अध्ययन **मुख्यतया ३ प्रकारका** हुन्छन् :<br><br>सकारात्मक अभ्यास: कुनै पनि कामको उद्देश्य पुरा भए पश्चात् वा हुँदै गर्दा देखिएको सकारात्मक प्रभाव वा अरुको लागि मार्गनिर्देश गर्ने खालको विषयलाई सकारात्मक घटना अध्ययनको रुपमा प्रस्तुत गर्न सकिन्छ ।<br><br>समीक्षात्मक: कुनै ठाउँमा कार्यक्रम सञ्चालन भयो तर काम भने उद्देश्यभन्दा ठीक विपरित भयो वा अपेक्षाकृत सफलता हात लागेन भने त्यो विषयको पनि अध्ययन वा कथा तयार गर्न सकिन्छ । जस्तै: राष्ट्रिय पुनर्निर्माण प्राधिकरण वा अन्य कुनै गैर सरकारी निकायले भूकम्प प्रतिरोधी भवन निर्माणको लागि गरेको कार्यक्रमको दौरान मानौं कुनै जिल्लाको एक गा.वि.समा ठीक विपरित किसिमको घर मात्र बनेको पाइयो भने त्यो पनि लेख्न सकिन्छ । यस्ता विषय सिकाइको लागि उपयोगी हुन्छ र कार्यक्रमको प्रभावकारिता किन भएन भनेर | ५ मिनेट<br><br>• घटना अध्ययनका आधारभूत सिद्धान्तहरु बुझाउने ।<br>• घटना अध्ययनका प्रकारबारे व्याख्या गर्ने ।<br>• सामान्य विषय पनि घटना अध्ययनको विषय बन्न सक्छ । तर त्यसलाई प्रस्तुत गर्ने शैली रोचक र दिने सन्देश स्पष्ट रहेको हुनुपर्छ । |

| | | |
|---|---|---|
| | निश्कर्ष निकालिएको अध्ययन वा कथाले अर्को ठाउँमा काम गर्दा सन्दर्भ सामग्रीको रुपमा काम गर्न सक्छ ।<br><br><u>अपवादमुलक:</u> यसमा नसोँचिएको तर प्राप्त भएको सफलताको कथा लेखिन्छ। जस्तै: कुनै ठाउँमा भवन संहिताले भने अनुसारको भूकम्प प्रतिरोधी तत्वहरु राखेर घर बनाउन आनाकानी गरिएको, कुनै परियोजनामार्फत जनचेतनामुलक कार्य गरिएको, तालिम प्रदान गरिएको अवस्थामा पनि सुधार हुन नसकेर कार्यक्रम तत्कालका लागि स्थगन गरिएको तर एक महिनापछि सोही ठाउँमा पुग्दा भवन संहिताले भने अनुसार नै घरहरु निर्माण भएको पाइयो भने त्यसलाई अपवादमुलक घटना अध्ययनको रुपमा प्रस्तुत गर्न सकिन्छ । | |
| **चित्रपट १९** | <br><br>घटना अध्ययनका लागि विषयहरु थुप्रै हुन सक्छन् । कुनै एक व्यक्तिमाथि पनि कथा लेख्न सकिन्छ । घटना अध्ययन गर्ने कुनै परियोजनाको व्यक्ति, विभाग वा व्यवस्थापनको आवश्यकता अनुसार व्यक्ति, समुदाय, सामाजिक समूह, संघसंस्था वा गतिविधि, प्रकृया सबै घटना अध्ययन वा कथा लेखनका विषय हुन सक्छन् ।<br><br>जस्तै : कुनै एक ठाउँमा गैर सरकारी संस्थाले आफ्नो गतिविधि सञ्चालन गर्दा स्थानीय एक राजनीतिज्ञ एकदमै नकारात्मक देखिएको र विस्तारै विस्तारै सोही संस्थाको पक्षपोषण गरेको कुरालाई लिएर व्यक्तिमा केन्द्रित घटना अध्ययन तयार पार्न सकिन्छ । त्यस्तै कुरा समुदायमा पनि लागु हुन्छ । कार्यक्रम वा गतिविधिले प्राप्त गरेको सफलतालाई पनि रोचक ढंगले घटना अध्ययनको रुपमा प्रस्तुत गर्न सकिन्छ । | **३ मिनेट**<br><br>• घटना अध्ययन कुन विषयमा गर्न सकिएला भनेर सहभागीहरुलाई सोध्ने<br>• प्राथमिकताका आधारमा घटना अध्ययन विभिन्न विषयमा हुन सक्छ भनेर बुझाउने । |

**चित्रपट २०**

**३ मिनेट**





घटना अध्ययनका निश्चित ढाँचाहरु छन् । सामान्यरुपमा आम प्रयोगको ढाँचा भनेको चित्रपटमा देखाइए जस्तै हो ।

पृष्ठभूमि: आफुले तयार पार्न खोजेको घटना अध्ययन रिपोर्टलाई सहयोग पुग्ने गरी पृष्ठभूमि तयार पार्नुपर्छ । पृष्ठभूमि लेख्ने तरिका फरक फरक हुन सक्छन् । घटना अध्ययनको विषयमा प्रवेश गर्नुअघि वरिपरिको वातावरण, रहनसहन, दैनिकीको उठान गर्न सकिन्छ । जस्तै कुनै व्यक्तिको सफलताको कुरा या उसको जीवनमा आएको परिवर्तनको कुरालाई घटना अध्ययनको विषय बनाइएको छ भने, आफुले भेट्न पुग्दा सो व्यक्ति वा उसको परिवारका सदस्यहरु ठिक त्यो समयमा के गरिरहेका थिए, घर वरिपरिको वातावरण कस्तो थियो जस्ता विषयको उठान गरेर पृष्ठभूमि तयार पार्न सकिन्छ ।

विगतमा के थियो: यो खण्डमा विषय अनुसार विगतमा गरिएको अभ्यासको थोरै व्याख्या गरिन्छ । जस्तै: भूकम्पले घर भत्काएपछि नयाँ भूकम्प प्रतिरोधी घर निर्माण गर्दै गरेको विषयमा घटना अध्ययन लेखिँदै छ भने, पहिलेको घर कस्तो थियो, के सामग्रीको प्रयोगबाट निर्माण गरिएको थियो, व्यक्तिको सोँच कस्तो थियो ? भूकम्प आउला र घर भत्काउला भन्ने सोँच थियो कि थिएन, गाउँघरको बुझाई कस्तो थियो, जस्ता विगतका सोँच, व्यवहारका कुरालाई जोड दिन सकिन्छ ।

के भयो : यो खण्डमा कुन घटनाले के परिणाम ल्यायो भन्ने विषयलाई जोड दिइन्छ । जस्तो ढुंगामाटोको घर भूकम्पमा भत्किएपछि ढुंगामाटोको घर बनाउनै नहुने रैछ भन्ने प्रारम्भिक बुझाईमा कुनै संस्था, सरकारी वा गैरसरकारी निकायको परामर्शपछि ढुंगामाटोको घर पनि विधि पुर्‍याएर बनाउन सकियो भने बलियो हुँदो रैछ भन्ने बुझाई रहेको कुरालाई जोड्न सकिन्छ । अथवा भूकम्प भनेको दैवी प्रकोप हो, यसको प्राकृतिक कारण नभई दैवी कारण छ भन्ने

| | | |
|---|---|---|
| | बुझाईमा रहेकाहरु अभिमूखिकरणपछि भूकम्पको वैज्ञानिक कारणबारे आश्वस्त भएको कुरालाई पनि यो खण्डमा राख्न सकिन्छ ।<br><br>व्यवहारमा परिवर्तन: कुनै घटनापश्चात भएको क्रियाकलापले व्यक्तिको जीवनमा, परिवारमा वा समाजमा के परिवर्तन भयो ? व्यवहारमा के देखियो भन्ने विषय यो खण्डमा राख्न सकिन्छ । जस्तो कुनै संस्थाप्रति एकदम नकारात्मक रहेको कुनै व्यक्ति केही समयपछि सोही संस्थाको प्रशंसा गर्दै हिँडेको वा समाजमा संस्थाले गर्ने गतिविधिमाथि प्रकाश पार्दै गरेको कुरालाई जोड्न सकिन्छ ।<br><br>निश्कर्ष: यो खण्डमा घटना अध्ययनबाट दिन खोजेको सन्देशलाई जोड दिइन्छ । यसमा अरुले घटना अध्ययन रिपोर्टबाट के सिक्न सक्छन् ? व्यक्ति, परिवार वा समाजलाई कस्तो प्रभाव परेको छ ? र अन्य समुदायले सो घटनाबाट के कुरा ग्रहण गर्न सक्छन् भन्ने जस्ता विषयलाई यो खण्डमा राखेर निश्कर्ष निकाल्ने काम गरिन्छ । | |
| **चित्रपट २१** | <br>"Now our house will be strong, it won't collapse again" - Bhimsen Shah Thakuri, Bhimeshwor-12, Dolakha<br>उदाहरण-घटना अध्ययन/कथा<br><br>भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल (NSET) ले गरेका केही नमूना घटना अध्ययनहरु स्रोतको रुपमा यहाँ राखिएको छ । सामान्यतया यी एक पेजमा अट्नेगरी लेखिएका छन् । घटना अध्ययन विषयवस्तुको गहनता हेरी बढीमा ४ पेजसम्म पुर्‍याउन सकिन्छ । अध्ययनको विषय र प्रयोजन फरक हुन सक्छ तर आधारभूत रुपमा घटना अध्ययन गर्ने विधि एकै हुन्छ । | **४ मिनेट**<br><br>• घटना अध्ययनका केही प्रति फोटोकपी गरी सहभागीलाई उपलब्ध गराउने । |

| | | |
|---|---|---|
| चित्रपट २२ | <br>सत्रको शुरुमा राखिएका उद्देश्यहरु सबै पुरा भए/नभएको कुराको पुनरावलोकन गर्नुपर्दछ । पुनरावलोकन विभिन्न तरिकावाट गर्न सकिन्छ । सहभागीहरुसँग नै सोधेर अन्तर्क्रियात्मक रुपमा छलफल गरेर वा आफैंले साराशंमा बताएर ।<br><br>सत्रको विषयवस्तुमाथि कुनै प्रश्न वा थप जिज्ञासा भए/नभएको पनि जानकारी लिनुपर्दछ र भएमा जिज्ञासाहरुको समाधान गर्ने प्रयत्न गर्नुपर्दछ । | **२ मिनेट**<br>• सत्रको उद्देश्यहरुको पुनरावलोकन गर्दा सहभागीहरुसँग नै सोधेर अन्तर्क्रियात्मक रुपमा छलफल गर्ने र बुझे/नबुझेको सुनिश्चत गर्ने<br>• यो सत्रको विषयवस्तुमाथि कुनै प्रश्न वा थप जिज्ञासा छ वा छैन सोध्ने । |
| चित्रपट २३ |  | **२ मिनेट**<br>• अन्तर्क्रिया र धैर्यताको लागि धन्यवाद भन्दै सहभागीहरुसँग बिदा लिने<br>• आफ्नो सहयोगी प्रशिक्षकलाई पनि धन्यवाद दिने<br>• सत्रको मूल्याङ्कन गर्नका लागि स्मरण गराउने |

# सामाजिक परिचालन तालिम कार्यक्रम

**पाठयोजना तथा प्रशिक्षण निर्देशिका**

## सत्र १४: पुनर्निर्माणको अवधारणा र संस्थागत व्यवस्था

**खण्डः** नेपालमा पुनर्निर्माण सम्बन्धी व्यवस्था

**समयः** ६० मिनेट

**सामग्रीः** मल्टिमिडिया प्रोजेक्टर, कम्प्युटर, पर्दा (प्रोजेक्सन स्क्रिन), चित्रपट, इजेल, फ्लीपचार्ट, मास्किङ्ग टेप, मार्कर (कालो, नीलो, रातो), पाठयोजना, सहभागी कार्यपुस्तिका



**सत्र परिचयः** नेपाल लगायत संसारका विभिन्न देशमा विविध प्रकारका विपद्हरु बाढी, पहिरो, आगलागी, भूकम्प आदि भइरहेका छन् । यसबाट ती राष्ट्रहरुले ठूलो जनधनको क्षति व्यहोर्नु परेको छ । यस्ता विपद्को अवस्थाबाट पार पाउन पुनर्निर्माण गरिन्छ । सबै देशले आफ्नो परिस्थिति र समय अनुरुप विभिन्न तरिकाबाट पुनर्निर्माण गरिरहेका छन् । तर अहिले आएर पुनर्निर्माणको अवधारणामा नै परिवर्तन भएको छ । वि.स. २०७२ बैसाखमा नेपालमा पनि ठूलो भूकम्प गयो र धेरै जनधनको क्षति हुन गयो । आवास लगायत विभिन्न संरचनाहरु भत्किए । गोरखा भूकम्प जस्तो ठूलो विपद्बाट पार पाउन कुनै व्यक्ति, संघसंस्था वा सरकार एक्लै मात्र पुनर्निर्माण गरेर सम्भव हुदैन । सबैको बेग्ला बेग्लै दायित्व तथा क्षमता हुन्छ । यस कार्यको लागि सामाजिक परिचालक र सहजकर्ताको पनि अहम भूमिका हुन्छ । वि.स.२०७२ को गोरखा भुकम्प पछिको पुनर्निर्माण नेपाल सरकारले लिएको पुनर्निर्माणको अवधारणा तथा पुनर्निर्माण सम्बन्धी नीतिगत तथा संस्थागत कानुनी व्यवस्था लगायत आवास पुनर्निर्माण कार्यक्रम र अनुदान सहायता सम्बन्धी जानकारी दिने परिप्रेक्ष्यमा यो सत्र तयार गरिएको हो ।

**मार्गदर्शनः** सुरक्षित पुनर्निर्माण, भूकम्प प्रतिरोधी भवन निर्माण केवल आर्थिक पक्षसंग मात्र जोडिएको हुदैन । अनुदान सहायता वितरण गर्दैमा भुकम्प प्रतिरोधी घर निर्माण हुदैन । पुनर्निर्माण त्यति सरल छैन । सुरक्षित पुनर्निर्माणको सुनिश्चितताको लागि प्रकृयागत प्रविधिमा विशेष जोड दिनु पर्दछ । पुनर्निर्माण प्राधिकरणले काम गर्छ वा गर्दैन भनेर प्रष्ट पार्न जरुरी छ ।

**विशेष सावधानीः** गोरखा भुकम्पमा सबैको आ-आफ्नो भोगाइ रहेको हुनाले सबैको आ-आफ्नो कथा र व्यथा हुन्छ । त्यसैले यसको असरमा कुरा गर्दा धेरै समय लाग्न सक्छ । फेरि पुनर्निर्माण प्राधिकरणको संरचनाको कुरा पनि ठूलै विषय हो ।  पी दुबैमा कुरभ गर्दा छोटकरीमा मात्र जानकारी दिन विशेष सावधानी अपनाउनु पर्दछ ।


**सत्रको उद्देश्यः** यो सत्र पछि सहभागीहरु निम्न बुँदाहरुको विषयमा समान बुझाइका साथ छलफल गर्न र समुदायमा कार्य गर्न सक्षम हुनेछन् ।

- पुनर्निर्माणको अवधारणा र नेपालको पुनर्निर्माण सम्वन्धी व्यवस्था
- संस्थागत संरचना र राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
- आवास पुनर्निर्माण कार्यक्रम तथा अनुदान सहायताको अवधारणा

| श्रव्य दृश्य सामग्री | पाठ विवरण (रुपरेखा) | नोट (टिप्पणी) |
|---|---|---|
| चित्रपट १ |  | **२ मिनेट**<br>• अभिवादन गर्ने<br>• आफ्नो परिचय दिने<br>• सत्रको परिचय- विषयगत शिर्षक, लाग्ने समय, सञ्चालन विधि, प्रयोग हुने सिकाइ, सामग्रीको विष्यमा संक्षिप्त जानकारी दिने<br>• कार्यपुस्तिकाको बारेमा उल्लेख गर्ने<br>• सहयोगी प्रशिक्षकहरुको परिचय दिने |
| चित्रपट २ | <br>यस सत्रमा तीन वटा उद्देश्यहरु रहेका छन् । | **२ मिनेट**<br>• यस सत्रको उद्देश्य प्रस्तुत गर्ने<br>अथवा<br>• सत्रको उद्देश्य सहभागीहरुबाट पढ्नको लागि अनुरोध गर्ने |
| चित्रपट ३ |  | |

| | | |
|---|---|---|
| | **पुनर्निर्माणको अवधारणा**<br><br>संसारका विभिन्न ठाउँहरुमा विविध विपद्हरु भइरहन्छन् । पहिले पनि धेरै विपद्हरु भएका थिए । यस्ता विपद् चाहे त्यो बाढी पहिरो होस् वा आगलागी वा भूकम्प होस् सबै विपद्मा आवास भवन लगायतका भौतिक संरचनाहरुको ठूलो क्षति भएको हुन्छ । विपद् पर्दा प्राय संसारभरी नै आजसम्म गरिरहेका काम भनेको खोज तथा उद्धार, राहत वितरण, पुर्नस्थापना र पुनर्निर्माण हो । फेरी अर्को विपद् आउछ अनि फेरी त्यही गरीन्छ । विपद्को यस्तो अवस्थाबाट पार पाउन यस्तै प्रकारको पुनर्निर्माण भईरहेको छ । यो निरन्तर दोहोरिने कामले एउटा चक्रव्यूहमा परिरहने जस्तो भई विकासले गति लिन नसक्ने अवस्था सृजना भएको छ ।<br><br>विपद्को यस्तो अवस्थाबाट पार पाउन पुनर्निर्माण गरिन्छ ॥ तर संसार भरि नै तर अहिले, पुनर्निर्माणको अवधारणमा परिर्वतन आएको छ । विश्वब्यापी रुपमा नै अबको पुनर्निर्माण सुरक्षित हुनु पर्दछ दिगो हुनु पर्दछ र पहिलेको भन्दा राम्रो बलियो (Build Back Better) हुनु पर्दछ भन्ने अवधारणाको विकास भएको छ । विपद्वाट हुने असरको क्षेत्र ब्यापक छ । विपद्ले सामाजिक क्षेत्र, उत्पादनमूलक क्षेत्र, पर्वाधार तथा अन्य अन्तर सम्बन्धित क्षेत्रमा दूरगामि असर पार्दछ । अब कुनै पनि देशले विपद्को आर्थिक भारलाई थेग्न नसक्ने अवस्था छ । विकासको क्रमलाई दिगो रुपमा अगाडि बढाउन अबको पुनर्निर्माणमा भविष्यमा हुन सक्ने विपद्को जोखिमलाई कम गर्न न्यूनीकरण, पूर्वतयारी, पूर्वसूचनाका पक्षहरुलाई पनि समावेश हुने किसिमले योजना गनुपर्ने हुन्छ । यो नै सुरक्षित पुनर्निर्माण हो ।<br><br>विपद्ले पार्ने असरको क्षेत्र ब्यापक भएकोले पुनर्निर्माणको क्षेत्र पनि ब्यापक छ । सामाजिक क्षेत्र, उत्पादनमूलक क्षेत्र, पर्वाधार तथा अन्य अन्तर सम्बन्धित क्षेत्रमा सबैमा पुनर्निर्माण गर्नु पर्दछ । तर यहाँ सामाजिक क्षेत्र मध्ये पनि आवासको क्षेत्रमा मात्र केन्द्रित भएर कुराकानी गरिन्छ ।<br><br>आवास पुनर्निर्माणको सन्दर्भमा संसार भरी मुख्यतया दुईवटा तरिका (Modality) प्रचलित छन् ।<br><br>१. **घर बनाएर सरकारले जनतालाई दिने:**<br><br>सम्पुर्ण आवासको पुनर्निर्माण सरकारले गरिदिने । यसमा सरकार निर्माण प्रकृयाको सबै तहमा प्रत्यक्ष संलग्न हुन्छ । चाहे त्यो ठेकेदारको माध्ययमबाट होस् वा गैरसरकारी संघसंस्थाको माध्यमबाट । आवास भवन डिजाइन, निर्माणको कार्य गरेर जनतालाई आवास उपलब्ध गराउँदछ । यस्तो प्रणाली प्रायः जसो केन्द्रिकृत राज्य संरचना भएका देशहरु | |

<table>
<tr>
<td></td>
<td>जहा जमिनको स्वामित्व सरकारमा निहित हुन्छ जस्तै इरान, चीन आदिमा गरिएको छ ।<br><br>२. घर निर्माण घरधनी आफैले गर्ने तर सरकारले सहयोग गरिदिने:<br><br>यसमा सरकारले घर बनाउन पैसा, निर्माण सामग्री, निर्माण प्रविधि आदिमा सहयोग गर्दछ । यो प्राय: विकासोन्मुख मुलुकहरु जसमा जमिनको स्वामित्व व्यक्ति वा जनतामा हुन्छ र सरकारले आर्थिक भार थेग्न सक्दैन, त्यस्तो देशमा जनता आफैले घर बनाउने गर्दछन् ।</td>
<td></td>
</tr>
<tr>
<td>चित्रपट ४</td>
<td>
<br><br>नेपाल र  विपद्<br><br>विपद् जोखिमका हिसाबले नेपाल अत्यन्त संवेदनशील अवस्थामा छ । बाढी, पहिरो, आगलागी तथा भुकम्प जस्ता विपद्बाट बारमबार ठूलो जनधनको क्षति बेहोर्नु परेको छ । भूकम्पीय विपद्का हिसाबले त झन् उच्च जोखिममा पर्दछ । यसमा भौगर्भिक स्थिति, भौगोलिक बनावट तथा अन्य विभिन्न कारण रहेका छन् ।<br><br>अहिलेको पुस्ताको लागि संझनामा ताजै रहेको र ठूलो विपद् भनेको वि.सं. २०७२ बैशाख १२ को भूकम्प नै हो जसलाई गोरखा भूकम्प भनिन्छ । ।<br><br>गोरखा भूकम्प २०७२ का केही तथ्य<br><br>• मीति: २०७२ बैसाख १२ गते बिहान ११ बजेर ५६ मिनेट<br>• केन्द्रबिन्दु: गोरखाको बारपाक, काठमाडौंबाट ८० किमि उत्तर पश्चिम<br>• मापन: ७.६ म्याग्निच्युड<br>• परकम्पन:<br>• बैसाख १२ गतेको र २४ घण्टा भित्र ७.६ म्याग्निच्युड भन्दा स साना ३६ वटा पराकम्पनहरु</td>
<td>४ मिनेट</td>
</tr>
</table>

<table>
<tr>
<td></td>
<td>२०७२ बैसाख २९ गते ७.३ म्याग्निच्युड लगायत २०७३ साउन १४ गते सम्ममा ४ म्याग्निच्युड तथा त्यो भन्दा ठूला ४६५ पराकम्पन<br><br>गोरखा २०७२ भूकम्पको असर<br><br>२०७२ सालको भूकम्पबाट नेपालका ७५ जिल्लाहरु मध्ये ३१ जिल्ला प्रभावित छन् । ती मध्ये पनि १४ जिल्ला अति प्रभावित र १७ जिल्ला अलि कम प्रभावित भएका जिल्लाहरुमा पर्दछन् । यी दुई समूहका जिल्लालाई पनि अझ थप वर्गिकरण गरेको पनि पाईन्छ ।<br><br><u>नेपालमा</u><br><br>• मृत्यु ८७९०<br>• चोटपटक २२,३००<br>• प्रभावित जनसंख्या ८० लाख<br><br><u>अन्य मुलुकमा</u><br><br>• मृत्यु: भारत ७८, चीन २५, वाङ्गलादेश ४<br><br>यो भूकम्पले भारत, चीन र बङ्लादेशमा पनि असर पोरको थियो जसमा भारतमा ७८, चीनमा २५, वाङ्गलादेशमा ४ मान्छेले ज्यान गुमाएका थिए ।<br><br>यसको अलावा सामाजिक क्षेत्र, उत्पादनमूलक क्षेत्र, पर्वाधार तथा अन्य अन्तर सम्बन्धित क्षेत्रमा समेत दूरगामि असर पारेको छ । आवासिय तथा सरकारी भवन लगायत शिक्षा, स्वास्थ्य, सास्कृतिक सम्पदाका भौतिक संरचना भत्किएका छन् । देशको अर्थतन्त्रमा दूरगामी असर परेको छ । अप्रत्यक्ष असरको त लेखाजोखा नै छैन ।</td>
<td></td>
</tr>
<tr>
<td>चित्रपट ५</td>
<td>
<br><br>गोरखा भूकम्पबाट भएको क्षति हामी सबैले भोगेको र सुनेको कुरा हो । तर राष्ट्रका हिसाबले समग्रमा क्षति कति भयो भन्ने कुराको तथ्यपरक जानकारी हुनु पर्दछ । यसका साथै कुनकुन</td>
<td>३ मिनेट</td>
</tr>
</table>

<table>
<tr>
<td></td>
<td>
क्षेत्रमा असर पर्‍यो भन्ने थाहा पाउन पनि जरुरी हुन्छ । यसबाट लगानीको आवश्यकताको आंकलन गर्न सजिलो हुन्छ र पुनर्निर्माणलाई कसरी अगाडि बढाउने भन्ने कुरालाई दिशा निर्देश गर्दछ ।<br><br>
यसै कुरालाई मध्यनजर गरेर गोरखा भूकम्पको लगत्तै केही महत्वपूर्ण दस्तावेजहरु तयार गरिएको थियो । अंग्रेजी महिनाको अप्रिलमा भुकम्प गयो र मे तथा जुन महिनामा क्षतिको अवस्था तथा लगानीको आवश्यकता सम्बन्धी एकदमै महत्वपूर्ण तीन वटा दस्तावेजहरु बने । अंग्रेजी नामबाट बढी प्रचलित यी दस्तावेजहरु PDNA, PDRF र SPFP हुन् ।<br><br>
• भूकम्प पश्चात्को आवश्यकता आंकलन (Post Disaster Needs Assessemnt (PDNA): PDNA ले कहाँकहाँ क्षति भयो, कतिकति क्षति भयो र कुनकुन क्षेत्रमा क्षति भयो सबैको आकडाको अवस्थालाई तथ्याङ्कको रुपमा समेटेको छ ।<br><br>
• भूकम्प पश्चात्को पुनर्स्थापना ढाँचा (Post Disaster Recovery Framework (PDRF): त्यस्तै गरेर PDRF मा भूकम्प पश्चात्को पुनर्निर्माण कसरी गर्ने भन्ने कुरामा पुर्नस्थापनाको ढाँचालाई उल्लेख गरिएको छ ।<br><br>
• क्षेत्रगत योजना र आर्थिक प्रक्षेपण (Sector Plans and Financial Projections (SPFP): अर्को दस्तावेज SPFP ले पनि कुन कुन, कस्तो कस्तो योजनाको आवश्यकता परेको छ त्यसको लागि कति रकम चाहिने रहेछ भनेर प्रक्षेपण गरेको छ ।
</td>
<td></td>
</tr>
<tr>
<td>चित्रपट ६</td>
<td>


<br>
गोरखा भूकम्पले व्यापक रुपमा विभिन्न क्षेत्रमा असर पारेको छ । यसले आवास, स्वास्थ्य, शिक्षा, साँस्कृतिक सम्पदा, यातायात जस्ता भौतिक संरचना आदिमा क्षति गर्नुका साथै वातावरण, कृषि, सामाजिक सुरक्षा तथा लैङ्गिक समानता जस्ता अभौतिक क्षेत्रमा समेत ठूलो नोक्सानी गरेको छ ।
</td>
<td>४ मिनेट</td>
</tr>
</table>

| | | |
|---|---|---|
| | PDNA का अनुसार पुनर्निर्माणको लागि कुल ९३८ अरब लगानीको आवश्यकता रहेको छ । असर तथा लगानीका क्षेत्रलाई मुख्यसामाजिक (आवास, शिक्षा, सम्पदा, स्वास्थ्य), उत्पादनमूलक (कृषि र वातावरण), पूर्वाधार (यातायात, खानेपानी तथा सरसफाइ) र अन्तरसम्बन्धित (सामाजिक सुरक्षा, लैङ्गिक समानता) क्षेत्र गरी ४ वटा क्षेत्रमा बर्गीकरण गरिएको छ ।<br><br>आवासमा मात्र ४७६ अरबको लगानी आवश्यकता रहेको देखिन्छ जुन कुल लागतको ५०% भन्दा पनि बढी छ । त्यसैले पुनर्निर्माणमा आवास एउटा महत्वपूर्ण क्षेत्र मानिन्छ । | |
| चित्रपट ७ | <br><br>गोरखा भूकम्प र त्यसबाट परेको असर नेपालको मात्र सरोकारको विषय थिएन । नेपालका शुभचिन्तकहरु दातृ निकाय जस्तै विश्व बैंक, एशियाली विकास बैंक लगायत तथा अन्य मुलुक भारत, चीन, अमेरिका आदिको पनि उत्तिकै चासोको विषय रह्यो । अबको पुनर्निर्माण कसरी गर्ने भन्ने सम्बन्धमा गोरखा भूकम्प गएको दुई महिना पछि नै सन् २०१५ जुन महिनाको २५ तारीखमा एउटा अन्तर्राष्ट्रिय सम्मेलनको आयोजना गरियो । त्यसमा क्षतिको अवस्था तथा लगानीको आवश्यकतामा छलफल भयो । साथै नेपालको पुनर्निर्माणको लागि आ-आफ्नो निकायबाट गरिने सहयोगको प्रतिवद्वता पनि प्राप्त भएको थियो । | २ मिनेट |

चित्रपट ८


४ मिनेट




नेपालमा अहिले भइरहेको पुनर्निर्माण सम्बन्धी व्यवस्था त्यत्तिकै हचुवाको भरमा आएको व्यवस्था होइन । पुनर्निर्माणको लागि कस्तो व्यवस्था उपयुक्त होला भनेर धेरै चिन्तनमनन भएको छ । नेपालको पुनर्निर्माण सम्बन्धी अहिलेको जति व्यवस्था छ त्यसको पृष्ठभूमिमा धेरै आधारहरु रहेका छन् । क्षतिको अवस्था र लगानीको आवश्यकता मुख्य विषयहरुका साथै दातृ निकाय र मुलुकले गरेका सहयोगका आर्थिक प्रतिवद्वता तथा नेपालको स्वयं आफ्नो आर्थिक अवस्था अनि पुनर्निर्माणमा राज्यले गर्न सक्ने दायित्व आदि समग्र कुराले यसमा प्रभाव पारेको छ । यसको अलावा अहिलेको विद्यमान विपद् व्यवस्थापन संरचनामा आवद्व निकायहरुको भूमिका र जिम्मेवारी, भूकम्पको असरको व्यपकता र गोरखा भूकम्पबाट सृजित अवस्थाबाट पार पाउन थप जिम्मेवारी बहन गर्न सक्ने क्षमता आदि सबै कुराको अध्ययन, अन्तर्क्रियाको आधारमा पुनर्निर्माणको अवधारणा, नीतिगत, कानुनी र संस्थागत व्यवस्था गरिएको हो ।

नेपालको पुनर्निर्माणको **अवधारणा** भनेको विशेष गरी २०७२ बैशाख १२ गतेको भूकम्प पछिको पुनर्निर्माण सुरक्षित पुनर्निर्माण हुनु पर्दछ भन्ने हो । अर्को महत्वपूर्ण अवधारणा भनेको प्रत्येक क्षेत्रको पुनर्निर्माण र सबै भौतिक संरचनाको पुनर्निर्माण पनि सुरक्षित हुनु पर्दछ भन्ने हो । पहिलेको निर्माण भन्दा अझ बलियो अझ राम्रो (Build Back Better) पुनर्निर्माण हुनु पर्दछ । विपद् जोखिम न्यूनीकरणका उपायहरु अवलम्बन गरेर भविश्यमा आउन सक्ने भूकम्पको क्षतिलाई कम गर्नु पर्दछ । राष्ट्रले बारम्बार गोरखा भूकम्प जस्ता विपद्को आर्थिक क्षतिलाई थाम्न सक्दैन । अबको पुनर्निर्माण दिगो हुनु पर्दछ । अन्तर्राष्ट्रिय जगतमा आएको पुर्निर्माणको अवधारणलाई नेपालले पनि आत्मसात् गरेको छ ।


- यही अवधारणा अनुरुप राष्ट्रिय पुनर्निर्माण तथा पुनर्स्थापना नीति २०७२ तयार भएको हो । त्यस्तै गरी विभिन्न क्षेत्रलाई समेत समेटी ५ वर्षीय पुनर्निर्माण योजनाहरु पनि तयार

| | | |
|---|---|---|
| | भएका छन् । पञ्च वर्षीय पुनर्निर्माण तथा पुनर्स्थापन सम्बन्धी योजना (२०७२/७३ - २०७७/७८) ले आगामी ७७/७८ साल सम्ममा मुख्य मुख्य पुनर्निर्माण सम्पन्न गर्ने उद्देश्ले सो अनुरुपका योजनाहरु ल्याएको छ । यसरी नीतिगत तहमा दुईवटा महत्वपूर्ण दस्तावेजहरु रहेको अवस्था छ ।<br>• नीतिलाई कार्यान्वयन गर्न कानूनी आधार पनि चाहिन्छ । पुनर्निर्माण सम्बन्धी व्यवस्था गर्न २०७२ मा नै ऐन पनि बनेको छ । ऐनले कार्यान्वयनलाई बाध्यात्मक बनाउँछ ।<br>• संस्थागत व्यवस्थाको लागि राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको संरचना रहेको छ जसमा केन्द्रमा र भूकम्प प्रभावित जिल्लाहरु गरी ३४५० भन्दा बढी जनशक्ति व्यवस्थापन गर्नु पर्ने अवस्था रहेको छ । | |
| **चित्रपट ९** | <br><br>२०७२ साल वैशाख १२ गते गएको भूकम्प र त्यसपछिका परकम्पहरुबाट भत्किएका घर तथा भौतिक संरचनाहरुको पुनर्निर्माण र विस्थापित भएका व्यक्ति तथा परिवारलाई पुनर्स्थापना गर्न राष्ट्रिय पुनर्निर्माण प्राधिकरण स्थापना गरिएको हो । २०७२ साल पुष १० गतेको मन्त्रिपरिषद्को बैठकले प्राधिकरणको प्रमुख कार्यकारी अधिकृतनियुक्त गरेपछि अथाृत करीब ८ महिना पछि प्राधिकरणको काम अघि बढेको हो ।<br>राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको केन्द्रिय तहमा तीन तहको संरचना रहेको छ ।<br>१) राष्ट्रिय पुनर्निर्माण परामर्श परिषद्<br>२) निर्देशक समिति<br>२) कार्यकारी समिति<br>• राष्ट्रिय पुनर्निर्माण परामर्श संरचनात्मक व्यवस्थामा उच्चतम निकाय हो । राष्ट्रिय पुनर्निर्माण परामर्श परिषद् प्रधान मन्त्रीको अध्यक्षता छ । यस अन्तरगत निर्देशक समिति छ । | ४ मिनेट |

| | | |
|---|---|---|
| | • निर्देशक समितिमा ४ वटा बिषयगत समितिहरु छन् । भौतिक निर्माण समिति, सार्वजनिक आयोजना र व्यवस्थापन समिति, पर्यटन क्षेत्र विकास समिति र न्यायीक समिति छन् । निर्देशक समितिले पुनर्निर्माण सम्वन्धी काममा कार्यकारी समितिलाई निर्देशन गर्दछ । कार्यकारी समितिले गरेको पुनर्निर्माणको सम्वन्धी काममा परेका उजुरी उपर कानुनी उपचारका लागि पुनरावेदन अदालतका वहालवाला न्यायाधीशको अध्यक्षतामा पुनरावेदन समितिको व्यवस्था पनि रहेको छ ।<br>• पुनर्निर्माणको सम्वन्धी कामको कार्यान्वयन कार्यकारी समितिले गर्दछ । यस समितिको प्रमुखमा प्रमुख कार्यकारी अधिकृत रहने व्यवस्था छ । कार्यकारी समितिको आफ्नै सचिवालय छ । यसलाई सहयोग गर्न बिज्ञहरुको समूह र विकास सहायता समन्वय तथा सहजीकरण समिति रहेको छ । बिज्ञहरुको समूहले विषयगत कुराहरुमा आफ्नो सुझावहरु दिन्छ भने विकास सहायता समन्वय तथा सहजीकरण समितिले विकास साझेदार तथा दातृ निकायसंग समन्वय गर्नुका साथै जिल्लाबाट प्रतिनिधित्व गर्ने सांसदको संयोजकत्वमा प्र.जि.अ. र स्था.वि.अ. रहेको सम्बन्धीत जिल्ला समन्वय समितिसंग पनि समन्वय गर्दछ ।<br>राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको केन्द्रिय तहको कार्यालयमा ४ वटा विषयगत महाशाखा र २ नीति तथा जनशक्ति व्यवस्थापन गरी ६ वटा महाशाखाहरु र त्यस अर्न्तगत विविध शाखाहरु रहेका छन् ।<br>जिल्ला तहमा १४ जिल्ल्ला कार्यालयहरु र स्थानिय तहमा १३५ वटा स्रोत केन्द्रहरु रहेका छन् । | |
| **चित्रपट १०** | <br>भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७२ बमोजिम प्राधिकरणले पुनर्निर्माण र पुनर्स्थापनाका लागि आवश्यक नीति तयार र | **५ मिनेट** |

| | | |
|---|---|---|
| | स्रोतको व्यवस्थापन गर्नुका साथै पुनर्निर्माण गर्ने वातावरण तयार पार्छ । प्राधिकरणले पुनर्निर्माण र पुनर्स्थापनाको काम सरकारका विभिन्न मन्त्रालयहरु र निकायहरु मार्फत गराउने नीति अवलम्बन गरेको छ। कामको मात्राको अनुपातमा सहरी विकास मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, शिक्षा मन्त्रालय र संस्कृति पयर्टन तथा नागरिक उडड्यन मन्त्रालय मुख्य चार मन्त्रालयहरु रहेका छन् ।<br><br>मूलत:सहरी विकास मन्त्रालयले सरकारी भवन (गाविस भवन, जिल्ला प्रहरी कार्यालय, स्वास्थ्य चौकी रहेका भवनहरु, प्रमुख जिल्ला अधिकारीको कार्यालय), निजी आवासमा प्राविधिक सहयोग, सहरी योजना र पूर्वाधार एवं बस्ति विकासको कार्य गर्छ । संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले अनुदान वितरणर स्थानीय पूर्वाधार सम्बन्धी काम गर्छ। शिक्षा मन्त्रालयले शैक्षिक संस्थाहरुको पुनर्निर्माण गर्छ । यस्तै संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले पुरातात्विक महत्वका सम्पदाहरु जस्तै काष्ठमण्डप, धरहरा आदिको पुनर्निर्माण गर्छ । कुनै सम्पदा नगरपलिका वा गाविसले पनि गर्न सक्छन् । पुनर्निर्माणसँग सम्बन्धित अन्य मन्त्रालयहरुका काम पनि सोही मन्त्रालय अन्तर्गतका निकायहरुबाट हुनेछन् । प्राधिकरणले उक्त कार्यहरुको **स्वीकृति, बजेट व्यवस्था, समन्वय, अनुगमन र मूल्यांकन** गर्छ ।<br><br>यो स्पष्ट हुन जरुरी छ कि राष्ट्रिय पुनर्निर्माण प्राधिकरण (NRA) ले आफै निर्माणको काम गर्दैन तर अरु विभिन्न सरकारी निकाय, मन्त्रालय र विभागबाट निर्माणको काम गराउने गर्दछ । यसले नीति बनाउँछ, कार्यक्रम बनाउँछ, बजेट बनाउँछ । विभिन्न मन्त्रालयमार्फत कार्यक्रम ल्याउँछ, बजेट लयाउँछ र त्यसलाई स्वीकृत गरेर मन्त्रालयमार्फत नै कार्यान्वयन गराउँदछ । तर त्यो काम भयो कि भएन भनेर जाँच गर्ने, निरन्तर अनुगमन गर्ने र नभएको भए नहुनुको कारणको लागि सहजीकरण गर्ने काम पनि गर्छ ।<br><br>भूकम्प प्रतिरोधी भवन बन्न सुनिश्चित गर्ने मन्त्रालय भनेको शहरी विकास मन्त्रालय हो । यस कन्त्रालयको दुई मुख्य काम छन् । सबै सरकारी भवनको पुनर्निर्माण गर्ने र नीजि आवासको लागि प्राविधिक सहयोग गर्ने ।<br><br>केन्द्रमा र जिल्लामा यिनै मुख्य ४ मन्त्रालयले पुनर्निर्माणको काम गर्दछन् । प्राधिकरणको काम त्यसलाई नेतृत्व गर्ने, सहजीकरण गर्ने, अनुगमन गर्ने, नीति तर्जुमा गरिदिने काम गर्दछ । | |

चित्रपट ११




पुनर्निर्माण कार्य कार्यान्वयन गर्नका लागि विभिन्न सरकारी निकायहरु संलग्न हुने हुनाले केन्द्रीय तह देखि समुदायको तह सम्मको संस्थागत संरचनाको व्यवस्था र तिनीहरु बीचको अन्तरसम्वन्धको बारेमा पनि स्पष्ट रुपमा उल्लेख गरिएको छ ।

**<u>केन्द्रीय तहमा</u>** राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको केन्द्रीय कार्यालय, ठूलो कार्यक्षेत्र भएका ४ वटा मन्त्रालय (सहरी विकास मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, शिक्षा मन्त्रालय, र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय) का विषयगत ४ वटा अलगै केन्द्रीय आयोजना कार्यान्वयन इकाई (Central Level Project Implementation Unit - CL-PIU) र अन्य मन्त्रालय तथा विभागमा पनि CL-PIU रहने व्यवस्था छ ।

- प्राधिकरणको केन्द्रीय कार्यालयको सीधा सम्पर्क यीनै केन्द्रीय आयोजना कार्यान्वयन इकाईहरुसंग हुन्छ । साथै यसले उप क्षेत्रिय तथा जिल्ला तहमा रहेका प्राधिकरणकै कार्यालयमा पनि समन्वय गर्दछ ।
- त्री(एक्ष विषयगत मन्त्रालय अर्न्तगत रहने तथा यसको अधिकार र कार्य जिम्मेवारी विभाग सरहको रहेको छ । आ-आफ्नो मन्त्रालयसंगको सम्पूर्ण समन्वयन (CL-PIU) ले गर्दछ । साथै आफू अन्तर्गतको जिल्लास्थित आयोजना कार्यान्वयन इकाई (District Level Project Implementation Unit (DL-PIU)) संग पनि आवश्यकता अनुसारको समन्वयन गर्नु पर्ने हुन्छ ।

**<u>उप-क्षेत्रिय तथा जिल्ला तहमा</u>** राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको उप-क्षेत्रिय तथा जिल्ला तहका कार्यालयहरु रहेका छन् जसमा अति प्रभावित १४ जिल्लाको लागि १४ वटा जिल्ला तहका कार्यालयहरु र २/३ वटा जिल्लालाई समूह बनाएर एउटा उप-क्षेत्रिय कार्यालय हुने गरी ७ वटा उप-क्षेत्रिय कार्यालय बनाईएको छ । प्राधिकरणको उपक्षेत्रीय

५ मिनेट

कार्यालयमा केन्द्रीय कार्यालयमा जस्तै आवश्यकता अनुसार विभिन्न विषयगत इकाईहरु हुन सक्ने व्यवस्था छ ।

त्यसै गरी जिल्लास्थित मुख्य ४ वटाका विषयगत आयोजना कार्यान्वयन इकाई (DL-PIU) हरु तथा जिल्लातहका अन्य विषयगत निकायहरु रहेका छन् ।

जिल्लामा समन्वयनको लागि अति प्रभावित १४ र प्रभावित बाँकी १७ वटा सबै जिल्लाह्रुमा जिल्ला समन्वयको लागि जिल्ला समन्वय समिति रहेका जसमा जिल्लास्थित पुनर्निर्माण प्राधिकरण लगायत विषयगत ४ वटा आयोजना कार्यान्वयन इकाई (DL-PIU) हरु तथा जिल्लातहका अन्य विषयगत निकायहरु सबै पर्दछन् । जिल्लास्थित सबै निकायले आ आफ्नो कार्यालयको आफू भन्दा माथिको तहमा समन्वय गर्नुका साथै नगरपालिका तथा गाउँ विकास समितिहरुसंग पनि समन्वय गर्नु पर्दछ ।

**स्थानिय तथा समुदाय तहमा** राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको करीब १५० वटा श्रोत केन्दहरु र नगरपालिका तथा गाउँ विकास समिति रहेका छन् । समुदाय स्तरमा काम गर्नु परेमा आवश्यकता अनुसार पुनर्निर्माण समितिहरु बनाएर गर्न सकिने व्यवस्था पनि रहेको छ ।

**गाविसहरु** कमजोर छन् । विगत १८ वर्ष (२०५४) देखि स्थानीय चुनाव भएको छैन । गाविस सचिव र ३/४ जना कर्मचारीले गाविसको काम गरिरहेको अवस्था छ । नगरपालिकाहरुमा केही बढी कर्मचारीहरु छन् । यत्रो पुनर्निर्माणको काम गाविस तथा नगरपालिकाले हेर्नु पर्ने छ । एउटा गाविसमा सरदर १००० वटा घरहरु बनाउनु पर्ने छ अथवा एउटा वडामा १०० भन्दा अलि बढी पनि हुन सक्छ । तसर्थ गाविसलाई सुदृढ बनाउन गाविस गाविसमा कर्मचारी थप्ने तथा ३ देखि ६ गाविसलाई मद्यत गर्ने गरी एउटा श्रोतकेन्द्रको स्थापना गर्ने व्यवस्था रहेको छ । यही श्रोतकेन्द्र मार्फत गाविसलाई मद्यत गरेर पुनर्निर्माण गर्ने भन्ने अवधारणा रहेको छ ।

स्थानीय तहमा सम्पूर्ण पुनर्निर्माण कार्यलाई सहयोग पुऱ्याउन र समन्वय तथा व्यवस्थापन गर्नका लागि पुनर्निर्माण कार्यको मात्रा तथा सुगमता जस्ता पक्षहरुलाई विचार गरी तीनदेखि छ वटा गाविसहरुलाई समेट्ने गरी पायक पर्ने उपयुक्त स्थानमा पुनर्निर्माण **स्रोत केन्द्र** को स्थापना गरिने व्यवस्था छ ।

- निर्माणकर्मीहरुलाई तालिम उपलब्ध गराउन तथा निर्माणकर्मीहरुसँग सम्पर्क र समन्वय गर्न तालिम केन्द्रको व्यवस्था ।

<table>
<tr>
<td></td>
<td>

- निर्माण सामग्रीहरु सुपथ, सहज र सरल ढंगले खरिद गर्नका लागि निर्माण सामग्री पसलहरुको व्यवस्था ।
- घरधनीहरुलाई नक्शा तयारी गरिदिन, निर्माण कार्य सिकाउन तथा सामुदायिक पूर्वाधार निर्माणमा प्राविधिक सहयोग गर्न एवं आवास तथा पूर्वाधारहरुको चेकजाँच गर्नका लागि आवश्यक प्राविधिक जनशक्तिको व्यवस्था ।
- समुदाय परिचलानमा सहयोग पुऱ्याउन तथा जनचेतना अभिवृद्दि गर्नसमुदाय परिचालकहरुको व्यवस्था ।
- आयआर्जन तथा आर्थिक पुनर्स्थापना कार्यमा सहयोग पुऱ्याउन आवश्यक विज्ञहरुको व्यवस्था ।
- समयमै सुसूचित गराउनका लागि सञ्चार केन्द्रको प्रबन्ध ।
- अनुदान तथा सहुलियत ऋण उपलब्ध गराउन बैंकको व्यवस्था ।
- जनगुनासो सम्बोधन गर्न एवं स्रोत केन्द्र अन्तर्गतका कार्यहरुको समग्र संयोजन तथा अनुगमनका लागि एक अनुगमनकर्ताको व्यवस्था

</td>
<td></td>
</tr>
<tr>
<td>चित्रपट १२</td>
<td>





वस्तवमा सुरक्षित पुनर्निर्माणको अरु विकल्प छैन र सुरक्षित पुनर्निर्माणमा सुरक्षित आवासको पुनर्निर्माण पनि एउटा महत्वपूर्ण पक्ष हो । सुरक्षित आवासको पुनर्निर्माण भनेको भुकम्प प्रतिरोधी भवन निर्माण हो । अब बन्ने घर भूकम्प प्रतिरोधी हुनु पर्दछ भन्ने अवधारणा सशक्त रुपमा आएको छ । यो सिङ्गो नेपालले आत्मसात गरेको अवधारणा हो ।

व्यक्तिगत आवासको पुनर्निर्माण कार्य सबै प्रकारका सम्भावित प्राकृतिक विपत्तीको जोखिमबाट सुरक्षित गर्ने प्रविधिमा आधारित प्रकृति र संस्कृति सुहाउदो बनाउने, “अझ बलियो र राम्रो” बनाउने भन्ने हो ।

आवास पुनर्निर्माणको तरिका (Modality) को सन्दर्भमा व्यक्तिगत आवास तथा घरहरुको पुनर्निर्माण सम्बन्धित

</td>
<td>४ मिनेट</td>
</tr>
</table>

| | | |
|---|---|---|
| | घरधनीहरु बाट नै गरिने र सरकारले आर्थिक तथा प्राविधिक सहयोग प्रदान गर्ने रहेको छ ।<br>• घरधनी स्वयंले आफ्नो घरको निर्माण गने भनेको सम्बन्धित घरधनीले घर कस्तो बनाउने हो निक्यौंल, निर्माण सामग्रीहरु खरिद, कामदारहरुको चांजो पांजो तथा समग्र व्यवस्थापन आफैं गर्नुपर्ने भन्ने हो ।<br>• नेपाल सरकारले गर्नॆ आर्थिक र प्राविधिक सहयोग भनेको नगद अनुदान, सहुलियत ब्याज दरमा ऋृण अपलब्ध गराउने, प्राविधिक सहयोग, तालिम, सामाजिक परिचालन, जनचेतना र सुरक्षित भवन निर्माणको बारेमा ज्ञान अभिबृद्धि तथा दक्ष कामदारहरुका बारेमा सञ्चार अभियानहरुको संचालन र संयोजन गर्ने हो ।<br>**सामाजिक परिचालकको मुख्य कार्यक्षेत्र** भनेको यही सरकारले दिने भनेको प्राविधिक सहयोग भित्र पर्दछ । सरकारले वा गाविस वा नगरपालिकाले नियन्त्रण तथा नियमन गर्ने काम गर्दछ अर्थात भूकम्प प्रतिरोधी हुने कुरालाई सुनिश्चित गर्ने काम गर्दछ। प्रविधिमा जनतालाई सहयोग गर्ने भनेको भूकम्प प्रतिरोधी घर भनेको के हो ? कसरी बनाउन सकिन्छ ? भन्ने हो । विभिन्न संघसंस्था उपस्थित भएको ठाउँमा ती संघसंस्थाले र कोही पनि नभएको ठाउँमा प्राविधिक सहायता पुर्‍याउन पनि गाविस तथा नगरपालिका मार्फत सरकारले नै गर्दछ ।<br>**भूकम्प प्रविधि राष्ट्रिय समाज- नेपाल**<br>पुनर्निर्माणको राष्ट्रिय अभियानमा भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल (National Society for Earthquake Technology-Nepal) ले पनि USAID को सहयोगमा भुकम्प प्रतिरोधी भवन निर्माणको लागि प्राविधिक पक्षमा बलियो घर कार्यक्रम मार्फत हातेमालो गरिरहेको छ ।<br>यो कार्यक्रम नुवाकोट, धादिङ, दोलखा र काठमाण्डौ गरी ४ वटा जिल्लामा संचालित छ । नुवाकोटमा १० गा.वि.स, धादिङमा ११ गा.वि.स र १ नगरपालिका, दोलखामा १३ गा.वि.स, १ नगरपालिका तथा काठमाण्डौमा १ नगरपालिका गरी जम्मा ३४ गा.वि.स र ३ नगरपालिकामा संचालित छन् । माथी उल्लेखित विवरण साविकका गा.वि.क.हरु हुन ।<br>काठमाण्डौमा परियोजनाको केन्द्रिय कार्यालय रहेको छ भने ३ वटै जिल्लामा जिल्ला तहका कार्यालयहरु रहेका छन् जसले जिल्लामा प्राविधिक केन्दको रुपमा पनि काम गरिरहेका छन् । त्यहाँबाट भूकम्प प्रतिरोधी घर बनाउने सम्बन्धी ज्ञान र परियोजना अर्न्तगत संचालन हुने विविध कार्यकमबारे जानकारी पाउन सकिन्छ । यसको अलावा ३/४ गा.वि.स | |

| | | |
|---|---|---|
| | समेट्ने गरी एउटा स्थानिय पुनर्निर्माण प्रविधि केन्द्र र हरेक गा.वि.समा ३ जनाको घुम्ती टोली पनि कार्यरत छ । तिनीहरुले पनि सामाजिक परिचालनका साथ साथै प्राविधिक सहयोग दिईरहेका छन् । | |
| चित्रपट १३ | <br>**आवास अनुदान**<br>सर्वप्रथम आवास पुनर्निर्माण अनुदान भनेको के हो भनेर बुझ्न अत्यन्त जरुरी छ । अनुदान भनेको आर्थिक सहायताको एउटा स्वरुप हो ।<br>जनतालाई घर बनाउन दिने राज्यको उत्तरदायित्व भएकोले जनतालाई दु:खको बेलामा सांकेतिक रुपको आर्थिक सहायता मात्र हो । यो क्षतिपुर्ति होइन । घर निर्माण गर्नु र भूकम्पमा भत्कनु सरकारको कमजोरीले मात्र भएको होइन । स्वयं घरधनीको पनि कमजोरी हो । नेपाल जस्तो विकाशोन्मुख देशमा घर बनाउने जिम्मा घरधनी कै हो ।<br>**भूकम्प प्रभावितलाई** अहिले रु.३ लाख अनुदान दिने भन्ने व्यवस्था छ । पहिले रु.२ लाख दिने निर्णय भएको र पछि १ लाख बढाइएको हो । अर्को महत्वपूण कुरा, **अनुदान पाउने भूकम्प प्रभावित** भनेको जसको घर सबै भत्किसकेको वा धेरै भत्केको, बस्न नमिल्ने, पुरै भत्काएर नयाँ बनाउनु पर्ने अवस्था भएकाहरुलाई जनाइएको छ ।<br>भवनको क्षति तीन किसिममा वर्गिकरण गरिएको छ ।<br>१. सबै भत्किसकेको वा धेरै भत्केको, बस्न नमिल्ने, पुरै भत्काएर नयाँ बनाउनु पर्ने अवस्थामा भएको<br>२. चिरा परेको तर मर्मत सम्भार गरेर बस्न मिल्ने अवस्थामा भएको<br>३. अलिअलि मात्र चिरा परेको अवस्था मात्र भएको<br>अहिले रु.३ लाख अनुदान भत्केको घरको लागि अर्थात पहिलो प्रकारको भवनको क्षतिको लागि मात्र हो । | ४ मिनेट |

| | | |
|---|---|---|
| | यसले नै सम्पुर्ण घर बनाउन पुग्छ भन्ने अवधारणा होइन । तर आफ्नो भत्केको घरको भग्नावशेष, स्थानीय श्रोत सामग्रीहरुको प्रयोग गरेको खण्डमा गाउँमा बन्ने सामान्य घर रु. ३ लाखले पनि बन्न सक्छ । | |
| चित्रपट १४ | <br><br><br>आवास पुनर्निर्माण अनुदान वितरण कसरी गर्ने भन्ने कुरामा पनि मुख्य तीन तरिका मार्फत गरिने प्रावधान रहेको छ ।<br><br>**किस्ताबन्दी**<br><br>आवास पुनर्निर्माण अनुदान सहयोग छनौटमा परेका सेवाग्राही घरधनीहरुलाई तीन किस्तामा उपलब्ध गराइने व्यवस्था छ । तलको अनुदान को कूल रकम २ लाख रुपैयाँ हुँदाको अवस्थाको हो ।<br><br>• प्रथम किस्ता घरधनीले गाविससँग सुरक्षित घर निर्माण गर्ने शर्त/घर नक्शा पास सहित अनुदान सम्झौता गरे पश्चात् २५ प्रतिशत (रु ५०,००० अनुदान) ।<br>• दोस्रो किस्ता प्लिन्थ तह (जग) को निर्माण कार्य सम्पन्न भए पश्चात प्राविधिक चेकजाँचका आधारमा ४० प्रतिशत (रु ८०,००० अनुदान) ।<br>• तेस्रो एवं अन्तिम किस्ता छाना छाउनु अगाडिको तहसम्म (Roof Band) को कार्य सम्पन्न भए पश्चात प्राविधिक चेकजाँचका आधारमा ३५ प्रतिशत (रु ७०,००० अनुदान) ।<br><br>आवास भवन निर्माण सम्पन्न भए पछि पनि फेरी गाविस तथा नगरपालिकाबाट ठीक तरिकाले निर्माण सम्पन्न भएको प्रमाणित गराइ प्रमाणपत्र लिनु पर्दछ ।<br><br>प्राविधिक चेकजाँच दुई तहमा हुन्छ । यो प्रमाणित गर्ने काम सरकारले सहरी विकास मन्त्रालयबाट खटाएको इन्जिनियरले गर्दछ । एनसेट जस्ता अन्य साझेदार संस्थाहरुले ठीकसंग | ४ मिनेट |

| | | |
|---|---|---|
| | बन्न सहयोग गन, र काम सच्याउन लगाउने हो । सच्याउने वा सुधार गर्ने मौका पनि हुन्छ ।<br><br>अनुदान किस्ता तीन तहमा वितरण हुन्छ । पहिलो किस्ता क्षतिको सूचीमा पर्नासाथ पाउने भयो । तर दोश्रो किस्ता मापदण्ड वा प्रविधि अनुसार भएमा मात्र पाइन्छ । बनिसकेको घरमा पनि जाँच गर्दा मापदण्डको पालना भएको सम्भावना भएमा मात्र पाइन्छ । तर प्रमाणित हुने सम्भावना हुनु पर्‍यो ।<br><br>अर्को बिचार गर्नु पर्ने कुरा, भनिन्छ पैसा दिन शुरु गरेपछि ४ महिनामा घर बनि हाल्छ नि । एक किसिमले कुरा ठीकै पनि हो । यदि त्यो एउटा वा दुई वटा मात्र घर बनाउने भन्ने भएको भए मात्र हुन्थ्यो । तर धेरै घर बनाउन एकै चोटी सम्भव छैन । तालिम प्राप्त डकर्मी पाइदैन, निर्माण सामाग्री पाइदैन । त्यसैले एकै वर्ष, एउटै वर्षमा नगद अनुदान पाए पनि सबै घर बनाएर भ्याइदैन । तर सञ्चार माध्यमबाट आएजस्तो यस पालिको हिउदमा घर बन्ने भो भनेको जस्तो होइन । केही मानिसको यस पालिको वर्षाको अगाडि र केही मानिसको वर्षा पछाडि गरे हुन्छ । यो रातारात सबैको हुने कुरा चाहि होइन । क्रमशः ५ वर्ष भित्र बिस्तारै बन्दै जान्छ ।<br><br>पाकिस्तान र भारतमा पनि घरहरु बन्न ५ वर्ष लागेको थियो । जापानमा सन् २०११ को Sendai सुनामी पछिको पुनर्निर्माण अहिले पनि जारी छ । यो सबै ठाउँमा एकदम ढिलो हुने प्रक्रिया हो । त्यसेले लौ अब ढिलो भयो एक वर्ष बितिसक्यो भनेर आत्ति हाल्नु पर्ने छैन । वि.सं. २०४५ को भूकम्पको अनुदानको कुरा २०५८ साल (१३ वर्ष) पछि मात्र टुसगंएको हो । सरकारले वा मिडिया चाहे जस्तो एकै पटक झ्वाछ हुन सक्दैन । एक साल शुरुवात गरेर अर्को साल सकिने भन्ने हुदैन । मन छ अनि चाहना पनि छ भन्दैमा हुदैन । आवश्यकता र अवस्था हेरेर क्रमशः बनाउदै जानु पर्दछ ।<br><br>स्थानीय तहमा उपलब्ध निर्माण सामाग्री ढुङ्गा, माटो, काठबाट पनि भुकम्प प्रतिरोधी घर बनाउन सकिन्छ । त्यसको पनि प्रविधि छ ।<br><br>**बैंकिङ**<br><br>अर्को प्रकृयागत अवधाणा भनेको आवास पुनर्निर्माण अनुदान सहयोग बैंकिङ प्रणालीद्वारा उपलब्ध गराईने भन्ने रहेको छ । यसमा सबै अर्थात तीन किस्ता नै बैंकमार्फत मात्रै हुन्छ ।<br><br>यसरी बैंक खातामार्फत र किस्ताबन्दीमा रकम वितरण गर्नुको दुई वटा महत्वपूर्ण कारणहरु छन् । | |

| | | |
|---|---|---|
| | • पहिलो कारण गाउँमा अराजकता हुन नदिनको लागि हो । भूकम्प पश्चात् सबै घर भत्केर जस्ताको टहरामा बसेको अवस्थामा एकमुस्ठ पैसा सुरक्षित राख्ने नै चुनौती हुन्छ । गाउँमा एकैचोटी रकम वितरण गरियो भने लाखौंलाख रुपैंया गाउँमा एकै चोटी जादा चोरी डकैंती हुन सक्छ । फेरी वितरण गर्न जाँदा पनि सबै आवश्यक नगद बोक्दा धेरै मात्रामा बोराका बोरा नै जस्तो लैजानु पर्ने हुन्छ । यो पनि डर लाग्दो अवस्था नै हुन्छ ।<br>• बैंक मार्फत गर्दा आवश्यकता अनुसार थोरै थोरै गरेर घर बनाउने काममा मात्र खर्च गर्न सकियोस् भन्ने पनि हो । नेपाल जस्तो देशमा मानिसका आवश्यकता धेरै हुन्छन् । सरकारले दिएको रकम घर बनाउने भन्दा अन्य कुरामा खर्च हुने सम्भावना प्रबल हुन्छ । अनुदान सहायता बैंक मार्फत र किस्तामा दिनाले भूईचालो थेग्ने घर बन्ने कुराको सुनिश्चिता हुन्छ ।<br><br>बैंक खाता मार्फत मात्र दिने भन्ने विश्व भरी नै भर्खर भर्खर आएको अवधारणा हो । अन्य मुलुकमा पनि पहिले पहिले नगद नै बाँड्ने चलन थियो ।<br><br>वास्तवमा गाउँमा बैंक नभएको अवस्थामा बैंक मार्फत गर्ने भन्ने कुरा चुनौति पूर्ण नै छ । बैंकले गाउँ गाउँसम्म गएर शाखा खोल्न पनि संभव हुदैन । किनकि अहिले गाउँमा बिजुली छैन, इनटरनेट छैन र व्यवसाय गर्न सकिदैन । त्यसैले स्थानिय स्तरमा खुलेको नेपाल राष्ट्रिय बैंकको मातहतमा रहेको स्वीकृति प्राप्त बैंकमा खाता खोल्नुपर्छ । जनतालाई अरु कुराको लागि पनि बजार आउन त पर्छ नै ।<br><br>जनतालाई सहज रुपमा अनुदान रकम उपलब्ध गराउन गाविस तहमा लघु वित्त प्रणाली वा शाखा रहित बैंकिङ सेवा उपलब्ध गराइएको छ भने स्रोत केन्द्रमा कम्तिमा एउटा बैंकको शाखा कार्यालय खोल्ने व्यवस्था पनि मिलाइने व्यवस्था छ ।<br><br>बैंक बारेको जानकारी अनुदान सम्झौता हुने बेलामा जानकारी गराईन्छ । तर यो गा.वि.स अनुसार फरक फरक फरक पनि हुन सक्छ ।<br><br>**प्राविधिक चेक जाँच**<br><br>सबै घरधुरीहरुले तोकिएको मापदण्ड बमोजिम निर्माण कार्य गर्नुपर्छ किनभने मापदण्ड नपुगेको घरले अनुदान पाउने छैन ।<br><br>भूईचालो थेग्ने घर बन्ने कुराको सुनिश्चिताको लागि यो प्रावधान राखीएको हो । घरधनीले यस्तो जाँच दुई पटक गराउनु पर्दछ । पहिलो पटक, प्लिन्थ तह (जग) को निर्माण | |

| | | |
|---|---|---|
| | कार्य सम्पन्न भए पश्चात् दोस्रो किस्ता अनुदान रकम प्राप्त गर्न र दोस्रो पटक, छाना छाउनु अगाडिको तहसम्म (Roof Band) को कार्य सम्पन्न भए पश्चात् तेस्रो किस्ताको अनुदान रकम प्राप्त गर्न तोकिएको प्राविधिकबाट भवनको प्राविधिक जाँच गराउनु पर्दछ । | |
| चित्रपट १५ | <br><br><br>**ऋणको व्यवस्था**<br><br><u>सामुहिक जमानीमा विना धितो कर्जा</u><br><br>• अति विपन्न र जोखिमयुक्त घर परिवारको लागि थप सहायता रु. ३ लाख सहुलियत ब्याज (२%) मा ऋण दिने व्यवस्था पनि रहेको छ । यसमा ऋण लिनको लागि कुनै धितो राख्नु आवश्यक पर्दैन । तर सामुहिक जमानी भने आवश्यक पर्दछ। यो समुदायका मानिसले फलानो व्यक्तिले ऋण तिर्छ भनेर सुनिश्चितता गरेको आधारमा ऋण दिन सकिने व्यवस्था हो ।<br><br><u>सहुलियती कर्जा</u><br><br>• काठमाण्डौं उपत्यका र बाहिरको क्षेत्रमा रु. २५ लाख र रु. १५ लाख सहुलियत ब्याजमा ऋण दिने तर धितो राखेर लिन सकिने भन्ने व्यवस्था पनि रहेको छ । तर यो रु.२५ लाख वा रु.१५ लाख लिनेले रु. ३ लाखको सामुहिक जमानीवाला ऋण लिन भने पाउदैन ।<br><br><u>निर्माण सामग्री ढुवानीमा सहायता तथा अनदान</u><br><br>• निर्माण सामग्रीहरुको खरिद कार्य सम्बद्व घरधनी आफैले गर्नुपर्ने<br>• निर्माण सामग्री सहज, सरल र सुपथ मूल्यमा उपलब्ध गराउन निजी क्षेत्रलाई परिचालन तथा नियमन गरिने<br>• निर्माण सामग्रीहरुको व्यवस्थापन कार्य सम्बद्व जिल्लाको उद्योग वाणिज्य संघ संगको समन्वयमा प्रतिष्पर्धात्मक बजार व्यवस्था अनुरुप हुने गरी मिलाइने | ४ मिनेट |

**प्राविधिक सहायता तथा तालिमहरु**

भुकम्प प्रतिरोधी भवन निर्माणमा सुरक्षित निर्माण अभ्यास/परिपाटीको सुनिश्चितताको लागि नेपाल सरकारको नेतृत्व र साझेदार संस्थाहरुको सहकार्यमा जनचतना अभिवृध्दि, सीप विकासको लागि विविध तालिमहरु संचालन, नक्शा डिजाईन उपलब्ध गराईने, दक्ष जनशक्ति परिचालन जस्ता विभिन्न प्रकारका सहायता कार्यक्रमहरु रहेका छन्।

विविध तालिमहरु संचालन

- निर्माणकर्मीहरु तयार गर्नका लागि आबस्यक तालिमकाडकर्मी/मिस्त्रीहरुलाई तोकिएका मापदण्ड र निर्माणकार्यका बारेमा राम्रो ज्ञान, चेतना तथा सीप अभिवृध्दिका लागि समान स्वीकृत मापदण्ड कायम गरी तालिमहरु संचालन भईरहेका छन्। डकर्मी/मिस्त्रीहरुलाई तालिम २ किसिमबाट गर्ने प्रावधान छ :
  १. भईरहेका डकर्मीलाई उनीहरुको सीप विकास गर्ने तालिम
  २. नयाँ डकर्मी उत्पादन गर्ने On the Job Training (OJT) तालिम
- सब ईन्जिनियर तथा ईन्जिनियरको लागि पनि तालिम संचालन भईरहेका छन्।
- निर्माण प्रविधि, निर्माण सामग्रीहरुको गुणस्तरीयता, तालिमप्राप्त कामदार प्रयोग गर्नुको महत्व आदिका बारेमा घरधरीहरु लगायत आमजनतामा चेतना अभिबृद्वि कार्यक्रमहरु पनि संचालन भईरहेका छन्।
- सामाजिक परचिलकहरुका लागि तालिमहरु पनि संचालन भईरहेका छन्।

नक्शा डिजाईन

- व्यक्तिगत घर निर्माणका लागि विभिन्न नक्शा-डिजाइनका नमूना तयार पारी उपलब्ध गराउने
- घरधनीहरुले उक्त नमूना अनुसार आफूलाई मन पर्ने नक्शा-डिजाइन छनौट गरी वा नमूना भन्दा बाहिर घरको नक्शा-डिजाइन तयार पारी घर बनाउन सक्ने
- घरधनीद्वारा छुट्टै तयार पारिएको घर-नक्शा डिजाइन सुरक्षित र बलियो हुनु पर्ने
- घरको नक्शा-डिजाइन सम्बन्धित गाविस वा नगरपालिकामा पेश गरी स्वीकृति लिनुपर्ने

| | | |
|---|---|---|
| | • घरको पुनर्निर्माण कार्य स्वीकृत नक्शा पास बमोजिम भए, नभएको विषयमा विभिन्न चरणमा सुपरीवेक्षण गरी आवश्यक निर्देशन दिने<br>• ढुंगा र काठबाट नै स्थानीय तथा परम्परागत शैलीमा सुधार गरेर साथै इँटा तथा ढुंगाको गारोमा नयाँ कंक्रिट बन्धन जोडेर निर्माण गर्न सकिने विकल्पहरु मापदण्डमा उल्लेख गरिएका छन्<br><br>दक्ष जनशक्ति परिचालन<br><br>• निर्माण कार्यको चरणबद्व चेकजाच गरी प्राविधिक सिफारिश गर्न एवं पुनर्निर्माण कार्यको सुपरिवेक्षण गर्न कम्तिमा एक जना इन्जिनियर र एक जना सव-इन्जिनियरको व्यवस्था गरिने ।<br>• समुदायलाई सुसूचित गर्न, संगठित गर्न, जनचेतना जागृत गराउन तथा स्थानीय समुदायको जिज्ञासा र गुनासाहरु स्थानीय तहमै सम्बोधन गर्नका लागि कम्तिमा एक जना सामाजिक परिचालकको व्यवस्था गरिने<br>• पुनर्निर्माण कार्य बारे निर्माणकर्मीहरुलाई सिकाउन, समन्वय गर्न तथा निर्माण कार्यको स्थलगत निरीक्षण गर्न कम्तिमा एक जना दक्ष निर्माणकर्मीको व्यवस्था गरिने<br><br>**सञ्चार**<br><br>नेपाल सरकारले बृहत् स्तरको सञ्चार अभियान सुरु गरेको छ । रेडियोमा पूर्ननिमाण सम्बन्धी छिनछिनमा सूचना आईरहेको छ र टि.भीमा पनि विभिन्न च्यानल मार्फत कार्यक्रम आईरहेको छ । यो विभिन्न NGO/INGO, सामाजिक परिचालन र सञ्चारको माध्यमबाट जानकारी गनुपर्छ । | |
| **चित्रपट १६** | <br>सत्रको शुरुमा राखिएका उद्देश्यहरु सबै पुरा भए/नभएको कुराको पुनरावलोकन गर्नुपर्दछ । पुनरावलोकन विभिन्न तरिकावाट गर्न सकिन्छ । सहभागीहरुसँग नै सोधेर | **२ मिनेट**<br><br>• सत्रको उद्देश्यहरुको पुनरावलोकन गर्दा सहभागीहरुसँग नै सोधेर अन्तर्क्रियात्मक रुपमा छलफल गर्ने र बुझे/नबुझेको सुनिश्चत गर्ने |

| | | |
|---|---|---|
| | अन्तर्क्रियात्मक रुपमा छलफल गरेर वा आफैंले साराशंमा बताएर । | |
| **चित्रपट १७** |  सत्रको विषयवस्तुमाथि कुनै प्रश्न वा थप जिज्ञासा भए नभएको पनि जानकारी लिनु पर्दछ र भएमा जिज्ञासाहरुमा प्रकाश पार्नु पर्दछ । | **२ मिनेट**<br>• यो सत्रको विषयवस्तुमाथि कुनै प्रश्न वा थप जिज्ञासा छ वा छैन सोध्ने ।<br>• अन्तर्क्रिया र धैर्यताको लागि धन्यवाद सहित सहभागीहरुसँग बिदा लिने<br>• आफ्नो सहयोगी प्रशिक्षकलाई पनि धन्यवाद दिने<br>• सत्रको मूल्याङ्कन गरी दिन स्मरण गराउने |

# सामाजिक परिचालन तालिम कार्यक्रम

**पाठयोजना तथा प्रशिक्षण निर्देशिका**

## सत्र १५: आवास पुनर्निर्माण अनुदान संझौता प्रणाली

**खण्ड:** पुनर्निर्माणको अवधारणा तथा नेपालमा पुनर्निर्माण सम्बन्धी व्यवस्था

**समय :** ६० मिनेट

**सामग्री:** मल्टिमिडिया प्रोजेक्टर, कम्प्युटर, पर्दा (प्रोजेक्सन स्क्रिन), चित्रपट, इजेल, फ्लीपचार्ट, मास्किङ्ग टेप, मार्कर (कालो, नीलो, रातो), पाठयोजना, सहभागी कार्यपुस्तिका

**सत्र परिचय:** कुनै पनि विपद् पर्दा त्यस अवस्थाबाट पार पाउन प्रभावित जनतालाई सहयोग गर्नु राज्यको दायित्व हो र राज्यको चाहना पनि हुन्छ । नेपालमा गएको २०७२ को गोरखा भूकम्पबाट अति प्रभावित १४ जिल्लाका घरधनीहरुलाई सहयोग गर्न  सरकारले विविध प्रकारको कार्यक्रमहरु ल्याएको छ । त्यस मध्ये आर्थिक सहयोग स्वरुप प्रदान गरिने अनुदान एउटा महत्वपूर्ण पक्ष हो । तर अनुदान वितरण गर्नु मात्र ठूलो कुरा होइन । जुन प्रयोजनको लागि अनुदान दिइएको हो सोही प्रयोजनको लागि उपयोग गर्न सुनिश्चित गर्नु पनि राज्यको काम हो । साथै भविष्यमा पर्नसक्ने विपद्को जोखिमलाई न्यून गर्ने उपायहरु अवलम्बन गर्न सुनिश्चित् गर्नु पनि दायित्व हो । यसका लागि नीतिगत तथा प्रकृयागत कुराहरु, संस्थागत संरचनाहरु र अनुदान सम्झौता प्रणाली आदिको विकास गरिएको छ । राज्यको यस कार्यलाई जनसमक्ष पुर्‍याई प्रभावकारी रुपमा कार्यान्वयन गर्न नेपाल जस्तो विकाशोन्मुख देशमा अझ भौगोलिक विकटता, छरिएर रहेका बस्तीहरु, ग्रामीण परिबेश, विषम भू-धरातल भएको अवस्थमा सामाजिक परिचालक वा सहजकर्ता वा समुदायका अगुवाहरुको ज्यादै महत्वपूर्ण भूमिका हुन्छ । यही कुरालाई ध्यानमा राखेर अनुदान सम्झौता प्रणालीको विविध पक्ष उद्देश्य, प्रकृयागत ढाँचाहरु, संस्थागत संरचनाको बारेमा जानकारी दिने उद्देश्यले यो सत्र तयार पारिएको हो ।


**मार्गदर्शन:** अनुदान संझौता प्रणलीका विभिन्न पक्षका सैद्वान्तिक विषयमा एक रुपता भएता पनि समयको अन्तरालमा र स्थान विशेषको परिस्थिति तथा आवश्यकता अनुसार यसको व्यवस्थापन पक्षमा केही परिवर्तन हुन्छ, भइरहेको छ र भविष्यमा पनि हुनेछ । अनुदान संझौता प्रणालीमा प्रत्यक्ष संलग्न रहेका सहभागीहरुको अनुभव, तत्कालिन अवस्थामा भइरहेको व्यवस्थापन जस्ता कुरालाई निरन्तर छलफलमा ल्याउनु पर्छ र व्यवस्थापनको परिवर्तनशीलतामा विशेष जोड दिनु पर्दछ ।

**विशेष सावधानी:** अनुदान सम्झौता प्रणालीमा प्रत्यक्ष संलग्न भएका सहभागीहरुको अनुभव सुनाउने क्रममा उनीहरुलाई आफूले भोगेका सबै कुरा बताउने चाहना हुन्छ र एक जनाले नै धेरै समय लिन सक्छन् । अर्को कुरा तत्कालिन अवस्थामा आ-आफ्नो स्थानमा व्यवस्थापन पक्षमा गरिरहेका कार्यहरु मात्र ठीक हुन् भन्ने लाग्न सक्छ। प्रस्तुतकर्ताले यी दुईवटा कुरामा अलि सचेत हुनु पर्दछ ।

**सत्रको उद्देश्य:** यो सत्र पछि सहभागीहरु निम्न बुँदाहरुको विषयमा समान बुझाइका साथ छलफल गर्न र समुदायमा कार्य गर्न सक्षम हुनेछन् ।

- आवास पुनर्निर्माण अनुदान संझौताको अर्थ बताउन
- आवास पुनर्निर्माण अनुदान संझौता अघि, संझौता स्थलमा र संझौता पछि गरिने प्रक्रिया बताउन
- अनुदान सहायताको प्रक्रियामा आउन सक्ने गुनासो समाधानको व्यवस्थाको बारेमा बताउन


<table>
<tr><th>श्रव्य दृश्य सामग्री</th><th>पाठ विवरण (रुपरेखा)</th><th>नोट (टिप्पणी)</th></tr>
<tr><td>चित्रपट १</td><td>



</td><td>
२ मिनेट
<ul>
<li>अभिवादन गर्ने</li>
<li>आफ्नो परिचय दिने</li>
<li>सत्रको परिचय- विषयगत शिर्षक, लाग्ने समय, सञ्चालन विधि, प्रयोग हुने सिकाइ, सामग्रीको विष्यमा संक्षिप्त जानकारी दिने</li>
<li>कार्यपुस्तिकाको बारेमा उल्लेख गर्ने</li>
<li>सहयोगी प्रशिक्षकहरुको परिचय दिने</li>
</ul>
</td></tr>
<tr><td>चित्रपट २</td><td>



यस सत्रमा तीन वटा उद्देश्यहरु रहेका छन् ।
</td><td>
२ मिनेट
<ul>
<li>यस सत्रको उद्देश्य प्रस्तुत गर्ने</li>
</ul>
अथवा
<ul>
<li>सत्रको उद्देश्य सहभागीहरुबाट पढ्नको लागि अनुरोध गर्ने</li>
</ul>
</td></tr>
<tr><td>चित्रपट ३</td><td>


आवास पुनर्निर्माण अनुदान सम्झौता अवधारणा आदिका बारेमा पहिलेको सत्रमा धेरै चर्चा भईसकेको छ । तर
</td><td>३ मिनेट</td></tr>
</table>

| | | |
|---|---|---|
| | वास्तबमा अनुदान सम्झौता प्रणाली भनेको के हो भनेर बुझ्न यसमा भएका अलग अलग शब्दशरुमा नै पहिले स्पष्ट हुन जरुरी छ । अनुदान सम्झौता प्रणाली ३ वटा शब्दहरु अनुदान, संझौता र प्रणाली  मिलेर बनेको छः ।<br><br>**अनुदान**<br><br>अनुदान भनेको सामान्य अर्थमामा व्यक्ति वा संस्थाबाट तिर्नु नपर्ने गरी प्राप्त हुने आर्थिक सहयोग भन्ने बुझिन्छ । नेपाली शव्दकोषमा अनुदान शव्दलाई निम्नानुसार व्याख्या गरिएको छः ।<br><br>• कुनै राज्य, प्रशासनका तर्फबाट अथवा कुनै राष्ट्रिय, अर्न्तराष्ट्रिय आधिकारिक संस्थाका तर्फबाट विशेष कामका निम्ति संस्था वा उत्तरदायी व्यक्तिलाई प्रदान गरिएको वार्षिक वा पटके आर्थिक सहयोग<br>• सहयोग स्वरुप दिइने रकम<br>• चन्दा शुल्क<br><br>**संझौता**<br><br>संझौता भनेको कुनै काम समपन्न गर्दा दुई पक्ष बीचले पालना गर्नु पर्ने शर्तहरु उल्लेख भएको कानुनी मान्यता प्राप्त लेखोट हो । नेपाली शव्दकोषमा संझौता शव्दलाई निम्नानुसार व्याख्या गरिएको छः ।<br><br>• विभिन्न व्यक्ति, समूह वा देशका बीचमा कुनै कुराको सम्बन्धमा हुने सन्धि<br><br>**प्रणाली**<br><br>प्रणाली भन्नाले सिलसिलेबार प्रकृयागत समग्र कार्यहरुको संगालोलाई जनाउँछ । पाचन प्रणाली एउटा उदाहरण हो । यसले के, कस्ले र कसरी भन्ने प्रश्नहरुको उत्तर दिन्छ ।<br><br>तसर्थ <u>आवास पुनर्निर्माण अनुदान सम्झौता</u> भनेको वि स २०७२ बैसाख १२ को भूकम्प पश्चातको पुनर्निर्माणको सिलसिलामा राज्य र भूकम्प प्रभावित घरधनी, २ पक्षहरु, बीचमा भूकम्प प्रतिरोधी आवास निर्माणको सम्बन्धमा गरिने सन्धि हो । यसमा राज्य भन्नाले गाउं विकास समितिका सहजकर्ता जो गाउं विकास समिति मातहतमा काम गर्ने सचिव देखि समुदाय परिचालकहरु सम्मको कुनै पनि तोकिएको कर्मचारीलाई र भूकम्प प्रभावित धरधनी भन्नाले केन्द्रिय तथ्याङ्क विभागले गरेको क्षति सर्वेक्षणमा २०७२ बैसाख १२ मा आएको भूकम्पबाट प्रभावित हो भनी निस्सा उपलब्ध गराएको घरधनीलाई जनाउँछ । राज्यले प्रदान गर्ने आर्थिक सहायताको रकम प्राप्त गर्न घरधनीहरुले केही | |

| | | |
|---|---|---|
| | शर्तहरुको पालना गर्नु पर्ने हुन्छ। यसको लागि विविध कार्यहरु सिलसिलेबार तरिकावाट गरिन्छ ।<br><br>अनुदान सम्झौता राज्यले प्रदान गर्ने आर्थिक सहायताको रकम प्राप्त गर्ने पहिलो कार्य, पहिलो खुड्किलो हो । | |
| **चित्रपट ४** | <br><br><br>सम्झौता हुनु भन्दा पहिले केही कियाकलापहरु गर्न आवश्यक हुन्छ । सम्झौताका दुबै पक्षबाट गरिने कार्यहरु तल उल्लेख गरिएका छन् ।<br><br>आवास पुनर्निर्माण अनुदान सम्झौताका २ पक्षहरु भन्नाले राष्ट्रिय पुनर्निर्माण प्राधिकरण/सरकार र भूकम्प प्रभावित धरधनीलाई बुझाउँछ । स्थानिय तहमा सरकारको प्रतिनिधी भनेको गाविसका सहजकर्ता जसमा सचिव देखि समुदाय परिचालकहरु सम्मको कर्मचारी सबैलाई जनाउँछ भने भूकम्प प्रभावित धरधनी भन्नाले २०७२ बैसाख १२ मा आएको भूकम्पमा परी केन्द्रिय तथ्याङ्क विभागले निस्सा उपलव्ध गराईएको प्रभावित धरधनीलाई जनाउँछ ।<br><br>• नेपाल सरकारले अनुदान पाउन योग्य घरधुरीहरुको सूची प्रकाशन गर्नु पर्दछ । योग्य व्यक्तिको नाम सम्बन्धित जिविस र गाविस/ नगरपालिकामा टाँस्नु पर्दछ। । उक्त सूचनाबाट सम्बन्धित घरधनीले आफू अनुदान पाउने सूचीमा भए नभएको यकिन गर्न सक्नेछन् ।<br>• आवास अनुदान सम्झौता कार्यका लागि गाविस वा नगरपालिकाहरुले लाभग्राहीसंग अनुदान सम्झौता गर्ने मिति तथा स्थान तोकी सूचना जारी गर्नु पर्दछ । । सम्बन्धित वडाका घरधनीहरुले तोकिएको स्थान र मितिमा सम्झौता गर्नु पर्दछ । छुट्न गएमा पछि पनि सम्झौता गर्न सकिनेछ ।<br>• कुनै कारणवश आफ्नो नाम दर्ता हुन नसकेका घरधनीहरुको गुनासो सम्बन्धित गाविस/नगरपालिका वा स्रोत केन्द्रमा लिने व्यवस्था छ । गुनासाहरुको पहिचान, | **४ मिनेट** |

| | | |
|---|---|---|
| | दर्ता र सम्भव भएसम्म समाधान गरिनेछ । समाधान नभएका गुनासाहरुलाई आवश्यकता अनुसार जिल्ला तथा राष्ट्रिय स्तरमा पठाइनेछ<br>• अनुदान पाउन योग्य घरधनीहरुको स्वीकृती बैंकमा खाता भएको हुनु पर्दछ । पहिले नै बैंक खाता नभएका योग्य घरधुरीहरुले कुनै एउटा स्वीकृती प्राप्त बैंकमा खाता खोल्नु पर्दछ । तर नामांकनपछि पनि यसो गर्न सकिने छ ।<br>• नेपाल सरकार, राष्ट्रिय पुनर्निर्माण प्राधिकरणर साझेदार संस्थाहरुले वडा, गाविस  जिल्ला स्तरमा पुनर्निर्माण कार्यक्रम तथा सम्झौता प्रक्रियाको बारेमा तालिम तथा जनचेतना कार्यक्रमहरु संचालन गर्नुका साथै कर्मचारीहरुको पहिचान पनि गरी आवश्यक तालिम दिनु पर्दछ ।<br>• आफ्नो नाम दर्ता गरी अनुदान सम्झौता गर्ने स्थलमा आउँदा घरधनीले नागरिकताको प्रमाणपत्र र जग्गाधनी दर्ता प्रमाण पूर्जा (लालपूर्जा) लिएर आउनु पर्दछ । आवश्यक सबै कागजात सही हालतमा छ छैन सुनिश्चित गर्नु पर्दछ ।  राज्यले पनि अनुदान सम्झौताको लागि आवश्यक पर्ने कागजातहरु जस्तै नामावली प्रकाशन सूचना, अनुदान सम्झौताको सुचना, अनुदान सम्झौता फाराम, गुनासो दर्ता फाराम, आधिकारीक प्रतिनिधि तोक्ने फारम आदि तयारी अवस्थामा राख्नु पर्छ । | |
| **चित्रपट ५** | <br>अनुदान सम्झौताको लागि आवश्यक पर्ने कागजातहरु निम्नानुसार रहेका छन् ।<br>• अनुदानका लागि छनोटमा परेका घरधनीको पहिचान खुलाउने पत्र<br>राज्य सरकारबाट आफ्नो नागरीकको परिचय खुलाउन दिईएको नागरिकताको प्रमाणपत्र<br>• जग्गाधनी प्रमाण पत्र (लालपूर्जा) | **४ मिनेट** |

| | | |
|---|---|---|
| | नेपाल सरकारबाट उल्लेख व्यक्ति स्वयं जग्गाको मालिक वा हकवाला हो भनी प्रणाणित गरेको रातो रंगको कागजी दस्तावेज<br><br>स्वयंको लालपुर्जा नभएमा मञ्जुरीनामा पत्र, नाता प्रमाणित प्रमाणपत्र,<br><br>५ जनाको सरजमिन<br><br>मञ्जुरीनामा : लालपुर्जावालाले आफ्नो जग्गामा घर निर्माण वा अन्य काम गर्न वा नगर्नको लागि दोस्रो व्यक्तिलाई दिएको सहमती पत्र ।<br><br>नाता प्रमाणित प्रमाणपत्र : २ वा २ भन्दा बढि व्यक्ति विचको हाड नाता, रगत सम्वन्ध र बैबाहिक सम्वन्ध खुलाउने प्रमाण पत्र<br><br>सरजमिन :<br><br>१. सम्बन्धित घटना घटेको वा समस्या परेको ठाउँ ।<br><br>२. छरछिमेकका मानिस; साँधसँधियार ।<br><br>३. सम्बन्धित स्थान वा छरछिमेकका मानिस बुझ्नुपर्ने मुद्दामामिलामा सबुत-प्रमाणका निम्ति रीत पुऱ्याई बुझ्ने कामकारबाई<br><br>• क्षति सर्भेक्षणको समयमा दिइएको रसिद (निस्सा)<br><br>भूकम्प प्रभावित समुदायको लागि केन्द्रिय तथ्याङ्क विभागबाट भूकम्प प्रभावित घरधनी हो भनी प्रमाणीत-पत्र ।<br><br>• अनुदानका लागि छनोटमा परेका घरधनी आफै उपस्थित हुन नसकेको खण्डमा आधिकारिक प्रतिनिधि तोकेको फाराम र नाता प्रमाणपत्र एवं नागरिकताको प्रमाणपत्रसहित उपस्थित भएर तोकिएको प्रतिनिधिले सम्झौता गर्न सक्नेछन् । | |
| **चित्रपट ६** | <br><br>अनुदान संझौताको लागि नभई नहुने एउटा महत्वपूर्ण कागजात क्षति सर्भेक्षणको समयमा दिइएको रसिद हो | **३ मिनेट** |

| | | |
|---|---|---|
| | जसलाई निस्सा भनेर बढि चिनिन्छ । यो केन्द्रिय तथ्याङ्क विभागले घरहरुको क्षति सर्वेक्षण गरेर भूकम्प प्रभावित घरधनी हो भनी प्रमाणीत पत्र हो ।<br><br>यो रसिद र पहिले प्रमुख जिल्ला अधिकारी (CDO) कार्यालयबाट वितरण गरिएको रातो परिचयपत्रमा फरक छ । रातो कार्ड पाउने सबैले यो पाउँछन् भन्ने केही छैन । यो भिन्नता थाहा पाउन जरुरी छ । रातो कार्ड भनेको तत्कालको असहज परिस्थितीबाट पार पाउनको लागि राहत उपलब्ध गराउनको लागि प्रमुख जिल्ला अधिकारी (CDO) कार्यालयबाट परिचयपत्र वितरण गरिएको पत्र हो । त्यसमा चाहेर वा नचाहेरै गडबडी भएको छ ।  त्यसको आधारमा अनुदान वितरण गर्दा फेरी गडबडी हुने भयो । पाउनु पर्नेले नपाउने, नपाउनु पर्नेले पाउने सम्भावना रही नै रहने भयो । यो अनुदान भनेको बिशुद्ध घर बनाउनको लागि भएको र तत्कालका अन्य आवश्यकताको लागि नभएकोले जस्को घर भत्केको छ उस्को लागि भएकोले यी दुई कुरामा भिन्नता छ ।<br><br>घर बनाउन पर्दछ कि पर्दैन भन्ने कुरामा बैज्ञानिक आधारको आवश्यकता पर्दछ । अलि अलि चिरा परेका घरको लागि त्यत्तिकै हेरेर मात्र अनुदान दिने भन्ने कुरा पनि हुदैन । फेरि धेरै नै भत्केर क्षति भएको घरको लागि पनि ठीकै छ भन्ने लाग्न सक्छ । बाहिरी आँखाले हेरेर मात्र हुदैन । घर बस्न लायक छ कि छैन भनेर जाँच्ने, हेर्ने तरिका छ, पद्वति छ । कति चिरा आदि सबैको आधारमा विश्लेषण गरेर पुनर्निर्माणको पहिचान गरिन्छ ।<br><br>सर्वेक्षण हुने घरहरुको संख्या र अनुदान पाउने घरको संख्या भनेको पनि फरक फरक कुरा हो । सर्वेक्षण हुने घरहरुको संख्या धेरै हुन सक्छ । तर सर्वेक्षण गरेर अनुदान पाउने घरको संख्या अवश्य पनि कम हुन्छ । उदाहरणको लागि NSET ले २ लाख घरहरुमा गेरको सर्वेक्षणले यही देखाएको छ । लगभग आधा जति घरहरुले मात्र अनुदान पाउने देखिएको छ । यसमा कतै केही थपघट हुनसक्छ ।<br><br>अनुदान यही सर्वेक्षणको आधारमा नै भईरहेको छ । प्रमुख जिल्ला अधिकारीको कार्यालयले वितरण गरेको राहत परिचय पत्रको आधारमा होईन भन्ने कुरामा स्पष्ट हुनु जरुरी छ । त्यसकारण प्रमुख जिल्ला अधिकारीको कार्यालयबाट वितरण गरिएको राहत परिचय पत्रको आधारमा १० हजार वा १५ हजार पाउनेले यो अनुदान नपाउन पनि सक्छन् । यो रकम भनेको सरकारले तत्कालको अस्थाई बसाइ र जिविकोपार्जनलाई सजिलो बनाउने हेतुले वितरण गरेको हो । | |

| | | |
|---|---|---|
| | सर्भेक्षणबाट प्राप्त तथ्यांकहरुको विश्लेषण एकल व्यवस्थापन सूचना प्रणाली (एम आइ एस) बाट गरिन्छ जस्का आधारमा अनुदान सम्झौता, भुक्तानी तथा निरीक्षण कार्यक्रमहरुको व्यवस्थापनको आधार हुन्छ । | |
| चित्रपट ७ | <br><br>राष्ट्रिय पुनर्निर्माण प्राधिकरण (एन.आर.ए.) ले हाल सम्ममा आवास पुनर्निर्माण र अनुदान सम्झौता सम्बन्धी विभिन्न १४ वटा भन्दा बढि नियमावली, निर्देशिका र कार्यविधिहरु तयार गरेर प्रकाशन गरी लागु गरेको छ । यिनीहरुमा नीतिगत विषयहरु देखि फारामहरुको नमुना ढाँचा सम्म समावेश गरिएका छन् । सम्झौताका दुबै पक्षले यी सबै महत्वपूर्ण दस्तावेजहरुको अध्ययन गर्न जरुरी छ ।<br><br>• **पुनर्निर्माण अनुदान सहायताबारेः**<br>यस पुनर्निर्माण अनुदान सहायता जानकारी पुस्तिकामा भूकम्प प्रभावित घरधनीहरुले अनुदान सम्झौता गर्नको लागि आवश्यक पर्ने कागजात तथा नितिगत विषयहरु पनि प्रकाशन गरेको छ । यस पुस्तिकामा अनुदान सम्झौताको लागि आवश्यक पर्ने फारामहरुको नमुना ढाचा पनि समावेश गरिएको थियो । | २ मिनेट |
| चित्रपट ८ | <br> | ४ मिनेट |

| | | |
|---|---|---|
| | सम्झौता स्थल: आवास पुनर्निर्माण अनुदानको लागि छनोटमा परेका घरधनी र स्थानीय निकाय विच सम्झौता गरिने स्थानलाई सम्झौता स्थान वा स्थल भनिन्छ। नेपाल सरकार, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण तथा साझेदार संस्थाहरुद्वारा नामांकन गर्ने स्थान, मिति तथा समयका बारेमा सूचना प्रकाशित गरे पछि तोकाएको स्थान, मिति तथा समय अनुदान सम्झौता गरिन्छ। अनुदान सम्झौता सम्पन्न गर्दा सम्झौता स्थलमा विविध प्रकृया पुरा गर्नु पर्दछ। यो प्रकृया कसरी व्यवस्थापन भन्ने कुरा परिस्थिती र आवश्यकता अनुसार फरक फरक हुन सक्छ। शुरुमा सम्झौताको कार्य शिविर संचालन गरेर गरिएको थियो भने हालका दिनहरुमा प्रत्येक गा. वि. स. को सम्झौता सोही गा.वि.स. को भवनमा वा गाउँ बस्तिको माझ पर्ने स्थानमा आपसी समन्वय गरी सम्झौता गर्ने गरिन्छ। जसरी गरे निम्न कार्यहरु भने भएको हुनु पर्दछ।<br><br>• **प्रत्यक्ष भेटघाट:** गा.वि.स. सहजकर्ता र समुदायको भूकम्प प्रभावित घरधनी बीच सम्झौता स्थलमा मिति तथा समय तोकिएको भए सो अनुसार नभएमा अन्य कुनै पनि दिनमा प्रत्यक्ष दोहोरो भेटघाट हुन्छ। आवश्यकता अनुसार स्वागत तथा अभिवादन पनि गर्ने गरिन्छ । सबभन्दा पहिले अनुदान सम्झौता गर्न आएका सम्बन्धित व्यक्तिको नाम योग्य घरधुरीहरुको सूचीमा छ छैन जाँच गरिन्छ।<br><br>• **प्रारम्भिक-जाँच:** योग्य घरधुरीहरुको सूचीमा परेकाहरुको हकमा उनीहरुले पेश गरेका अनुदान सम्झौता गर्न आवश्यक सबै कागजात तथा पहिचान (परिचय) पूर्ण र ठिक छन् छैनन् भन्ने सुनिश्चित गर्न तिनीहरुको जाँच गरिन्छ । अनुदान सम्झौताका बारेमा राम्ररी बुझेको नबुझेको यकीन गर्ने तथा अस्पष्टता वा जिज्ञासाहरुको बारेमा प्रष्ट पार्ने कार्य पनि गर्नु पर्दछ।<br><br>• **गुनासो दर्ता:** यदी योग्य घरधुरीहरुको सूचीमा नाम छैन भने गुनासो दर्ता हेर्ने डेस्क/सूचना स्थल बेग्लै भएमा त्यहा गएर नभएमा त्यही नै दर्ता गुनासो फाराम भर्नु पर्दछ र नतिजाको प्रतिक्षा गर्नु पर्दछ।<br><br>गुनासो दर्ता भनेको आफु भूकम्प प्रभावित भएको तर तथ्याङ्क विभागले सर्भेक्षण गर्दा नाम प्रकाशन नभएमा, अनुदानको लागि दाबी गर्ने प्रकृया हो । तथ्याङ्कमा नाम नआउनुका विभिन्न कारणहरु हुन सक्दछन्। उदाहरणको लागि सर्भेक्षण गर्दा जान, अन्जानले घर छुटेको, अर्को ठाउमा बसोबासको लागि घर भएकोले आदि। | |

| | | |
|---|---|---|
| | गुनासाहरुको पहिचान, दर्ता र सम्भव भएसम्म समाधान गरिन्छ । समाधान नभएका गुनासाहरुलाई आवश्यकता अनुसार जिल्ला तथा राष्ट्रिय स्तरमा पठाइन्छ । <br>• **सम्झौता फाराम भर्ने:** प्रारम्भिक जाँचबाट सबै कागजात ठिक देखिएमा सम्झौता फाराम भरिन्छ । <br>• **प्राविधिक जानकारी:** प्राविधिक तथा नीतिगत विषय लगायत तालिमप्राप्त डकर्मी, प्राविधिक मापदण्ड तथा कार्यक्रम आदिका बारेमा सूचना उपलब्ध हुन्छ । यसमा आफूले बनाउन चाहेको नक्शाको छनोट गर्न वनि सकिन्छ तथा सोंच बनाउन सकिन्छ । <br>• **अभिलेखन:** सम्बन्धित घरधनीको सबै संकलित विवरण कम्प्यूटरमा Management Information System (MIS) एम.आई.एस. प्रणालीमा अभिलेखन गरिन्छ । यसमा घरको क्रम संख्याका आधारमा तस्वीर खिच्ने, लिखित रुपमा भएका कागजहरुको फोटो खिच्ने आदि पर्दछन् । त्यो संकलित सूचना एउटा फाईलको रुपमा राखिन्छ ताकी त्यो फाईल जसले हेरे पनि सबै कुरा सजिलैसंग बुझ्न सकियोस् । कम्प्युटरमा घरधनीको फाईल खोल्नासाथ घरको नक्शा, घरधनीको फोटो, घरधनीको नागरिकता, लालपूर्जा सबैको फोटो आउँछ। तर सबैले सबै कुरा जहिले पनि हेर्न सक्ने भन्ने चाही होईन । क-कस्ले के के सूचना हेर्न सक्ने भन्ने सबै कुरा तोकिएको हुन्छ । <br>यो प्रणालीमा कोही पनि व्यक्ति दोहोरिने वा छुट्ने संभावना हुदैन । तथ्याङ्कहरु सुरक्षित र व्यवस्थित होस् भनेर यो प्रणालीको विकास गरिएको हो । <br>• **बैंक खाता खोल्ने:** अनुदान प्राप्त गर्न सम्बनिधत घरधनीको स्वीकृती प्राप्त बैकमा खाता हुनु अनिबार्य छ । पहिले नै खाता नभएको खण्डमा अवस्था हेरी यही स्थानमा खोल्ने व्यवस्था मिलाउन पनि सकिन्छ र मिलाईएको पनि छ । <br>• **सम्झौता सम्पन्न:** सबै कार्य सकिएपछि लाभग्राही वा निजको प्रतिनिधि र गाविस सचिवद्वारा हस्ताक्षर गरिन्छ । संम्झौता पत्रमा कार्यक्रम अन्तर्गत लाभग्राही र नेपाल सरकारका प्रतिबद्वता तथा जिम्मेवारीहरु उल्लेख गरिएको हुन्छ । | |

<table>
<tr>
<td>चित्रपट ९</td>
<td>



पहिलेको चित्रपटमा देखाएको सैदान्तिक कुरालाई यसरी चित्रमा देखाउँदा पनि अलि बुझ्न सजिलो हुन्छ ।
</td>
<td>
२ मिनेट

• चित्रपटमा देखाए अनुसार अनुदान सम्झौता स्थलमा गरिने कार्यहरु छोटकरीमा प्रकाश पार्ने
</td>
</tr>
<tr>
<td>चित्रपट १०</td>
<td>




अनुदान सम्झौता सम्पन्न भए पछि पनि दुबै पक्षले गर्नु पर्नेहरु कार्यहरु धेरै हुन्छन् ।

• राज्यले अनुदान रकम उपलब्ध गराउने, सुरक्षित पुनर्निर्माणमा प्राविधिक जाँचको लागि प्राविधिक खटाउने तथा आवश्यक सहजिकरण गर्ने आदि कार्य गर्नु पर्दछ । प्रकृयागत हिसाबमा पहिलो रकम उपलब्ध गराउँदा सम्झौता फाराम र रिपोर्ट गा.वि.स.बाट जि.वि.स. मा पेश, जि.वि.स.बाट नामावली तथा तथ्याङ्क को.ले.नि.का.मा पेश, को.ले.नि.का. बाट सम्झौता वालालाई बैंकबाट रकम निकासा गरी पहिलो किस्ता पदान गरिन्छ ।

• सम्झौता वालाले पनि पहिलो किस्ता भुक्तानी लिन जादा आवश्यक कागजपत्रहरु लिएर जाने, तोकिएको मापदण्डको पालना गरी भवन र्मिाण गर्ने, आवश्यकता अनुसार मात्र रकम निकाल्ने, भवनको प्राविधिक परीक्षण गराउने, भूकम्प प्रतिरोधी घर र्निर्माण गर्ने गर्नु पर्दछ ।
</td>
<td>३ मिनेट</td>
</tr>
</table>

**चित्रपट ११**

**३ मिनेट**




यो पहिलो चार्टमा, मिति २०७३।४।११ सम्ममा भूकम्पबाट अति प्रभावित ११ जिल्लाहरुमा कूल २,७२,५४४ लाभग्राही संख्या बीच अनुदान सम्झौता सम्पन्न भएको उल्लेख छ ।

यो दोस्रो चार्टमा, मिति २०७३।१२।०६ सम्ममा भूकम्पबाट अति प्रभावित १४ जिल्लाहरुमा केन्द्रिय तथ्याङ्क विभागबाट पहिचान गरिएका कूल लाभग्राही संख्या, अनुदान सम्झौता सम्पन्न भएका लाभग्राही संख्या, पहिलो किस्ता वितरण गरिएका लाभग्राही संख्यालाई देखाईएको छ । पहिचान गरिएका कूल लाभग्राही संख्या मध्ये धेरै बिच अनुदान सम्झौता सम्पन्न भएको र पहिलो किस्ता पनि प्राप्त गरिसकेको अवस्था छ ।

बलियो घर कार्यक्रम संचालन भएका जिल्लामा भएको तथ्याङ्कलाई मात्र हेर्दा पनि यो कुरा स्पष्ट देख्न सकिन्छ ।

| विवरण/जिल्ला | नुवाकोट | धादिङ्ग | दोलखा |
|---|---|---|---|
| पहिचान गरिएका जम्मा लाभग्राही | ६५७७३ | ७०५८१ | ५१९४० |
| अनुदान सम्झौता सम्पन्न लाभग्राही | ६२०४६ | ६३९७८ | ४८११३ |
| पहिलो किस्ता वितरण लाभग्राही संख्या | ६१५७५ | ६२८४९ | ४७०७९ |

(नोटः यो पटमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको website मा प्रकाशन गरे बमोजिम समय अनुसार ग्राफ परिवर्तन गर्नुपर्दछ । अध्यावधिक भईरहेको छ । यस तालिकामा देखाएको तथ्याङ्क प्रारम्भीक समयको हो ।)

- समय अनुसार राष्टिय पुनर्निर्माण प्राधिकरणको website: www.nra.gov.np बमोजिम अध्यावधिक गर्नुपर्नेछ ।

**चित्रपट १२**

**१० मिनेट**





२०७२ बैसाख १२ को गोरखा भूकम्पमा आवास पुनर्निर्माण अनुदान सम्झौताको पहिलो अभ्यास मिति २०७२ फागुन ३० गते दोलखाको सिंगटीबाट सुरुवात गरिएको थियो। अनुदान सम्झौताको पहिलो चरण दोलखाको लामीडाँडा र लादुक गा.वि.स.को लागि केन्द्रित रह्यो ।


पहिलो अभ्यासमा विभिन्न सरकारी तथा गैरसरकारी र निजि संघ संस्थाहरुको आवश्यक कर्मचारी परिचालन तथा व्यवस्थापकीय पक्षमा सहयोग रहेको थियो । राष्ट्रिय पुनर्निर्माण प्राधिकरणलाई सहयोग गर्नको लागि सिंगटीको अनुदान सम्झौता कार्यक्रममा एनसेटको पनि समन्वयकारी भूमिका थियो ।


सम्झौता स्थलमा लामिडाँडा र लादुक गा.वि.स. को लागि छुट्टाछुट्टै सहजीकरण कक्षहरु व्यवस्थित गरिएको थियो ।। गा.वि.स. को प्रत्येक वडाको सम्झौता भिन्न भिन्न दिनमा गरिएको थियो । यसरी गा.वि.स. को प्रत्येक वडाको भिन्न भिन्न दिनमा सम्झौता कार्य गर्दा करिव ९ वटा वडाको १२ दिनमा सम्झौता सम्पन्न भएको थियो । गर्नु

यो पहिलो अनुदान सम्झौता कार्यकममा, अनुदान सम्झौता गर्नु भन्दा पहिले गरिने कियाकलापहरु, सम्झौता स्थलमा गरिने कार्यहरु तथा सम्झौता पछाडी गरिनु पर्ने केही कार्यहरु सबै प्रकृयागत रुपमा नै संचालन गरिएको थियो ।


पहिलो पटक हुन लागेको अनुदान सम्झौता हुनाले सबैको उच्च अपेक्षालाई ध्यानमा राखेर अलि बेग्लै तरिकाले सबै कुराको व्यवस्थापन गरिएको थियो । सम्झौता स्थलमा गर्नु पर्ने कार्यहरुको लागि अलग अलग कक्षहरुको व्यवस्था गरिएको थियो । व्यवस्थापकिय हिसाबले लाईन लाग्ने ठाउँ, स्वागत कक्ष, निस्सा टाँस वोर्ड, शौचालय, खाने पानी, प्राथमिक उपचार, बैंकको खाता खोल्ने देखि सुरक्षा व्यवस्थासम्मका सबै कुरा बिचार गरिएको थियो ।

| | | |
|---|---|---|
| | प्रस्तुत भिडियोमा त्यही ऐतिहासिक क्षणलाई क्यापचर गरिएको छ । | |
| **चित्रपट १३** | <br><br><br>**<u>गुनासो/उजुरी</u>**<br><br>आफूलाई परेको र प्रकट गरिएको पीर-मर्का वा दुखेसोलाई गुनासो भनिन्छ । गुनासो प्रकट गर्ने अनौपचारिक र औपचारिक तरिका हुन्छन् । औपचारिक रुपमा प्रकट गरिएको गुनासोलाई उजुरी पनि भन्दछन् ।<br><br>**<u>पुनर्निर्माणमा गुनासो</u>**<br><br>आवास पुनर्निर्माणमा पनि राज्यले प्रदान गर्ने अनुदान वितरणका विभिन्न चरणमा वा अन्य सहयोगकम सम्बन्धमा आम जनताको तथा लाभग्राहीहरुको गुनासो तथा उजुरीहरु हुन सक्दछन् । यस्ता गुनासोहरुको समयमा नै संबोधन गरिएन भने यसले समाजमा द्वन्द्व/विवाद ल्याउछ । तसर्थ गुनासोको सुनुवाई हुने कुराको व्यवस्थापन ज्यादै महत्वपूर्ण कुरा हो । साथै यसले समावेशिता, असमानता लगायत अन्य चासो तथा सरोकारहरुलाई पनि समयमै सम्बोधन गर्न मद्दत गर्दछ ।<br><br>आवास पुनर्निर्माणका सम्बन्धमा हुन सक्ने गुनासोहरुलाई दुई भागमा वर्गिकरण गर्न सकिन्छ ।<br><br>• क्षति सर्वेक्षणका तथ्यांकहरुको आधारमा छनौट भएका लाभग्राहीहरुको सूची सार्वजनिकीकरण गरेपछि कुनै कारणवश आफ्नो नाम दर्ता हुन नसकेका घरधनीहरुको गुनासो तथा उजुरीहरु<br>• अनुदान वितरणका विभिन्न चरणमा लाभग्राहीहरुलाई परेको कठिनाई सम्बन्धी गुनासो तथा उजुरीहरु<br><br>विभिन्न कारणले गुनासो हुन सक्छ जस्तै सर्वेक्षण छुटेको, एक भन्दा बढि घरधनीको स्वामित्व रहेको, सर्वेक्षण गरिऐको विवरण त्रुटीपूर्ण भएको लागेमा, आवश्यक कागजात पेश गर्न | **३ मिनेट** |

| | | |
|---|---|---|
| | नसकिएको, भत्केको घरको जग्गाको स्वामित्व आफ्नो नाममा नभएको, बैंकले खाता खोलन असहयोग गरेको वा भुक्तानीमा समस्या, बस्ती स्थानान्तरण वा पुनसथापनामा असन्तुष्टी, आवास निर्माण सम्बन्धी, गुनासो सही रुपमा व्यबस्थापन नगरेको आदि ।<br><br>**<u>गुनासो व्यवस्थापन</u>**<br><br>गुनासो दर्ता गर्ने देखि संबोधन नभएसम्म गरिने समग्र प्रकृयालाई गुनासो व्यवस्थापन भनिन्छ ।<br><br>**<u>पुनर्निर्माणमा गुनासो व्यवस्थापन</u>**<br><br>आवास पुनर्निर्माणका सम्बन्धमा पनि हुन सक्ने गुनासोलाई दर्ता गर्ने, अभिलेखन गर्ने, पुनरावलोकन गरी संबोधन गर्न विभिन्न तह गाविस/नपा देखि केन्द्रसम्मबाट नै सुनुवाई हुने व्यवस्था रहेको छ । प्रत्येक तहमा निश्चित् प्रकृयाहरु पुरा गर्नु पर्दछ । | |
| **चित्रपट १४** | <br><br>**गाविस वा नगरपालिकामा गुनासो व्यवस्थापन प्रकृया**<br><br>गुनासो व्यवस्थापन तथा सम्बोधनको सबभन्दा तल्लो तह भनेको गाविस/नपा हो । सबभन्दा पहिले गाविस वा नगरपालिकामा गुनासो दर्ता हुन्छ वा गर्नु पर्दछ । यसको लागि सामाजिक परिचालक वा स्वयंसेवकहरुले गुनासो दर्ता प्रकृयामा सहजीकरण गरेर सहयोग गर्दछन् ।<br><br>सामाजिक परिचालक वा स्वयंसेवकहरुले संकलन गरेको गुनासो कम्पुटर अपरेटरबाट कम्पुटरमा दाखिला गरिन्छ। यो सब विवरण पनि एम आई एस (MIS) मा अभिलेखन हुन्छ ।<br><br>प्रत्येक गुनासोको एक प्रति गाविस वा नगरपालिकामा आधिकारिक व्यक्तिलाई उपलब्ध गराईन्छ। यसमा सामाजिक परिचालक वा प्राविधिक टोलीबाट गुनासोको व्याख्या पनि हुन्छ । | **३ मिनेट** |

<table>
<tr>
<td></td>
<td>
गाविस/नपा स्तरमा गुनासो व्यवस्थापन तथा सम्बोधन गाविस का सचिव वा नपाका कार्यकारी अधिकृत, केन्द्र वा जिल्लाबाट खटिने गुनासो अधिकृत तथा स्थानीय सामाजिक परिचालकहरुबाट हुन्छ । सम्बोधनमा दुई वटा विकल्प हुन्छन् ।
<ul>
<li>गुनासो उचित र सम्बोधन गर्न सकिने प्रकृतीको भएमा सम्बोधन भएको गुनासो एम. आई. एस. प्रणालीमा अध्यावधिक गरिन्छ ।</li>
<li>सम्बोधन गर्न नसकिने प्रकृतीको गुनासो थप सम्बोधनको लागि स्रोत वा जिल्ला तहको गुनासो व्यवस्थापन सम्बोधन समितिमा सिफारिस गरिन्छ ।</li>
</ul>
</td>
<td></td>
</tr>
<tr>
<td>चित्रपट १५</td>
<td>


<u>विविन्न तहमा गुनासो व्यवस्थापन प्रकृया</u>
गुनासो व्यवस्थापनको लागि माथि उल्लेख अनुसार चार तहमा सुनुवाई हुने व्यवस्था रहेको छ । प्रत्येक तहमा गरिने निश्चित् प्रकृयाहरु एउटै हुन्छन् ।
गुनासो व्यवस्थापन तथा सम्बोधन सबभन्दा तल्लो तह गाविस/नपामा शुरु हुन्छ र त्यहाँ माथि उल्लेख भए अनुसार निश्चित् प्रकृयाहरु पुरा गरिन्छ । एउटा तहमा सम्बोधन हुन नसकेका गुनासो क्रमश अन्य माथिका तह स्रोत केन्द्र, जिल्ला हुदै केन्द्रिय तहमा पुग्छ ।
गाविस/नपा स्तरमा गुनासो व्यवस्थापन तथा सम्बोधन
स्रोत केन्द्र स्तरमा व्यवस्थापन तथा सम्बोधन
जिल्ला स्तरमा गुनासो व्यवस्थापन तथा सम्बोधन
<ul>
<li>जिल्ला गुनासो संयोजकले संयोजन गर्ने</li>
<li>प्रमुख जिल्ला अधिकारी, स्थानीय विकास अधिकारी, जिल्ला आयोजना इकाईका प्रमुखहरु को सहयोगमा गुनासो सम्बोधन गर्ने</li>
</ul>
</td>
<td>२ मिनेट</td>
</tr>
</table>

| | | |
|---|---|---|
| | • आवश्यक अवस्थामा जिल्ला संयोजन समितिको समेत लिने<br><br>**केन्द्रीयस्तर (प्राधिकरण) मा गुनासो व्यवस्थापन तथा सम्बोधन**<br><br>• समितिको व्यवस्था<br><br>• मन्त्रालय तथा विभागहरुको समेत सहयोग<br><br>गुनासो व्यवस्थापनमा रहेको अहिलेको प्रकृयागत संरचना यही नै हो । तर स्थानिय स्तरमा स्थान र मिति भने समयको आवश्यकता र परिस्थिती अनुसार परिवर्तन हुन पनि सक्छ र केही भई पनि रहेको छ । उदाहरणको लागि सुरुसुरुमा अनुदान सम्झौता गर्ने समय र स्थलमा नै गुनासो दर्ता पनि गरिन्थ्यो भने अहिले आएर गुनासो दर्ताको काम अनुदान सम्झौता गर्नु भन्दा पहिले नै एउटा नियमित रुपमा पनि हुने गरेको छ ।<br><br>गुनासो व्यवस्थापनको विभिन्न तहमा कहिले कुनै तह बढि सक्रिय र कुनै तह अलि निस्क्रिय रहेको अवस्था पनि छ । स्रोत केन्द्रको तहमा अहिले काम भएको छैन । | |
| चित्रपट १६ | <br>जिल्ला तहबाट सिफारिस भएर केन्द्रमा आउने गुनासोहरु नीतिगत र सैद्धान्तिक विषयहरु तथा निर्देशिकासंग सम्वन्धित कुराहरु हुन्छन् । केन्द्रमा यस्ता गुनासाहरुको पुनरावलोकन गरेर सम्बोधन गरिन्छ ।<br><br>केन्द्रिय तहमा पनि गुनासोको सम्बोधन गर्दा निश्चित् प्रकृयाहरु पुरा गरिन्छ ।<br><br>केन्द्रमा जिल्लाबाट सिफारिस भएर आएका नीतिगत, सैद्धान्तिक तथा निर्देशिकासंग सम्वन्धित गुनासोहरुको संकलन हुन्छ र यसलाई एम आई एस अधिकृतले वर्गिकरण गर्दछन् ।<br><br>वर्गिकरण गरेको गुनासो एम आई एस अधिकृतले नै कम्प्युटरमा दाखिला गर्दछन् । यो विवरण पनि एम आई एस | ३ मिनेट |

| | | |
|---|---|---|
| | (MIS) मा अभिलेखन हुन्छ र पुनरावलोकनको लागि उपलबध हुन सक्ने अवस्थामा राखिन्छ ।<br><br>केन्द्रिय स्तरमा गुनासो व्यवस्थापन तथा सम्बोधनको लागि राष्टिय पुनर्निर्माण प्राधिकरणमा बहालवाला न्यायाधीसको अध्यक्षतामा अलगै तीन सदस्यीय पुनरावेदन समितिको व्यवस्था रहेको छ । यसले गुनासोहरु पुनरावलोकन गरेर निर्णय गर्दछ ।  नीतिगत, ऐन, निर्देशिका सम्बन्धी केही गुनासोहरु राजनैतिक निर्णयबाट मात्र गर्न सकिने हुन्छ ।<br><br>सम्बोधनमा दुई वटा विकल्प हुन्छन् ।<br><br>• गुनासो उचित र सम्बोधन गर्न सकिने प्रकृतीको भएमा सम्बोधन भएको गुनासो एम. आई. एस. प्रणालीमा अध्यावधिक गर्ने र सो को जानकारी जिल्ला, नपा/गाविस मार्फत गुनासो कर्तालाई दिने<br>• सम्बोधन गर्न नसकिने प्रकृतीको गुनासो भएमा गुनासो कर्तालाई गुनासो सम्बोधन गर्न नसक्नुको कारण राम्ररी वुफाउने तथा राज्यको संभावित कानूनी प्रकृयाको बारेमा सूचित गर्ने/जानकारी दिने<br><br>अन्तिम बिकल्पको लागि गुनासो कर्ता राज्यको कानूनी प्रकृयमा जान स्वतत्र हुन्छ । | |
| **चित्रपट १७** | <br> | **१ मिनेट**<br><br>• चित्रपटमा देखाए अनुसार गुनासो दर्ता फारमको व्याख्या गर्ने |


**चित्रपट १८**




**१ मिनेट**

- चित्रपटमा देखाए अनुसार गुनासो दर्ता फारामको व्याख्या गर्ने


**चित्रपट १९**




**१ मिनेट**

- चित्रपटमा देखाए अनुसार गुनासोका आधारमा भएका निर्णयहरुमा प्रकाश पार्ने

**चित्रपट २०**




सत्रको शुरुमा राखिएका उद्देश्यहरु सबै पुरा भए/नभएको कुराको पुनरावलोकन गर्नुपर्दछ । पुनरावलोकन विभिन्न तरिकावाट गर्न सकिन्छ । सहभागीहरुसँग नै सोधेर अन्तर्क्रियात्मक रुपमा छलफल गरेर वा आफैंले साराशंमा बताएर ।

**२ मिनेट**

- सत्रको उद्देश्यहरुको पुनरावलोकन गर्दा सहभागीहरुसँग नै सोधेर अन्तर्क्रियात्मक रुपमा छलफल गर्ने र बुझे/नबुझेको सुनिश्चत गर्ने

| | | |
|---|---|---|
| **चित्रपट २१** | <br>सत्रको विषयवस्तुमाथि कुनै प्रश्न वा थप जिज्ञासा भए नभएको पनि जानकारी लिनु पर्दछ र भएमा जिज्ञासाहरुमा प्रकाश पार्नु पर्दछ । | **१ मिनेट**<br>• यो सत्रको विषयवस्तुमाथि कुनै प्रश्न वा थप जिज्ञासा छ वा छैन सोध्ने ।<br>• अन्तक्रिया र धैर्यताको लागि धन्यवाद सहित सहभागीहरुसँग बिदा लिने<br>• आफ्नो सहयोगी प्रशिक्षकलाई पनि धन्यवाद दिने<br>• सत्रको मूल्याङ्कन गरी दिन स्मरण गराउने |

# खण्ड “ख”

(खण्ड “ख” मा प्राविधिक प्रस्तुती सामग्रीलाई समावेश गरिएको छ ।)

## सामाजिक परिचालन तालिम कार्यक्रम

**पाठयोजना तथा प्रशिक्षण निर्देशिका**

# सत्र १६: भूकम्पको कारण तथा असरहरु

**खण्ड:** प्राविधिक पक्ष

**समय:** ६० मिनेट

**सामग्री:** मल्टिमिडिया, प्रोजेक्टर, कम्प्युटर, पर्दा (प्रोजेक्सन स्क्रिन), चित्रपट, इजेल, फ्लीपचार्ट, मास्किङ्ग टेप, मार्कर (कालो, नीलो, रातो) पाठयोजना, सहभागी कार्यपुस्तिका

**सत्र परिचय:** भ''कम्पीयपुनर्निर्माणमा सामाजिक परिचालकलाई प्राविधिक तालिमको आवश्यकता पर्दछ । प्राविधिक तालिमले सामाजिक परिचालनको दौरानमा जुनकुनै समय सुरक्षित भवन निर्माण विधिमा तर्कपूर्ण बहस, छलफल, जानकारी, अर्न्तक्रिया र अभिमुखिकरण कार्यक्रम गर्न गराउन सहयोग गर्दछ । भूकम्प प्रतिरोधी भवन निर्माण गर्नको लागि आधारभुत रुपमा आवश्यक पर्ने प्राविधिक ज्ञान यस सत्रहरुमा समावेश गरिएको छ । यस सत्रहरुबाट सामाजिक परिचालकका रुपमा काम गर्ने सम्पूर्ण व्यक्ति तथा समूहको प्राविधिक पक्षमा साझा बुझाई गराई तत् सम्वन्धी विषयको ज्ञान प्रसार प्रसार गर्न सहयोगी हुन्छ ।

तसर्थ, यो सत्र प्राविधिक पक्षको सुरुवातको सत्र हो । यस सत्रबाट विभिन्न तहमा प्राविधिक विषयगत सत्रहरु अगाडी बढाईनेछ ।




हिमालय पर्वतमाला विश्वको सबभन्दा अग्ला हिमश्रृङखला र जलको प्रमुख श्रोत हो । यसको काखमा रहेको नेपाल भूकम्पीय जोखिमको हिसाबले विश्वमा ११ औं स्थानमा पर्दछ भने काठमाण्डौं उपत्यकाको भूकम्पीय जोखिम संसार भरमै पहिलो श्रेणीमा पर्दछ । यसैको प्रमाण हो की नेपालका जनताले प्राग ऐतिहासिक काल देखि नै विनाशकारी भूकम्पहरूको सामना गरिरहेका छन् । तर पनि नेपाली जनमानसमा भूकम्पको वैज्ञानिक कारणको सहि जानकारी छैन । यो सत्रमा भूकम्पको वैज्ञानिक कारण तथा असर लगायत क्षेतिको विषयमा छलफल गरिनेछ ।

**मार्गदर्शन:** समुदायको मानिसहरु भूकम्प आउनुमा विभिन्न पौराणीक कारण र किम्वदन्तीमा विश्वास गर्दथे । तर यसको बैज्ञानिक कारणहरु भने अनभिज्ञ छन् । तसर्थ यथार्त जानकारी प्राप्त गर्नको लागि यो सत्र महत्वपूर्ण सावित हुन्छ ।

**विशेष सावधानी:** भूकम्पको कारण तथा असर प्रस्तुतिमा सहभागीहरुको परम्परागत सोच तथा विचारलाई परिवर्तन गराउन जटिलता हुन सक्न सक्छ ।

**सत्रको उद्देश्य:** यो सत्रको अन्तमा सहभागीहरु निम्न विषयमा सक्षम हुनेछन :


- भूकम्पको अर्थ बताउन
- भूकम्प हुने कारणको सविस्तार व्याख्या गर्न
- भूकम्पबाट हुने असरहरुको बयान गर्न

| श्रव्य-दृक्ष्य सामग्री | पाठको रुपरेखा | टिप्पणी |
|---|---|---|
| चित्रपट १ |  | **२ मिनेट**<br>• अभिवादन गर्ने<br>• आफ्नो परिचय दिने<br>• सत्रको परिचय दिने - विषयगत शिर्षक, लाग्ने समय, सञ्चालन विधि, प्रयोग हुने सिकाइ र सामग्रीको विषयलाई संक्षिप्तमा समेट्ने |
| चित्रपट २ | <br>यस सत्रको मुख्यतया तीन उद्देश्यहरु रहेका छन् । | **२ मिनेट**<br>• यस सत्रको उद्देश्य प्रस्तुत गर्ने<br>अथवा<br>• सत्रको उद्देश्य सहभागीहरुबाट पढ्नको लागि अनुरोध गर्ने |
| चित्रपट ३ | <br>नेपाली समाजमा भूकम्प जाने कारण सम्वन्धमा धेरै किम्वदन्ती र भनाईहरु पाईन्छ । सामाजिक रुढिबादी मान्यताहरु पाउन सकिन्छ। नास्तिक मानिसहरुको बढावा वा अधर्म, धेरै पाप गर्ने मानिसहरु बृद्धि वा पाप कर्मको फल, माछा, कछुवा, हात्तीले यो पृथ्वीलाई काधमा राखेर धानेको र | **३ मिनेट**<br>• भूकम्प जानुको कारणमा परम्परागत किम्वदन्ती र भनाई कस्ता कस्ता छन ? सोध्ने<br>• भूकम्प भनेको के हो ? सोध्ने<br>• छलफल गराउने र सहभागीहरुबाट नै परिभाषा निकाल्न प्रयत्न गर्ने |

| श्रव्य-दृक्ष्य सामग्री | पाठको रुपरेखा | टिप्पणी |
|---|---|---|
| | ति प्राणीहरुले हलचल गर्दा वा काध फेर्दा भूकम्प जाने गरेको भनाई छ । त्यस्तै गरी ग्रह गोचर फेरीदा वा परिवर्तन गर्दा भूकम्पहरु जाने भनाई पनि छ ।<br><br>"भू"- भनेको जमीन र "कम्प"- भनेको काम्नु, कम्पन हुनु वा थरथराउनु हो । यी दुई शब्द "भू" र कम्प मिलेर भूकम्प शब्द बनेको छ । कुनै कारणले पृथ्वीको ठूलो क्षेत्रमा एक्कासि हुने जारदार कम्पन वा हलचलनै  भूकम्प हो ।<br><br>पृथ्वीको भित्री भागमा निरन्तर भइरहने हलचलका कारण भौगर्भिक चाक्लाहरु एक आपसमा घर्षदा, फाट्दिा वा खप्टिँदा जम्मा हुन गएको शक्ति एक्कासि निस्किँदा पृथ्वीको सतह सम्म कम्पन हुने कम्पन नै भुईचालो वा भूकम्प हो । | |
| चित्रपट ४ | <br><br>भूकम्प किन र कसरी भई रहन्छ भन्ने थाहा पाउन पृथ्वीको बनोट र विकास प्रकृयावारे ज्ञान हुन जरुरी छ ।  पृथ्वीमा ७ महादेश र ५ महासागर छन, तर यसको विकासक्रमको अध्ययन गर्ने हो भने प्राग ऐतिहासिक कालमा केवल एक महादेश र एकै महासागर मात्र थियो । यो महादेश बिस्तारै फैलिदैं जाने क्रममा हालको अवस्थामा आइपुगेको छ ।<br><br>गोलो आकार भित्रको दोस्रो नक्सा लाखौ बर्ष पहिले विश्वको नक्सा हो । यस नक्सामा १ महादेश र १ महासागर मात्र छ । लाखौ वर्षको विचमा पृथ्वी भित्रको चाक्लाहरु चल्ने क्रममा यो नक्सा हालको पृथ्वीको नक्सामा परिमार्जन भएको छ । दोस्रो नक्सा बाट हालको नक्साको आकारमा आउनको लागि भएको चलायमान प्रकृयालाई दाया तर्फको चलचित्र बाट हेर्न सकिन्छ । तर यो चलचित्रमा देखिए जस्तो द्रुत गतिमा नभईकन वर्षमा करिव १ ईन्चको गतिमा मात्र चल्ने गर्दछ । यस चलचित्रमा हरियो भागमा पोतिएको महादेशहरु हो भने निलो भागमा पोतिएको महासागरहरु हुन । पृथ्वी | ५ मिनेट<br><br>• भिडीयो देखाउने र व्याख्या गर्ने |

| श्रव्य-दृक्ष्य सामग्री | पाठको रूपरेखा | टिप्पणी |
|---|---|---|
| | भित्रका चाक्लाहरु एक आपसमा चल्ने र सर्ने क्रममा यो महादेशहरुको अवस्था अहिले हामीले देखेको नक्साको आकारमा छ । | |
| चित्रपट ५ | <br>पृथ्वीको बनोट कस्तो छ भनेर पाकेको आरुसंग तुलना गर्न सकिन्छ । पातलो बाहीरी सतह ठोस छ । मध्ये भाग अर्ध तरल अवस्थामा रहेको र भित्री भाग अति घनत्वशील तहमा रहेको छ ।<br>हामीले एउटा भांडामा पानी तताउदा भांडाको पिंधको पानी पहिले तात्छ । त्यसपछि त्यो तातेको पानी माथि सर्छ र माथिको चिसो पानी पिंधमा झर्छ । यो प्रक्रिया चलिरहन्छ ।<br>त्यस्तै गरी पृथ्वीको बाहिरी सतहको तुलनामा भित्री भागमा अत्यधिक चाप र ताप छ । पृथ्वीको केन्द्रमा लगभग ६ हजार डिग्री सेन्टीग्रड तातो ठोस पिण्ड अथवा कोर (core) छ । त्यसैले अर्ध तरल अवस्थामा रहेको बाक्लो मध्ये भाग निरन्तर चलायमान छ । जसको कारण पृथ्वीका चक्लाहरु चलायमान अवस्थामा रहिरहन्छ ।<br>यो कोर वरिपरि दुईहजार नौ सय किलोमिटर बाक्लो पग्लिएको अवस्थामा रहेको अर्धठोस मेन्टल (Manlte) छ । पृथ्वीको बाहिरी पत्र वा क्रष्ट (Crost) यसै मेन्टल (Manlte) मा तैरिरहेको छ । यो क्रष्ट पाँच देखि पचहत्तर किलोमिटर बाक्लो छ । हामीले देख्ने, समुन्द्र, समथर जमिन डाँडाँ-काँडा हिमाल यही क्रष्टको बाहिरि आवरण हो ।<br>पृथ्वीको क्रष्ट सात प्रमुख टेक्टोनिक प्लेट (Tectonic Plate) भौगर्भिक चाक्लाहरू मिलेर बनेको छ । यो भौगर्भिक चाक्लाहरू भित्र पनि स-साना भूखण्डहरू मिलेर बनेका छन् । यो नक्सामा देखिएको गाढा कालो रेखा यिनै भौगर्भिक चाक्लाहरूको सीमारेखा हो । यिनै सीमारेखाका आसपासमा बारम्बार भूकम्पहरू भइरहन्छन् । | ५ मिनेट<br>• पृथ्वीको बनोटको बारेमा जानकारी गराउने |

| श्रव्य-दृक्ष्य सामग्री | पाठको रूपरेखा | टिप्पणी |
|---|---|---|
| | कोर र कष्टबीच रहेको दुईहजार नौसय किलोमिटर बाक्लो अर्ध ठोस मेन्टलको कोरतिरको भाग तातिएर कष्टतिर उठ्ने, कष्ट नजिक पुग्दा सेलाएर फेरि कोरतिर झर्ने क्रम अविच्छिन्न जारी रहन्छ। यो प्रवाहले गर्दा मेन्टल माथि रहेको कष्टका भौगर्भिक चाक्लाहरू एक आपसमा घर्षने, खप्टने वा टाढिने गर्दछन् । यसैको कारण हामीले कष्टको बाहिरी आवरणमा देख्ने महासागर, महादेशहरू पनि चलायमान छन् ।<br><br>भौगर्भिक चाक्लाहरू एक आपसमा घर्षने, खप्टिने वा टाढिने हुँदा अत्याधिक शक्ति संन्चिती हुँदै जान्छ । यसरी जम्मा भएको शक्ति भौगर्भिक संरचनाको क्षमताले थेग्न सक्ने भन्दा बढी हुन जाँदा भूखण्डहरूको केही भाग भाँच्चिने, दोब्रिने वा फाट्ने गर्छ। यो प्रक्रियाका कारण निष्कासित शक्ति वा ऊर्जा कम्पन लहरको रूपमा पृथ्वीको सतहसम्म आइपुगेर जोडदार कम्पन हुनु नै भूकम्प हो ।<br><br>भूकम्प हुने यो प्रक्रिया हामीले चुट्की बजाउँदाको प्रक्रिया जस्तै हो। माझी औँला र बुढी औँला एक आपसमा जोडले थिच्दा संचित हुने शक्तिका कारण माझी औँला तीव्र गतिमा हत्केलामा ठोक्किदा चुट्की बज्दछ। तर माझी औँला एक्लै हत्केलामा बजार्दा त्यति ठूलो आवाज आउँदैन । त्यस्तै भौगर्भिक चाक्लाहरूको चलायमान अवस्थाका कारण शक्ति संचित भएर मात्र भूकम्प हुने गर्छ। भौगर्भिक चाक्लाहरूको चलायमान अवस्थाका कारण संचिती भएको शक्तिको प्रभावले भौगर्भिक संरचना भाँच्चिँदा फाट्दा वा दोब्रिदा निस्कने शक्ति म्याग्निच्युड अथवा रेक्टरस्केलमा मापन गरिन्छ। | |
| चित्रपट ६ | <br>विश्वका सम्पूर्ण स्थानहरुमा भूकम्प जादैन तर पृथ्वीका चाक्लाहरु छुट्टिने घेरा र दायराहरुमा अत्यन्त धेरै भूकम्प जाने गरको छ। यस पटमा रातो रंगमा देखिएका धब्बाहरु भूकम्प गएका स्थानहरुको संकेत हो। विभिन्न महादेशहरु छुट्टिएको घेरा र वरपर धेरै भूकम्पको प्रभाव धेरै देख्न सकिन्छ। | ३ मिनेट<br><br>• विश्वमा भुईचालो गई रहने क्षेत्रहरुको बारेमा जानकारी गराउने |

| श्रव्य-दृक्ष्य सामग्री | पाठको रूपरेखा | टिप्पणी |
|---|---|---|
| चित्रपट ७ |   यो नेपालको नक्सामा बिगतमा गएका भूकम्पहरू देखाइएको छ । राता तथा पहेला थोप्लाहरुले भूकम्प जनाउछ । ठूलो थोप्लाले ठूलो भूकम्प जनाउछ भने सानो थोप्लाले सानो भूकम्प जनाउछ । नेपाल भूकम्पीयजोखिमको हिसाबले विश्वको ११ औ स्थानमा पर्दछ भने काठ्माण्डौ शहर १ नम्वर जोखिममा रहेको शहर हो । | ३ मिनेट<br>• चित्रको बारेमा जानकारी दिने |
| चित्रपट ८ |   त्यसैगरी चीन र भारतको बीचमा भएको तेथिस नाम गरेको महासागर भारतीय भूखण्ड दक्षिण तिरबाट उत्तर तर्फ बढ्ने क्रममा तिब्बती भूखण्डसँग मिल्न जाँदा पुरिएर हाल नेपाल भएको जमिनको उत्पत्ति भएको हो । हालको समयमा पनि भारतीय भूखण्ड सरदर वर्षको १ ईञ्चका दरले तिब्बती भूखण्डभित्र घुस्रिरहेको छ । यही संघर्षणका कारण पैदा हुने अति उच्च चापका कारण भूगर्भको संरचना भाँच्चिदा भूकम्प हुने गर्दछ । यसैले नेपाल लगायत हिमालय श्रृंखलाको आसपास विनाशकारी भूकम्पहरू भइ रहन्छन् । भारतीय भूखण्ड तिब्बती भूखण्डभित्र घुस्रिने क्रममै अफगानिस्तान देखि म्यानमारसम्मको लगभग तीन हजार किलोमिटर लामो | ७ मिनेट<br>• भिडियो देखाउदै छलफल गराउने |

<table>
<tr><th>श्रव्य-दृक्ष्य सामग्री</th><th>पाठको रुपरेखा</th><th>टिप्पणी</th></tr>
<tr><td></td><td>हिमालय श्रृंखला बनेको हो । यही हिमालय श्रृंखलाको मध्य भागको एक हजार किलोमिटर लामो भूभाग नै हाम्रो देश नेपाल हो । भूकम्प हुनु र नेपालको उत्पत्ति हुनु दुबैको कारण एउटै हो । यसको अर्थ नेपालमा परापूर्व कालदेखि भूईचालोहरु हुने गरेका हुन र भविष्यमा पनि भई नै रहन्छन् ।</td><td></td></tr>
<tr><td>चित्रपट ९</td><td>



भूकम्पको मापन दुई किसिमले गर्न सकिन्छ :

१) परिमाण (Magnitude) २) तिब्रता (Intensity)

परिमाण (Magnitude) भूकम्पको श्रोतमा निस्किएको शक्ति वा उर्जाको मापन हो । यो मोमेन्ट म्याग्नीच्युडमा नापिन्छ । नेपालमा भने अझै रेक्टर स्केलमा नापिन्छ । संसारको जुनसुकै ठाउबाट नाप्दा पनि भूकम्पको परिमाण एउटै हुन्छ ।

प्रभाबित क्षेत्रमा जमिनको हल्लाई तथा संरचनाको क्षतिको आधारमा तिब्रतामा नापिन्छ । यो ठाउँ अनुसार भिन्न हुन्छ । यो "MMI" इकाईमा नापिन्छ ।

यो म्याग्निच्युड अथवा रेक्टर स्केलको भूकम्पको कारण पृथ्वीको सतह कति बेगले कम्पन भयो र हाम्रा भौतिक संरचनाहरूमा के कस्तो प्रभाव पर्‍यो भन्ने चाहिं "MMI" मोडीफाइड मर्काली इन्टेन्सीटी वा तीव्रताको ईकाइमा मापन गरिन्छ । भूकम्प प्रभावित क्षेत्रहरूको विभिन्न स्थानमा पर्ने असरको तीव्रता तीन प्रमुख तथ्यहरूमा भर पर्दछ ।

१) केन्द्र बिन्दुदेखि प्रभावित स्थलसम्मको दूरी ।

२) केन्द्रबाट प्रभावित क्षेत्रसम्म भूकम्पीय कम्पन लहर प्रवाह हुने माध्यम ।

३) प्रभावित क्षेत्रको भौगर्भिक संरचना र भौतिक पूर्वाधारहरूको भूकम्प प्रतिरोध क्षमता ।</td><td>७ मिनेट

- परिमाण (Magnitude) र तिब्रता (Intensity) को भिन्न्ता व्याख्या गर्ने

- चिम बाल्दा बत्तिको प्रकाश चिमको दुरि अनुसार घट्दै जानेबारे छलफल गर्ने</td></tr>
</table>

<table>
<tr><th>श्रव्य-दृक्ष्य सामग्री</th><th>पाठको रुपरेखा</th><th>टिप्पणी</th></tr>
<tr><td></td><td>सामान्यतया यो श्रोतबाट जति टाढा गयो त्यति नै कम हुदै जान्छ । नरम माटोमा सारो माटोमा भन्दा तिब्रता बढि हुन्छ ।<br><br>१०० वाटको चिम बाल्दा १०० वाट भनेको परिमाण हो भने त्यसले दिने उज्यालो तिब्रता हो जुन चिमको दुरि अनुसार घट्दै जान्छ। ऐनाले बत्तिको टक पार्‍यो भने टाढा सम्म जान सक्छ । ऐनामा टकबाट टाढा सम्म उज्यालो दिए जस्तै कमजोर भौगर्भिक संरचना भएको ठाउमा भ”कम्पीयतिब्रता बढी हुने गर्दछ ।</td><td></td></tr>
<tr><td>चित्रपट १०</td><td>USAID NSET<br>नेपालका ऐतिहासिक भूकम्पहरु
<table>
<tr><th>वर्ष (वि. सं. )</th><th>महिना</th><th>वर्ष (वि. सं.)</th><th>महिना</th></tr>
<tr><td>१३१०</td><td>असार</td><td>१८६६</td><td>जेठ</td></tr>
<tr><td>१३१६</td><td></td><td>१८८०</td><td>यमपंचमी</td></tr>
<tr><td>१४६४</td><td>भदौ</td><td>१८९०</td><td>भदौ</td></tr>
<tr><td>१७३७</td><td>पुस</td><td>१८९१</td><td>असार</td></tr>
<tr><td>१७३८</td><td>जेठ</td><td>१९७३</td><td></td></tr>
<tr><td>१८२४</td><td>असार</td><td>१९८३</td><td>माघ</td></tr>
</table>
१९९० माघ २ गते सोमबार<br><br>वि.सं. १३१० को भूकम्पमा तत्कालिन राजा अवय मल्लको भूकम्पवाट मृत्यू भएको थियो । विभिन्न मितिमा नेपालमा ठूला भूकम्प गएका थिए। यो १३ वटा मुख्य भूकम्पलाई हेर्दा नेपालमा औसत करिव ७० देखि ८० वर्षको विचमा एउटा ठूलो भूकम्प गएको देखिन्छ ।</td><td>३ मिनेट<br><br>• नेपालका ऐतिहासिक भूकम्पहरुका बारेमा जानकारी दिने<br><br>• औसत करिव ७० देखि ८० वर्षको विचमा एउटा ठूलो भूकम्प हुन्छ भन्ने कुरामा केन्द्रित गर्ने</td></tr>
<tr><td>चित्रपट ११</td><td>USAID NSET<br>वि. सं. १९९० पछिका क्षति तथा असरहरु
<table>
<tr><th rowspan="2">मिति</th><th rowspan="2">परिमाण</th><th rowspan="2">केन्द्रविन्दु</th><th colspan="2">क्षति</th></tr>
<tr><th>पूर्ै भत्केका घर</th><th>मृत्यु</th></tr>
<tr><td>२०३७</td><td>६.५</td><td>बझाङ्ग</td><td>४०,०००</td><td>१८०</td></tr>
<tr><td>५/ ५ / २०४५</td><td>६.६</td><td>उदयपुर</td><td>८०,८९३</td><td>७२१</td></tr>
<tr><td>१/ ६ /२०६८</td><td>६.९</td><td>ताप्लेजुङ्ग</td><td>२०,०००</td><td>६</td></tr>
<tr><td>१२/ १ /२०७२</td><td>७६</td><td>गोरखा</td><td>६०४,९३०</td><td>८९७०</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>७४५,८२३</td><td>९,८७७</td></tr>
<tr><td colspan="3">सरदर प्रति वर्ष</td><td>२१,३१०</td><td>२४७</td></tr>
</table>
यो माथिको तथ्याङ्कलाई हेर्दा औसतमा प्रत्येक ७० देखि ८० वर्षको विचमा ठूलो भूकम्प नेपालमा गएको देखिन्छ। त्यसैले</td><td>३ मिनेट<br><br>• थप भूकम्पको दस्तावेजमा चर्चा गर्दै औसत मानविय क्षति र पूर्ण रुपमा भत्केका घरहरुलाई केन्द्रित गरि छलफल गराउने</td></tr>
</table>

| श्रव्य-दृक्ष्य सामग्री | पाठको रुपरेखा | टिप्पणी |
|---|---|---|
| | नेपालमा विगतमा धेरै भूकम्पहरु गएका थिए भने भविश्यमा पनि यस्ता विनाशकारी भूकम्पहरु जाने देखिन्छ ।<br><br>यस टेवलबाट औसतमा प्रति वर्ष २८० जना भूकम्पको कारणले ज्यान गुमाउनु परको देखिन्छ भने २१३१० आवासिय घरहरु पूर्ण रुपमा भत्केका छन् । | |
| चित्रपट १२ | <br><br>१९९० सालको भूकम्पले भक्तपुर र काठमाडौंका पुराना दरवार क्षेत्रहरुमा भएका क्षतिका तस्बिरहरु हुन । २०७२ सालको भूकम्पले पुन संरचनाहरु क्षेतविक्षत अवस्थामा पुऱ्याएका छन् । | २ मिनेट<br><br>• मठ, मन्दिर तथा संरचनामा भएको क्षेतिलाई केन्द्रित गर्ने |
| चित्रपट १३ | <br><br>१९८८ सालको उदयपूरको भूकम्पले र २०११ सालको सिक्किम-ताप्लेजुङ्गको भूकम्पले भएका क्षतिका तस्बिरहरु हुन् । ग्रामिण तहमा बनेको हल्का संरचनाको घर तथा भवनमा पनि भूकम्पले धेरै क्षति गरेको छ । | २ मिनेट<br><br>• ग्रामिण तहमा बनेको हल्का संरचनाको क्षतिलाई जोड दिने |

<table>
<tr><th>श्रव्य-दृक्ष्य सामग्री</th><th>पाठको रुपरेखा</th><th>टिप्पणी</th></tr>
<tr><td>चित्रपट १४</td><td>



२०७२ सालको गोरखा भूकम्पले भएका क्षतिका तस्बिरहरु हुन् । शहरी वस्तीहरुमा भूकम्पको त्रासबाट समुदायलाई अस्थायी बसोबास गराउने खाली जमिन पाउन जटिल भएको थियो । ग्रामिण वस्तीहरु भिर, पाखा र धेरै जोखीमयूक्त भएकाले अस्थायी बसोबास गराउनको लागि ज्यादै जटिलता सिर्जना भएको थियो । समुदायलाई खाद्यन्न लगायतका अत्यावसेक सेवा सुविधा उपलब्ध गराउन जटिल भएको थियो ।</td><td>२ मिनेट</td></tr>
<tr><td>चित्रपट १५</td><td>



यसरी हेदौ भूकम्पबाट नेपालमा मात्र नभएर अन्तराष्ट्रिय जगतमा पनि धेरै क्षेति गरको छ । जनवरी २०१० हाइटी भूकम्पको फोटो यहाँ हेर्न सकिन्छ । त्यसै गरी हालसालै अगस्ट २०१५ मा छिमेकी राष्ट्र चीनमा गएको भूकम्पवाट ति राष्ट्रहरुमा भएको भौतिक क्षेतिलाई यो पटमा हेर्न सकिन्छ । चित्रमा धेरै धनजनको क्षति भएको देखिन्छ ।</td><td>२ मिनेट<br><br>• अन्तराष्ट्रिय स्तरमा पनि समान रुपमा भूकम्पको जोखिम रहेको कुरा जोड दिने</td></tr>
</table>

| श्रव्य-दृक्ष्य सामग्री | पाठको रुपरेखा | टिप्पणी |
|---|---|---|

**चित्रपट १६**




TABLE 2.6: DISTRICT-WISE NUMBERS OF LOSS OF LIVES AND INJURIES

| District | Death | | | | |
|---|---|---|---|---|---|
| | Male | Female | Unknown | Total | Injured |
| Sindhupalchowk | 1,497 | 1,945 | 0 | 3,440 | 2,101 |
| Kathmandu | 621 | 600 | 1 | 1,222 | 1,218 |
| Nuwakot | 459 | 627 | 0 | 1,086 | 662 |
| Dhading | 340 | 393 | 0 | 733 | 952 |
| Rasuwa | 287 | 310 | 0 | 597 | 7,940 |
| Gorkha | 213 | 230 | 0 | 443 | 1,179 |
| Bhaktapur | 118 | 215 | 0 | 333 | 3,052 |
| Kavrepalanchowk | 129 | 189 | 0 | 318 | 229 |
| Lalitpur | 67 | 107 | 0 | 174 | 1,051 |
| Dolakha | 84 | 85 | 1 | 170 | 61 |
| Ramechhap | 56 | 23 | 0 | 39 | 135 |
| Makawanpur | 16 | 17 | 0 | 33 | 771 |
| Okhaldhunga | 10 | 10 | 0 | 20 | 230 |
| Sindhuli | 5 | 10 | 0 | 15 | 1,571 |
| Total of 14 districts | 4,862 | 4,759 | 2 | 8,623 | 21,161 |
| Moderately affected 17 districts | 26 | 18 | 0 | 44 | 1,142 |
| Other districts | 12 | 25 | 0 | 35 | |
| Total | 5,899 | 4,801 | 2 | 8,702 | 22,303 |

Source: [illegible]

यस पटमा २०७२ सालको गोरखा भूकप्पबाट मुख्य १४ र अन्य जिल्लामा भएको महिला, पुरुष र पहिचान नभएका मानिसको मृत्यू संख्या र घाईते व्यक्तिहरुको तथ्याङ्क प्रस्तुत गरिएको छ। जम्मा ८७०२ जनाको मृत्यू सनाखत र २२३०३ जना घाईते भएको नेपाल सरकार बाट पुष्टि गरेको छ।

**२ मिनेट**

- २०७२ सालमा भूकम्पवाट भएको मानविय क्षतिको बारेमा जानकारी गराउने

**चित्रपट १७**




- **भौगोलिक :**

भूकम्प सगै वा तत्काल हिमाली तथा पहाडी क्षेत्रहरुमा पहिरो जान्छ । ताल, ठूलो पोखरी, वा नदि क्षेत्रमा बाढी जान्छ । कमजोर भूभाग भएको स्थानमा भौगर्भिक चिराहरु पर्दछ । पानीको मूल सुक्ने, तथा यस्ता समस्याले गाऊँ घर वस्ती नै विस्थापित हुनुपर्ने समस्या सिर्जना हुन्छ ।


- **भौतिक :**

भूकम्प पस्चात धेरै घर भवन तथा संरचनाहरुको क्षति हुन्छ। कार्यालयहरु भत्कन्छन। सेवाहरु सुचारु गर्न धेरै समय लाग्दछ । गैरसंरचना सामग्रीको ठूलो मात्रामा क्षेति हुन्छ ।

**३ मिनेट**

- भूकम्पबाट हुने बहुक्षेत्रिय असरमा छलफल गर्ने

| श्रव्य-दृक्ष्य सामग्री | पाठको रुपरेखा | टिप्पणी |
|---|---|---|
| | तसर्थ व्यक्तिको रोजी रोटीको समस्या सिर्जना हुन्छ । विद्यालय संरचनाहरु भत्कन्छन् ।<br><br>• **मानवीय** :<br><br>मानिसहरुको ठूलो मात्रामा मृत्यु तथा चोटपटक लाग्छ । डर त्रासका कारण मानसीक विचलन तथा मानसीक रोग बन्दछ । धेरै मानिस परिवारको सदस्य गुमाउन वाध्य हुन्छन् । बालबच्चा टुहुरा हुन्छन् । धेरै महिला तथा पुरुष एकल हुन्छन् । मानिसको मानसिक विचलन हुन्छ ।<br><br>• **धार्मिक तथा सांस्कृतिक सम्पदामा क्षति** :<br><br>भूकम्पका कारण एक धार्मिक सस्कारवाट अर्को धर्म परिवर्तनको क्रम रहन्छ । मानिसहरुमा नास्तिक भावना बढ्न सक्छ । संस्कृती तर्फको मोह घट्छ । त्यसै गरी भूकम्प गएको वर्षमा वार्षिक संस्कृती मनाउने वा नमनाउने दुविधा सिर्जना हुन्छ । मन्दिरहरुको क्षेति हुन्छ ।<br><br>• **सामाजिक:**<br><br>सामाजिक संरचनामा पुनः विस्तार गर्न धेरै समय लाग्दछ । पुरातात्विक सम्पदा विग्रने, भाचिने, हराउने जस्ता असर पर्दछ । साथै शिक्षामा प्रत्यक्ष असर पर्दछ । बालवच्चाहरु पढ्न जान मान्दैनन् ।<br><br>• **आर्थिक:**<br><br>आर्थिक पक्षबाट हेर्दा रोजगारीको अभावमा परनिर्भरता सिर्जना हुन्छ । उत्पादन योग्य जमिनमा घरभवन निर्माण गरी उत्पादकत्वमा कमी हुन्छ । समग्रमा गरिबीमा वृद्दि र प्रतिकुल स्वास्थ्य अवस्था सिर्जना हुन्छ ।<br><br>• **राजनैतिक:**<br><br>राज्यमा भूकम्पको क्षति सगै राजनैतिक परिपाटीमा तथा शासन प्रणालीमा असर परिवर्तन आउन सक्छ । प्रतिकुल समयमा सहयोग गर्ने राजनेतिक पार्टी तर्फ मानिसको झुकाव रहन्छ । आर्थिक चलखेल सिर्जना हुन सक्छ । भने विभिन्न जटिल एजेण्डाहरु सगसगै राजनेतिक पार्टीहरुले अंगाल्न सक्छन् । | |

| श्रव्य-दृक्ष्य सामग्री | पाठको रुपरेखा | टिप्पणी |
|---|---|---|
| चित्रपट १८ | <br>सत्रको शुरुमा राखिएका उद्देश्यहरु सत्रको प्रस्तुतिमा सबै पुरा भए नभएको कुराको सत्रान्त पुनरावलोकन गर्नु पर्दछ । पुनरावलोकन विभिन्न तरिकावाट गर्न सकिन्छ । सहभागीहरुसंग नै सोधेर अर्न्तरक्रियात्मक रुपमा छलफल गरेर वा आफैले साराशंमा वताएर ।<br>सत्रको विषयवस्तुमाथि कुनै प्रश्न वा थप जिज्ञासा भए नभएको पनि जानकारी लिनु पर्दछ र भएमा जिज्ञासाहरुमा प्रकाश पार्नु पर्दछ । | २ मिनेट<br>• चित्रपटमा देखाए अनुसार एक एक गरेर उद्देश्य पुरा भए नभएको स्मरण गराउने र समीक्षा गर्ने<br>• सत्रको उद्देश्यहरुको पुनरावलोकन गर्दा बुझे नबुझेको सुनिश्चत गर्ने<br>• यो सत्रको विषयवस्तुमाथि कुनै प्रश्न वा थप जिज्ञासा छ वा छैन सोध्ने र |
| चित्रपट १९ |  | २ मिनेट<br>• अन्तर्क्रिया र धैर्यताको लागि धन्यवाद सहित सहभागीहरुसँग बिदा लिने<br>• आफ्नो सहयोगी प्रशिक्षकलाई पनि धन्यवाद दिने<br>सत्रको मूल्याङ्कन गरी दिन स्मरण गराउने |

**सामाजिक परिचालन तालिम कार्यक्रम**

**पाठयोजना तथा प्रशिक्षण निर्देशिका**

## सत्र १७: नेपालमा भूकम्पीय जोखिम तथा न्यूनीकरणका उपायहरु र पूर्वतयारी

**खण्डः** प्राविधिक पक्ष

**समयः** ६० मिनेट

**सामग्रीः** मल्टिमिडिया, प्रोजेक्टर, कम्प्युटर, पर्दा (प्रोजेक्सन स्क्रिन), चित्रपट, इजेल, फ्लीपचार्ट, मास्किङ्ग टेप, मार्कर (कालो, नीलो, रातो) पाठयोजना, सहभागी कार्यपुस्तिका



**सत्र परिचयः** नेपाल भूकम्पीय जोखिमको हिसावमा उच्च जोखिममा भएको विषय ईतिहासले देखाउछ। भौतिक संरचना निर्माण भूकम्प प्रतिरोधी निर्माण गर्नु एउटा पाटोको रुपमा रहन्छ भने अर्को तर्फ व्यक्तिगत, पारिवारीक र समुदाय स्तरको तयारी महत्वपूर्ण पक्ष हो। विभिन्न पूर्वतयारीको विषयको जानकारी लिन यो सत्र महत्वपूर्ण छ।

**मार्गदर्शनः** व्यक्तिगत, पारिवारीक र समुदायिक स्तरमा गरिने तयारीले समुदायमा हुने धेरै दुर्घटना र क्षतिलाई जोगाउन सहयोग गर्दछ।


**विशेष सावधानीः** भूकम्पीयपूर्वतयारीका लागि धेरै कृयाकलापहरु गर्नुपर्दछ । यस्ता कृयाकलापमा समुदायको सदस्यहरुले एकैचोटी धेरै सुधार र परिवर्तन हुन चाहदैनन् । तसर्थ परिवर्तन तथा सुधार गर्न विस्तारै क्रमिक रुपमा गर्न लगाउनुपर्दछ।

**सत्रको उदेश्यः** यो सत्र पछि हामी निम्न बुदाहरुको विषयमा समान बुझाईका साथ समुदायमा निम्न अनुसारको काम गर्न सक्नेछौ।

- भूकम्पबाट हुने जोखिम व्याख्या गर्न
- भूकम्पबाट हुने जोखिम न्यूनीकरणका मुख्य ३ स्तम्भ बयान गर्न

| श्रव्य-दृक्ष्य सामग्री | पाठको रुपरेखा | टिप्पणी |
|---|---|---|
| चित्रपट १ | <br> | **२ मिनेट**<br>• अभिवादन गर्ने<br>• आफ्नो परिचय दिने<br>• सत्रको परिचय दिने - विषयगत शिर्षक, लाग्ने समय, सञ्चालन विधि, प्रयोग हुने सिकाइ र सामग्रीको विषयलाई संक्षिप्तमा समेट्ने |
| चित्रपट २ | <br><br>यस सत्रको २ उदेश्यहरु रहेका छन् । | **२ मिनेट**<br>• यस सत्रको उद्देश्य प्रस्तुत गर्ने<br>अथवा<br>• सत्रको उद्देश्य सहभागीहरुबाट पढ्नको लागि अनुरोध गर्ने |
| चित्रपट ३ | <br><br>हाम्रो जस्तो कमजोर भौतिक संरचना भएका ठाउँमा भूकम्पहरूमा परी मर्नेहरूको ८० प्रतिशत कमजोर घर, विद्यालय वा कार्यालय भवन जस्ता भौतिक संरचनाको भग्नावशेषले किच्चिएर हुने गर्दछ । ८ प्रतिशत किच्चिएको | **३ मिनेट**<br>• भूइचालोले मान्छे मार्दैन भन्ने विषयमा बुझाउन |

| श्रव्य-दृक्ष्य सामग्री | पाठको रुपरेखा | टिप्पणी |
|---|---|---|
| | वा पुरिएको ठाउँबाट उद्दार नपाउँदा हुन्छ। त्यस्तै अर्को ८ प्रतिशत तत्काल उपचार नपाउँदा हुने र बाँकी केही प्रतिशतको मृत्यु भने भूकम्प पछि हुने आगलागीका कारण हुने अनुमान गरिएको थियो । यो अनुमान काठमाडौ उपत्यकामा आधारित थियो ।<br><br>२०७२ सालको गोरखा भूकम्पमा मर्नेहरुको लेखाजोखा गर्दा पनि के पाइएको छ भने ९८% को मृत्यु भवनले किच्चिएर भएको छ र बाकी २% को मृत्यु अन्य कारणले भएको छ।<br><br>त्यसैले भनिन्छ "भूकम्पले मानिस मार्दैन" तर मानिसले बनाएको कमजोर भौतिक संरचनाले भूकम्पको बेला ज्यान लिन्छ। | |
| चित्रपट ४ | <br><br>भूकम्पीय जोखिम न्यूनीकरणका प्रमुख उपायहरु भनेका **संरचनात्मक जोखिम न्यूनीकरण** र **भूकम्पीय पूर्वतयारी** गर्ने हुन् । संरचनात्मक जोखिम न्यूनीकरण गर्न सबै नयाँ बन्ने घरहरु भूकम्प थेग्ने बनाउनु पर्छ। तर सम्पूर्ण पहिले नै बनेको घरलाई भूकम्प थेग्ने बनाउनु पऱ्यो । त्यसैले बनिसकेका कमजोर घरहरुलाई भूकम्पीय प्रवलिकरण गरि भूकम्प थेग्ने बनाउनु पर्छ।<br><br>सबै घरहरु भूकम्प थेग्ने बनाउन धेरै समय लाग्न सक्छ, । त्यसैले तत्काल भूकम्प आइहाल्यो भने तुलनात्मक रुपमा सुरक्षित हुनको लागी भूकम्पीय पूर्वतयारी गर्न सकिन्छ । भूकम्पीय पूर्वतयारी अन्तर्गत गैरसंरचनात्मक जोखिम अल्पीकरण, भूकम्प हुनु भन्दा अघि, भूकम्पको समयमा र भूकम्पको लगत्तै पछि गर्नसक्ने क्रियाकलापहरु पर्दछन् । त्यसको बारेमा यहा हामी छलफल गर्छौं । | २ मिनेट<br><br>• स्तम्भहरुको व्याख्या गर्ने |

| श्रव्य-दृक्ष्य सामग्री | पाठको रुपरेखा | टिप्पणी |
|---|---|---|
| चित्रपट ५ |  <br>सामान्य बुझाईमा भूकम्प प्रतिरोधी भवन भनेको सबै तहको भूकम्प थेग्ने सक्ने सक्छ भन्ने बुझाई रहको पाईन्छ । तसर्थ भूकम्प प्रतिरोधी भवन भनेको सानो भूकम्पले घर तथा संरचनामा केही नहुने, मध्यम भूकम्पमा घर तथा भवन संरचना हल्लिने तर भवनमा खासै ठूलो क्षेति आउदैन । घरलाई मर्मत गरि बस्न सकिन्छ । यसै गरी ठूलो भूकम्पमा घरहरु पूर्ण क्षेति हुदैन । गल्र्यामगुर्लम ढल्दैन, मानविय क्षेति हुनबाट जोगीन्छ तर घरलाई मर्मत गरि बस्न सकिने नसकिने विषय विज्ञको अध्ययनबाट मात्र भन्न सकिन्छ । यस्तो किसिमको घरलाई भूकम्प प्रतिरोधी भवन भनिन्छ । यस्तो घर निर्माण गर्नको लागि सामान्य घर निर्माण भन्दा १० देखि १५ प्रतिशत मात्र धेरै लाग्दछ । | २ मिनेट<br><br>• भूकम्प प्रविधि घर भनेको के हो ? सोध्ने । |
| चित्रपट ६ |  <br>नयाँ तथा पुराना कमजोर संरचनाहरुलाई भूकम्प थेग्ने घर बनाउने तरीकालाई भूकम्पीय प्रबलिकरण भनिन्छ। हामीले हाम्रा कमजोर घरहरुलाई र अन्य संरचनाहरुलाई पनि भूकम्पीय प्रबलिकरण गरि विद्यमान जोखिमलाई घटाउन | ३ मिनेट<br><br>• पूराना कमजोर संरचनाहरुलाई कसरी भूकम्प थेग्ने बनाउने भन्ने बारे छलफल गराउने । |

| श्रव्य-दृक्ष्य सामग्री | पाठको रुपरेखा | टिप्पणी |
|---|---|---|
| | सक्छौं । भूकम्पीय प्रवलीकरणका विभिन्न विधिहरु छन् । यस मध्यमा एउटा ज्याकेटीङ्ग हो । चित्रमा देखाईएको छ । | |
| चित्रपट ७ | <br>भूकम्प जुनकुनै पनि समयमा आउन सक्छ । तसर्थ हामी बसिरहको, सुतेको समय, कार्यालयमा काम गरको बेला, साथीभाई चिया नास्ता गरी बसेको बेला, काम गरको समय, यात्राको बेला वा अध्ययन गरी रहेको जुनकुनै पनि समय भूकम्प आउन सक्ने भएकोले हामी जुनकुनै समयमा भ''कम्पीयपूर्वतयारी गर्न आवश्यक छ । | २ मिनेट<br>• सहभागीलाई भूकम्प कुन समयमा आउछ सोध्ने ? |
| चित्रपट ८ | <br>यस चित्रमा यो मुसो लाई भोक लागेर खान लागको छ तर यसलाई मार्नलाई साँचो तयार छ । मुसोलाई मरिन्छ भन्ने थाहा छ र हेलमेट प्रयोग गरि खाने तयारी गर्दैछ । यसैगरी हामीलाई पनि भूकम्प आउछ भन्ने राम्रो सँग थाहा छ । भूकम्पले हामीलाई मार्न सक्छ । तसर्थ मुसोले चित्रमा पूर्वतयारी गरे जस्तै हामीले पनि आफ्नो व्यवहारमा भ''कम्पीयपूर्व तयारी गर्नुपर्दछ । | २ मिनेट<br>• चित्र को सार के हो सोध्ने । |

<table>
<tr><th>श्रव्य-दृक्ष्य सामग्री</th><th>पाठको रुपरेखा</th><th>टिप्पणी</th></tr>
<tr><td>चित्रपट ९</td><td>


<br>
भूकम्पिय पूर्वतयारीलाई विभिन्न चरणमा हेर्न सकिन्छ । भूकम्प हुनुपूर्व, भईरहदा र पस्चात विभिन्न तहमा तयारी गर्नु जरुरी छ। यसलाई तालिकामा राखिएको छ। यसको विस्तृत व्याख्या पछाडीको सत्रहरुमा हुनेछ।</td><td>२ मिनेट<br><br>• पटमा छलफल गर्ने</td></tr>
<tr><td>चित्रपट १०</td><td>


<br>
भूकम्पीय पूर्वतयारी अन्तर्गत सबैले सिकिराख्नु पर्ने सरल सीप भनेको "घूडा टेकि गुडुल्कि ओत लागी समात" हो ।<br><br>
आफु रहेको ठाउँ पत्ता लगाउनुहोस । खुल्ला ठाउँमा भए अग्ला घर, टावर, पोल रुखबाट पर रहनुहोस, कुनै पनि हालतमा घरभित्र नजानुहोस । घरको भइतलामा, ढोकाको आसपासमा भए र बाहिर खुल्ला ठाउँ छ भने होसियारी पुर्वक खुल्ला ठाउँमा जानुहोस ।<br><br>
भूकम्प भईरहेको वेलामा जमिनको कम्पन धेरै हुन्छ। घरको भित्री भाग वा माथिल्लो तलामा भए हामी भाग्ने वा दौडन सक्ने संभावना अत्याधिक कम हुन्छ र यदि हामी दौडने हो भने लड्ने र दुर्घटना हुने संभाबना पनि अत्याधीक हुन्छ। अर्को तर्फ हामी हिड्दा सामाग्री खसेर वा घरभत्केर घाईते</td><td>२ मिनेट</td></tr>
</table>

| श्रव्य-दृश्य सामग्री | पाठको रुपरेखा | टिप्पणी |
|---|---|---|
| | हुने संभावना पनि हुन्छ। त्यसैले हामी यस्तो अवस्थामा जहाँ वसिरहेका छौ त्यही ठाउमा सुरक्षित स्थान खोजेर वस्नु पर्दछ । यसरी वस्दा हाम्रो शरिरलाई सकेसम्म सानो बनाई संवेदनशिल अंगहरुलाई जोगाई टाउकोमा हातले छोपेर वस्नुपर्छ। यस्तो बसाईलाई हामी “घुँडा टेकी गुडुल्की ओत लागी समात” भनेर भन्दछौ।माथि तस्विरमा भूकम्प भईरहदा विभिन्न आसनमा वसेको हामीले देख्दछौ । यदि हामी वसीरहेको ठाउमा टेवल वा कुर्चि छ भने टेवल वा कुर्चि भित्र पसेर यस्तो आसनमा बस्नुपर्दछ र एउटा हातले टेवललाई पनि समात्नुपर्छ । तर सबै ठाउमा टेवल वा कुर्चि नहुने भएकोले हामीले जहाँ जे सामाग्री छ त्यहीँ सामाग्रीको प्रयोग गरी शरिरलाई सानो बनाएर यही आशनमा बस्नुपर्छ र आत्तिनु वा आवेशमा आउनुहुदैन, लामो स्वास लिदै विस्तारै छोड्दै जानुपर्छ। भूकम्प नरोकिए सम्म त्यही आसनमा बस्नु पर्छ। कहिलै पनि भाग्ने वा दौडने गर्नुहुदैन ।<br><br>भूकम्पीय पूर्वतयारी अन्तर्गत पर्ने अर्को सीप भनेको “प्राथमिक उपचार तथा सरल खोज उद्धार” हो। प्राथमिक उपचार सीप सिकिरहेको खण्डमा भूकम्पमा घाइते भएका मान्छेहरुलाई प्राथमिक उपचार दिन सकिन्छ। त्यस्तै सरल खोज उद्धार सीप सिकिरहेको खण्डमा भूकम्पमा च्यापिएका मान्छेहरुको खोज उद्धार गर्नमा मद्दत पुऱ्याउन सकिन्छ।<br><br>भूकम्प गइरहेको बेला के गर्ने, भूकम्प रोकिए पछि कहा जम्मा हुने, कसरि घर बाहिर निस्कने, बाहिर कता जम्मा हुने जस्ता भूकम्प प्रतिकार्य योजना बनाइरहनु पर्छ तथा समय समयमा त्यसको प्रावधिक अभ्यास पनि गरिरहनु पर्छ। | |
| चित्रपट ११ |  | २ मिनेट<br><br>• सहभागीलाई घरको कुन भाग सुरक्षित र असुरक्षित हुन्छ होला ? भनेर सोध्ने<br>• सहभागीलाई नक्सा हेर्न लगाउने |

<table>
<tr><th>श्रव्य-दृक्ष्य सामग्री</th><th>पाठको रुपरेखा</th><th>टिप्पणी</th></tr>
<tr><td></td><td>

यो घरको नक्सा हो । यसमा जम्मा ४ कोठा छन् । जसमा एक किचन भऱ्याङ्ग सगै जोडिएको छ भने बैठक कोठा पनि किचन सग जोडिएको छ । २ वटा सुत्ने कोठाहरु छन् ।

भ''कम्पीयपूर्वतयारीको लागि सबै भन्दा पहिले हामी हाम्रो घरभित्रको कुन ठाउ सापेक्षित वा तुलनात्मक रुपमा सुरक्षित र कुन ठाँउ असुरक्षित छ भनेर जानकारी लिनु पर्छ। बायाको तस्विरमा देखाइए जस्तै  भूकम्पमा घर भत्कदा घरको भित्री भागभन्दा बाहिरी भाग पहिले भत्कन्छ । घरको भित्री भागभन्दा बाहिरी भाग तुलनात्मक रुपमा सुरक्षित हुन्छ।

यो तस्विरमा रातो रंगले लगाएको ठाउँहरु सापेक्षित रुपमा असुरक्षित स्थान हो र हरियो रंङ्ग लगाइएको स्थान सापेक्षित रुपमा सुरक्षित स्थानहरु हो। भूकम्पको समयमा हाम्रो घरको भऱ्याङ्ग, वाहीरी गाऱ्हो (फोटोमा देखाउने) झ्याल र सिसाको सामाग्री भएको स्थान असुरक्षित स्थान हो। त्यसै गरी घरको भित्री गाऱ्हो, ढोकाको चौकोस जस्ता ठाउँ सापेक्षित रुपमा सुरक्षित स्थान हो ।

</td><td></td></tr>
<tr><td>चित्रपट १२</td><td>




ठूलो भूईचालो आईसकेपछिको अवस्था अकल्पनीय हुन्छ । भूईचालो पछि खानपान, लत्ताकपडा र अत्यावश्यक सामाग्रीको अभाव हुन्छ । यस्तो संवेदनसिल अवस्थालाई सहज गराउनको लागी अत्यावश्यक सामाग्री राखिएको एउटा झोला हामीले सधै तयारी अवस्थामा राखिनु पर्दछ। यसलाई हामी "भूईचालो झटपट झोला" भन्दछौ । यस झोलामा अत्यावसेक सामाग्रीहरु राख्नुपर्छ । जस्तै २/३ दिनको लागी पुग्ने सुख्खा खाना-खाजाहरु, पिउने पानी, पानी सुद्दिकरण गर्ने क्लोरीन झोल (पिउस), नागरीकता, पासपोर्ट, जग्गाको लालपूर्जाको फोटोकपी, टर्चलाईट, २/३ जोर कपडा, सामान्य टाउको दुख्दा वा ज्वरो आउदा खाने औसधीहरु, बहुउपयोगी

</td><td>

३ मिनेट

- पहिले देख्नु भएको थियो वा थिएन सोध्ने



</td></tr>
</table>

| श्रव्य-दृक्ष्य सामग्री | पाठको रुपरेखा | टिप्पणी |
|---|---|---|
| | चक्कु साथै धेरै समय अत्यासलाग्दो अवस्थामा वस्न गाऱ्हो हुने भएकोले सामान्य मनोरञ्जनको लागी "लुडो" खेलको सेट आदी सामाग्री राखेर हामी घरवाट वाहीरीने स्थानमा राख्नु पर्दछ। भुईचालो आईसकेपछि वाहिरीने क्रममा हामीले यो झोला पनि सँगसँगै लिएर निस्कनु पर्दछ। यसले हामीलाई राहत टोली नआईन्जेल सम्म जिविकोपार्जनमा सहयोग गर्दछ।<br><br>यसैगरी आपतकालिन समयमा आफ्नो परिवार र छिमेकीलाई उद्दार गर्नको लागि आपतकालिन घरायसी बचाउ बाकस राख्नु पर्दछ। यस बाकसमा सामान्य घरको ढोका, झ्याल त्रिपट भएर खोल्न नसकिएमा खोल्नको लागि आवश्यक पर्ने गल, सावेल, हेक्सा, कोदालो, कटन डोरी लगाएतको सामग्रीलाई राख्नु पर्दछ। तसर्थ सानो सहयोग बाट धेरैको ज्यान जोगाउन सकिन्छ। यो बाक्सा आफ्नो घरको कम्पाउण्ड भित्र राख्नु पर्दछ। यसमा रहेका सामग्रीहरु दैनिक घरायसी प्रयोजनको लागि पनि प्रयोग गर्न सकिन्छ तर प्रयोग पस्चात पुनः सफा गरेर सोही बाकसमा राख्नु पर्दछ। | |
| **चित्रपट १३** | <br><br>भूईचालो जुनकुनै पनि समयमा आउने हुनाले हामी र हाम्रो परिवारको सदस्यहरु एकै ठाउमा भएको अनुकुल मिल्दैन। हामी परिवारको सदस्यलाई भेट्न यथासक्य छिटो भेट्न खोज्छौ तर यस्तो वेलामा मोवाईलले पनि राम्रो सँग काम गर्न सक्दैन, सम्पर्क विहिन हुन्छौ र आत्तिन्छौ। त्यसैले हामीले भुईचालो पस्चात कहाँ भेट्ने भन्ने कुरा हाम्रो परिवारका सदस्यसँग छलफल गरी भूईचालो पछिको सम्पर्क स्थानको योजना पहिले नै बनाई राख्नु पर्छ। यसो गर्दा हामीले हाम्रो परिवारको सदस्य सँग सहजरुपमा संम्प र्क गर्न सक्छौ भने त्यहाँ नआएका सदस्यहरुलाई थप खोजकार्यको लागि जुट्न सक्छौ। यस्तो योजना परिवारको सदस्य र आफ्नो | **३ मिनेट**<br><br>• सहभागीलाई उनिहरुको समुदायमा आपतकालिन समयमा भेट्ने कुनै स्थान छ कि छैन सोध्ने |

<table>
<tr><th>श्रव्य-दृक्ष्य सामग्री</th><th>पाठको रुपरेखा</th><th>टिप्पणी</th></tr>
<tr><td></td><td>समुदायका सदस्यहरुसँग बसेर गर्नुपर्छ । यसो गर्दा आफू, परिवार र समुदायका सबै व्यक्ति को सुरक्षित रहन सके वा कसलाई थप खोज कार्य गर्नुपर्छ भन्नेकुरा तुरुन्त थाहापाउन सक्छौ ।</td><td></td></tr>
<tr><td>चित्रपट १४</td><td>



भूकम्पको समयमा पारिवार, नातागोता र छिमेकीहरुको सम्पर्कको लागि समस्या हुन्छ । यसरी सहजताको लागि आफ्नो शहर भित्र भएका परिवार तथा नाताहरुमा भन्दा टाढा रहेको सदस्यहरुलाई सम्पर्क गर्न सजिलो हुने हुन्छ । जस्तो कि काठ्माण्डौ बाट सम्पर्क गर्नको लागि नेपालगञ्ज तर्फ कोही सदस्य छन् भने सहज तरिकाले सम्पर्क हुन्छ । त्यस्तै गरि अन्तराष्ट्रिय स्तरमा सम्पर्कको लागि सजिलो सँग सम्पर्क गर्न सकिने हुन्छ । तसर्थ यस्तो अवस्थामा आफू सुरक्षित रहेको विषय टाढा रहेको सदस्यलाई जानकारी गराउन उचित हुन्छ ।<br><br>
यसै गरी आपतकालिन समयको लागि सहज ढंगबाट नाम थाहा पाउनको लागि आपतकालिन सर्म्पर्क (Incase of Emergency) को रुपमा नम्वरहरु सुरक्षित (save) गर्नुपर्छ मोबाईलमा । यसले आपतको समयमा सर्म्कलाई सुरक्षित गराउछ । मोवाईलमा नम्वर राख्दा मेरो आमा, बाबा, श्रीमती भनेर सुरक्षित गर्दा सहज रुपमा अरुले पनि सम्पर्क गरिदिन सक्छन् ।<br><br>
हतासमा सम्पर्क गर्दा चित्रमा जस्तो टेलिफोन सेट उल्टो उठ्छ । साथै मोवाईलमा पनि नम्वर गलत डायल हुन्छ ।</td><td>२ मिनेट<br><br>• चित्रमा के देख्नु भएको छ ? सोध्ने ।</td></tr>
</table>


<table>
<tr><th>श्रव्य-दृक्ष्य सामग्री</th><th>पाठको रुपरेखा</th><th>टिप्पणी</th></tr>
<tr><td>चित्रपट १५</td><td>
<br>भूकम्प गएको थाहा पाउने बित्तिकै गर्नुपर्ने कार्यहरुबारे बताउने ।</td><td>३ मिनेट<br>• पटमा उल्लेख गरिएको बुदाहरु प्रस्तुत गर्ने<br><br>अथवा<br><br>• सत्रको उद्देश्य सहभागीहरुबाट पढ्नको लागि अनुरोध गर्ने</td></tr>
<tr><td>चित्रपट १६</td><td>
<br>घरको भित्री भाग वा माथिल्लो तलामा भए “घुँडा टेकी गुडुल्की ओत लागि समात” गर्नुपर्नुपर्छ । यसबाट मानिसहरु धेरै सुरक्षित रहन्छन् । यस्तो अभ्यासले आफ्नो शरिरको संवेदनसिल अंगहरुलाई जोगाउन सकिन्छ ।</td><td>३ मिनेट<br>• “घुडा टेकी गुडुल्की ओत लागी समात” गर्नुपर्ने र यसको तरिका बारे बताउने<br>• क्रमश: बुदाहरुलाई भन्दै जाने</td></tr>
</table>

| श्रव्य-दृक्ष्य सामग्री | पाठको रुपरेखा | टिप्पणी |
|---|---|---|
| चित्रपट १७ | <br><br>विभिन्न विधिबाट “घुँडा टेकी गुड्ल्की ओत लागी समात” गर्न सकिन्छ । केही विधिहरु देखाइएको छ । | ३ मिनेट<br>• “घुँडा टेकी गुड्ल्की ओत लागि समात” गर्ने तरिका फोटोहरुमा देखाउने |
| चित्रपट १८ | <br><br>आतिएर समस्या समाधान हुदैन त्यसैले एक छिन शान्त रहने, लामो श्वास लिने र आफू बान्चे कुरामा विश्वास गर्नुपर्दछ । आत्तिने र चिच्चाउनाले धेरै छिटो थाकिन्छ र कमजोर भईन्छ । त्यसैले उद्वार कर्ताको संकेतको प्रतिक्षा गर्ने र सिटीको सहायताले आफु रहेको थाहा दिनु पर्दछ । यदि आफु संग सिठी छैन र सामग्रीलाई हिर्काएर आवाज दिन सकिन्छ भने पनि आवाज दिनुपर्दछ । | ३ मिनेट<br>• घरको भित्र फस्नु भएको छ, च्यापिनु भएको छ भने के गर्ने भनेर सोध्ने |

| श्रव्य-दृक्ष्य सामग्री | पाठको रुपरेखा | टिप्पणी |
|---|---|---|
| चित्रपट १९ | <br>भूकम्प जादा यदि घर बाहिर हुनुहुन्छ भने सकेसम्म नजिकको खुला ठाउँमा जानुहोस् । शहरमा हुनुहुन्छ र नजिकमा खुला ठाउँ छैन भने सम्भव भए पुरानो घरहरुको ढोकाको चौकोस मुनि बस्नुहोस् । साघुँरा गल्लीमा नहिड्नुहोस् । विजुली, टेलिफोनको तारहरु हेरी विचार गर्नुहोस र तुलनात्मक रुपमा सुरक्षित ठाउमा जानुहोस । | २ मिनेट |
| चित्रपट २० | <br>भूकम्प जादा यदि सवारी साधन चलाईरहनु भएको छ भने हतारमा नरोक्ने, बिस्तारै रोक्ने । पुल, टावर, अग्ला रुख र अग्ला भवनबाट टाढा रहनुहोस् । यस्तो संरचनाहरु कमजोर हुन्छन् र भूकम्पका दृष्टिले जोखिम पूर्ण हुन्छन् । आफु चढेको साधनको चालकलाई पनि त्यस्तो अवस्थामा नअत्तालिकन विस्चारै सुरक्षित ठाउमा रोक्न लगाउनुपर्छ । | २ मिनेट<br>• यातायात चढ्दा वा चलाउदा के गर्नुपर्छ भनि सोध्ने |

| श्रव्य-दृक्ष्य सामग्री | पाठको रुपरेखा | टिप्पणी |
| --- | --- | --- |
| चित्रपट २१ | <br>खाना बनाईरहेको अवस्थामा भूकम्प गएमा तत्कालै सकेसम्म आगो निभाउने, ग्यास बन्द गर्ने, बत्तीको मेन लाइन निभाउने, पानीको मेन लाइन बन्द गर्ने गर्नुपर्छ। **तर आफु घर बाहिर भएको वा घर बाहिर निर्सकिसकेको भए कदापि पनि फेरि घरभित्र छिरेर यी कार्यहरु गर्ने होइन।** | २ मिनेट |
| चित्रपट २२ | <br>घाइते तथा च्यापिएका, पुरिएका व्यक्तिहरुलाई मद्दत गर्नुहोस् तर तालिम लिएको भए मात्र घाईतेहरुलाई प्राथमिक उपचार गर्नुहोस् । खोजी तथा उद्वार कार्य र प्राथमिक उपचार गर्दा ध्यान दिनुपर्ने कुराहरु बताउनुस् । | २ मिनेट<br>• पटमा उल्लेख गरिएका बुदाहरु क्रमश: बताउने |

| श्रव्य-दृश्य सामग्री | पाठको रुपरेखा | टिप्पणी |
|---|---|---|
| चित्रपट २३ |  <br>भूकम्पको समयमा कहिलै गर्न नहुने कुराहरु पनि छन् । त्यस मध्ये भूकम्पले क्षतिग्रस्त भएको घरभित्र दक्ष प्राविधिकले सुरक्षित छ भन्ने निर्क्योल नगरेसम्म घरभित्र जाने सामाग्रीहरु खोज तथा व्यवस्थापन गर्न हुदैन् । यसैगरी आत्तिने र अरुलाई पनि अत्याउने गर्नु हुदैन । हामी भूकम्पको समयमा आफूस्वंय धेरै आत्तिन्छौ अनि अरुलाई अत्याउछौ । आत्तिएर बार्दली, कौशी वा झ्यालबाट फाल हाल्ने काम कहिलै गर्नु हुदैन । त्यसैगरी हैल्लाहल्लैमा लागेर हल्ला फैलाउने र अनावश्यक टिका टिप्पणी गर्ने काम पनि गर्छौ, यस्तो गर्नु हुदैन । यसले समुदायमा अनावश्यक भ्रम तथा त्रास फैलन्छ फलस्वरुप अर्को ठूलो दुर्घटना हुन सक्ने भएकोले यस्तो काम कहिलै गर्नु हुदैन । | २ मिनेट<br>• कसैलाई पनि अत्याउन हुदैन भन्ने जानकारी दिने |
| चित्रपट २४ |  <br>भूकम्पको विषयमा मानिसहरु सँग मजाक गर्न हुदैन । सामान्य मजाक गर्दा यो भिडीयो जस्तै मान्छेको ज्यान नै जान सक्छ । | २ मिनेट<br>• झ्यालबाट हाम्फालेको भिडियो देखाउने |

| श्रव्य-दृक्ष्य सामग्री | पाठको रुपरेखा | टिप्पणी |
|---|---|---|
| चित्रपट २५ | <br>सत्रको शुरुमा राखिएका उद्देश्यहरु सत्रको प्रस्तुतिमा सबै पुरा भए नभएको कुराको पुनरावलोकन गर्नु पर्दछ। पुनरावलोकन विभिन्न तरिकावाट गर्न सकिन्छ । सहभागीहरुसंग नै सोधेर अन्तर्रक्रियात्मक रुपमा छलफल गरेर वा आफैले साराशंमा वताएर ।<br><br>सत्रको विषयवस्तुमाथि कुनै प्रश्न वा थप जिज्ञासा भए नभएको पनि जानकारी लिनु पर्दछ र भएमा जिज्ञासाहरुमा प्रकाश पार्नु पर्दछ । | २ मिनेट<br><br>• चित्रपटमा देखाए अनुसार एक एक गरेर उद्देश्य पुरा भए नभएको स्मरण गराउने र समीक्षा गर्ने<br>• सत्रको उद्देश्यहरुको पुनरावलोकन गर्दा बुझे नबुझेको सुनिश्चत गर्ने<br>• यो सत्रको विषयवस्तुमाथि कुनै प्रश्न वा थप जिज्ञासा छ वा छैन सोध्ने र |
| चित्रपट २६ |  | १ मिनेट<br><br>• सत्रको मूल्याङ्कन गर्न लगाउने र धन्यवाद सहित बिदा माग्ने |

**सामाजिक परिचालन तालिम कार्यक्रम**

**पाठयोजना तथा प्रशिक्षण निर्देशिका**

# सत्र १८: गैरसंरचनात्मक अल्पीकरण

**खण्डः** प्राविधिक पक्ष

**समय :** ६० मिनेट

**सामग्रीः** मल्टिमिडिया प्रोजेक्टर, कम्प्युटर, पर्दा (प्रोजेक्सन स्क्रिन), चित्रपट, इजेल, फ्लीपचार्ट, मास्किङ्ग टेप, मार्कर (कालो, नीलो, रातो), पाठयोजना, सहभागी कार्यपुस्तिका



**सत्र परिचयः** भूकम्पबाट मानिसको मृत्यु तथा घाइते हुनका लागि भवन पूर्णरुपमा क्षति हुनु सधैं आवश्यक छैन । भूकम्पमा संरचनाहरु नभत्केको अवस्थामा पनि आत्तिएर भागदौड गर्दा चोटपटक लागेको र ज्यान समेत गएको देखिन्छ । घर भत्किएर मात्र जनधनको क्षति हुने नभइ भूकम्पको समयमा घरभित्र मानिसको सरसुविधा तथा सजावटका लागि राखिने दराज, पंखा, गमला जस्ता गैरसंरचनात्मक वस्तुहरु लड्ने, फुट्ने र पल्टनाले पनि जनधनको क्षति हुने गर्दछ । भूकम्प एक प्राकृतिक प्रकोप हो र यसलाई रोक्न सकिदैंन । तर भूकम्पबाट हुन सक्ने जनधनको संभावित क्षतिलाई जोखिम अल्पीकरणका विधिहरुद्वारा धेरै हदसम्म घटाउन सकिन्छ । आवासीय भवनहरुमा गैरसंरचनात्मक जोखिम अल्पीकरणले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । यस सत्रमा आवासीय भवनहरुको गैरसंरचनात्मक वस्तुहरुको जोखिम तथा अल्पीकरण गर्ने बारेमा थाहा पाउन सकिन्छ ।

**मार्ग दर्शनः** घरको संरचनात्मक र गैरसंरचनात्मक वस्तुहरुको बारेमा आफू स्पष्ट हुनुपर्छ र सोही अनुसार प्रष्ट बुझिने गरी छुट्याउनुपर्दछ ।

**विशेष सावधानीः** संरचनात्मक र गैरसंरचनात्मक वस्तुहरु एकै प्रकारको सामग्री पनि स्थान अनुसार फरक रुपमा गणना गरिन्छ । जस्तै गारोवाला घरमा झ्याल संरचना हो भने पिलरवाला घरमा गैरसंरचनात्मक सामग्री हो ।


**सत्रको उद्देश्यः** यो सत्र पछि सहभागीहरु निम्न बुँदाहरुको विषयमा समान बुझाइका साथ छलफल गर्न र समुदायमा कार्य गर्न सक्षम हुनेछन् ।

- गैरसंरचनात्मक वस्तुको परिभाषा बताउन
- गैरसंरचनात्मक जोखिम र अल्पीकरणका उपायहरु बताउन

| श्रव्य-दृक्ष्य सामग्री | पाठको रुपरेखा | टिप्पणी |
|---|---|---|
| चित्रपट १ | <br> | **२ मिनेट**<br>• अभिवादन गर्ने<br>• आफ्नो परिचय दिने<br>• सत्रको परिचय- विषयगत शिर्षक, लाग्ने समय, सञ्चालन विधि, प्रयोग हुने सिकाइ, सामग्रीको विषयमा संक्षिप्त जानकारी दिने<br>• कार्यपुस्तिकाको बारेमा उल्लेख गर्ने<br>• सहयोगी प्रशिक्षकहरुको परिचय दिने |
| चित्रपट २ | <br><br>यस सत्रमा दुई वटा उद्देश्यहरु रहेका छन् । घरमा भएका गैरसंरचनात्मक जोखिमहरु के-के, कसरी र कति रहेका छन् त्यो थाहा पाई पत्ता लगाउन सकिन्छ । यसको साथै ती जोखिमहरुलाई हामीले कसरी अल्पीकरणका उपायहरु गर्न सकिन्छ भन्ने थाहा पाउन सकिन्छ । | **१ मिनेट**<br>• यस सत्रको उद्देश्य प्रस्तुत गर्ने<br>अथवा<br>• सत्रको उद्देश्य सहभागीहरुबाट पढ्नको लागि अनुरोध गर्ने |


<table>
<tr>
<td>चित्रपट ३</td>
<td>


</td>
<td>
५ मिनेट<br>
• एक छिन सहभागीहरुसँग हाम्रो घर भित्र र बाहिर के के सामानहरु राखिएका छन् छलफल गर्ने ।
</td>
</tr>
<tr>
<td>चित्रपट ४</td>
<td>


घरको भार लिने हिस्साहरु जस्तै कि पिलरवाला घरमा विम, पिलर र स्लाब अनि गारोवाला घरमा  गारो, छतहरु घरका संरचनात्मक वस्तुहरु हुन् ।
अरु बांकी सबै जस्तै कि सोफा, टेवल, कुर्सी, खाट, दराज, भित्तामा झुन्ड्याएको चित्र, फ्रिज, ग्यास, चुल्हो, गमला, पानी ट्याङ्की आदि गैर-संरचनात्मक वस्तुहरु हुन् ।
</td>
<td>
५ मिनेट<br>
• अब एक छिन हाम्रो घर तथा अफिसमा हामीले के गरिरहेका छौं, हेरौं है त ।<br>
• घरमा संरचनात्मक र गैर संरचनात्मक वस्तुहरु कसरी छुट्याउने भनेर सोध्ने ।
</td>
</tr>
<tr>
<td>चित्रपट ५</td>
<td>


</td>
<td>
५ मिनेट<br>
• परिभाषा बताउने
</td>
</tr>
</table>

चित्रपट ६




**जीवन क्षतिः** भूकम्पको समयमा खसेर, पल्टेर, फुटेर मानिसलाई चोटपटक पुऱ्याउन तथा ज्यानै पनि लिन सक्ने गरी चोटपटक लाग्न सक्छ। जस्तै ठूला ठूला सिसाहरु, अग्ला र गह्रौं दराज तथा ऱ्याक, छतमा झुण्ड्याइएका पंखा, बत्तीहरु, फल्स सिलिङ्ग, पार्टिसन गारो, दराजमा राखिएका सजावटका सामानहरु । कतिपय भूकम्पमा भएका मानवीय क्षति मध्ये गैरसंरचनात्मक जोखिमबाट हुने क्षति ५०% सम्म भएको देखिएको छ । गैर-संरचनात्मक बस्तुहरु खसेर लागेर मान्छे घाइते भएका र कतिपय अवस्थामा मृत्यु समेत भएका थुप्रै उदाहरण छन् ।

**सम्पत्तिको क्षतिः** भुकम्प जांदा भवनको संरचना बलियो भए पनि गैर-संरचनात्मक वस्तुको ख्याल गरिएको छैन भने गैर-संरचनात्मक बस्तुको क्षति हुनगई धन-जनको नाश हुन जान्छ । हाम्रो घरमा रहेका गैरसंरचनात्मक वस्तुहरु जस्तै टि.भी.,कम्प्युटर, फ्रिज, माइक्रोओभन आदि भूकम्पको समयमा क्षतिग्रस्त हुन सक्छन् । यी बहूमुल्य सामानहरु हुन् । भूकम्पवाट यस्तो सम्पत्तिको क्षति एउटा घरमा भएको सम्पूर्ण क्षतिको करिब एक तिहाइसम्म हुन्छ जुन ठूलो क्षति हो । त्यस्तै गैर-संरचनात्मक बस्तुको क्षतिले सम्पतिको नोक्सानी पनि गराउछ ।

**सेवा सुविधा सञ्चालनमा बाधाः** सेवा सुविधा सञ्चालन गर्नमा प्रयोग हुने गैरसंरचनात्मक वस्तुहरु जस्तैः पानीको पाइप, बिजुलीका तार, ग्यासका पाइपहरु पनि भूकम्पमा

फुट्ने, चुँडिने हुन सक्छन् । यस्तो अवस्थामा तिनीहरुबाट संचालित बत्ती, फ्रिज, टि.भी., कम्प्यूटर आदिबाट नियमित रुपमा गर्नु पर्ने कार्य गर्न सकिदैन र असहज स्थिति सृजना हुनसक्छ । गैर-संरचनात्मक वस्तुको क्षतिले भवन बाहिर निस्कने मार्गहरु अबरुद्ध हुनगई उद्दार कार्यमा पनि कठिनाई उत्पन्न हुनजान्छ ।

५ मिनेट


**चित्रपट ७**




बिगतमा संसार भरिका भुकम्पमा चोटपटक र मृत्यु हुनका कारणको लेखाजोखा गरेर हेर्दा के पाइयो भने ५०% चोटपटक र मृत्युको कारण गैरसंरचनात्मक क्षतिले रहेछ, ४०% चोटपटक र मृत्युको कारण संरचनात्मक क्षतिले रहेछ र १०% चोटपटक र मृत्युको कारण दुबै क्षतिले रहेछ । यसले गैरसंरचनात्मक क्षति न्यूनीकरण कतिको महत्वपूर्ण छ भन्ने देखाउदछ ।

**५ मिनेट**


**चित्रपट ८**





**हटाउने, सार्ने**: हामीले जगेडा तथा मर्मत गर्नुपर्ने फर्निचर र अन्य सामानहरु, सवारी साधन (मोटर साइकल, साइकल), प्रज्वलनशील पदार्थ जस्तैः एसिड, मट्टितेल, पेट्रोल, ग्यास सिलिण्डर पनि आवतजावत गर्ने भऱ्याङ्ग, प्यासेज, करिडोर, छिंडीमा त्यसै थन्काएका हुन्छौं । यसले साधारण अवस्थामा पनि आवतजावत गर्नको लागि असजिलो भइरहेको हुन्छ । भूकम्प पछि घरबाट निस्केर सुरक्षित स्थानतिर जाँदा यसरी बाटोमा राखिएको सामग्रीले हामीलाई अल्झाउने र थप जोखिम बढाउने हुन्छ । किनकी यिनै सामग्रीहरुमा अल्झिएर हामीलाई चोटपटक लाग्न सक्छ । सामग्रीहरु लडेर बाटो अवरुद्ध पनि गर्नसक्छ । आगलागी जस्तो अर्को जोखिम निम्त्याउने संभावना पनि हुन्छ ।

**५ मिनेट**

| | | |
|---|---|---|
| | **स्थान परिवर्तन गर्नेः** सामग्रीहरु राख्दा गर्‍हौं सामग्रीहरु र्‍याकको तल्लो खण्ड वा तख्तामा र हल्का सामग्रीहरु माथिल्लो खण्डमा राख्नु पर्दछ । यसरी सामानहरुलाई ठाउँ साटि दिनाले मात्र पनि भूकम्पको समयमा जनधनको क्षति हुनबाट जोगाउन सकिन्छ ।<br><br>**हलचल नियन्त्रण गर्नेः** हामीले घरमा प्रयोग गर्ने ग्यासका सिलिण्डरहरु, प्रज्वलनशील वस्तुहरु भण्डारण गर्नुपर्ने बाध्यता छ, जसले गर्दा आगलागीको खतरा अझ बढेको छ । पाङ्ग्रा जडित कुर्सी, टेबलहरु भूकम्पको हल्लाईसँगै गुड्ने गर्दछन् । यस्ता वस्तुहरु घरमा राख्दा नसर्ने र नहल्लिने गरी नाइलनको फित्ता वा फलामको सिक्रीले राम्रोसँग भित्तामा बाँध्नुपर्छ । हटाउन, सार्न, स्थान परिवर्तन गर्न नमिल्ने भएमा ती वस्तुहरुको हलचल नियन्त्रण गर्न भूई वा संगैको गारोहरुमा सिखिले राम्ररी बाँधेर राख्न सकिन्छ ।<br><br>**अंकुस वा हुक लगाउनेः** हामीले फोटो, प्रमाणपत्र, विभिन्न किसिमका तस्विरका फ्रेमहरु हाम्रो सुत्ने, बस्ने वा बैठक कोठाको भित्तामा सामान्य किलामा सीधा हिसाबले झुण्ड्याएका हुन्छौं । फोटो फ्रेम, भित्ते घडीहरुलाई झुण्ड्याउन सामान्य किलाको सट्टा अंकुसे वा हुकको प्रयोग गर्नुपर्छ । हुक वा अंकुशले झुण्ड्याइएको वस्तुलाई खस्न दिदैन र यसै पनि टाउको माथि पर्ने गरी राम्रो ठूलो तस्विर, पंखा, खेलौना वा अन्य वस्तु राख्नु बुद्धिमानी हुँदैन ।<br><br>**टेको, आड लगाउनेः** घरका विभिन्न कोठाका दराज वा र्‍याकमा विभिन्न सामानहरु जस्तै किताब, सजावटका सामान, सिसाहरु, बट्टाहरु प्रायः खुल्ला नै हुन्छन् । ढोका नभएका खुल्ला र्‍याक वा दराजहरुमा रहेका सामानहरु भूकम्पका बेला खस्न सक्दछन् । त्यसैले यस्ता खुल्ला दराजहरुमा या ढोका राख्नुपर्दछ या त सामान नखस्ने गरी काठ वा डोरीको बार लगाएर टेको दिनु वा आड लगाउनु पर्दछ । अग्ला दराजहरु नसरोस्, नपल्टियोस् भनि ती दराजहरुलाई फलामका बोल्टहरु वा आडहरु प्रयोग गरी भूई वा संगैको भित्तामा बलियो गरि कस्न सकिन्छ । विभिन्न विधि प्रयोग गरी दराजहरु बलियोसंग बाँध्न सकिन्छ । घरको भित्तामा दराजलाई दायाँ बायाँ “L” हुक बनाइ बलियोसँग अड्याउन सकिन्छ । दराजको खुट्टामा नटबोल्ट कसेर बलियोसँग बाँध्न पनि सकिन्छ । दराज र घरको सिलिङ्गको उचाइ बराबरको काठको टुक्रा वा दुवैपट्टि आख्ला भएको बलियो बाँसको टुक्राले सिलिङ्ग र दराजलाई थिचेर राखेमा पनि दराज लड्दैन ।<br><br>**फेरबदल गर्नेः** कमजोर पर्खाल भएको घरमा गर्‍हौं छाना भएमा भूकम्पबाट हुन सक्ने जोखिम पनि बढी हुन्छ । त्यसैले यस्ता जोखिमबाट सुरक्षित रहनको लागि हामीले घरको अवस्था हेरिकन हल्का छानाहरुको प्रयोग गर्नुपर्छ । | |

| | | |
|---|---|---|
| चित्रपट ९ | <br><br>**सुधार तथा परिमार्जन गर्ने:** भूकम्प आउँदा सिसाका झ्यालहरु ज्यादै जोखिमपूर्ण हुन्छन् । कम्पनको समयमा सिसा अलिकति मात्र पनि त्रिपट भयो भने यो धेरै टुक्रा भएर फुट्छ। सिसा फुट्दा यसका टुक्राहरु तीब्र गतिमा उछिट्टिने गर्छन्। यसरी उछिट्टिएर हुत्तिने सीसाका टुक्राहरुको शुरुको गति ८०० कि.मि. प्रति घण्टासम्म तीब्र हुँदो रहेछ। यसलाई बन्दुकको गोली बराबर मान्न सकिन्छ । त्यसैले संभावित जोखिमबाट जोगिनको लागि सिसालाई पारदर्शी प्लाष्टिकको पत्र लगाएर लेमिनेशन गर्न सकिन्छ । यसो गर्दा सिसा फुटिहाले पनि उछिट्टिन पाउँदैन ।<br>**सबलीकरण गर्ने:** हाम्रो समुदायमा धेरै घरहरुको छतमा पानीको टंकी, फूलका गमलाहरु कौशी तथा बरण्डामा सजाइ राखिएका हुन्छन्। यसरी खुला रुपमा राख्दा भूकम्पको सानो कम्पनबाट टंकी र गमलाहरु खस्न सक्छन्। पानीको टंकी र गमलालाई बार लगाइ वा बाँधेर सुरक्षित ढंगबाट राख्नुपर्छ ।<br>**आवधिक मर्मत तथा सम्भार गर्ने:** घरभित्र झ्याल-ढोकाका चुकुलहरु बिग्रेको, झ्याल-ढोकाका खापाहरु पसाङ्गिएको, बिजुलीको स्वीच बिग्रेको, घरको छतमा पानी जमेको वा झारपात पलाएको हुन सक्छ, तसर्थ हामीले नियमित रुपमा आफ्नो घर र अन्य सामानको मर्मत सम्भार गर्नुपर्दछ । | **४ मिनेट**<br>• गमला खस्नलाई भूकम्प नै आउनु पर्छ त ? सोध्ने |
| चित्रपट १० | <br> | **१८ मिनेट**<br>• हामीले राखेका यी चिजहरु सही तरिकाले राखेका रहेछौं त ?<br>• यो घर हामी मध्ये कसैको हो नि ? सबैको घरमाथि पानी ट्यांकी यसरी नै राखिन्छ है ।<br>• यो त नमूना मात्र हो तर धेरै जसो हाम्रा पसलहरु यस्तै हुन्छन् हैन र ? |

| | | |
|---|---|---|
| | अव एक छिन हाम्रो घर तथा अफिसमा हामीले के गरिरहेका छौं, हामीले राखेका सामानहरुले कसरी क्षति गर्दा रहेछन् । साथै गैरसंरचनात्मक अल्पीकरण कसरी गर्न सकिन्छ त भन्ने बारेमा यो भिडियो बाट पनि स्पष्ट हुन्छ, हेरौं है त ।<br><br>हामीले हाम्रो घर वा वरपर छिमेकीकोमा पानीको टंकी ज्यादै जोखिमपूर्ण ढंगवाट राखेको पाइन्छ । तर अहिले धेरै सुधार हुदै आएको छ । पानीका टंकी पनि वलियो बारले घेरेर भुकम्पीय कम्पनमा नखस्ने वा नढल्ने गरी बाँधेर राख्नुपछ । अन्यथा भुकम्प आउँदा धेरै धनजनको क्षति हुन सक्छ ।<br><br>फूलका गमलाहरुको स्थिति पनि यस्तै छ । हावाहुरीले नै पनि खस्न सक्छ ।<br><br>हाम्रा घर वरपर र डिपार्टमेन्टल स्टोरहरुमा पनि हेऱ्यौ भने धेरै सामाग्रीहरु भिडियोमा जस्तै गरी राखिएको पाईन्छ । पुस्तकालयको ऱ्याक यसरी ढलेको छ । | • अफिस तथा कोठाको अवस्था पनि यस्तै छ हैन ?<br>• यो पुस्तकालयको स्थिति हेरौं त ।<br>• हामीले हाम्रा घरमा राखिएका यस्ता वस्तुहरु देख्यौं हैन त । |
| **चित्रपट ११** | <br><br>सत्रको शुरुमा राखिएका उद्देश्यहरु सबै पुरा भए/नभएको कुराको पुनरावलोकन गर्नुपर्दछ । पूनरावलोकन विभिन्न तरिकावाट गर्न सकिन्छ । सहभागीहरुसँग नै सोधेर अन्तर्क्रियात्मक रुपमा छलफल गरेर वा आफैंले साराशंमा बताएर पनि गर्न सकिन्छ ।<br><br>सत्रको विषयवस्तुमाथि कुनै प्रश्न वा थप जिज्ञासा भए/नभएको पनि जानकारी लिनुपर्दछ र भएमा जिज्ञासाहरुको समाधान गर्ने प्रयत्न गर्नुपर्दछ । | **२ मिनेट**<br><br>• सत्रको उद्देश्यहरुको पुनरावलोकन गर्दा सहभागीहरुसँग नै सोधेर अन्तर्क्रियात्मक रुपमा छलफल गर्ने र बुझे/नबुझेको सुनिश्चत गर्ने |

| | | |
|---|---|---|
| **चित्रपट १२** |  | **१ मिनेट**<br>• सत्रमा भएको अन्तर्क्रिया र धैर्यताको सहभागीहरुलाई धेरै धन्यवाद दिने<br>• आफ्नो सहयोगी प्रशिक्षकलाई पनि धन्यवाद दिने<br>• सत्रको मूल्याङ्कन गरी दिन स्मरण गराउने । |

**सामाजिक परिचालन तालिम कार्यक्रम**

**पाठयोजना तथा प्रशिक्षण निर्देशिका**

# सत्र १९: घडेरीको छनौट तथा भवन संरचना

**खण्ड:** प्राविधिक पक्ष

**समय:** ६० मिनेट

**सामग्री:** मल्टिमिडिया, प्रोजेक्टर, कम्प्युटर, पर्दा (प्रोजेक्सन स्क्रिन), चित्रपट, इजेल, फ्लीपचार्ट, मास्किङ्ग टेप, मार्कर (कालो, नीलो, रातो) पाठयोजना, सहभागी कार्यपुस्तिका


**सत्र परिचय:** घर निर्माणको घडेरी छनौट महत्वपूर्ण पक्षको रुपमा रहेको छ । घडेरीको कारण पनि घरको बलियोपन फरक पर्दछ । कमजोर जमिनमा बन्ने घरहरुमा विषेश सावधानीका उपाय अपनाउनु पर्दछ। सामान्यतया घर भ"कम्पीयजोखिम तथा अन्य विपद् बाट सुरक्षित गराउनको लागि घडेरी छनौटले सहयोग गर्दछ । घर बनाउनको लागि तुलनात्मक सुरक्षित र असुरक्षित स्थानहरुको पहिचानको लागि यो सत्र प्रभावकारी छ ।

**मार्गदर्शन:** घडेरी छनौट गर्दा शहरी र बढि व्यापारीक हुने स्थानहरुको घडेरीलाई प्राथमिकता दिने गरिन्छ । यसरी घर निर्माण गर्ने स्थानको घडेरी कति बलियो छ त्यसलाई ध्यान दिनु पर्दछ ।

**विशेष सावधानी:** बलियो घर निर्माणको लागि घडेरीको छनौट महत्वपूर्ण पक्षको रुपमा रहको छ। जग्गा तथा घडेरी छनौट सम्वन्धी अनभिज्ञताको कारणबाट धेरै घर धनिहरुले छोटो समयमा नै घर तथा भवनमा क्षति भोग्नु परेको छ ।


**सत्रको उद्देश्य:** यो सत्रको अन्तमा सहभागीहरु निम्न विषयमा सक्षम हुनेछन :


- भूकम्प थेग्ने घर बनाउनका लागि घडेरी छान्दा विचार पुऱ्याउन
- भवन संरचनाको प्रकारका बारेमा बताउन
- भूकम्प थेग्ने घरको लम्बाई, चौडाई र उचाईको अनुपात बुझाउन

<table>
<tr><th>श्रव्य-दृक्ष्य सामग्री</th><th>पाठको रुपरेखा</th><th>टिप्पणी</th></tr>
<tr><td>चित्रपट १</td><td>
</td><td>२ मिनेट<br>• अभिवादन गर्ने<br>• आफ्नो परिचय दिने<br>• सत्रको परिचय दिने - विषयगत शिर्षक, लाग्ने समय, सञ्चालन विधि, प्रयोग हुने सिकाइ र सामग्रीको विषयलाई संक्षिप्तमा समेट्ने</td></tr>
<tr><td>चित्रपट २</td><td>
<br>यस सत्रको मुख्यतया तीन उद्देश्यहरु रहेका छन् ।</td><td>३ मिनेट<br>• यस सत्रको उद्देश्य प्रस्तुत गर्ने<br>अथवा<br>• सत्रको उद्देश्य सहभागीहरुबाट पढ्नको लागि अनुरोध गर्ने</td></tr>
<tr><td>चित्रपट ३</td><td>
<br>• गहिरा लामो चिरा परेको ठाउँ : लामो तथा गहिरो चिरा परेको जमिनमा बनाइएको घर धेरै जोखिमयुक्त हुन्छ । लामो गहिरो चिरा परेका ठाउँ पहिरो जाने र जमिन फाट्ने समस्याको लक्षण हो । यस्तो ठाउँमा घर बनाउन हुँदैन ।</td><td>१० मिनेट<br>• घर बनाउन नभई नहुने कुरा के हो भनेर सहभागीहरुसँग सोध्ने,<br>• घर बनाउँदा घडेरी कस्तो हुनुपर्छ भनेर सहभागीहरुसँग सोध्ने र छलफल गर्ने ।</td></tr>
</table>

| श्रव्य-दृक्ष्य सामग्री | पाठको रुपरेखा | टिप्पणी |
|---|---|---|
| | • **द्रवीकरण वा तरलीकरण हुन सक्ने ठाउँ :** माटो, पांगो, वालुवा तथा चिस्यान भएको कडा जमिन भूकम्पको जोडदार कम्पनका कारण पग्लिएर दलदले बन्छ । यस्तो प्रक्रियालाई तरलीकरण भन्दछन् । यो प्रक्रिया ढिक्कै ढिक्का हुने गरी जमेको दहीलाई ठेकीमा हालेर मदानीले एक फन्का फेट्ने बित्तिकै मोही भएजस्तै हो ।<br>• **पहिरो जान सक्ने ठाउँ :** पहिरो जाने ठाउँ र पहिरो जान सक्ने जोखिम भएको ठाउँहरुमा भूकम्प थेग्ने तरीकाले घर बनाए पनि पहिरोको कारणले गर्दा ती घरहरु जोखिम पुर्ण हुन सक्छ ।<br>• **खोला, ताल तलैयाको बगर :** खोलाको बगर मिचेर घर बनाउन हुँदैन । खोलाको बगरमा तरलीकरण हुने खतरा हुन्छ । त्यसैले पहिला पहिला बनेका घरहरु खोलाको अग्लो किनार तिर हुन्थ्यो । खोलाको किनारमा घर बनाउनुको अर्को समस्या भनेको बाढी आउन सक्छ । खोला छेउको घडेरी रोज्दा सामान्य समयमा पानी बग्ने र बाढी आउँदाको सबैभन्दा माथिल्लो सतहभन्दा माथिको जमिनमात्र रोज्नुपर्छ ।<br>• **ढुंगा खस्ने ठाँउ :** ढुंगा खस्ने ठाँउमा घर बनाउन भएन । त्यस्ता ठाँउमा हावाले नै ढुंगा खसाउन पनि सक्छ ।<br>• **सिमसार वा दलदल क्षेत्र :** तरलीकरण हुने खतरा हुन्छ ।<br>• **पुरेको घडेरी :** पुरेको घडेरीमा घर बनाउँदा जग भासिने तथा घर कोल्टीने समस्याहरु देखिने सक्छ ।<br>• **हाइटेन्सन लाइन, टावर, ठूला ठूला अग्ला रुखहरु भएको क्षेत्र :** हाइटेन्सन लाइन, टावर, ठूला ठूला अग्ला रुखहरु भएको क्षेत्रमा भूकम्प थेग्ने तरीकाले घर बनाए पनि हाइटेन्सन लाइन, टावर, ठूला ठूला अग्ला रुखहरुको कारणले गर्दा जोखिम पुर्ण हुन सक्छ । | |

| श्रव्य-दृक्ष्य सामग्री | पाठको रुपरेखा | टिप्पणी |
|---|---|---|
| चित्रपट ४ | <br><br>माटो जाँच्ने सजिलो तरिका जानेपछि घरधनीलाई बुझाउन सजिलो हुन्छ । खनेको माटोले खाल्डो नपुरिने वा नभरिने जमिनमा घर बनाउनु हुँदैन । | ३ मिनेट<br>• सहभागी मध्ये कसैले माटो जाँचेको छ कि भनी सोध्ने र उत्तरमाथि छलफल गर्ने । |
| चित्रपट ५ | <br><br>नेपालको परम्परागत निर्माण विधिअनुसार कुनै पनि घरको लम्बाई, चौडाइको डेढ गुणा नै हो । त्यस्तै घरको उचाई पनि चौडाइको डेढ गुणा भन्दा बढी राखिदैनथ्यो । हालको इन्जिनियरिङ विधा अनुसार भने चौडाइको तीन गुणासम्म लामो र अग्लो घर बनाउने अनुमति दिइन्छ । त्यसैले चौडाइको तीनगुणा भन्दा लामो घर बनाउन आवश्यक भए बिचमा छुट्याएर २ वटा भागमा बनाउनुपर्छ । | ५ मिनेट<br>• चित्रको प्रस्तुतिबाट अनुपयुक्त आकारहरुलाई उपयुक्त आकार बनाउने तरिका सहभागीहरुलाई बुझाउने । |

| श्रव्य-दृक्ष्य सामग्री | पाठको रुपरेखा | टिप्पणी |
|---|---|---|
| चित्रपट ६ | <br>यदि बांके परेकै घर बनाउन जरुरी भए घरको मुल भागको चौडाईको १/६ भाग मात्र बांके पार्नुपर्छ। यदि यो भन्दा बढी बांके पार्नुपर्ने भए २ वटा भाग अलग-अलग बनाउनु पर्छ। | ३ मिनेट<br>• उपयुक्त आकारको लागि कतिसम्म जान मिल्छ भनेर उदाहरण सहित सहभागीहरुलाई बुझाउने गरी दिने |
| चित्रपट ७ | <br>घरमा पसल राख्दा पुरै घर घेर्ने गरी सटर राख्नु हुँदैन। कुनाबाट अलिकति गारो लगाएर मात्र सटर राख्नुपर्छ। | ३ मिनेट<br>• चित्रको प्रस्तुतिबाट अनुपयुक्त आकारहरुलाई उपयुक्त आकार बनाउने तरिका सहभागीहरुलाई बुझाउने। |
| चित्रपट ८ |  | ३ मिनेट<br>• सहभागीहरुले कस्ता प्रणालीहरु देखेका छन् प्रश्न गर्ने र छलफल गर्ने। |

<table>
<tr><th>श्रव्य-दृक्ष्य सामग्री</th><th>पाठको रुपरेखा</th><th>टिप्पणी</th></tr>
<tr><td></td><td>भार वहन गर्ने हिसाबले घरहरु २ किसिमका हुन्छन, एउटा पिलरवाला घर र अर्को गारोवाला घर ।</td><td></td></tr>
<tr><td>चित्रपट ९</td><td>




घरको सबै भाग तथा घरभित्रको पुरै भार घरमा भएका गारोहरुबाट जग हुँदै जमिनसम्म लैजाने किसिमका घरहरुलाई भारवाहक गारोवाला घर भनिन्छ । बक्स खाटमा मान्छेको भार प्लाईले लिन्छ (स्ल्याब जस्तो) त्यसपछि प्लाईको भार मुनिको काठ (बिम जस्तो) र त्यसबाट छेउको काठहरुमा जान्छ, जुन गारोवाला घरको गारो जस्तै हो र अन्त्यमा भार जमिनमा जान्छ । घरमा भने गारोबाट जगमा अनि जमिनमा जान्छ ।</td><td>२ मिनेट


• गारोवाला घरसम्बन्धी जानकारी गराउने ।
• सहभागीहरुलाई उदाहरणहरुबाट बुझाउने ।</td></tr>
<tr><td>चित्रपट १०</td><td>




चित्रमा भूकम्प प्रतिरोधात्मक तरीकाले बनेको गारोवाला घर देखाइएको छ ।</td><td>२ मिनेट


• गारोवाला घरसम्बन्धी जानकारी गराउने ।
• सहभागीहरुलाई उदाहरणहरुबाट बुझाउने ।</td></tr>
</table>

| श्रव्य-दृक्ष्य सामग्री | पाठको रुपरेखा | टिप्पणी |
|---|---|---|
| चित्रपट ११ | <br>जुन भवनको सम्पूर्ण भार पिलर मार्फत जग हुँदै जमिनमा जान्छ । त्यस किसिमको भवनलाई पिलरवाला भवन भन्न सकिन्छ । जस्तै : टेवललाई उदाहरणको रुपमा प्रस्तुत गर्न सकिन्छ । जसरी टेवलको माथिल्लो भाग जुन घरको स्ल्याब जस्तै हो, त्यसबाट टेवलको निदालमा भार जान्छ । टेवलको चारवटै खुट्टाहरुबाट भूईँसम्म जान्छ । | **३ मिनेट**<br>• पिलरवाला भवनमा भार के ले लिन्छ भन्ने<br>• बिषयलाई छोटकरीमा व्याख्या गर्ने<br>• टेबुल वा कुर्सी देखाएर भार हस्तान्तरण हुने<br>• तरिका बताउने |
| चित्रपट १२ | <br>चित्रमा पिलरवाला घर देखाइएको छ । ढलाने पिलर मात्र नभई बाँस, काठ वा फलामका खम्बाहरुले भार बोक्ने गरी बनेका घरहरुलाई पनि पिलरवाला घरको श्रेणीमा राख्ने गरिन्छ | **२ मिनेट**<br>• पिलरवाला घरको नमुना देखाउने ।<br>• चित्रमा देखाईएको घरहरुमा भार के ले लिन्छ ? भनेर सहभागीहरुसँग प्रश्न गर्ने र उदाहरणबाट बुझाउने । |

<table>
<tr><th>श्रव्य-दृक्ष्य सामग्री</th><th>पाठको रुपरेखा</th><th>टिप्पणी</th></tr>
<tr><td>चित्रपट १३</td><td>

भुँईतलाको गारो जति मोटो छ त्यसलाई दोब्बर गरेर एक फिट थप्दा जति आउँछ त्यति बराबर जगको चौडाइ हुनुपर्छ । यदि पहिलो तलाको गारो ९” चौडा छ भने २ ह ९” = १८” र त्यसमा १२” थपेर ३०” हुन्छ। जगको गहिराई कम्तिमा २’६” हुनुपर्छ ।
उदाहरणको लागि, जस्तै हामीले धानलाई माथिबाट खन्याउँदा त्यो धान जसरी माथि टुप्पो र तल फराकिलो हुन्छ त्यसरी नै हाम्रा घरहरुमा पर्ने भारहरु 2t+300 मा फैलन्छ । त्यसैले दोस्रो तस्विरमा देखाएजस्तै जग हाल्दा हुन्छ । </td><td> ७ मिनेट
<ul><li>गारोवाला घरको सामग्री अनुसार कति तलासम्म जाने भन्नेबारे प्रष्ट पार्ने ।</li>
<li>गारोवाला घरमा जग राख्ने सही तरिका बुझाउने</li></ul></td></tr>
<tr><td>चित्रपट १४</td><td>

सामान्यतया आवासीय घरहरु १००० वर्ग फिट भन्दा साना, ३ तल्ला अग्लो र एउटा पिलर देखि अर्को पिलर बिचको दुरी १४ फिट ९ ईंच सम्म छ भने, त्यस्ता घरहरु लाई तालिम प्राप्त निर्माणकर्मी आफैले भूकम्प प्रतिरोधात्मक तरिकाले निर्माण गर्न सक्छन् । १००० वर्ग फिट भन्दा ठूलो, ३ तल्ला भन्दा अग्लो र एउटा पिलर देखि अर्को पिलर बिचको दुरी १४ फिट ९ ईंच भन्दा बढि भएका घरहरुलाई भने इन्जिनियरहरुले डिजाईन गरेर मात्र घर निर्माण गर्नु पर्छ । </td><td> ७ मिनेट
<ul><li>पिलरवाला घरको वर्गीकरण बारे बताउने ।</li>
<li>गारोवाला घरमा जग राख्ने सही तरिका बुझाउन</li></ul></td></tr>
</table>

<table>
<tr><th>श्रव्य-दृक्ष्य सामग्री</th><th>पाठको रुपरेखा</th><th>टिप्पणी</th></tr>
<tr>
<td>चित्रपट १५</td>
<td>



सत्रको शुरुमा राखिएका उद्देश्यहरु सत्रको प्रस्तुतिमा सबै पुरा भए नभएको कुराको पुनरावलोकन  गर्नु पर्दछ। पुनरावलोकन विभिन्न तरिकावाट गर्न सकिन्छ । सहभागीहरुसंग नै सोधेर अन्तर्रक्रियात्मक रुपमा छलफल गरेर  वा आफैले साराशंमा वताएर ।
सत्रको विषयवस्तुमाथि कुनै प्रश्न वा थप जिज्ञासा भए नभएको पनि जानकारी लिनु पर्दछ र भएमा जिज्ञासाहरुमा प्रकाश पार्नु पर्दछ ।
</td>
<td>
२ मिनेट
<ul>
<li>चित्रपटमा देखाए अनुसार एक एक गरेर उद्देश्य पुरा भए नभएको स्मरण गराउने र समीक्षा गर्ने</li>
<li>सत्रको उद्देश्यहरुको पुनरावलोकन गर्दा बुझे नबुझेको सुनिश्चत गर्ने</li>
<li>यो सत्रको विषयवस्तुमाथि कुनै प्रश्न वा थप जिज्ञासा छ वा छैन सोध्ने र</li>
</ul>
</td>
</tr>
<tr>
<td>चित्रपट १६</td>
<td>


</td>
<td>
२ मिनेट
<ul>
<li>धन्यवाद सहित बिदा माग्नुहोस् ।</li>
</ul>
</td>
</tr>
</table>

# सामाजिक परिचालन तालिम कार्यक्रम

**पाठयोजना तथा प्रशिक्षण निर्देशिका**

## सत्र २०: गारोवाला भवन निर्माण प्रविधि

**खण्डः** प्राविधिक प्रस्तुती

**सत्रः** भूकम्प प्रतिरोधी भवन निर्माण विधिः पिलर नभएका (गारोवाला) घरहरु

**समयः** ६० मिनेट

**सामग्रीः** मल्टिमिडिया, प्रोजेक्टर, कम्प्युटर, पर्दा (प्रोजेक्सन स्क्रिन), चित्रपट, इजेल, फ्लीपचार्ट, मास्किङ्ग टेप, मार्कर (कालो, नीलो, रातो) पाठयोजना, सहभागी कार्यपुस्तिका, फोटोकपि पेपर,पेपर कटर, सेलो टेप



**सत्र परिचयः** नेपालको ग्रामिण भेगमा बन्ने अधिकांस घर हरु पिलर नराखी बनाउने गरिन्छ । शहर बजारमा पनि केहि मात्रामा गारोवाला घरहरु बनाउने गरेको पाइन्छ। नेपाल जस्तो भुकम्पिय जोखिमयुक्त देशमा बन्ने यस्ता गारोवाला घरहरु विषेश ध्यान नदिई बनाउने हो भने भोलि यसबाट हुन सक्ने क्षति भयावह हुन सक्छ । तसर्थ यस सत्रमा गारोवाला घरहरु जसमा घरको सम्पुर्ण भार गारो मार्फत जमिनमा जाने गर्दछ, यस्ता घरहरुलाई भुकम्प आँउदा कसरी सुरक्षित बनाउन सकिन्छ भन्ने कुराहरु समेटिएको छ ।

**मार्गदर्शनः** आम समुदायका मानिसहरुले भुकम्पलाई ध्यान नदिई आफ्ना घरहरु बनाउने गरेका छन । तर थोरै मात्र केहि आधारभुत कुराहरु थप या सुधार गर्न सकियो भने घर भुकम्प प्रतिरोधि बन्न सक्छन भन्ने बारे अनभिज्ञ छन् । त्यसकारण विषेश गरि पिलर नराखि बनाउने घरहरु भुकम्प प्रतिरोधि बनाउन आधारभुत रुपमा के के गर्न सकिन्छ भन्ने कुराहरुको जानकारी प्राप्त गर्नको लागि यो सत्र महत्वपूर्ण सावित हुनसक्छ ।

**विशेष सावधानीः** घर जस्तो जटिल विषयमा सहभागीहरुको सोच तथा विचार गहन नहुन सक्छ तसर्थ गम्भिर प्राविधिक कुरा गरियो भने उनीहरुलाई थप जटिल लाग्न सक्छ ।


**सत्रको उद्देश्यः** यो सत्र पछि हामी आर.सि.सि.पिलर नभएका गारोवाला घरहरु निम्न बुझाईमा स्पष्ट भई समुदायलाई बुझाउन सक्नेछौ :


- गारोवालाहरुमा भएको ५ कमि कमजोरीलाई बुझाउन
- भूकम्प थेग्ने बनाउन आवश्यक ६ प्रमूख तरिकाहरुको सरल भाषामा बताउन

| श्रव्य-दृक्ष्य सामग्री | पाठको रुपरेखा | टिप्पणी |
|---|---|---|
| चित्रपट १ |  | २ मिनेट<br>• अभिवादन गर्ने<br>• आफ्नो परिचय दिने<br>• सत्रको परिचय दिने - विषयगत शिर्षक, लाग्ने समय, सञ्चालन विधि, प्रयोग हुने सिकाइ र सामग्रीको विषयलाई संक्षिप्तमा समेट्ने |
| चित्रपट २ | <br>यस सत्रको मुख्यतया दुई उद्देश्यहरु रहेका छन् ।<br>१. विगतका भुकम्पहरुले हाम्रा गारोवाला घरहरुमा कुन कुन ठाँउहरुमा कस्तो क्षति पुऱ्यायो वा हाम्रो मुख्य कमि कमजोरी के के रहेछन ५ वटा मुख्य कुराको बारेमा छलफल गर्नेछौ ।<br>२. त्यस्तै गरि ति भएका अथवा हुने गरेका कमि कमजोरी जसका कारणले हामीले अहिले ति क्षति हरु बेहोऱ्यौ त्यसलाई हटाउन र घरलाई भूकम्प थेग्ने बनाउन के गर्न सकिन्छ , ६ वटा प्रमुख तरिकाहरुको बारेमा छलफल गर्नेछौ । | २ मिनेट<br>• यस सत्रको उद्देश्य प्रस्तुत गर्ने<br>अथवा<br>• सत्रको उद्देश्य सहभागीहरुबाट पढ्नको लागि अनुरोध गर्ने |

| श्रव्य-दृक्ष्य सामग्री | पाठको रुपरेखा | टिप्पणी |
|---|---|---|
| चित्रपट ३ | <br>यस चित्रमा इटाको गारोवाला घरको झ्याल ढोका अथवा घरको खुला भागको दाँयावाँया कमजोर भएर त्यसैठाँउबाट चर्केर गारोहरु भार थाम्न नसक्ने भएका छन । | २ मिनेट<br>• भत्किएको इटाको गारोवाला घरको चित्र मार्फत क्षतिको बारेमा जानकारी गराउने |
| चित्रपट ४ | <br>भूकम्प आँउदा हाम्रा गारोवाला घरहरुका विषेश गरि कुनामा,गारो जोडिने जोर्तिहरुमा, बाँके परेर घुमेका सुरहरुमा त्यस्तै ठुला ठुला झ्याल र ढोकाको दाँया बाँया छड्के रुपमा चित्रमा देखाइए जस्तै गहिरा र लामा चिराहरु देखा पर्ने गरेका छन् । सुर सुरमा त्यस्तै २ वटा गारो हरु जोड्नु पर्ने ठाँउमा एउटा एउटा इटा छोडेर वा दाति छोडेर गारो लगाउने चलनका कारण यस्ता क्षति आउने गर्दछ । | २ मिनेट<br>• क्षेतिको चित्र देखाउने र व्याख्या गर्ने |


| श्रव्य-दृक्ष्य सामग्री | पाठको रुपरेखा | टिप्पणी |
|---|---|---|
| चित्रपट ५ | <br>ग्रामिण वस्तिहरुमा लगाइने ढुङ्गा माटोको गारोवाला घरहरुमा चित्रमा देखाइए जस्तै गारो नै छुट्टीएर बाहिर आउने समस्या धेरै देखिन्छ । गाँउघरमा गारो लगाउदा १ जना डकर्मी भित्रपट्टी र १ जना बाहिर पट्टी बसेर लगाउने गर्छन र बिच भागमा बाक्लो माटो तथा मसिना ढुङ्गा हाल्ने गर्छन , दुइवटा गारो लाइ च्याप्नको लागी करुवा ढुङ्गा वा कैंची मार्ने ढुङ्गा हाल्दैनन त्यसो हुदा भुकम्पको समयमा भित्रि र बाहिरी पत्र भएर गारो छुट्टीने गर्दछ । जोर्नी नछलिकन गारो लगाउदा, सुर ढुङ्गा,कैंची मार्ने ढुङ्गा वा बन्धन ढुङ्गा आदिको समुचित प्रयोग नगरिकन जथावाभि रुपमा अग्लो र लामो गारो लमाउने गर्दा यस्ता समस्याहरु आईपर्छन । | ३ मिनेट<br>• क्षतिको चित्र देखाउदै हामीले गर्ने गरेमा कमजोरी हरुको अवगत गराउने |
| चित्रपट ६ | <br>चित्रमा एक पट्टी मात्र झ्याल ढोका अनि ३ तिर गारो लगाएर ढप्प बनाइएको छ । यसो गर्नु भुकम्पिय दृष्टिकोणबाट घर कमजोर हुने गर्दछ किनकि भुकम्पको समयमा यस्ता घर हरुको हल्लाइ समानुपातिक हुन सक्दैन । गारो लगाउदा धेरै माटोको प्रयोग गर्नु पनि हुदैन । भुकम्प अघि बनेका घर र | ३ मिनेट<br>• चित्रमा भुकम्प पछि बन्दै गरेको घरको तस्विर देखाएर भएमा कमि र कमजोरी को बारेमा शहभागीहरु सँग छलफल गर्ने |


| श्रव्य-दृक्ष्य सामग्री | पाठको रुपरेखा | टिप्पणी |
|---|---|---|
| | यसमा केही फरक छैन, गारोमा तेस्रा र ठाडा बन्धन वा नसहरु हालिएको छैन। | |
| चित्रपट ७ | <br>धेरै लामा साँघुरा घर , एकनासको सुरिलो अग्ला घर बनाउने चलन पाइन्छ, त्यसो गर्दा घरको लम्बाइ चौडाइको अनुपात मिलेको हुदैन । त्यस्तै गरि धेरै बाँके परेका घर, धेरै अनावश्यक कुना र सुर भएका एल आकारका, टि आकारका, सि आकारका, यु आकारका घर बनाउने गरिन्छ । गारो लगाउदा जोर्ती नमिलाई लगाएको पाइन्छ। गारोमा ठाडो र तेर्सो नसहरु कसेको पाँइदैन । झ्याल तथा ढोकाहरु जसले घरको भारवहन गर्दैनन त्यस्ता खुला ठाँउहरु सुरको नजिक लगेर राख्ने गरेको पनि देखिन्छ । जग बलियो भए पो घर बलियो हुन्छ भन्ने गरिन्छ तर वुझेर वा नवुझेर यसलाई ब्यबहारमा उतारेको पाँइदैन । | ५ मिनेट<br>• समग्रमा घर बनाउँदा हामिले गर्ने गरेका गल्ति र कमजोरीहरुको बारेमा शहभागी सँग एक एक गरि छलफल गर्ने |
| चित्रपट ८ |  | २ मिनेट<br>• चित्र देखाएर जग, सुर ढुङगा, बन्धन ढुङगा,,मोहडा ढुङगा,जग बन्धन, सुर बन्धनको बारेमा जानकारी दिने |


| श्रव्य-दृक्ष्य सामग्री | पाठको रुपरेखा | टिप्पणी |
|---|---|---|
| चित्रपट ९ | <br><br>गारो लाई दुइ फिट उचाइमा  उठाइसकेपछि हरेक कुनालाई अझ बलियो बनाउन सुर बन्धन कस्नु पर्दछ । यस्तो सुर बन्धन गारोको भित्रि कुनाबाट २ फिट परसम्म गएको हुनुपर्दछ। गारोमा २ वटा डण्डी राखेर ति डण्डीलाई सि हुक बनाएर कसेर ढलान गर्नुपर्दछ । डण्डी नपाउने ठाँउमा काठको प्रयोग गर्न सकिन्छ। हरेक तेर्सा पट्टीहरु ठाडो बन्धन सँग बाँधिएको हुनुपपर्दछ । | ३ मिनेट<br>• चित्रपटबाट सुर बन्धनको व्याख्या गर्ने |
| चित्रपट १० | <br><br>घरको डिपिसि,झ्याल राख्ने सतह,झ्याल ढोकाको माथि र छाना छाउने  बेलामा गारो भरि राखिने तेर्सो पट्टीहरु काठ को या फलामे डण्डीको प्रयोग गरेर राख्न सकिन्छ। यसरी प्रयोग हुने तेर्सो बन्धन र जगदेखि सुर सुरमा झ्याल ढोकाको दाँया बाँया  आउने ठाडो सबलिकरण बिचमा पनि आपसमा बन्धन हुनुपर्छन त्यसो गरियो भने मात्रै घर भुकम्पको समयमा घर एक ढिक्का भएर हल्लिन्छ र क्षति हुन पाँउदैन । | ३ मिनेट<br>• चित्रपटबाट गारोमा राखिने तेर्सो बन्धनहरुको र ठाडो सबलिकरणको बारेमा जानकारी दिने |

| श्रव्य-दृक्ष्य सामग्री | पाठको रुपरेखा | टिप्पणी |
|---|---|---|
| चित्रपट ११ | <br>भुकम्प प्रविधि राष्टिय समाज नेपाल  द्वारा दोलखामा डकर्मी तालिमको समयमा भुकम्प थेग्ने तरिका अपनाइएको ढुङ्गाको गारोवाला घरको नमुना । जसमा तेर्सा बन्धन ,ठाडो सवलिकरण र कुना बन्धन,कैची मार्ने ढुङ्गा आदिको प्रयोग गरिएको छ । | ३ मिनेट<br>• चित्र देखाएर गारोवाला घरमा हुनुपर्ने भुकम्प प्रतिरोधि तत्वहरुको बारेमा प्रकाश पार्ने |
| चित्रपट १२ | <br>ईटाको गारोवाला घर जगैदेखि भुकम्प प्रतिरोधि निर्माणका चरणहरु देखाइएको एनिमेसन देखाउने । | ८ मिनेट |

| श्रव्य-दृक्ष्य सामग्री | पाठको रुपरेखा | टिप्पणी |
|---|---|---|
| चित्रपट १३ |  <br>चित्रमा देखाइएको घरको नमुनामा ढोकाको स्थान कुना भन्दा अलि पर राखिएको छ ,झ्याल मुनि र माथि नस कसिएको त्यस्तै कुना बन्धन पनि बाँधिएको छ । | २ मिनेट<br>• भूकम्पको थेग्ने गारोवालाघरको नमुना देखाउने |
| चित्रपट १४ |  <br>घरको लम्बाइ र उचाई, घरको चौडाइको तुलनामा तिन गुणा भन्दा कम राख्नु पर्दछ। घर बनाउदा सी,एल,टि,यु आकारको बनाउनु हुदैन। घरको सुर सुरमा, गारो जोडिने जोर्तीहरुमा साथै झ्याल ढोकाको दाँयाबाँया ठाडो बन्धन राख्नुपर्दछ र यस्तो ठाडो बन्धन जगदेखी सुरु गरेर छाना सम्म लैजानु पर्दछ। जग राख्ने सतहमा गारोको चारैपट्टी तेस्रो जग बन्धन राख्नु पर्दछ। हरेक दुइ फिट उचाइमा गारो लगाइसकेपछि कुनालाइ बाध्नु पर्दछ। गारो लगाउदा सबै गारो एकै पटक लगाउन नसकिने भएकोले खुटकिला छोडेर मात्र गारो लगाउनु पर्दछ ।। भित्रि गारो र बाहिरी गारोको ढुङ्गा आपसमा नबाध्दा बाहिर अथवा भित्र तर्फका सबै ढुङ्गा झर्न सक्ने भएकोले हरेक दुइ दुइ फिटको तेस्रोअन्तरालमा कैंचि मार्ने ढुङ्गाको प्रयोग गर्नु पर्दछ र ठाडो रुपमा पनि एकै लाइनमा नपर्ने गरि राख्नु पर्दछ । गारो लगाउदा एउटै लेभलमा सल मिलाएर लैजानु पर्दछ। यसरी हरेक सल गारो | ६ मिनेट<br>• घर लाइ भुकम्प थेग्ने बनाउन ध्यान दिनै पर्ने मुख्य ६ कुराहरुको व्याख्या गर्ने<br>• क्रियाकलाप<br>२ वटा पेपर लाई विचमा झ्याल जस्तो प्वाल बनाउने, एउटा पेपरमा प्वाल वरिपरि सेलो टेपले ठाडो र तेर्सो गरि बेर्ने र अर्कोमा नबेरिकन राख्ने। त्यसपछि पहिला प्वाल मात्रै भएमो पेपरलाई दुइवटा छड्के कुनामा समाति तन्काउने,खुम्चाउने। चरैपटि बेरिएको पेपर लाइ पनि त्यसै गरि तन्काउने खुम्चाउने र झ्याल ढोका को दाँया बाँया ठाडो सबलिकरण को महत्व बुझाउने |

| श्रव्य-दृक्ष्य सामग्री | पाठको रुपरेखा | टिप्पणी |
|---|---|---|
| | लगाउदा तल्लो सलको जोर्नी छल्दै लैजानु पर्दछ । कुनामा बिशेष ध्यान दिएर सुर मार्ने सुर ढुङगाको प्रयोग गर्नु पर्दछ । डिपिसि लेवलमा,झ्याल राख्ने सतहमा त्यस्तै झ्याल ढोकाको माथि कोपु लेवलमा र छाना छाउने लेवलमा  गारोको चारै पटि जाने गरी तेस्रो पट्टीहरु राख्नु पर्दछ। झ्याल ढोका राख्दा भित्रि कुनाबाट कम्तिमा पनि २ फिट पर मात्र राख्नु पर्दछ। | |
| चित्रपट १५ |   सबैभन्दा बलियो संरचना पिण्डाकार वा गोलाकार हुने गर्दछ । त्यसपछिको बलियो आकारमा बर्गाकार अथवा चारपाटे र आयताकार हुने गर्दछ। चारपाटे घरको लम्बाइ जति बढ्दै गयो त्यति कमजोर हुदै जाने गर्दछ। नेपालको मध्यपश्चिममा गोल घर वा घुमाउने घर बनाउने गरिन्थ्यो। | **३ मिनेट**<br>• हाम्रो पुराना पुराना संरचना हरुको आकार प्रकारको स्मरण गराउने |
| चित्रपट १६ |   हाम्रा पुराना मठ मन्दिर र दरवारहरुलाइ हेर्ने हो भने ठाँउ ठाँउमा नस कसेको देख्न पाइन्छ त्यस्तै झ्याल ढोका पनि कुना भन्दा परनै राखेको पाइन्छ। गारोमा नागको जस्तो बुट्टा बनाएर काठको तेर्सो पट्टीहरु राखेको देख्न पाईन्छ। | **२ मिनेट**<br>• हाम्रो पुराना पुराना मठ मन्दिर दरवारहरु आकार प्रकारको र संरचनाको स्मरण गराउने |

<table>
<tr><th>श्रव्य-दृक्ष्य सामग्री</th><th>पाठको रुपरेखा</th><th>टिप्पणी</th></tr>
<tr><td>चित्रपट १७</td><td>
</td><td>२ मिनेट<br>• हाम्रा पुर्खाहरुको घर बनाउने प्रचलन भुकम्प थेग्ने किसिमको थियो भन्ने कुरा बुझाउने</td></tr>
<tr><td>चित्रपट १८</td><td>
<br>हजुरबुबाको पालामा काँचो ईट्टालाई माटोको जडानले घर बनाउने चलन थियो, एक पुस्ता पछि पाकेको ईट्टा आयो त्यसलाइ हाम्रा बुबाहरुले सिमेन्टको जडान गरेर त्यहि पुरानो घरमाथि तला थपे । हाम्रो पालामा अहिले सिमेन्ट र डण्डी आएको छ ,त्यसैको प्रयोग गरि ढलान गरेर एक तला थप्यौं, अब यो घर भुकम्पको बेलामा के होला । हामीले समयको परिवर्तन सँगै नयाँ नयाँ प्रविधहरु पाँयौ तर तिनिहरुलाई कसरी समुचित प्रयोग गर्ने भन्ने कुरामा मतलव राखेनौ भने सम्भावित हुन सक्ने भुकम्पको क्षतिबाट बच्न सकिन्न ।</td><td>३ मिनेट<br>• घर बनाउने पुरानो चलन र प्रविधि त्यस्तै  नयाँ चलन र प्रविधि विचको भिन्नता उजागर गर्ने<br>• चित्रमा  देखाएको घर भुकम्प गयो भने के होला भनेर सोध्ने</td></tr>
</table>

| श्रव्य-दृक्ष्य सामग्री | पाठको रुपरेखा | टिप्पणी |
|---|---|---|
| चित्रपट १९ | <br>सत्रको शुरुमा राखिएका उद्देश्यहरु सत्रको प्रस्तुतिमा सबै पुरा भए नभएको कुराको पुनरावलोकन गर्नु पर्दछ । पुनरावलोकन विभिन्न तरिकावाट गर्न सकिन्छ । सहभागीहरुसंग नै सोधेर अर्न्तरक्रियात्मक रुपमा छलफल गरेर वा आफैले साराशंमा वताएर ।<br><br>सत्रको विषयवस्तुमाथि कुनै प्रश्न वा थप जिज्ञासा भए नभएको पनि जानकारी लिनु पर्दछ र भएमा जिज्ञासाहरुमा प्रकाश पार्नु पर्दछ । | **२ मिनेट**<br>• चित्रपटमा देखाए अनुसार एक एक गरेर उद्देश्य पुरा भए नभएको स्मरण गराउने र समीक्षा गर्ने<br>• सत्रको उद्देश्यहरुको पुनरावलोकन गर्दा बुझे नबुझेको सुनिश्चत गर्ने |
| चित्रपट २० |  | **२ मिनेट**<br>• यो सत्रको विषयवस्तुमाथि कुनै प्रश्न वा थप जिज्ञासा छ वा छैन सोध्ने<br>• धन्यवाद सहित बिदा माग्नुहोस् |

**सामाजिक परिचालन तालिम कार्यक्रम**

**पाठयोजना तथा प्रशिक्षण निर्देशिका**

# सत्र २१: पिलरवाला भवन निर्माण प्रविधि

**खण्डः** तालिम परिचय

**समयः** ६० मिनेट

**सामग्रीः** मल्टिमिडिया, प्रोजेक्टर, कम्प्युटर, पर्दा (प्रोजेक्सन स्क्रिन), चित्रपट, इजेल, फ्लीपचार्ट, मास्किङ्ग टेप, मार्कर (कालो, नीलो, रातो) पाठयोजना, सहभागी कार्यपुस्तिका

**सत्र परिचयः** यो सत्रको प्रमुख उद्वेश्य भनेको सहभागीहरुलाई पिलरवाला घरको समस्या र समस्याको समाधानको बारेमा जानकारी गराउने । पिलरवाला भवन भवन भनेको जुन भवनको सम्पुर्ण भार यदि पिलरको मार्फत जग हुदै जमिनमा जान्छ भने त्यस किसिमको भवनलाई पिलरवाला भवन भन्न सकिन्छ। जस्तै : टेवललाई उदाहरणको रुपमा प्रस्तुत गर्न सकिन्छ। जसरी टेवलको माथिल्लो भाग जुन घरको स्ल्याब जस्तै हो, त्यसबाट टेवलको निदालमा भार जान्छ । टेवलको चारवटै खुट्टाहरुबाट भूईं सम्म जान्छ। यस्ता विषयहरुलाई मनन गरी पिलरवाला भवन निर्माण प्रविधिको बारेमा यस सत्रमा छलफल तथा अर्न्तक्रिया गरिन्छ।


**मार्ग दर्शन :** आफूले तयार पारेको श्रब्य दृश्य सामग्रीमा कुनै त्रुटि नगर्ने । सत्रमा सकेसम्म कम श्रब्यदृश्य राख्ने र बढी समय सहभागीहरुसँग छलफल गर्ने । हाल बनि रहेको भूकम्प प्रतिरोधी भवनको राम्रो पक्ष र सुधार गर्ने पक्षमा ध्यान दिनुपर्दछ।

**विशेष सावधानीः**



- सत्र समयको ख्याल गर्ने ।
- सहभागीहरुलाई बिनम्रताका साथ नियन्त्रणमा राख्ने ।
- आफ्नो सत्रलाई सहभागी समूहको विशेष पहिचान गरी त्यही स्वरुप सत्रको उद्वेश्य पुरा हुने तरिकाले पस्कने ।

**सत्रको उद्वेश्य :** यो सत्रको अन्त्यमा सहभागीहरुले


- पिलरवाला घरमा समस्याहरु के कस्ता हुन्छन् भन्ने बारेमा बुझ्न सक्ने छन् ।
- पिलरवाला घरमा भूकम्पीय समस्याका सुधारका बारेमा थाहा पाउन सक्ने छन् ।

| श्रव्य-दृक्ष्य सामग्री | पाठको रुपरेखा | टिप्पणी |
|---|---|---|
| चित्रपट १ |  | **२ मिनेट**<br>• अभिवादन गर्ने<br>• आफ्नो परिचय दिने<br>• सत्रको परिचय दिने - विषयगत शिर्षक, लाग्ने समय, सञ्चालन विधि, प्रयोग हुने सिकाइ र सामग्रीको विषयलाई संक्षिप्तमा समेट्ने |
| चित्रपट २ | <br>यस सत्रको मुख्यतया दुई उद्देश्यहरु रहेका छन् । | **२ मिनेट**<br>• सत्रको उद्धेश्य बारे छलफल गर्ने |
| चित्रपट ३ | <br>पिलरमा रिंग कम भएकाले डण्डी बाङ्गिएको हो । | **३ मिनेट**<br>• बिम र पिलरको जोर्नीतिर रिंगको आवश्यकता बारे प्रष्ट पार्ने<br>• फोटोमा के भएको भनि सहभागीहरुलाई  प्रश्न गने |

| श्रव्य-दृक्ष्य सामग्री | पाठको रुपरेखा | टिप्पणी |
|---|---|---|
| चित्रपट ४ | <br><br>• डण्डीको जोडाइ सिधै स्ल्याबमा जोडिएको छ ।<br>• डण्डी जोड्ने ठाउँ र जोड्ने लम्बाई मिलेन भने डण्डीले काम गर्दैन।<br>(स्केलको प्रयोग)<br>जहाँ जहाँ तन्कने हुन्छ त्यहा त्यहा डण्डी दरो हुन पर्छ । तल माथि दुबै तर्फ चार भागको एक भाग छोडेर मात्र डण्डी जोड्न मिल्छ र जोड्दा पनि कम्तिमा डण्डीको मोटाईको ६० गुणा भागचाँहि खप्टिन पर्छ। र पिलरमा प्रयोग भएका डण्डीको आधा मात्र एउटा तल्लामा र बाँकी अर्को तल्लामा खप्टन मिल्ने गरी डण्डी काट्न पर्छ। चलनचल्तिमा भने आधा भागमा डण्डी काट्ने गर्नाले डण्डीहरु एकै ठाउँमा गासिन पुग्छ र घर कमजोर हुन पुग्छ । | ३ मिनेट<br>• यहाँ किन यस्तो भयो भनि सहभागीहरुलाई प्रश्न सोध्ने ।<br>• डण्डी जोड्ने ठाउँको बारेमा बताउने ।<br>क्रियाकलाप:<br>• फोटोमा के भएको भनि प्रश्न गर्ने र छलफल गर्ने । |
| चित्रपट ५ | <br><br>• नयाँ र पुरानो ढलान गर्दा ख्याल गरिएन भने जोडिएको भागमा समस्या आउँछ । (चिसो जोर्नी)<br>• फर्मा छोटो हुदाँ या अरु कारणले बिम पिलर जोडेको भागमा पछि ढलान गर्ने अनि फर्मा भने बोरा, कार्टुन बक्स, इँटा इत्यादी प्रयोग गर्ने चलनले यस्तो भएको हो । | ५ मिनेट<br>• यहाँ किन यस्तो भयो भनि सहभागीहरुलाई प्रश्न सोध्ने<br>• कसरी यस्तो भयो भनि सहभागीहरुसंग छलफल गर्ने |

| श्रव्य-दृक्ष्य सामग्री | पाठको रुपरेखा | टिप्पणी |
| --- | --- | --- |
| चित्रपट ६ |   पटको घरको फोटोमा पिलरसँग राम्रोसँग नबाधिएकोले गारो खसेको हो । | ३ मिनेट<br>• गारो पिलरसँग नजोडिदा हुने क्षति बताउने<br>• यहाँ किन यस्तो भयो भनि सहभागीहरुलाई प्रश्न सोध्न |
| चित्रपट ७ |   | ३ मिनेट<br>• पिलरवाला घरमा मुख्य जोड दिनु पर्ने कुराहरु बताउन<br>• ध्यानदिनुपर्ने कुराहरु के के हुन भनेर सहभनगीहरुलाई प्रश्न गर्ने<br>• ध्यानदिनुपर्ने कुराहरु सप्रसँग व्याख्यागर्दै अगाडि देखाइएको फोटोहरुसँग दाज्ने |
| चित्रपट ८ |   पिलर लाईनमा राखिएन भने घर दह्रो बनाउन गाह्रो हुन्छ । एउटा लाईनमा जति पिलर हुन्छ त्यसले नै हल्लाईमा काम गर्छ । यदि एउटा पिलर भयो भने त्यहि १ पिलर मात्र भए जस्तो हुन्छ र त्यहि भागबाट क्षति सुरु हुन्छ । | ३ मिनेट<br>• पिलरवाला घरमा पिलर ग्रिडमा हुनुपर्ने आवश्यकता बारे बुझाउन<br>• कस्तो खाले घर बनाउने भनि सहभनगीहरुसंग छलफल गर्ने |



| श्रव्य-दृक्ष्य सामग्री | पाठको रुपरेखा | टिप्पणी |
|---|---|---|
| चित्रपट ९ |   पिलरको साईज आवश्यकता भन्दा सानो हुँदा पिलरले धान्न सक्दैन र ढल्छ । १२×१२ को पिलर राख्दा पनि काम गर्ने भाग मात्र ९×९ को हुने हो र यदि ९×१२ को पिलर राखियो भने काम गर्ने ६×९ को हुन्छ (कभर बाहेकको कोर) । त्यसैले कम्तिमा पनि १२×१२ को पिलर जरुरी हुन्छ । | **३ मिनेट**<br>• यहाँ किन यस्तो भयो भनि सहभागीहरुलाई प्रश्न सोध्ने ।<br>• पिलरको साइजबारे जानकारी दिने ।<br>• फोटोमा के भएको भनि प्रश्न गर्ने । |
| चित्रपट १० |   बिम र पिलरको साइजलाई तुलना गर्ने । | **२ मिनेट**<br>• हामी के गरिरहेका छौरु<br>• भनि सहभागीहरुलाई सोध्ने । |
| चित्रपट ११ |   चित्रमा एकातिर डण्डी भित्र भएको अवस्था र अर्कोतिर डण्डी बाहिर भएको छ । यसो गर्दा बिम बाट आएको भार | **२ मिनेट**<br>• बिम र पिलरको जोडाइमा डण्डी राख्ने तरिका बुझाउने<br>• चित्रमा के भएको छ भनेर सहभागीहरुसँग छलफल गर्ने<br>• चलनचल्तिमा बिम र पिलरको जोडाइमा डण्डी कसरी राखिन्छ भनेर सहभागीहरुसँग छलफल गर्ने |

| श्रव्य-दृक्ष्य सामग्री | पाठको रुपरेखा | टिप्पणी |
|---|---|---|
| | पिलरमा जान सक्दैन, बिमको डण्डी चिप्लिन ( स्लाइड) हुन खोज्छ र कमजोर हुन्छ । | |
| चित्रपट १२ | <br>बिमका सबै डण्डीहरु पिलरको बीचबाट सिधा छिर्नु पर्छ । बिचबाट छिर्दामात्र सजिलै भार ट्रान्सफर हुन्छ , यदि बांगो गरी छिराउदा जब तन्किनु पर्ने हुन्छ बांगो डण्डी सिधा हुन खोज्छ र ठाडो डण्डीलाई अफबाहिर धकेलिदिन्छ जसले गर्दा पिलर कमजोर हुन जान्छ । | **२ मिनेट**<br>• बिमका सबै छडहरु पिलरको बिचमा सिधा छिर्नु पर्छ बारेमा बताउर्ने । |
| चित्रपट १३ | <br>६×६ मा नराखि ४×४ इन्चमा राख्दा खर्च खासै धेरै नहुने र घरको पिलर र बिम धेरै बलियो हुने भनेर सम्फाउने । | **२ मिनेट**<br>• रिंगको बारेमा बताउने<br>क्रियाकलाप:<br>• कस्तो खाले रिंग बनाउने भनि छलफलको लागि प्रश्न राख्ने ।<br>• रिंगको आकार र दुरीको बारेमा बताउने । |
| चित्रपट १४ |  | **२ मिनेट**<br>• खुल्ला भुइं तल्ला को कारण भूकम्पमा भएको क्षति देखाउने |

| श्रव्य–दृक्ष्य सामग्री | पाठको रुपरेखा | टिप्पणी |
|---|---|---|
| | | |
| चित्रपट १५ | <br>यस चित्रमा दुईवटा घरहरु देखाइएका छन्, एउटा घरको माथिल्लो तल्ला र अर्को घरको तल्लो तल्ला भत्केको छ । यस्तो किन भयो भन्दा जहाँ कमजोरी छ त्यहाँनै भूकम्पले बढि असर गर्छ । खुल्ला तल्ला को कारण पनि भूकम्पमा बढि क्षति हुन्छ । | २ मिनेट<br>• घरको सधै तल्लो भागमात्र ढल्ने हो भनेर सोध्ने |
| चित्रपट १६ | <br>चित्रमा देखाइएको घरमा जगबन्धन राखेकै कारण क्षति नभएको हो । | २ मिनेट<br>• जग बिम/ जगबन्धनको महत्वबारे बुझाउन<br>• चित्रमा के भएको छ भनेर छलफल गर्ने |
| चित्रपट १७ | <br>• ४ वटा १२ र ४ वटा १६ को डण्डी अनि त्यसमा डबल रिंग ४/४ इन्चमा राख्ने । | २ मिनेट<br>• पिलरमा डण्डी बाध्ने सही तरिका बताउने । |

| श्रव्य-दृक्ष्य सामग्री | पाठको रुपरेखा | टिप्पणी |
|---|---|---|
| | • डण्डी सधैं पिलरको उचाईको १/४ भाग तल र माथि दुबै ठाउँमा जोड्न नहुने र जोड्दा ६० × डण्डीकामोटाइ जोड्न पर्छ। बाँकि १/२ भागमा जोड्दा पनि सकेसम्म आधा डण्डीमात्र एउटा तल्लामा जोड्ने र बाँकि अर्को तल्लामा जोड्ने । एउटै तल्लामा जोडिएका डण्डीहरु पनि तल माथि पारेर जोड्न पर्छ।<br>• डण्डी जोड्पर्ने लम्बाई तल दिइए अनुसार हुनपर्छ।<br>३ लाइन = २ फिट (६० ×डण्डीकामोटाइ)<br>४ लाइन = २.५ फिट<br>५ लाइन = ३ फिट<br>• औला र हत्केलाको जोडिएको अवस्थाले ल्यापींग डिस्टेन्स बारेमा बताउने ।<br>• Stress Concentration देखाउन स्केलका प्रयोग गर्ने । | |
| चित्रपट १८ | <br>सिल र लिन्टेल लेभलमा ब्याण्ड राख्ने र त्यसलाई पिलरसँग जोड्ने। जुँगे पिलको बारेमा बताउने । | **२ मिनेट**<br>• गारो र पिलरको जोडाइ बारे बताउने ।<br>क्रियाकलाप:<br>• गारो र पिलर कसरी जोड्ने त? प्रश्न गर्ने । |
| चित्रपट १९ |  | **२ मिनेट**<br>• गारो र पिलरको जोडाइ बारे बताउन |

| श्रव्य-दृक्ष्य सामग्री | पाठको रुपरेखा | टिप्पणी |
|---|---|---|
| चित्रपट २० | <br>सिल र लिन्टेल लेभलमा ब्याण्ड राख्ने र त्यसलाई पिलरसँग जोड्ने । जुँगे पिलको बारेमा बताउने । | २ मिनेट<br>• गारो र पिलरको जोडाइ बारे बताउन ।<br>क्रियाकलाप:<br>• गारो र पिलर कसरी जोड्ने त ? प्रश्न गर्ने । |
| चित्रपट २१ |  | २ मिनेट<br>• गारो र पिलरको जोडाइ बारे बताउन |
| चित्रपट २२ | USAID NSET<br>**ध्यान दिनु पर्ने कुराहरु**<br>१) सबै पिलरहरु ग्रिडमा पर्ने गरि १२'' x १२'' को साइजमा बनाउने ।<br>२) ७ मीमी भन्दा मसिनो रिंग नबनाउने, रिंगको हुक ३ इन्च भित्र घुसाउने र ४'' भन्दा टाढा नराख्ने, बिम र पिलरको जोडमा पनि रिंग राख्ने ।<br>३) बिम, पिलर र स्ल्याबका डण्डीको जोड बलियो बनाउन डण्डी जोड्दा कम्तिमा मोटाइको ६० गुणा खप्टिने ।<br>४) कभर पिलरमा ४० मिमि (१-१/२ इन्च) बिममा २५ मीमी (१ ईन्च) र स्ल्याबमा १५ मीमी (१/२ इन्च) राख्ने ।<br>५) घरका सबै गारोहरुलाई झ्याल राख्ने सतह र कोपुको सतहमा पिलरसंग बाध्ने ।<br>विस्तृतीकरण :<br>कभर पिलरमा ४० मिमि (१-१/२ इन्च) बिममा २५ मीमी (१ ईन्च) र स्ल्याबमा १५ मीमी (१/२ इन्च) राख्नुपर्छ । | २ मिनेट<br>उद्देश्य :<br>• कभरको महत्व बताउने<br>क्रियाकलाप<br>• खिया किन लाग्छ भनेर सहभागीहरुसँग छलफल गर्ने |

| श्रव्य-दृक्ष्य सामग्री | पाठको रुपरेखा | टिप्पणी |
|---|---|---|
| चित्रपट २३ |  <br>स्लाव बनाउँदा उनिहरुले छुटाउने चेयरको कुरामा जोड दिने । | **२ मिनेट**<br>• विम र पिल्लरको जोर्निवारे छलफल<br>• आर सी सी फ्रेम बनाउने तरिका बताउने |
| चित्रपट २४ |  <br>स्लाव बनाउँदा उनिहरुले छुटाउने चेयरको कुरामा जोड दिने। | **२ मिनेट**<br>• स्लाव बनाउँदा उनिहरुले छुटाउने चेयरको कुरामा जोड दिने ।<br>• आर सी सी फ्रेम बनाउने तरिका बताउने । |
| चित्रपट २५ |   | **२ मिनेट**<br>• ध्यान दिनुपर्ने कुराहरु सप्रसँग व्याख्या गर्दै अगाडी देखाइएका फोटोहरुसँग दाज्ने<br>• जिज्ञासा लिने र छलफल गर्ने<br>• अन्त्यमा उद्देश्यको पुनरावलोकन गर्ने |

| श्रव्य-दृश्य सामग्री | पाठको रुपरेखा | टिप्पणी |
|---|---|---|
| चित्रपट २६ |  | १ मिनेट<br>• धन्यवाद सहित बिदा माग्ने |

**सामाजिक परिचालन तालिम कार्यक्रम**

**पाठयोजना तथा प्रशिक्षण निर्देशिका**

# सत्र २२: काठका घर निर्माण प्रविधि

**खण्डः** प्राविधिक पक्ष

**समयः** ६० मिनेट

**सामग्रीः** मल्टिमिडिया, प्रोजेक्टर, कम्प्युटर, पर्दा (प्रोजेक्सन स्क्रिन), चित्रपट, इजेल, फ्लीपचार्ट, मास्किङ्ग टेप, मार्कर (कालो, नीलो, रातो) पाठयोजना, सहभागी कार्यपुस्तिका

**सत्र परिचयः** समुदायमा धेरै घरहरु काठ बनेको हुन्छ । नेपालको पुरानो शैलीलाई हेर्दा धेरै ग्रामीण बस्तीहरुमा काठबाट बनेको घरहरु हेर्न सकिन्छ । विशेषगरी काठको घर भनेको जुन घरमा काठको प्रयोग गरी संरचना बनाइएको हुन्छ त्यसलाई भनिन्छ । यस विधिबाट घर र्निर्माण गर्दा घरको भार काठको निदालबाट थाम हुदै जगबाट जमिनमा जान्छ । यसरी काठको घरमा संरचनात्मक अङ्ग काठले बनाइएको हुन्छ । काठको घरहरुबाट भूकम्प प्रतिरोधी बनाउनको लागि गर्नुपर्ने

**मार्ग दर्शन :** समुदायमा काठबाट बनेको घरहरु भूकम्प प्रतिरोधी हुन सक्छ कि सक्दैन दुविधा छ । काठबाट बनेको घरले भूकम्प प्रतिरोधी हुन सक्छ र र्निर्माण गर्न सकिन्छ भन्ने जानकारी दिन यो सत्र प्रभावकारी छ । यसको विधिबाट भूकम्पको जोखिम न्यूनीकरण गर्न सकिन्छ ।

**विशेष सावधानी :**

- प्रशिक्षणको क्रममा प्रयोग गरिने भाषामा शुद्वता, पारदर्शिता र स्पष्टता रहनुपर्ने
- छलफलमा सहभागीले बुझ्‍ने नबुझ्‍ेको कुरा मनोबैज्ञानिक रुपमा अध्ययन गरिनु पर्ने

**सत्रको उद्वेश्य :**

- काठको घर र्निर्माणमा हुने कमि कमजोरीको सूची तयार पार्न
- काठबाट बनेका घरहरुलाई भूकम्प थेग्ने बनाउन ध्यान दिनुपर्ने मुख्य बनाउन

<table>
<tr><th>श्रव्य-दृक्ष्य सामग्री</th><th>पाठको रुपरेखा</th><th>टिप्पणी</th></tr>
<tr><td>चित्रपट १</td><td>





**उद्देश्य :** भूकम्प प्रतिरोधी **काठको घर** निर्माण सम्बन्धीसत्रको बारेमा छलफल गर्ने

विस्तृतीकरण :

काठको घर भनेको जुन घर काठको प्रयोग गरी संरचना बनाइएको हुन्छ र सम्पूर्ण भार निदाल बाट थाम हुदै जगबाट जमिनमा जान्छ त्यस किसिमको घरलाई काठको घर भनिन्छ ।</td><td>

**२ मिनेट**

- अभिवादन गर्ने
- आफ्नो परिचय दिने
- सत्रको परिचय दिने - विषयगत शिर्षक, लाग्ने समय, सञ्चालन विधि, प्रयोग हुने सिकाइ र सामग्रीको विषयलाई संक्षिप्तमा समेट्ने</td></tr>
<tr><td>चित्रपट २</td><td>






यस सत्रमा जम्मा २ वटा उदेश्यहरु रहेका छन् ।</td><td>

**२ मिनेट**

- सत्रको तिन उद्देश्यहरु बारे छलफल गर्ने
- सहभागीहरुलाई पढ्न लगाउने वा
- उद्धेश्य आफैले पढ्ने</td></tr>
</table>

| श्रव्य-दृक्ष्य सामग्री | पाठको रुपरेखा | टिप्पणी |
|---|---|---|
| चित्रपट ३ | <br>यो तस्बिरमा काठको प्रयोगबाट हुने फाईदा देखाईएको छ। काठको लचकताको कारणले गर्दा अहिले सम्म यो घर ढलेको छैन र घरमा चिराहरु पनि परेको छैन। यसै गुणको कारणले गर्दा घरहरुमा काठको प्रयोग गरिएको हो। उदाहरणको लागि, सिमलको काठमा लचकता नहुने भएरनै निर्माण सामाग्रीको रुपमा प्रयोग नभएको हो । | २ मिनेट<br>• काठको लचकता गुणको कारण काठ निर्माण सामाग्रीको रुपमा प्रयोग भएको विषयमा जानकारी गराउने |
| चित्रपट ४ | <br>क्रियाकलाप:<br>काठको घरमा काठको प्रयोग हुने संरचनात्मक तथा गैरसंरचनात्मक अङ्गहरुको बारेमा विस्तृत जानकारी गराउनुहोस ।<br>हामी काठलाई प्रमुख रुपमा थाम, निदाल, दलिन, पटुकी, सेप्टी, डाँडा, भाटा, बलो, मुसी बनाउनलाई प्रयोग गरिन्छ। | १ मिनेट<br>• घरमा काठको प्रयोगबारे बताउने |

| श्रव्य-दृक्ष्य सामग्री | पाठको रुपरेखा | टिप्पणी |
|---|---|---|
| चित्रपट ५ | <br>यस्तो घरहरु देशको विभिन्न ठाऊँमा देखिन्छन् र बनिरहेका पनि छन् भन्ने विषयमा जानकारी गराउनुहोस । यो परम्परागत हिसावले बनाइएको काठको घर हो । | १ मिनेट<br>• उपयुक्त तवरले बनेको काठको घरले भुकम्प थेग्न सक्छ भन्ने देखाउने<br>• क्रियाकलाप : काठको लचकता बारे बताउने |
| चित्रपट ६ |  | १ मिनेट |
| चित्रपट ७ | <br>क्रियाकलाप<br>• सेन्टिभेरा घरको बारेमा विस्तृत जानकारी गराउनुहोस । | १ मिनेट<br>• सेन्टिभे्रा घरको जानकारी र फाइदा बारे बताउने |



| श्रव्य-दृक्ष्य सामग्री | पाठको रुपरेखा | टिप्पणी |
|---|---|---|
| | • यस्तो सेन्टिभेरा घरहरु थोरै खर्चमा पनि भूकम्प प्रतिरोधी बनाउन सकिन्छ भन्ने विषयमा जानकारी गराउनुहोस ।<br>यो देखाइएको घर धेरैजसो नेपालको पुर्वी भागमा बढी बनाइने गरिन्छ । यस्तो घरलाई सेन्टिभेरा भनिन्छ । यो घर बनाउँदा पहिले काठको फेम बनाएर फेमको बिचमा बाँसका चोया बुनेर राखिन्छ । यसरी बाँसका चोया र काठको फेममाथि प्लास्टर अथवा माटोले लिपेर गारो बनाउने गरिन्छ । | |
| चित्रपट ८ | <br><br>यो तस्विरले काठको घर भूकम्प पश्चात् भत्केको देखाउँदछ। यो घरमा प्रयोग भएको काठ भाच्चिएको छैन । यो घर भत्किनुको प्रमुख कारण जोर्नी नकसिनु हो । काठको घर बनाउने क्रममा जोर्नी कस्दा विशेष ध्यान दिनुपर्ने हुन्छ नत्र यस्ता घर भत्किन भूकम्प नै कुर्न पर्दैन केवल वेगसँग चलेको हावाहुरीले यस्तो अवस्था बनाइदिन्छ । | **१ मिनेट**<br>• काठको भवनमा भएको क्षतिबारे छलफल गर्ने<br>क्रियाकलाप :<br>• काठको घरमा जोर्नी विषेश संवेदनशील हुन्छ । विचार नपुऱ्याई बनाइएको जोर्तीले घरलाई नै कमजोर गराउँदछ । यस्तो जोर्ती कस्दा विशेष ध्यान दिनुपर्छ भनी जानकारी गराउनुहोस । |
| चित्रपट ९ | <br><br>यो तस्बिरमा हामीले बन्दै गरेको काठको घर देख्न सकिन्छ । यो घरमा प्रयोग भएको काठहरुमा राम्रो जोर्नी | **२ मिनेट**<br>• काठको भवन किन भुकम्पमा भत्कन्छ भनेर छलफल गर्ने<br>क्रियाकलाप :<br>• काठको घर बनाउँदा जोर्नीमा विशेष ध्यान दिनु पर्दछ र घरको अङ्गहरुलाई ब्रसिङ्गको सहायताले एक बनाई घरलाईनै मजबुत बनाउन सकिन्छ भन्ने विषयमा जानकारी गराउने |

| श्रव्य-दृक्ष्य सामग्री | पाठको रुपरेखा | टिप्पणी |
|---|---|---|
| | बनाइएको छैन र यो घरमा अस्थाई रुपमा ब्रेसिङ्ग गरियको छ जुन निर्माण पश्चात झिकिन्छ। यो घरमा स्थाई रुपमा ब्रेसिङ्ग गरिएको छैन । यसरी बनाएको घर भूकम्पको बेला भत्किने गर्दछ। त्यसैकारण काठको घर बनाउँदा जोर्तीमा विशेष ध्यान दिनु पर्दछ । | |
| चित्रपट १० | <br>यो तस्बिरमा हामीले बन्दै गरेको काठको घर देख्न सकिन्छ। यो घरमा प्रयोग भएको काठहरुमा राम्रो जोर्नी बनाइएको छैन र यो घरमा अस्थाई रुपमा ब्रेसिङ्ग गरियको छ जुन निर्माण पश्चात झिकिन्छ। यो घरमा स्थाई रुपमा ब्रेसिङ्ग गरिएको छैन। यसरी बनाएको घर भूकम्पको बेला भत्किने गर्दछ । त्यसैकारण काठको घर बनाउँदा जोर्तीमा विशेष ध्यान दिनु पर्दछ । | **२ मिनेट**<br>• काठको घर भूकम्पमा लड्छ कि लडदैन ? किन ? भनि सहभागीहरुलाई सोध्ने ।<br>क्रियाकलाप :<br>• काठको घर बनाउँदा जोर्नीमा विशेष ध्यान दिनु पर्दछ र घरको अङ्गहरुलाई ब्रसिङ्गको सहायताले एक बनाई घरलाईनै मजबुत बनाउन सकिन्छ भन्ने विषयमा जानकारी गराउने |
| चित्रपट ११ | <br>यो फोटेमा घर ढल्केको त देखिन्छ  तरपनि ढलेको छैन । यो घर थाम र निदालबिचको बलियो जोर्नीको कारण अझैपनि उभिरहेको  छ । काठको घरमा जोर्नी बलियो भयो भने घरहरु भूकम्पको बेला सुरक्षित हुन्छन् र सजिलै ढल्दैनन् । | **२ मिनेट**<br>• उपयुक्त जोर्नी भएको काठको घर भुकम्पमा जोगिन्छ भन्ने देखाउने<br>क्रियाकलाप :<br>• काठको घरमा जोर्नी बलियो भयो भने घरहरु भूकम्पको बेला सुरक्षित हुन्छन् र सजिलै ढल्दैनन् भन्ने विषयमा जानकारी गराउने |

| श्रव्य-दृक्ष्य सामग्री | पाठको रुपरेखा | टिप्पणी |
|---|---|---|
| चित्रपट १२ | <br>यो तस्बिरमा देखाईएको घर पुरै काठले बनेको घर हो । पाकिस्तानमा गएको भूकम्पमा यस्तो बलियो गरेर बनाएका काठका घरहरु केही भएनन् । यो घरमा बलियो गरी थाम र निदाल बिचको जोर्नी बाधेको देख्न सकिन्छ । | २ मिनेट<br>• उपयुक्त तवरले बनेको काठको घरले भुकम्प थेग्न सक्छ भन्ने देखाउने<br>क्रियाकलाप<br>• राम्रो सँग जार्नी कस्दा विषेश ध्यान दिई बनाइएको घर भूकम्पमा पनि केही नहुने भन्ने सन्दर्भ बोध गराउने |
| चित्रपट १३ | USAID NSET<br>जोर्नी नफुस्केसम्म काठको घर लडदैन<br>काठको घर बनाउदा जोर्नी बलियो पार्नु पर्छ ।<br>काठको घर बनाउँदा जोर्नी बलियो पार्नुपदर्छ । यसरी जोर्नी राम्ररी ध्यान दिइ बनाएको खण्डमा घरलाई भूकम्प प्रतिरोधी गराउन सकिन्छ । यो कुरा अघि हामीले हेरेका दुई तस्बिरहरुबाट थाहा पाइसकेको छौ । | २ मिनेट<br>• काठको घरमा जोर्नी कमजोर नभएसम्म ढल्दैन भन्ने बताउने<br>क्रियाकलाप :<br>• काठको घरमा जोर्नी एकदमै संवेदनशील हुन्छ र यस्तो जोर्नी बलियो भएको खण्डमा काठको घरलाई भूकम्प प्रतिरोधी बनाउन सकिन्छ भन्ने विषयमा जानकारी दिने |



| श्रव्य-दृक्ष्य सामग्री | पाठको रुपरेखा | टिप्पणी |
|---|---|---|
| चित्रपट १४ |  <br>यो तस्बिर एकैछिन नियालेर हेर्नुस त। तलको फलामे पट्टीले पहिले ट्रसको दाहिने तिरको काठलाई जोडेको हो । यस्तो तरिकाले जोडेका पट्टीले राम्रो जोर्ती पार्न सक्तैनन् । जोर्ती कस्दा एकै किसिमको सामाग्री प्रयोग गर्दा भूकम्पको बेला हल्लिदा एकै प्रकारले हल्लिन्छ र खुम्चिने र फुक्ने समयमा पनि जोर्तीमा प्रयोग भएको काठको एकै प्रकारको प्रकृति (खुम्चिने र फुक्ने) हुने हुदा जोर्नी बलियो हुन्छ। काठमा फलामे किल्ला ठोक्नै पर्ने स्थितिमा हामीले तरिका मिलाएर मात्र किल्ला ठोक्ने गर्नुपर्दछ र कम्तिमा २ वटा किल्ला ठोक्नु पर्दछ । | २ मिनेट<br>• काठको गलत जोर्नी देखाउने<br>क्रियाकलाप :<br>• जोर्नी अत्यन्तै संवेदनशील हुने हुनाले यस्ता जोर्नीमा एकै प्रकारको सामाग्री प्रयोग गर्दा एकआपसमा राम्रो सम्बन्ध हुन्छ । भूकम्प तथा अन्य प्रकृतिक परिवर्तनमा सामाग्री अनुरुपताले संरचनात्मक तथा गैरसंरचनात्मक अङ्गहरु एकै प्रकारले हल्लिने, खुम्चिने तथा फुक्ने भएकाले जोर्नी बलियो हुन्छ भन्ने विषयमा विस्तृत जानकारी गराउने |
| चित्रपट १५ |  <br>काठको घरमा जोर्नी राम्रो सँग कस्नु पर्दछ। यस्ता जोर्नीहरु विचार नपुऱ्याई कमजोर बनाएमा कस्तो क्षति हुन सक्छ भन्दै छलफल गराउनुहोस । | २ मिनेट<br>• घरका काठको गलत जोर्नी देखाउने |

| | | |
|---|---|---|
| चित्रपट १६ | <br>किल्ला काँटी हरु सजिलै पाउने कारणले गर्दा आजकाल काठको जोर्नीहरुमा किल्ला काँटी प्रशस्त प्रयोग भएको पाईन्छा यसरी जथाभावी किल्ला प्रयोग गरी गराइएको जोर्नी कमजोर हुन्छन् र भूकम्पको बेला सजिलै फुस्कने गर्दछन् । यस्तो ठाँउहरुमा बिचार नपुर्याइ जताभावी या यस्तो कमजोर जोर्नी राख्दा घर नै कमजोर हुन्छ । | २ मिनेट<br>• घरका काठको गलत जोर्नी देखाउने |
| चित्रपट १७ |  | १ मिनेट<br>• यी जोर्नीहरु ठिक छन् त ? सोध्ने |
| चित्रपट १८ |  | १ मिनेट<br>• यी जोर्नीहरु ठिक छन् त ? सोध्ने |




| | | |
|---|---|---|
| चित्रपट १९ | <br>किल्ला काँटी हरु सजिलै पाउने कारणले गर्दा आजकाल काठको जोर्नीहरुमा किल्ला काँटी प्रशस्त प्रयोग भएको पाईन्छ। यसरी जथाभावी किल्ला प्रयोग गरी गराइएको जोर्ती कमजोर हुन्छन् र भूकम्पको बेला सजिलै फुस्कने गर्दछन् । यस्तो ठाँउहरुमा बिचार नपुर्याइ जताभावी या यस्तो कमजोर जोर्नी राख्दा घर नै कमजोर हुन्छ । | **१ मिनेट**<br>• काठको गलत जोर्नी देखाउने । सोध्ने |
| चित्रपट २० | <br>थाम र निदालबिचको जोर्नी बनाउँदा थामको भागलाइ मेठ र निदालमा प्वाल पारेर छिराउनुपर्दछ । जस्ले गर्दा थाम र निदालबिच राम्रो गँसाइ हुन्छ। यस्तै थामलाई पिरामाथि राख्दा पनि निदाल र थामको जस्तै जोर्ती गर्नुपदर्छ । यसरी थामको भागलाईनै मेठबाट छिराई निदाल सम्म पुर्‍यायो भने जोर्तीमा एकै किसिमको सामाग्री प्रयोग हुने र भूकम्प जाँदा एकै किसिमले हल्लिने हुदाँ यस्ता जोर्ती बलियो हुन्छ। तस्बिरमा देखाइएको ढुकुरको पुच्छर जस्तो ढुकुर पुच्छे्र जोर्तीले दुइतिरबाट आएको काठलाई राम्रोसँग जोड्ने गर्दछ। यस्तो जोर्नीले दूईतिरबाट आएको काठलाई सजिलै फुस्किन दिदैन। काठको जोर्ती गराउँदा देखाइएको जसरी नट बोल्ट वा किल्लाको सहायताले पनि जोर्ती बनाउन सकिन्छ । | **२ मिनेट**<br>• काठको सहि जोर्नी देखाउने<br>क्रियाकलाप :<br>• विभिन्न संवेदनशील ठाऊँहरुमा जोर्नी कस्दा सामाग्री अनुरुपता हुनुपर्दछ। थाम, निदाल जस्ता संरचनात्मक अङ्गहरुमा जोर्नी कस्दा विशेष ध्यान दिई, थामलाई निदाल सम्म प्वाल पारी बाँध्नु पर्दछ र थाम र निदाल बिचमा मेठ प्रयोग गरी जोर्नी बनाउनु पर्दछ भनी विस्तृत जानकारी गराउने ।<br>• त्यसैगरी थाम र जमिन बिचको जोर्नीमा पनि सामाग्री अनुरुपतामा विशेष ध्यान दिनु पर्दछ भन्ने बारे जानकारी गराउने |


| | | |
|---|---|---|
| **चित्रपट २१** | <br>यो तस्बिरमा भार बोक्ने थामलाई निदाल र जमिनसँग जोडेको देखाइएको छ। थामलाइ निदाल र जमिन सँग कस्दा थामको भागलाइनै निदाल र पीरा सम्म पुऱ्याई थप मजबुतीको लागी फलामे पट्टीले बाँधिएको छ। र अर्को कुरा यी दुई तस्बिरमा थाम र जमिनको जोडाइ गर्दा ढुंगा र काठको पिरा प्रयोग भएको देख्न सकिन्छ। | **२ मिनेट**<br>• थाम र जमिनको जोडाई राम्रोसँग गरिनुपर्ने कुरा बताउने<br>• यसरी विभिन्न संरचनात्मक अङ्गहरुलाई विचार पुऱ्याई बाँध्दा विपद्को बेला क्षति न्यूनिकरण तथा जनधनको क्षतिबाट बच्न सकिन्ट भन्ने बारे जानकारी गराउने |
| **चित्रपट २२** | <br>यो तस्बिर राम्रोसँग गाँसिएको थाम र निदालको उदाहरण हो। थाम र निदाललाई मेठको सहायताले जोडेको छ। यो तस्बिरमा जोर्ती कस्दा काठकोनै प्रयोग भएको देख्न सकिन्छ। थाम र निदाल बिचको जोर्ती गराउँदा फलामे पट्टि पनि प्रयोग गर्न सकिन्छ। | **२ मिनेट**<br>• थाम र निदालको जोडाई राम्रोसँग गरिनुपर्ने कुरा बताउने।<br>क्रियाकलाप<br>• यसरी जोर्नीलाई थप मजबुत बनाउनको लागि फलामे पट्टिहरुको प्रयोग गर्न सकिन्छ र भूकम्पको बेला काठको घरलाई थप सुरक्षित बनाउन सकिन्छ भन्ने विषयमा जानकारी गराउने। |


| | | |
|---|---|---|
| चित्रपट २३ | <br>यो तस्बिर राम्रोसँग गाँसिएको थाम र निदालको उदाहरण हो । थाम र निदाललाई मेठको सहायताले जोडेको छ । | १ मिनेट |
| चित्रपट २४ | <br>यो तस्बिर राम्रोसँग गाँसिएको थाम र निदालको उदाहरण हो । थाम र निदाललाई मेठको सहायताले जोडेको छ । यो तस्बिरमा जोर्ती कस्दा काठकोनै प्रयोग भएको देख्न सकिन्छ। थाम र निदाल बिचको जोर्ती गराउँदा फलामे पट्टि पनि प्रयोग गर्न सकिन्छ । | २ मिनेट |
| चित्रपट २५ |  | २ मिनेट<br>• पर्याप्त ठाडो र तेर्सो ब्रेसिङको आवश्यकता बारे बताउने<br>क्रियाकलाप :<br>• भूकम्पको बेलामा विभिन्न अङ्गहरु एकआपसबाट फुस्किन सक्दछन्। टेका र ब्रसिङ्गको विधि अपनाई काठको घरको विभिन्न भागहरुलाई भूकम्पको बेलामा पनि एकआपसमा फुस्किनबाट |

| | | |
|---|---|---|
| | यस्तो एक्स ब्रेसिंग गरी निदाल र थामलाई बाध्ने हो भने ठाडो र तेर्सो हलचललाई रोक्न सकिन्छ र थाम र निदाललाई थप मजबुत बनाउँदछ । यो तस्बिरमा थामलाई भइँ सँग फलामे पाताले बाँधिएको छ जसले थामलाई चल्न दिदैन । | रोक्न सकिन्छ भनी जानकारी गराउने |
| चित्रपट २६ |   भूकम्पको बेलामा विभिन्न अङ्गहरु एकआपसबाट फुस्किन सक्दछन्। टेका र ब्रसिङ्गको विधि अपनाई काठको घरको विभिन्न भागहरुलाई भूकम्पको बेलामा पनि एकआपसमा फुस्किनबाट रोक्न सक्छ । यस्तो एक्स ब्रेसिंग गरी निदाल र थामलाई बाध्ने हो भने ठाडो र तेर्सो हलचललाई रोक्न सकिन्छ र थाम र निदाललाई थप मजबुत बनाउँदछ । यो तस्बिरमा थामलाई भइँ सँग फलामे पाताले बाँधिएको छ जसले थामलाई चल्न दिदैन । | २ मिनेट<br>• पर्याप्त ठाडो र तेर्सो ब्रेसिङको आवश्यकता बारे बताउने |
| चित्रपट २७ |   अहिलेसम्म हामिले मेठको प्रयोगले बिम निदालको जोर्नी बलियो पार्ने, राम्रोसँग भार निदालबाट थाममा सर्ने कुराहरु गर्यौं । मेठको सट्टामा हामीले तस्बिरमा देखाए अनुसार काठको टुडाँल, फलामे पट्टीको सहायताले पनि निदाल र थामलाई जोड्न सकिन्छ । यसरी जोर्नी बनाउँदा, किल्ला र नटबोल्ट प्रयोग गर्दा विशेष ध्यान दिनु पर्ने हुन्छ । | २ मिनेट<br>• जोर्नीमा काठ र फलामे पाता बारे बताउने<br>क्रियाकलाप :<br>• थाम र निदाललाई जोड्दा विभिन्न विधि अपनाउन सकिन्छ। फलामे पट्टि, टुडाल प्रयोग गरेर पनि थाम र निदाललाई जोड्न सकिन्छ भन्ने विषयमा जानकारी गराउने |

| | | |
|---|---|---|
| चित्रपट २८ | <br>यो गारो माथि दलिन राखी चुकुल लगाउने तरिका हो । गारोलाई दलिनमाथि अड्याउने, गारोको छेउछेउमा पर्नेगरी दलिनमा प्वाल पारेर काठको चुकुल कस्नुपर्दछ । यसो गर्दा दलिन गारोबाट हल्लिन पाउँदैन । | २ मिनेट<br>• गारो र दलिन जोड्ने तरिका बताउने<br>क्रियाकलाप :<br>• गारो माथि दलिन राखी चुकुल लगाउने विधि जानकारी गराउने |
| चित्रपट २९ |  | १ मिनेट |
| चित्रपट ३० |  | २ मिनेट |

| | | |
|---|---|---|
| चित्रपट ३१ | <br>यस तस्बिरमा डाँडालाई गारोमा कसरी जोड्न सकिन्छ भन्ने कुरा क्रमैसँग देखाइएको छ । गारोको दुवै छेऊमा गारो पट्टि राख्ने, त्यसमाथि डाँडा राखि गारोको दुवै साईडबाट चुकुल ठोक्नुपर्दछ। गारो पट्टि एक ठाऊँमा मात्रै राखेको खण्डमा बिचमा राख्नुपर्दछ । | **१ मिनेट**<br>• डाँडालाई गारोसँग जोड्ने तरिका बताउने<br>क्रियाकलाप :<br>• डाँडालाई गारो सँग बाँधि चुकुल लगाउने विधि जानकारी गराउनुहोस |
| चित्रपट ३२ | <br>कैंची/ट्रसमा सामान्यतया यो तस्बिरमा देखाइएको ठाँउहरुमा जोर्नीहरु पर्दछन् । यस्ता जोर्नीहरुमा बिशेष ध्यान पुर्याइ जोर्ती राख्नुपर्दछ । | **२ मिनेट**<br>• ट्रसमा पर्ने जोर्नीहरु दरो पार्नु पर्ने कुरा बताउने ।<br>क्रियाकलाप<br>• घरहरुमा छत बाँध्न ट्रसको प्रयोग गरिन्छ। यस्ता ट्रसको विभिन्न भागहरुमा जोर्नी पर्दछन्। यस्ता जोर्नीहरुपनि विशेष ध्यान पुऱ्याई बाँध्नुपर्छ भन्ने विषयमा जानकारी गराउनुहोस । |
| चित्रपट ३३ |  | **२ मिनेट**<br>• डाँडालाई धुरी बलोसँग जोड्ने तरिका बताउने<br>क्रियाकलाप :<br>• दुईतिर बाट आउने डाँडाहरुलाई धुरीमा नटबोल्ट, काठको चुकुलको मद्दतले बाँध्ने विधिको बारेमा छलफल गराउने |

| | | |
|---|---|---|
| | धुरीमा दुइतिरबाट आउने डाँडालाई काठको चुकुल, फलामे किल्ला, नटबोल्ट अथवा एल आकारको फलामे पाताले बाँधेर एकआपसमा नछुट्टीने बनाउन सकिन्छ । | |
| चित्रपट ३४ | <br>ट्रसलाई धुरीसँग मात्रै बाध्यो भने ट्रसको भागहरु एकआपसमा चल्न सक्छन् । ट्रसको हरेक भागहरुलाई एक बनाउनका लागि ह ब्रेसींग गर्नुपर्दछ । यसरी काठको घर र ढुंगामाटोले बनाएको घरमा छानालाई राम्ररी गारोसँग र छानाको आफ्नै अंगहरुलाई पनि एक आपसमा नफुस्कनेगरी बाध्नुपर्दछ । | **१ मिनेट**<br>• ट्रसमा पनि कैचि मार्नु पर्ने कुरा बताउने<br>क्रियाकलाप :<br>• छतलाई एक बनाउन छतलाई गारो संग राम्ररी बाध्नुपर्दछ र ट्रसको भागहरु पनि एक आपसमा बाध्नुपर्ने विषयमा जानकारी गराउने |
| चित्रपट ३५ | <br>तस्बिरमा देखाए बमोजिम नटबोल्ट, फलामे पाताहरुले ट्रसमा पर्ने जोर्नीहरुलाई बलियो बनाउन सकिन्छ । | **२ मिनेट**<br>• ट्रसमा पर्ने जोर्नीहरु दरो पार्नु पर्ने कुरा बताउने<br>क्रियाकलाप :<br>• ट्रसलाई नटबोल्टहरुको प्रयोगले पनि एक आपसमा नचल्ने बनाउन मिल्दछ भन्ने विषयमा जानकारी गराउने |

| | | |
|---|---|---|
| चित्रपट ३६ |  | **१ मिनेट**<br>• उदेश्यहरु पढ्ने वा सहभागीहरुलाई पढ्न लगाउने |
| चित्रपट ३७ |  | **२ मिनेट**<br>• यि विषयहरुमा केही छलफल गर्नुपर्ने वा नबुझिएको भए सहभागीहरुको कौतुहलता समाधान गर्ने<br>• धन्यवाद सहित बिदा माग्ने |

## सामाजिक परिचालन तालिम कार्यक्रम

**पाठयोजना तथा प्रशिक्षण निर्देशिका**

# सत्र २३: निर्माण सामग्री तथा निर्माण गुणस्तर

**खण्डः** प्राविधिक पक्ष

**समयः** ६० मिनेट

**सामग्रीः** मल्टिमिडिया, प्रोजेक्टर, कम्प्युटर, पर्दा (प्रोजेक्सन स्क्रिन), चित्रपट, इजेल, फ्लीपचार्ट, मास्किङ्ग टेप, मार्कर (कालो, नीलो, रातो) पाठयोजना, सहभागी कार्यपुस्तिका

**सत्र परिचयः** भवन निर्माण गर्दा निर्माण सामग्रीको गुणस्तरले महत्वपुर्ण भूमिका खेल्दछ । भवनलाई भूकम्प प्रतिरोधी बनाउन सामग्रीको गुणस्तर राम्रो हुन जरुरी छ । त्यसैगरी भवन निर्माण गर्दा अपनाइने तरिकाले पनि गुणस्तरमा प्रभाव पार्दछ । निर्माण सामग्रीको गुणस्तर नहुँदा भवनहरु कमजोर हुन जान्छन् । यो सत्रमा निर्माण सामग्रीको बारेमा विस्तृत रुपमा छलफल गरिनेछ ।

भवन निर्माण गर्दा निर्माण सामग्रीको गुणस्तरले महत्वपुर्ण भुमिका खेल्दछ । भवनलाई भूकम्प प्रतिरोधी बनाउन सामग्रीको गुणस्तर राम्रो हुन जरुरी छ । त्यसैगरी भवन निर्माण गर्दा अपनाइने तरिकाले पनि गुणस्तरमा प्रभाव पार्दछ । निर्माणको गुणस्तर नहुँदा भवनहरु कमजोर हुन गएको पाइन्छ । यो सत्रमा निर्माण गुणस्तरका बारेमा विस्तृत छलफल गरिनेछ ।


**मार्गदर्शनः**

- आफूले तयार पारेको श्रव्य दृश्य सामग्रीमा कुनै त्रुटि नगर्ने ।
- सत्रमा सकेसम्म कम श्रव्यदृश्य राख्ने र बढी समय सहभागीहरुसँग छलफल गर्ने।

**विशेष सावधानीः** भाषा र शब्द चयन गर्दा सहभागीहरुले बुझ्ने गरी सकेसम्म सरल र स्थानीय शब्दको प्रयोग गर्ने । सहभागीहरुलाई विनम्रताका साथ नियन्त्रणमा राख्ने । सहभागीहरुसँग अन्तर्क्रिया गर्ने ।


**सत्रको उद्देश्यः** यो सत्रको अन्तमा सहभागीहरु निम्न विषयमा सक्षम हुनेछन :

- परम्परागत तथा नयाँ निर्माण सामग्री को सुचि तयार गर्न
- निर्माण सामाग्रीको गुण बताउन
- गुणस्तरीय निर्माण विधिको बयान गर्न

| श्रव्य-दृक्ष्य सामग्री | पाठको रुपरेखा | टिप्पणी |
|---|---|---|
| चित्रपट १ |  | **२ मिनेट**<br>• अभिवादन गर्ने<br>• आफ्नो परिचय दिने<br>• सत्रको परिचय दिने - विषयगत शिर्षक, लाग्ने समय, सञ्चालन विधि, प्रयोग हुने सिकाइ र सामग्रीको विषयलाई संक्षिप्तमा समेट्ने |
| चित्रपट २ | <br>यो सत्रको उद्धेश्य सहभागीलाई घरमा प्रयोग हुने निर्माण सामग्रीको गुणस्तरबारे जानकारी दिनु, निर्माण गर्दा अपनाउनुपर्ने सावधानीबारे बताउनु हो । जसबाट निर्माण सामग्री र निर्माण गुणस्तरबारे सबैले बुझ्ने मौका पाउनेछन् । | **२ मिनेट**<br>• यस सत्रको उद्देश्य प्रस्तुत गर्ने<br>अथवा<br>• सत्रको उद्देश्य सहभागीहरुबाट पढ्नको लागि अनुरोध गर्ने |
| चित्रपट ३ |  | **२ मिनेट**<br>• सहभागीहरुलाई आफुले प्रयोग गरेका निर्माण सामग्रीहरु के के हुन् भनी सोध्ने<br>• परम्परागत र आधुनिक निर्माण सामग्रीहरु के के हुन सोध्ने |


<table>
<tr><th>श्रव्य-दृक्ष्य सामग्री</th><th>पाठको रुपरेखा</th><th>टिप्पणी</th></tr>
<tr><td></td><td>भवन निर्माण गर्दा प्रयोग गर्ने परम्परागत सामग्रीहरुमा माटो, काँचो इँटा, ढुङ्गा, पक्का इँटा, बाँस, काठ र आधुनिक सामग्रीहरुमा सिमेन्ट, बालुवा, रोडा, छड, फलाम, ब्लक पर्दछन् ।</td><td></td></tr>
<tr><td>चित्रपट ४</td><td>



निर्माण कार्य गर्दा माटोलाई पनि निर्माण सामग्रीको रुपमा प्रयोग गरीन्छ । जस्तै माटोलाई ढुङ्गा वा इटा लाई जोड्न, लिउन लगाउन वा प्लास्टर गर्ने कार्यमा प्रयोग गरीन्छ । त्यस्तो निर्माण सामग्रीको रुपमा प्रयोग गर्ने माटोमा जैविक तथा अन्य खनिज पदार्थ नमिसिएको, साना साना ढुङ्गा तथा कडा बस्तु नमिसियको, बालुवा ३० प्रतिसत भन्दा बढि नमीसीएको र चिम्टाईलो तथा रातो माटो हुनुपर्दछ ।</td><td>२ मिनेट

- सहभागीहरुलाई माटो निर्माण कार्यहरुमा के का लागि प्रयोग गर्छौ र प्रयोग गर्ने माटोमा के के गुण हुन पर्छ भनी सोध्ने र उत्तरमाथि छलफल गर्ने</td></tr>
<tr><td>चित्रपट ५</td><td>


राम्रो काँचो इँटामा हुनुपर्ने गुणहरु भनेको न्यूनतम कम्प्रेशिभ क्षमता १.२ न्यूटन प्रति वर्ग मी.मी भएको,प्रयोग गर्नु अगी कम्तिमा ४ हप्ता घाममा सुकाएको, प्रस्सत मात्रामा माटो तथा रेशेदार वस्तुहरु प्रयोग भएको आदी ।</td><td>२ मिनेट


- काँचो इँटा कस्तो हुनुपर्छ भनी सहभागीहरुलाई प्रश्न गर्ने</td></tr>
</table>


| श्रव्य-दृक्ष्य सामग्री | पाठको रुपरेखा | टिप्पणी |
|---|---|---|
| चित्रपट ६ | <br>• सजिलैसँग टुक्रने, नरम र हल्काकिसिमको ढुङ्गाप्रयोग गर्नु हुदैन ।<br>• गहिरो चिरा नपरेको ढुंगा मात्र प्रयोग गर्नुपर्दछ ।<br>• यस्ता फुटालेका ढुगाहरु मोटाई तर्फ कम्तिमा ५० मि.मि.(२ ईन्च) लम्वाई तर्फ कम्तिमा १५० मि.मि. (६ ईन्च) हुनुपर्दछ । | २ मिनेट<br>• ढुङ्गा कस्तो हुनुपर्छ भनी सहभागीहरुलाई प्रश्न गर्ने |
| चित्रपट ७ | <br>चलनचल्तीमा इँटा तीन प्रकारका छन् । जसमा काँचो वा घाममा सुकाएको इँटा, चिम्नी भट्टामा पोलेको र मेसिनद्वारा उत्पादित इँटा । बढीजसो चिम्नी भट्टामा पोलेको नै प्रयोग हुन्छ जसलाई पहिलो, दोश्रो, तेश्रो तथा बढी पाकेको गरी वर्गीकरण पनि गरिन्छ । सामान्यतया इँटाको नाप २३०×११५×५५ मि.मि नापको हुने गर्छ ।<br>राम्रो इँटामा हुनुपर्ने गुणहरु भनेको न्यूनतम कम्प्रेशिभ क्षमता ७.५ न्यूटन प्रति वर्ग मी.मी भएको, राम्रो पाकेको, एकनासको रातो रंग भएको, चिल्लो सतह भएको, ठोक्दा धातुको जस्तो आवाज आउने, पानीमा २४ घण्टा भिजाँउदा इँटाको वजन | २ मिनेट<br>• इँटा कस्ता कस्ता हुन्छन् भनी सहभागीहरुलाई प्रश्न गर्ने<br>• चलनचल्तीमा रहेको इँटाको नाप कति हुन्छ भनेर सहभागीहरुलाई सोध्ने |

<table>
<tr><th>श्रव्य-दृक्ष्य सामग्री</th><th>पाठको रुपरेखा</th><th>टिप्पणी</th></tr>
<tr><td></td><td>२५ प्रतिशत भन्दा नबढ्ने (मानौ इँटा १ किलो भने २४ घण्टा पानीमा भिजाउँदा १ किलो २५० ग्राम भन्दा बढी हुन नहुने) । दुईवटा इँटालाई टी आकारको बनाएर तीनफिट माथिबाट खसाल्दा माथिको इँटा दुइटुक्रा मात्र भयो र तलको ईट फुटेन भने ती इँट राम्रा मानिन्छन् ।</td><td></td></tr>
<tr><td>चित्रपट ८</td><td>


<br>• कम्तिमा ३ बर्ष पुरानो पाको तथा टुटफुट नभएका, उपचार गरिएको बास मात्र प्रयोग गर्नुपर्छ ।<br>• ठाडो कुना बन्धनको लागी यदि बासँ प्रयोग गर्ने हो भने कम्तिमा पनि ८० मि.मि. व्यास(गोलाई) र १० मि.मि. मोटाई भएको हुनुपर्छ ।</td><td>२ मिनेट<br>• सहभागीहरुलाई बाँस कस्तो हुनुपर्छ भनी सहभागीहरुलाई प्रश्न गन र छलफल गर्ने</td></tr>
<tr><td>चित्रपट ९</td><td>

<br>सिजनिङ भनेको काठमा भएको ओस घटाएर सुकाउने प्रक्रिया हो जसका अनेक विधि छन् । दलिन विमका लागि सालको काठ वा कडा काठ राम्रो हुन्छ । आख्ला नभएको र नबटारिएको काठ पनि सामान्यतया राम्रो मानिन्छ । काँचो काठ प्रयोग गर्नु हुँदैन । काठमा भएको गुलियो पदार्थ ( क्बअचष्लभ) खानको लागि किरा जाने भएकाले किराले खाएर</td><td>२ मिनेट<br>• गारोवालाराम्रो काठमा हुनुपर्ने गुण के के होलान् भनी सहभागीहरुसँग छलफल गर्ने ।<br>• सिजनिङ भनेको के हो भनी सहभागीहरुलाई सोध्ने</td></tr>
</table>

| श्रव्य-दृश्य सामग्री | पाठको रुपरेखा | टिप्पणी |
|---|---|---|
| | कमजोर हुन्छ । यो कमजोरी हटाउन काठलाई केहिदिनदेखि केहि हप्तासम्म पानीमा डुवाएर सिजनिङ गरी प्रयोग गरियो भने काठमा किरा लाग्दैन । | |
| चित्रपट १० |  <br><br>सामान्यतया बजारमा ओपिसी, पिपिसी, छिटो जम्ने वा ढिलो जम्ने, सेतो सिमेन्टहरु भेटिन्छन् । जसलाई ३३, ४३, ५३ तथा ५५ ग्रेडमा वर्गीकरण गरिएको छ । ग्रेड भन्नाले सिमेन्ट कंक्रिटको २८ दिने भारवहन क्षमता (ऋयकउचभककष्यल कतचभलनतज, :एब) हो । जति धेरै ग्रेड उति नै चाँडो जम्ने हुन्छ । तर उच्च ग्रेडको सिमेण्टको प्रयोग मात्रैले कंक्रिटको उच्च क्षमता निश्चित गर्दैन ।<br><br>मर्मतको काम, चिसो तथा पानी भएको ठाउँमा संरचना बनाउँदा छिटो जम्ने वा कडा हुने सिमेण्ट प्रयोग गर्नु उपयुक्त हुन्छ । त्यस्तै गर्मी ठाउँको संरचनामा ढिला जम्ने सिमेण्ट प्रयोग गर्न ठिक हुन्छ ।<br><br>ओपिसी सिमेण्ट मुख्य रुपमा ९५% सिमेण्ट क्लिङ्कर र ५% जिप्समको मिश्रणलाई आवश्यक मिहिनतासम्म पिनेर तयार गरिन्छ भने पिपिसी सिमेण्टचाहिँ ७०% सिमेण्ट क्लिङ्कर, २५% पोजोलानिक पदार्थ (फ्लाई एस)र ५% जिप्समको मिश्रणलाई आवश्यक मिहिनतासम्म पिनेर तयार गरिन्छ । जलसंयोजनको क्रममा ओपिसीमा भन्दा पिपिसीमा न्युन ताप उत्पन्न हुन्छ । ओपिसी सिमेण्टभन्दा पिपिसी ढिलो सेट हुन्छ ।<br><br>समयसँगै ओससँगको प्रतिक्रियाका कारण सिमेण्टको पकड शक्तिमा ह्रास हुन्छ । त्यसैले उत्पादन गरेको २ महिनाभन्दा बढी नभएको, बोरामा प्वाल नपरेको, हावा नछिर्ने गरी भण्डारण गरिएको, आंशिक वा पुर्ण रुपमा नजमेको, डल्ला नपरेको सिमेन्ट मात्र प्रयोग गर्नुपर्छ । | २ मिनेट<br><br>• सिमेण्ट कति प्रकारको हुन्छ भनी सहभागीहरुबीच छलफल गर्ने<br>• सिमेण्टको प्रकारबारे सहभागीहरुलाई विस्तृत जानकारी गराउने<br>• सिमेण्ट छनोट गर्दा के के कुराहरु हेर्नुहन्छ  भनेर सहभागीहरुसँग छलफल गर्ने<br>• सिमेन्ट कति समयसम्म भण्डारण गरेर राख्छौं भनि सहभागीहरुलाई प्रश्न गर्ने<br>• सिमेन्टले पुर्ण शक्ति प्राप्त गर्न २८ दिन लगाउँछ भनि सहभागीहरुलाई जानकारी गराउने |

| श्रव्य-दृक्ष्य सामग्री | पाठको रुपरेखा | टिप्पणी |
|---|---|---|
| | कारखानाबाट बनेको २ महिनादेखि २ वर्ष पुरानो सिमेण्ट प्रयोग गरेर बनाइएका ढलानका नमुनाहरु २८ दिनपछि परीक्षण गर्दाको नतिजा यहाँ देखाइएको छ । ३ महिना पुरानो सिमेण्टको प्रयोग भएको ढलानको भारवहन क्षमता २० प्रतिशतले कम हुन्छ भने २ वर्ष पुरानो सिमेण्ट प्रयोग भएको नमुनाको भारवहन क्षमता ५० प्रतिशत कम भयो । त्यसैले सकेसम्म ताजा सिमेण्ट प्रयोग गर्नुपर्छ । | |
| चित्रपट ११ | <br><br><br>सकेसम्म नदीको वालुवा प्रयोग गर्नु राम्रो हुन्छ । सफा दानादार, नदीको खस्रो बाल्वा निकै राम्रो मानिन्छ । त्यसैगरी जैविक तथा अन्य खनिज पदार्थ नमिसिएको, थोरै मात्र चिसोपना भएको बालुवा प्रयोग गर्नुपर्छ ।<br><br>हातले जाँच्ने तरिका सरल छ । बालुवालाई हातमा लिएर हत्केलाले रगड्दा हत्केला सफा रहे त्यो बालवामा माटो/पांगो जस्ता वस्तुहरु न्युन भएको/नभएको प्रमाणित हुन्छ । | २ मिनेट<br><br>• कस्तो बालुवा प्रयोग गर्दा राम्रो हुन्छ भनि प्रश्न गर्ने<br>• राम्रो बालुवामा हुनुपर्ने गुण के के होलान् भनी सहभागीहरुसँग छलफल गर्ने<br>• बालुवा राम्रो भए नभएको सामान्यतया कसरी जाँच्नु हुन्छ भनी सहभागीलाई सोध्ने |
| चित्रपट १२ | <br> | २ मिनेट<br><br>• गोलाकार र चिल्लो गिट्टीले मसला राम्ररी समात्ला कि गोलाकार नभएको गिट्टीले भनी सहभागीह माझ जिज्ञासा राख्ने<br>• एकै आकारको रोडा प्रयोग गर्न नहुने कुरा बताउने |

| श्रव्य-दृक्ष्य सामग्री | पाठको रुपरेखा | टिप्पणी |
|---|---|---|
| | रोडा कडा सफा तथा आकार मिलेको तर गोलाकार नभएको सजिलै नखिइने, खनिजपदार्थ नमिसिएको र आकार फरक-फरक भएको राम्रो मानिन्छ ।<br><br>ढलानका लागि प्रयोग गरिने रोडाको आकार फरक-फरक हुनुपर्दछ । मोटो ढलानमा मोटै रोडा र मसिनो ढलानमा मसिनै रोडा प्रयोग गर्नुपर्दछ । अर्को महत्वपुर्ण कुरा के भने विभिन्न मोटाइका ढलानका लागि प्रस्तावित नापको रोडा भन्नाले प्रस्तावित नाप देखि ६ मि.मि सम्मको रोडा एकनासले मिसिएको हुनुपर्छ । एकै नापको रोडा प्रयोग भएको ढलान पुरा मजबुत हुँदैन । | |
| चित्रपट १३ |  <br><br>फलामे डण्डीलाई तन्किने क्षमताका आधारमा माथि चित्रपटमा देखाएजस्तै वर्गीकरण गरिएको छ । FE å15 भनेको डण्डीको तन्किने क्षमता हो । जस्तै १ वर्ग मि.मिको डण्डीलाई तन्काएर छिनाउन ४१५ किलो बराबरको शक्तिले तान्नुपर्छ ।<br><br>फलामे डण्डीलाई जोखेर पनि गुणस्तर भए/नभएको पत्ता लगाउन सकिन्छ ।<br>• चारलाईनको रड एक मिटर बराबर ८९० ग्राम<br>• तीनलाईनको रड एक मिटर बराबर ६१७ ग्राम<br>• ५ लाईनको रड १ मिटर बराबर १५८० ग्रम<br>• ६ लाईनको रड १ मिटर बराबर २४६९ ग्राम<br>• २.५ लाईनको रड १ मिटर बराबर ३९५ ग्राम हुन्छ ।<br><br>खिया नलागेको, कतै चिरा नपरेको एकनासको मोटाइ या व्यास भएको, तोकिएको गुणस्तर, कम्पनीको छाप भएको र बंग्याउदा नभाँचिने डण्डी सामान्यतया राम्रो मानिन्छ । | २ मिनेट<br><br>• कस्तो डण्डी राम्रो होला ? बंग्याउँदा भाँच्चिने कि तन्किने भनी सहभागीहरुमाझ जिज्ञासा राख्ने<br>• डण्डीको प्रकारबारे व्याख्या गर्ने<br>• कस्तो डण्डी प्रयोग गर्दा राम्रो हुन्छ भनि सहभागीहरुसँग प्रश्न गर्ने<br>• राम्रो डण्डीमा हुनुपर्ने गुण के के होलान् भनी सहभागीहरुसँग छलफल गर्ने |

| श्रव्य-दृक्ष्य सामग्री | पाठको रुपरेखा | टिप्पणी |
|---|---|---|
| चित्रपट १४ | <br>कडा तथा टिकाउपन भएको ठ्याक्क नाप अनुसारको मोटाइ पनि पर्याप्त भएको, पानी नचुहिने, कंक्रिटबाट पानी नसोस्ने गरी फर्मा बनाउनुपर्छ । आजकल फर्माको पर्याप्त लम्बाइ नहुँदा लम्बाइ बढाउन बिस्कुट/चाउचाउको कार्टुन प्रयोग गर्ने चलन छ । जसले निर्माण गुणस्तरमा प्रतिकुल प्रभाव पार्दछ । हावापानीमा छिट्टै नबिग्रने, चिल्लो सतह भएको, आख्ला नभएको, कडा र कंक्रिटको भार बहन गर्न सक्ने र पर्याप्त टेको ट्रेसिङ तथा रनर लगाएको फर्मा राम्रो हुन्छ । | २ मिनेट<br>• फर्मा कस्तो प्रयोग गर्ने गर्नुभएको छ भनी सहभागीहरुलाई सोध्ने<br>• फर्माको थप गुणबारे जानकारी गराउने |
| चित्रपट १५ | <br>सफा पिउन योग्य पानी मात्र प्रयोगमा ल्याउनु पर्दछ। अन्यथा निर्माणको गुणस्तर र भार थेग्ने क्षमतामा असर पार्दछ। स-साना कुराले पनि धेरै फरक पार्ने भएकाले सबैले निर्माण सामग्रीको गुणस्तरको पाटोलाई एकदमै ध्यान दिन जरुरी छ । यो कुरामा घरधनी भन्दा पनि ठेकदार र डकर्मीको भुमिका धेरै हुने भएकाले उपयुक्त सल्लाह दिनु एकदमै जरुरी छ। | २ मिनेट<br>• पानी त जस्तो हुँदा पनि हुन्छ हैन ? भनी सहभागीहरुलाई सोध्ने |

| श्रव्य-दृक्ष्य सामग्री | पाठको रुपरेखा | टिप्पणी |
|---|---|---|
| चित्रपट १६ | <br>निर्माण गुणस्तरलाई घरधनी, डिजाईनर, सुपरभाईजर, आपुर्तिकर्ता, छरछिमेक, सामग्री आपुर्तिकर्ता, नगरपालिका जस्ता पक्षहरुले प्रभावित गर्दछ । | ३ मिनेट<br>• सहभागीहरुलाई निर्माणकर्मीहरुको भुमिका नै बढी र महत्वपूर्ण हुन्छ भनि बारम्बार सम्झाउने |
| चित्रपट १७ | <br>इँटा नमिलाएर राख्ने, जोर्नी एकै लाइनमा पार्ने, गारोमा जथाभावी पाइपहरु घुसार्ने, झ्यालमाथि बन्धन नै नराखी इँटाहरु जवरजस्ती मिलाएजस्तो गर्नाले गारोहरु कमजोर हुन गई भूकम्पको सानो धक्काले पनि असर पार्दछ । | २ मिनेट<br>• सहभागीलाई चित्रतर्फ ध्यानाकर्षण गराई अधिकांशले गर्ने तरिकाहरु यस्तै हुन्छन् भनि जानकारी गराउने |


| श्रव्य-दृक्ष्य सामग्री | पाठको रुपरेखा | टिप्पणी |
|---|---|---|
| चित्रपट १८ | <br>पर्याप्त मात्रामा कभर नराख्दा ढलानको भाग खस्न गई भित्र डण्डी देखिन जान्छ र विस्तारै खिया लाग्दै जान्छ । जसले त्यो भाग विस्तारै कमजोर हुँदै जान्छ । | २ मिनेट<br>• कभरको महत्वबारे सहभागीलाई प्रष्ट पार्ने । जसमा कभर भनेको हाम्रो छाला जस्तै हो भनि सहभागीलाई बुझाउने |
| चित्रपट १९ | <br>विम र पिलरबीचको जोर्नी वलियो नभएमा पिलरवाला घरहरु तासको घरजस्तै ढल्ने गर्छन् । चित्रपटमा देखाए जसरी डण्डी जोडेर घर बनाउनु हुँदैन । विमका प्रत्येक डण्डीहरु पिलरभित्र डण्डीको मोटाइको ६० गुणा घुसेको हुनुपर्छ । | २ मिनेट<br>• हामी के गरिरहेका छौं सोध्ने<br>• सहभागीहरुलाई बिम पिलरको जोर्नी कसरी बनाउन पर्छ भनेर सोध्ने |

| श्रव्य-दृक्ष्य सामग्री | पाठको रुपरेखा | टिप्पणी |
|---|---|---|
| चित्रपट २० | <br>चित्रमा ढलाने पिलर राख्नु पर्ने ठाउँमा इँटाको पिलर राखिएको देखाइएको छ । | २ मिनेट<br>• इँटाको पिलर ढलाने पिलर जस्तो काम गर्छ कि गर्दैन भनेर सहभागीहरुसँग छलफल गर्ने |
| चित्रपट २१ | <br>फर्मा राख्दा प्वाल नदेखिने गरी राख्नुपर्छ । फर्मामा टेको लगाउँदा पर्याप्त मात्रामा बलियो खालको बाँस वा काठको प्रयोग गर्नुपर्छ । हरियो बाँस वा काठ प्रयोग गर्दा ढलान गरिसकेपछि ढलानको भार थाम्न नसकि बाङ्गिने वा पसाङ्गिने समस्या आउन सक्छ । | २ मिनेट<br>• सहभागीलाई यसरी फर्मा लगाउने तरिका<br>• सही हो की होइन भनेर सोध्ने<br>• फर्मा लगाउँदा देखिने ग्यापलाई कसरी<br>• समाधान गर्ने भनेर सहभागीहरुबीच छलफल गर्ने |

| श्रव्य-दृक्ष्य सामग्री | पाठको रुपरेखा | टिप्पणी |
|---|---|---|
| चित्रपट २२ |   धेरैजसो ठाउँमा बिजुलीको तार वा अन्य प्रयोजनका लागि बिममा पहिले नै पाइपहरु जथाभावी घुसारी ढलान गर्ने गरिन्छ । जसले गर्दा बिम कमजोर हुन जान्छ । त्यसैले तलातला हुँदै बिजुली आपुर्ति गर्दा स्ल्याबमा पहिले नै पाइप घुसारेर ढलान गर्नुको सट्टा भित्ताहरुमा बिजुलीको तारको लागि पाइपहरु राख्ने गर्नुपर्छ । | २ मिनेट<br>• सहभागीलाई पाइप राख्ने तरिका सही हो की होइन भनेर सोध्ने |
| चित्रपट २३ |   ढलान गर्दा हामी मसला पहिले नै बनाउँछौ र थुपारेर राख्छौं । जस्तै, बिहानको मसला साँझसम्म पनि ढलानमा प्रयोग गर्छौं जसले गर्दा ढलानले आवश्यक शक्ति प्राप्त गर्न सक्दैन । बनाएको मसलालाई आधा घण्टाभित्र प्रयोग गरिसक्नुपर्छ किनकि सिमेन्टमा पानी परेको आधा घण्टापछि सिमेण्ट जम्न सुरु हुन्छ । त्यसैगरी ढलान गर्दा पनि एकठाउँबाट शुरु गरेर एकसुरले अन्त्यसम्म लैजानुपर्दछ । ठाउँठाँउबाट सुरु गर्दा स्ल्याबमा राखेको चेयर बाङ्गिने र स्ल्याब चर्किने समस्या आउन सक्छ । | २ मिनेट<br>• सहभागीहरुलाई चित्र देखाएर ढलान गर्ने तरिका यसरी नै हो भनेर सोध्ने<br>• जथाभावी हिँडेर ढलान गर्दा चियर बाङ्गिने र लेबल मिलाउन गारो हुन्छ भनी सहभागीहरुलाई सचेत गराउने । |

| श्रव्य-दृक्ष्य सामग्री | पाठको रुपरेखा | टिप्पणी |
|---|---|---|
| चित्रपट २४ | <br>पिलरको डण्डीलाई नाप अनुसार पहिले नै मिलाएर राख्नु पर्छ । यसो नगरे ढलान भर्दा डण्डीजती एकै ठाउँमा मुठा पर्न गई पिलर कमजोर हुन्छ । | २ मिनेट<br>• सहभागीहरुलाई चित्रमा के देखिन्छ भनेर सोध्ने |
| चित्रपट २५ | <br>लाई पहिले नै विचार नगरी राख्दा अथवा आफुसँग फर्मा छोटो छ भने त्यसलाई प्रयोग गर्दा पिलरको आवश्यक लम्वाई पुग्दैन र यसरी इँटा कोच्नुपर्ने अवस्था आउँछ । त्यसैले यसमा समयमै ध्यान दिनु जरुरी छ । | २ मिनेट<br>• चित्रमा देखाएर यस्तै गरिन्छ हैन ? भनी सहभागीहरुलाई प्रश्न गर्ने |

| श्रव्य-दृक्ष्य सामग्री | पाठको रुपरेखा | टिप्पणी |
|---|---|---|
| चित्रपट २६ | <br><br>जग खन्दा खाल्डोमा बसेर मजाले काम गर्न सक्ने गरी खन्नुपर्छ । जग ढलान गर्दा आवश्यक मसलाको मिश्रण गरेर उचित नाप अनुसार गर्नुपर्छ । पिलर राख्दा खाल्डो मिलाएर खन्ने, सामग्री व्यवस्थित तरिकाले प्रयोग गर्ने गर्नुपर्दछ । | २ मिनेट<br>• जग खन्दा, जगमा ढलान गर्दा, पिलर राख्दा खाल्डो कसरी मिलाएर खन्ने, सामग्री व्यवस्थित कसरी गर्ने भनेर सहभागीहरुलाई सोध्ने |
| चित्रपट २७ | <br><br>एक बोरा सिमेन्टको मसला एकैचोटी बनाउने र लामो समयसम्म त्यसलाई प्रयोग गर्ने बानी हाम्रो छ । त्यसो गर्नु एकदमै नराम्रो हो । त्यसैले मसला बनाउँदा आधा-आधा घण्टालाई पुग्ने गरी मसला बनाउनुपर्छ । किनभने सिमेण्टमा पानी मिसाएको आधा घण्टा भित्रै प्रयोग गरिएन भने सिमेन्टले अपेक्षित काम गर्दैन । | २ मिनेट<br>• एक बोरा सिमेन्ट एकैचोटी प्रयोग गर्न हुन्छ ? भनी सहभागीलाई प्रश्न गर्ने |

| श्रव्य-दृक्ष्य सामग्री | पाठको रुपरेखा | टिप्पणी |
|---|---|---|
| चित्रपट २८ | <br>भित्रको संरचनामा खासै ध्यान नदिने तर बाहिर राम्रो देखाउन विभिन्न आकर्षक सामग्रीको प्रयोग गर्ने हाम्रो चलन छ। तर भूकम्प थेग्न बाहिर राम्रो भएको होइन कि भित्र बलियो भएको हुनुपर्छ । त्यसैले बाहिर देखाउन खर्च गर्नुको साटो भित्री संरचना बलियो बनाउन ध्यान दिनु जरुरी छ । | २ मिनेट<br>• सिंगार गर्नु भन्दा त्यो पैसाले भित्र बलियो बनाउने हो कि भनेर सहभीहिरुलाई बुझाउने |
| चित्रपट २९ | <br>सत्रको शुरुमा राखिएका उद्देश्यहरु सत्रको प्रस्तुतिमा सबै पुरा भए नभएको कुराको पुनरावलोकन गर्नु पर्दछ। पुनरावलोकन विभिन्न तरिकावाट गर्न सकिन्छ । सहभागीहरुसंग नै सोधेर अर्न्तरक्रियात्मक रुपमा छलफल गरेर वा आफैले साराशंमा वताएर ।<br><br>सत्रको विषयवस्तुमाथि कुनै प्रश्न वा थप जिज्ञासा भए नभएको पनि जानकारी लिनु पर्दछ र भएमा जिज्ञासाहरुमा प्रकाश पार्नु पर्दछ । | २ मिनेट<br>• चित्रपटमा देखाए अनुसार एक एक गरेर उद्देश्य पुरा भए नभएको स्मरण गराउने र समीक्षा गर्ने<br>• सत्रको उद्देश्यहरुको पुनरावलोकन गर्दा बुझे नबुझेको सुनिश्चत गर्ने<br>• यो सत्रको विषयवस्तुमाथि कुनै प्रश्न वा थप जिज्ञासा छ वा छैन सोध्ने |

| श्रव्य-दृक्ष्य सामग्री | पाठको रुपरेखा | टिप्पणी |
|---|---|---|
| चित्रपट ३० |   | **१ मिनेट**<br>• धन्यवाद सहित बिदा माग्ने |

# अनुसूची- १ तालिम तालिका

भूकम्प प्रविधि राष्ट्रिय समाज- नेपाल
बलियो घर कार्यक्रम

भूकम्पीय पूननिर्माणका लागि सामाजिक परिचालन तालिम कार्यक्रम

मितिः देखि सम्म

## तालिम तालिका

| समय | | पहिलो दिन | दोस्रो दिन | तेस्रो दिन | चौथो दिन | पाचौ दिन |
|---|---|---|---|---|---|---|
| ८:०० | ९:०० | नामाङ्कन | पूनरावलोकन | पूनरावलोकन | पूनरावलोकन | पूनरावलोकन |
| ९:०० | १०:०० | (१) शुभारम्भ र परिचय (सुरक्षा जानकारी, अपेक्षा संकलन, समूह गठन, तालिम संहिता, तालिम कार्यक्रमको उद्धेश्य र पूर्व परीक्षा | (७) सामुदायिक विकास र आर.आर.ए/पि.आर. ए | (१४) सुशासनको अवधारणा | (२१) भूकम्पको कारण तथा असरहरु | (२८) समूह प्रस्तुती |
| १०:०० | ११:०० | | (८) पि.आर. ए. का औजारहरु | (१५) प्रभावकारी सञ्चार | (२२) नेपालको भूकम्पीय जोखिम तथा न्यूनीकरणका उपायहरु र पूर्वतयारी | (२९) भूकम्प प्रतिरोधी निर्माण विधि : ढलाने पिलरवाला घरहरु |
| ११:०० | ११:१५ | लघु विश्राम | लघु विश्राम | लघु विश्राम | लघु विश्राम | लघु विश्राम |
| ११:१५ | १२:१५ | (२) सामुदायिक विकासका अवधारणाहरु | (९) पि.आर. ए. औजारहरुको अभ्यास | (१६) सामाजिक परिचालनका लागि पूर्वतयारी | (२३) गैरसंरचनात्मक अल्पीकरण | (३०) भूकम्प प्रतीरोधी निर्माण : काठ तथा मिश्रित घरहरु |
| १२:१५ | १:०० | दिवा खाना | दिवा खाना | दिवा खाना | दिवा खाना | दिवा खाना |
| १:०० | १:३० | (३) विषयगत चलचित्र/खेल | (१०) विषयगत चलचित्र/खेल | (१७) विषयगत चलचित्र/खेल | (२४) विषयगत चलचित्र/खेल | (३१) विषयगत चलचित्र/खेल |
| १:३० | २:३० | (४) सामाजिक परिचालन र कार्यचक्र | (११) लैङ्गिक समानता र सामाजिक समाबेशीकरण (लैससास) | (१८) अभिलेखन- दस्तावेजीकरण, रिपार्टिङ्ग, घटना अध्ययन वा कथा लेखन | (२५) घडेरीको छनौट तथा भवन संरचना (आकार, अनुपात, संरचना प्रणाली) | (३२) निर्माण सामग्री तथा निर्माण गुणस्तर |
| २:३० | २:४५ | लघु विश्राम | लघु विश्राम | लघु विश्राम | लघु विश्राम | लघु विश्राम |
| २:४५ | ३:४५ | (५) दिगो विकास | (१२) लैससास र पुननिर्माण (समूहकार्य र प्रस्तुती) | (१९) पुननिर्माणको अवधारणा र संस्थागत व्यवस्था | (२६) भूकम्प प्रतिरोधी निर्माण विधि : गारोवाला घरहरु | (३३) तालिम समापन परीक्षा तथा मुल्याङ्कन |
| ३:४५ | ४:३० | (६) उत्प्रेरणा र समुदायसँग सम्वन्ध विस्तार | (१३) समुदाय स्तरमा द्वन्द्व व्यवस्थापन | (२०) भूकम्पीय पुनर्निर्माणका लागि अनुदान सम्झौता प्रणाली | (२७) भूकम्प प्रतिरोधी निर्माण विधि : गारोवाला घरहरु | (३४) प्रमाणपत्र वितरण समारोह |
| ४:३० | ४:४५ | | | | समूह प्रस्तुती तयारी | |
| ४:४५ | ५:०० | | | | स्थलगत अध्यन | |
| ५:०० | ५:१५ | दैनिक समीक्षा | दैनिक समीक्षा | दैनिक समीक्षा | दैनिक समीक्षा | चिया तथा विदाई |

# अनुसुची ९: सन्दर्भ सामग्री

यो तालिम पाठ्यक्रम तयारी गर्दा मुख्यत: निम्न लिखित लिखित दस्तावेज एवं तालिम सामग्रीलाई सन्दर्भ सामग्रीको रुपमा लिइएको छ ।

१. सामाजिक परिचालन कार्यविधि- २०७१, नेपाल सरकार

२. राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट प्रकाशित दस्तावेज:

- भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्वन्धी ऐन- २०७२
- राष्ट्रिय पुनर्निर्माण तथा पुनर्स्थापना नीति- २०७२
- भूकम्पबाट क्षतिग्रस्त निजी आवास पुनर्निर्माण अनुदान सहायतावारे जानकारी पुस्तिका- २०७२

३. सामाजिक परिचालन पाठ्यक्रम निर्देशन (TSLC Level)- 2003, सि.टि.ई.भि.टी.

४. सामाजिक परिचालन तालिम- २०६१, काठ्माण्डौ तालिम केन्द्र (KTC)

५. सहभागीमूलक विधिहरु सहयोगी पुस्तिका- २०६९, एक्सनएड अन्तर्राष्टि«य नेपाल

६. पिआरए: अवधारणा र व्यवहारिक प्रयोग (तालिम सहायक पुस्तिका)- २०६०, नेपाल सहभागीमूलक कार्यसमूह

७. विपद् जोखिम न्यूनीकरण र समाजशाष्त्रसँग सम्वन्धित वेब सामग्री

NSET
Earthquake Safe Communities in Nepal

**भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल**
घर-६५, CR-१३, सैंबु आवास, भैंसेपाटी, ललितपुर महानगरपालिका-२५, नेपाल
पो.ब. नं. १३७७५, काठमाडौं, नेपाल
फोन नं.: (९७७-१) ५५९१०००, फ्याक्स नं.: (९७७-१) ५५९२६९२
इ-मेलः nset@nset.org.np, वेब साइटः www.nset.org.np